नेपाल कानून पत्रिका

भाग-६० | २०७५ असार | अङ्क-३

नेकाप २०७५ असार अङ्क ३

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	**- अध्यक्ष**
मुख्य रजिस्ट्रार श्री राजनप्रसाद भट्टराई	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय	**- सदस्य**
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री रामप्रसाद पौडेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री बिक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०७५... ... ... , नि.नं. ....., पृष्ठ ...

..... साल ..... महिना .....

उदाहरणार्थ : *नेकाप,* २०७५, असार, नि.नं.९९६३, पृष्ठ ३८९

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

सअ बुलेटिन, २०७५, ... १ वा २, पृष्ठ ...

..... साल ..... महिना .....

उदाहरणार्थ : *सअ बुलेटिन*, २०७५, असार – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गर्नुहोस् त्यसमा **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** देखिन्छ त्यसमा क्लिक गर्नुहोस्।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल नि:शुल्क डाउनलोड गर्न सकिनेछ।

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)
हेर्न, पढ्न तथा सुरक्षित गर्न
www.nkp.gov.np मा जानुहोला।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र. स.	नि.नं./इजलास/ विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	९९६३ पूर्ण उत्प्रेषण / परमादेश	नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय विरूद्ध प्रेरणा राज्यलक्ष्मी सिंह	▪ नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्तिका सम्बन्धमा नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४(१)(क) ले राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्ति ट्रष्टअन्तर्गत ल्याउने भनी नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गर्ने अधिकारसमेत दिएको देखिन्छ । साथै दफा ४ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सम्पत्तिउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हक वा दाबी पुग्ने छैन र त्यस्तो सम्पत्तिमा अंश वा अपुतालीसम्बन्धी कानूनबमोजिम कसैको हक वा दाबी सिर्जना हुने छैन भनी स्पष्ट कानूनी व्यवस्था भएको पाइँदा विवादित सम्पत्ति श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारका नाममा नामसारी हुँदैमा वा राजा वीरेन्द्रको परिवारका सबै सदस्यको परलोक भएकै कारण तत्कालीन राजा ज्ञानेन्द्रमा अपुताली हक सिर्जना हुन नसक्ने ।	३८९
२.	९९६४ पूर्ण उत्प्रेषण / परमादेश	सावित्री दङ्गाल विरूद्ध मनराम सुवेदीसमेत	▪ वस्तुतः अंशबन्डा गर्दा अंशियार हकदारहरूका बीच जियजियैको भाग लगाउनुपर्ने र त्यसरी भाग लगाउँदा बराबरी हुनुपर्ने हुन्छ । यसरी जियजियैको अंश भाग पाउने अंशियारा सदस्यहरू मध्ये मुद्दा चल्दाचल्दैको अवस्थामा कुनै	४१६

			वा कोहीको मृत्यु भएमा जीवित अंशियाराबीच मात्र बन्डा लाग्ने भएपनि कुनै अंशियारले अंश मुद्दा चल्दाचल्दैको अवस्थामा अंश पाउने अंशियारभन्दा बाहिरको व्यक्तिलाई आफ्नो भागको अंश बकसपत्रको लिखतबाट हस्तान्तरण गरिदिएमा त्यस्तो लिखतबाट हक सृजना हुने व्यक्तिको हक जियजियैरूपमा समान किसिमले अंश पाउने हकदारको रूपमा नभई दैयादारको रूपमा हक सृजना हुने हुँदा यस्ता दैयादारले आफूले प्राप्त गरेको लिखतभन्दा बढी भाग दाबी गरेमा त्यो मुलुकी ऐन, अंशबन्डाको १ नं. र २ नं. को कानूनको उद्देश्य र मर्मविपरीत हुन जाने।	
३.	९९६५ पूर्ण सवारी ज्यान	नेपाल सरकार विरूद्ध परमेश्वर भन्ने कलेश्वर राउत	▪ सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एकअर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनु चालकको कैफियतकै रूपमा लिनुपर्ने हुन्छ जसमा उपदफा (३) आकर्षित नभई लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१(२) आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१(२) बमोजिमको सजाय हुने।	४२४

४.	९९६६ संयुक्त बच्चा जिम्मा लगाई पाउँ	पुनिता देवी महतो विरूद्ध नारायण महतो	▪ मुलुकी ऐन, लोग्नेस्वास्नीको महलको कानूनी व्यवस्थाको ३ नं. को देहाय १ मा आमाले आफैँ पाल्न चाहेमा निजले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ भन्ने उल्लेख भएबाट ५ वर्ष नपुगेका वा ५ वर्षदेखि माथिका नाबालक पाल्ने पहिलो दायित्व आमामा नै रहेको र निजले पाल्न नचाहेमा मात्र बाबुले पाल्न पाउने ।	४३५
५.	९९६७ संयुक्त मूल्य अभिवृद्धि कर	ठूला करदाता कार्यालय, ललितपुर विरूद्ध वीरेन्द्र कुमार संघाई	▪ कुनै उद्योगले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि प्रचलित कानूनको अधीनमा रही सवारी साधन खरिद गर्न पाउने नै हुन्छ । उद्योगको व्यवसायिक कारोबार सञ्चालन गर्न आवश्यक भई खरिद गरी प्रयोगमा ल्याइएको सवारी साधन खरिदसम्बन्धी मूल्य अभिवृद्धि करबापतको कर कट्टा गर्न पाउने छुट करदाताले पाउने नै देखिन्छ । यसप्रकारको कुरामा सामान्य प्राविधिक तर्कअगाडि सारेर करदातालाई कानूनबमोजिमको सुविधा प्राप्त गर्नबाट वञ्चित गर्न नमिल्ने ।	४४१
६.	९९६८ संयुक्त परमादेश	डा. दिपेन्द्र श्रेष्ठसमेत विरूद्ध नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत	▪ मानिसको बाँच्न पाउने हकसँग सम्बन्धित विषय भएकाले चिकित्सा विज्ञानसम्बन्धी अध्ययन, अध्यापन गर्दा गराउँदा निश्चित मापदण्ड पूरा गर्नु अनिवार्य देखिन्छ । यो गरे पनि हुने, नगरे पनि हुने काम चलाउ प्रकृतिको र औपचारिकता निर्वाह गर्ने विषय होइन । त्यसैले चिकित्सा शिक्षा र सेवालाई भरपर्दो, स्तरीय र सक्षम तुल्याउनका लागि कानूनद्वारा निर्धारित प्रक्रिया अपनाउँदै अधिकतम् प्रयास निरन्तर कायम राख्न जरूरत रहने ।	४४५

७.	९९६९ संयुक्त जबरजस्ती करणी	डिल्ली स्वाँरसमेत विरूद्ध नेपाल सरकार	▪ गाउँ समाजको परिवेश, गरिबीसमेतका कारणले सामाजिक प्रभाव, दबाब वा आर्थिक लोभमा परी वारदात नै नभएको भनी निवेदन पर्नुलाई अस्वाभाविक मान्न मिल्दैन । वास्तवमा, कुनै पनि वारदात सम्बन्धमा भएको अनुसन्धानको नतिजा नै कसुर भए नभएको तथ्य निर्धारण गर्ने महत्त्वपूर्ण कसीको रूपमा रहेको हुन्छ । पछिबाट कसुरदार होइन भनी निवेदन परेको वा प्रतिवादीलाई सफाइ दिई बकपत्र गरेकै आधारमा मात्र सफाइ दिने हो भने न्याय व्यवस्थाको उपहास हुन जाने ।	४५५
८.	९९७० संयुक्त उत्प्रेषण / परमादेश	राजकुमार इटेनीसमेत विरूद्ध सामान्य प्रशासन मन्त्रालय, निजामती कर्मचारी सन्तती छात्रवृत्ति व्यवस्थापन समिति, सिंहदरबार, काठमाडौंसमेत	▪ कुनै कानूनमा भएको बाधा अड्काउ फुकाउको व्यवस्था सो कानूनबमोजिम काम गर्दा आइपरेको कुनै बाधा अड्चन सो कानूनको समान्य व्यवस्थाले समाधान गर्न नसकेको अवस्थामा प्रयोग हुने विशेष व्यवस्था हो । सामान्य कानूनी व्यवस्थाले नै आइपरेको कुनै समस्या समाधानको बाटो देखाएको अवस्थामा बाधा अड्काउ फुकाउको विशेष व्यवस्थालाई जबरजस्ती रूपमा प्रयोग गर्न सम्बन्धित कानूनको मनसाय रहेको मान्न नमिल्ने ।	४६४
९.	९९७१ संयुक्त लिखत बदर दर्ता बदर दर्ता	लालबाबु राय यादवसमेत विरूद्ध उपनेत्रीकुमारी राय यादव	▪ छुट्टी भिन्न भइसकेपछि आमाले आफ्नो अंशको जग्गा छोरीलाई बकसपत्र दिन नपाउने भन्ने हुँदैन । बन्डापत्रमा कुनै सर्त लेख्दैमा सो सर्तले अंशियारलाई बाँध्दैन । अंशियारहरूबीच जियजियै बन्डा गर्नुपर्ने अंशको विषयमा बन्डापत्रद्वारा अंश हक प्राप्त गर्ने व्यक्तिले छुट्टिएका अन्य अंशियारहरूको मन्जुरी नलिई अंशको जग्गा बेचबिखन दान बकस गर्न पाउँदैन भन्नु भेदभावपूर्ण हुन जाने ।	४७०

१०.	९९७२ संयुक्त लिखत दर्ता बदर	मञ्जली घोले तामाङ विरूद्ध रविन स्याङ्तान	▪ जुन जग्गाको स्रोत नै जालसाजीपूर्ण रहेको छ। त्यस्तो जग्गाको सम्बन्धमा भए गरेको लिखतलाई सद्दे भनी व्याख्या गर्नु न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने। ▪ गैरकानूनी तवरबाट प्राप्त हुन आएको सम्पत्ति कानूनसम्मत तवरबाट लिखत पारित गरेको भन्ने मात्र आधारमा कानूनसम्मत मान्न नमिल्ने हुँदा प्रतिवादीसमेतको अंश हक लाग्ने जग्गामा लिनुदिनु गरी भएको लिखत वादीको हकसम्म बदर हुने।	४७७
११.	९९७३ संयुक्त उत्प्रेषण / परमादेश	श्यामप्रसाद श्रेष्ठ विरूद्ध जिल्ला प्रशासन कार्यालय, स्याङ्जासमेत	▪ कुनै पनि व्यक्तिको सम्पत्तिमाथि त्यस्तो व्यक्तिको मौलिक हक हुने र त्यस्तो सम्पत्तिलाई राज्यले प्राप्त गर्ने अवस्थामा राज्यले कानूनको प्रक्रिया अपनाई उचित मुआब्जा दिनुपर्ने विषयमा विवाद हुन नसक्ने। ▪ सरकारी कार्यालयको लागि जग्गा सरकारले आफ्नो प्रयोगमा लिई सट्टाभर्ना गर्ने कारवाहीको उठान भएको अवस्थामा जग्गा नै वा मुआब्जा प्राप्त हुन्छ भन्ने विश्वासमा कुनै नागरिक रहन्छ भने त्यो वैध अपेक्षा मान्नुपर्ने।	४८३
१२.	९९७४ संयुक्त उत्प्रेषण / परमादेश	शान्ति बलमपाकी विरूद्ध नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत	▪ राष्ट्रसेवामा समर्पित महिलाले एकातिर राज्यको सेवकको भूमिका निर्वाह गर्नुका साथै सृष्टिको निरन्तरता गर्ने आमाको भूमिका पनि सक्रिय रहेकी हुन्छन्। यसरी दोहोरो भूमिकामा रहेकी महिलाका लागि राज्यको नीति कानून नियमले समेत स्पष्टरूपमा विशेष संरक्षण गरी महिलाको स्वीकृतिविना २ वर्षभन्दा सानो बच्चा भएको महिला कर्मचारीलाई सरूवा गर्न नमिल्ने स्पष्ट कानूनी व्यवस्थाको	४९६

			उल्लङ्घनले सन्तान जन्माउँदा महिलाको भूमिकालाई सम्मान गर्नुपर्ने प्राकृतिक सामाजिक मान्यता मात्र उल्लङ्घन भएको नभई संविधानको धारा ३८(२) प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी मौलिक हककै उल्लङ्घन भएको देखिने ।	
१३.	९९७५ संयुक्त उत्प्रेषण	चन्द्रप्रसाद निरौलासमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	▪ कुनै पनि संस्था मुनाफामा गएको तब मानिन्छ जब उक्त संस्थाले तिर्नु बुझाउनुपर्ने दायित्व बाँकी रहेको हुँदैन । सामान्य बुझाइमा पनि संस्थाले तिर्नु बुझाउनु पर्ने दायित्व बाँकी रहेको अवस्थामा कुनै आर्थिक वर्षमा नाफामा गएको भनी अर्थ गर्नु न्यायोचित हुँदैन । संस्था घाटामा गएको स्थितिलाई कुनै जवाफदेहिता बहन गर्नु नपर्ने र नाफामा गएको भनी सञ्चित नोक्सानीलाई नजरअन्दाज गरी बोनसको लागि लालायित हुनु नैतिक दृष्टिकोणबाट समेत शोभनीय नदेखिने ।	५०२
१४.	९९७६ संयुक्त लिखत दर्ता बदर	मदनगोपाल मलेकु विरूद्ध गोविन्दमान श्रेष्ठसमेत	▪ कसैको सम्पत्तिमाथि अर्को व्यक्तिले कसैको हटक खिचोला बिना चोरी वा बदनियत नराखी शान्तिपूर्वक ढंगले लामो समयसम्म भोग कायम राख्दछ भने यस्तो लामो समयको भोगाधिकारबाट भोगकर्ताको स्वामित्वको उदय हुन पनि सक्ने । ▪ प्रतिकूल भोगाधिकारको लागि त्यस्तो भोग अविछिन्न र वास्तविक धनीलाई थाहा भएको हुनुपर्दछ । यस्तो भोग बलपूर्वक वा चोरी गरी वा बदनियतपूर्वक गरेको अवस्था हुनुहुँदैन । प्रतिकूल भोगाधिकारको समयावधि कानूनले तोकेको हुन सक्दछ । भोगाधिकार एउटा	५१२

			तथ्य हो, जुन अविच्छिन्नरूपमा लामो समय शान्तिपूर्वक कायम रही रहँदा स्वामित्व प्राप्त हुने एउटा आधार हुने सम्पत्तिसम्बन्धी विधिशास्त्रीय स्थापित मान्यता रहेको पाइने।	
१५.	९९७७ संयुक्त कर्तव्य ज्यान	नेपाल सरकार विरूद्ध सकुर मन्सुरी मियाँसमेत	▪ एक समूहका व्यक्तिले अर्को समूहका वारदातमा संलग्न नै नभएका व्यक्तिहरूलाई पनि झुट्ठा पोल गर्ने सम्भावना रहने हुनाले केवल पोल गरेको भनाइकै आधारमा मात्र न्याय निरूपण गर्दा निर्दोष व्यक्ति पनि सजाय भागी हुनसक्ने सम्भावना रहने हुनाले वारदातको प्रकृति, पीडितको अवस्था, बकपत्र गर्ने व्यक्तिको पीडित र प्रतिवादीसँग भएको सम्बन्धसमेतलाई विश्लेषण गरी त्यस्तो अनुसन्धानमा बुझिएका व्यक्तिहरूले गरेको कागज तथा बकपत्रलाई ग्रहण गर्नुपर्ने।	५२०
१६.	९९७८ संयुक्त कर्तव्य ज्यान र रहजनी चोरी	नेपाल सरकार विरूद्ध प्रहार ढुङ्गाना	▪ प्रतिवादीले अदालतमा बयान गर्दा आरोप स्वीकार गरेको अवस्थामा पनि निजको साबिती अन्य प्रमाणबाट पुष्टि हुनुपर्ने भन्ने सिद्धान्तलाई स्वीकार गरिसकेको हाम्रो फौजदारी न्याय प्रणालीले पुनरावेदकले जिकिर गरेजस्तो अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती बयानलाई अन्य स्वतन्त्र प्रमाणले समर्थन नगरेको अवस्थामा वा अन्य स्वतन्त्र प्रमाणले प्रतिवादीउपरको आरोप पुष्टि नगरेको अवस्थामा प्रतिवादीका विरूद्धमा निरपेक्ष रूपमा प्रमाणमा ग्राह्य मान्न मिल्ने नदेखिने।	५३५

१७.	९९७९ संयुक्त परमादेश	बबी थापासमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	▪ कुनै कार्य गर्नका लागि कानूनी कर्तव्य एवं दायित्व तोकिएको पदाधिकारी वा निकायले प्रचलित कानूनअनुसार सो कार्य गर्नको लागि कानूनले तोकेको सर्तहरू पूरा भई रीत पुगेको अवस्थामा अन्य कुनै पनि बहाना बनाई सो कार्य गर्न इन्कार गर्नु वा ढिलासुस्ती गर्नु न्यायोचित एवं कानूनसङ्गत देखिन नआउने।	५४६
१८.	९९८० संयुक्त अपहरण तथा शरीर बन्धक	भाग्यनारायण बैठा विरूद्ध नेपाल सरकार	▪ पोलिग्राफ परीक्षण पद्धतिबाट परीक्षण गरी निस्केको निष्कर्ष (Finding) लाई अनुसन्धान, तहकिकातको क्रममा संकलित प्रमाणबाट समर्थित गरेको अवस्थामा त्यस्तो पोलिग्राफ परीक्षण पद्धतिबाट परीक्षण गरी निस्केको निष्कर्ष एवं रायलाई प्रमाणको रूपमा ग्राह्य गर्न सकिने। ▪ सह-अभियुक्तको पोललाई विभिन्न कोणबाट मूल्याङ्कन गर्दा, विश्वसनीय र वास्तविकता प्रकट गरेको देखिन आउँछ भने प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने।	५५३
१९.	९९८१ संयुक्त जबरजस्ती करणी	नेपाल सरकार विरूद्ध प्रकाश रावल	▪ पीडित महिलाउपर प्रतिवादीहरूले गरेको षड्यन्त्र, आपराधिक नियत र कार्यहरू (Mens Rea and Actus Rea) बाट नै सामूहिक बलात्कार हो वा होइन भन्ने पत्ता लगाउनु पर्ने हुन्छ । सामूहिक बलात्कारको कसुर स्थापित हुनको लागि एउटै वारदातस्थल र समय हुनुपर्छ भन्ने नहुने। ▪ पीडित प्रतिवादीहरूको नियन्त्रणबाट मुक्त भएपछि मात्र अर्को जबरजस्ती करणीको वारदात भएको भए सो वारदातलाई अलग रूपमा लिन मिल्थ्यो होला तर प्रतिवादीहरूको नियन्त्रणमा रहेकै अवस्था तथा प्रतिवादीहरूकै	५७८

			इच्छाअनुसार स्थान परिवर्तन गरेको अवस्थामा घटेका जबरजस्ती करणीको वारदातहरूलाई एकै शृङ्खला (Chain) अन्तर्गत घटेको वारदात मानी हेर्नुपर्छ । अलगअलग स्थान र समयमा भएको भन्ने आधारमा सजायबाट छुट हुन नसक्ने ।	
३०.	९९८२ संयुक्त परमादेश	अधिवक्ता अच्युतप्रसाद खरेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	▪ संविधानले सार्वजनिक हक र सरोकारको विवादमा उपचार प्रदान गर्ने जुन क्षेत्राधिकार यस अदालतलाई प्रदान गरेको छ सोलाई सबैलै गम्भीरतापूर्वक लिनु र बुझ्नुपर्छ । सार्वजनिक हक र सरोकारको विषय भनी मनमा उठेको कुनै पनि विषयलाई बिना अध्ययन र विश्लेषण वा सो विषयवस्तु हेर्ने दायित्व सुम्पिएका कुनै पनि अधिकारी कहाँ जाँदै नगई र उनीहरूलाई कर्तव्य पालनतर्फ सचेतसम्म नगराई यस अदालतमा प्रवेश गर्ने होइन । यो क्षेत्राधिकारले निवेदकसँग सो विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्विक सरोकार मात्र नभई गहिरो अध्ययन मनन र विश्लेषण पनि खोज्दछ । निवेदन दर्ता गर्ने, सो कुरा मिडियामा प्रचार प्रसार गर्ने गराउने, त्यसपछि सो विषयलाई अदालतको जिम्मा लगाई आफू चाहिँ चुप लागी बस्ने, यो कुरा स्वीकारयोग्य हुन नसक्ने ।	५९२
३१.	९९८३ संयुक्त अबन्डा जग्गा बन्डा	रामबाबु यादव विरूद्ध रामविनोद यादवसमेत	▪ कुनै पनि सम्पत्ति अबन्डा रहेको भनी बन्डापत्रमा उल्लेख नभएपनि उक्त सम्पत्तिको स्रोत, प्रकृति, पृष्ठभूमि, अवस्था र उक्त सम्पत्तिमा यी मुद्दाको पक्षको संलग्नता, उपस्थिति र लगाव एवं वादीको जीवनप्रतिको अधिकारको अवस्था एवं मनस्थितिसमेतलाई न्यायिक	६०४

			आधारमा हेरी एवं मूल्याङ्कन गरेर नै उक्त सम्पत्ति अबन्डा हो वा होइन ? भनी निर्धारण गर्नुपर्ने ।	
३३.	९९८४ संयुक्त उत्प्रेषण	अधिवक्ता पारसमणि भट्टराईसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	▪ स्वतन्त्रता कहिल्यै निरपेक्ष हुँदैन, मौलिक हकको रूपमा प्रदत्त उक्त स्वतन्त्रताहरू निरपेक्ष होइनन् भन्ने कुरा तिनै स्वतन्त्रतासम्बन्धी मौलिक हकको प्रावधानका प्रतिबन्धात्मक वाक्यांशहरूले समेत पुष्टि गरेको देखिने । ▪ सन्धिको पक्ष भई सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सिर्जित दायित्व सभ्य मुलुकहरूले पालना र कार्यान्वयन गर्दछन् भन्ने अपेक्षा हुनु स्वाभाविक छ । आफूले समेत सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई मुलुकको आवश्यकता, उपलब्ध स्रोत, साधन र क्षमताअनुसार क्रमशः कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा विवाद हुन नसक्ने ।	६०९

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

– सम्पादक

निर्णय नं. ९९६३

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७३।९।२१

विषयः उत्प्रेषण / परमादेश

०७३-NF-०००४

निवेदक / विपक्षी : नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

विरूद्ध

विपक्षी / रिट निवेदक : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने प्रेरणा राज्यलक्ष्मी सिंह

०७३-NF-०००५

निवेदक / विपक्षी : नेपाल ट्रष्टको कार्यालयको तर्फबाट ऐ.का सचिव भीमप्रसाद उपाध्याय

विरूद्ध

विपक्षी / रिट निवेदक : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने प्रेरणा राज्यलक्ष्मी सिंह

०७३-NF-०००६

निवेदक / विपक्षी : नेपाल सरकार मन्त्रिपरिषद्को तर्फबाट ऐ.का मुख्य सचिव सोमलाल सुवेदी

विरूद्ध

विपक्षी / रिट निवेदक : काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने प्रेरणा राज्यलक्ष्मी सिंह

- **विवादित कि.नं. २५ को जग्गामध्ये साबिकमा केही जग्गा स्वर्गीय अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाहका नाममा रहेकोमा पछि तत्कालीन राजा वीरेन्द्रका नाममा आएको र केही जग्गा स्वयं तत्कालीन राजा वीरेन्द्रका नाममा रहेकोमा नयाँ नापीमा सबै जग्गालाई एउटै कित्ताको रूपमा कि.नं. २५ कायम गरी श्री ५ महाराजाधिराज नारायणहिटीको नाममा दर्ता स्रेस्ता कायम भएको देखिए पनि राजा वीरेन्द्रको देहावसानको समयमा उक्त सम्पूर्ण जग्गा र सोमा रहेको घरजग्गाको लालपुर्जामा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहको कायम भएको थियो। यसबाट के पुष्टि हुन्छ भने कि.नं. २५ को घर जग्गा स्वर्गवासी राजा वीरेन्द्रको स्वामित्वमा रहे भएको देखिने।**

(प्रकरण नं.३)

- **नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्तिका सम्बन्धमा नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४(१)(क) ले राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्ति ट्रष्टअन्तर्गत ल्याउने भनी नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गर्ने अधिकारसमेत दिएको देखिन्छ। साथै दफा ४ को उपदफा (३) मा *प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सम्पत्तिउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हक वा दाबी पुग्ने छैन र त्यस्तो सम्पत्तिमा अंश वा अपुतालीसम्बन्धी कानूनबमोजिम***

कसैको हक वा दाबी सिर्जना हुने छैन भनी स्पष्ट कानूनी व्यवस्था भएको पाइँदा विवादित सम्पत्ति श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारका नाममा नामसारी हुँदैमा वा राजा वीरेन्द्रको परिवारका सबै सदस्यको परलोक भएकै कारण तत्कालीन राजा ज्ञानेन्द्रमा अपुताली हक सिर्जना हुन नसक्ने ।

(प्रकरण नं.७)

- विवादित विजयाघर तत्कालीन राजा वीरेन्द्रको देहावसान हुँदाका अवस्थासम्म निज स्वर्गवासी राजाको नाममा रही निजको देहावसानपश्चात् नारायणहिटी राजदरबारको नाममा नामसारी भए तापनि सो सम्पत्ति राष्ट्र हितको साथै ऐतिहासिक सम्पदाको दृष्टिकोणबाट समेत कुनै व्यक्तिको निजी सम्पत्तिको रूपमा नामसारी भई निजी प्रयोगमा आउने प्रकृतिको सम्पत्ति देखिएन । तसर्थ निवेदिकाले दाबी गरेको कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको विजया घर राष्ट्रहित र ऐतिहासिक सम्पदाको दृष्टिकोणबाट समेत निवेदिकाको निजी हक भोगमा आउने सम्पत्ति नभई नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्ति रहे भएको देखिने ।

(प्रकरण नं.८)

- कुनै पनि व्यक्तिले आफ्नो निर्विवाद हकभोगको अरूको हक नलाग्ने सम्पत्ति आफूखुसी दान, बकस, दाइजो, पेवा, राजीनामा वा अन्य कुनै पनि किसिमबाट हक हस्तान्तरण गर्न पाउने कुरा विवादको विषय होइन । तर आफ्नो हक नै नपुग्ने सम्पत्ति कुनै पनि किसिमबाट लिखत गरी वा नगरी अरूलाई हक हस्तान्तरण गर्ने कार्यले भने कानूनी मान्यता पाउन नसक्ने ।
- तत्कालीन राजाको हैसियतले ज्ञानेन्द्र शाहलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तै: विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गरिने संवैधानिक व्यवस्था हुँदा निवेदिकाको पितालाई राजाको हैसियतले प्राप्त हुनआएका सम्पत्ति ट्रष्टको सम्पत्तिको परिभाषामा पर्ने ।

(प्रकरण नं.९)

- राजसंस्थाको प्रमुख श्री ५ महाराजाधिराज भएकै आधारमा राजसंस्थाको सम्पत्तिलाई राष्ट्रहित प्रतिकूल कसैलाई व्यक्तिगतरूपमा आफूखुसी दान, बकस, दाइजो, पेवा, राजीनामा वा अन्य कुनै पनि किसिमबाट हक हस्तान्तरण गर्न हक हुने भनी अर्थ गर्न मिल्दैन । यसबाट निवेदिकाले दाबी गरेको कि.नं.२५ को घर जग्गा तत्कालीन राजा ज्ञानेन्द्रले दाइजो दिन पाउने प्रकृतिको उहाँको निजी हकको सम्पत्ति नदेखिने ।
- संविधानले स्पष्टरूपमा गरेको संवैधानिक व्यवस्था र कानूनले प्रत्यक्ष निर्धारण गरेको कानूनी व्यवस्थाले राजसंस्थाको नेतृत्व गर्ने स्वर्गवासी राजा वीरेन्द्र शाह र निजको परिवार एवं तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई राजाको हैसियतबाट प्राप्त भएका भूत, वर्तमान र भविष्य जुनसुकै समयको र जहिले पनि बढे बढाएको

समेतका सम्पत्ति ट्रष्टमा जाने भएपछि निवेदिकालाई जानकारी नदिएको भन्ने जिकिर तर्कसङ्गत मान्न नमिल्ने ।

(प्रकरण नं.११)

निवेदकका तर्फबाट : विद्वान् महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठ, विद्वान् सहन्यायाधिवक्ताहरू श्री खगराज पौडेल, श्री खेमराज ज्ञवाली, श्री रमादेवी पराजुली र श्री उद्धवप्रसाद पुडासैनी एवं विद्वान् अधिवक्ता श्री सुदर्शन थपलिया

विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रीबहादुर कार्की, श्री श्यामप्रसाद खरेल, श्री पूर्णमान शाक्य, श्री रामप्रसाद भण्डारी 'संभव' र विद्वान् अधिवक्ताहरू श्री केदारप्रसाद दाहाल र श्री मिलनकुमार राई

अवलम्बित नजिर :

- *ने.का.प.* २०३७, नि.नं.१३९६, पृ.१६४
- *ने.का.प.* २०४३, नि.नं.२६८०, पृ.३१३

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३
- नेपाल ट्रष्ट ऐन, २०६४

संयुक्त इजलासमा आदेश गर्नेः

स.प्र. न्यायाधीश श्री रामकुमार प्रसाद शाह
मा.न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.

आदेश

प्र.न्या.सुशीला कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम यस अदालतको मिति २०७२।३।६ को आदेशउपर पुनरावलोकनको निस्सा प्रदान भई दायर भएको र न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

रिट निवेदनको संक्षिप्त बेहोरा

म रिट निवेदिका पूर्वराजा ज्ञानेन्द्र विरविक्रम शाहदेवकी छोरी पूर्व अधिराजकुमारी प्रेरणा राज्यलक्ष्मी देवी सिंह हुँ । मेरो विवाह मिति २०५९/१०/८ गते काठमाडौं निवासी राजबहादुर सिंहसँग भएको हो । श्री ५ महाराजाधिराजसँग नारायणहिटीको नाममा भएका विभिन्न ठाउँका विभिन्न जग्गाहरूमध्ये काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, साबिक वडा नम्बर ८, छाउनीस्थित साबिक कित्ता नम्बर २९, ३७, ३८, ३९, ४० र ४१ को जम्मा क्षेत्रफल १५-१-०-० अर्थात् ०७६६४.६० वर्ग मिटर जग्गा र सोमा बनेको घर तथा कम्पाउण्डसमेत मेरो बुबा पूर्व राजा ज्ञानेन्द्रले मलाई दाइजो दिनु भएको हो । उक्त घरजग्गा मैले अविच्छिन्न रूपमा भोगचलन गरिआएकी छु । उल्लिखित कित्ता नम्बरको जग्गा र घर मैले बुबा ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट बकस पाएको भन्ने कुरा तत्कालीन श्री ५ महाराजाधिराजका प्रमुख राजदरबार पदाधिकारीले मिति २०६२/२/१० मा राजकीय सम्पत्ति कोष विभाग, ढुकुटी विभाग राजदरबार र विपक्षी मालपोत कार्यालय कलंकीलाई मिति २०६३/३/१९ मा लेखेको पत्रबाट पुष्टि भएको छ ।

मिति २०६२/२/१० मा राजकीय सम्पत्ति कोष विभागलाई लेखिएको पत्रमा श्री ५ महाराजाधिराज सरकारबाट काठमाडौं जिल्ला, टंकेश्वर ताहाचल, जग्गाधनी श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबार भनी रहेको काठमाडौं महानगरपालिका, वडा नम्बर १३, ताहाचल कित्ता नम्बर २५ को ०७६६४.६० वर्ग मिटर १५-१-०-० क्षेत्रफल जग्गा र घर कम्पाउण्डसमेत काठमाडौं महानगरपालिका, वडा नम्बर १३, ताहाचल, छाउनी राज होइबक्सने श्री ५ अधिराजकुमारी प्रेरणा राज्यलक्ष्मी देवी सिंह

सरकारका जुनाफको हक पुग्ने गरी दाइजो बक्स भएको छ । सोहीअनुसारको व्यवस्थापन गर्नसमेत आदेशानुसार अनरोध छ भन्ने बेहोरा उल्लेख भएको छ । सोही मितिमा ढुकुटी विभाग राजदरबारलाई लेखेको पत्रमा उक्त जग्गाको सक्कल जग्गाधनी प्रमाणपुर्जा सुरक्षितसाथ राख्न पठाइएको छ भन्ने बेहोरा उल्लेख भएको छ भने मिति २०६३/३/१९ मा मालपोत कार्यालय कलंकीलाई लेखेको पत्रमा सो जग्गा मेरो नाममा रहने गरी नामसारी गर्नसमेत भनिएको छ।

मैले उपर्युक्त बेहोराले दाइजो पाएको उक्त जग्गा हालै नेपाल ट्रष्टको नाममा राखिएको छ भन्ने कुरा जानकारीमा आयो। नेपाल ट्रष्टको नाममा गएको कुरा जानकारीमा आएपछि सो जग्गा के कसरी कहिले कुन रीतले मेरो हक मेट्ने गरी विपक्षी नेपाल ट्रष्टको नाममा गएको रहेछ भन्ने कुरा बुझ्ने क्रममा विपक्षी नेपाल ट्रष्टको कार्यालय र मालपोत कार्यालयमा सोधखोज गर्दा त्यहाँका पदाधिकारीले जानकारी गराउन असमर्थता देखाएपछि उक्त जग्गाको जग्गाधनी प्रमाणपुर्जा पाउँ भनी विपक्षीमध्येका नेपाल ट्रष्ट कार्यालयका अध्यक्षलाई जानकारी दिएको थिएँ । विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पटकपटक निवेदन गरेँ। तर ती निकायबाट जग्गाधनी प्रमाणपुर्जा दिन आलटाल गरियो । पछि मिति २०७१/१०/१३ मा विपक्षी नेपाल ट्रष्टको कार्यालयमा मेरो जग्गा नेपाल ट्रष्टमा ल्याउने भनी गरेको निर्णय तथा सोसँग सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि पाउन निवेदन दिएकोमा सो कार्यालयले विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।६।८ को निर्णयसहितको कागजात मिति २०७१/१/१८ मा मलाई उपलब्ध गराइयो। तर मिति २०६४/९/१ को निर्णय कार्यान्वयनसम्बन्धी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको पत्र र तत्सम्बन्धी कागजातहरू उपलब्ध गराइएन।

नेपाल ट्रष्टको स्थापना र सञ्चालन गर्न बनेको नेपाल ट्रष्ट अध्यादेश, २०६४ मिति २०६४/७/२० देखि लागू भएकोमा नेपाल ट्रष्ट ऐन, २०६४ मिति २०६४/९/२२ देखि लागू भएको छ। नेपाल ट्रष्टको कार्यालयले मलाई उपलब्ध गराएको पत्रमा नेपाल ट्रष्ट ऐन लागू भएपछि विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम मेरो जग्गाको स्वामित्व नेपाल ट्रष्टमा आएको भन्नेसमेतको बेहोरा उल्लेख भएको देखिन्छ । मैले मिति २०६२/२/१० मा दाइजोबाट प्राप्त गरेको जग्गा सोभन्दा पछि बनेका कानूनी व्यवस्थाको आधारमा मेरो सम्पत्तिसम्बन्धी अधिकार हरण गर्न मिल्दैन। मेरो बुबा तत्कालीन समयमा श्री ५ महाराजाधिराज सरकार भएको तथ्यमा विवाद छैन । मैले जग्गा प्राप्त गरेको समयमा नेपाल अधिराज्यको संविधान, २०४७ बहाल रहेको थियो। सो संविधानको धारा ३० र ३१ अनुसार श्री ५ ले गरेका काम कारवाहीमा प्रश्न उठाउन पाइँदैन। मुलुकी ऐन स्त्री अंशधनको महलको ४ नं.बमोजिम माइती मावलीपट्टिका नातेदार इष्टमित्रले दिएको चलअचल र त्यसबाट बढेबढाएको सम्पत्ति दाइजो ठहर्छ र ऐ ५ नं.बमोजिम त्यस्तो सम्पत्ति आफूखुस गर्न पाउने सम्पत्ति हो।

मलाई बुबाले दिएको जग्गा तत्कालीन स्वर्गवासी राजा वीरेन्द्र, रानी ऐश्वर्य, निजहरूको जेठा छोरा दिपेन्द्र र कान्छा छोरा निराजन शाहसमेत कसैको नाममा थिएन। फुपू बज्यै तत्कालीन अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाह मोही र भीमसेन तथा वर्षबन्धन गुठी जग्गाधनी भइरहेकोमा मिति २०६२/२/६ गते रैकरमा परिणत भएको सो जग्गा श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा दर्ता स्रेस्ताकायम रहेको थियो । मिति २०६२/२/६ मा रैकरमा परिणत भएको जग्गा तत्कालीन राजा वीरेन्द्र र निजको परिवारको हुँदैन। तर विपक्षीहरूले

राजा वीरेन्द्र र रानी ऐश्वर्य एवं निजहरूको परिवारको सम्पत्ति मानी नेपाल ट्रष्टको स्वामित्वमा ल्याउने निर्णय विधिसम्मत छैन।

नेपाल ट्रष्ट अध्यादेश, २०६४ र नेपाल ट्रष्ट ऐन, २०६४ को प्रस्तावना, दफा ३को उपदफा (१), सोको स्पष्टीकरण र दफा ४ को उपदफा (१)(क) समेतले तत्कालीन स्वर्गवासी राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदा निजहरूको नाममा रही निजहरूको हक पुग्ने सम्पत्ति मात्र ट्रष्टमा ल्याउने भन्ने उल्लेख भएको छ । साथै सो ऐनले तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेव र निजको परिवारमा रहेका जग्गा मात्र ट्रष्टमा ल्याउने व्यवस्था गरेको छ । म वीरेन्द्रसमेतको परिवारको सदस्य होइन। अतः विपक्षीहरूले मैले बुबाबाट पाएको कित्ता नम्बर २५ को जग्गा नेपाल ट्रष्टको नाममा ल्याउने गरी गरेको निर्णयले मेरो नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ को उपदफा (१) र (३), धारा १९ को उपधारा (१) र (२) ले प्रत्याभूत गरेको संवैधानिक हक र मुलुकी ऐन, स्त्री अंशधनको ४ तथा ५ द्वारा प्रत्याभूत कानूनी हकमा आघात पुगेको हुँदा विपक्षी नेपाल सरकारले नेपाल ट्रष्टअन्तर्गत ल्याउने भनी गरेको निर्णय, विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयले सो निर्णय कार्यान्वयन गर्न मालपोत कार्यालय कलंकीलाई मिति २०६४।९।१ मा लेखेको पत्र र विपक्षी मालपोत कार्यालय कलंकीले विपक्षी नेपाल ट्रष्टको कार्यालयलाई लेखेको मिति २०६४।९।३ को पत्र र सोसँग सम्बन्धित अन्य निर्णय एवं काम कारवाहीहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी उल्लिखित जग्गा साबिकबमोजिम निवेदिकाको नाममा कायम गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ। साथै प्रस्तुत मुद्दालाई अग्राधिकार दिई छिटो निर्णय गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन पत्र।

यस अदालत एक न्यायाधीशको इजलासको आदेश

यसमा विपक्षीहरूबाट १५ दिनभित्र लिखित जवाफ मगाउनू । साथै मुद्दाको प्रकृतिका आधारमा प्रस्तुत मुद्दालाई अग्राधिकार दिई मिति २०६४।९।१ को निर्णय कार्यान्वयनसम्बन्धी पत्र र सोसँग सम्बन्धित निर्णयको सक्कल मिसिल विपक्षीहरूबाट झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालत एक न्यायाधीशको इजलासको मिति २०७१।१०।२७ को आदेश।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ

यस मन्त्रालयको काम कारवाहीबाट निवेदिकाको कुनै पनि संवैधानिक एवं कानूनी हक प्रचलनमा अवरोध पुऱ्याएको छैन । साथै नेपाल ट्रष्ट ऐन,२०६४ बमोजिम भए गरेका काम कारवाहीमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

नेपाल ट्रष्टको कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ

दाबीको जग्गा साबिकमा तत्कालीन श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको हकमा रहेको देखिन्छ। पछि नयाँ नापी हुँदा उक्त जग्गाको जग्गाधनी महलमा श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबार कायम भएको आधारमा मात्र उक्त जग्गामा तत्कालीन राजा वीरेन्द्रको हक गई निवेदिकाका दाता तत्कालीन राजा ज्ञानेन्द्रको हक कायम भएको मान्न मिल्दैन र हकै नभएका व्यक्तिले उक्त घर जग्गा दाइजो दिने हक पनि हुन सक्दैन। नेपाल ट्रष्ट ऐन, २०६४ को प्रस्तावनामा स्पष्टरूपमा नै राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदाका बखत निजहरूका नाममा

रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्ने भनी उल्लेख भएको देखिन्छ। सो ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) र (ग) मा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको तथा निज र निजहरूका परिवारलाई कुनै किसिमले प्राप्त भएको वा हुनसक्ने वा निजहरूको हक पुगेको वा पुग्नसक्ने र निजहरूका परिवारलाई कुनै किसिमले प्राप्त भएको वा हुनसक्ने वा निजहरूको नाममा रहेको तथा निज र निजहरूको हक पुगेको वा पुग्ने अरू कसैको नाममा राखिएको वा बेनामी सम्पत्ति नेपाल ट्रष्टको स्वामित्वमा रहने कानूनी व्यवस्था गरिएको पाइन्छ। तत्कालीन राजा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवलगायत राजपरिवारका सदस्यहरू मिति २०५८।२।१९ मा देहावसान हुँदासम्म श्री ५ महाराजाधिराजको रूपमा कायम रहेको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले उक्त कि.नं.२५ को जग्गा नेपाल ट्रष्टअन्तर्गत ल्याउने निर्णय भएको हो।

दाबीको जग्गा साबिक नापी हुँदा कि.नं. ३७, ३८, ४० र ४१ समेतका जग्गाहरू वीरेन्द्र वीर विक्रम शाहदेवबाट "श्री ५ महाराजाधिराज" नारायणहिटी राजदरबारको नाममा नामसारी भएका कित्ताहरू सबै भिडी नयाँ नापी हुँदा कि.नं. २५ कायम भएको बेहोरा मालपोत कार्यालय कलंकीको मिति २०६४।९।३ को पत्रबाट देखिँदा उक्त जग्गा तत्कालीन राजा श्री ५ वीरेन्द्रको हक भोग रहेको प्रस्ट छ। साथै सो जग्गा ३६ बाहुन गुठीबाट रैतानी भएको देखिन्छ। उक्त जग्गा २०६२ सालमा गुठीबाट रैतानी गरिँदा ज्ञानेन्द्रको हक लाग्ने भए ज्ञानेन्द्रको नाममा नै नामसारी हुनुपर्ने थियो। तर २०५८ सालदेखि रैतानी हुँदाको समय २०६२ सालसम्म र नेपाल ट्रष्टको स्वामित्वमा आउनुपूर्वको समयसम्म तत्कालीन राजा ज्ञानेन्द्रको नाममा नामसारी भएको छैन। यसबाट समेत उक्त कि.नं. २५ को जग्गा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहको हकलाग्ने हो भन्ने देखिन्छ। तत्कालीन राजा श्री ५ वीरेन्द्रको देहावसान भएको मिति २०५८।२।१९ सम्मको लागि कानून व्याख्यासम्बन्धी ऐन,२०१० को दफा २(ञ) (घ) बमोजिम श्री ५ वीरेन्द्रलाई नै जनाउने हुँदा वीरेन्द्रको हक भोगको सम्पत्ति नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ को उपदफा (१) बमोजिम यस कार्यालयको नाममा कायम हुने नै देखिन्छ।

जहाँसम्म निवेदिकाले दाइजोबाट प्राप्त गरेको सम्पत्ति घर जग्गा हरण गर्न मिल्दैन भन्ने जिकिर छ सो सम्बन्धमा हेर्दा उक्त जग्गा तत्कालीन राजा ज्ञानेन्द्रको नाममा कायम छैन। आफ्नो नाममा कायम नभएको जग्गा अरूलाई दाइजो दिन मिल्दैन। दाइजो पाएको लिखत कानूनबमोजिम सम्बन्धित निकायबाट पारित भएको पनि छैन। घरसारको लिखतको आधारमा मात्रै ९ वर्षपछि आएर दाबी गर्न विलम्बको सिद्धान्तले पनि मिल्दैन।

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सम्पत्तिउपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हक वा दाबी पुग्ने छैन र त्यस्तो सम्पत्तिमा अंश वा अपुतालीसम्बन्धी कानूनबमोजिम कसैको हक वा दाबी सिर्जना हुँदैन भन्ने उल्लेख भएको छ। निवेदन दाबीको जग्गा २०६२ सालमा रैकरमा परिणत भई निवेदिकाले दाइजो पाएको भनिए तापनि २०६७ सालसम्म पनि निवेदिकाको नाममा दर्ता स्रेस्ता कायम हुन सकेको देखिँदैन। तसर्थ नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र (ग) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार दाबीको जग्गा यस ट्रष्टको स्वामित्वमा आएको कार्यमा कुनै कानूनको त्रुटि नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी नेपाल ट्रष्टको कार्यालयको लिखित जवाफ।

नेपाल सरकार मन्त्रिपरिषद्को तर्फबाट पेस भएको लिखित जवाफ

नेपाल ट्रष्ट ऐन, २०६४ तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदा निजहरूको नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्न जारी भएको हो। उक्त ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) मा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारका सदस्यको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्तिलाई ट्रष्टअन्तर्गत ल्याउने भन्नेसमेतको व्यवस्था भएको आधारमा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवको देहावसान हुने दिन अर्थात् मिति २०५८।२।१९ सम्म निज नै "श्री ५ महाराजाधिराज" को रूपमा कायम रहेको आधारमा कि.नं. २५ को जग्गासमेत ट्रष्टको स्वामित्वमा ल्याउने गरी भएको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।७।८ को निर्णयमा कुनै त्रुटि नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार मन्त्रिपरिषद्को तर्फबाट पेस भएको लिखित जवाफ।

यस अदालत संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश

मिति २०६४।७।२० र मिति २०६४।९।२२ मा लागू भएको नेपाल ट्रष्ट अध्यादेश, २०६४ र नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र सोको स्पष्टीकरण तथा दफा ४ बमोजिम राजा वीरेन्द्र, रानी ऐश्वर्य, निजका छोराहरू दिपेन्द्र शाह र निराजन शाहको नामको सम्पत्तिसम्म नेपाल ट्रष्टमा जाने कानूनी व्यवस्था भएको र सोबाहेक राजपरिवारका अन्य सदस्यको नामको सम्पत्तिसमेत सो ट्रष्टमा जाने कानूनी व्यवस्था नभएकोमा राजा वीरेन्द्र र निजका परिवारको मिति २०५८।२।१९ मा देहावसानपश्चात् मिति २०६२।२।६ मा रैकर परिणत भई "श्री ५ महाराजाधिराज" को नाममा दर्ता हुन आएको दाबीको कि.नं. २५ को १५-१-०-० अर्थात् ०,७६६४.६० वर्गमिटर छाउनीस्थित घरजग्गा तत्कालीन महाराजाधिराज ज्ञानेन्द्रबाट आफ्नी छोरी पूर्व अधिराजकुमारी प्रेरणा राज्यलक्ष्मी सिंह (शाह) लाई मिति २०६२।२।१० मा दाइजोस्वरूप बकस दिएको निज निवेदिकाको हक भोगको उक्त घरजग्गा निजलाई बुझ्दै नबुझी सूचना तथा जानकारीसमेत नदिई निजको हक समाप्त हुने गरी २०६४ सालमा बनी लागू भएको नेपाल ट्रष्टको कार्यालयको नाममा ऐनको दफा ३ समेतको आधार भनी उक्त ट्रष्टको नाममा नामसारी भएको भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।९।१ को पत्र, मालपोत कार्यालय कलंकीको मिति २०६४।९।३ को पत्र र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।७।८ को निर्णयसमेत नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र ४ विपरीत हुनुको साथै यस अदालतबाट प्रतिपादित *ने.का.प.* २०६८,अङ्क ८, निर्णय नं. ८६६३, पृष्ठ १२७६ तथा प्राकृतिक न्यायको सिद्धान्तसमेत प्रतिकूल रहेको र विपक्षीहरूको सो निर्णय र कार्यबाट निवेदिकाको सम्पत्तिसम्बन्धी हकमा आघात पुगेको देखिएकोले निवेदन दाबीको जग्गा नेपाल ट्रष्टअन्तर्गत ल्याउने गरी भएको विपक्षी मन्त्रिपरिषद्को निर्णय, भुमिसुधार तथा व्यवस्था मन्त्रालय, मालपोत कार्यालय कलंकीको तत्तत् मितिको पत्र र तत्पश्चात्को सबै काम कारवाही एवं पत्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ।

अब, तत्कालीन श्री ५ महाराजाधिराजका प्रमुख राजदरबार पदाधिकारी कार्यालयले मिति २०६२।२।१० मा राजकीय सम्पत्ति कोष विभाग, ढुकुटी विभाग राजदरबार र मिति २०६३।३।१९ मा मालपोत कार्यालय कलंकीलाई लेखेको पत्रबमोजिम उक्त कि.नं.

२५ को जग्गा दाइजो पाउने निज निवेदिकाको नाममा तत्काल प्रचलनमा रहेको पद्धतिबमोजिम जे जो गर्नुपर्ने हो गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। सोबमोजिम गर्नु गराउनु भनी प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई नियमानुसार गर्नु भन्नेसमेत बेहोराको यस अदालत संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश।

संयुक्त इजलासको आदेश पुनरावलोकन गरिपाउँ भन्ने नेपाल ट्रष्टको कार्यालयको निवेदनपत्र

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १३ साबिक टंकेश्वर वडा नं. ८ को कि.नं. २५ को जग्गा साबिक नापी हुँदाका बखत कि.नं. ३७, ३८, ४० र ४१ को जम्मा क्षेत्रफल ८-३-२-० को जग्गा श्री वीरेन्द्र वीर विक्रम शाहदेवको नाममा र कि.नं. २९,३९ र ३६ को क्षेत्रफल ४-७-२-० को जग्गा वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा नामसारी भएका कित्ताहरू सबै भिडी नयाँ नापी हुँदा नयाँ नापीमा कायम वडा नं. १३ सिट नं. ११०३-१२ कि.नं. २५ क्षेत्रफल ०७६६४.६० व.मि. एउटै कित्ता कायम भएको बेहोरा मालपोत कार्यालय, कलंकीको मिति २०६४।०९।०३ को च.नं. ४०८८ को पत्र समेतबाट स्पष्ट हुन आउँछ। नेपाल ट्रष्ट ऐन, २०६४ को प्रस्तावनामा स्पष्टरूपमा नै राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदाका बखत निजहरूका नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्ने भनी उल्लेख भएको छ। सो ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) र (ग) मा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको तथा निज र निजहरूका परिवारलाई कुनै किसिमले प्राप्त भएको वा हुनसक्ने वा निजहरूको हक पुगेको वा पुग्नसक्ने वा निजहरूको नाममा रहेको तथा निज र निजहरूको हक पुगेको वा पुग्ने अरू कसैको नाममा राखिएको वा बेनामी सम्पत्ति नेपाल ट्रष्टको स्वामित्वमा रहने कानूनी व्यवस्था गरिएको पाइन्छ।

तत्कालीन राजा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको देहावसान भएको दिन मिति २०५८।२।१९ सम्म उहाँ नै श्री ५ महाराजाधिराजको रूपमा कायम रहेको आधारमा नेपाल ट्रष्ट ऐन, २०६४ को कानूनी व्यवस्थाबमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।७।८ को निर्णयानुसार उक्त कि.नं.२५ को जग्गा नेपाल ट्रष्टको नाममा दर्ता स्रेस्ता कायम गर्ने गरी भएको निर्णय बदर हुनुपर्ने कुनै आधार र कारण छैन। निवेदिकालाई तत्कालीन राजा ज्ञानेन्द्रबाट दाइजो दिएको भनिएको जग्गा निज ज्ञानेन्द्रको नाममा कायम हुन आएकोसमेत नदेखिएको अवस्थामा उक्त जग्गा नेपाल ट्रष्टको नाममा कायम गर्दा जानकारी वा सुनुवाइको मौका दिनुपर्ने भनी सम्मानित सर्वोच्च अदालतबाट निवेदक पुष्पा महर्जन विरूद्ध काठमाडौं नगर पञ्चायतसमेत भएको उत्प्रेषणको रिट निवेदनमा (*ने.का.प.*२०४३ अंक ४ नि.नं. २६८० पृष्ठ३१३) मा प्रतिपादित सिद्धान्तविपरीत रहेको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १५९ को उपधारा (१) मा भएको संवैधानिक व्यवस्था र नेपाल ट्रष्ट ऐनमा भएको कानूनी व्यवस्थाबमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार तत्कालीन श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा कायम भएको उक्त कि.नं.२५ को जग्गा नेपाल ट्रष्टको नाममा कायम गर्ने निर्णय गर्दा निवेदिकालाई बुझ्नुपर्ने कुनै कारण र आधार छैन।

यी रिट निवेदिकाले मिति २०६२ सालमा दाइजो पाएको भए लिखत कानूनबमोजिम सम्बन्धित कार्यालयमा पारित गरी आफ्नो नाममा दर्ता स्रेस्ता कायम गराउन सक्नु पर्थ्यो। निवेदिकाले दाइजो

पाएको सम्पत्ति नेपाल ट्रष्टको हक लाग्ने सम्पत्ति होइन भनी २०६२ सालदेखि २०७१ सालसम्म चुप लागी एक्कासी अदालतमा दाबी लिनु विलम्बको सिद्धान्तको प्रतिकूल रहेको छ। श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबार भनेको एउटा संस्था हो व्यक्ति (श्री ५ ज्ञानेन्द्र) होइन।

संस्थाको सम्पत्ति तत्कालीन राजा ज्ञानेन्द्रले आफ्नो निजी सम्पत्ति जस्तो गरी कसैलाई हक हस्तान्तरण गरेर दिन कानूनतः मिल्ने अवस्था पनि हुँदैन। साथै नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ को उपदफा (१) बमोजिम सो जग्गा यस कार्यालयको स्वामित्वमा आइसकेको र मिति २०५८।२।१९ पश्चात् यदि घरसारका लिखत भएको भएपनि नेपाल ट्रष्ट ऐन, २०६४ तथा नेपाल ट्रष्ट नियमावली २०६५ को कानूनी व्यवस्थामा असर गर्न नसक्ने हुँदा उक्त जग्गा कार्यालयको स्वामित्वमा ल्याउन भए गरिएका सम्पूर्ण काम कारवाही बदर गर्ने गरी सम्मानित सर्वोच्च अदालतबाट भएको निर्णय त्रुटिपूर्ण भएकोले उक्त निर्णय पुनरावलोकन गरी बदर गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल ट्रष्टको कार्यालयको तर्फबाट ऐ.का सचिव भीमप्रसाद उपाध्यायको निवेदनपत्र।

संयुक्त इजलासको आदेश पुनरावलोकन गरिपाउँ भन्ने नेपाल सरकार मन्त्रिपरिषद्को निवेदनपत्र

साबिक नापी हुँदाका बखत कि.नं. ३७, ३८, ४० र ४१ को जम्मा क्षेत्रफल ८-३-२-० को जग्गा र कि.नं. २९, ३९ र ३६ को क्षेत्रफल ४-७-२-० को सबै जग्गाहरू भिडी नयाँ नापी हुँदा कि.नं. २५ कायम भई वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा नामसारी भएको बेहोरा मालपोत कार्यालय, कलंकीको मिति २०६४।०९।०३ को च.नं. ४०८८ को पत्रबाट स्पष्ट हुन आउँछ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा (१) मा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको सम्पत्ति नेपाल सरकार मातहत ल्याई ट्रष्ट बनाएर राष्ट्र हितमा प्रयोग गरिनेछ भन्ने व्यवस्था रहेको र सोही धाराको उपधारा (२) मा तत्कालीन राजाको हैसियतले ज्ञानेन्द्र शाहलाई प्राप्त भएका सबै सम्पत्तिहरू जस्तै विभिन्न स्थानका दरबारहरू वन तथा निकुञ्जहरू ऐतिहासिक र पुरातात्विक महत्त्वका सम्पदाहरू आदि राष्ट्रियकरण गरिनेछ भन्ने स्पष्ट संवैधानिक व्यवस्था गरिएको थियो। उक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न २०६४ सालमा लागू भएको नेपाल ट्रष्ट ऐन, २०६४ को प्रस्तावनामा नै स्पष्ट रूपमा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदाका बखत निजहरूका नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्ने भनी उल्लेख भएको देखिन्छ। तत्कालीन राजा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको देहावसान भएको दिन मिति २०५८।२।१९ सम्म उहाँ नै श्री ५ महाराजाधिराजको रूपमा कायम रहेको आधारमा नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ को उपदफा (१) को खण्ड (क) र (ग) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।७।८ को निर्णयानुसार उक्त कि.नं.२५ को जग्गा नेपाल ट्रष्टको नाममा दर्ता स्रेस्ता कायम गर्ने गरी भएको निर्णय कानूनसम्मत छ।

निवेदिकालाई तत्कालीन राजा ज्ञानेन्द्रबाट दाइजो दिएको भनिएको जग्गा निज ज्ञानेन्द्रको नाममा कायम हुन आएकोसमेत नदेखिएको अवस्थामा उक्त जग्गा नेपाल ट्रष्टको नाममा कायम गर्दा सुनुवाइको मौका दिनु पर्ने अवस्था पनि छैन। संयुक्त इजलासको मिति २०७२।३।६ को निर्णय सर्वोच्च अदालतबाट (*ने.का.प.* २०४३ अङ्क ४ नि.न. २६८० पृष्ठ ३१३) मा प्रतिपादित नजिर सिद्धान्तविपरीत रहेको छ। अतः निवेदिकाको नाममा मात्र होइन निवेदिकालाई दाइजो दिएको भनिएको दाताको नाममा समेत दर्ता स्रेस्ता कायम नभएको अवस्थामा सुनुवाइको मौका दिनुपर्छ

भन्ने सम्मानित अदालतको फैसला स्थापित नजिर सिद्धान्तको समेत प्रतिकूल रहेकोले खारेजभागी छ।

रिट निवेदिकाले उल्लेख गरेको मिति २०६२।२।१० मा तत्कालीन श्री ५ महाराजाधिराजका प्रमुख राजदरबार पदाधिकारीको कार्यालयबाट ढुकुटी विभाग राजदरबारमा लेखिएको पत्रको आधारमा सोअनुसार जग्गा दर्ता नामसारी भएको अवस्था नरहेको तथ्यलाई सम्मानित अदालतबाट आदेश हुँदा बेवास्ता गरिएको छ। यी रिट निवेदिकाले मिति २०६२ सालमा दाइजो पाएको भए लिखत कानूनबमोजिम सम्बन्धित कार्यालयमा पारित गरी आफ्नो नाममा दर्ता स्रेस्ता कायम गराउन सक्नु पर्थ्यो। मुलुकी ऐन रजिस्ट्रेसनको १ नं.को देहाय (१) तथा दान बकसको १ नं.को आधारमा पनि निवेदिकाको सप्रमाण हक पुग्न गएको अवस्था पनि देखिँदैन। रिट निवेदिकाको नाममा दर्ता स्रेस्ता कायम नै नभएको अवस्थामा निजलाई बुझ्नु पर्ने सूचना वा जानकारी दिनुपर्ने वा आफ्नो कुरा राख्न वा प्रतिवाद गर्ने उचित मौका दिनुपर्ने प्रश्न नै आउँदैन। निवेदिकाले २०६२ सालदेखि २०७१ सालसम्म चुप लागी एक्कासी अदालतमा दाबी लिनु विलम्बको सिद्धान्तको प्रतिकूल रहेको छ।

श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबार भनेको एउटा संस्था हो। संस्थाको सम्पत्ति निजले आफ्नो निजी सम्पत्ति जस्तो गरी कसैलाइ हक हस्तान्तरण गरेर दिन कानूनतः मिल्ने अवस्था पनि हुँदैन। साथै नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ को उपदफा (१) बमोजिम सो जग्गा नेपाल ट्रष्टको स्वामित्वमा आइसकेको र मिति २०५८।२।१९ पश्चात् यदि घरसारका लिखत भएको भए पनि नेपाल ट्रष्ट ऐन, २०६४ को कानूनी व्यवस्थामा असर गर्न नसक्ने हुँदा उक्त जग्गा नेपाल ट्रष्टको स्वामित्वमा ल्याउन भए गरिएका सम्पूर्ण काम कारवाही बदर गर्ने गरी सर्वोच्च अदालत संयुक्त इजलासबाट मिति २०७२।३।६ मा भएको निर्णय त्रुटिपूर्ण भएकोले उक्त निर्णय पुनरावलोकन गरी बदर गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार मन्त्रिपरिषद्को तर्फबाट मुख्य सचिव डा. सोमलाल सुवेदीको निवेदनपत्र।

संयुक्त इजलासको आदेश पुनरावलोकन गरिपाउँ भन्ने भूमि सुधार तथा व्यवस्था मन्त्रालयको निवेदनपत्र

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा (१) मा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारको सम्पत्ति नेपाल सरकार मातहत ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गरिनेछ भन्ने व्यवस्था रहेको र सोही धाराको उपधारा (२) मा तत्कालीन राजाको हैसियतले ज्ञानेन्द्र शाहलाई प्राप्त भएका सबै सम्पत्तिहरू जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्विक महत्त्वका सम्पदाहरू आदि राष्ट्रियकरण गरिनेछ भनी स्पष्ट संवैधानिक व्यवस्था रहेको थियो। उक्त संविधानको व्यवस्था कार्यान्वयन गर्न नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारहरूको नाममा रहेको सम्पत्ति यो ऐन प्रारम्भ भएपछि व्यवस्थापन र सञ्चालन गरी राष्ट्रहितमा प्रयोग गर्न नेपाल ट्रष्टको नाममा एक ट्रष्ट स्थापना हुनेछ भन्ने उल्लेख भएको र तत्कालीन राजा वीरेन्द्र र निजका परिवारको देहावसानपश्चात् राजा बन्न पुगेका पूर्वराजा ज्ञानेन्द्रले उक्त जग्गा श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा नामसारी गरेको अवस्था हुँदा उक्त जग्गाको तत्कालीन जग्गा धनी राजा वीरेन्द्र नै हुन् भन्ने सत्यलाई नकार्न सकिँदैन। ऐनको दफा ४ को उपदफा (१) को (क) मा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारहरूको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्ति नेपाल ट्रष्ट ऐनअन्तर्गत ल्याउने गरी नेपाल सरकार मन्त्रिपरिषद्ले निर्णय गरेको सम्पत्तिसमेत ट्रष्टको सम्पत्ति रहनेछ

भनी कानूनी व्यवस्था भएकोले सो जग्गा नेपाल ट्रष्टको नाममा रहनु कानूनसम्मत छ । साबिक नापी हुँदाका बखत कि. नं. ३७, ३८, ४० र ४१ को क्षेत्रफल ८-३-२-० को जग्गा तत्कालीन श्री ५ वीरेन्द्र शाहको नाममा र कि. नं. २९, ३९ र ३६ को क्षेत्रफल ४-७-२-० को जग्गा वीरेन्द्र शाहबाट तत्कालीन श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा नामसारी भएका कित्ताहरू सबै भिडी नयाँ नापी हुँदा उल्लिखित कि.नं. २५ कायम भएको बेहोरा मालपोत कार्यालय कलंकीको च.नं. ४०८८ मिति २०६४।९।३ को पत्रबाट उल्लिखित जग्गाहरू स्वर्गवासी राजा वीरेन्द्रको हकभोगको रहेको भन्ने पुष्टि हुन आउँछ । यसरी कि.नं. २५ को जग्गाको स्रोत स्वर्गवासी राजा वीरेन्द्र नै भएबाट स्वर्गवासी राजाको सम्पत्ति आफ्नो नाममा गरी पूर्वराजा ज्ञानेन्द्रले छोरीलाई दिएको हुँदा ऐनबमोजिम उक्त जग्गा नेपाल ट्रष्टको नाममा कायम गर्ने संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश त्रुटिपूर्ण हुँदा पुनरावलोकन गरी हेरी रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको निवेदनपत्र ।

यस अदालत पूर्ण इजलासको मिति २०७३।५।१७ को पुनरावलोकन निरूसा प्रदानको आदेश

यसमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका साबिक वडा नं. ८ छाउनीस्थित साबिक कि.नं.२९, ३६, ३७, ३८, ३९, ४० र ४१ को १५-१-०-० जग्गा साबिकमा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहका नाममा रहेको भन्ने मिसिल संलग्न मालपोत कार्यालय कलंकीको च.नं. ४०८८ मिति २०६४।९।३ को पत्रबाट देखिन्छ । सोही जग्गा राजा वीरेन्द्रबाट तत्कालीन श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारका नाममा नामसारी भई नयाँ नापीमा वडा नं. १३ सिट नं. ११०३-१२ कि.नं. २५ क्षेत्रफल ०७६६४.६० वर्ग मिटर (१५ रोपनी १ आना) कायम भएको भन्ने उल्लेख भएको देखियो ।

उक्त जग्गा रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी सिंहका पिता तत्कालीन राजा ज्ञानेन्द्र वीर विक्रम शाहका नाममा कहिले पनि दर्ता भएको अवस्था नभई श्री ५ महाराजाधिराजका नामबाट नै नेपाल ट्रष्ट कार्यालयका नाममा गएको देखिन्छ । दाताले आफ्नो भएको स्थापित हकसम्म हस्तान्तरण गर्न पाउने आफूमा हुँदै नभएको हक हस्तान्तरण गर्न नमिल्ने कानूनी मान्यता रहेको र उल्लिखित जग्गामा तत्कालीन श्री ५ ज्ञानेन्द्र वा निजकी छोरी प्रेरणा राज्यलक्ष्मीसमेतको कुनै प्रकारको निजी हक नै कायम हुन आएको नदेखिँदा हकदैया नै नभएको कुरामा प्रतिवाद गर्ने मौका नदिएकाले प्राकृतिक न्यायको सिद्धान्तको विपरीत भयो भन्न नमिल्ने भनी पुष्पा महर्जन विरूद्ध काठमाडौं नगरपञ्चायत भएको रिट निवेदन (*ने.का.प.* २०४३, नि. नं., २६८०, पृष्ठ ३१३) मा प्रतिपादित सिद्धान्तको दृष्टिले हेर्दा यस अदालतबाट मिति २०७२।३।६ मा जारी भएको आदेश उक्त सिद्धान्तको प्रतिकूल देखियो ।

यसका अतिरिक्त मिति २०६४।९।१ को निर्णयबमोजिम उक्त जग्गा नेपाल ट्रष्ट कार्यालयका नाममा स्रेस्तापुर्जा कायम भएको देखियो । यसरी २०६४ सालमा नै दर्ता स्रेस्ता कायम भएको विषयमा करिब ७ वर्षपछि मिति २०७१।१०।२५ मा आएर मात्र रिट निवेदन परेको पाइयो । रिट निवेदन गर्न ७ वर्षसम्म ढिलाई गर्नुपर्ने कुनै उचित र पर्याप्त कारण खुल्न आएको देखिएन । रविशंकर साह कलवार विरूद्ध भूमिसुधार कार्यालय रौतहटसमेत भएको रिट निवेदन (*ने.का.प.* २०३७, नि. नं., १३९६, पृष्ठ १६४) का सन्दर्भमा तथा अन्य कतिपय विवादका सन्दर्भमा पटकपटक यस अदालतबाट अनुचित विलम्बको सिद्धान्त (Doctrine of laches) प्रतिपादन भएका देखिन्छन । अनुचित विलम्ब गरी अदालत प्रवेश गरेको अवस्थामा अदालतले उपचार प्रदान नगर्ने ढिलाइको

उचित र पर्याप्त कारण निवेदकले देखाउनु पर्ने भनी यस अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल यस अदालतको संयुक्त इजलासबाट मिति २०७२।३।६ मा रिट आदेश जारी भएको देखिन आयो।

अतः यस अदालतको संयुक्त इजलासबाट प्रस्तुत रिट निवेदनका सन्दर्भमा मिति २०७२।३।६ मा जारी गरिएको रिट आदेश यस अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्त प्रतिकूल देखिएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गर्ने गरी निस्सा प्रदान गरिएको छ। अरू कानूनबमोजिम गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७३।५।१७ को आदेश।

रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी देवी सिंहको लिखित प्रतिवाद

प्रत्यर्थीहरूले पुनरावलोकनको निवेदनपत्रमा उल्लेख गरेबमोजिम राजा वीरेन्द्र, रानी ऐश्वर्यसमेत उहाँका परिवारको नाममा रहेको सम्पत्ति नेपाल ट्रष्टमा जाने व्यवस्था नेपाल ट्रष्ट ऐनमा उल्लेख छ। श्री ५ महाराजाधिराज नारायणहिटी दरबारका नाममा रहेको सम्पत्ति नेपाल ट्रष्टमा जाने व्यवस्था उक्त ऐनमा रहेको पाइँदैन। मालपोत कार्यालयको मिति २०६४।९।३ को पत्रबाट विवादित जग्गाहरू वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा नामसारी सबै जग्गाहरू नयाँ नापीमा कि.नं. २५ कायम भई दर्ता स्रेस्ता पुर्जा कायम भएको छ। यसरी श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नामको सम्पत्तिलाई वीरेन्द्रको सम्पत्ति मान्न नमिल्ने र त्यस्तो सम्पत्तिलाई नेपाल ट्रष्टमा ल्याउन मिल्ने पनि होइन। मैले दाइजो पाएको विजयाघरउपर हक सिर्जना गर्ने वा मलाई दाइजो दिने कार्य तत्कालीन श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारबाट भएकोमा हाल सोबारे प्रश्न गर्न र इन्साफको विषय बनाउन मिल्ने होइन। मलाई सम्पत्ति दाइजो दिँदाको अवस्थामा मेरा पीताजीका फुपू नाताकी अधिराजकुमारी विजया राज्यलक्ष्मी शाहको तत्कालीन स्वामित्व र भोगमा रहेका सम्पत्ति राजा वीरेन्द्रको नाममा आई सोही सम्पत्ति नामसारी भई श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारका नाममा कायम रहेको मालपोत स्रेस्ता तथा मलाई दाइजो दिएको पत्रहरूमा नै उल्लेख भएको छ। राजकुमारीको हैसियतले पाएको दाइजो सम्पत्तिमा तत्कालीन राजदरबारको प्रचलन र पत्राचारबमोजिम नै हक हस्तान्तरण हुने हो। राजा वीरेन्द्रपछि श्री ५ महाराजधिराज बन्नुभएका मेरा पिता राजा ज्ञानेन्द्रले तत्कालीन आफू महाराजाधिराज रहेकै बखत श्री ५ महाराजाधिराज नारायणहिटी दरबारका नाममा रहेको सम्पत्ति मलाई दाइजो दिएको कुरामा प्रत्यर्थी पुनरावलोकनकर्ताले भने जस्तो राजा वीरेन्द्रको हकको सम्पत्ति भन्न मिल्ने होइन। मैले दाइजो पाएको पत्रमा हक हुने कुरामा प्रत्यर्थीले अहिले आएर दाबी गर्न मिल्ने होइन। राजा वीरेन्द्र र निजको परिवारको सम्पत्तिउपर हक सिर्जना गर्ने कानूनको आधारमा तत्कालीन श्री ५ महाराजाधिराजले मलाई दाइजो दिएको सम्पत्ति पक्रन प्रत्यर्थी पुनरावलोकनकर्ताहरूलाई हकदैया रहेको छैन। यसर्थ प्रत्यर्थीहरूले राजा वीरेन्द्रको नाममा नै नरहेको सम्पत्ति पक्री प्रत्यर्थी नेपाल ट्रष्टको नाममा लाने गरी गरेको निर्णय त्रुटियुक्त रहेको स्पष्ट छ।

अतः तत्कालीन दरबारबाट मैले दाइजो पाएको सम्पत्तिको दरबारको लिखित पत्राचार नै आधिकारिक हकको स्रोत मानी मेरो मागबमोजिम सम्मानित अदालतबाट जारी भएको आदेशमा कुनै कानूनी र पुनरावलोकनकर्ताले पेस गरेका नजिरको त्रुटि छैन। यस अदालत पूर्ण इजलासबाट पुनरावलोकनको निस्सा प्रदान हुँदा उल्लेख भएका नजिरहरू प्रस्तुत विवादमा आकर्षित नहुने स्पष्ट छ। तत्कालीन संविधान,

कानूनी व्यवस्था र दरबारको प्रचलनबमोजिम भएको पत्राचारबाट नै मेरो हक स्थापित छ । सम्मानित सर्वोच्च अदालतबाट मिति २०७२।३।६ मा भएको आदेश दरबारको रीत परम्परा संवैधानिक र कानूनी व्यवस्थाअनुरूप रहेकोले उक्त फैसला यथावत् सदर गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदिका प्रत्यर्थी प्रेरणा राज्यलक्ष्मी देवी सिंहको लिखित प्रतिवाद ।

यस अदालत पूर्ण इजलासको मिति २०७३।९।७को आदेश

यसमा मिति २०२५।७।१८ को र.नं. १०३६, १०३७ र १०३८ का स्व.विजया राज्यलक्ष्मी साहका नाममा पारित राजीनामाका लिखतहरू एवं अधिराजकुमारी विजया राज्यलक्ष्मी शाहको स्वर्गे भएपछि महाराजाधिराज राजदरबार नारायणहिटीका नाममा नामसारी गर्ने गरी मालपोत कार्यालय डिल्लीबजारबाट मिति २०४९।७।२५ मा भएको मि.नं. २८२ को मिसिलका प्रमाणित प्रतिलिपिहरू मालपोत कार्यालय डिल्लीबजारबाट एवं श्री ५ महाराजाधिराज सरकार नारायणहिटी राजदरबारका नाममा नामसारी गर्ने गरी मिति २०६२।२।४ मा भएको मि.नं. ८७१ को मिसिलको प्रमाणित प्रतिलिपि मालपोत कार्यालय कलंकीबाट ७ दिनभित्र पेस गर्न लगाई उक्त प्रमाणका सक्कल मिसिलहरू पेसीका दिन इजलाससमक्ष देखाई फिर्ता लैजाने गरी झिकाउने । साथै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४।६।२१ को स्व. राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको नाममा रहेको जग्गा जमिन नेपाल ट्रष्टको नाममा नामसारी गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाउने भनी भएको निर्णय र मिति २०६७।७।८ को उक्त जग्गा नेपाल ट्रष्टका नाममा कायम गर्ने विषयको निर्णयका प्रमाणित प्रतिलिपिहरू ७ दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट झिकाई १५ दिनभित्र प्रस्तुत मुद्दा पेसीमा चढाउनु भन्ने यस अदालतको मिति २०७३।९।७ को आदेश ।

बहस र आदेश खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदनको मिसिल अध्ययन गरी पुनरावलोकन निवेदनकर्ता नेपाल सरकार मन्त्रिपरिषद्समेतका तर्फबाट उपस्थित विद्वान् महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठ, विद्वान् सहन्यायाधिवक्ताहरू श्री खगराज पौडेल, श्री खेमराज ज्ञवाली, श्री रमादेवी पराजुली र श्री उद्धवप्रसाद पुडासैनी एवं नेपाल ट्रष्टको कार्यालयका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुदर्शन थपलियाले रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी सिंहले आफ्नो हकको भनी दाबी गरेको विवादित घरजग्गा पूर्वराजा ज्ञानेन्द्र शाहको निजी हकभोगको सम्पत्ति नभएको हुँदा त्यस्तो सम्पत्ति छोरी पूर्वअधिराजकुमारी प्रेरणा राज्यलक्ष्मी सिंहलाई दाइजो दिन मिल्ने प्रकृतिको होइन । यसकारण यस्तो जग्गा नेपाल ट्रष्टको नाममा कायम भएको कानूनसम्मत हुँदाहुँदै आफूले दाइजो पाएको भनी रिट निवेदन दिने हकदैया नै नभएको अवस्थामा दिएको रिट निवेदनबाट रिट जारी भई सोबमोजिम प्रत्यर्थी निवेदिकाको नाममा कायम हुने ठहराएको सर्वोच्च अदालत संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश त्रुटिपूर्ण छ । तत्कालीन राजा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको नामबाट श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा आई नयाँ नापीमा कि.नं. २५ कायम भएको तथ्य मालपोत कार्यालय कलंकीको मिति २०६४।९।३ को पत्रबाट स्पष्ट छ । उक्त जग्गा कहिल्यै पनि निवेदिकाको पिता ज्ञानेन्द्रको नाममा कायम भएको छैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ मा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारको सम्पत्ति नेपाल सरकार मातहत ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गरिनेछ भन्ने व्यवस्था रहेको

र उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल ट्रष्ट ऐन, २०६४ जारी भएको हो । उक्त ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क) र (ग) बमोजिम दाबीको कि.नं.२५ को जग्गा नेपाल ट्रष्टमा आउने भई नेपाल सरकारको निर्णयानुसार उक्त जग्गा नेपाल ट्रष्टको नाममा कायम भएको हो । निवेदिकाले दाताको हकै नपुग्ने जग्गा दाइजो पाएको दाबी गरेको अवस्था छ त्यसमा पनि उक्त दाइजो दिने कार्य विधिसम्मत नभएको र सोको कार्यान्वयन नहुनुका साथै सोउपरको कानूनी उपचार खोजेको पनि देखिँदैन । संविधान र कानूनसम्मतरूपमा नेपाल ट्रष्टको नाममा जग्गा कायम भइसकेपश्चात् ७ वर्षसम्म विलम्ब गरी दायर गरेको प्रस्तुत रिट विलम्बको सिद्धान्तसमेतबाट खारेज भागी छ ।

संयुक्त इजलासको आदेशमा कि.नं.२५ को घर जग्गा दाइजो पाएकी निवेदिकालाई बुझ्दै नबुझी दाबीको जग्गा नेपाल ट्रष्टमा ल्याउने गरी भएको नेपाल सरकारको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको भन्ने तर्क कानून र न्यायसम्मत छैन । तत्कालीन राजा वीरेन्द्रको नाममा रहेका कि.नं. २९, ३७, ३८, ३९, ४० र ४१ समेतका जग्गा कि.नं. २५ कायम भई नापी भएको र श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारका नाममा नामसारी भएको छ । अचल सम्पत्तिको हक हस्तान्तरण गर्ने प्रक्रियालाई कानूनले रजिस्ट्रेसन हुनुपर्ने स्पष्ट गरेको छ । घरसारको लिखतले कानूनी मान्यता पाउन सक्दैन । त्यसमा पनि दाबीको जग्गा राजा ज्ञानेन्द्रको निजी नभएको र हक नभएका व्यक्तिले दिएको दाइजोबाट पाउनेको हक सिर्जना हुन पनि नसक्ने अवस्थामा हकै नभएका व्यक्तिलाई बुझ्नु वा सुनुवाइको मौका प्रदान गर्नुको कुनै औचित्य नहुने हुँदा संयुक्त इजलासबाट प्राकृतिक न्यायको सिद्धान्तको अपव्याख्या गरी भएको आदेश त्रुटिपूर्ण रहेको छ । तसर्थ कि.नं. २५ को १५-१-०-० जग्गा नेपाल ट्रष्टको नाममा नामसारी भएको भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।९।१ को पत्र, मालपोत कार्यालय कलंकीको मिति २०६४।९।३ को पत्र र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।७।८ को निर्णय कानूनसम्मत रहँदारहँदै उत्प्रेषणको आदेशले बदर गरी परमादेशसमेत जारी गरेको यस अदालत संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश त्रुटिपूर्ण भएकोले उक्त आदेश उल्टी गरी रिट निवेदन नै खारेज हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो ।

प्रत्यर्थी रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी सिंहको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रीबहादुर कार्की, श्री श्यामप्रसाद खरेल, श्री पूर्णमान शाक्य, श्री रामप्रसाद भण्डारी 'संभव' र विद्वान् अधिवक्ताहरू श्री केदारप्रसाद दाहाल र श्री मिलनकुमार राईले निवेदिका तत्कालीन राजा ज्ञानेन्द्र वीर विक्रम शाहदेवको छोरी अर्थात् तत्कालीन अधिराजकुमारी हुनुहुन्छ । दाबीको कि नं. २९, ३६,३७, ३८, ३९, ४० र ४१ को हाल कायमी कि.नं. २५ को १५-१-०-० जग्गा श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारका नाममा रहेको जग्गा हो । स्वर्गवासी राजा वीरेन्द्रको नामको जग्गा होइन । नेपालको अन्तरिम संविधान, २०६३ ले केवल तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारको नाममा रहेको सम्पत्ति मात्र नेपाल ट्रष्टका नाममा कायम गर्ने व्यवस्था गरेको हो । अन्य सम्पत्ति होइन । तत्कालीन राजा ज्ञानेन्द्रले तत्कालीन श्री ५ महाराजाधिराजको हैसियतले श्री ५ महाराजाधिराज नारायणहिटीको नाममा रहेको जग्गा तत्कालीन राजकुमारी रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी देवी सिंहलाई दाइजो दिन कुनै कानूनले बन्देज गरेको छैन । निवेदिकाले विवादित घरजग्गा मिति २०६२।२।१० मा दाइजो पाइसकेको अवस्था छ । दाइजो पाउँदाका बखत तत्कालीन श्री ५ महाराजाधिराजका नाममा रहेका कुनैपनि सम्पत्ति नेपाल ट्रष्टमा ल्याउने कुनै संवैधानिक तथा कानूनी व्यवस्था नै थिएन । पछि बनेको कानूनले निवेदिकाले

दाइजो पाएको सम्पत्तिमा अन्यथा प्रभाव पार्न सक्दैन । निवेदिकाले दाइजोस्वरूप पाएको घरजग्गा नेपाल ट्रष्टको कार्यालयको स्वामित्वमा ल्याउने गरी निर्णय गर्दा निवेदिकालाई आफ्नो कुरा राख्ने कुनै मौका नै प्रदान गरिएको छैन । प्राकृतिक न्यायको सिद्धान्तलाई अनदेखा गरी कानून र न्याय प्रतिकूल हुने गरी प्रत्यर्थी निकायहरूबाट भएका निर्णयहरूलाई उत्प्रेषणको आदेशबाट बदर गरेको यस अदालत संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश कानूनसम्मत रहेको छ ।

तत्कालीन श्री ५ महाराजाधिराजबाट रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी देवी सिंहले दाइजो पाएको कि. नं. २५ को जग्गा तथा घरका सम्बन्धमा दरबारको लिखित पत्राचार नै आधिकारिक हकको स्रोत मानी निवेदन मागबमोजिम सम्मानित अदालत संयुक्त इजलासबाट जारी भएको आदेशमा कुनै कानूनी एवं नजिरको त्रुटि छैन । यस अदालत पूर्ण इजलासबाट पुनरावलोकनको निस्सा प्रदान हुँदा उल्लेख भएका नजिरहरू प्रस्तुत विवादमा आकर्षित नहुने स्पष्ट छ । तत्कालीन संविधान, कानूनी व्यवस्था र दरबारको प्रचलनबमोजिम भएको पत्राचारबाट नै निवेदिकाको कि.नं. २५ को घर जग्गामा हक स्थापित छ । सम्मानित अदालत संयुक्त इजलासबाट मिति २०७२।३।६ मा भएको आदेश संविधान, कानून र न्यायसम्मत हुँदा उक्त आदेश नै सदर हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो ।

उल्लिखित बहस सुनी मिसिलसमेत अध्ययन गरी हेर्दा रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी सिंहले रिट निवेदनमा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, साबिक वडा नं. ८ छाउनी स्थित कि.नं. २९, ३७, ३८, ३९, ४० र ४१ को हाल नयाँ नापी हुँदा कायम भएको काठमाडौं महानगरपालिका, वडा नं. १३ को कि. नं. २५ को क्षेत्रफल १५-१-०-० अर्थात् ०७६६४.६० वर्गमिटर जग्गा र सोमा रहेको घर श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारका नाममा रहेकोमा बुबा तत्कालीन महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट दाइजोस्वरूप पाएको हो । नेपालको अन्तरिम संविधान, २०६३ र नेपाल ट्रष्ट ऐन, २०६४ ले तत्कालीन स्वर्गवासी राजा वीरेन्द्र तथा उहाँको परिवारको नाममा रहेको सम्पत्ति मात्र नेपाल ट्रष्टमा ल्याउने संवैधानिक तथा कानूनी व्यवस्था गरेकोमा स्वर्गवासी राजा वीरेन्द्र तथा निजको परिवारको नाममा नभएको निवेदिकाले दाइजोस्वरूप पाएको निवेदिकाको हक भोगको घरजग्गा निवेदिकालाई जानकारी नदिई नेपाल ट्रष्टमा राखेको कार्यबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ (१)(३), धारा १९ (१)(२), धारा २७, स्त्री अंशधनको ४ र ५ नं.समेतले प्रत्याभूत गरेको संवैधानिक तथा कानूनी हकमा आघात पुग्न गएकोले उक्त घर जग्गा विपक्षी नेपाल सरकारले नेपाल ट्रष्टअन्तर्गत ल्याउने भनी गरेको निर्णय, विपक्षी भूमिसुधार मन्त्रालयले सो निर्णय कार्यान्वयन गर्न मालपोत कार्यालय कलंकीलाई मिति २०६४।९।१ मा लेखेको पत्र र विपक्षी मालपोत कार्यालय कलंकीले विपक्षी नेपाल ट्रष्टको कार्यालयलाई लेखेको मिति २०६४।९।३ को पत्र र सोसँग सम्बन्धित अन्य निर्णय र काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर गरी उल्लिखित जग्गा साबिकबमोजिम निवेदिकाको नाममा कायम गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ भनी माग गरेको पाइन्छ ।

विपक्षीतर्फको लिखित जवाफमा साबिक नापी हुँदाका बखत कि.नं. ३७, ३८, ४०, ४१, २९,३९ र ३६ को जग्गा वीरेन्द्र वीर विक्रम शाहदेवको नाममा रहेकोमा सबै कित्ता जग्गाहरू भिडी नयाँ नापी हुँदा कि.नं. २५ कायम भई श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा नामसारी भएको बेहोरा मालपोत कार्यालय, कलंकीको मिति २०६४।०९।०३ को च.नं. ४०८८ को पत्रबाट स्पष्ट हुन आउँछ । उक्त जग्गा एवं घर तत्कालीन राजा

ज्ञानेन्द्रको नाममा दर्ता स्रेस्ता कायम भएको देखिँदैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ मा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजका परिवारको सम्पत्ति नेपाल सरकार मातहत ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गरिनेछ भन्ने व्यवस्था रहेको र उक्त संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल ट्रष्ट ऐन, २०६४ जारी गरी स्वर्गवासी राजा वीरेन्द्रको नाममा रहेको निजको हकको कि.नं. २५ को जग्गा तथा सोमा रहेको घरसमेत नेपाल ट्रष्टअन्तर्गत ल्याउने कार्य विधिसम्मत रहेको छ। दाबीको जग्गा राजा ज्ञानेन्द्रको निजी नभएको र हक नभएका व्यक्तिले दिएको दाइजोबाट पाउनेको हक सिर्जना हुन पनि नसक्ने अवस्थामा हकै नभएका व्यक्तिलाई बुझ्नु वा सुनुवाइको मौका प्रदान गर्नुको कुनै औचित्य नहुने र नेपाल सरकारको निर्णयलाई साधारण अधिकारक्षेत्रअन्तर्गत चुनौती नगरी ७ वर्षसम्म विलम्ब गरी दायर गरेको रिट निवेदन खारेज गरिपाउँ भनी उल्लेख गरेको पाइन्छ।

यस अदालत संयुक्त इजलासबाट मिति २०७२।३।६ मा रिट निवेदिकाको मागबमोजिम कि.नं. २५ को १५-१-०-० जग्गा तथा घर नेपाल ट्रष्टको नाममा नामसारी भएको भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।९।१ को पत्र, मालपोत कार्यालय कलंकीको मिति २०६४।९।३ को पत्र र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।७।८ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी कि.नं. २५ को जग्गा दाइजो पाउने निवेदिकाको नाममा तत्काल प्रचलनमा रहेको पद्धतिबमोजिम जो जे गर्नुपर्ने हो गर्नु भनी विपक्षीहरूको नाममा परमादेशसमेत जारी गरेको पाइयो। संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश यस अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल हुँदा पुनरावलोकनको निस्सा प्रदान गरी उक्त आदेश उल्टी गरी रिट निवेदन नै खारेज गरिपाउँ भनी विपक्षी नेपाल ट्रष्टको कार्यालयसमेतले पेस गरेको निवेदनपत्रमा यस अदालतको पूर्ण इजलासबाट संयुक्त इजलासको मिति २०७२।३।६ को आदेशमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकनको निस्सा प्रदान भई न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको छ।

यसरी उल्लिखित तथ्य एवं कानूनी विषय भएको प्रस्तुत निवेदनमा निम्न विवादित विषयका सम्बन्धमा निर्णय गर्नुपर्ने देखियोः-

(१) ***विवादको कि. नं. २५ को घरसहितको जग्गाको तत्कालीन स्वामित्व कसमा निहित रहेको हो र उक्त घरजग्गा नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्ति हो होइन ?***

(२) ***रिट निवेदिकाले दाबी गरेको कि. नं. २५ को घरजग्गा तत्कालीन राजा ज्ञानेन्द्रले दाइजो दिन पाउने निजको निजी हकको हो होइन? उक्त सम्पत्ति नेपाल ट्रष्टअन्तर्गतको भनी निर्णय गर्दा रिट निवेदिकालाई सुनुवाइको मौका दिनुपर्ने हो होइन र संयुक्त इजलासको आदेशमा यस अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको पालना भएको छ छैन ?***

(३) ***रिट निवेदिकाको मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी गरेको संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश कानूनसम्मत छ छैन र उक्त आदेश कायम रहन सक्ने हो होइन ?***

२. निर्णय गर्नुपर्ने पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा रिट निवेदिकाले दाबी गरेको साबिक टंकेश्वर वडा नं. ८ कि. नं. २९, ३६, ३७, ३८, ३९, ४० र ४१ को जग्गा नयाँ नापी हुँदा वडा नं. १३ सिट नं. ११०३-१२ कि.नं. २५ क्षेत्रफल १५-१-०-० (०७६६४.६० वर्गमिटर) कायम भएको र

तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा नामसारी भएको तथ्य मालपोत कार्यालय, कलंकीको मिति २०६४।०९।०३ को च.नं. ४०८८ को पत्रबाट देखिन्छ । उक्त जग्गाको साबिक स्रोतलाई हेर्दा तत्कालीन राजा वीरेन्द्रका फुपू विजया राज्यलक्ष्मी देवी शाहले कि.नं. ४० को जग्गा दयाराम भक्त माथेमाबाट, कि.नं. ४१ को जग्गा भुवनेश्वर अमात्यबाट र कि.नं. ३६, ३७ र ३८ को जग्गाहरू इन्द्रकला माथेमाबाट मिति २०२९।७।१८ मा रजिस्ट्रेसन नम्बर क्रमशः १०३६, १०३७ र १०३८ मार्फत मालपोत कार्यालयबाट राजीनामा पारित गरी लिएको तथ्य मालपोत कार्यालयबाट प्राप्त उल्लिखित राजीनामाका लिखतहरूको प्रमाणित प्रतिलिपिहरूबाट देखिन्छ । उक्त जग्गामा अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाहले घर बनाई बसोबास गरी आएकोमा निज अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाहको अविवाहित अवस्थामा नै परलोक भई उल्लिखित जग्गा मालपोत कार्यालय काठमाडौंको मि.नं. २८२ मिति २०४९।७।२५ को निर्णयले श्री ५ अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाहको नामबाट नामसारी भई तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवका नाममा कायम भएको तथ्यलाई स्वयं रिट निवेदिकाले ०७३-NF-०००५ मा लिखित प्रतिवाद गर्दासमेत स्वीकार गरेको पाइन्छ। त्यस्तै कि.नं. ३६ को २-५-०-० (दोहोरो स्रेस्ता पनि भनिएको) जग्गा वर्षवन्धन गुठीबाट र कि.नं. २९ र कि.नं. ३९ को २-२-२-० जग्गा भीमसेन गुठीबाट गुठी लगत तथा तहसिल कार्यालयको क्रमशः मिति २०४९।७।२७ र मिति २०४९।७।१६ को पत्रानुसार तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवका नाममा रैकरमा परिणत भई हक कायम भएको तथ्यसमेत सोही लिखित प्रतिवादमा रिट निवेदिका स्वयंले उल्लेख गरेको देखिन्छ। तत्कालीन राजा एवं राजपरिवारका सदस्यहरूको उपभोगका लागि उपलब्ध हुने सम्पत्तिको प्रबन्ध राज्यबाट हुने हुँदा अविवाहित अधिराजकुमारीको नामको विवादित घर जग्गा सम्पत्तिको स्रोत राष्ट्रिय स्रोत नै मान्नु पर्ने हुन्छ। सम्पत्ति धारण गर्ने तत्कालीन अधिराजकुमारीको मृत्युपश्चात् फुपूको नाताबाट उक्त घर जग्गा अन्यत्रको नाममा नगई राजाको नाममा गयो र तत्कालीन महाराजाधिराज वीरेन्द्रको नामबाट नारायणहिटी दरबारको नाममा दर्ता गरी सार्वजनिक प्रकृतिको सम्पत्ति बन्न गएको देखिन्छ। उल्लिखित साबिक कि. नं. २९, ३६, ३७, ३८, ३९, ४० र ४१ का समुच्चा जग्गाहरू नै मालपोत कार्यालय कलंकीको मि.नं. ८७१ मिति २०६२।२।४ को नामसारी निर्णयले हाल साबिक भई हालको विवादित कि.नं. २५ को क्षेत्रफल १५-१-०-० (०७६६४.६० वर्ग मिटर) कायम भई श्री ५ महाराजाधिराज नारायणहिटी दरबारको नाममा दर्ता भई जग्गाधनी दर्ता प्रमाणपुर्जा बनेको देखिन्छ। यसरी हाल कायम भएको कि.नं. २५ को जग्गा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाह र निजको परिवारको मिति २०५८।२।१९ मा देहावसान हुनुपूर्व तत्कालीन राजा वीरेन्द्रको हकको भएको तथ्य स्पष्ट भएको छ।

३. विवादित कि.नं. २५ को जग्गामध्ये साबिकमा केही जग्गा स्वर्गीय अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाहका नाममा रहेकोमा पछि तत्कालीन राजा वीरेन्द्रका नाममा आएको र केही जग्गा स्वयं तत्कालीन राजा वीरेन्द्रका नाममा रहेकोमा नयाँ नापीमा सबै जग्गालाई एउटै कित्ताको रूपमा कि.नं. २५ कायम गरी श्री ५ महाराजाधिराज नारायणहिटीको नाममा दर्ता स्रेस्ता कायम भएको देखिए पनि राजा वीरेन्द्रको देहावसानको समयमा उक्त सम्पूर्ण जग्गा र सोमा रहेको घरजग्गाको लालपुर्जामा तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहको कायम भएको थियो। यसबाट के पुष्टि हुन्छ भने कि.नं. २५ को घर जग्गा स्वर्गवासी राजा वीरेन्द्रको स्वामित्वमा रहे भएको देखियो।

४. विवादित कि.नं. २५ को क्षेत्रफल १५-१-

०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको घर नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्ति हो होइन भन्ने सम्बन्धमा विचार गर्दा तत्काल बहाल रहेको नेपालको अन्तरिम संविधान, २०६३ को संवैधानिक व्यवस्था हेर्नु सान्दर्भिक रहेको छ । जसअन्तर्गत निम्न संवैधानिक व्यवस्था भएको पाइन्छः

धारा १५९.सम्पत्ति ट्रष्ट बनाई राखिनेः

(१) तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकार मातहत ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गरिनेछ ।

(२) तत्कालीन राजाको हैसियतले ज्ञानेन्द्र शाहलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तैः विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गरिनेछ ।

५. उक्त संवैधानिक व्यवस्थाबमोजिम राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको र हक पुग्ने सम्पत्तिलाई ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन गरी राष्ट्रहितमा प्रयोग गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न विधायिकाद्वारा नेपाल ट्रष्ट ऐन, २०६४ निर्माण गरेको पाइन्छ । नेपाल ट्रष्ट ऐन, २०६४ को मुख्य कानूनी व्यवस्था यसप्रकार भएको पाइन्छः-

दफा ३. ट्रष्टको स्थापनाः- ***(१) राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूको परिवारको नाममा रहेको सम्पत्ति यो ऐन प्रारम्भ भएपछि व्यवस्थापन र सञ्चालन गरी राष्ट्रहितमा प्रयोग गर्न नेपाल ट्रष्ट नामको एक ट्रष्ट स्थापना हुनेछ ।***

दफा ४. ट्रष्टको सम्पत्तिः-

(१) नेपाल सरकारले राष्ट्रियकरण गरी छुट्टै व्यवस्था गरेकोमा बाहेक ट्रष्टमा देहायको सम्पत्ति रहनेछः–

(क) राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्ति ट्रष्टअन्तर्गत ल्याउने भनी नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरेको सम्पत्ति,

(ख) खण्ड (क) बमोजिमको सम्पत्तिबाट बढे बढाएको वा त्यस्तो सम्पत्तिबापत यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्राप्त भएको वा यो ऐन प्रारम्भ भएपछि प्राप्त हुने सम्पत्ति,

(ग) राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारलाई कुनै किसिमले प्राप्त भएको वा हुनसक्ने वा निजहरूको हक पुगेको वा पुग्नसक्ने वा निजहरूको हक पुगेको वा पुग्ने अरू कसैको नाममा राखिएको वा बेनामी सम्पत्ति,

(घ) खण्ड (क), (ख) वा (ग) मा लेखिएबाहेक राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारलाई यो ऐन प्रारम्भ भएपछि प्राप्त हुनसक्ने अन्य कुनै सम्पत्ति,

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको सम्पत्ति यो ऐन प्रारम्भ हुँदाका बखत स्वदेश वा विदेश जहाँ जे जस्तो अवस्थामा जुनसुकै व्यक्ति वा संस्थाको नाममा रहेको भए तापनि यो ऐन प्रारम्भ भएपछि त्यस्तो सम्पत्ति स्वतः ट्रष्टको नाममा हस्तान्तरण भएको वा त्यस्तो सम्पत्तिमा स्वतः ट्रष्टको हक कायम भएको मानिनेछ ।

६. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ को देहाय १ को संवैधानिक एवं नेपाल ट्रष्ट ऐन, २०६४ को उल्लिखित कानूनी व्यवस्थाले

राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्ति वा राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारलाई कुनै किसिमले प्राप्त भएको वा हुनसक्ने वा निजहरूको हक पुगेको वा पुग्नसक्ने वा निजहरूको हक पुगेको वा पुग्ने अरू कसैको नाममा राखिएको वा बेनामी सम्पत्तिलाई नेपाल ट्रष्टअन्तर्गत ल्याई राष्ट्र हितमा प्रयोग गरिने कुरालाई स्पष्ट गरेको छ । ऐ. संविधानको धारा १५९ को उपधारा २ ले तत्कालीन राजाको हैसियतले ज्ञानेन्द्र शाहलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तैः विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरू आदि) मा तत्कालीन राजा ज्ञानेन्द्रको हक कायम हुन नसक्ने तथ्यलाई समेत थप स्पष्ट गरेको छ । नेपाल ट्रष्ट ऐन, २०६४ को उल्लिखित कानूनी व्यवस्थाको रूप हेर्दा पश्चात्दर्शी प्रभावसमेत राखेको पाइन्छ । उक्त कुरा त्यस्तो सम्पत्ति जो जसका नाममा अघिपछि गए पनि फिर्ता गर्नसक्ने कानूनी प्रावधानबाट प्रस्ट छ । निवेदक पक्षको कानून व्यवसायीहरूको बहसमा र निवेदिकाको लिखित प्रतिवाद हेर्दा विवादित सम्पत्ति निवेदिकालाई बकसपत्र गरिदिँदाका बखत स्वर्गीय राजा वीरेन्द्रको नाममा नभई नारायणहिटी दरबारको नाममा कायम भएको हुँदा उक्त सम्पत्ति नेपाल ट्रष्टको कायम हुन सक्दैन भनी जिकिर लिएको पाइन्छ । तत्कालीन अधिराजकुमारी विजयाको सम्पत्ति निजको परलोकपश्चात् अरू कुनै व्यक्ति वा हकदारमा नगई तत्कालीन राजाको हैसियतमा राजा वीरेन्द्रमा नामसारी भएको पाइन्छ । उक्त सम्पत्ति राष्ट्रिय तथा सार्वजनिक सम्पत्तिको रूपमा दरबारको नाममा कायम भएको हो । उक्त सम्पत्तिको प्रकृति कुनै व्यक्तिलाई बकस गरिदिन पाउने व्यक्तिगत सम्पत्ति रहे भएको नदेखिएको र संविधान एवं कानूनले नै त्यस्तो प्रकृतिको सम्पत्ति ट्रष्टअन्तर्गत राष्ट्र हितमा प्रयोग गरिने भन्ने संवैधानिक एवं कानूनी व्यवस्था गरेको अवस्थामा निवेदक पक्षको जिकिरसँग सहमत हुन सकिएन ।

७. माथि प्रकरणहरूमा विवेचना गरिएअनुसार विवादित कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको घर तत्कालीन राजा वीरेन्द्रको देहावसान हुँदाका बखत निज राजा वीरेन्द्रको नाममा रहेको देखिँदा उक्त सम्पत्ति नेपालको अन्तरिम संविधान, २०६३ को संवैधानिक व्यवस्था र नेपाल ट्रष्ट ऐन, २०६४ को माथि उल्लिखित कानूनी व्यवस्थाले नेपाल ट्रष्टअन्तर्गत पर्न आउने सम्पत्ति भएको तथ्य निर्विवाद देखिएको छ । तत्कालीन राजा वीरेन्द्रको नाममा रहेको उक्त विवादित घर जग्गाहरू निज स्वर्गवासी राजाको देहावसानपश्चात् मालपोत कार्यालय कलंकीको मि.नं. ८७१ मिति २०६२।२।४ को नामसारी निर्णयले हाल साबिक भई कि.नं. २५ को क्षेत्रफल १५-१-०-० कायम भई श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा दर्ता भई जग्गाधनी प्रमाणपुर्जा बने पनि तत्कालीन राजा वीरेन्द्रको नाममा राजाको हैसियतमा रहेको राष्ट्रिय सम्पत्ति नारायणहिटी राजदरबारका नाममा नामसारी गरी यी निवेदिकाले बकस पाएको भन्ने आधारमा मात्र उक्त सम्पत्ति निवेदिकाको निजी सम्पत्ति हुन सक्दैन । राजा वीरेन्द्रको हकबाट श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा नामसारी गरिएको राष्ट्रिय सम्पत्ति नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्ति देखियो । नेपाल ट्रष्ट ऐन, २०६४ को प्रस्तावनाले नै राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको र निजहरूको हक पुग्ने सम्पत्ति ट्रष्ट बनाई त्यस्तो सम्पत्तिको व्यवस्थापन राष्ट्रिय हितमा प्रयोग गर्ने लक्ष्य राखेकोले भूत प्रभावी असर (Retrospective effect) उद्देश्य रहेको नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४(१)(ख) ले यो ऐन प्रारम्भ हुनुअघि प्राप्त भएको सम्पत्ति पनि ट्रष्टमा जाने व्यवस्थाबाट पनि कानूनको भूत

प्रभावी असर रहेको देखिन्छ। नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्तिका सम्बन्धमा नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४(१)(क) ले राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्ति ट्रष्टअन्तर्गत ल्याउने भनी नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गर्ने अधिकारसमेत दिएको देखिन्छ। साथै दफा ४ को उपदफा (३) मा ***प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको सम्पत्ति उपर कुनै व्यक्ति वा संस्थाको कुनै प्रकारको हक वा दाबी पुग्ने छैन र त्यस्तो सम्पत्तिमा अंश वा अपुतालीसम्बन्धी कानूनबमोजिम कसैको हक वा दाबी सिर्जना हुने छैन*** भनी स्पष्ट कानूनी व्यवस्था भएको पाइँदा उक्त विवादित सम्पत्ति श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारका नाममा नामसारी हुँदैमा वा राजा वीरेन्द्रको परिवारका सबै सदस्यको परलोक भएकै कारण तत्कालीन राजा ज्ञानेन्द्रमा अपुताली हक सिर्जना हुन नसक्ने हुन्छ।

८. राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारका नाममा रहेका सम्पत्तिहरूलाई नेपाल ट्रष्टअन्तर्गत ल्याउन संविधानले नै मार्गनिर्देश गरेबमोजिम कानून बनाई निवेदिकाले दाबी गरेको विजयाघरसमेतको घरजग्गा नेपाल ट्रष्टअन्तर्गत ल्याइएको देखिन्छ। नेपालको इतिहासमा शाह वंशीय राजसंस्था धेरै लामो समयसम्म शासन सञ्चालनमा सक्रिय रहेको पाइन्छ। यसै क्रममा मिति २०५८।२।१९ गते नारायणहिटी राजदरबारमा भएको विभत्स हत्याकाण्डमा एकैपटक आफू र आफ्ना परिवारका सबै सदस्यहरूको देहावसान भएको स्वर्गवासी राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारका नाममा रहेका विभिन्न दरबारहरू र जग्गाहरू समेतका राजकीय सम्पत्तिहरू आफैँमा राष्ट्रको सम्पत्ति भएको तथ्यलाई संविधानको बलियो प्रावधानले नै यसलाई स्वीकार गरेको छ। यस्ता सम्पत्तिको वर्तमान समयमा राष्ट्रहितको लागि जति महत्त्व रहेको छ, भविष्यमा राष्ट्र हितका साथसाथै ऐतिहासिक सम्पदाको रूपमा उत्तिकै महत्त्व रहने कुरासमेत नकार्न सकिँदैन। यस्ता राष्ट्रिय सम्पत्ति तथा ऐतिहासिक सम्पदा कुनै व्यक्ति विशेषको निजी सम्पत्तिका रूपमा कायम गर्ने कार्य राष्ट्रिय सम्पत्तिको हिनामिना मात्र नभएर ऐतिहासिक सम्पदाको लोप गर्ने गराउने कार्य मानिने हुन्छ। नेपालका ऐतिहासिक सम्पदाहरू जस्तै हनुमानढोका दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायरको महत्त्व नेपालमा मात्र नभएर विश्वमा नै विश्व सम्पदा सूचीको रूपमा सूचीकृत रहेको छ। गोर्खा दरबार, नुवाकोट दरबार, पाल्पा दरबार र पाल्पाको रानी महल पनि ऐतिहासिक सम्पदाको रूपमा त्यतिकै महत्त्व रहेको छ। यस्ता प्रकृतिका राष्ट्रिय तथा ऐतिहासिक महत्त्वका सम्पत्ति तथा सम्पदालाई विश्वका हरेक राष्ट्रले आफ्नो राष्ट्रिय तथा ऐतिहासिक सम्पदाको रूपमा संरक्षण तथा संवर्द्धन गरिआएको पाइन्छ। प्रस्तुत मुद्दामा विवादित विजयाघर तत्कालीन राजा वीरेन्द्रको देहावसान हुँदाका अवस्थासम्म निज स्वर्गवासी राजाको नाममा रही निजको देहावसानपश्चात् नारायणहिटी राजदरबारको नाममा नामसारी भए तापनि सो सम्पत्ति राष्ट्र हितको साथै ऐतिहासिक सम्पदाको दृष्टिकोणबाट समेत कुनै व्यक्तिको निजी सम्पत्तिको रूपमा नामसारी भई निजी प्रयोगमा आउने प्रकृतिको सम्पत्ति देखिएन। तसर्थ निवेदिकाले दाबी गरेको कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको विजया घर राष्ट्र हित र ऐतिहासिक सम्पदाको दृष्टिकोणबाट समेत निवेदिकाको निजी हक भोगमा आउने सम्पत्ति नभई नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्ति रहे भएको देखियो।

९. निरूपण गर्नुपर्ने दोस्रो विवादित प्रश्न रिट निवेदिकाले दाबी गरेको कि. नं. २५ को घर जग्गा तत्कालीन राजा ज्ञानेन्द्रले दाइजो दिन पाउने

निजको निजी हकको हो होइन र उक्त सम्पत्ति नेपाल ट्रष्टअन्तर्गतको भनी निर्णय गर्दा रिट निवेदिकालाई सुनुवाइको मौका दिनु पर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी सिंहले श्री ५ महाराजाधिराज नारायणहिटीको नाममा रहेको कि.नं. २५ को जग्गा तत्कालीन श्री ५ महाराजाधिराजको हैसियतमा रहेका राजा ज्ञानेन्द्रबाट दाइजो दिने हक रही मिति २०६२।२।१० मा निवेदिकाले पाएको दाइजो विधिसम्मत रहेको भनी दाबी गरेको पाइन्छ । उक्त कुराको प्रमाणको रूपमा तत्कालीन राजदरबार पदाधिकारीको कार्यालयबाट ढुकुटी विभागलाई र राजकीय सम्पत्ति कोष विभागलाई मिति २०६२।२।१० गते लेखेको पत्र उल्लेख गरेको पाइन्छ। कुनै पनि व्यक्तिले आफ्नो निर्विवाद हकभोगको अरूको हक नलाग्ने सम्पत्ति आफूखुसी दान, बकस, दाइजो, पेवा, राजीनामा वा अन्य कुनै पनि किसिमबाट हक हस्तान्तरण गर्न पाउने कुरा विवादको विषय होइन । तर आफ्नो हक नै नपुग्ने सम्पत्ति कुनै पनि किसिमबाट लिखत गरी वा नगरी अरूलाई हक हस्तान्तरण गर्ने कार्यले भने कानूनी मान्यता पाउन सक्दैन । नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४ मा कस्ता सम्पत्ति ट्रष्टको हुने सम्बन्धमा व्यवस्था गरेको पाइन्छ। दफा ४(१)(क) मा राजा वीरेन्द्र, रानी ऐश्वर्य र राजपरिवारको अन्य सदस्यको नाममा देहावसान हुँदाका बखत रहेको सम्पत्ति भनिएको छ । (ख) बढे बढाएको सम्पत्ति (ग) भविष्यमा प्राप्त हुने (घ) ऐन प्रारम्भपछि प्राप्त हुने सम्पत्ति। अर्थात् देहावसान हुँदा रहेको र सोबाट बढे बढाएको भविष्यमा आउने र ऐन प्रारम्भ भएपछि पाउने कुनै पनि सम्पत्तिलाई ट्रष्टको क्षेत्राधिकारभित्र पारेको छ । निवेदकबाट दरबारको नामको र ऐन बन्नुपूर्व प्राप्त गरेको हो भन्ने तर्कलाई ऐनको पश्चातदर्शी प्रभाव रहेको भूत, भविष्य र वर्तमान सबै सम्पत्तिलाई ट्रष्टको कायम हुने भनी मानेको पाइन्छ । प्रस्तुत विवादमा रिट निवेदिकाले दाइजो पाएको भनी दाबी गरेको सम्पत्ति निजको दाता अर्थात् तत्कालीन राजा ज्ञानेन्द्र शाहको हकभोगको सम्पत्ति हो होइन वा उक्त सम्पत्ति निजले दाइजो दिन पाउने प्रकृतिको हो होइन भन्ने मुख्य प्रश्न टड्कारो रूपमा खडा भएको छ । विवादको कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गामध्ये साबिकका कि.नं. ३७, ३८, ४० र ४१ का जग्गा स्वर्गीय अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाहका नाममा रहेको र कि.नं. २९, ३९ र ३६ को जग्गा तत्कालीन राजा वीरेन्द्रको नाममा रहेकोमा विजया राज्यलक्ष्मी देवी शाहको परलोकपश्चात् उक्त सबै जग्गा तत्कालीन राजा वीरेन्द्रका नाममा कायम भएको पाइयो । नयाँ नापीमा सबै जग्गालाई एउटै कित्ताको रूपमा कि.नं. २५ कायम गरी मालपोत कार्यालय कलंकीको मि.नं. ८७१ मिति २०६२।२।४ को नामसारी निर्णयले श्री ५ वीरेन्द्रबाट श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा कायम हुन आएको जग्गा नै तत्कालीन राजा ज्ञानेन्द्रले निजकी छोरी रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी सिंहलाई दाइजो दिएको भन्ने देखिन्छ। तत्कालीन राजाको हैसियतले ज्ञानेन्द्र शाहलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गरिने संवैधानिक व्यवस्था हुँदा निवेदिकाको पितालाई राजाको हैसियतले प्राप्त हुनआएका सम्पत्ति ट्रष्टको सम्पत्तिको परिभाषामा पर्ने देखिन्छ।

१०. रिट निवेदिकाले विवादित कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको विजया घर साबिकमा आफ्ना दाता अर्थात् तत्कालीन राजा ज्ञानेन्द्र शाहका नाममा रहेको निजको निजी हकको हो भनी दाबी गर्नसकेको पाइँदैन । मालपोत कार्यालयबाट प्राप्त प्रमाणहरूबाट विवादित कि.नं. २५ को घरजग्गा तत्कालीन राजा ज्ञानेन्द्र शाहका नाममा कुनै पनि समयमा रहे भएको

भन्ने देखिँदैन । निवेदिकाले श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा कायम हुन आएको जग्गा तत्कालीन राजाको हैसियतले दाइजो दिएको हुँदा उक्त कार्य तत्काल प्रचलित संविधानबमोजिम भएको भन्नेसम्म दाबी गरेको पाइन्छ । निवेदिकाको उक्त दाबीका सम्बन्धमा विचार गर्दा कि.नं. २५ को क्षेत्रफल १५-१-०-० को साबिक कि.नं. का कुनै पनि जग्गा निवेदिकाको दाता ज्ञानेन्द्र शाहका नाममा नरही विजया राज्यलक्ष्मीबाट तत्कालीन राजा वीरेन्द्र हुँदै श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा कायम भएको छ । श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा कायम हुनु भनेको राष्ट्रको प्रमुख राजसंस्थाका नाममा कायम भएकोमा विवाद देखिएन। राजसंस्थाको प्रमुख भएको व्यक्तिले आफ्नो निजी सम्पत्ति आफूखुस गर्नसक्ने कुरामा विवाद हुन सक्दैन । तर प्रस्तुत मुद्दामा विवादित कि.नं. २५ को जग्गा तत्कालीन राजा ज्ञानेन्द्र शाहको व्यक्तिगत सम्पत्तिको रूपमा कायम भएको होइन । श्री ५ वीरेन्द्रको देहावसानपश्चात् तत्कालीन अवस्थामा राज्य सञ्चालन गर्ने संस्थाको रूपमा रहेको राजसंस्थाको नाममा स्वर्गवासी राजाबाट नामसारी भई आएको सम्पत्ति केवल राष्ट्रहितको लागि मात्र प्रयोग हुनसक्ने हुन्छ । राजसंस्थाको प्रमुख श्री ५ महाराजाधिराज भएकै आधारमा राजसंस्थाको सम्पत्तिलाई राष्ट्रहित प्रतिकूल कसैलाई व्यक्तिगतरूपमा आफूखुसी दान, बकस, दाइजो, पेवा, राजीनामा वा अन्य कुनै पनि किसिमबाट हक हस्तान्तरण गर्न हक हुने भनी अर्थ गर्न मिल्दैन । यसबाट रिट निवेदिकाले दाबी गरेको कि.नं.२५ को घर जग्गा तत्कालीन राजा ज्ञानेन्द्रले दाइजो दिन पाउने प्रकृतिको उहाँको निजी हकको सम्पत्ति देखिएन।

११. अब विवादित कि.नं. २५ को क्षेत्रफल १५-१-०-० को जग्गा नेपाल ट्रष्टअन्तर्गतको भनी नेपाल सरकारबाट निर्णय गर्दा रिट निवेदिकालाई सुनुवाइको मौका दिनुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा रिट निवेदिकाले प्रस्तुत रिट निवेदनमा दाबीको कि.नं. २५ को जग्गा तत्कालीन श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट मिति २०६२।२।१० मा दाइजो पाई भोग गरी आएकोमा विपक्षीहरूले बुझ्दै नबुझी प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल सुनुवाइको मौकासमेत प्रदान नगरी उक्त जग्गा नेपाल ट्रष्टको स्वामित्वमा ल्याउने भनी नेपाल सरकारबाट भएको निर्णय भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६४।९।१ को पत्र एवं सो आधारमा नेपाल ट्रष्टको कार्यालयमा उक्त जग्गाको स्रेस्ता पुर्जा बनाउने समेतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदरको माग गरेको पाइन्छ । विपक्षीतर्फको लिखित जवाफमा दाबीको जग्गामा रिट निवेदिकाको दाता तत्कालीन राजा ज्ञानेन्द्रको दाइजो दिने हक नै नभएको र हकै नभएका दाताले दिएको दाइजोका आधारमा रिट निवेदिकाको समेत हक कायम नभएको हुँदा उक्त जग्गा नेपाल ट्रष्टमा ल्याउँदा रिट निवेदिकालाई सुनुवाइको मौका प्रदान गरिरहनु पर्ने अवस्था नभएको भनी उल्लेख भएको पाइन्छ। यस अदालत संयुक्त इजलासले निवेदिकाले दाइजो पाई निजको हक भोगमा रहेको कि.नं. २५ को घर जग्गा निजलाई बुझ्दै नबुझी सूचना जानकारी नदिई उक्त घर जग्गामा निवेदिकाको हक समाप्त हुने गरी गरेको नेपाल सरकारको निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल भएको भनी कि.नं. २५ को घर जग्गा नेपाल ट्रष्टको स्वामित्वमा ल्याउने गरी भएका सम्पूर्ण निर्णय तथा काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने गरी मिति २०७२।३।६ मा आदेश जारी गरेको पाइन्छ। निवेदिकाले विवादित जग्गा हकै नभएका निजका पिताबाट प्राप्त गरेको एकातर्फ छ भने अर्कोतर्फ कानूनको रीत पुऱ्याई पारित भएको अवस्था पनि छैन । कि.नं. २५ को घर जग्गा बकस गरिदिन हकै नपुग्ने अवस्थामा घर जग्गाको हक हस्तान्तरणका सम्बन्धमा आवश्यक कानूनी प्रक्रिया पूरा नगरी मिति २०६३।९।१९ मा मालपोत कार्यालयलाई लेखेको

पत्र मात्रको आधारमा घरजग्गा हस्तान्तरण हुने एवं सोमा हक कायम हुने अवस्था रहँदैन । दाबीको घर जग्गा नेपाल ट्रष्टको नाममा कायम भएको ७ वर्षपछि मात्र निवेदिकाले दाबी गर्न आएको अवस्थामा उक्त घर जग्गामा निवेदिकाको हकभोग रहेको थियो भनी अनुमान गर्न नसकिने हुन्छ । निवेदिकाको दाबीअनुसार निवेदिकाको हक भोगमा रहेको मान्ने हो भने पनि उक्त घर जग्गा नेपाल ट्रष्टको नाममा कायम भई पर्खालसमेत लगाएको अवस्थामा ७ वर्षसम्म निवेदिकालाई जानकारी नभएको कुरालाई तर्कसङ्गत मान्न नसकिने हुँदा निवेदिकाले अनुचित विलम्ब गरी रिट दायर गरेको पाइयो । जहाँसम्म सुनुवाइको मौका नदिएको भन्ने जिकिर छ, संविधानले स्पष्टरूपमा गरेको संवैधानिक व्यवस्था र कानूनले प्रत्यक्ष निर्धारण गरेको कानूनी व्यवस्थाले राजसंस्थाको नेतृत्व गर्ने स्वर्गवासी राजा वीरेन्द्र शाह र निजको परिवार एवं तत्कालीन राजा ज्ञानेन्द्र शाहलाई राजाको हैसियतबाट प्राप्त भएका भूत, वर्तमान र भविष्य जुनसुकै समयको र जहिले पनि बढे बढाएको समेतका सम्पत्ति ट्रष्टमा जाने भएपछि निवेदिकालाई जानकारी नदिएको भन्ने जिकिर तर्कसङ्गत मान्न मिलेन । निवेदिकाको जुन सम्पत्तिको दाबी छ त्यो दाता र प्राप्तकर्ताको वैध सम्पत्ति रहेको पनि देखिँदैन ।

१२. संयुक्त इजलासको आदेशउपर नेपाल ट्रष्टको कार्यालयसमेतको तर्फबाट दायर भएको पुनरावलोकनको निवेदनमा संयुक्त इजलासको मिति २०७२।३।६ को आदेशमा यस अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तप्रतिकूल देखिएको भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) को आधारमा मिति २०७३।५।१७ मा पुनरावलोकनको निस्सा प्रदान भएको पाइन्छ ।

१३. माथि निरूपण गर्नुपर्ने प्रश्न नं. १ मा गरिएको विवेचनाबाट कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गाको साबिक कि.नं. २९, ३६, ३७, ३८, ३९, ४० र ४१ का जग्गाहरू स्वर्गवासी राजा वीरेन्द्रको नाममा रही तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाह र निजको परिवारको मिति २०५८।२।१९ मा देहावसानपश्चात् मालपोत कार्यालय कलंकीको मि.नं. ८७१ मिति २०६२।२।४ को नामसारी निर्णयले हाल साबिक भई कि.नं. २५ को क्षेत्रफल १५-१-०-० कायम भई श्री ५ महाराजाधिराज नारायणहिटी राजदरबारको नाममा दर्ता भए पनि तत्कालीन राजा वीरेन्द्रको देहावसान हुँदाका समयसम्म निजकै निजी हकको भएको एवं मिति २०६२।२।३ सम्म विवादित जग्गाहरू तत्कालीन राजा वीरेन्द्रको नाममा नै रहेको तथ्य स्पष्ट भएको छ । यसरी राजा वीरेन्द्रको नामको सम्पत्तिलाई नेपाल ट्रष्टअन्तर्गत लगी राष्ट्रहितमा प्रयोग गर्ने भन्ने नेपालको अन्तरिम संविधान, २०६३ को संवैधानिक व्यवस्था र नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र ४ को कानूनी व्यवस्थासमेतका आधारमा कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको विजया घर नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्ति रहेभएको देखिएको छ ।

१४. मालपोत कार्यालय कलंकीको मि.नं. ८७१ मिति २०६२।२।४ को नामसारी निर्णयले श्री ५ वीरेन्द्रबाट श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा कायम हुन आएको कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको विजया घर नै तत्कालीन राजा ज्ञानेन्द्रले निजकी छोरी रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी देवी सिंहलाई दाइजो दिएको देखिन्छ । माथि प्रकरणहरूमा गरिएको विवेचनाबाट विवादित कि.नं. २५ को घर जग्गा तत्कालीन राजा ज्ञानेन्द्रका नाममा कुनै पनि समयमा रहे भएको नदेखिएकोले उक्त घरजग्गा तत्कालीन राजा ज्ञानेन्द्रले दाइजो दिन पाउने प्रकृतिको निजको निजी हकको सम्पत्ति नभएको तथ्य स्पष्ट भएको छ । यसरी तत्कालीन राजा ज्ञानेन्द्रले आफ्नो हकै नपुग्ने कि.नं. २५ को घरजग्गा आफ्नी छोरी अर्थात् प्रस्तुत रिट

निवेदिका प्रेरणा राज्यलक्ष्मी सिंहलाई दाइजो दिएको देखियो।

१५. कुनै पनि व्यक्तिले आफ्नो नाममा रहेको अरूको हक नलाग्ने कानूनबमोजिम आफ्नो हक पुग्ने चल अचल सम्पत्ति कानूनले तोकेको प्रक्रिया पूरा गरी दान, बकस, दाइजो, पेवा, राजीनामा वा अन्य कुनै पनि किसिमबाट हक हस्तान्तरण गर्न सक्ने हुन्छ। आफ्नो नाममा नभएको आफ्नो हक नलाग्ने सम्पत्ति कुनै पनि तरहबाट अरूलाई हक हस्तान्तरण गर्ने कार्य प्रारम्भिक रूपमा नै कानूनी वैधता शून्य हुने हुन्छ। दाताको नै हक नभएको सम्पत्ति जुनसुकै तरहबाट प्राप्त गरेको भए पनि प्राप्तिको स्रोतको वैधता नै शून्य भएको अवस्थामा त्यस्तो सम्पत्तिमा पाउनेको हक सिर्जना हुन सक्दैन। प्रस्तुत विवादमा तत्कालीन राजा ज्ञानेन्द्रले आफ्नो नाममा नभएको आफ्नो हक नै नपुग्ने कि.नं. २५ को घर जग्गा आफ्नी छोरी रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी देवी सिंहलाई दाइजो दिएको कार्य आँफैमा वैध नभएको र दाबीको कि.नं. २५ को सम्पत्तिमा निजी हक नभएका व्यक्तिबाट प्राप्त गरेको दाइजो कानूनी मान्यता शून्य हुने हुँदा कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको विजया घरमा रिट निवेदिकाको कानूनी हक सिर्जना भएको देखिएन।

१६. प्राकृतिक न्यायको सिद्धान्त स्वच्छ सुनुवाइको सिद्धान्तसँग सम्बन्धित रहेको छ। कुनै पनि व्यक्तिको जिउ, धन र स्वतन्त्रतामा असर पर्ने विवादसँग सम्बन्धित विषयमा निर्णय गर्नुपूर्व त्यस्तो असर पर्ने व्यक्तिलाई सुनुवाइको उचित मौका दिई उसको कुरा सुनी प्रमाण बुझी निर्णय गर्नुपर्ने कुरालाई प्राकृतिक न्यायको सिद्धान्तले आत्मसात् गरेको हुन्छ। प्राकृतिक न्यायको सिद्धान्त हाम्रो न्याय प्रणालीको अभिन्न अंगको रूपमा रहेको कुरामा कसैको पनि बिमती हुन सक्दैन। सम्पत्तिसँग सम्बन्धित देवानी विवादका विषयमा कुनै निर्णय गर्दा त्यस्तो सम्पत्तिको स्वामी अर्थात् सो सम्पत्तिमा कानूनी हक रहेको व्यक्तिलाई विवादित विषयको सूचना दिई बुझी निजको पनि कुरा सुनी निर्णय गर्नु प्राकृतिक न्यायको सिद्धान्तको सार हो। कसैले कुनै सम्पत्तिमा केवल दाबी गर्नु र सो सम्पत्तिमा कानूनी हक हुनु फरक कुरा हो। कुनै सम्पत्तिका सम्बन्धमा निर्णय गर्दा सो सम्पत्तिमाथि प्रारम्भिकरूपमा नै हक नभएका वा हक रहेको भन्ने नदेखिएका व्यक्तिहरूलाई सुनुवाइको मौका प्रदान नगरेकै कारण कानूनसम्मत भए गरेको निर्णयलाई प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूलको निर्णय मान्न मिल्दैन र सोही आधारमा त्यस्तो निर्णय बदर पनि हुन सक्दैन। प्राकृतिक न्यायको सिद्धान्तअनुसार सुनुवाइको मौका विवादित विषय वा विवादित सम्पत्तिमा केवल कानूनी हक भएका व्यक्तिले प्राप्त गर्ने कुरा हो।

१७. प्राकृतिक न्यायको सिद्धान्तका सम्बन्धमा यस अदालतबाट ***पुष्पा महर्जन विरुद्ध काठमाडौं नगर पञ्चायत*** भएको रिट निवेदनमा ***हकदैया नै नभएको कुरामा प्रतिवाद गर्ने मौका नदिएकोले प्राकृतिक न्यायको सिद्धान्तविपरीत भयो भन्न नसकिने*** भनी (***ने.का.प. २०४३, नि.नं. २६८०, पृष्ठ ३१३***) मा सिद्धान्त प्रतिपादन भएको पाइन्छ। प्रस्तुत विवादमा कि.नं. २५ को क्षेत्रफल १५-१-०-० जग्गा तथा सोमा रहेको कम्पाउण्ड वालसहितको विजयाघर रिट निवेदिका प्रेरणा राज्यलक्षी सिंहका पिता तत्कालीन राजा ज्ञानेन्द्र वीर विक्रम शाहका नाममा कहिले पनि दर्ता भएको अवस्था नभई श्री ५ महाराजाधिराजका नामबाट नै नेपाल ट्रष्ट कार्यालयका नाममा गएको देखिन्छ। दाताले आफ्नो भएको स्थापित हकसम्म हस्तान्तरण गर्न पाउने हुन्छ। आफूमा हुँदै नभएको हक हस्तान्तरण गर्न नमिल्ने हुँदा उल्लिखित जग्गामा तत्कालीन राजा ज्ञानेन्द्र वा निजकी छोरी रिट निवेदिका प्रेरणा राज्यलक्ष्मी सिंहसमेतको कुनै प्रकारको निजी हक नै

कायम हुन आएको नदेखिँदा कि.नं. २५ को घरजग्गा नेपाल ट्रष्टअन्तर्गत ल्याउने निर्णय गर्दा हकदैया नै नभएको कुरामा रिट निवेदिकासमेतलाई प्रतिवाद गर्ने मौका प्रदान गर्नु अनिवार्य नदेखिएको हुँदा नेपाल सरकारबाट भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको विपरीतको नदेखिएको अवस्थामा यस अदालत संयुक्त इजलासबाट मिति २०७२।३।६ मा भएको आदेश उल्लिखित नजिर सिद्धान्तको प्रतिकूल देखियो।

१८. रिट निवेदिकाले २०६२ सालमा कि.नं. २५ को घरजग्गा दाइजो पाएको भनी दाबी गरे तापनि मालपोत कार्यालयमा गई आफ्नो नाममा दर्ता स्रेस्ता कायम गर्न सकेको पाइँदैन । उक्त घरजग्गा तत्कालीन राजा वीरेन्द्रको सम्पत्ति देखिई नेपाल ट्रष्ट ऐन, २०६४ को आधारमा २०६४ सालमा नै नेपाल ट्रष्टअन्तर्गत ल्याई दर्ता स्रेस्ता कायम भएको विषयमा तत्काल सो सम्बन्धमा कुनै चुनौती नगरी ७ वर्षपछि २०७१।१०।२५ मा आएर प्रस्तुत रिट निवेदन दायर गरेको पाइन्छ। रिट निवेदनमा ७ वर्षसम्म ढिलाई गर्नुपर्ने उचित तथा पर्याप्त आधार र कारण उल्लेख गरेको देखिँदैन । आफ्नो अधिकारप्रति सजग र सचेत रहने पक्षलाई अदालतले उपचार प्रदान गर्नसक्छ। अनुचित विलम्ब गरी अदालत प्रवेश गरेको अवस्थामा अदालतले उपचार प्रदान गर्न सक्दैन । ***रविशंकर साह कलवार विरुद्ध भूमिसुधार कार्यालय रौतहटसमेत*** भएको रिट निवेदनमा सर्वोच्च अदालतबाट ***विलम्ब हुनुको उचित कारण निवेदकले दिनसकेको नदेखिएकोले ढिला गरी परेको रिट निवेदन विलम्बको सिद्धान्तको आधारमा खारेज हुने*** भनी (*ने.का.प. २०३७, नि.नं. १३९६, पृष्ठ १६४*) मा नजिर सिद्धान्त प्रतिपादन भएको समेत छ । यसरी अनुचित विलम्ब गरी दायर भएको प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्त (Doctrine of Laches) एवं सर्वोच्च अदालतबाट प्रतिपादित उल्लिखित नजिर सिद्धान्तसमेतको प्रतिकूल हुने गरी यस अदालत संयुक्त इजलासबाट मिति २०७२।३।६ मा आदेश जारी भएको पाइयो।

१९. अब निरूपण गर्नुपर्ने तेस्रो तथा अन्तिम प्रश्न रिट निवेदिकाको मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी गरेको संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश कायम रहनसक्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा माथि निरूपण गर्नुपर्ने प्रश्न नं. १ र २ का सम्बन्धमा गरिएको विवेचनाबाट कि.नं. २५ को घरजग्गाको साबिकका कित्ताहरूमध्ये कि.नं. ३६,३७, ३८, ४० र ४१ का जग्गा साबिकमा श्री ५ अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाहको भएकोमा निजको देहावसानपश्चात् नामसारी भई तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवका नाममा कायम भएको पाइन्छ । त्यस्तै कि.नं. २९ र ३९ तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहदेवको भएकोमा नयाँ नापीमा उल्लिखित सबै जग्गाहरू एउटै प्लटमा नापी भई मिति २०६२।२।४ को निर्णयबाट हालको विवादित कि.नं.२५ कायम भई श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा नामसारी भएको र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले नेपाल ट्रष्टमा सार्ने निर्णय गर्दासम्म पनि श्री ५ महाराजधिरामै रहेको देखिन्छ । तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाहको देहावसान हुँदा मिति २०५८।२।१९ सम्म उक्त जग्गा निज स्वर्गवासी राजा वीरेन्द्रको देखिएको हुँदा तत्कालीन नेपालको अन्तरिम संविधान तथा नेपाल ट्रष्ट ऐनअनुरूप नेपाल ट्रष्टअन्तर्गत पर्ने सम्पत्ति देखिन्छ । उक्त सम्पत्ति तत्कालीन राजा ज्ञानेन्द्रको हकको नभएकोले निजले व्यक्तिगत दाइजो दिन मिल्ने प्रकृतिको सम्पत्ति नभएको हुँदा हकै नभएका दाताले दिएको दाइजोको आधारमा रिट निवेदिकाको उक्त सम्पत्तिमा हक कायम हुन नसक्ने देखियो। वैधानिकरूपमा घर जग्गा स्वामित्वमा आउने गरी रजिस्ट्रेसन पारित नभएको हकदैया नभएको व्यक्तिलाई सुनुवाइको मौका प्रदान नगरेको आधारमा

भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल भएको मान्न नमिल्ने र उचित र पर्याप्त आधार कारण बिना अनुचित विलम्ब गरी रिट क्षेत्रबाट अदालत प्रवेश गर्नेलाई अदालतले सहयोग गर्न नसक्ने भनी यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्त प्रतिकूल संयुक्त इजलासबाट मिति २०७२।३।६ मा आदेश जारी भएको हुँदा संयुक्त इजलासको आदेश कायम रहिरहन सक्ने देखिएन।

२०. तसर्थः माथि विवेचना गरिएअनुसार काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नम्बर १३ कि.नं. २५ को १५-१-०-० क्षेत्रफल अर्थात् ०७६६४.६० वर्गमिटर रहेको घर कम्पाउण्डसहितको जग्गा तत्कालीन राजा वीरेन्द्रको हकको सम्पत्ति भएकोले नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ३ र ४ को कानूनी व्यवस्थाअनुसार उक्त घरजग्गा नेपाल ट्रष्टका नाममा ल्याउने भनी नेपाल सरकारले गरेको निर्णय तथा उक्त निर्णय कार्यान्वयन गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयले मालपोत कार्यालय कलंकीलाई लेखेको मिति २०६४।९।१ को पत्र, मालपोत कार्यालय कलंकीले नेपाल ट्रष्टको कार्यालयलाई लेखेको मिति २०६४।९।३ को पत्र र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६७।७।८ को निर्णय कानूनसम्मत रहेकोमा उक्त निर्णयहरूलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी कि.नं. २५ को जग्गा दाइजो पाउने निवेदिकाको नाममा तत्काल प्रचलनमा रहेको पद्धतिबमोजिम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी गरेको यस अदालत संयुक्त इजलासको मिति २०७२।३।६ को आदेश सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको प्रतिकूल हुँदा उल्टी भई प्रस्तुत रिट निवेदन नै खारेज हुने ठहर्छ।

<u>निर्देशनात्मक आदेश खण्ड</u>

२१. नेपालको इतिहासको विभिन्न कालखण्डमा शासन गर्ने शासकहरूले जनताबाट संकलित राष्ट्रिय ढुकुटीबाट विभिन्न स्थानहरूमा भव्य महल, दरबार एवं अन्य विभिन्न भौतिक संरचनाहरूको निर्माण गरेको पाइन्छ। ती भौतिक संरचनाहरू मध्ये कतिपय संरचनाहरू अहिले ऐतिहासिक एवं राष्ट्रिय सम्पदाकै रूपमा मात्र नरही विश्व सम्पदा सूचीमा समेत सूचीकृत भई राष्ट्रिय गौरवको रूपमा समेत परिचित छन्। इतिहासको कतिपय कालखण्डका सरकारको ऐतिहासिक सम्पदाहरूको संरक्षणसम्बन्धी नीतिगत कमजोरी भई त्यस्ता सम्पदाहरूको महत्त्व प्रतिको दुरदृष्टि नराख्नाको परिणामस्वरूप कतिपय महल, दरबार, घरहरू एवं सोका कम्पाउण्डवालहरू तहसनहसको स्थितिमा छ। आम सर्वसाधारणहरूको सार्वजनिक हितमा प्रयोग भएका तथा भविष्यमा सार्वजनिक हितमा प्रयोगमा आउने कतिपय सार्वजनिक तथा सरकारी जग्गाहरू टुक्राटुक्रा भई बिक्री भएर गए भने कतिपय जग्गा व्यक्ति विशेषका नाममा दर्ता हुन पुगे। राष्ट्रिय एवं सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने र त्यसलाई सरकारीकरण गर्ने प्रयास न्यून हुन गयो। प्रत्येक कुरालाई व्यक्तिगत पारिवारिक लाभ तथा फाइदामा सीमित गर्ने प्रवृत्तिको कारण आम सार्वजनिक सम्पत्ति दान गुठी आदि समेतको उचित संरक्षण हुन सकेको छैन। अव्यवस्थित शहरीकरणको विस्तारले गर्दा सम्पूर्ण खुला स्थानहरू मानव बस्तीले भरिनुका साथै सार्वजनिक जग्गा र सम्पत्तिसमेतको संरक्षण हुन नसक्दा अव्यवस्थित शहरीकरणले वातावरणीय प्रदूषण भई स्वास्थ्यको दृष्टिले समेत काठमाडौं उपत्यका जोखिमपूर्ण बनेको छ।

२२. तत्कालीन अधिराजकुमारी विजया राज्यलक्ष्मी देवी शाह राजा त्रिभुवनकी अविवाहित छोरी रहेकी थिइन्। उनको जीवन गुजारा राज्य स्रोत र दरबारबाटै हुने गरेको थियो। उनको नाममा रहेको हाल कायमी कि.नं. २५ को जग्गा एवं सोमा निर्मित विजया घर राजपरिवारका सदस्यहरू वा वारिसहरू बीचमा बाँडिने प्रकृतिको सम्पत्ति भएको भए उनको जीवनकालमै

वा परलोकपश्चात् निजका हकदारको नाममा स्वतः नामसारी भई जाने थियो । तर उक्त सम्पत्ति व्यक्तिको नाममा नामसारी नभई तत्कालीन दरबारको नियम र व्यवस्थाअनुसार राजसंस्थाका प्रमुख तत्कालीन राजा श्री ५ वीरेन्द्रको नाममा आएकोमा राजा वीरेन्द्रको देहावसानपश्चात् श्री ५ महाराजाधिराज नारायणहिटीका नाममा राष्ट्रकै सम्पत्तिको रूपमा दर्ता कायम भएको पाइन्छ । मुलुकमा आएको राजनीतिक परिवर्तनपश्चात् जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ को संवैधानिक व्यवस्था र नेपाल ट्रष्ट ऐन, २०६४ ले ल्याएको कानूनी व्यवस्थाअनुसार स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको देहावसान हुँदाका बखत निजहरूको नाममा रहेको सम्पत्ति एवं तत्कालीन दरबारको सम्पत्तिको स्वामित्व राष्ट्रमा आई नेपाल ट्रष्टअन्तर्गत राष्ट्रहितमा प्रयोग हुने भन्ने रहेको छ। संसारका अन्य देशले यस्ता प्रकारका सम्पत्तिलाई महत्त्व दिएको अभ्यासलाई हेर्ने हो भने छिमेकी राष्ट्र चीनमा मिङ्ग वंशको दरबार हेरौं, १३/१४ औं शताब्दीदेखिका १४/१५ औं वंशका राजा रानीका अस्तुसम्म सुरक्षित छन्। त्यस्तै छिमेकी राष्ट्र भारत एवं अन्य मुलुकमा सानासाना महल दरबारहरू पनि सम्पदाको रूपमा सुरक्षित राखिएका छन् । तर नेपालमा राष्ट्रियकरण गरिएको आम जनताको हित र राष्ट्रिय स्वार्थअनुकूल राष्ट्रको सम्पत्ति तथा सम्पदाहरूको प्रयोग र उचित संरक्षणको अभाव हुन जानुका साथै यस्ता सम्पत्तिमा विभिन्न भू-माफिया र दलालबाट आक्रमण र दुरूपयोगका कारण जग्गा र भवन हिनामिना भई सम्पदाको अस्तित्व नै लोप हुन गएका छन्। हाल नेपाल ट्रष्टको नाममा कायम भएको कि.नं. २५ को जग्गा एवं सोमा निर्मित विजया महल राष्ट्रको सम्पत्ति मात्र नभई ऐतिहासिक सम्पदा हो । विजया शाह तत्कालीन राजा त्रिभुवनकी छोरी अर्थात् इतिहासकी राजकुमारी हुन् । अविवाहितरूपमा नै जीवन बिताएकी उनका दिनचर्या एवं कार्यहरू पनि अध्ययनका विषय हुँदा उनको पहिचानको विषय पनि महत्त्वपूर्ण रहेको छ । तसर्थः उनका जे जस्ता ऐतिहासिक महत्त्वका विषयहरू छन्, पाए भेटेसम्म सङ्ग्रह गर्ने, उक्त सम्पत्तिमा बागबगैंचा लगाई पार्क बनाई पर्यावरणको सुधारमा सहयोग गर्ने, उक्त राष्ट्रिय सम्पत्तिलाई टुक्राउने बिक्री एवं सट्टापट्टा नगर्ने र यसबाट कुनै आय भएमा विजया घरको मर्मत एवं अन्य परोपकार र आम सर्वसाधारणको हित हुने गरी नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ को व्यवस्थाअनुसार समेत राष्ट्र हितको कार्यमा उपयोग गर्नको लागि नेपाल ट्रष्टको नाममा यो निर्देशनात्मक आदेश जारी गरिदिएको छ । प्रस्तुत आदेशसहित निर्देशनात्मक आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत् विपक्षी कार्यालयहरूलाई दिनू । साथै प्रस्तुत आदेशको कार्यान्वयनका सम्बन्धमा अनुगमन गर्न प्रस्तुत आदेशको जानकारी यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयसमेतलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. दीपककुमार कार्की
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृत / उपसचिवः विदुर काफ्ले
इति संवत् २०७३ साल पुस २१ गते रोज ५ शुभम्।

निर्णय नं. ९९६४

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७४।५।१५
०७१-WF-०००५

विषय: उत्प्रेषण / परमादेश

निवेदक : काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. २ बस्ने पुतली सुवेदीको मु.स. गर्ने ऐ.ऐ. बस्ने सावित्री दङ्गाल

विरूद्ध

विपक्षी : ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ९ बस्ने मनराम सुवेदीसमेत

- **वस्तुतः अंशबन्डा गर्दा अंशियार हकदारहरूका बीच जियजियैको भाग लगाउनुपर्ने र त्यसरी भाग लगाउँदा बराबरी हुनुपर्ने हुन्छ । यसरी जियजियैको अंश भाग पाउने अंशियारा सदस्यहरू मध्ये मुद्दा चल्दाचल्दैको अवस्थामा कुनै वा कोहीको मृत्यु भएमा जीवित अंशियाराबीच मात्र बन्डा लाग्ने भएपनि कुनै अंशियारले अंश मुद्दा चल्दाचल्दैको अवस्थामा अंश पाउने अंशियारभन्दा बाहिरको व्यक्तिलाई आफ्नो भागको अंश बकसपत्रको लिखतबाट हस्तान्तरण गरिदिएमा त्यस्तो लिखतबाट हक सृजना हुने व्यक्तिको हक जियजियैरूपमा समान किसिमले अंश पाउने हकदारको रूपमा नभई दैयादारको रूपमा हक सृजना हुने हुँदा यस्ता दैयादारले आफूले प्राप्त गरेको लिखतभन्दा बढी भाग दाबी गरेमा त्यो मुलुकी ऐन, अंशबन्डाको १ नं. र २ नं. को कानूनको उद्देश्य र मर्मविपरीत हुन जाने ।**

(प्रकरण नं.५)

- **व्यक्तिको कानूनी हक अधिकारको ठाडै हनन् भएको स्थितिमा फैसलामा व्यक्त निर्णयधारको व्याख्या गर्दा उक्त निर्णयधारभित्रको सीमित वाक्य, वाक्यांश वा शब्दका आधारमा मात्र व्याख्या नगरी कानूनको उद्देश्य र न्यायको मार्ग सुनिश्चित हुने तवरबाट व्याख्या गर्नु पर्दछ । यदि शाब्दिकरूपमा व्याख्या गरियो भने त्यो केवल प्राविधिक मात्र हुन गई कानून र न्यायको मकसदविपरीत हुन जाने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हिरा रेग्मी एवं विद्वान् अधिवक्ताहरू श्री श्यामजी प्रधान, श्री ध्रुव मानन्धर, श्री भोजराज भट्ट र श्री अर्जुन आचार्य

विपक्षीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ एवं विद्वान् अधिवक्ताहरू श्री डेकेन्द्रप्रसाद सुवेदी र श्री सानु शाक्य

अवलम्बित नजिर :

सम्बद्ध कानून :

यस अदालतको संयुक्त इजलासमा आदेश गर्ने
माननीय न्यायाधीश श्री सुशीला कार्की
मा. न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

आदेश

न्या.सारदाप्रसाद घिमिरे : यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।७।४ मा आदेश हुँदा

संयुक्त इजलासमा संलग्न माननीय न्यायाधीशहरूबीच रायमा मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम निर्णयका लागि पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार रहेको छ ।

तोरणबहादुर सुवेदीको दुई श्रीमतीमध्ये नानीमैया सुवेदीतर्फको छोरा प्रत्यर्थीमध्येका मनराम र पुतली सुवेदीको छोरी म निवेदिका हुँ । प्रत्यर्थी मनराम सुवेदीसमेतले तोरणबहादुर र पुतलीउपर प्रस्तुत गरेको अंश चलन मुद्दामा तहतह हुँदै मिति २०६०।९।२१ मा सर्वोच्च अदालतसमेतबाट हाल दुई अंशियार मात्र कायम गरी म निवेदिकाले २ भागको १ भाग अंश पाउने ठहरेको छ । वादी मनरामसमेत भएको लिखत बदर मुद्दामा समेत दुई भागको १ भाग मात्र लिखत बदर गरेको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने ठहरी सर्वोच्च अदालतबाट फैसला भई अन्तिम भएर बसेको छ ।

वादी नानीमैया सुवेदीसमेत प्रतिवादी पुतली सुवेदीसमेत भएको अंश मुद्दाको अन्तिम फैसलाअनुसार अंश मुद्दाको वादी विपक्षी मनराम सुवेदीले स्व. वादी आमा नानीमैयाँबाट आफूले प्राप्त गरेको अष्टलोहसहितको बकसपत्रसमेत अनुसार तायदातीमा उल्लिखित सम्पत्ति तीन भाग गरी दुई भाग आफूलाई छुट्याई पाउँ भनी प्रस्तुत गरेको दरखास्तबमोजिम प्रत्यर्थी तहसिल शाखाबाट २०६३।११।१४ मा भएको बन्डा मुचुल्का र तहसिलदारबाट मिति २०६३।११।१६ मा भएको आदेशउपर इजलाससमक्ष उजुरी गरेकोमा सो बन्डा मुचुल्का र तहसिलदारको आदेश सर्वोच्च अदातलको फैसलाविपरीत भएको भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।१।२८ मा भएको आदेशउपर विपक्षीको पुनरावेदन अदालत पाटनमा अ.बं. १७ नं. को निवेदन परी पुनरावेदन अदालत पाटनबाट काठमाडौं जिल्ला अदालतको आदेश सदर हुने ठहरी मिति २०६४।४।१३ मा आदेश भएको थियो । उक्त आदेशउपर विपक्षी मनरामले यस अदालतमा रिट निवेदन दिएकोमा यस अदालतको मिति २०६०।९।२१ को फैसलाबमोजिम कानूनको रीत पुऱ्याई बन्डा छुट्याउनु भनी यस अदालतबाट २०६६।५।१७ मा परमादेश जारी भएको छ । सोबमोजिम फैसला कार्यान्वयन गर्ने क्रममा काठमाडौं जिल्ला अदालतका तहसिलदारले फैसला कार्यान्वयनमा अडबड परेको हुँदा कति अंशियार कायम गरी वादीलाई कति अंशियार छुट्याउने हो यकिन आदेश गरिपाउँ भनी इजलाससमक्ष मिसिल पेस गर्दा, यसमा सर्वोच्च अदालतबाट मिति २०६०।९।२१ मा फैसला भई अन्तिम भइरहेको फैसलाबमोजिम गर्नु गराउनु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।१०।७ मा भएको आदेशउपर विपक्षी मनरामले अ.बं. १७ नं. को निवेदन प्रस्तुत गरेकोमा पुनरावेदन अदालत पाटनबाट काठमाडौं जिल्ला अदालतको मिति २०६७।१०।७ को आदेश बदर गरी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६६।५।१७ मा निर्णय हुँदा मनरामले शेषपछिको बकसपत्र पाएको कुरा अनदेखा गरी वा निज वादी भई दिएको मुद्दामा अंशियार स्वीकार गरी अंश पाउने ठहर भइरहेको तथ्य अनदेखा गरी अंशको हक इन्कार गर्न नमिल्ने र मिसिलबाट नानी मैया र पुतली सुवेदीको मृत्यु भए तापनि शेषपछिको बकसपत्रको कारणबाट निजहरूको एक एक भाग र मनराम वादी भएको कारणबाट निजको एक भाग गरी बन्डा गर्नुपर्नेमा सो नगरी भएको तहाँको उक्त मिति २०६७।१०।७ को आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ । सम्मानित सर्वोच्च अदालतबाट ०६६।५।१७ मा भएको आदेशलाई दृष्टिगत गरी जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम बन्डा छुट्याउनु होला भनी मिति २०६७।११।२६ मा आदेश भयो ।

प्रस्तुत विवादमा अंशियार संख्या घटेको नभई फैसलाबाट नै दुई अंशियार मात्र कायम भई विवादको अन्त्य भइसकेको अवस्थामा पुनरावेदन

अदालत पाटनबाट मिति २०६७।११।२६ मा भएको आदेश जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख समेतको प्रतिकूल भएकोले बदर गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।१०।७ मा भएको आदेशबमोजिम बन्डा छुट्याई फैसला कार्यान्वयन गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशसमेत जारी गरिपाऊँ । साथै प्रस्तुत रिट निवेदन सम्मानित अदालतसमक्ष विचाराधीन रहेकै अवस्थामा प्रत्यर्थीहरूले पुनरावेदन अदालत पाटनको आदेशानुसार फैसला कार्यान्वयन भएमा यस रिट निवेदनको प्रयोजन नै समाप्त हुने हुँदा रिट निवेदनको अन्तिम किनारा नभएसम्म पुनरावेदन अदालत पाटनको मिति २०६७।११।२६ को आदेशबमोजिम फैसला कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी पाउँ भन्ने बेहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा सूचना दिई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमबमोजिम गरी पेस गर्नु भन्ने यस अदालतको आदेश।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०६६।५।१७ मा भएको आदेशलाई दृष्टिगत गरी जो जे बुझ्नु पर्छ बुझी कानूनबमोजिम गरी बन्डा छुट्याउनु होला भनी यस अदालतबाट मिति २०६७।११।२७ मा भएको आदेश कानूनसम्मत भएकोले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी पुनरावेदन अदालत पाटनको लिखित जवाफ।

मिति २०६७।१०।०७ मा यस अदालतबाट आदेश हुँदा सम्मानित सर्वोच्च अदालतको मिति २०६०।९।२१ मा अंश मुद्दामा भएको अन्तिम फैसलाबमोजिम गर्नु गराउनु भनी भएको आदेशउपर निवेदक मनरामको पुनरावेदन अदालत पाटनमा अ.बं. १७ नं. बमोजिम निवेदन परेकोमा पुनरावेदन अदालत पाटनबाट त्यहाँको उक्त मिति २०६७।१०।०७ को आदेश बेरीतको देखिँदा बदर गरिएको छ। सम्मानित सर्वोच्च अदालतबाट मिति २०६६।०५।१७ मा भएको आदेशलाई दृष्टिगत गरी जो जे बुझ्नु पर्छ बुझी कानूनबमोजिम बन्डा छुट्याउनु होला भनी मिति २०६७।११।२६ मा आदेश भएपछि सोहीबमोजिम यस अदालतबाट भए गरिएको काम कारवाही कानूनबमोजिम भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

विपक्षीले दर्ता गरेको निवेदनमा आफूलाई स्वर्गीय पुतली सुवेदीको छोरी भनी गलत दाबी गरेकी रहिछन्। निज हामीहरूको नाता सम्बन्धको मानिस नभई केबल सौतेनी आमा स्व. पुतली सुवेदीको शे.ब. प्राप्त गरेकी मानिस मात्र हुन्। त्यसैगरी विपक्षीले प्रस्तुत मुद्दाको सम्बन्धमा यसअघि भए गरेको फैसला निर्णय आदेश र सम्मानित सर्वोच्च अदालतबाट मिति २०६६।५।१७ को फैसला आदेशसमेतको विपरीत हुने गरी स्वयम् अदालतसमेतलाई गुमराहमा राखी पुनः प्रस्तुत निवेदन दर्ता गराएकी हुँदा विपक्षीको आधारहीन रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी मनराम सुवेदीको लिखित जवाफ।

<u>माननीय न्यायाधीश श्री सुशीला कार्कीको राय</u>

उल्लिखित आधार एवं विवेचनासमेतको आधारमा यस अदालतसमेतबाट वादी प्रतिवादीले तायदातीमा उल्लिखित सम्पत्तिमध्ये आधाआधा अंश पाउने ठहरी भएको फैसला अन्तिम भई बसेको र यस अदालतबाट उक्त मिति २०६०।९।२३ को फैसला कार्यान्वयन गर्नु भनी विपक्षीहरूको नाउँमा मिति २०६७।५।१७ मा परमादेशसमेत जारी भएको तथ्यमा कुनै विवाद देखिँदैन। फैसलाको अन्तिमताको सिद्धान्त (Principle of Finality of Judgement)

अनुसार सक्षम निकायबाट प्रमाणहरूको मूल्याङ्कन गरी फैसला भई अन्तिम भई बसेको फैसलालाई बदर नगरेसम्म उक्त फैसला कायमै रहेको मान्नु पर्ने हुन्छ । प्रस्तुत सन्दर्भमा यस अदालतबाट विभिन्न मुद्दामा सिद्धान्तसमेत प्रतिपादन भएको छ । अधिकारप्राप्त निकायबाट भएको वैध निर्णय बदर नहुँदा कायम नै रहन्छन्, त्यस्ता निर्णय बदर गराउने निश्चित प्रक्रिया र विधिसमेत कानूनले नै तोकिदिएको हुन्छ । "त्यसरी तोकिएको प्रक्रिया अवलम्बन नगरी पहिलेका निर्णयलाई शून्यमा परिणत गर्दै जाने हो भने त्यसले विवादका विषयहरूलाई सदैव अनिश्चय र अन्यौलमा राख्ने हुँदा प्रक्रियासम्मत रूपमा चुनौती दिन नसकी अन्तिम भएर रहेको निर्णय वा फैसलालाई अन्य प्रसङ्गमा वा अन्य मुद्दाको कारवाहीको सिलसिलामा पूर्वनिर्णयको अस्तित्वलाई शून्यमा परिणत गर्ने गरी जिकिर लिन नमिल्ने" भनी यस अदालतबाट *नारायणप्रसाद राजभण्डारीको मु.स. गर्ने शारदा राजभण्डारी विरूद्ध वेदप्रसाद भट्टराईसमेत भएको जोत छुट्याई पाउँ भन्ने मुद्दा*मा सिद्धान्त प्रतिपादन भएको छ ।[1] तसर्थ उक्त सिद्धान्तसमेतको आधारमा यस अदालतको अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयन गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।१०।७ मा भएको आदेश कानूनबमोजिम रहेको देखिन आयो । पुनरावेदन अदालत पाटनले काठमाडौं जिल्ला अदालतको मिति २०६७।१०।७ को आदेश बदर गरी सम्मानित अदालतको मिति २०६७।५।१७ मा भएको आदेशलाई दृष्टिगत गरी जो जे बुझ्नु पर्छ बुझी कानूनबमोजिम बन्डा छुट्याउनु भनी गरेको आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने र यस अदालतबाट समेत मिति २०६०।९।२१ मा फैसला भई अन्तिम भइरहेको फैसलाको भावनाअनुरूप २ (दुई) अंशियार कायम गरी बन्डा लाग्ने ठहरेको सम्पत्तिमध्ये निवेदक र विपक्षी मनरामको बीच आधाआधा हुने गरी बन्डा लगाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ । प्रस्तुत रिट निवेदन खारेज हुने ठहऱ्याएको माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ (१)(क) नं. बमोजिम प्रस्तुत निवेदनको संयुक्त इजलासको लगत कट्टा गरी मिसिल नियमानुसार गरी पूर्ण इजलाससमक्ष पेस गर्नू ।

<u>माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय</u>

फैसला कार्यान्वयनका सम्बन्धमा यस अदालतबाट पटकपटक आदेश भएको र ती आदेशहरू परस्परविरोधी रहेका भन्ने अवस्था पनि छैन । उक्त रिट आदेश पहिलो पटकको आदेश भएको र त्यसमा कुनै त्रुटि रहेको भए पुनरावलोकनबाट त्यसको निराकरण हुनसक्नेमा सो पनि नभई अन्तिम भएर बसेको देखिन्छ । रिट आदेशमा मुलुकी ऐन अ.बं. ८६ नं. आकर्षित हुँदैन । तथापि उक्त रिट निवेदनमा यी निवेदिका स्वयं प्रत्यर्थी रहेकीले सो अवस्था पनि विद्यमान देखिँदैन । रिट अधिकारक्षेत्र पूर्ण न्याय प्रदान गर्ने प्रयोजनका लागि जारी हुने अधिकारक्षेत्र हो । यसर्थ २०६६।५।१७ मा यस अदालतको संयुक्त इजलासबाट आदेशलाई अनदेखा गरी उक्त आदेशविपरीत सोसरहको यो इजलासले आदेश गर्नु न्यायिक निश्चितताको अभ्यास र मर्यादाको हिसाबले त अनुचित हुन्छ हुन्छ कानूनीरूपमा त्यो गर्ने अधिकार र हैसियत पनि राख्दैन । फैसलाको अन्तिमता तथा न्याय दुवै हिसाबले उक्त आदेशको उपयुक्ततामा कुनै खोट लगाउन मिल्ने देखिँदैन । अत: उल्लिखित तथ्य, सिद्धान्त र विवेचनासमेतको आधारमा काठमाडौं जिल्ला अदालतको मिति २०६७।१०।७ को आदेश बदर गरी सम्मानित अदालतको मिति २०६६।५।१७ मा भएको आदेशलाई दृष्टिगत गरी जो जे बुझ्नु पर्छ

1 *ने.का.प.* २०६९,अंक ३, निं.नं.८७८०,पृ.३७८

बुझी कानूनबमोजिम बन्डा छुट्याउनु भनी पुनरावेदन अदालत पाटनले गरेको २०६७।११।२६ को आदेश मिलेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था देखिन आएन प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत रिट निवेदन जारी हुने ठहऱ्याएको माननीय न्यायाधीश श्री सुशीला कार्कीको रायसँग सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) नं. बमोजिम प्रस्तुत निवेदनको संयुक्त इजलासको लगत कट्टा गरी मिसिल नियमानुसार गरी पूर्ण इजलाससमक्ष पेस गर्नू ।

नियमबमोजिम आजको पेसी सूचीमा चढी सुनुवाइको लागि पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी निवेदिका सावित्री दङ्गालको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हिरा रेग्मी एवं विद्वान् अधिवक्ताहरू श्री श्यामजी प्रधान, श्री ध्रुव मानन्धर, श्री भोजराज भट्ट र श्री अर्जुन आचार्यले सर्वोच्च अदालतबाट अंश मुद्दामा मिति २०६०।९।२१ मा भएको अन्तिम फैसलाले निवेदिका र विपक्षी मनराम सुवेदीसमेत दुई अंशियार कायम भई फैसला भएको छ। फैसला अन्तिमताको सिद्धान्तअनुसार उक्त फैसला कानूनतः बदर नभएको स्थितिमा त्यसलाई कार्यान्वयन गर्नुपर्छ । अन्तिम भई बसेको उक्त फैसलाबमोजिम बन्डा छुट्याई दिने कानूनी अधिकार रहेको काठमाडौं जिल्ला अदालतको मिति २०६७।१०।७ को आदेश बदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।११।२६ मा भएको आदेश बदर गरी निवेदिका र विपक्षी मनरामले आधा आधा अंश छुट्याई लिन पाउने ठहऱ्याएको माननीय न्यायाधीश श्री सुशीला कार्कीबाट व्यक्त राय कायम हुने निर्णय हुनुपर्दछ भनी बहस गर्नुभयो ।

विपक्षी मनराम सुवेदीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ एवं विद्वान् अधिवक्ताहरू श्री डेकेन्द्रप्रसाद सुवेदी र श्री सानु शाक्यले अंशियार नानी मैयाको छोरो मनराम सुवेदी भएकोमा विवाद छैन । अंश मुद्दा चल्दाचल्दै आफ्नो हकजति छोरो मनरामले पाउने गरी निजलाई शेषपछिको बकसपत्र गरिदिएको अवस्था छ । निवेदिकाको हैसियत दैयादारसरह पुतलीको हकजतिमा मात्र र मनराम स्वयं अंशियार भई निजले आफ्नो भाग एवं शेषपछिको बकसपत्रको लिखतबाट हक हुन आएको आमा नानी मैयाको हकको भागसमेत २ भाग पाउने कानूनी अधिकार छ । सर्वोच्च अदालतबाट अंश मुद्दामा मिति २०६०।९।२१ मा फैसला हुँदा अंशियार थपघट गरेको नभई सुरू एवं पुनरावेदन अदालतबाट वादी आमा नानीमैया र निजसमेतले ४ भागको २ भाग अंश पाउने ठहरी भएको फैसलालाई सदर गरेको अवस्था छ । अंशियारभन्दा बाहिरकी निवेदिकाले अंशियार पुतलीको हकसम्ममा मात्र बकसपत्रको लिखतको आधारमा सम्पत्ति पाउने हो । यस स्थितिमा मनरामले आमा नानी मैयाबाट प्राप्त गरेको शेषपछिको बकसपत्रको लिखतलाई पनि दृष्टिगत गरी बन्डा छुट्याउनु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।११।२६ मा भएको आदेश मनासिब भनी निवेदन खारेज गर्ने ठहर गरेको माननीय न्यायाधीश श्री गोविन्द कुमार उपाध्यायको राय मनासिब हुँदा सदर गरिपाउँ भनी बहस गर्नुभयो ।

२. यसमा निर्णयतर्फ हेर्दा विपक्षी मनराम सुवेदी र निजकी आमा नानीमैया सुवेदीले आफूहरू वादी भई पिता / पति तोरणबहादुर के.सी र निजकी कान्छी श्रीमती पुतली सुवेदीलाई प्रतिवादी बनाई दायर गरेको अंश मुद्दामा वादी प्रतिवादी चार अंशियार कायम गरी ४ भागको २ भाग वादीहरूले अंश पाउने ठहरी ललितपुर जिल्ला अदालतबाट मिति २०४९।९।१३ मा फैसला भएको देखिन्छ । उक्त फैसला सदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०५७।७।२७ मा फैसला भएको र उक्त फैसलाउपर प्रतिवादी पुतली सुवेदीबाट बकसपत्र पाउने निवेदिका सावित्री दंगालको पुनरावेदन परि यस अदालतबाट

मिति २०६०।९।२१ मा वादी नानी मैया, प्रतिवादी तोरणबहादुर सुवेदी र पुतली सुवेदीको मृत्यु भई वादी नानीमैया सुवेदीको निजको एकै उदरको छोरा मनराम सुवेदीले मिति २०५२।३।२७ मा बकसपत्र पाएको र प्रतिवादी पुतलीले मिति २०५०।१२।१९ मा निवेदिकालाई दिएको शेषपछिको बकसपत्रलाई स्वीकार गर्दै निवेदिका सावित्री दंगालले मुद्दा सकार गरी हाल २ अंशियार मात्र कायम रहेको देखिन आएबाट सुरू ललितपुर जिल्ला अदालतले अंशबन्डाको १, २ र २८ नं. बमोजिम बन्डा छुट्याई लिन पाउने ठहऱ्याएको इन्साफ सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भनी फैसला भएको देखिन्छ । उक्त फैसला पुनरावलोकन गरी हेर्ने निस्सा दिन नमिल्ने गरी यस अदालतको पूर्ण इजलासबाट मिति २०६२।१२।१७ मा आदेश भएको स्थिति छ। अंश मुद्दामा ललितपुर जिल्ला अदालतबाट भएको फैसलाबमोजिम बन्डा छुट्याई पाउँ भनी विपक्षी मनराम सुवेदीको दरखास्त परी कारवाही हुँदै जाँदा मिति २०६३।११।१४ को बन्डा मुचुल्का मिति २०६३।११।१६ को तहसिलदारले गरेको आदेश नमिलेको हुँदा बदर गरिदिएको छ । विपक्षी वादी मनरामलाई २ भागको १ भाग बन्डा छुट्याई दिनु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।१।२८ मा आदेश भएको पाइयो । सो आदेश सदर हुन गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६४।४।१३ मा आदेश भएको देखियो ।

३. पुनरावेदन अदालतबाट भएको सो आदेशउपर विपक्षी मनराम सुवेदीले यस अदालतमा २०६४-WO-०१२७ को रिट निवेदन दर्ता गरेको पाइन्छ । उक्त निवेदनमा यस अदालतबाट मिति २०६६।५।१७ मा आदेश हुँदा काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत पाटनको आदेश बदर गरी सर्वोच्च अदालतको मिति २०६०।९।२१ को फैसलासमेतले अंश पाउने इन्साफ सदर ठहऱ्याएको देखिन्छ । वादीको हक शेषपछिको बकसपत्रसमेतबाट निवेदकले पाउने हुँदा सोबमोजिम कानूनको रीत पुऱ्याई बन्डा छुट्याउनु भनी परमादेशको आदेश जारी भएको देखिन आउँछ । उक्त आदेशपश्चात बन्डा छुट्याउने कारवाही पुनः सुरू गर्ने प्रयोजनार्थ के कति अंशियारा कायम गरी बन्डा छुट्टाउने कारवाही गर्ने हो यकिन आदेश हुन भनी तहसिलदारले इजलाससमक्ष पेस गरेकोमा काठमाडौं जिल्ला अदालतबाट यस अदालतबाट मिति २०६०।९।२१ मा अंश मुद्दामा भएको फैसलाबमोजिम गर्नु भनी मिति २०६७।१०।७ मा आदेश भएको पाइन्छ । उक्त आदेशउपर विपक्षी मनराम सुवेदीको पुनरावेदन अदालत पाटनमा निवेदन परेकोमा "मिसिलबाट नानीमैया र पुतली सुवेदीको मृत्यु भए तापनि शेषपछिको बकसपत्रको कारणबाट निजहरूको एक एक भाग र मनराम स्वयं वादी भएको कारणबाट निजको एक भाग गरी कानूनबमोजिम बन्डा गर्नुपर्नेमा सो नगरी भएको बेरीतको देखिँदा बदर गरिदिएको छ । सम्मानित सर्वोच्च अदालतबाट ०६६।५।१७ मा भएको आदेशलाई दृष्टिगत गरी जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम बन्डा छुट्याउनु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।११।२६ मा आदेश भएको देखिन्छ । यही आदेश बदर गरिपाउँ भनी निवेदिकाले प्रस्तुत निवेदनमा दाबी लिएकोमा संयुक्त इजलासका माननीय न्यायाधीशहरूको बीचमा मतैक्य हुन नसकी निर्णयका लागि यस इजलासमा पेस भएको पाइयो ।

४. सोतर्फ हेर्दा निवेदिका स्वर्गीय पुतली सुवेदीको आफ्नोतर्फको सन्तान नभएपछि मृतक पुतलीले वादी नानी मैयासमेत प्रतिवादी आफूसमेत भएको अंश मुद्दा चल्दैको अवस्थामा मिति २०५०।१२।१९ मा निवेदिकालाई पारित गरिदिएको बकसपत्रको लिखतबमोजिम निवेदिका प्रतिवादी पुतलीको हक खाने हकदारको सृजना भई दैयादारको रूपमा रहेको पाइन्छ । मृतक पुतलीको दैयादार प्राप्त

हकवालाको नाताले निवेदिकालाई पुतलीतर्फको हकसम्म प्राप्त गर्ने कानूनी अधिकार रहेको देखिन्छ । यसैगरी विपक्षी मनराम सुवेदीले अंश मुद्दा चल्दाचल्दैको अवस्था अर्थात् मिति २०५२।३।२७ मा वादीमध्येकी आमा नानीमैया सुवेदीबाट "*मेरो अंश भागमा पर्ने चलअचल दोपाय, चौपाय, अष्टलोह गैह्र श्रीसम्पत्ति तिमी मेरो एकाघरको छोरा ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ९ बस्ने वर्ष २८ को मनराम सुवेदीले आफ्नो जानी खानु बेहोर्नु भनी मेरो मनोमान राजीखुसीले मेरै घर बैठकमा बसी यो शेषपछिको बकसपत्र गरिदिया* भन्ने बेहोराले अष्टलोहसमेतको शेषपछिको बकसपत्र प्राप्त गरेको देखिन्छ । विपक्षी छोरो नाताको मनरामले अंशियार हकदार कायम भई सोबापतमा आफ्नो एक भाग र आमा नानीमैयाको अष्टलोहसमेतको शेषपछिको बकसपत्र लिखतबाट सृजना भएको आमा नानीमैयाको एक भाग अंशसमेत दुई भाग अंश पाउने हकदार रहेको विषयमा विवाद देखिँदैन । यस अदालतबाट मिति २०६०।९।२१ मा भएको फैसलामा वादी नानीमैयाको मनराम सुवेदीले शेषपछिको बकसपत्रबाट हक प्राप्त गरेको तथ्यलाई निर्णयधारमा स्वीकार गर्दै अंश प्राप्त गर्ने दुई अंशियार रहेको भनी बोलेको पाइन्छ । सोही मुद्दामा सुरू ललितपुर जिल्ला अदालत र पुनरावेदन अदालतबाट फैसला हुँदा नानीमैयासमेत अंशियार कायम भई फैसला भएको र मुलुकी ऐन, अंशबन्डाको १ नं., २ नं., र २८ नं. समेतका आधारमा बन्डा छुट्याई लिन पाउने भनी निर्देशन गरेकोसमेत देखिन्छ । यसरी विपक्षी मनरामले आफ्नी स्वर्गीय आमा नानीमैया सुवेदीको भागमा पर्ने अंश भाग शेषपछिको बकसपत्र प्राप्त गरेको कुरा अंश मुद्दामा यस अदालतबाट मिति २०६०।९।२१ मा भएको फैसलाले स्वीकार गरी सो लिखतको रोहमा अंशियार भनी बोलेको अवस्थामा सोबापत र विपक्षी मनराम स्वयं आफैँ वादी अंशियार भएतर्फ निजको भागसमेत गरी दुई भाग अंश निजले पाउने कुरामा दुईमत हुन सक्दैन ।

५. वस्तुतः अंशबन्डा गर्दा अंशियार हकदारहरूका बीच जियजियैको भाग लगाउनुपर्ने र त्यसरी भाग लगाउँदा बराबरी हुनुपर्ने हुन्छ । यसरी जियजियैको अंश भाग पाउने अंशियारा सदस्यहरू मध्ये मुद्दा चल्दाचल्दैको अवस्थामा कुनै वा कोहीको मृत्यु भएमा जीवित अंशियाराबीच मात्र बन्डा लाग्ने भएपनि कुनै अंशियारले अंश मुद्दा चल्दाचल्दैको अवस्थामा अंश पाउने अंशियारभन्दा बाहिरको व्यक्तिलाई आफ्नो भागको अंश बकसपत्रको लिखतबाट हस्तान्तरण गरिदिएमा त्यस्तो लिखतबाट हक सृजना हुने व्यक्तिको हक जियजियै रूपमा समान किसिमले अंश पाउने हकदारको रूपमा नभई दैयादारको रूपमा हक सृजना हुने हुँदा यस्ता दैयादारले आफूले प्राप्त गरेको लिखतभन्दा बढी भाग दाबी गरेमा त्यो मुलुकी ऐन, अंशबन्डाको १ नं. र २ नं. को कानूनको उद्देश्य र मर्मविपरीत हुन जाने हुन्छ । वादी स्व. नानी मैया र प्रतिवादी स्व. पुतली सुवेदी समान तहका अंशियार हुन । प्रतिवादी पुतली सुवेदीले मृत्यु हुनुभन्दा अगाडि दैयादारको हैसियतले सावित्री दंगालले निजबाट प्राप्त गरेको बकसपत्रको लिखतबाट पुतली सुवेदीको हकजति सावित्रीको कायम हुने तर समान स्तरकी नानीमैयाले त्यसैगरी आफ्नो हकमा पर्ने अंश भाग छोरो मनरामलाई गरिदिएको अष्टलोहसमेतको शेषपछिको बकसपत्र लिखतका आधारमा निजले पाएको अंश भागले मान्यता नपाउने भन्न उस्तै बीच उस्तै व्यबहार गर्नुपर्छ भन्ने समानताको सिद्धान्त प्रतिकूलसमेत हुन जाने हुन्छ ।

६. अतः उपर्युक्त आधार र कारणबाट रिट जारी हुने ठहऱ्याएको माननीय न्यायाधीश श्री सुशीला कार्कीको रायले यस अदालतबाट मिति २०६०।९।२१ मा भएको फैसलाको शब्दलाई मात्र ग्रहण गरेको अवस्था छ । व्यक्तिको कानूनी हक अधिकारको ठाडै हनन् भएको स्थितिमा फैसलामा व्यक्त निर्णयधारको

व्याख्या गर्दा उक्त निर्णयधारभित्रको सीमित वाक्य, वाक्यांश वा शब्दका आधारमा मात्र व्याख्या नगरी कानूनको उद्देश्य र न्यायको मार्ग सुनिश्चित हुने तवरबाट व्याख्या गर्नु पर्दछ। यदि शाब्दिकरूपमा व्याख्या गरियो भने त्यो केवल प्राविधिक मात्र हुन गई कानून र न्यायको मकसदविपरीत हुन जान्छ।

७. मुलुकी ऐन, अंशबन्डाको १ नं. र २ नं. ले अंशियार हकदारबीच जियजियैको बन्डा गरी समान तवरबाट अंश वितरण गर्नुपर्छ भनी कानूनी व्यवस्था गरेको देखिन्छ । अंश हक व्यक्तिको जन्मसिद्ध र नैसर्गिक हक हो भन्ने कुरालाई मनन् गरी सुरू ललितपुर जिल्ला अदालत र पुनरावेदन अदालत पाटनले वादीहरू आमा छोरा मनराम र नानीमैयाले ४ भागको २ भाग अंश पाउने गरी किटानी फैसला गरेको र अंश मुद्दा चल्दाचल्दैको स्थितिमा वादी नानीमैयाले वादी छोरा मनरामलाई शेषपछिको बकसपत्र गरी आफ्नो भागमा पर्ने सबै सम्पत्ति प्रदान गरेको तथ्य एवं यस अदालतबाट पुनरावेदन अदालत पाटनको फैसला सदर गर्दा निर्णयमा उल्लेख गरेको तथ्यलाई दृष्टि नदिई बकसपत्रको लिखतले हक हुन आएको आमाको एक भाग सम्पत्ति विपक्षी मनरामले नपाउने भन्न न्यायपूर्ण हुँदैन। कानून र प्रमाणको विवेचना गरी पूर्ण न्याय प्रदान गर्ने दायित्व र अधिकार भएको यस अदालतबाट मिति २०६०।९।२१ मा भएको फैसलामा उल्लेख भएको "दुई भाग अंशियार" भन्ने शब्दलाई मात्र ग्रहण गरी २ भागको १ भाग मात्र विपक्षी मनरामले अंश छुट्याई लिन पाउने भन्न उपयुक्त हुँदैन। फैसला कार्यान्वयन सम्पन्न नभइसकेको स्थितिमा फैसलामा दुई मात्र अंशियार जीवित रहेको भन्ने वाक्यांश उल्लेख भएको आधारलाई मात्र ग्रहण गरी फैसला अन्तिमताको सिद्धान्त (Principle of Finality of Judgement) का आधारमा पुनरावेदन अदालत पाटनको मिति २०६७।११।२६ को आदेश खारेज गरेको माननीय न्यायाधीश श्री सुशीला कार्कीको राय कानून र न्यायसम्मत नदेखिँदा सहमत हुन सकिएन।

८. तसर्थ, माथि विवेचित तथ्य र कानूनी आधार प्रमाणबाट काठमाडौं जिल्ला अदालतको मिति २०६७।१०।७ को आदेश बदर गरी विपक्षी मनराम सुवेदी निवेदक यी निवेदिका विपक्षी भएको २०६४ सालको रिट नं. १२७ को उत्प्रेषण / परमादेश निवेदनमा यस अदालतबाट मिति २०६६।५।१७ मा भएको आदेशलाई दृष्टिगत गरी जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम बन्डा छुट्याई दिनु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।११।२६ मा भएको आदेश कानूनसम्मत भनी प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याएको संयुक्त इजलासका माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको मिति २०७१।७।४ को राय मुनासिब देखिँदा सदर हुने ठहर्छ। प्रस्तुत फैसलाको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. ओमप्रकाश मिश्र
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृत : कपिलमणी गौतम
इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम्।

निर्णय नं. ९९६५

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७३।८।१६
०७३-CF-०००१

मुद्दाः सवारी ज्यान

पुनरावेदक / वादी : रामचन्द्र घिमिरेको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : भारत मोतीहारी नकरदेही थाना घर भई हाल चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं.९ बस्ने गोपाल राउतको छोरा परमेश्वर भन्ने कलेश्वर राउत

- **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ को व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एकअर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ । यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनु चालकको कैफियतकै रूपमा लिनुपर्ने हुन्छ जसमा उपदफा (३) आकर्षित नभई लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१(२) आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१(२) बमोजिमको सजाय हुने ।**

(प्रकरण नं.८)

- **सवारी साधन चलाउने व्यक्तिमा अनिवार्य रूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जीउधनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले कानूनी व्यवस्था गरेको मान्नुपर्ने हुन्छ । सवारी चालक अनुमतिपत्र लिनु पर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था भएकोले सवारी चालकले सवारी चलाउनु अघि अनुमतिपत्र प्राप्त गरेकै हुनुपर्ने ।**

(प्रकरण नं.११)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुनप्रसाद कोइराला

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- *ने.का.प.* २०७०, फागुन, नि.नं.९०७३, पृ.१३२७

सम्बद्ध कानून :

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

सुरू तहमा फैसला गर्ने:

माननीय न्यायाधीश श्री भोलानाथ चौलागाई चितवन जिल्ला अदालत ।

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री दिनेशकुमार कार्की
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
पुनरावेदन अदालत हेटौंडा।

यस अदालतको संयुक्त इजलासबाट फैसला गर्ने:

माननीय न्यायाधीश श्री गोपाल पराजुली
मा. न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

फैसला

न्या.जगदीश शर्मा पौडेल : यसमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७२।९।१६ मा सर्वोच्च अदालत नियमावली २०४९, को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेस गर्नु भन्ने भएका आदेशानुसार पूर्णइजलासको दायरीमा दर्ता भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं. ७ स्थित पूर्वमा खाली जग्गा पश्चिममा सनराइज बोर्डङ स्कुल कम्पाउण्ड, उत्तरमा चौबीसकोठीतर्फ जाने सडक र दक्षिणमा गौरीगन्जतर्फ जाने सडक, यति चार किल्लाभित्र रहेको सडकमा मिति २०६७/६/६ गते अन्दाजी १४:०० बजेको समयमा परमेश्वर भन्ने व्यक्तिले चलाएको नं. नखुलेको मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल पछाडि बस्ने चितवन भरतपुर नगरपालिका वडा नं. ७ बस्ने वर्ष ३२ की गीता घिमिरे घाइते भएको भन्नेसमेत बेहोराको मिति २०६७/६/६ को घटनास्थल मुचुल्का।

मिति २०६७/६/६ गते अन्दाजी १४:३० बजेको समयमा मेरी श्रीमती गीता घिमिरे सनराइज बोर्डिङमा नानीहरूको फिस तिर्न भनी भरतपुर नगरपालिका वडा नं. ९ मा डेरा गरी बस्ने परमेश्वर भन्ने व्यक्तिको नं. नखुलेको मोटरसाइकलमा चढी जाँदा सनराइज बोर्डिङ नजिक सडकमा परमेश्वर भन्ने व्यक्तिले सवारी दुर्घटना गराउँदा मेरी श्रीमती घाइते भई उपचारको क्रममा सोही दिन राति १०:३० बजेको समयमा न्यूरो अस्पताल बाँसबारी काठमाडौंमा मृत्यु भएको हुँदा निज परमेश्वर भन्ने व्यक्तिलाई पक्राउ गरी कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको रामचन्द्र घिमिरेले मिति २०६७/६/७ मा महानगरीय प्रहरी वृत्त महाराजगन्ज काठमाडौंमा दिएको जाहेरी दरखास्त।

दाहिने हातको कुहिनामा सानो घाउ भएको, सो घाउबाट रगत बगेको, नाडीमा सानो निलडाम रहेको, हत्केलामा निलडाम, बायाँ कुमको भागमा ददारिएको घाउ, कुहिनामा सानो घाउ, पुट्ठामा ददारिएको घाउ रहेको भन्नेसमेत बेहोराको मिति २०६७/६/७ को लासजाँच मुचुल्का।

Cause of Death: Blunt Force Injuries to Head भनी मृतक गीता घिमिरेको मिति २०६७/६/७ को लास पोष्टमार्टम रिपोर्ट।

मिति २०६७/६/६ गते परमेश्वर भन्ने व्यक्तिले चलाएको नं. थाहा नभएको मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल पछाडि बस्ने मेरी श्रीमती वर्ष ३२ को गीता घिमिरे घाइते भई उपचारको क्रममा मृत्यु भएको र मृत्युपश्चात् मैले महानगरीय प्रहरी वृत्त महाराजगन्जमा जाहेरी दरखास्त दिई लास बुझी सदगत गरेको हुँ। वारदातपश्चात् फरार रहेका निज मोटरसाइकल चालक परमेश्वर भन्ने कलेश्वर राउत हाल भरतपुर नगरपालिका-१२ मालपोत चोकनजिक भवन निर्माण गर्ने कार्य गरी बस्ने गरेको भन्ने बुझिएकोले निजलाई पक्राउ गरी निजबाट क्रिया खर्चलगायत क्षतिपूर्ति दिलाई हदैसम्मको सजाय गरिपाउँ भन्ने रामचन्द्र घिमिरेले मिति २०६८/४/१६ मा जिल्ला प्रहरी कार्यालय चितवनमा दिएको थप जाहेरी दरखास्त।

जाहेरवाला रामचन्द्र घिमिरेको घरमा रङ लगाएको बाँकी ज्याला लिन मिति २०६७/६/६ मा निजको घरमा जाँदा निजकी श्रीमती गीता घिमिरेले भरे सर आएपछि उक्त ज्याला दिउँला, मलाई तिम्रो मोटरसाइकलमा बच्चाको फिस तिर्न बोर्डिङ स्कुलसम्म

लगिदेउ भनेकाले निजलाई मोटरसाइकलको पछाडि राखी बोर्डिङ लिई जाने क्रममा मोटरसाइकलबाट लडी निज घाइते भएको र स्थानीय १ जना मानिससमेतको सहयोगमा उठाउन खोज्दा निज नउठेकी र उक्त स्थानीय व्यक्ति गाडी खोज्न गएको अवस्थामा रामचन्द्र घिमिरेलाई फोन गरी घटनाको बारेमा जानकारी गराई म भारतीय नागरिक भएकोले डरले भागी गएको हुँ। मैले सवारी चलाउने अनुमति पत्र पाएको छैन। उक्त दुर्घटना गराउने मोटरसाइकल मैले जसबाट लिएको थिएँ उसैलाई फिर्ता गरिसकेको हुँदा नम्बर याद छैन। दुर्घटना हुँदाको बखत सवारी धनी म नै थिएँ भन्नेसमेत बेहोराको प्रतिवादी कलेश्वर राउतको मिति २०६८/४/१९ मा अनुसन्धान अधिकारीसमक्षको बयान।

मिति २०६७/६/६/ गते १४:३० बजेको समयमा जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं. ७ स्थित सडकमा कलेश्वर राउतले चलाएको नं. नखुलेकोले मोटरसाइकल दुर्घटना हुँदा उक्त मोटरसाइकल पछाडि बसेकी गीता घिमिरे घाइते हुँदा मोटरसाइकल चालक कलेश्वर राउत निजलाई घाइते अवस्थामा छोडी भागी फरार भएको हो। गीता घिमिरेको उपचारको क्रममा सोही राति मृत्यु भएको हो भन्नेसमेत बेहोराको बुझिएका मानिसहरू भिमबहादुर राउत प्रेम पौडेल र हरिप्रसाद पाण्डेले गरेको मिति २०६८/४/२९ को घटना विवरण कागज।

सवारी चालक अनुमति पत्रसमेत नलिएका परमेश्वर भन्ने कलेश्वर राउतले लापरवाहीपूर्वक चलाएको निजको आफ्नै मोटरसाइकलबाट सोको पछाडि बसेकी गीता घिमिरे सडकमा बजारिन पुगी टाउकोसमेतमा चोट लागी सोही चोट पीडाबाट घटना भएकै दिन मिति २०६७/६/६ राति १०:३० बजेको समयमा न्यूरो अस्पताल काठमाडौंमा मृत्यु भएको देखिँदा प्रतिवादी परमेश्वर भन्ने कलेश्वर राउतलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) अनुसार सजाय गरी ऐ. को दफा १६१ (४) नं. बमोजिम थप सजायसमेत गरिपाउँ र मृतकका हकदारले पाउनु पर्ने क्रिया खर्च तथा क्षतिपूर्तिबापतको रकम रू.१,००,०००।- मृतकका श्रीमान् रामचन्द्र घिमिरेले मिति २०६८/५/६ मा जिल्ला प्रशासन कार्यालय चितवनबाट बुझिलिएको भरपाई मिसिलसमेत हुँदा क्षतिपूर्तितर्फ मागदाबी लिइएको छैन भन्नेसमेत बेहोराको मिति २०६८/५/८ को अभियोग पत्र।

मिति २०६७/६/६ गते रामचन्द्र घिमिरेको घरमा काम गरेको बाँकी पैसा लिन गएको थिएँ। जाहेरवाला घरमा थिएनन्। निजको श्रीमतीलाई साहुजी कहिले आउनुहुन्छ भनी सोध्दा भोलि आउनुहुन्छ। मलाई एकछिन सनराइज बोर्डिङसम्म पुऱ्याइदेउ फिस तिर्नु छ भनेकाले हुन्छ भनी मेरो (अहिले नम्बर याद भएन) मोटरसाइकलमा राखी निजको घर कृष्णपुरबाट बोर्डिङतर्फ आउँदा बाटामा खस्नु भयो र घाइते हुनुभयो। वहाँ खस्ने बित्तिकै वहाँको श्रीमान्लाई फोन गरेँ। मेडिकल जाउ भन्नुभयो। मैले एक्लैले लान नसक्ने भएकाले डर लाग्यो र त्यहाँबाट भागी पोखरातर्फ गई काम गरेँ। मैले लापरवाहीसाथ चलाएको थिइनँ। लगभग ३०/३५ को स्पिड थियो। सो समयमा मैले कुनै नसालु पदार्थ सेवन गरेको थिइनँ। मेरो कुनै लापरवाही नहुँदा मलाई दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी कलेश्वर राउतले चितवन जिल्ला अदालतमा गरेको बयान।

प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर गरेका हुन् भनी विश्वास गर्न सकिने मनासिब आधार प्रमाण मिसिलमा रहे भएको साथै निज विदेशी नागरिक भएको देखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम गर्ने गरी हाल मुलुकी ऐन, अ.बं.११८ को देहाय २ नं. बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालय चितवन भरतपुरमा पठाइदिनु भनी चितवन जिल्ला अदालतबाट मिति २०६८/५/८ मा भएको आदेश।

कलेश्वर राउतले दुर्घटना नघटाएकोले निजले सजाय पाउनुपर्ने होइन भनी प्रतिवादीका साक्षी कृष्णप्रसाद रेग्मीले चितवन जिल्ला अदालतमा गरेको बकपत्र।

प्रतिवादीले आफूले चलाएको मोटरसाइकलमा पछाडि बसेकी गीता घिमिरे उक्त मोटरसाइकलबाट खसी घाइते भई उपचारको क्रममा मृत्यु भएकोमा विवाद देखिँदैन। यी प्रतिवादीले उक्त सवारी साधन लापरवाहीपूर्ण चलाएको भन्ने कुरा मिसिल संलग्न प्रमाण कागजबाट देखिँदैन। चालक अनुमति पत्र नलिई सवारी चलाएको एक मात्र आधारबाट प्रतिवादीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) अनुसार सजाय गर्न न्यायसङ्गत नहुने हुँदा यी प्रतिवादीले गरेको कसुर अपराध ऐ.को दफा १६१(३) अन्तर्गतको हुँदा यी प्रतिवादी परमेश्वर भन्ने कलेश्वर राउतलाई सोही दफाअनुसार १ (एक) महिना १५ (पन्ध्र) दिन कैद र रू.२,०००।- (दुई हजार) जरिवाना र ऐ. को दफा १६१(४) अनुसार थप २,०००।- (दुई हजार) जरिवाना हुन्छ। ऐ. को दफा १६१ (२) अनुसार सजाय गरिपाउँ भन्ने हदसम्म वादी नेपाल सरकारको अभियोग माग दाबी पुग्न नसक्ने ठहर्छ भन्ने चितवन जिल्ला अदालतबाट मिति २०६८/६/५ मा भएको फैसला।

सवारी चलाउने अनुमतिपत्र नभएको व्यक्ति त्यस्तो सवारी चलाउन अयोग्य रहेको भनिन्छ। अयोग्य व्यक्तिले सवारी जस्तो जोखिमी साधन चलाउँदा दुर्घटना हुनसक्ने र मानिसको मृत्युसमेत हुनसक्छ भन्ने कुरा स्वतः जानकारी लिनुपर्नेमा त्यतातर्फ कुनै विचारै नगरी प्रस्तुत मुद्दामा यी प्रतिवादीले सवारी दुर्घटना हुनसक्छ भन्ने जानीजानी लापरवाही गरेको प्रस्ट देखिन्छ। एकातिर सवारी चालक अनुमति पत्र नै नभएको अवस्था छ भने अर्कोतिर आफूले चलाएको सवारी साधनको नम्बरसम्म पनि जानकारी नराखेको समेतका तथ्यबाट प्रतिवादीको चरम लापरवाही स्पष्ट हुन आउँछ। दुर्घटना हुँदा प्रतिवादीले प्रतिघण्टा ४० कि.मी. को स्पिडमा चलाएको भन्ने स्वयं स्वीकार गरेको देखिन्छ र चालक अनुमति पत्र नभएको अवस्थामा उक्त गतिमा सवारी चलाउने प्रतिवादीको कार्य स्वतः लापरवाहीपूर्ण देखिन्छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (४) ले चालक अनुमति पत्र नभएको व्यक्तिले उक्त ऐनको दफा १६१ (१) र १६१ (२) नं. बमोजिमको कसुर गरेमा सो दफाबमोजिम हुने सजायमा थप सजायको कसुर गरेको दफा १६१ (४) नं. बमोजिम सजाय हुनसक्ने अवस्था देखिन्न। प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय नगरी कम सजाय हुने गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) बमोजिम सजाय ठहर गरेको त्रुटिपूर्ण फैसला हुँदा सो हदसम्म बदर गरी प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालतमा परेको पुनरावेदनपत्र।

प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) बमोजिम १ महिना १५ दिन कैद र रू.२,०००।- जरिवाना तथा ऐ. को उपदफा (४) बमोजिम रू.२,०००।- थप जरिवाना गर्ने गरी चितवन जिल्ला अदालतबाट मिति २०६८/६/५ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।४।३० को फैसला।

प्रतिवादीसँग मोटरसाइकल चलाउने अनुमति पत्र नभएको, अनुमति दिँदा लिखित, प्रयोगात्मक परीक्षा र अन्तर्वार्तासमेत लिई सवारीसम्बन्धी ज्ञान, सवारी चलाउने दक्षता र क्षमता जाँच गरी उत्तीर्ण हुनेलाई अनुमति पत्र प्रदान गरिने हुँदा सो नभएको व्यक्तिसँग त्यस्तो दक्षता क्षमता हुनसक्ने भन्न मिल्दैन। सवारी चलाउने ज्ञान नभएको व्यक्तिले सवारी साधन चलाउँदा सवारीलाई आफ्नो नियन्त्रणमा राख्न नसक्ने भई कुनै पनि बखत दुर्घटना हुनसक्ने

र त्यसबाट मानिसको मृत्युसमेत हुनसक्छ भन्ने कुरा स्वत: स्पष्ट छ । प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी तथा अदालतसमक्ष समेत बयान गर्दा आफूले चलाएको सवारी साधनको नम्बर र सवारी धनीसमेत उल्लेख गर्न सकेको पाइँदैन । दुर्घटना हुँदा प्रतिवादीले प्रतिघण्टा ४० कि. मि. को स्पिडमा चलाएको भन्ने प्रतिवादीले स्वीकार गरेको देखिन्छ र चालक अनुमतिपत्र नभएको अवस्थामा उक्त गतिमा सवारी चलाउने प्रतिवादीको कार्य स्वत: लापरवाहीपूर्ण देखिन आएकाले मिसिल संलग्न प्रमाणको मूल्याङ्कन नै नगरी भएकोले पुनरावेदनको फैसला त्रुटिपूर्ण छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(४) को व्यवस्थालाई हेर्दा पनि चालक अनुमतिपत्र नभएको व्यक्तिले उक्त ऐनको दफा १६१(१) र १६१(२) बमोजिमको कसुर गरेमा भन्ने उल्लेख भएको पाइन्छ । यसबाट पनि अनुमति पत्र प्राप्त नगरेको व्यक्तिले सवारी चलाई दुर्घटना भएमा उक्त ऐनको दफा १६१(१) र १६१(२) बमोजिमको कसुर हुने प्रस्टै देखिन्छ । यसरी उक्त ऐनको दफा १६१(४) को वनौटबाट पनि निजले गरेको कसुरमा दफा १६१(२) आकर्षित हुने नै देखिन्छ । त्यस्तै (सर्वोच्च अदालत बुलेटिन वर्ष १९ अंक २० माघ २, २०६७, पूर्णाङ्क ४४६) मा प्रतिपादित सिद्धान्तमा "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ तथा १६१(२) को कानूनी व्यवस्था अन्तरसम्बन्धित रहेको र ती कानूनी व्यवस्थालाई अनुसाङ्गिकरूपमा व्याख्या गर्दा सवारी चालक अनुमति पत्र नलिएको वा एउटा वर्गको हल्का सवारी चलाउने अनुमति पत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउँदा सोही आधारमा उक्त ऐनअन्तर्गत सो कार्य लापरवाहीयुक्त कार्य हुन जाने स्पष्ट छ" भनी उल्लेख भएको पाइँदा उक्त प्रतिपादित नजिरसमेतको प्रतिकूल हुने गरी सवारी चालक अनुमति पत्र प्राप्त नगरेको निज प्रतिवादीलाई ऐ. ऐनको १६१(२) आकर्षित र पुष्टि भइरहेको अवस्था हुँदाहुँदै पनि यसरी प्रस्तुत वारदातको तथ्यबाट आकर्षित नै हुन नसक्ने दफा १६१(३) नं. लगाई कम सजाय ठहर गरेको फैसलामा उल्लिखित कानूनी व्यवस्था एवं नजिरसमेतको गम्भीर त्रुटि हुन पुगी प्रतिवादीलाई अभियोग मागदाबीभन्दा कम सजाय हुने मागदाबीभन्दा पृथक कसुरमा सजाय ठहर गरेको फैसलामा गम्भीर कानूनी तथा नजिरसमेतको त्रुटि भएकोले बदर गरी निज प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम नै सजाय गरी पाउन मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरी पुनरावेदनको रोहमा दर्ता गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदनसरहको निवेदन पत्र ।

प्रतिवादीउपर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को अभियोगमा दफा १६१(२) बमोजिम सजाय गरी दफा १६१(४) बमोजिम थप सजायको माग दाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । प्रमाणहरूको अध्ययन गर्दा उक्त ऐनको दफा १६१(२) नै आकर्षित हुनेमा प्रतिवादीले उक्त ऐनको दफा १६१(३) बमोजिमको कसुर गरेको भनी एक महिना पन्ध्र दिन कैद र रू. दुई हजार जरिवाना तथा दफा १६१(४) बमोजिम थप रू. दुई हजार जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट फैसला भएको देखियो । उक्त ऐनको दफा १६१(४) को व्यवस्था दफा १६१ (१) र १६१(२) बमोजिमको कसुरमा आकर्षित हुनेमा दफा १६१(३) को कसुर कायम गरी दफा १६१(४) बमोजिम थप जरिवाना गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला सो ऐनको दफा १६१(३) र दफा १६१(४) र प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ को त्रुटिपूर्ण हुनुका साथै स.अ. बुलेटिन, २०६७ माघ २ पृष्ठ ६३ मा प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएकाले न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिदिएको छ । सम्बन्धित सुरू र रेकर्ड मिसिलसमेत झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस

अदालतको मिति २०७०।४।२८ को आदेश।

प्रस्तुत मुद्दामा प्रतिवादीको कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा ३ र ४ बमोजिमको कसुर अपराध हुन गई प्रतिवादीलाई पुनरावेदन अदालत हेटौंडाबाट सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (३) बमोजिम १ महिना १५ दिन कैद र रू.२,०००।– जरिवाना तथा ऐ. को उपदफा (४) बमोजिम रू.२,०००।– थप जरिवानासमेत गर्ने गरी गरेको फैसला मनासिब नै देखियो। प्रतिवादीको कार्य अभियोग दाबीबमोजिमको दायित्वअन्तर्गत परेको नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिर तथा यस अदालतबाट मिति २०७०/४/२८ मा मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान गरिएको आधारसँग समेत सहमत हुन सकिएन। पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।४।३० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको माननीय न्यायाधीश श्री गोपाल पराजुलीको राय।

सवारी चलाउने व्यक्तिले सवारी चालक अनुमतिपत्र लिनुपर्ने गरी ऐनमा भएको व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्यरूपमा पालना गर्नुपर्ने व्यवस्था भएकोले सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सवारी साधन चलाउन हुँदैन भन्ने कुरामा पनि कुनै विवाद हुन सक्दैन। सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिमा सवारी साधन चलाउने योग्यता, क्षमता र ज्ञान नभएको भन्ने मानिने भएकाले त्यस्ता व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना रहन्छ भन्ने कुरालाई इन्कार गर्न सकिँदैन। यस अर्थमा हेर्दा सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको आफैँमा लापरवाहीपूर्ण कार्य हो। साथै त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सो कार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको भन्ने मान्नुपर्ने हुन्छ। यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१ (२) आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१ (२) बमोजिमको सजाय हुने नै देखिन आएकोले पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी भई प्रतिवादीले अभियोग दाबीको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) को कसुर गरेको ठहर्छ र प्रतिवादीलाई सोही दफा १६१ (२) बमोजिम २ वर्ष कैद र दफा १६१ (४) बमोजिम थप रू २ हजार जरिवानासमेत हुने ठहर्छ। माननीय न्यायाधीश गोपाल पराजुलीको रायसँग सहमत हुन सकिएन भन्नेसमेत बेहोराको माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा संयुक्त इजलासका माननीय न्यायाधीशहरूबीच राय बाझी भई सर्वोच्च अदालत नियमावली २०४९, को नियम ३ (१) (क) बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता भई निर्णयार्थ प्रस्तुत इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुनप्रसाद कोइरालाले प्रतिवादी वारदात भएपछि भागेर १० महिनापछि मात्र प्रहरीले पक्राउ गरेको छ। सवारी चालक अनुमति पत्र प्राप्त नै नगरी सवारी चलाउनु आफैँमा लापरवाहीपूर्ण कार्य हो। सवारी चालक अनुमति प्राप्त गर्नुपर्ने भन्ने कुरा स्वैच्छिक नभई अनिवार्य पनि हो। सवारी चालक अनुमति पत्र प्राप्त नगरी सवारी चलाउँदा दुर्घटना हुनसक्छ भन्ने सामान्य समझको मानिसले बुझ्न सक्ने कुरा हो। तसर्थ प्रतिवादीलाई

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम प्रतिवादीलाई सजाय गर्नुपर्नेमा दफा १६१(३) बमोजिम त्यो पनि न्यूनतम मात्र सजाय गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला नमिलेकोले उल्टी गरी यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय सदर कायम गरिपाउँ भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसमेत सुनी सुरू तथा पुनरावेदन अदालतको फैसला, यस अदालतको संयुक्त इजलासबाट भएको फैसला तथा मिसिल संलग्न रहेका कागजातहरू समेत अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत हेटौंडाले गरेको फैसला मिलेको छ छैन प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा प्रतिवादी परमेश्वर भन्ने कलेश्वर राउतले लापरवाहीपूर्वक मोटरसाइकल चलाउँदा मोटरसाइकल पछाडि बसेकी गीता घिमिरे सडकमा बजारिन पुगी निजको टाउकोसमेतमा कडा चोट लागी सोही चोट पीडाबाट निजको मृत्यु भएकोले प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुरमा सोहीअनुसार सजाय गरी ऐ. को दफा १६१(४) बमोजिम थप सजायसमेत गरिपाउँ भनी अभियोग मागदाबी रहेकोमा चालक अनुमति पत्र नलिई सवारी चलाएको एक मात्र आधारबाट प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) अनुसार सजाय गर्न न्यायसङ्गत हुँदैन । प्रतिवादीले गरेको कसुर ऐ. को दफा १६१(३) अन्तर्गतको हुँदा प्रतिवादीलाई सोही दफाअनुसार १ महिना १५ दिन कैद र रू.२,०००।- जरिवाना र ऐ. को दफा (४) अनुसार थप २,०००।- जरिवाना हुन्छ । ऐ. को दफा १६१(२) अनुसार सजाय गरिपाउँ भन्ने हदसम्म वादी नेपाल सरकारको अभियोग माग दाबी पुग्न सक्दैन भनी सुरू जिल्ला अदालतबाट फैसला भएकोमा पुनरावेदन अदालतले सो फैसलालाई सदर गरेउपर वादी नेपाल सरकारले मुद्दा दोहऱ्याई पाउन निवेदन दिई दोहऱ्याउने निस्सा प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई संयुक्त इजलासका माननीय न्यायाधीशहरूबीच राय बाझी भई सर्वोच्च अदालत नियमावली २०४९, को नियम ३ (१) (क) बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता भई निर्णयार्थ पेस हुन आएको देखियो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीले चलाएको मोटरसाइकलबाट मृतक लडी सडकमा बजारिन पुगेको र टाउकोसमेतमा चोट लागी सोही चोटपीडाबाट घटना भएकै दिन मिति २०६७/६/६ गते राति १०:३० बजे न्यूरो अस्पताल काठमाडौंमा मृतकको मृत्यु भएको देखिँदा प्रतिवादी परमेश्वर भन्ने कलेश्वर राउतलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुरमा सोही दफाअनुसार सजाय गरी दफा १६१(४) नं. बमोजिम थप सजायसमेत गरिपाउँ भन्ने मागदाबी लिई अभियोगपत्र दायर हुन आएको देखिन्छ । मृतकको लास जाँच मुचुल्का हेर्दा दाहिने हातको कुहिनामा सानो घाउ भएको, सो घाउबाट रगत बगेको, नाडीमा सानो नीलडाम रहेको, हत्केलामा नीलडाम, बायाँ कुमको भागमा ददारिएको घाउ, कुहिनामा सानो घाउ, पुट्ठामा ददारिएको घाउ रहेको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । मिति २०६७।६।७ को शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारण blunt force injury to head भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । मोटरसाइकलबाट लडेको तत्काल वा केही समयपछि लड्नासाथ मृतकको मृत्यु भएको कुरा National Institute of Neurological and Allied Sciences ले २०६७।६।६ मा दिएको मृतकको मृत्यु प्रमाणपत्रमा *brought death* र मृत्युको कारणमा *RTI with severe head injury* भनी उल्लेख भएको

पाइन्छ । माथि उल्लिखित घटना विवरणहरूबाट मृतक गीता घिमिरेको मृत्यु यी प्रतिवादीले चलाएको मोटरसाइकल दुर्घटनाबाट भएको भन्ने तथ्य स्थापित हुन आयो । आफूले चलाएको मोटरसाइकलको दुर्घटनाबाट मृतक गीता घिमिरेको मृत्यु भएपछि प्रतिवादी भागेको र लामो समयसम्म पक्राउसमेत नपरी १० महिना पछाडि मात्र प्रहरीले पक्राउ गरी ल्याएको देखिन्छ ।

३. प्रस्तुत मुद्दामा यस अदालतले मुद्दा दोहोऱ्याउने निस्सा प्रदान गर्दा प्रतिवादीउपर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को अभियोगमा दफा १६१ (२) बमोजिम सजाय गरी दफा १६१(४) बमोजिम थप सजायको माग दाबी लिई अभियोगपत्र दायर भएकोमा पुनरावेदन अदालत हेटौंडाले उक्त ऐनको दफा १६१(३) बमोजिमको कसुर गरेको भनी एक महिना पन्ध्र दिन कैद र रू. दुई हजार जरिवाना तथा दफा १६१(४) बमोजिम थप रू. दुई हजार जरिवाना हुने ठहऱ्याई फैसला गरेको देखिएकोले उक्त फैसला फरक पर्नसक्ने भनी निस्सा प्रदान गरेको देखियो । यस अदालतका माननीय न्यायाधीशहरूबीच राय बाझी हुँदा माननीय न्यायाधीश गोपाल पराजुलीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसुर कायम हुने भनी राय व्यक्त गर्नुभएको पाइन्छ भने माननीय न्यायाधीश गोविन्दकुमार उपाध्यायले अभियोग माग दाबीबमोजिम १६१(२) को कसुर कायम हुने हुँदा पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी हुनुपर्ने राय व्यक्त गर्नुभएको देखिन्छ ।

४. मिसिल संलग्न विभिन्न तथ्यगत अवस्थाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) कसुर कायम हुने हो वा १६१(३) को कसुर कायम हुने हो र ऐनको १६१(४) सँगको सम्बन्धलाई विधायिकाले कसरी व्यवस्था गर्न खोजेको हो भन्ने सम्बन्धमा विश्लेषण गरी निष्कर्षमा पुग्नु वाञ्छनीय देखियो ।

१६१. ज्यान मरेमा हुने सजायः

(२) ..... सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुईहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँसमेत जरिवाना हुनेछ ।

५. उपर्युक्त कानूनी व्यवस्थालाई सूक्ष्म ढंगले विश्लेषण गर्दा उपदफा २ ले लापरवाहीपूर्ण तरिकाले सवारी चलाउँदा कसैको ज्यान मरेमा सजाय गर्ने व्यवस्थालाई इङ्गित गरेको देखिन्छ भने उपदफा ३ मा ज्यान मर्न सक्छ भन्ने नदेखिएको अवस्थामा सवारी चलाउँदा अर्थात् हेलचेक्र्याई गरी सवारी चलाउँदा कसैको ज्यान मर्न गएको अवस्थामा सजाय गर्न सकिने व्यवस्थाको वर्णन गरेको देखिन्छ । उपदफा ४ को व्यवस्थालाई मध्नजर गर्दा (१) वा (२) बमोजिमको कसुर सवारी चालक अनुमति पत्र नलिएको

व्यक्तिले गरेमा थप दुई हजार रूपैयाँसमेत जरिवाना हुनेछ भन्ने उल्लेख गरेको देखियो । उपदफा ३ र ४ को सम्बन्ध देखिँदैन उपदफा १ र २ मा उल्लिखित अपराध कसैले गरेमा थप २ हजार रूपैयाँ जरिवाना हुने व्यवस्था गरेको देखियो तर उपदफा ३ बमोजिमको कसुरका हकमा उपदफा ४ ले कुनै कुरा उल्लेख गरेको देखिएन । वादी नेपाल सरकारले प्रतिवादीलाई उपदफा २ बमोजिमको कसुर गरेकोले सोही दफा र उपदफा ४ बमोजिम थप सजायसमेत गरिपाउँ भनी अभियोग मागदाबी लिएको देखियो । सुरू, पुनरावेदन अदालत हेटौंडाले गरेको फैसलाले मागदाबीबमोजिमको कसुर कायम हुन नआएको र उपदफा ३ बमोजिमको कसुर कायम गरी सजाय निर्धारण गरेको देखिन्छ भने संयुक्त इजलासका माननीय न्यायाधीश गोपाल पराजुलीले पुनरावेदन अदालत हेटौंडाको फैसला सदर हुने राय व्यक्त गर्नुभएको देखिन्छ ।

६. प्रतिवादीको कार्य उक्त ऐनको उपदफा २ अन्तर्गत पर्ने हो वा उपदफा ३ अन्तर्गत पर्ने हो भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखियो । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (३) मा भएको व्यवस्थाअनुसार ***"कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दुईहजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।"*** भनी "कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा" भन्ने वाक्यांशले कानूनले तोकेको सबै मापदण्ड पूरा गरेको, चालकले सवारीको ब्रेक, स्टियरिंग, गियर, पाङ्ग्रा, शीशा आदि र यात्रुहरू बसेको सीट तथा सवारीको झ्याल, ढोका, छत आदि बुझी हेरी अब सब ठीक छ भन्ने कुरामा विश्वस्त भई कुशल र सक्षम चालकले चलाउने हिसाबले सवारी चलाउँदा भएको वारदातमा आकर्षित हुने प्रावधान हो भन्ने देखिन्छ । अर्थात् चालकको कुनै कैफियत नरहेको, उसले केही नगरे नबिराएको अवस्थामा समेत उसले चलाएको सवारीको कारणबाट कसैको ज्यान गएको अवस्था हुनुपर्दछ भन्ने नै उपदफा ३ को मनसाय रहेको देखिन्छ । यसको मतलब चालकको कैफियत देखिने बित्तिकै उपदफा (३) आकर्षित हुनसक्ने देखिँदैन ।

७. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (२) मा ..... ***सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्षदेखि दश वर्षसम्म कैद हुनेछ ।"*** भनी कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानीजानी भन्ने एउटा र लापरवाही गरी भन्ने उपधारा (२) मा दुई अवस्था रहेको पाइन्छ । प्रस्तुत वारदातमा सवारी चालकले सवारी चलाउने अनुमति पत्र प्राप्त नगरी सवारी चलाएको अवस्था छ । आफूले चलाएको मोटरसाइकलको पछाडि मृतक गीता घिमिरे बसेकी र मोटरसाइकलबाट जाँदै गर्दा मोटरसाइकलबाट लडेकी र निजको अवस्था हेर्दा मृत्यु भइसकेजस्तो लागेको, उठाउन जति प्रयास गर्दा पनि नसकेको, लड्दा टाउकोको भाग पिचमा ठोक्किएको र आफू डरले भागेको भन्ने बेहोरा उल्लेख गरी उक्त मोटरसाइकल ३ नं. गियरमा करिब प्रतिघण्टा ४० कि.मी. को स्पिडमा चलाएको र मोटरसाइकल चलाउने अनुमतिपत्र नरहेको भन्ने बेहोरा उल्लेख गरी घटना घटेको मिति २०६७।६।६ को १० महिना १० दिनपछि २०६८।४।१६ मा प्रहरीद्वारा पक्राउ परी २०६८।४।१९ मा मौकामा बयान गरेको देखिन्छ भने ३ नं. गियर बढी गतिमा मोटरसाइकल चलाएको

देखिन्छ।

८. कुनै पनि सवारी साधन चलाउँदा सवारीचालक अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ मा सवारी चालक अनुमति प्राप्त नगरी कसैले सवारी साधन चलाउन नहुने भन्ने व्यवस्था भएको र प्रस्तुत मुद्दाका प्रतिवादीले सवारी चालकको अनुमति पत्र प्राप्त नगरी सवारी चलाएको स्पष्ट देखिएको छ। ऐनको दफा ४५ मा भएको उल्लिखित व्यवस्था स्वेच्छिक नभई अनिवार्य र बाध्यात्मक व्यवस्था भएको देखिन्छ। दफा ४५ को व्यवस्था र दफा १६१(२) को लापरवाहीपूर्वक सवारी चलाउँदा मानिस मर्न गएमा हुने सजायसम्बन्धी व्यवस्था एकअर्कामा अन्तरसम्बन्धित रहेको पाइन्छ। यस अवस्थामा दफा ४५ बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त नगरी कसैले सवारी चलाई मानिसको ज्यान मर्न गएमा उक्त कार्य लापरवाहीपूर्वक गरिएको मानिने हुँदा सवारी चालक अनुमतिपत्र नलिई सवारी चलाउनु चालकको कैफियतकै रूपमा लिनुपर्ने हुन्छ जसमा उपदफा (३) आकर्षित नभई लापरवाहीपूर्वक सवारी चलाई मानिसको ज्यान मरेमा ऐनको दफा १६१(२) आकर्षित हुने भई उक्त कसुरका लागि दफा १६१(२) बमोजिमको सजाय हुने नै देखिन आयो।

९. पुनरावेदन अदालत हेटौंडाले प्रतिवादीलाई उपदफा ३ को कसुर कायम गरी उपदफा ४ बमोजिम थप दुई हजार रूपैयाँ जरिवानासमेत हुने ठहऱ्याएको र सोही फैसलालाई संयुक्त इजलासका माननीय न्यायाधीश श्री गोपाल पराजुलीले सदर हुने राय व्यक्त गर्नुभएको सन्दर्भमा हेर्दा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ को उपदफा (४) को व्यवस्थालाई विचार गर्नुपर्ने हुन आयो। उक्त उपदफा ४ मा ***"चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) बमोजिमको कसुर गरेमा निजलाई सोही उपदफाबमोजिम हुने सजायमा थप दुई हजार रूपैयाँसमेत जरिवाना हुनेछ।"*** भनी उपदफा (४) ले उपदफा (१) र (२) मात्र उल्लेख गरेको पाइयो। उपदफा (३) को सजाय पाउने प्रतिवादीलाई उपदफा (४) बमोजिम थप सजाय गर्नु विधायिकी मनसायभन्दा बाहिर हुन जान्छ। यस सन्दर्भमा *ने.का.प.* २०७० फागुन नि.नं. ९०७३ पृ.१३२७ मा प्रकाशित नेपाल सरकार विरूद्ध राजकुमार तामाङसमेत भएको सवारी ज्यान मुद्दामा यस अदालतको पूर्ण इजलासबाट ***सवारी चलाउने अनुमतिपत्र नलिएको वा एउटा वर्गको हलुका सवारी साधन चलाउने अनुमतिपत्र लिई अर्को वर्गको भारी सवारी साधन चलाउने गरेको कार्य लापरवाहीयुक्त मान्नु पर्ने*** भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। पुनरावेदक वादी नेपाल सरकार प्रतिवादी विजेन्द्र पोडेसमेत भएको ०६६-CR-००१३ को सवारी ज्यान मुद्दामा यस अदालतको संयुक्त इजलासले ***सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि सम्बन्धित निकायबाट लिइने लिखित एवम् प्रयोगात्मक परीक्षाका विभिन्न प्रक्रियाहरू पूरा गरेपश्चात् त्यस्ता परीक्षामा उत्तीर्ण भएका व्यक्तिहरूलाई मात्र सम्बन्धित आधिकारिक निकायबाट सवारी चालक अनुमतिपत्र प्रदान गरिने व्यवस्था पनि सवारी तथा यातायातसम्बन्धी कानूनमा उल्लेख भएको पाइन्छ। सवारी साधन चलाउने व्यक्तिमा अनिवार्यरूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जीउधनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले उल्लिखित कानूनी व्यवस्था गरेको हो भन्ने कुरामा विवाद हुन नसक्ने।***

१०. सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य गर्नु भनेको आफैँमा लापरवाहीपूर्ण कार्य हो। साथै, त्यसरी सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारी साधनबाट ठक्कर लागी

वा किची मानिसको ज्यान गएमा सो कार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको भन्ने मान्नुपर्ने । भनी सिद्धान्त स्थापित भएको पाइन्छ । त्यसैगरी सर्वोच्च अदालत बुलेटिन २०६५, पूर्णाङ्क ३८६, पृष्ठ २४ मा प्रकाशित प्रेमबहादुर कन्दङवा विरूद्ध नेपाल सरकार भएको सवारी ज्यान मुद्दामा यस अदालतको संयुक्त इजलासबाट भएको फैसलामा ***सवारी चालक ...अनुमतिपत्र प्राप्त नगरी सवारी चलाउनु सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४५ विपरीत देखिन्छ । यसरी कानूनबमोजिमको चालक अनुमतिपत्र नलिई सवारी चलाउनु स्वयंमा नै लापरवाहीपूर्ण क्रिया भएको भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ ।"***

११. कुनै पनि सवारी साधन चलाउनको लागि निश्चित योग्यता एवं क्षमताको आवश्यकता पर्ने कुरा सवारी तथा यातायात व्यवस्था ऐनले गरेको छ । विधायिकाले सवारी तथा यातायात सञ्चालन गर्ने सम्बन्धमा विशेष कानून निर्माण गरी चालक अनुमतिपत्र प्राप्त गर्नको लागि निश्चित योग्यता र क्षमताको परीक्षण अनिवार्यरूपमा हुनुपर्ने लगायतको कानूनी व्यवस्था गरेको पनि छ । त्यसका लागि सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि सम्बन्धित निकायबाट लिइने लिखित एवं प्रयोगात्मक परीक्षाका विभिन्न प्रक्रियाहरू पूरा गरेपश्चात् त्यस्ता परीक्षामा उत्तीर्ण भएका व्यक्तिहरूलाई मात्र सम्बन्धित आधिकारिक निकायबाट सवारी चालक अनुमतिपत्र प्रदान गरिने व्यवस्था पनि सवारी तथा यातायातसम्बन्धी कानूनमा उल्लेख भएको पाइन्छ । सवारी साधन चलाउने व्यक्तिमा अनिवार्यरूपमा हुनुपर्ने सोसम्बन्धी क्षमता र योग्यताको सुनिश्चितता गरी सवारी दुर्घटनाबाट हुनसक्ने जीउ धनमाथिको सम्भावित जोखिम हटाउनका लागि नै विधायिकाले उल्लिखित कानूनी व्यवस्था गरेको मान्नुपर्ने हुन्छ । सवारी चालक अनुमतिपत्र लिनु पर्ने गरी ऐनमा भएको उक्त व्यवस्था ऐच्छिक नभई बाध्यात्मक र अनिवार्यरूपमा पालना गर्नुपर्ने व्यवस्था भएकोले सवारी चालकले सवारी चलाउनुअघि अनुमतिपत्र प्राप्त गरेकै हुनुपर्ने देखिन्छ । अनुमति प्राप्त नगरी सार्वजनिक सडकमा सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना रहन्छ भन्ने कुरालाई अन्यथा भन्न पनि सकिँदैन र त्यसरी अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले सार्वजनिक सडकमा सवारी चलाउने कार्य आफैँमा लापरवाहीपूर्ण कार्य हो । साथै त्यसरी सवारीचालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिले चलाएको सवारीसाधनबाट ठक्कर लागी वा किची मानिसको ज्यान गएमा सो कार्य स्वतः लापरवाहीपूर्वक गरिएको कार्यको परिणामस्वरूप भएको भन्ने मान्नु पर्ने हुन्छ ।

१२. तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट प्रतिवादी परमेश्वर भन्ने कालेश्वर राउतलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम सजाय गर्नुपर्नेमा सो नगरी ऐ. ऐनको दफा १६१(३) बमोजिम १ महिना १५ दिन कैद र रू. २ हजार जरिवाना गरेको सुरू चितवन जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।४।३० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीले अभियोग दाबीको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर गरेको ठहर्छ र प्रतिवादीलाई सोही दफा १६१(२) बमोजिम २ वर्ष कैद र दफा १६१(४) बमोजिम थप रू. २ हजार जरिवानासमेत हुने ठहऱ्याएको माननीय न्यायाधीश गोविन्दकुमार उपाध्यायको राय मनासिब देखिँदा सदर हुने ठहर्छ । सुरू चितवन जिल्ला अदालतको फैसला सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला सदर हुने भनी माननीय न्यायाधीश गोपाल पराजुलीले व्यक्त गर्नुभएको रायससँग सहमत हुन सकिएन । अरूमा तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादी परमेश्वर

भन्ने कलेश्वर राउतलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर गरेको ठहर भई प्रतिवादीलाई सोही दफा १६१(२) बमोजिम २ वर्ष कैद र दफा १६१(४) बमोजिम थप रू २ हजार जरिवानासमेत हुने ठहरेकाले निज प्रतिवादीलाई सुरू जिल्ला अदालतको फैसलाको तपसिल खण्डको प्रकरण १ मा राखेको लगत कट्टा गरी निज प्रतिवादी मिति २०६८/४/१६ गतेबाट प्रहरी हिरासतमा रही सुरू चितवन जिल्ला अदालतका मिति २०६८/५/८/५ का आदेशले पूर्पक्षका लागि थुनामा बसेको र मिति २०६८/६/५ मा थुनामुक्त भएको देखिँदा निजलाई लागेको कैद वर्ष २ (दुई) मध्ये १ महिना १९ दिन असुल भइसकेको र बाँकी कैद १ (एक) वर्ष (दश) १० महिना (एघार)११ दिन कैदको लगत कसी असुलउपर गर्नु भनी सुरू चितवन जिल्ला अदालतमा लेखी पठाइदिनू १

प्रतिवादीलाई लागेको जरिवाना रू ४०००/- (चार हजार रूपैयाँ) सुरू चितवन जिल्ला अदालतको र.नं.१७२६ मिति २०६८/६/५ बाट बुझाइसकेको देखिँदा जरिवानाको लगत कट्टा गरिदिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाइदिनू २

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू ३

उक्त रायमा हामी सहमत छौं।
न्या. ईश्वरप्रसाद खतिवडा
न्या. डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृतः रामप्रसाद बस्याल
इति संवत् २०७३ साल मङ्सिर १६ गते रोज ५ शुभम्।

निर्णय नं. ९९६६

सर्वोच्च अदालत, संयुक्त इजलास
स.का.मु.प्रधानन्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७४।१२।१४
०६८-CI-०१४७

मुद्दाः बच्चा जिम्मा लगाई पाऊँ

पुनरावेदक / प्रतिवादी : राम विलास महतोको श्रीमती जिल्ला सप्तरी, गा.वि.स. कोचाबखारी वडा नं. ४ बस्ने पुनिता देवी महतो

विरूद्ध

प्रत्यर्थी / वादी : सुकदेव महतोको छोरा ऐ.ऐ. बस्ने नारायण महतो

- **फिराद दायर हुनुअघि नै लोग्ने स्वास्नीको महलको ३ को देहाय २ नं.को कानूनी व्यवस्था लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले खारेज गरिसकेको देखिन आएकाले फिराद माग दाबीबमोजिम वादीलाई न्याय प्रदान गर्न मिल्ने देखिन नआउने।**

(प्रकरण नं.४)

- **मुलुकी ऐन, लोग्नेस्वास्नीको महलको कानूनी व्यवस्थाको ३ नं. को देहाय १ मा आमाले आफैँ पाल्न चाहेमा निजले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ भन्ने उल्लेख भएबाट ५ वर्ष नपुगेका वा ५ वर्षदेखि माथिका नाबालक पाल्ने पहिलो**

दायित्व आमामा नै रहेको र निजले पाल्न नचाहेमा मात्र बाबुले पाल्न पाउने ।

(प्रकरण नं.६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री डालकुमार खड्का

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री ताराबहादुर न्यौपाने

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

मा.जिल्ला न्या. श्री शम्भुराम कार्की
सप्तरी जिल्ला अदालत ।

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्यायाधीश श्री जगदीश शर्मा पौडेल
मा.न्यायाधीश श्री दीपककुमार कार्की
पुनरावेदन अदालत राजविराज ।

फैसला

का.मु.प्र.न्या.दीपकराज जोशी : न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम अनुमति प्रदान भई पुनरावेदन दायरीमा दर्ता हुन आई निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः

विपक्षीमध्येका पुनिता देवी मेरो पत्नी नाताको भई हाम्रो दाम्पत्य जीवनबाट २०५९ साल वैशाख महिनामा एक छोरा विकासकुमार महतोको जायजन्म भएको छ । मिति २०५९।८।२९ गतेमा विपक्षी पुनिता देवी मेरो धनमालसमेत लिई विपक्षी रामविलाससँग पोइल गएकोमा निजहरूउपर सा.दे.नं. २००६ को धनमाल तथा म र विपक्षी पुनिता देवीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरिपाउँ भनी सम्बन्ध विच्छेद मुद्दा चलाएकोमा म वादी र विपक्षी पुनिता देवीबीचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहरी र धनमाल मुद्दामा वादी दाबी नपुग्ने ठहरी मिति २०६२।११।११ मा सप्तरी जिल्ला अदालतबाट फैसला भएको छ । सो फैसला पुनरावेदन नपर्दा मिति २०६४।२।१ गते विपक्षीहरू समिपमा गई मेरो नाबालक छोरालाई म आफैँ पाल्छु मेरो जिम्मा दिनुस् भन्दा विपक्षीहरूले तिम्रो छोरा दिँदैनौं भनी जवाफ दिएका हुँदा तथा मुलुकी ऐन लोग्ने स्वास्नीको महलको दफा ३ को देहाय २ मा ५ वर्षेदेखि माथिका नाबालकलाई आमाले अर्को विवाह गरेको अवस्थामा बाबुले पाल्नु पर्छ भन्ने कानूनी व्यवस्था भएको र मेरो छोरा मिति २०६४।२।१ गते ५ वर्ष पूरा गरी छैठौं वर्षमा प्रवेश गरेकोले मेरो नाबालक छोरा विकासकुमार महतोलाई मेरो जिम्मा लगाई पाउँ भन्ने बेहोराको वादी नारायण महतोको फिराद पत्र ।

वादीको छोरा विकासकुमार महतोलाई हामी प्रतिवादीहरूले राखेको होइन छैन । हामी प्रतिवादीहरूको जिम्मामा वादीको छोरा विकासकुमार छैन । वादीले हामीहरू उपर दायर गरेको सा.दे.नं. २००६ को धनमाल मुद्दामा छोरा विकासकुमारको नाम कहिँकतै उल्लेख भएको छैन । यी वादीले सम्बन्ध विच्छेद मुद्दामा प्रतिउत्तर फिराउँदा विकासकुमार मेरो छोरा होइन भनी जिकिर लिएकी छन् । हाम्रो जिम्मा वादीको छोरा विकासकुमार नभएको हुँदा झुठ्ठा दाबी दाबीबाट फुर्सद पाउँ भन्ने प्रतिउत्तर जिकिर ।

यी वादी र बच्चा विकासको आमाबीच सम्बन्ध विच्छेद भइसकेको देखिएको र यी वादीका छोरा विकासकुमार प्रतिवादीहरूकै सँगसाथमा रहेको देखिँदा प्रस्तुत मुद्दामा वादी दाबीबमोजिम वादीको छोरा विकास वादीको जिम्मा लगाई पाउने ठहर्छ भनी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६४।१०।२७ को फैसला ।

सा.दे.नं. २००६ को मुद्दामा प्रत्यर्थी वादीले छोरा विकासकुमारको उल्लेख कतैकतै नगरेको,

त्यस्तै स.फौ.नं. १२६ को सम्बन्ध विच्छेद मुद्दामा म पुनरावेदक रामविलास महतोको वीर्यबाट विकासकुमार जन्मेको हो भन्ने प्रतिउत्तर जिकिरमा उल्लेख गरेबाट पनि प्रत्यर्थी वादीले मुद्दा गर्नुपर्ने अवस्था नै रहँदैन। साथै प्रत्यर्थी वादीले उल्लेख गरेको विकासकुमार हाम्रो साथमा पनि छैन। तसर्थ सुरू अदालतको फैसला बदर गरिपाउँ भनी पुनरावेदक प्रतिवादीहरू रामविलास महतो र पुनिता देवी महतोको पुनरावेदनपत्र।

नाबालक विकासकुमारको उमेर ६ वर्ष लागेको समेत पुष्टि भएको अवस्थामा यी विपक्षी वादीको छोरा विकासकुमार यिनै विपक्षी वादी नारायण महतोको जिम्मामा नै लगाउनु पर्ने अवस्था देखिन आएकोले सुरू जिल्ला अदालतको मिति २०६४।५।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने बेहोराको पुनरावेदन अदालत राजविराजको मिति २०६६।४।१८ को फैसला।

सुरू जिल्ला अदालतको म निवेदिका प्रतिवादी पुनिता देवी महतोले रामविलास महतो जो मेरो अहिलेको पनि हुन, निजको वीर्यबाट जायजन्म भएको नाबालक जो अहिले कक्षा ४ मा पढ्दै गरेको विद्यार्थी बच्चा निजको कुनै आशयसमेत नबुझी निजको मन्जुरीसमेत नलिई खारेज भइसकेको लोग्ने स्वास्नीको महलको दफा ३(२) नं. को कानूनी व्यवस्थाको आधारमा परेको गैरकानूनी फिराद पत्रको आधारमा लोग्ने स्वास्नीको महलको दफा ३(१) नं. को विपरीत हुने गरी बच्चा जिम्मा लगाउने गरी गरेको फैसला सदर गर्ने गरी गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६८।३।२३ को फैसला त्रुटिपूर्ण भएकोले मुद्दा दोहोऱ्याउने अनुमति प्रदान गरी सुरूको फैसला बदर गरी वादी दाबी खारेज गरी नाबालक बच्चा म आमालाई जिम्मा लगाई पाउँ भन्ने बेहोराको प्रतिवादी पुनितादेवी महतोको निवेदन।

सुरू सप्तरी जिल्ला अदालतले कानूनविपरीत हुने गरी गरेको फैसलालाई चुनौती दिई यस सम्मानित अदालतमा निवेदनसमेत गरेको हुँदा मेरो छोरा मसँगै राख्न पाउने कानूनी अधिकारको संरक्षण गरी हाल गैरकानूनी फैसलाको आधारमा कार्यान्वयनको सिलसिला चलेको हुँदा प्रस्तुत मुद्दाको अन्तिम सुनुवाइ नभएसम्म फैसला कार्यान्वयन नगर्नु नगराउनु भन्ने विशेष आदेश जारी गरिपाउँ भन्ने बेहोराको प्रतिवादी पुनितादेवी महतोको निवेदन।

प्रस्तुत निवेदन दोहोऱ्याई पाउँ भन्ने निवेदनका सन्दर्भमा पर्न आएको हुँदा यसरी दुई तहबाट सदर भइसकेको फैसलाउपर पर्न आएको प्रस्तुत निवेदन मागबमोजिम अन्तरकालीन आदेश जारी गर्दा फैसला कार्यान्वयनको प्रक्रिया रोकिन जाने भएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन भन्ने बेहोराको यस अदालतका रजिस्ट्रारबाट भएको मिति २०६८।३।२७ को आदेश।

वादीले मुलुकी ऐन लोग्ने स्वास्नीको महलको दफा ३ को आधारमा आमाले अर्को विवाह गरेको अवस्थामा ५ वर्षभन्दा माथिको नाबालक बाबुले राख्न पाउने भनी नालेस मिति २०६४।३।१० मा दायर गरेको र सोहीअनुसार सुरू जिल्ला तथा पुनरावेदन अदालत राजविराजबाट फैसला भएको देखियो। तर प्रस्तुत मुद्दा पर्नुपूर्व नै मिति २०६३।७।१७ मा उक्त लोग्ने स्वास्नीको ३ नं. मा "पाँच वर्षको उमेर नपुगेसम्म" भन्ने शब्दको सट्टा "नाबालकलाई" भन्ने शब्द राखिएकोबाट नाबालकलाई आमाले पाल्न चाहेमा आमाले नै पाल्न पाउने अवस्था देखिन आयो। अतः प्रस्तुत मुद्दा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) अनुसार दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने बेहोराको मिति २०६८।४।३० मा आदेश।

नियमानुसार पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री डालकुमार खड्काले लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधन भएको लोग्ने स्वास्नीको महलको

देहाय १ नं. मा आमाले पाल्न नचाहेमा मात्र बाबुले पाल्न पाउने कानूनी व्यवस्थाविपरीत पुनरावेदन अदालत राजविराजको फैसला देखिन आएकोले उक्त त्रुटिपूर्ण फैसला बदर गरी नाबालक विकासकुमारको पालनपोषणको अधिकार आमामा हस्तान्तरण गरिपाउँ भनी र प्रत्यर्थी वादी नारायण महतोका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री ताराबहादुर न्यौपानेले वादी नारायण महतोसँग प्रतिवादी पुनिता देवी महतोको वैवाहिक सम्बन्ध कायम भई २०५९ साल वैशाख महिनामा विकासकुमारको जन्म भएको हो । प्रतिवादी पुनितादेवीले २०५९ साल मङ्सिरमा दोस्रो विवाह अर्का प्रतिवादी रामविलास महतोसँग गरेकी हुन् । यी प्रतिवादी स्वयंले दिएको सम्बन्ध विच्छेद मुद्दामा वादी नारायण महतोसँग सम्बन्ध रहेकै अवस्थामा छोरो विकासकुमारको जायजन्म भएको भनी स्वीकारसमेत गरिरहेको र नाबालक विकासकुमारको उमेर हाल १४ वर्षको समेत भइसकेको हुँदा वादीका छोरा विकासकुमारलाई वादी नारायण महतोको जिम्मा लगाउने गरी सुरू र पुनरावेदन दुई तहबाट भएको फैसला मिलेकै देखिँदा सदर गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्तबमोजिम पक्ष विपक्षतर्फबाट उपस्थित विद्वान्हरूको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा लोग्ने स्वास्नीको महलको ३ को देहाय २ नं. मा ५ वर्ष देखि माथिका नाबालकलाई आमाले अर्को विवाह गरेको अवस्थामा बाबुले पाल्नु पर्छ भन्ने कानूनी व्यवस्था भएको र नाबालक विकासकुमार छैठौं वर्षमा प्रवेश गरेकोले आफ्नो जिम्मा लगाई पाउँ भन्ने फिराद दाबी भई हामी प्रतिवादीहरूले वादीको छोरा विकासकुमारलाई साथमा नराखेको हुँदा झुठ्ठा फिराद दाबीबाट अलग फुर्सद गरिपाउँ भन्ने प्रतिउत्तर जिकिर रहेकोमा वादी दाबीबमोजिम नाबालक विकासकुमार वादीको जिम्मा लगाई पाउने ठहर्छ भन्ने सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६६।४।१८ को फैसला मिलेको छ छैन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक प्रतिवादी पुनिता देवी र प्रत्यर्थी वादी नारायण महतोबीच २०५७ सालमा विवाह भई २०५९ साल वैशाख महिनामा विकासकुमारको जायजन्म भएको विवाद देखिँदैन । नाबालक विकासकुमारको जन्मपश्चात् यी पुनरावेदक प्रतिवादी पुनिता देवीले प्रतिवादी रामविलास महतोसँग दोस्रो विवाह गरेको देखिन्छ । प्रत्यर्थी वादी नारायण महतोले यी पुनरावेदक प्रतिवादी पुनितादेवी अर्का प्रतिवादी रामविलास महतोसँग दोस्रो विवाह गरेकाले सम्बन्ध विच्छेद गरिपाउँ भन्ने र धनमाल फिर्तातर्फ फिराद दायर गरी प्रत्यर्थी वादी नारायण महतो र पुनरावेदक प्रतिवादी पुनितादेवीबीच सम्बन्ध विच्छेद भइसकेकोमा विवाद देखिँदैन । प्रत्यर्थी वादी नारायण महतोले मुलुकी ऐन लोग्ने स्वास्नीको महलको ३ नं. को देहाय २ मा ५ वर्षदेखि माथिका नाबालकलाई आमाले अर्को विवाह गरेको अवस्थामा बाबुले पाल्नु पर्छ भन्ने कानूनी आधारमा फिराद माग दाबी लिई प्रस्तुत फिराद मिति २०६४।३।१० गते सप्तरी जिल्ला अदालतमा दायर गरेको देखिन्छ ।

३. सुरू सप्तरी जिल्ला अदालतले मिति २०६४।१०।२७ मा वादी नारायण महतो र प्रतिवादी पुनितादेवीबीच सम्बन्ध विच्छेद भइसकेको र यी वादीका छोरा विकासकुमार प्रतिवादीहरूकै सँगसाथमा रहेको देखिँदा वादी दाबीबमोजिम वादीको छोरा विकास वादीको जिम्मा लगाई पाउने ठहर्छ भन्दै ऐन संशोधन भइसकेको कुरालाई बेवास्ता गर्दै मुद्दा फैसला गरेको देखिन्छ भने पुनरावेदन अदालत, राजविराजले पनि मिति २०६६।४।१८ मा सुरू फैसला सदर गर्दा संशोधित ऐन सम्बन्धमा विचार गर्नसकेको देखिन आएन । यस अदालतबाट मिति २०६८।४।३० मा "प्रस्तुत मुद्दा पर्नुपूर्व नै मिति २०६३।७।१७ मा

उक्त लोग्ने स्वास्नीको ३ नं. मा "पाँच वर्षको उमेर नपुगेसम्म" भन्ने शब्दको सट्टा "नाबालकलाई" भन्ने शब्द राखिएकोबाट नाबालकलाई आमाले पाल्न चाहेमा आमाले नै पाल्न पाउने अवस्था देखिन आयो" भनी मुद्दा दोहोऱ्याउने निस्सा प्रदान भएको देखिन्छ।

४. यसरी प्रत्यर्थी वादीको फिराद माग दाबीको कानूनी आधार लोग्ने स्वास्नीको महलको ३ को देहाय २ नं. को ५ वर्षदेखि माथिका नाबालकलाई आमाले अर्को विवाह गरेको अवस्थामा बाबुले पाल्नु पर्छ भन्ने व्यवस्था नै लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा खारेज भइसकेपश्चात् प्रस्तुत फिराद पत्र दायर भएको देखिन्छ । प्रस्तुत फिराद दायर हुनुअघि नै लोग्ने स्वास्नीको महलको उक्त कानूनी व्यवस्था लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ ले खारेज गरिसकेको देखिन आएकाले प्रस्तुत फिराद माग दाबीबमोजिम यी वादीलाई न्याय प्रदान गर्न मिल्ने देखिन आएन । अतः सुरू र पुनरावेदन अदालतबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन।

५. यी पुनरावेदक प्रतिवादी पुनिता देवी मुलुकी ऐन लोग्ने स्वास्नीको महलको संशोधित कानूनी व्यवस्थाबमोजिम बच्चा आफूले पालनपोषण गर्न पाउनुपर्छ भनी पुनरावेदन जिकिर लिएको सम्बन्धमा हेर्दा मुलुकी ऐन लोग्ने स्वास्नीको महलको ३ नं. को कानूनी व्यवस्था हेर्नुपर्ने हुन्छ।

लोग्ने स्वास्नीको महलको ३ नं. को कानूनी व्यवस्था हेर्दाः-

३ नं. ऐनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद भएको मितिले दुईसय बहत्तर दिनभित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएमा सो सम्बन्ध विच्छेद भएको लोग्नेकै सन्तान ठहर्छ । त्यस्ता सन्तान र पाँच वर्ष नपुगेका वा पाँच वर्षदेखि माथिका नाबालक पाल्ने विषयमा देहायबमोजिम हुन्छः

नाबालकलाई आमाले आफैँ पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ.....१

.....२

यस नम्बरको १ दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आमा बाबु दुवैको मन्जुरी भएमा त्यस्तो नाबालकलाई आमा बाबुमध्ये कुनैले वा आलोपालो गरी पाल्न पाउँछ ३

आमा बाबुमध्ये जोसुकैले पाले पनि नाबालकको अहित हुने अवस्था वा त्यस्तो अहित हुने मनासिब आशङ्का नभएमा पाल्ने आमाबाबुले नपाल्ने आमा वा बाबुलाई बीचबीचमा नाबालकसँग भेटघाट गर्ने मौका दिनुपर्छ । त्यस्तो मौका अर्को विवाह गर्ने आमाले पनि पाउँछ ४

आमाले पाल्दा बाबुले आफ्नो इज्जत आमदअनुसार नाबालकलाई खान, लाउन, शिक्षा र औषधी उपचारसमेतको मनासिब खर्च दिनुपर्छ । आमाले नपाली बाबुले त्यस्तो नाबालक पालेको रहेछ र बाबुभन्दा आमाको आयस्ता बढी रहेछ भने अड्डाले अवस्था विचार गरी आदेशद्वारा तोकिदिएबमोजिम त्यस्तो स्वास्नी मानिसले पनि नाबालकको खान, लाउन, शिक्षा र औषधी उपचारको खर्च व्यहोर्नु पर्छ ५

६. उल्लिखित कानूनी व्यवस्थाको ३ नं. को देहाय १ मा आमाले आफैँ पालन चाहेमा निजले र निजले पाल्न नचाहेमा बाबुले पाल्नु पर्छ भन्ने उल्लेख भएबाट ५ वर्ष नपुगेका वा ५ वर्षदेखि माथिका नाबालक

पाल्ने पहिलो दायित्व आमामा नै रहेको र निजले पाल्न नचाहेमा मात्र बाबुले पाल्न पाउने देखिन्छ । प्रस्तुत मुद्दामा नाबालक विकासकुमारको पालन पोषण आफूले गर्न पाउनु पर्छ भन्ने पुनरावेदक प्रतिवादी पुनिता देवीको पुनरावेदन जिकिरसमेत रहेको देखिँदा यी नाबालक विकासकुमारको पालनपोषण गर्न पाउने पहिलो अधिकार आमा पुनरावेदक प्रतिवादी पुनिता देवी महतोको नै रहेको देखिन आयो । उल्लिखित कानूनी व्यवस्थाबमोजिम नाबालक विकासकुमारको पालनपोषण गर्न पाउने पहिलो अधिकार आमा पुनरावेदक प्रतिवादी पुनिता देवी महतोको नै रहेको देखिन आए तापनि हालसम्म यी नाबालकका बाबु वादी नारायण महतोले निजको हित हुने गरी आफ्नो इज्जत आमदअनुसार खान, लाउन, शिक्षा र औषधी उपचारसमेत उपलब्ध गराई पाली आएको देखिन आएकाले उल्लिखित कानूनी व्यवस्थाको ३ नं. को देहाय ४ मा उल्लेख भएबमोजिम मनासिब आशंका नभएमा पाल्ने आमा बाबुले नपाल्ने आमा वा बाबुलाई बीचबीचमा नाबालकसँग भेटघाट गर्ने मौका यी वादी नारायण महतोले पाउनु पर्ने कुरामा अन्यथा देखिँदैन ।

७. उल्लिखित आधार कारणबाट पुनरावेदक प्रतिवादी पुनिता देवी र प्रत्यर्थी वादी नारायण महतोबीच सम्बन्ध विच्छेद भइसकेको र नाबालक ५ वर्ष लागेकोसमेत पुष्टि भएको भन्दै नाबालक विकासकुमारलाई प्रत्यर्थी वादी नारायण महतोको जिम्मा लगाउने गरी गरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी गरेको पुनरावेदन अदालत राजविराजको मिति २०६६।४।१८ को फैसला उल्टी भई नाबालक विकासकुमारलाई निजकी आमा पुनरावेदक प्रतिवादी पुनितादेवी महतोको जिम्मा लगाउनु पर्ने ठहर्छ । मुलुकी ऐन लोग्ने स्वास्नीको महलको ३ नं. को देहाय ४ बमोजिम हालसम्म आफ्नो इज्जत आमदअनुसार खान, लाउन, शिक्षा र औषधी उपचारसमेत उपलब्ध गराई पालन पोषण गर्ने बाबु वादी नारायण महतोले नाबालक विकासकुमारलाई बीचबीचमा भेटघाट गर्न पाउनु पर्नेसमेत ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नु ।

तपसिल

पुनरावेदन अदालत राजविराजको मिति २०६६।४।१८ को फैसला उल्टी भई नाबालक विकासकुमारलाई निजकी आमा पुनरावेदक प्रतिवादी पुनिता देवी महतोको जिम्मा लगाउने ठहरी फैसला भएकोले ऐनका म्यादभित्र प्रतिवादीको दरखास्त परे नाबालकलाई प्रत्यर्थी वादीबाट फिर्ता गराई पुनरावेदक प्रतिवादी पुनिता देवी महतोलाई जिम्मा लगाई दिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाई दिनू १

लोग्ने स्वास्नीको महलको ३ नं. को देहाय ४ बमोजिम नाबालकमा बाबु वादी नारायण महतोले नाबालक विकासकुमारलाई बीचबीचमा भेटघाट गर्न पाउनु पर्नेसमेत ठहर्छ भनी फैसला भएकाले वादी नारायण महतोले नाबालक विकासकुमारसँग भेटघाट गर्न पाउँ भनी निवेदन दिए भेटघाटको व्यवस्था मिलाई दिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाई दिनू २

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ३

उक्त रायमा सहमत छु ।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत: ईश्वरमणि ओझा
इति संवत् २०७४ साल चैत्र १४ गते रोज ४ शुभम् ।

निर्णय नं. ९९६७

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
फैसला मिति : २०७४।१।१९
०७२-RB-०४५४

मुद्दाः मूल्य अभिवृद्धि कर (आ.व.०६४/०६५)

पुनरावेदक / वादी : ठूला करदाता कार्यालय, ललितपुर
विरूद्ध
प्रत्यर्थी / प्रतिवादी : स्थानीय लेखा नम्बर ५००००१३१६८ को पशुपति सिमेन्ट प्रा. लि.का अध्यक्ष वीरेन्द्र कुमार संघाई

- **कुनै उद्योगले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि प्रचलित कानूनको अधीनमा रही सवारी साधन खरिद गर्न पाउने नै हुन्छ । उद्योगको व्यवसायिक कारोबार सञ्चालन गर्न आवश्यक भई खरिद गरी प्रयोगमा ल्याइएको सवारी साधन खरिदसम्बन्धी मूल्य अभिवृद्धि करबापतको कर कट्टा गर्न पाउने छुट करदाताले पाउने नै देखिन्छ । यसप्रकारको कुरामा सामान्य प्राविधिक तर्कअगाडि सारेर करदातालाई कानूनबमोजिमको सुविधा प्राप्त गर्नबाट वञ्चित गर्न नमिल्ने ।**

(प्रकरण नं.४)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ताद्वय श्री हरिशंकर ज्ञवाली र श्री ज्ञानप्रसाद भुषाल

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः
प्रमुख कर प्रशासक श्री सुरेश प्रधान

पुनरावेदन तहमा फैसला गर्नेः
माननीय अध्यक्ष श्री दीपककुमार कार्की
लेखा सदस्य श्री हरि पोखरेल
राजस्व सदस्य श्री मणिदेव भट्टराई
राजस्व न्यायाधिकरण काठमाडौं ।

फैसला

न्या. ईश्वरप्रसाद खतिवडा : राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।९।२२ गतेको फैसलाउपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(घ) बमोजिम पुनरावेदनको अनुमति प्रदान भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

पशुपति सिमेन्ट प्रा.लि.को लेखा परीक्षण सम्पन्न भई पेस भएको प्रतिवेदनका आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१) बमोजिम कर, जरिवानासमेत जम्मा रू.१,५९,९४६।- को प्रारम्भिक कर निर्धारण आदेश आन्तरिक राजस्व कार्यालय, काठमाडौंबाट मिति २०६७।३।३१ गते जारी भई उक्त कर निर्धारण हुनु नपर्ने वा परिवर्तन गर्नुपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त गरेको १५ दिनभित्र पेस गर्नु अन्यथा सर्वसञ्चित कोषमा दाखिला हुने गरी जम्मा गर्नु हुन भनी सूचित गरिएको पत्र मिति २०६७।४।२ गते करदाताले बुझी लिएको ।

ठूला करदाता कार्यालयको मिति २०६७।३।३१ को पत्रको सम्बन्धमा सो पत्रमा

उल्लेख गरिएअनुसार झिकाएको पिकअप भ्यान मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१(२) (ख) ले गरेको परिभाषाभित्र पर्दैन। हामीले झिकाएको निसान नाम गरेको सवारी साधन डबल पिकअप यात्रुबाहक सवारी साधन नभई सामान ओसारपसार गर्न झिकाइएको हो । तसर्थ उक्त सवारी साधन खरिदमा तिरेको रकम मूल्य अभिवृद्धि कर ऐनबमोजिम खर्च कट्टी पाउनु पर्छ भनी करदाताको तर्फबाट ठूला करदाता कार्यालयमा मिति २०६७।४।१४ मा जवाफ पेस गरेको पाइन्छ।

ठूला करदाता कार्यालयबाट करदातालाई मिति २०६७।३।३१ गते जारी गरिएको प्रारम्भिक कर निर्धारण आदेशबमोजिम नै लाग्ने जरिवानासमेत समावेश गरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०६७।४।२१ मा खडा भएको निर्णय पर्चा र सोहीबमोजिम मिति २०६७।४।२१ मा नै करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश।

हामीले उद्योगको सामान ओसार पसार गर्न खरिद गरेको गाडीमा समेत मूल्य अभिवृद्धि कर लाग्छ भनी जरिवाना लगाउनु उचित छैन। हाम्रो दाबी अमान्य गरी जरिवानासमेत लगाई मूल्य अभिवृद्धि कर माग गर्न नमिल्ने हुँदा कार्यालयको निर्णय बदर गरी कर, जरिवाना, थप दस्तुर तथा ब्याज मिन्हा गरिपाउँ भनी करदाताले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि दिएको निवेदन।

करदाताको निवेदन, सम्बन्धित कार्यालयको प्रतिक्रिया तथा सक्कल फायल संलग्न कागजातहरूको अध्ययन गर्दा ठूला करदाता कार्यालयले गरेको मूल्य अभिवृद्धि कर निर्धारणसम्बन्धी निर्णय कानूनसम्मत नै भएको देखिँदा करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भन्नेसमेत आन्तरिक राजस्व विभागको मिति २०६७।७।१७ को निर्णय।

हाम्रो उद्योगको सामानहरू ओसारपसार गर्नको लागि खरिद गरेको सवारी साधनमा मूल्य अभिवृद्धि कर लगाउन मिल्दैन । यसमा कर कट्टी सुविधा नदिई कर तथा जरिवाना लगाउनु आयकर ऐनको मनसाय र लेखाको सर्वमान्य सिद्धान्तविपरीत हुन जाने भएकोले सुरूको निर्णय त्रुटिपूर्ण एवं गैरकानूनी हुँदा मिति २०६७।४।२१ को अन्तिम कर निर्धारण आदेश तथा सोसँग सम्बन्धित निर्णय पर्चा तथा सोलाई समर्थन गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।७।१७ को निर्णय बदर गरिपाउँ भनी राजश्व न्यायाधिकरणमा परेको करदाताको पुनरावेदनपत्र।

सामान ढुवानी तथा ओसारपसार गर्ने पिकअप खरिद गरी सोमा तिरेको मूल्य अभिवृद्धि कर पूरै कर कट्टी दाबी गरेकोमा सोलाई अमान्य गरी ४० प्रतिशत मात्र कर कट्टी दिने भनी गरेको सुरू कार्यालयको निर्णय फरक पर्नसक्ने देखिँदा छलफलका लागि अ.बं. २०२ नं. बमोजिम सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने मिति २०६८।५।३० गते राजश्व न्यायाधिकरणबाट भएको आदेश।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(२) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४१ (२) (ख) मा भएको कानूनी व्यवस्था, करदाताले लिएको जिकिर, कार्यालयले निर्णय गर्दा लिएका आधारहरूलाई अध्ययन गर्दा करदाताको दाबीलाई अस्वीकार गरी ४० प्रतिशत क्रेडिट दाबी गर्नुपर्ने भनी ठूला करदाता कार्यालयले मिति २०६७।४।२१ गते सवारी साधनमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी नपाउने गरी गरेको निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।७।१७ को निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ भन्नेसमेत बेहोराको राजश्व न्यायाधिकरणको मिति २०६९।३।२७ गतेको फैसला।

सवारी साधनमा तिरेको मूल्य अभिवृद्धि करका सम्बन्धमा करदाताले सामान ओसारपसार गर्ने प्रयोजनका लागि मात्र प्रयोग गर्न मिल्ने सिङ्गल क्याब पिकअप भ्यान खरिद गरेको अवस्था छैन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(२) तथा नियमावली, २०५३ को नियम ४१(२) (ख) ले प्रस्तुत विषयलाई ऐन बन्दाकै समयमा स्पष्ट परिभाषित गरेको अवस्था हुँदाहुँदै उक्त परिभाषाको रोहमा रही मात्र दाबी गर्नुपर्नेमा डबल क्याब पिकअप भ्यानको सुविधा दाबी गरिएको छ । कानूनबमोजिम भएको कर निर्धारण आदेशतर्फ कुनै विश्लेषण तथा विवेचना नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंले गरेको फैसला त्रुटिपूर्ण भई बदरभागी छ भन्नेसमेत बेहोराको ठूला करदाता कार्यालयको पुनरावेदनपत्र ।

पुनरावेदन गर्न अनुमति दिने यस अदालतको आदेश बेहोरा

यसमा लगाउको ०६९-LE-०१०७ को आयकर मुद्दामा पुनरावेदन दर्ता गर्ने अनुमति प्रदान भएको हुँदा प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी भएकोले पुनरावेदन दर्ता गर्न अनुमति दिइएको छ भन्ने यस अदालतको मिति २०७२।११।१४ गतेको आदेश ।

कानून व्यवसायीको बहस

नियमानुसार साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजहरू समेतको अध्ययन गरी पुनरावेदक नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताद्वय श्री हरिशंकर ज्ञवाली र श्री ज्ञानप्रसाद भुषालले प्रस्तुत मुद्दामा करदाताले सामान ओसारपसार गर्ने प्रयोजनका लागि मात्र प्रयोग गर्न मिल्ने सिङ्गल क्याब पिकअप भ्यान खरिद गरेको अवस्था छैन । मूल्य अभिवृद्धि कर ऐन तथा नियमावलीले कर छुट पाउने अवस्था सम्बन्धमा ऐन बन्दाकै समयमा स्पष्टरूपमा उल्लख गरेको छ । ऐनले तोकेको मापदण्डभित्र मात्र उक्त कर छुट हुने हो । विशेष व्यवस्था गरी अटोमोबाइल्सको परिभाषा गरेको अवस्थामा कर कट्टी नहुने भन्न मिल्दैन । कानूनबमोजिम कर निर्धारण गरिएको निर्णयलाई विनाआधार र कारण उल्टी गरेको राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण भएकाले उल्टी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो । विपक्षीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले उद्योगको सामानहरू ओसारपसार गर्नको लागि खरिद गरेको सवारी साधनमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न कानूनले रोक लगाएको छैन । कानूनले प्रदान गरेको कर छुटको सुविधा करदाताले पाउनु पर्छ । पिकअप भ्यान उद्योगको सामान ओसारपसार गर्ने प्रयोजनका लागि झिकाइएको हो । यस अवस्थामा करदाताले खरिद गरेको सवारी साधनमा शतप्रतिशत छुट दिने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला कानूनसम्मत भएकाले सो फैसला सदर हुनुपर्छ भनी बहस गर्नुभयो ।

उपर्युक्त बहससमेत सुनी ठूला करदाता कार्यालय र आन्तरिक राजश्व विभागले गरेको निर्णय उल्टी गरी करदाताले खरिद गरेको सवारी साधनमा तिरेको मूल्य अभिवृद्धि कर खर्च कट्टी दिने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेको छ छैन ? र ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

यस अदालतको ठहर

२. निर्णयतर्फ विचार गर्दा, पशुपति सिमेन्ट प्रा.लि.को लेखा परीक्षण सम्पन्न भई कर, जरिवानासमेत गरी जम्मा रू.१,५९,९४६।– रकम कर निर्धारण गर्ने ठूला करदाता कार्यालयको आदेशउपर करदाताले पुनरावलोकनका लागि आन्तरिक राजस्व

विभागमा निवेदन दिएकोमा मिति २०६७।७।१७ गते ठूला करदाता कार्यालयको निर्णय सदर भएको देखियो । सो निर्णयउपर करदाताको राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन परी ठूला करदाता कार्यालयबाट मिति २०६७।४।२१ मा भएको निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।७।१७ को निर्णय उल्टी हुने ठहरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।३।२७ मा फैसला भएको देखियो । उक्त फैसलाउपर ठूला करदाता कार्यालयको यस अदालतमा पुनरावेदनको अनुमति पाउँ भन्ने निवेदन परी पुनरावेदन गर्ने अनुमति प्रदान भई प्रस्तुत मुद्दा यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको पाइयो ।

३. प्रत्यर्थी करदाता पशुपति सिमेन्टले सामान ढुवानी तथा ओसारपसार गर्ने प्रयोजनको लागि पिकअप भ्यान खरिद गरी सोमा तिरेको भनिएको मूल्य अभिवृद्धि कर पूरै कर कट्टीको दाबी गर्न पाउने हो वा होइन भन्ने नै निर्णय गर्नुपर्ने मूल प्रश्न रहेको छ । प्रत्यर्थी उद्योगले सामान ढुवानी तथा ओसारपसार गर्ने प्रयोजनको लागि पिकअप भ्यान खरिद गरेको तथ्यमा कुनै विवाद देखिँदैन । यस तथ्यलाई पुनरावेदकले समेत अन्यथा भन्नसकेको पाइँदैन । उक्त निसान डबल पिकअप क्याब यात्रुबाहक सवारी साधन नभई सामान ओसारपसार गर्ने सवारी साधन हो भन्ने करदाताको दाबी रहेको छ । ठूला करदाता कार्यालयले समान ओसारपसार गर्ने प्रयोजनको लागि सिङ्गल क्याब भ्यान मात्र झिकाउन पाइने भन्ने जिकिर गरेको देखिन्छ । उक्त सवारी साधन खरिदमा तिरेको मूल्य अभिवृद्धि करमा करदाताको पूरै कर कट्टीको माग दाबी भएकोमा सोबमोजिमको कर कट्टीको सुविधा नदिई ४० प्रतिशत क्रेडिट मात्र दाबी गर्नुपर्ने भनी ठूला करदाता कार्यालयबाट कर निर्धारण भएको पाइन्छ ।

४. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को ४१(२) (ख) को व्यवस्था हेर्दा **"अटोमोबाइल्समा खरिद मूल्यको ४० प्रतिशत"** भनी कर कट्टी गर्न पाउने दररेट तोकिएको पाइन्छ । सोही नियमावलीको स्पष्टीकरणमा उक्त खण्ड (ख) को प्रयोजनको लागि **"अटोमोबाइल्स भन्नाले कुनै पनि तीन वा सोभन्दा बढी पाङ्ग्रा भएको सडकमा गुड्ने यात्रुवाहक सवारीको साधन सम्झनु पर्छ"** भनी उल्लेख भएको देखिन्छ । करदाताको उद्योग व्यवसायको प्रकृति हेर्दा पिकअप भ्यान आवश्यक पर्ने र व्यापारिक कारोबारसँग मिल्दो नै देखिएको छ । यसप्रकारको सवारी साधन खरिद गर्न कानूनले नै सुविधा दिएको अवस्थामा सो सुविधा नपाउने भन्नु उचित र तर्कपूर्ण देखिँदैन । यसलाई करदाताको आय आर्जन गर्ने कारोबारको सिलसिलामा भएको खर्चको रूपमा समेत हेर्नुपर्ने देखिन्छ । कुनै उद्योगले आफ्नो व्यवसाय सञ्चालन गर्नको लागि प्रचलित कानूनको अधीनमा रही सवारी साधन खरिद गर्न पाउने नै हुन्छ । उद्योगको व्यावसायिक कारोबार सञ्चालन गर्न आवश्यक भई खरिद गरी प्रयोगमा ल्याइएको सवारी साधन खरिदसम्बन्धी मूल्य अभिवृद्धि करबापतको कर कट्टा गर्न पाउने छुट करदाताले पाउने नै देखिन्छ । यसप्रकारको कुरामा सामान्य प्राविधिक तर्क अगाडि सारेर करदातालाई कानूनबमोजिमको सुविधा प्राप्त गर्नबाट वञ्चित गर्न मिल्दैन ।

५. तसर्थ, माथि उल्लिखित आधार र कारणसमेतको आधारमा ठूला करदाता कार्यालयले सवारी साधन खरिदमा ४०% मात्र कर छुट पाउने गरी मिति २०६७।४।२१ गते गरेको कर निर्धारण आदेश र सो निर्णय आदेशलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६७।७।१७ को निर्णय उल्टी गरी प्रत्यर्थी उद्योगले सवारी साधन खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न पाउने ठहर गरेको राजस्व न्यायाधिकरण, काठमाडौंको मिति २०६९।३।२७

गतेको फैसला कानूनसम्मत र मनासिब देखिएकाले सदर हुने ठहर्छ। ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

निर्णय नं. ९९६८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
आदेश मिति : २०७४।१०।१४
०७३-WO-१३४२

विषय: परमादेश

निवेदक : कर्णबहादुर श्रेष्ठको छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ घर भई हाल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान सेवातर्फको मेडिकल अधिकृत, आठौं तह (प्राविधिक) पदमा कार्यरत वर्ष ४७ को प्राध्यापक डा. दिपेन्द्र श्रेष्ठसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत

- **मानिसको बाँच्न पाउने हकसँग सम्बन्धित विषय भएकाले चिकित्सा विज्ञानसम्बन्धी अध्ययन, अध्यापन गर्दा गराउँदा निश्चित मापदण्ड पूरा गर्नु अनिवार्य देखिन्छ। यो गरे पनि हुने, नगरे पनि हुने काम चलाउ प्रकृतिको र औपचारिकता निर्वाह गर्ने विषय होइन। त्यसैले चिकित्सा शिक्षा र सेवालाई भरपर्दो, स्तरीय र सक्षम तुल्याउनका लागि कानूनद्वारा निर्धारित प्रक्रिया अपनाउँदै अधिकतम् प्रयास निरन्तर कायम राख्न जरूरत रहने।**
- **कानूनको निर्माण भएपछि त्यसको प्रभावकारी कार्यान्वयन हुनु नै पर्दछ। व्यवस्थापनसम्बन्धी कठिनाई देखाएर कानून कार्यान्वयन हुन नसकेको कुराको औचित्य पुष्टि हुन सक्तैन। कानून निर्माण हुने तर कार्यान्वयन नगरिने अवस्था देखा पऱ्यो भने त्यसबाट कानूनपरायणताको संस्कार निर्माण नहुने, कानूनलाई छल्ने प्रवृत्ति बढ्न जाने र कानूनको शासन कमजोर बन्ने खतरा रहन्छ। यो अवस्था निश्चय नै शोभनीय नहुने।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता डा. श्री भिमार्जुन आचार्य

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी तथा विद्वान् अधिवक्ताद्वय श्री ओमप्रसाद थपलिया र श्री संजीव आचार्य

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३

आदेश

न्या. ईश्वरप्रसाद खतिवडा : नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छ:

निवेदन बेहोरा

हामी रिट निवेदकहरू विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल (यसपछि राष्ट्रिय प्रतिष्ठान भनिएको) मा विभिन्न मितिमा नियुक्ति पाई तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक वहन गरिरहेका छौं । प्रतिष्ठानको हित चिताई हामीहरूले काम गरिरहेका छौं। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ (यसपछि राष्ट्रिय प्रतिष्ठान ऐन भनिएको) जारी हुनुपूर्व चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको स्थानमा वीर अस्पताल विकास समिति रहेको थियो। मिति २०६३/०८/१७ मा राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ प्रमाणीकरण भई लागू भएपछि ऐनले राष्ट्रिय प्रतिष्ठानलाई एक स्वशासित र संगठित संस्थाको हैसियत प्रदान गरेको छ। राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी चिकत्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६४ प्रतिष्ठानको सभाबाट मिति २०६४/१०/१४ मा स्वीकृत भई जारी भएको अवस्था छ । यसैगरी राष्ट्रिय प्रतिष्ठान ऐनको दफा ३५ ले दिएको अधिकार प्रयोग गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ समेत जारी भएको अवस्था छ । राष्ट्रिय प्रतिष्ठान ऐनको दफा ३४(१) मा यो ऐन प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐनअन्तर्गत बनेको कर्मचारी सेवासम्बन्धी नियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनुपर्ने व्यवस्था छ । यसैगरी ऐ. ऐनको दफा ३४(२) मा उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई नेपाल सरकारले प्रतिष्ठानको कर्मचारीको रूपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ" भन्ने प्रावधान छ। यस दफाले निर्दिष्ट गरेको समय सीमाभित्र प्रतिष्ठानमा रहन चाहने कतिपय कर्मचारीहरूले राष्ट्रिय प्रतिष्ठानसमक्ष निवेदनसमेत पेस गरेको अवस्था थियो । तर प्रतिष्ठानको (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली २०६५/१०/१० मा स्वीकृत भई लागू भएको अवस्थामा सम्बन्धित निवेदकहरूले दिएको निवेदनमाथि कानून लागू भएको ९ वर्ष व्यतित हुँदासमेत सरोकारवाला अधिकारीले त्यसको कार्यान्वयनमा कुनै चासो दिएको पाइँदैन । उक्त दफा हाल निष्क्रिय अवस्था रहेको छ।

प्रतिष्ठानमा लामो समयदेखि काम गरी आएका कर्मचारी, प्राध्यापक, नर्स र डाक्टरहरूको पदोन्नति हुन नसकी निरूत्साहित हुनु परेको छ । प्राध्यापकहरूलाई आफ्नो कामअनुसारको पदीय हैसियत र दर्जा प्रदान नगरिएको अवस्था छ। राष्ट्रिय प्रतिष्ठानको शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६४ को अनुसूची १ बमोजिम न्यूनतम शैक्षिक योग्यता पूरा गरी प्राध्यापन गरिरहेका प्राध्यापकहरूलाई जिम्मेवारीअनुसारको पदनाम नदिई आठौं तहको कर्मचारीको हैसियतमा राखी अन्याय हुन पुगेको छ।

कर्मचारीहरूको सम्बन्धमा राष्ट्रिय प्रतिष्ठानको ऐन नियमअनुसार विधिवत्रूपमा कर्मचारीहरू पदपूर्ति नगरी हचुवा तथा पहुँचको भरमा प्रतिष्ठानमा स्वास्थ्य सेवाका तथा अन्य निकायका कर्मचारीहरूलाई सरूवा तथा पदस्थापन गर्दै आएको अवस्था छ । राष्ट्रिय प्रतिष्ठान ऐनको दफा ३४(१) ले स्पष्टरूपमा ऐन प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूमध्ये

प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐनअन्तर्गत बनेको कर्मचारी सेवासम्बन्धी नियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनुपर्ने व्यवस्था गरेकोमा यसलाई कार्यान्वयनमा ल्याइएन ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधा) नियमावली, २०६५ को नियम ६३(१) मा "प्रतिष्ठानका सेवाका पदहरूमध्ये दोस्रो तहबाट तेस्रो, तेस्रो तहबाट चौथो, चौथो तहबाट पाँचौँ, पाँचौँ तहबाट छैठौँ, छैठौँ तहबाट सातौँ, सातौँ तहबाट आठौँ र नवौँ तहबाट दशौँ तहमा स्तरवृद्धि गरिनेछ" भन्ने प्रावधान राखिएको छ । यसैगरी सोही नियमावलीको नियम ७ को क्रमसंख्या ७ मा आठौँ तहमा कार्यक्षमता तथा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गर्ने व्यवस्था नगरेका कारण लामो समयसम्म पनि काम गरेका नर्स तथा प्राविधिक कर्मचारीको सातौँ तहमा नै जीवन समाप्त हुने गरेको छ । यो प्रावधान नेपालको संविधानको धारा १८(१) अनुसार समानताको हकविपरीत छ । अन्य सबै पदहरूमा बढुवा र स्तरवृद्धिको प्रावधान राखिसकेपछि आठौँ तहमा वर्षौंदेखि काम गरिहेका कर्मचारी तथा चिकित्सकहरूलाई मात्र लक्षित गरी उनीहरूको हकमा स्तरवृद्धि हुन नसक्ने प्रावधान सम्पूर्णरूपमा पूर्वाग्रही र भेदभावपूर्ण छ । यसले विधिको शासनको आत्माको रूपमा रहने Fairness को सिद्धान्तसमेतको उल्लङ्घन गरेको छ । कानूनबमोजिम सिर्जना भएका व्यक्तिका जायज र स्वाभाविक अपेक्षाहरू (Legitimate Expectation) लाई अदालतले लामो समयदेखि संरक्षण गर्दै आएको छ । Lord Diplock ले *Council of Civil Service Unions V. Minister for the Civil Service* 1985 को मुद्दामा कानून (Law) र अभ्यास (Practice) ले स्थापित नियम, मान्यता वा परम्परालाई निर्णयकर्ताले उल्लङ्घन गर्न नसक्ने र उल्लङ्घन भएमा त्यसको संरक्षण अदालतले गर्ने राय व्यक्त गरेका छन् । यसप्रकारको न्यायिक प्रचलन हाम्रो अदालती अभ्यासको समेत एक विशिष्ट पक्ष हो । निर्णयकर्ताको निर्णय अभिव्यक्त कानून (Expressed Law) र स्थापित मापदण्ड (Established Practices) दुवै अनुकूल हुनुपर्दछ भन्ने हामी निवेदकहरूको अपेक्षा जायज, वैध र स्वाभाविक भएकाले त्यस्तो अपेक्षा सम्मानित अदालतबाट संरक्षित र कार्यान्वयन होस् भनी निवेदन गर्दछौं ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ७ मा "All are equal before the law and are entitled without any discrimination to equal protection of the law. All are entitled to equal Protection against any discrimination in violation of this Declaration and against any incitement to such discrimination" भनिएको छ । त्यसैगरी ऐ. को धारा ८ मा सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार पाउने अधिकारसम्बन्धी व्यवस्था गरिएको छ । "Everyone has the right to an effective remedy by the competent national tribunals for acts violating the fundamental rights granted him by the constitution or by law" भन्ने उल्लेख गरिएको छ । त्यस्तै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २६ मा सबै व्यक्तिहरू कानूनको दृष्टिमा समान छन् र कुनैपनि भेदभावबिना कानूनको समान संरक्षणका हकदार छन् । यस सम्बन्धमा कानूनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरूलाई जाति, वर्ण, लिङ्ग, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरूद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्यभूति दिइनेछ ("All persons are equal before the law and

are entitled without any discrimination to equal protection of the law. In this respect, the law shall prohibit any discrimination and guarantee to all persons equal and effective protection against discrimination on any ground such as race, color, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status") भन्ने व्यवस्था गरिएको छ । धारा ४४, ४९ र ५१ मा यस प्रतिज्ञापत्र स्वीकार गर्ने पक्ष राष्ट्रहरू यो प्रतिज्ञापत्र पालना गर्न बाध्य हुनेछन् भन्ने व्यवस्था छ । यी व्यवस्थाहरूबाट पनि हामी निवेदकहरूलाई अन्याय परेको कुरामा कुनै विवाद देखिँदैन । सम्मानित श्री सर्वोच्च अदालतबाट बाबुराम पौडेल विरूद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (*ने.का.प.* २०५१, अंक ३, पृ.१४३) भएको मुद्दामा तजबिजी अधिकार र समानताको हक सम्बन्धमा व्याख्या गर्दै "*आत्मनिष्ठ अधिकारको प्रयोग स्वेच्छाचारी तरिकाबाट हुनुहुँदैन*" भन्ने सिद्धान्त प्रतिपादन भएको छ । यो न्यायको मान्य सिद्धान्त हो । स्वेच्छाचारिता कानूनी राज्यको अवधारणाको नकारात्मक पक्ष हो ।

प्रतिष्ठानका कर्मचारीका बीचमा नै भेदभावको अवस्था विद्यमान रहेकोले उल्लिखित नियमावली र ऐन लागू गराई पाउन माथि विभिन्न प्रकरणहरूमा उल्लेख भएका आधार, कारण, नजिर सिद्धान्त तथा नेपालको संविधानको धारा १८, ३३ र ३४ का आधारमा देहायबमोजिमका आदेशहरू जारी गरिपाऊँ :

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली २०६५ को नियम ६३(१) को व्यवस्था अधुरो अपुरो भएकोले तत्काल उक्त नियम ६३(१) मा संशोधन गरी आठौँ तहबाट नवौँ तहमा जानसक्ने र अन्य सेवामा भएसरह बाह्रौँ तहसम्मको स्तर वृद्धिसम्बन्धी व्यवस्था गर्नु र सोही नियमावलीको नियम ७ मा सातौँ र आठौँ तहका पदमा बढुवाको व्यवस्था समावेश गर्न गराउन, राष्ट्रिय प्रतिष्ठानको सेवाका सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६४ बमोजिम प्राध्यापन कार्यमा संलग्न निवेदकहरूलाई तत्काल प्राध्यापकको हैसियत दिई जिम्मेवारी अनुसारको पदनाम, सेवा सुविधा प्रदान गर्नु र शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६४ तत्काल कार्यान्वयन गर्न गराउन, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा ३४ तत्काल कार्यान्वयन गरी नेपाल स्वास्थ्य सेवालगायत अन्य सेवाका कर्मचारीहरूको राष्ट्रिय प्रतिष्ठानमा काजमा रहने गलत परिपाटीको अन्त्य गर्न, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ को नियम १०४ मा उपदानको व्यवस्था गरेकोमा हालसम्म पनि अवकाश भइरहेका स्थायी कर्मचारी, नर्स, प्राविधिक र डाक्टरहरूले उपदानको सुविधा नपाई घर जानु परिरहेकोले सो व्यवस्था लागू गरी उपदान पाउने व्यवस्था गर्न गराउन तथा राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ को नियम ५२(४)(ख) बमोजिम अस्थायी वा करार सेवा अवधि जोडी सोअनुसारको सेवा सुविधा दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशलगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ ।

हालसम्म पनि विपक्षीहरूले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६४ साथै चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ विपरीत प्रतिष्ठानमा कर्मचारी नियुक्ति गरिरहेकोले प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म प्रतिष्ठान ऐन तथा नियमविपरीत कुनै पनि नियुक्ति नगर्नु नगराउनु

भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिपाऊँ । साथै सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ५(क) बमोजिम प्रस्तुत निवेदनलाई अग्राधिकार दिई पेसीको दिन तोकी सुनुवाइ गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

यस अदालतबाट भएको आदेश

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई उपस्थित हुनु भनी रिट निवेदन र यो आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाउँमा सूचना म्याद जारी गरी पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू ।

निवेदकहरूले अन्तरिम आदेशको माग गरेपनि निवेदकहरूले उठाएका विषय निवेदनको अन्तिम किनारा हुँदा विचार हुने नै हुँदा हाल निवेदन मागबमोजिम अन्तरिम आदेश जारी गरिरहनु परेन । कर्मचारीको रोजगारीसम्बन्धी हक अधिकारसँग जोडिएको विषय भएकोले विषयवस्तुको गम्भीर्यको आधारमा प्रस्तुत निवेदनलाई अग्राधिकार दिई नियमानुसार गरी पेस गर्नुहोला भन्ने मिति २०७४।३।८ को यस अदालतको आदेश ।

विपक्षीमध्येको स्वास्थ्य मन्त्रालयको लिखित जवाफ

रिट निवेदकहरूलाई प्रतिकूल असर पर्ने कार्य नगरे नगराएकोले यस मन्त्रालयलाई विपक्षी बनाउँदैमा कुनै दायित्व सिर्जना हुने नहुँदा यस मन्त्रालयको हकमा आदेश जारी गर्न मिल्दैन । यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्नेसम्मको तथ्यगत तथा कानूनी आधार र कारण रिट निवेदकले उल्लेख गर्न सक्नुभएको छैन । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका कर्मचारीको स्तर वृद्धि हुनबाट रोक लगाउने काम यस मन्त्रालयले गरे गराएको छैन । यस मन्त्रालयको कारणले निवेदकहरूको नेपालको संविधान (२०७२), मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्य कानून प्रदत्त कुनै हकमा प्रतिकूल असर परेको अवस्था छैन । बिनाकारण यस मन्त्रालयलाई विपक्षी बनाएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको स्वास्थ्य मन्त्रालयको लिखित जवाफ ।

विपक्षीमध्येका चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको लिखित जवाफ

संविधान तथा कानूनको पालना गर्ने गराउने कार्यमा प्रतिष्ठान कटिबद्ध नै छ । विपक्षीले उल्लेख गरे जस्तो चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ नेपालको संविधानसँग बाझिएको अवस्था छैन । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन (शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६४ र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ मूल ऐन र संविधानको भावनाविपरीत रहेका छैनन् । उक्त नियमावलीहरूमा कसैको पनि संवैधानिक तथा कानूनी हकहरूमा अनुचित बन्देज लगाइएको छैन । उक्त ऐन नियमहरू असमानपूर्ण, पूर्वाग्रही र भेदभावपूर्ण छैनन् । प्रतिष्ठानबाट प्रचलित कानूनबमोजिम सम्पादन हुने काम कारवाहीको विषयमा कानूनतः कुलपतिको संलग्नता नहुने हुँदा कुलपतिलाई विपक्षी बनाउनु पर्ने आधार र कारणसमेत छैन । प्रतिष्ठानको कुलपतिको हैसियतले कानूनविपरीत कुनै कार्य भएको वा हुन लागेको भनी रिट निवेदनमा स्पष्टरूपले उल्लेख नै नभएकोले रिट निवेदकले दाबी लिएको विषयमा केही कुरा उल्लेख गरी रहनु परेन । प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको लिखित जवाफ।

विपक्षीमध्येका कार्यकारी परिषद् चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालसमेतको लिखित जवाफ

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा ३४ कार्यान्वयन भएको छैन भन्ने बेहोरा सत्य साँचो होइन। राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ जारी हुनुपूर्व वीर अस्पताल विकास समिति रहेको बेहोरामा विवाद छैन। राष्ट्रिय प्रतिष्ठान गठन भएपछि विकासतर्फका सबै कर्मचारी यस प्रतिष्ठानका कर्मचारी कायम हुन आएको हुँदा प्रतिष्ठानले आफ्नो आन्तरिक स्रोतबाट तलब भत्ता सुविधा उपलब्ध गराउँदै आएको छ। वीर अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवा तथा अन्य सेवाका कर्मचारीहरूलाई नेपाल सरकारले स्वीकृति प्रदान गरेको दरबन्दीअनुसार अन्य सेवाका कर्मचारीहरूलाई नेपाल सरकारले स्वीकृति प्रदान गरेको दरबन्दीअनुसार नेपाल सरकारले नै तलब भत्ता सुविधा उपलब्ध गराउँदै आएको छ। हाल नेपाल सरकारले स्वीकृत गरेको दरबन्दीमा कुल ६७९ र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा कुल ५३५ को दरबन्दी स्वीकृत भएको छ।

नेपाल सरकारबाट उपलब्ध नेपाल स्वास्थ्य सेवाको कर्मचारीलाई विस्थापित गरी प्रतिष्ठान आफैँले व्यवस्था गर्न यति ठूलो जनशक्ति तत्काल प्राप्त हुनै सक्दैन। अस्पताल तथा शैक्षिक संस्थाको कार्य ठप्प हुनसक्ने अवस्थासमेत आउन सक्छ। प्रतिष्ठानलाई आवश्यक पर्ने कर्मचारीहरू तथा नेपाल स्वास्थ्य सेवा वा अन्य सेवाका कर्मचारीहरू सबैलाई नेपाल सरकारले तलब भत्ता सुविधा उपलब्ध गराएमा प्रतिष्ठानबाटै सबै कर्मचारीको व्यवस्थापन गर्न सकिने विषयमा नेपाल सरकारसँग पटकपटक छलफल भइरहेको छ।

शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६४ जारी भएपछि प्रतिष्ठानलाई आवश्यक पर्ने सबै पद तथा दरबन्दीमा क्रमशः स्थायी नियुक्त गर्दै जाने उद्देश्यअनुरूप सर्वप्रथम ट्युटर पदमा विज्ञापन प्रकाशित गरी स्थायी नियुक्ति दिने कार्य आरम्भ गरिएको थियो। तर विज्ञापन निस्कनासाथ सम्मानित सर्वोच्च अदालतमा रिट नं. ०६७-WS-००६६ को परमादेशसमेत तथा रिट नं. ०६८-WS-००६७ को उत्प्रेषण मुद्दा परी प्रतिष्ठानको शिक्षक सेवाका सर्त तथा सुविधा नियमावली, २०६४ तत्काल कार्यान्वयनमा आउन सकेन। सम्मानित सर्वोच्च अदालतबाट सो सम्बन्धमा फैसला भएपछि प्रतिष्ठानको सेवा आयोगले आवश्यक कार्य अगाडि बढाई ट्युटर पदमा स्थायी नियुक्ति गरी सकिएको छ। प्राध्यापन सेवातर्फ अन्य पदहरूमा स्थायी नियुक्तिको लागि वर्तमान परिप्रेक्ष्यअनुसारको आवश्यक पद तथा दरबन्दीको सन्दर्भमा अध्ययन भइरहेको छ। विपक्षी रिट निवेदकहरू चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६४ बमोजिम सेवा प्रवेश गरेका प्राध्यापक होइनन्। निजहरू यस प्रतिष्ठानको कर्मचारी सेवा सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ बमोजिम मेडिकल अधिकृत आठौँ तह (प्राविधिक) पदमा नियुक्त कर्मचारीहरू हुनुहुन्छ। हाल उहाँहरूलाई मेडिकल अधिकृतले गर्नुपर्ने काममा बाधा अड्चन नपुग्ने गरी अर्को व्यवस्था नभएसम्मका लागि प्राध्यापनको समेत जिम्मेवारी दिइएको हो। प्रतिष्ठानमा प्राध्यापन गरेबापत छुट्टै पारिश्रमिक उपलब्ध गराइएको छ। प्राध्यापन सेवातर्फ स्थायी नियुक्ति गरिँदा नियुक्तिअनुसार पदस्थापन तथा सेवा सुविधा उपलब्ध हुने नै छ।

कर्मचारी सेवा सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ को नियम ६३(१) देखि ६३(१०) सम्म स्तरवृद्धिको व्यवस्था गरिएको छ। सोही नियमावलीको नियम ४८ देखि नियम ६१ सम्म बढुवासम्बन्धी व्यवस्था र सोको योग्यता एवं

कार्यविधिको व्यवस्था गरिएको छ। कर्मचारीको क्षमता वृद्धिको लागि नियम ४४ देखिन ४७ सम्म अध्ययन, तालिम र सेमिनारसम्बन्धी व्यवस्था गरिएको छ । प्रतिष्ठानको (शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६४ को समेत नियम ४२ देखि ४५ सम्म अध्ययन, तालिम सेमिनारसम्बन्धी व्यवस्था छ। ऐ. नियमावलीको नियम ४६ देखि नियम ५८ सम्म बढुवा, बढुवासम्बन्धी योग्यता तथा कार्यविधिको प्रस्ट व्यवस्था गरिएको छ।

विपक्षी रिट निवेदकहरूले कर्मचारी सेवा सर्त तथा सुविधासम्बन्धी नियमावलीको नियम ५२(४)(ख) बमोजिम अस्थायी वा करार सेवाको सेवा अवधि जोडिएन भन्ने कुरा निराधार हो । नियमावलीको ५२(४)(ख) को व्यवस्था बढुवा प्रयोजनको लागि मात्र हो । अस्थायी वा करार सेवा अविच्छिन्न राखी समान सेवाको समान पदमा स्थायी नियुक्ति भएमा त्यस्तो अस्थायी वा करार सेवाको कर्मचारी आन्तरिक बढुवा हुँदा त्यस्तो अस्थायी वा करार सेवाको कुल अवधिलाई पचहत्तर प्रतिशत सेवा अवधि गणना गरिनेछ भन्ने प्रावधान हो। एक पटक सो अवधि जोडी प्राप्त अंकका आधारमा बढुवा भएपछि सो करार तथा अस्थायीरूपमा सेवा गरेको बेहोरा नोकरीमा जोडिने कानूनी व्यवस्था छैन । प्रतिष्ठानका कर्मचारी बढुवा गर्दा सो नियमावली स्वतः कार्यान्वयन हुने विषय हो। हाल विपक्षीहरू कसैको पनि बढुवा हुने योग्यता नै नपुगी उल्लिखित व्यवस्था लागू भएन भन्ने अवस्था विद्यमान छैन।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा ३ बमोजिम गठित यस प्रतिष्ठानलाई ऐनको दफा ६ द्वारा सुम्पेको जिम्मेवारी पूरा गर्न आवश्यक नियमहरू बनाई लागू गर्न, कार्यान्वयन गर्न सक्ने गरी प्रतिष्ठान ऐनको दफा ३५ ले अधिकार दिएको छ । स्वास्थ्य सेवा प्रवाह गर्नु प्रतिष्ठानको प्रमुख जिम्मेवारी हो । साथै अध्ययन, अध्यापन तथा अनुसन्धानको कार्यमा समेत यस प्रतिष्ठानको जिम्मेवारी रहेको छ । प्रतिष्ठानले पूरा गर्नुपर्ने कुनै पनि दायित्व र जिम्मेवारी प्रतिष्ठानबाट नगरिएको वा भेदभाव गरिएको अवस्था छैन। प्रतिष्ठानको कर्मचारी सेवा सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ को नियम ६३(१), नियम ७ लगायत नियमहरू संविधान तथा मूल ऐनसँग बाझिएको छैन । मानवअधिकारको विश्वव्यापी घोषणा १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा कुनै पूर्वाग्रह, भेदभाव तथा कुनै प्रकारको असमान व्यवहार यस प्रतिष्ठानबाट भएको नहुँदा विपक्षीहरूको झुठा कपोलकल्पित एवं निराधार रिट निवेदन खारेजभागी भएकोले खारेज गरिपाउँ भन्ने विपक्षी कार्यकारी परिषद्, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालसमेत ३ को लिखित जवाफ।

<u>कानून व्यवसायीहरूको बहस बेहोरा</u>

नियमबमोजिम दैनिक तथा साप्ताहिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता डा. श्री भिमार्जुन आचार्यले विपक्षीहरूले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ आइसकेको र उक्त ऐनको दफा ३४ ले प्रस्ट रूपमा ऐन प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐनअन्तर्गत बनेको कर्मचारी सेवासम्बन्धी नियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनुपर्ने व्यवस्था गरेको छ । उक्त ऐन कार्यान्वयनमा नै ल्याइएन । हालसम्म पनि विपक्षीहरूले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (शिक्षक सेवाका सर्त तथा

सुविधासम्बन्धी) नियमावली, २०६४ समेत तत्काल कार्यान्वयन गरी नेपाल स्वास्थ्य सेवालगायत अन्य सेवाका कर्मचारीहरूको राष्ट्रिय प्रतिष्ठानमा काजमा रहने गलत परिपाटीको अन्त्य गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी होस् भनी गर्नुभएको बहस सुनियो।

विपक्षी नेपाल सरकारको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा कर्मचारीको स्तरवृद्धि हुनबाट रोक लगाउने काम नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले गरे गराएको अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज होस् भनी बहस गर्नुभयो । विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको तर्फबाट विद्वान् अधिवक्ताद्वय श्री ओमप्रसाद थपलिया र श्री संजीव आचार्यले प्राध्यापकहरूलाई प्रशासनिक कर्मचारीको हैसियतमा राखिएको नभई आठौँ तहमा कार्यरत निवेदकहरूलाई मेडिकल अधिकृतले गर्नुपर्ने काममा बाधा नपुग्ने गरी अर्को व्यवस्था नभएसम्मका लागि प्राध्यापकको समेत जिम्मेवारी दिएको हो । कर्मचारी सेवा सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ को नियम ६३(१) देखि ६३(१०) सम्म स्तरवृद्धिको व्यवस्था गरिएको छ। सोही नियमावलीको नियम ४८ देखि ६१ सम्म बढुवासम्बन्धी व्यवस्था र सोको योग्यता एवं कार्यविधिको व्यवस्था गरिएको छ । प्रतिष्ठानका कर्मचारी बढुवा हुँदाका बखत उक्त नियमावली स्वतः कार्यान्वयन हुने विषय हो। हाल विपक्षीहरू कसैको पनि बढुवा हुने योग्यता नै पुगेको नहुँदा नियम कार्यान्वयन भएन भन्ने औचित्य नदेखिँदा प्रस्तुत निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

<u>ठहर खण्ड</u>

अब यसमा निवेदन मागबमोजिम परमादेशलगायतका कुनै प्रकारको रिट आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ जारी भई सोको कार्यान्वयनका लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (शिक्षक सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६४ र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ समेत जारी भएको छ । उक्त नियमावलीहरू कार्यान्वयन गरी सेवा सुविधा दिनु पर्नेमा नदिएको हुँदा उक्त नियमावलीहरू पूर्ण कार्यान्वयन गर्न गराउन परमादेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर देखिन्छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ तथा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानसम्बन्धी नियमावलीहरू कार्यान्वयनमा रहेका छन् । अवकाश भएका नर्स, प्राविधिक र डाक्टरहरू उपदानको सुविधा नपाई घर जानु परेको भन्ने बेहोरा सत्य साँचो होइन । प्रतिष्ठानमा स्थायी नोकरी गरी अवकास भएका कर्मचारीहरूलाई उपदान उपलब्ध गराइएको छ । कस-कसले उपदान पाएनन् विपक्षीले खुलाउन सक्नु भएको छैन। प्रतिष्ठानबाट कुनै पूर्वाग्रह, भेदभाव तथा कुनै असमान व्यवहार भएको छैन भन्नेसमेत बेहोराको लिखित जवाफ रहेको पाइयो।

३. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा ३४ को उपदफा (१) मा *"यो ऐन प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐनअन्तर्गत बनेको कर्मचारी सेवासम्बन्धी नियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनुपर्नेछ"* भन्ने व्यवस्था रहेको छ । उपदफा (२) मा *"उपदफा(१) बमोजिम निवेदन दिने कर्मचारीलाई नेपाल सरकारले प्रतिष्ठानको कर्मचारीको रूपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ"* भन्ने व्यवस्था रहेको देखिन्छ। उपदफा (३)

मा "*उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ*" भन्ने कानूनी व्यवस्था रहेको छ । कार्यान्वयन स्थितितर्फ दृष्टिगत गर्दा दश वर्षभन्दा पहिले जारी भएको ऐनमा रहेको उल्लिखित प्रावधानअनुसार अस्पतालमा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरूलाई प्रतिष्ठानतर्फ समायोजन गर्ने सम्बन्धमा कुनै ठोस र उल्लेखनीय काम कारवाही भएको देखिन आएन ।

४. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (कर्मचारी सेवा सर्त तथा सुविधासम्बन्धी) नियमावली, २०६५ बनेको र उक्त नियमावली, २०६५ को नियम ७ बमोजिम सातौं र आठौं तहका लागि कार्य क्षमता मूल्याङ्कन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति हुने व्यवस्था रहेको पाइएन । यसैगरी नियम ६३(१) मा स्तरवृद्धिसम्बन्धी व्यवस्था रहेको देखिन्छ । सो व्यवस्थाअनुसार अन्य सबै तहमा सो तहभन्दा तल्लो तहबाट स्तरवृद्धि हुने गरी व्यवस्था गरिएको देखिन्छ । तर आठौं तहबाट नवौं तहमा स्तरवृद्धि हुने गरी प्रावधान समावेश गरिएको देखिन आएन । के कुन उद्देश्य प्राप्तिका लागि यसप्रकारको व्यवस्था गरिएको हो भन्ने सम्बन्धमा विपक्षीहरूबाट कुनै तर्कपूर्ण कारण प्रस्तुत हुन आएको देखिँदैन । यदि कुनै मनासिब प्राविधिक कारण छैन भने यसरी आठौं तहबाट नवौं तहमा स्तरवृद्धि नगरिँदा आठौं तहका व्यक्तिहरूको वृत्ति विकास पाउने वैध अपेक्षा पूरा नहुने अवस्था रहने देखिन्छ । तसर्थ यो रिक्तता पूर्ति गर्नेतर्फ समेत विवेकसङ्गत रूपमा व्यवस्था मिलाउनु पर्ने अवस्था देखिएको छ ।

५. चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको स्थापना भएको देखिन्छ । रिट निवेदकहरूले प्रतिष्ठानमा Faculty व्यवस्था नभएकोसम्बन्धी प्रश्नसमेत उठाएको देखिन्छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलाई एउटा प्राज्ञिक संस्था (Academic Institution) को रूपमा विकास गर्ने ऐनको मनसाय रहेको पाइन्छ । यसरी खडा गरिएको प्रतिष्ठानको आवश्यकताअनुसार Faculty व्यवस्था गरिनु वाञ्छनीय देखिन्छ । तर हालसम्म प्रतिष्ठानमा Tutor को व्यवस्थासम्म गरिएको, Faculty को कार्य आमन्त्रित प्रशिक्षकबाट गराउने गरिएको, चिकित्सकलाई प्राध्यापनको काममा लगाएको, तर प्राध्यापकको रूपमा नियुक्त भने नगरिएको अवस्था छ भन्नेसमेतका जिकिरहरू प्रस्तुत हुन आएको पाइयो । प्रतिष्ठानसम्बन्धी ऐन जारी भएको दश वर्ष व्यतित भइसक्दा पनि प्रतिष्ठानमा आवश्यक हुने आधारभूत Faculty विकास गरिएको नदेखिएबाट ऐनको प्रभावकारी कार्यान्वयनमा वञ्छित सक्रियता अपनाएको अवस्था देखिन आएन ।

६. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको काम कारवाही र सुसञ्चालन गर्ने कुरा आम मानिसको स्वास्थ्यसँग सम्बन्धित संवेदनशील विषय देखिन्छ । जनस्वास्थ्यसम्बन्धी महत्त्वपूर्ण विषय भएकोले चिकित्सा शिक्षा तथा चिकित्सा सेवा दुवै पक्षमा गुणस्तरीयता र सक्षमता कायम गरिनु वाञ्छनीय छ । व्यवस्थापनसम्बन्धी व्यवहारिक सुविधा वा असुविधालाई अगाडि सारेर चिकित्सा शिक्षा र सेवामा सक्षमता तथा गुणस्तरीयता कायम गराउने दायित्वबाट पन्छिन मिल्दैन । मानिसको बाँच्न पाउने हकसँग सम्बन्धित विषय भएकाले चिकित्सा विज्ञानसम्बन्धी अध्ययन, अध्यापन गर्दा गराउँदा निश्चित मापदण्ड पूरा गर्नु अनिवार्य देखिन्छ । यो गरे पनि हुने, नगरे पनि हुने काम चलाउ प्रकृतिको र औपचारिकता निर्वाह गर्ने विषय होइन । त्यसैले चिकित्सा शिक्षा

र सेवालाई भरपर्दो, स्तरीय र सक्षम तुल्याउनका लागि कानूनद्वारा निर्धारित प्रक्रिया अपनाउँदै अधिकतम प्रयास निरन्तर कायम राख्न जरूरत रहने गर्दछ । प्रस्तुत विवादको सन्दर्भमा विचार गर्दा चिकित्सा विज्ञान अध्ययन तथा चिकित्सकीय सेवा प्रदानसमेतका कार्यका लागि स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गरी उच्चतम स्तरीय सेवा प्रदान गर्न स्वायत्तता प्रदान गर्ने अभिप्रायले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन जारी भएको देखिन्छ । उक्त ऐनअन्तर्गत केही नियमावलीहरू समेत बनेका छन् । यसरी बनेका नियमावलीहरूमा केही अव्यवहारिक र प्रयोग गर्न प्रस्ट हुन नसकेका प्रावधानसमेत रहेको देखिएको छ । यस्ता समग्र विषयमा नीतिगत स्पष्टता कायम गरी कानूनी सुधार प्रक्रिया अगाडि बढाउन आवश्यक देखिन्छ । यसैगरी बनेका ऐन, नियमलाई उद्देश्यमूलक तवरबाट प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउनु पर्ने अर्को महत्त्वपूर्ण पक्ष रहेको छ । कानूनको निर्माण भएपछि त्यसको प्रभावकारी कार्यान्वयन हुनु नै पर्दछ । व्यवस्थापनसम्बन्धी कठिनाई देखाएर कानून कार्यान्वयन हुन नसकेको कुराको औचित्य पुष्टि हुन सक्तैन । कानून निर्माण हुने तर कार्यान्वयन नगरिने अवस्था देखा पऱ्यो भने त्यसबाट कानूनपरायणताको संस्कार निर्माण नहुने, कानूनलाई छल्ने प्रवृत्ति बढ्न जाने र कानूनको शासन कमजोर बन्ने खतरा रहन्छ । यो अवस्था निश्चय नै शोभनीय हुँदैन । त्यसैले पनि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ र सो ऐनअन्तर्गत बनेका विभिन्न नियमावलीहरूमा रहेका कमी कमजोरीमा सुधार गरी कार्यान्वयनमा प्रभावकारिता सुनिश्चित गरिनु आवश्क देखिएको छ ।

७. माथि उल्लिखित कुराहरूलाई मध्यनजर राखी अब यसमा के कस्तो प्रकारको आदेश जारी गर्ने हो भन्ने सम्बन्धमा विचार गर्नुपर्ने हुन आएको छ । निवेदकहरूले विभिन्न प्रश्नहरू उठाई "परमादेशलगायत अन्य उपयुक्त आदेश" जारी होस् भनी माग गरेको देखिन्छ । यसरी उठाइएका प्रश्नहरूमध्ये उपदानको भुक्तानी तथा अस्थायी वा करार सेवामा रहेको अवधिको गणनासम्बन्धी प्रश्न उठाएको भए पनि कोही कसैलाई त्यस प्रकारको सुविधाबाट वञ्चित गरिएको दृष्टान्त प्रस्तुत हुन आएको पाइएन । उल्लिखित सुविधा नियमअनुसार प्रदान गरी आएको भनी विपक्षीहरूबाट जिकिर प्रस्तुत हुन आएको देखिन्छ । तसर्थ उपदान र करार वा अस्थायी सेवा अवधि गणना गर्ने सम्बन्धमा कुनै प्रकारको रिट आदेश जारी गर्नुपर्ने औचित्य देखिन आएन । निवेदन बेहोरालाई समग्रमा दृष्टिगत गर्दा सारतः नीतिगत विषयको प्रश्न उठाएको पाइयो । निवेदकहरू मध्ये कसैको कानून प्रदत्त हकमा आघात पुग्ने गरी कुनै कार्य भएको भन्ने निश्चित जिकिर प्रस्तुत हुन आएको देखिएन । बढुवाका सर्तहरूको व्यवस्था, प्रतिष्ठानको Faculty विकास, सेवाका सर्त र सुविधाको व्यवस्थालगायतका जनशक्ति व्यवस्थापनसम्बन्धी कुराहरूमा गरिनुपर्ने सुधारका विषयमा प्रश्न उठाइएको अवस्था देखिन्छ । यसप्रकारको नीतिगत व्यवस्थापनको विषयमा परमादेशको आदेश जारी गरी निवेदकहरूको कुनै प्रकारको हकको प्रचलन गराउन पर्ने अवस्था नदेखिएकाले निवेदन मागबमोजिम परमादेश जारी गर्नु मनासिब देखिएन ।

८. माथि विवेचना गरिएअनुसार चिकित्सा शिक्षा र चिकित्सा सेवामा गुणस्तर, सक्षमता र प्रभावकारिता कायम गर्नेसम्बन्धी कतिपय महत्त्वपूर्ण विषयमा प्रश्न उठाई निवेदन गरिएको देखिन्छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ जारी भएको १० वर्ष व्यतित हुँदासम्म पनि उक्त ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयनमा नल्याउनुको औचित्य पुष्टि हुँदैन । प्रतिष्ठानको Faculty विकासतर्फ कुनै कदम चालिएको देखिँदैन । ऐनअन्तर्गत बनेका नियमहरूमा केही असङ्गतिहरू पनि देखिएका छन् । यस्ता समग्र विषयमा तत्काल सुधार

गर्नु वाञ्छनीय छ । चिकित्सकहरू लगायतका कर्मचारीहरूको स्तरवृद्धि (वृत्ति विकास) लगायतका विषयमा नियमावलीहरूमा सुधार (संशोधन) गर्ने तथा ऐन, नियमको कार्यान्वयनमा प्रभावकारिता कायम गर्न थप सक्रियता अपनाउनसमेत आवश्यक देखिएको छ। तसर्थ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानसम्बन्धी नियमावलीहरूमा रहेका अनुपयुक्त, असङ्गत र अव्यावहारिक प्रावधानहरूमा सुधार वा परिमार्जन (संशोधन) गरी प्रतिष्ठानसम्बन्धी ऐन, नियममा रहेका समग्र प्रावधानहरूको कार्यान्वयन प्रभावकारीरूपमा हुने व्यवस्था मिलाउन र चिकित्सा विज्ञानको अध्ययन अध्यापन गर्ने गराउने कुरालाई तदर्थवादी (adhocism) शैलीमा नभएर आम मानिसको स्वास्थ्य र बाँच्न पाउने अधिकारको संरक्षण गर्ने राज्यको दायित्वप्रति संवेदनशील र उत्तरदायी भएर आवश्यक, उपयुक्त र भरपर्दो व्यवस्था अविलम्ब मिलाउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

इजलास अधिकृत : शकुन्तला कार्की
इति संवत् २०७४ साल माघ १४ गते रोज १ शुभम्।

निर्णय नं. ९९६९

प्रस्तुत मुद्दामा गोपनीयताको लागि पीडितको परिवारको सदस्यको नाममा ..... राखिएको छ।

- सम्पादक

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री मीरा खड्का
फैसला मिति : २०७४।१।२८
०७१-CR-११८५

मुद्दाः जबरजस्ती करणी

पुनरावेदक / प्रतिवादी : अछाम जिल्ला जनालीकोट गा.वि.स. वडा नं. ४ घर भई हाल कारागार शाखा अछाममा कैदमा रहेको डिल्ली स्वाँरसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : शान्ति धामी (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार

- **जाहेरी ढिला गरी परेको कारण सम्बन्धमा विवेचना गर्दा पीडितको परिवेशतर्फ पनि विचार पुऱ्याउनपर्ने हुन्छ। अशिक्षा, अभाव, अज्ञानतासमेत रहेको समाजमा ढिला गरी जाहेरी पर्दैमा सोही कारणले मात्र वारदात नै नभएको निष्कर्षमा पुग्दा अन्यायको पृष्ठपोषण गरेसरह हुन जाने।**

(प्रकरण नं.५)

- **गाउँ समाजको परिवेश, गरिबीसमेतका कारणले सामाजिक प्रभाव, दबाब वा आर्थिक लोभमा परी वारदात नै नभएको भनी निवेदन पर्नुलाई अस्वाभाविक मान्न**

मिल्दैन । वास्तवमा, कुनै पनि वारदात सम्बन्धमा भएको अनुसन्धानको नतिजा नै कसुर भए नभएको तथ्य निर्धारण गर्ने महत्त्वपूर्ण कसीको रूपमा रहेको हुन्छ । पछिबाट कसुरदार होइन भनी निवेदन परेको वा प्रतिवादीलाई सफाइ दिई बकपत्र गरेकै आधारमा मात्र सफाइ दिने हो भने न्याय व्यवस्थाको उपहास हुन जाने ।

(प्रकरण नं.६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री सञ्जिव कुमार लामा

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू फैसला गर्नेः

मा.जिल्ला न्या. श्री विष्णुप्रसाद अर्याल
अछाम जिल्ला अदालत ।

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्या. श्री भानुभक्त शर्मा न्यौपाने
मा.न्या. श्री हिमालयराज पाठक
पुनरावेदन अदालत डोटी ।

फैसला

न्या.ओमप्रकाश मिश्र : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

मिति २०६८।११।२४ गतेका साँझतिर नाम परिवर्तित राधा धामी गाउँको पटकानी भन्ने ठाउँमा होली जात्रा हेर्न गई घर फर्की आउने क्रममा बाटोमा पर्ने वडघारी खेतमा पुगेपछि अभियुक्तहरू रोचक कुँवर, डिल्ली स्वाँर, ध्रुव कुँवर, राकेश कुँवरसमेत जना ४ मिली निज पीडितलाई जबरजस्ती रूपमा समाई निजको मुखसमेत बन्द गरी सामूहिकरूपमा जबरजस्ती करणी गरेको हुँदा निजहरूलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरी दरखास्त ।

मिति २०६८।११।२४ गते साँझ म गाउँको पटकानीमा होलीको जात्रा हेर्न गएकी थिएँ । होली जात्रा हेरी राति घर आउने क्रममा बाटोमा ध्रुव कुँवर, डिल्ली स्वाँर, राकेश कुँवर, रोचक कुँवरसमेत जना ४ ले तँलाई घरसम्म पुऱ्याइदिन्छु भनी मलाई समाई जौ बारीमा पल्टाई मेरो मुखसमेत थुनी जबरजस्तीरूपमा पालैपालो गरी सामूहिकरूपमा जबरजस्ती करणी गरेका र घटनाबारे कसैलाई भनिस् भने तेरो ज्यानसमेत जान सक्छ भनी ज्यान मार्ने धम्कीसमेत दिएको हुँदा आफ्नोसमेत बेइज्जत हुन्छ भन्ने डरले सुरूमा मैले घटनाबारे कोही कसैलाई भनेकी थिइनँ। केही दिनपछि मेरी भाउजूले सोध्दा मैले घटना भएको कुरा बताएपछि निज भाउजूले जाहेरी गरेकी हुन् भन्ने पीडित राधा धामीले अनुसन्धान अधिकारीसमक्ष गरिदिएको कागज ।

अछाम जनालीकोट गा.वि.स वडा नं. ४ बडधारास्थित पूर्वमा हर्केस भुलको जौ बाली पश्चिममा ऐ. कै जौ वाली उत्तर पटकानी बजारबाट पीडितको घर जाने कच्ची बाटो, दक्षिण उपेन्द्र स्वाँरको २ मिटर टाढा गोठ छाना रहेको यति ४ किल्लाभित्र हर्केस भुलको जौ बारीमा डिल्ली स्वाँरसमेतले बलात्कार गरेको भनी बताएको उक्त घटनास्थलमा रहेको जौ भाँचिएका जुत्ता तथा चप्पलका छापहरू रहेका र उक्त जौ बारीमा पहेँलो रातो रंगको पोतेका जस्ता दानाहरू (टुक्रा) रहेका सोही ठाउँमा सेतो धागोमा पहेँलो रातो रंगको पोते छुटेको अवस्थामा फेला परेको भन्ने घटनास्थल प्रकृति मुचुल्का ।

नाम परिवर्तित राधा धामी मिति २०६८।११।२४ गते राति होली हेर्न गाउँको पटकानी गएकी र २५ गतेका बिहान पेट दुख्यो भनी भन्दै

थिइन् । मैले छोरा दिपेन्द्रलाई सोधपुछ गर्दा छोरा दिपेन्द्रले वडघारीस्थित जौ बारीमा कुँवरका केटाहरूले फुपूलाई छोपेको थियो भनी बताएपछि सोधपुछ गर्दा राकेश कुँवर, डिल्ली स्वाँर, रोचक कुँवर, ध्रुव कुँवरसमेत मिली मलाई जबरजस्ती करणी गरेका हुन् भनी पीडितले मलाई बताएकी हुन् । डर, धाक धम्कीका कारण भन्न नसकेकी रहिछ भन्ने अनुसन्धान अधिकारीसमक्ष पुरनबहादुर स्वाँरले गरिदिएको कागज ।

मिति २०६८।११।२४ गते म पनि पटकानीमा होली हेर्न गएको थिएँ । घर आउने क्रममा राकेश कुँवरसमेतले फुपूलाई समाती बाटोबाट तलतिर लिइरहेका थिए । डरले म घर आएर सुतिहालेँ फुपू कति बेला घर आइन् थाहा भएन । पछि फुपूलाई आमाले सोधपुछ गर्दा होली हेरी घरमा आउने क्रममा वडघारी जौ बारीमा ध्रुव कुँवर, रोचक कुँवर, डिल्ली स्वाँर, राकेश कुँवरसमेतले जबरजस्ती करणी गरेका हुन् कसैलाई भनीस् भने मारी दिन्छु भनेकोले मैले कसैलाई भन्न सकिन भनी फुपूले आमासँग भनेकी हुन् भन्ने अनुसन्धान अधिकारीसमक्ष बुझिएका .....ले गरेको कागज ।

यसमा मिति २०६८।११।२४ गतेका राति मलाई सामूहिकरूपमा जबरजस्ती करणी गर्ने मेरो अगाडि खडा गरी राखेको १० जनामध्ये एकै पंक्तिमा उभिएका दायाँतर्फबाट २ जना रोचक कुँवर र राकेश कुँवर हुन् र बायाँतर्फबाट ८ जना को बायाँतर्फ रहेका ९ औं जना डिल्ली स्वाँर र १० औं जना धुव्र कुँवर हो भनी राधा धामीले गरेको मिति २०६८।१२।१२ को सनाखत मुचुल्का ।

मिति २०६८।११।२४ गतेका राति नाम परिवर्तित राधा धामी पटकानीबाट होली हेरी घर आउने क्रममा वडघारी स्थित जौ बारीमा राकेश कुँवर, रोचक कुँवर, डिल्ली स्वाँर, ध्रुव कुँवरसमेत चार जनाले सामूहिक जबरजस्ती करणी गरेका हुनाले निज प्रतिवादीहरूलाई हदैसम्मको सजाय हुनुपर्छ भन्ने अनुसन्धान अधिकारीसमक्ष बुझिएकी माया स्वाँरले गरेको कागज ।

मिति २०६८।११।२४ गते रातमा होली हेर्न पटकानी भन्ने ठाउँमा गएको र त्यहाँ ध्रुव कुँवर, रोचक कुँवरसँग भेट भयो र केही छिनपछि राकेश कुँवरसँग भेट भएपछि हामी सबैजना पीडितको घर जाने बाटोतिर कुरी बसेको समयमा पीडित एक्लै घर आउन लागेको समयमा समात्न खोज्दा निज पीडितले हो-हल्ला गरी भाग्ने क्रममा निजको कुर्तासमेत च्यातिएको हो । निज पीडितलाई हामीहरूले पूर्वयोजना बनाई चारै जनाले पालैपालोसँग जबरजस्ती करणी गरेका हौं भन्नेसमेत बेहोराको अनुसन्धान अधिकारीसमक्ष अभियुक्त डिल्ली स्वाँरले गरेको बयान कागज ।

मिति २०६८।११।२४ गते साँझ होली हेर्न गएको समयमा राकेश कुँवर, ध्रुव कुँवर, डिल्ली स्वाँरसँग भेट भएको थियो । होली हेर्ने ठाउँमा चारै जनाले रक्सी खायौं । राधा धामीसँग कति बेला घर जाने हो भनी सोध्दा पीडितले म एक्लै घर जाने हो भनेपछि राकेश कुँवर, डिल्ली स्वाँरसमेतसँग भन्दा हामी चारै जना जाउँ भनी निज पीडितको घर जाने बाटोमा पर्खी बसेका थियौं । पीडित एक्लै आएपछि वडघारीस्थित जौ बारीमा ध्रुव कुँवर, डिल्ली स्वाँरले निज पीडितलाई समाती पल्टाई ध्रुव कुँवरले पहिला करणी गरेको र त्यसपछि डिल्ली स्वाँर र राकेश कुँवर र मैले अन्तिममा करणी गरेको हुँ । करणी गरिसकेपछि गाउँघरमा कसैसँग नभन्नु भनी डिल्ली स्वाँरले रू.१००।- दिएको थियो भन्नेसमेत बेहोराको अभियुक्त रोचक कुँवरले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज ।

मिति २०६८।११।२४ गते राति पटकानीमा होली हेर्न गएको समयमा रोचक कुँवर, डिल्ली स्वाँरसमेतसँग भेट भएकोले रोचकले केटी पट्याएको छु भनेकोले हामी चारै जनाले आज यसलाई करणी

गर्नुपर्छ भनी चारै जनाले अलिअलि रक्सी खाई पीडितको घर जाने बाटोमा पर्खी बसी पीडित आएपछि निजलाई जबरजस्ती रूपमा समाती हामी चारै जनाले सामूहिक जबरजस्ती करणी गरेका हौं भन्ने अभियुक्त राकेश कुँवर र ध्रुव कुँवरसमेतले एकै मिलान हुने गरी अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज।

मिति २०६९।११।२४ गते साँझ पीडित होली हेर्न गएकी र घर फर्की आउने क्रममा वडघारीस्थित जौ बारीमा ध्रुव कुँवर, राकेश कुँवर, रोचक कुँवर, डिल्ली स्वाँरसमेत चारै जनाले पीडितलाई सामूहिकरूपमा जबरजस्ती करणी गरेको हुँदा निजहरूलाई कानूनबमोजिम हदैसम्मको सजाय हुनुपर्छ भन्ने शिव बोगटीसमेत जना ५ ले गरिदिएको वस्तुस्थिति मुचुल्का।

मिति २०६८।११।२४ गते राति गाउँमा होलीको मेला हेर्न गई घर फर्किने क्रममा बीच बाटोमा एक्लै रहेकी पीडित नाम परिवर्तित वर्ष १५ की नाबालिका राधा धामीलाई प्रतिवादीहरू रोचक कुँवर, डिल्ली स्वाँर, राकेश कुँवर, ध्रुव कुँवरसमेत जना ४ ले सामूहिकरूपमा जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको १ नं. ले परिभाषित ३(३) नं. ले कसुरजन्य कार्य भए गरेको देखिँदा त्यस्तो कसुरजन्य कार्य गर्ने निज प्रतिवादीहरूलाई सोही महलको ३(३) नं. अनुसार सजाय गरी ४ जना भई सामूहिक बलात्कार गरेकोमा सोही महलको ३(क) नं. बमोजिम थप सजाय गरी ऐ.को १० र १०(ग) नं. बमोजिम प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको अभियोग मागदाबी।

पीडित राधा धामीकी भाउजू घरमा रक्सी बनाउँथिन् हामीले रक्सी नबनाउनुहोस् भनेका थियौँ। सोही रिसइवीका कारण हामीहरूका नाउँमा जाहेरी दरखास्त दिएकी हुन्। पीडितलाई जबरजस्ती करणी गरेको होइन। प्रहरीहरूले कुटपिट गरेको हुँदा डरले जबरजस्ती करणी गरेको हो भनी बयान दिएका हौं भन्नेसमेत बेहोराको प्रतिवादी रोचक कुँवरको सुरू अदालतमा भएको बयान।

मिति २०६८।११।२४ गते साँझ म पनि होली हेर्न गएको थिएँ। पीडित राधा धामीलाई पनि जात्रामा देखेको थिएँ। मसमेत भई जबरजस्ती करणी गरेको होइन। मसमेत ४ (चार) जनाले जबरजस्ती करणी गरेको भए तुरून्तै जाहेरी गर्नुपर्ने थियो। १७ दिनपछि जाहेरी भएकोले मलाई फसाउन मात्र जाहेरी दिएकी हुन् भन्नेसमेत बेहोराको प्रतिवादी ध्रुव कुँवरको सुरू अदालतमा भएको बयान।

मिति २०६८।११।२४ गते म पटकानीमा होली हेर्न गएको थिएँ। राति आफ्नो घरमा आई सुतिहालेँ। मैले उक्त राति पीडित राधा धामीलाई जबरजस्ती करणी गरेको भनी मेरा नाउँमा दिएको जाहेरी दरखास्त झुट्ठा हो। झुट्ठा जाहेरी किन दिएकी हुन् मलाई थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी डिल्ली स्वाँरको सुरू अदालतमा भएको बयान।

मिति २०६८।११।२४ गते साँझ गाउँको पटकानीमा होली हेर्न गएको थिएँ। पीडित राधा धामी कहाँ थिइन्, मलाई थाहा छैन। सो राति मैले पीडितलाई जबरजस्ती करणी गरेको भनी मेरा नाउँमा दिएको जाहेरी दरखास्त झुट्ठा हो। म निर्दोष मानिस हुँ भन्नेसमेत बेहोराको प्रतिवादी राकेश कुँवरको सुरू अदालतमा भएको बयान।

पीडित राधा धामीलाई प्रतिवादी राकेश कुँवर, रोचक कुँवरले जबरजस्ती करणी गरेको होइन। पीडितको घरमा अवैध रक्सी बनाउने गर्ने गरेको थियो। प्रतिवादीहरूले रक्सी बन्द गराउन खोज्दा विवाद भएको थियो। सोही कारणबाट प्रतिवादीउपर जाहेरी दिएको हो। सो जाहेरी झुट्ठा हो भन्ने रोचक कुँवर, राकेश कुँवरका साक्षी मकर कुँवरको बकपत्र।

सो घटना प्रत्यक्षरूपमा मैले देखेको होइन, सुनेअनुसार डिल्ली स्वाँरसमेतका ४ जना प्रतिवादीहरूले पीडित राधा धामीलाई होलीको मेलामा

एकान्त ठाउँमा छोपी जबरजस्ती करणी गरेका र सो कार्य कसैलाई नभन्नु भनी पीडितलाई धाक धम्की दिएको भन्ने मैले सुनेको हो यस्तो कार्य गर्नेलाई हदैसम्म सजाय हुनुपर्छ भन्ने बुझिएका मदन भुलको बकपत्र ।

मिति २०६८।११।२४ गते राति फुपूलाई प्रतिवादीहरूले हातपात गरी जबरजस्ती करणी गरेको हो भनी छोरा .....ले भन्दा मैले नन्द पीडित राधालाई सोधपुछ गर्दा पहिला ध्रुव कुँवरले मलाई समाती पल्टाइसकेपछि चारै जना प्रतिवादीहरूले पालै पालोसँग मलाई जबरजस्ती करणी गरी यो कुरा तिमीले तिम्रा दाइ भाउजू कसैलाई भनी जानकारी गराएमा तिमीलाई मारी दिन्छौँ भनेका हुँदा डरले मैले कसैसँग भन्नसकेकी होइन भनी नन्दले मसँग बताएकी हुन् भन्ने जाहेरवाली नाम परिवर्तित शान्ति धामीको बकपत्र ।

मिति २०६८।११।२४ गते राति पीडित राधा धामीलाई प्रतिवादी राकेश कुँवरले जबरजस्ती करणी गरेको हुँदा कारवाही गरिपाउँ भन्ने जाहेरी दरखास्त झुट्ठा हो । राकेश कुँवरसमेतका मानिसले मदिरा उत्पादन गर्न बन्द गर्न खोज्दा त्यसको रिसइवीले प्रतिवादी राकेश कुँवरको नाममा जाहेरी दिएकी हुन् । निजले पीडितलाई जबरजस्ती करणी गरेको होइन भन्ने प्रतिवादी राकेश कुँवरका साक्षी नरेन्द्र भाटको बकपत्र ।

प्रतिवादी ध्रुव कुँवरले पीडित राधा धामीलाई जबरजस्ती करणी गऱ्यो गरेन मलाई थाहा छैन तर ध्रुव कुँवर मिति २०६८।११।२४ गते राति मसँगै थियो भन्ने प्रतिवादी ध्रुव कुँवरका साक्षी विरेन्द्र कुँवरको बकपत्र ।

प्रतिवादी ध्रुव कुँवरले मिति २०६८।११।२४ गते राति पीडित राधा धामीलाई जबरजस्ती करणी गऱ्यो गरेन मलाई थाहा छैन । प्रतिवादी ध्रुव कुँवर सो राति मसँगै थियो । घरायसी झगडाका कारण प्रतिवादीउपर जाहेरी दिएकी हुन् भन्ने प्रतिवादी ध्रुव कुँवरका साक्षी पूर्ण कुँवरको बकपत्र ।

प्रतिवादी डिल्ली स्वाँर र म मिति २०६८।११।२४ गते राति तपेन्द्र स्वाँरको पसलमा सुतेका थियौं । प्रतिवादी र पीडित राधा धामीबीच रिसइवी थियो । सोही कारणबाट जाहेरी दिएकी हुन् । पीडित राधा धामीलाई प्रतिवादीले जबरजस्ती करणी गरेको होइन भन्ने प्रतिवादी डिल्ली स्वाँरको साक्षी लोकेन्द्र स्वाँरको बकपत्र ।

मिति २०६८।११।२४ गते गाउँको पटकानीमा होली जात्रा हेरी राति १२ बजेको समयमा घरमा आउन लागेकी थिएँ । वडघारी भन्ने ठाउँमा पुगेपछि बाटोमा ध्रुव कुँवर आई तिमीलाई घर पुऱ्याइदिन्छु भन्दा मैले मलाई पुऱ्याउनु पर्दैन भन्दा निज ध्रुव कुँवरले मलाई झम्टी पल्टाइसकेपछि अन्य प्रतिवादी डिल्ली स्वाँर, राकेश कुँवर, रोचक कुँवरसमेत ३ जना आई मलाई पालैपालो जबरजस्ती करणी गर्दा मेरो योनि दुखी मेरो योनिबाट रगत आई म थलाबाट उठ्न नसकी त्यसै ठाउँमा पल्टी राखेकी थिएँ । एकछिनपछि उठी घरतिर गई सुतेकी हुँ । निज प्रतिवादीहरूले मलाई यो कुरा कहीँकतै कसैलाई भनिस् भने तलाई मारी दिन्छौं भन्ने धम्कीसमेत दिएकोले मैले कसैसँग भन्नसकेकी थिइन पछि भाउजूले थाहा पाई मलाई सोध्दा मैले भनेपछि भाउजू शान्ति धामीले जाहेरी दिएकी हुन् भन्ने पीडित राधा धामीको बकपत्र ।

म घटना भएको दिनमा कञ्चनपुर जिल्ला महेन्द्रनगरमा थिएँ । मेरो भाउजूले फोन गरी उक्त घटनाको बारेमा सुनाउँदा मैले फोनबाटै प्रहरीलाई खबर गर्नु भनेकी थिएँ । पछि घर आई बहिनी पीडित राधा धामीलाई सोधपुछ गर्दा पीडित बहिनीले रूँदै भनिन् मिति २०६८।११।२४ गते होली हेरी घरमा आउने क्रममा वडघारी भन्ने ठाउँमा पुगेपछि प्रतिवादी राकेस कुँवर, रोचक कुँवर, डिल्ली स्वाँर, ध्रुव कुँवरसमेत चार जनाले पूर्वयोजना बनाई पालैपालोसँग मलाई जबरजस्ती करणी गरी यो कुरा कसैलाई भनिस् भने मारी दिनेछौं भन्ने धाक धम्की दिएको हुँदा मैले

कसैसँग भन्न सकिन भनी बहिनी राधा धामीले मसँग भनेकी हुन् । बहिनीको अवस्था राम्रो थिएन । योनि सुनिएको थियो । पेट दुःखीरहेको थियो भन्ने बुझिएकी .....को बकपत्र ।

मिति २०६८।११।२४ गते राति फुपू र म होलीको जात्रा हेरी घरमा आउन लागेको समयमा बडघारी भन्ने ठाउँमा पुगेपछि फुपू दिशा गर्न पछाडि रहिन् । म बाटोमा उभिएको थिएँ । डिल्ली स्वाँरले मलाई ट्वाफी किनिदियो । तँ घर गैहाल भनेपछि म एकछिन त्यहीँ लुकी रहँ फुपू मम्मी मम्मी भनी कराउँदै थिइन् । पछी फुपूको मुखमा रूमाल कोची मुख बन्द गरिदियो र फुपूको शरीरका लुगा कपडा खोली फुपूलाई नाङ्गी बनाई प्रतिवादी राकेस कुँवर, ध्रुव कुँवर, डिल्ली स्वाँर, रोचक कुँवरसमेतले पालैपालोसँग जबरजस्ती करणी गरेका हुन् । म डरले घरमा आई सुतेँ । फुपू कतिबेला घर आइन् थाहा भएन भन्ने बुझिएका .....को बकपत्र ।

पीडित नाम परिवर्तित राधा धामी मिति २०६८।११।२४ गते रातको समयमा होली जात्रा हेरी आफ्नो घरतर्फ फर्कने क्रममा बाटोमा एकान्त रहे भएको मौका छोपी यी प्रतिवादीहरूले निज पीडितलाई डर धाक धम्कीसमेत दिई सामूहिकरूपमा पालैपालो गरी जबरजस्ती गरेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन आएकोले प्रतिवादीहरूले मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. बमोजिमको कसुर गरेकाले प्रतिवादीमध्ये डिल्ली स्वाँर, ध्रुव कुँवर र राकेश कुँवरको हकमा जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ वर्ष र ऐ.को ३(क) नं. बमोजिम ५ वर्ष गरी जम्मा जनही १० वर्ष कैद सजाय हुने ठहर्छ । प्रतिवादी रोचक कुँवरलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम उमेर पुगेको प्रतिवादीहरूलाई हुने सजायको आधा ५ वर्ष कैद सजाय हुने भई निजलाई तोकिएको सजाय तत्काल भोग्नु नपर्ने गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम सजाय स्थगित हुने र जबरजस्ती करणी महलको १० नं. बमोजिम प्रतिवादीहरूबाट जनही ५०,०००।- का दरले पीडितलाई क्षतिपूर्ति भराई दिने ठहर्छ भन्ने अछाम जिल्ला अदालतको मिति २०७०।५।१८ को फैसला ।

पीडित र जाहेरवालीको घरबाट हिँडेर प्रहरी कार्यालय बयलपाटा पुग्न १५/२० मिनेटको समय लाग्ने हुँदा अछाम जिल्ला अदालतले भनेजस्तो सामूहिक बलात्कारको घटना १७/१८ दिनसम्म लुक्न छिप्नसक्ने अवस्था हुँदैन । १७/१८ दिनमा पीडित, जाहेरवाली र निजहरूका आफन्तले षड्यन्त्रको जाल बुनी बुनाउ गरी हामीहरूलाई फसाउनका लागि पीडितका लुगा आफैँ च्याती चुरापोते फुटाई कथित घटनास्थलमा फ्याँकी ती फ्याँकिएका च्यातिएका बनावटी झुट्ठा तथ्यलाई सनाखत गरेको नाटक विपक्षीले बनाई हामीहरूले जबरजस्ती करणी नगरेको भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनको बेवास्ता गरी सुरू अछाम जिल्ला अदालतबाट भएको फैसला प्रमाण ऐन, २०३१ को दफा २३(७) २५, ५४ तथा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको विपरीत हुँदा सो फैसला बदर गरी झुट्ठा अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरू डिल्ली स्वाँर, ध्रुव कुँवर र राकेश कुँवरको पुनरावेदन अदालत दिपायलमा परेको पुनरावेदनपत्र ।

यसमा वारदातको करिब २ हप्तापछि जाहेरी दरखास्त परेको, ढिलो जाहेरी गर्नु परेको पर्याप्त कारण खुलेको नदेखिएको र पीडित तथा जाहेरवालीसमेतले झुट्ठा जाहेरी दिएको भनी मिति २०७०।२।१६ मा दिएको निवेदन मिसिल सामेल रहेको पाइयो । प्रतिवादीहरूले अदालतमा बयान गर्दा पीडितको भाउजूले रक्सी बनाउने गरेको कारणबाट रिसइवी राखी नियोजितरूपमा फसाउनका लागि उजुरी गरेको भनी जिकिर गरेकोसमेतका सन्दर्भमा सुरू फैसला विचारणीय भएकाले छलफलका लागि

अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ समेतको प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय दिपायललाई पुनरावेदनको जनाउ दिई प्रत्यर्थी झिकाई अरू नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।१।३० मा भएको आदेश।

सुरू अछाम जिल्ला अदालतले प्रतिवादीहरूलाई १० (दश) वर्ष कैद सजाय र प्रतिवादीबाट जनही रू.५०,०००।- पीडितलाई क्षतिपूर्ति भराउने ठहर गरेको मिति २०७०।५।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत बेहोराको पुनरावेदन अदालत दिपायलको मिति २०७१।३।२९ को फैसला।

प्रस्तुत मुद्दामा हामी प्रतिवादी पुनरावेदकहरूले गरिएको भनिएको अपराध मिति २०६८।११।२४ गते राति भनिएको छ। जबरजस्ती करणी जस्तो जघन्य अपराधको जानकारी १७ दिनपछि मात्रै जिल्ला प्रहरी कार्यालय, अछाममा जाहेरी दरखास्त परेपछि उक्त गाउँघरका अन्य छरछिमेकहरूमा थाहा जानकारी हुन्छ। त्यसभन्दा अघि कहिँकतै उक्त घटनाको बारेमा कोही कसैलाई जानकारीसमेत छैन। घरनजिकै रहेको ईलाका प्रहरी कार्यालयसमेतलाई जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त परेपछि मात्र खबर थाहा हुन्छ भने यसबाट के पुष्टि हुन्छ भने घटना घट्दै नघटी हामी प्रतिवादीहरूसँग भएको रिसइवी साँध्नलाई उक्त जाहेरी दरखास्त दिएको हो।

जाहेरवालाको जाहेरी दरखास्तमा उल्लिखित बेहोरा, जाहेरवालीले मौकामा गरिदिएको कागज, प्रत्यक्षदर्शी वर्ष १० को .....ले गरेको कागज, पीडित भनिएको व्यक्तिको प्रहरीका कागज र अदालतमा यी तिनै जना व्यक्तिले गरी दिएको बकपत्रका बेहोराहरू फरकफरक छ। पीडित राधा धामीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको कुनै पनि भागमा चोटपटक नभएको, पीडितको हाइमेन च्यातिएको भन्ने मात्र उल्लेख भएको पाइन्छ। पीडित भनिएका व्यक्तिलाई हामी पुनरावेदकहरूले जबरजस्तीसँग कार्य गरेको भए, निजको शरीरमा घा खत हुनुपर्ने, करणी भएको भए स्वास्थ्य परीक्षण प्रतिवेदनमा देखिनु पर्ने थियो। पीडित पढ्दै गरेको विद्यालय महेन्द्र उच्च माध्यमिक विद्यालय, चण्डिका-४, बयलपाटा, अछामको मिति २०६९।६।२६ को पत्रानुसार पीडित राधा धामीले कक्षा ७ को वार्षिक परीक्षा मिति २०६८।११।२१ देखि २०६८।१२।१ सम्म नियमितरूपमा परीक्षामा समावेश भई उत्तीर्ण भएको छ। यसरी एउटा व्यक्ति जसलाई ४ जना व्यक्तिहरूले जबरजस्ती करणी गरेको भनिएको छ ती व्यक्तिले नियमितरूपमा कसरी परीक्षा दिनसक्छ, तर जसलाई जाहेरीमा मानसिक तथा शारीरिक अवस्था ठीक नभएको भनी उल्लेख गरी जाहेरी दिएको छ। जाहेरवाली शान्ती धामी र पीडित राधा धामीले प्रतिवादीहरूले जबरजस्ती करणी नगरेका गाउँघरका मानिसहरूले डर त्रास देखाई रिसइवी साँध्न झुट्ठा जाहेरी दिई बकपत्र गर्न लगाएका हुन् भनी हुलाकमार्फत मिति २०७०।२।१६ मा निवेदन दिएका छन्। यसबाट के पुष्टि हुन्छ भने हुँदै नभएको घटनालाई बनावटी बनाई घटनाको बारेमा झुट्ठा जाहेरी दिई कारवाही प्रक्रिया अगाडि बढाएको कुरा स्पष्ट हुन्छ। फौजदारी मुद्दा जस्तो जघन्य अपराधमा फैसला गर्दा तथ्यहरूको सूक्ष्मरूपमा विश्लेषण गरी गर्नुपर्ने हुन्छ। सुरू जिल्ला अदालत र पुनरावेदन अदालतको फैसलामा स्वास्थ्य परीक्षणमा हाइमेन च्यातिएको अवस्थालाई जबरजस्ती करणीको वारदातको प्रमाण लिएको पाइन्छ। उक्त प्रतिवेदनलाई हेर्ने हो भने पीडितको हाइमेन के कसरी च्यातिएको हो भन्नेबारेमा केही उल्लेख छैन। हाइमेन च्यातिएकोलाई मात्र जबरजस्ती करणीको वारदातमा बलियो प्रमाण मान्न मिल्दैन भनी श्री सर्वोच्च अदालतको पूर्ण इजलासबाट *ने.का.प.*

२०५९, अंक ३/४, पृष्ठ १२३, नि.नं. ७०६९ मा सिद्धान्तसमेत प्रतिपादन भइसकेको अवस्थामा उक्त सिद्धान्तको विपरीत गई गरेको फैसलामा त्रुटिपूर्ण रहेको छ । तसर्थ मिति २०७०।५।१८ को अछाम जिल्ला अदालतको फैसला र सो फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत डोटी, दिपायलको मिति २०७१।३।२९ को फैसला त्रुटिपूर्ण रहेको हुनाले बदर गरी हामी पुनरावेदकको पुनरावेदन जिकिरअनुसार झुट्ठा अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरूको तर्फबाट यस अदालतमा परेको पुनरावेदनपत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो । पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सञ्जिव कुमार लामाले प्रस्तुत मुद्दाको वारदात भएको भनेको १७/१८ दिनपछि मात्र जाहेरी परेको छ । तत्काल जाहेरी नपरी ढिलो गरी जाहेरी पर्नु नै शंकास्पद छ। अन्य प्रमाणबाट पुष्टि नभएमा पीडितको कन्याजाली च्यातिनुले मात्र जबरजस्ती करणी गरेको नहुने भन्ने सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ । घटना भएको प्रत्यक्षदर्शी भनिएका .....को प्रहरीमा भएको बयान र अदालतमा भएको बकपत्र फरक छ । तसर्थ शंकारहित तवरबाट अभियोग पुष्टि नभएको अवस्थामा पुनरावेदक प्रतिवादीहरूलाई कसुरदार ठहर गरी भएको पुनरावेदन अदालत दिपायलको फैसला त्रुटिपूर्ण हुँदा उल्टी हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

उपर्युक्तानुसारको तथ्य एवं बहस बुँदा रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।३।२९ मा भएको फैसला मिलेको छ, छैन? र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्नसक्ने हो, होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, मिति २०६८।११।२४ गतेका राति पीडित नाम परिवर्तित वर्ष १५ की नाबालिका राधा धामीलाई डिल्ली स्वाँरसमेतका ४ जना प्रतिवादीहरूले सामूहिकरूपमा जबरजस्ती करणी गरेकोले प्रतिवादीहरूलाई जबरजस्ती करणीको महलको ३(३) नं. अनुसार सजाय गरी सामूहिक बलात्कार गरेतर्फ सोही महलको ३क. नं. अनुसार थप सजायसमेत गरी सोही महलको १० र १०ग नं. बमोजिम प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने अभियोग मागदाबी रहेकोमा प्रतिवादीहरू मध्ये डिल्ली स्वाँर, ध्रुव कुँवर र राकेश कुँवरको हकमा जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५(पाँच) वर्ष कैद र ऐ. को ३क. नं. बमोजिम थप ५(पाँच) वर्ष गरी जम्मा जनही १०(दश) वर्ष कैद हुने र प्रतिवादीमध्ये रोचक कुँवर १६ वर्ष भन्दा कम उमेर भएको देखिएकोले निजलाई अन्य प्रतिवादीहरूलाई भएको सजायको आधा सजाय ५ (पाँच) वर्ष कैद हुने र निजलाई तोकिएको कैद सजाय भोग्नु नपर्ने गरी स्थगित हुने र पीडितले प्रतिवादीहरूबाट जनही ५०,०००।- का दरले क्षतिपूर्ति भराई पाउने ठहरी अछाम जिल्ला अदालतबाट फैसला भई पुनरावेदन अदालत दिपायलमा प्रतिवादीहरूको पुनरावेदन परी सुरूको फैसला सदर हुने गरी उक्त अदालतबाट फैसला भएको देखिन्छ । सो फैसलाउपर चित्त नबुझाई प्रतिवादीहरूका तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

३. पुनरावेदकहरूले पुनरावेदनपत्रमा अपराध भएको भनिएको धेरै दिनपछि मात्रै जाहेरी दरखास्त परेकोले जाहेरी झुट्ठा बनावटी हो, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट हाइमेन च्यातिएको भनिएकोलाई मात्र प्रमाणमा लिएर शंकाको आधारमा कसुरदार ठहर गरेको पुनरावेदन अदालतको फैसला बदर हुनुपर्ने भन्ने मुख्य पुनरावेदन जिकिर लिएको पाइन्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिरतर्फ विचार गर्दा मिति २०६८।११।२४ गतेका दिन गाउँमा

होली हेरी राति घर फर्कने क्रममा डिल्ली स्वाँर, ध्रुव कुँवर, राकेश कुँवर, रोचक कुँवरसहितका ४ जना व्यक्तिले जबरजस्तीरूपमा मेरो मुखसमेत बन्द गरी पालैपालो जबरजस्ती करणी गरेका हुन् भनी पीडित मेरो नन्द नाम परिवर्तित राधा धामीले आफूलाई बताएको भनी नाम परिवर्तित शान्ति धामीले किटानी रूपमा यी प्रतिवादीहरूउपर जाहेरी दरखास्त दिएको देखिन्छ । सोही जाहेरीको बेहोरालाई पुष्टि हुने गरी पीडितले मौकामा कागज गरेको साथै अदालतमा आई बकपत्र गरेको देखिन्छ । त्यस्तै आफूउपर सामूहिकरूपमा जबरजस्ती करणी गर्ने व्यक्तिहरू यिनै हुन् भनी पीडितले प्रतिवादीहरूको सनाखत गरेकोसमेत देखिन्छ । घटनाका प्रत्यक्षदर्शीको रूपमा रहेका .....ले फुपूलाई चारै जना प्रतिवादीले पालैपालोसँग जबरजस्ती करणी गरेका हुन् भनी घटनाको बेहोरा खुलाई लेखाई दिएको देखिन्छ । घटनास्थल मुचुल्कामा जौका बोटहरू भाँचिएका, माटोमा खुट्टाका जुत्ता तथा चप्पलका छापहरू रहेका र उक्त जौ बारीमा पहेँलो रातो रंगका पोतेका जस्ता दानाहरू र पोतेको टुक्रा रहेको भन्ने उल्लेख भएको देखिन्छ । यसैगरी पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा हाइमेन च्यातिएको भन्ने कुरा उल्लेख भएको देखिन्छ । घटनाक्रमहरूबाट वारदात भएको भन्ने पुष्टि हुन आएको अवस्थामा पीडितको हाइमेन अन्य कारणले Rapture भएको भन्ने अर्थ गर्न मिल्ने हुँदैन । त्यसमा पनि पीडितको स्वास्थ्य परीक्षण घटना भएको १५ दिनपछि मात्र भएकोले जाहेरी दरखास्तमा उल्लेख भएअनुसार भएको जबरजस्ती करणीको कारणबाटै हाइमेन च्यातिएको होइन भन्न मिल्ने देखिन आएन ।

४. प्रतिवादीहरूले अदालतमा बयान गर्दा आफूहरूले पीडितलाई करणी गरेकोमा इन्कार रहे तापनि निजहरूले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा रातको समयमा प्रतिवादीहरू चारै जनाले पीडितको पिछा गरी पीडितलाई जौ बारीमा लगी सामूहिकरूपमा जबरजस्ती करणी गरेको भनी साबिती बयान गरेको पाइन्छ । अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान कुटपिट डर त्रासबाट भएको हो कि भन्नलाई सो बयान अन्यथा भएको भन्ने प्रतिवादीहरूको जिकिर प्रमाणित हुनसकेको देखिँदैन । प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष भएको बयान, मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, जाहेरवाली र पीडितको बकपत्र, स्वास्थ्य परीक्षण प्रतिवेदनलगायतका स्वतन्त्र प्रमाणहरूबाट प्रतिवादीहरू विरूद्धको अभियोग पुष्टि भइरहेको देखिँदा शंकाको आधारमा कसुरदार ठहर गरिएको भन्ने निजहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

५. जाहेरी दरखास्त ढिला परेको भन्ने जिकिरको हकमा विचार गर्दा कानूनको हदम्यादभित्र नै जाहेरी पर्न आएको र यी प्रतिवादीहरू उपर झुट्टा जाहेरी दिनुपर्ने कुनै कारणसमेत मिसिलबाट देखिएको छैन । जाहेरी ढिला गरी परेको कारण सम्बन्धमा विवेचना गर्दा पीडितको परिवेशतर्फ पनि विचार पुऱ्याउनपर्ने हुन्छ । अशिक्षा, अभाव, अज्ञानतासमेत रहेको समाजमा ढिला गरी जाहेरी पर्दैमा सोही कारणले मात्र वारदात नै नभएको निष्कर्षमा पुग्दा अन्यायको पृष्ठपोषण गरेसरह हुन जान्छ । त्यसमा पनि प्रस्तुत जाहेरी जबरजस्ती करणीको महलको ११ नं. ले व्यवस्था गरेको हदम्यादभित्रै परेको देखिन्छ ।

६. त्यसैगरी पीडित र जाहेरवालीले प्रस्तुत वारदात नै नभएको प्रतिवादीहरूसँग रिसइवी भएका गाउँघरका मानिसहरूले डर, त्रास देखाई दबाब दिई झुट्टा जाहेरी तथा बकपत्र गर्न लगाएका हुन् भनी हुलाकमार्फत मिति २०७०।२।१६ मा दिएको निवेदनमा उल्लेख गरेको हुँदा प्रतिवादीहरूले सफाइ पाउनु पर्ने भनी पुनरावेदक प्रतिवादी पक्षको जिकिर रहेतर्फ विचार गर्दा गाउँ समाजको परिवेश,

गरिबीसमेतका कारणले सामाजिक प्रभाव, दबाब वा आर्थिक लोभमा परी वारदात नै नभएको भनी निवेदन पर्नुलाई अस्वाभाविक मान्न मिल्दैन । वास्तवमा, कुनै पनि वारदात सम्बन्धमा भएको अनुसन्धानको नतिजा नै कसुर भए नभएको तथ्य निर्धारण गर्ने महत्त्वपूर्ण कसीको रूपमा रहेको हुन्छ । पछिबाट कसुरदार होइन भनी निवेदन परेको वा प्रतिवादीलाई सफाइ दिई बकपत्र गरेकै आधारमा मात्र सफाइ दिने हो भने न्याय व्यवस्थाको उपहास हुन जान्छ । प्रस्तुत मिसिल संलग्न किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितको बकपत्रलगायतका प्रमाणको मूल्याङ्कनबाट पुनरावेदक प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि भइरहेको देखिँदा निजहरूलाई अभियोग मागदाबीबमोजिम कसुरदार ठहर गरी सुरू अछाम जिल्ला अदालतले गरेको फैसला सदर हुने गरी मिति २०७१।३।२९ मा पुनरावेदन अदालत दिपायलबाट भएको फैसला अन्यथा नभई मनासिब देखिन आयो ।

७. तसर्थ, पुनरावेदक प्रतिवादीहरू डिल्ली स्वाँर, राकेश कुँवर र ध्रुव कुँवरलाई जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ (पाँच) वर्ष कैद र ऐ.को ३ क नं. बमोजिम थप ५(पाँच) वर्ष गरी जम्मा १० वर्ष कैद सजाय र प्रतिवादीहरूबाट जनही रू.५०,०००।- (पचास हजार रूपैयाँ) पीडितलाई क्षतिपूर्ति भराई दिने गरी भएको पुनरावेदन अदालत दिपायलको मिति २०७१।३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. मीरा खड्का
इजलास अधिकृत: शिवहरी पौड्याल
इति संवत् २०७४ साल वैशाख २८ गते रोज ५ शुभम् ।

निर्णय नं. ९९७०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
आदेश मिति : २०७४।११।२९
०७३-WO-१२३८

विषयः उत्प्रेषण / परमादेश

निवेदक : मकवानपुर जिल्ला नामटार गा.वि.स. वडा नं.७ परिवर्तित भई कैलास गाउँपालिका वडा नं. ९ मा घर भई हाल जिल्ला जनस्वास्थ कार्यालय मकवानपुरमा ल्याब टे.अधिकृत पदमा कार्यरत राजकुमार इटेनीसमेत

विरूद्ध

विपक्षी : सामान्य प्रशासन मन्त्रालय, निजामती कर्मचारी सन्तती छात्रवृत्ति व्यवस्थापन समिति सिंहदरबार, काठमाडौंसमेत

- **कुनै कानूनमा भएको बाधा अड्काउ फुकाउको व्यवस्था सो कानूनबमोजिम काम गर्दा आइपरेको कुनै बाधा अड्चन सो कानूनको समान्य व्यवस्थाले समाधान गर्न नसकेको अवस्थामा प्रयोग हुने विशेष व्यवस्था हो । सामान्य कानूनी व्यवस्थाले नै आइपरेको कुनै समस्या समाधानको बाटो देखाएको अवस्थामा बाधा अड्काउ फुकाउको विशेष व्यवस्थालाई जबरजस्ती रूपमा प्रयोग गर्न सम्बन्धित कानूनको मनसाय रहेको मान्न नमिल्ने ।**
- **आफूखुसी ढङ्गबाट (Arbitrarily) बाधा अड्काउ फुकाउको व्यवस्थालाई प्रयोग**

गर्न थालियो भने त्यसबाट कानूनको वाञ्छित उद्देश्य हासिल हुन सक्दैन । कानूनको अन्य व्यवस्थाहरू आफैँमा स्पष्ट भइरहेका बेला जबरजस्ती बाधा अड्काउ फुकाउको बहानामा अनपेक्षित परिणाम निकाल्नुलाई उचित मान्न नसकिने ।

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री नेवल चौधरी

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या.ओमप्रकाश मिश्र : नेपालको संविधानको धारा ४६ र १३३(२) अनुसार दर्ता भई पेस हुन आएको प्रस्तुत निवेदको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ:-

हामी निवेदकहरू निजामती कर्मचारी रहेकोमा कुनै विवाद छैन । निजामती कर्मचारीहरूको सन्ततिको उच्च शिक्षा अध्ययनमा सघाउ पुऱ्याउने उद्देश्यले नेपाल सरकारले छात्रवृत्ति दिने व्यवस्था गरेको रहेछ । उक्त छात्रवृत्तिलाई व्यवस्थित गर्ने निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ निर्माण भई प्रचलनमा समेत रहेको छ । हामी निवेदकहरू मध्येको म राजकुमार इटेनीको छोरा असिम इटेनी हेटौंडा सिट मकवानपुरमा २०७२ सालमा भर्ना भई Bsc.CSIT कोर्षमा अध्ययनरत छात्र हो । उक्त कलेजलाई जम्मा रू.५,२५,०००।- फी तिर्नु पर्नेछ । त्यसैगरी म निवेदक दलबहादुर खड्काको छोरा किशोरकुमार खड्का सेन्ट जेभियर्स कलेज काठमाडौंमा Bsc. CSIT कोर्षमा २०७२ सालमा भर्ना भई अध्ययनरत छात्र हो । उक्त कलेजलाई जम्मा रू.४,७२,५००।- फी तिर्नु पर्नेछ र म निवेदक केशव पराजुलीको छोरा अभिषेक पराजुली ट्रिनिटि इन्टरनेसनल कलेज काठमाडौंमा Bsc. CSIT कोर्षमा २०७२ सालमा भर्ना भई अध्ययनरत छात्र हो । उक्त कलेजलाई जम्मा रू.५,९०,०००।- फी तिर्नु पर्नेछ ।

हामी निवेदकहरूको छोराहरू छात्रवृत्तिका लागि छनौट भइसकेपछि कलेजलाई तिर्नु पर्ने शुल्कको आधारमा निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ को दफा ३ को उपदफा ३ को (ख) बमोजिम असिम इटेनी र अभिषेक पराजुलीलाई रू.पाँच लाखभन्दा बढी शुल्क लाग्ने भएकाले निजहरूले रू.दुई / दुई लाख छात्रवृत्ति पाउने त्यसैगरी सोही निर्देशिकाको दफा ३ को उपदफा ३ को (ग) बमोजिम किशोर कुमार खड्काले रू. एक लाख पचास हजार छात्रवृत्ति रकम पाउने अनिवार्य कानूनी व्यवस्था रहेको छ । त्यसैगरी विपक्षीले आ.व.०७०।०७१ र ०७१।०७२ मा छात्रवृत्ति वितरणसम्बन्धी निर्णय गर्दा निर्देशिकामा भएको कानूनी प्रावधानअनुरूप छात्रवृत्ति रकम प्रदान गरिएको छ ।

निर्देशिकाको दफा १४ बमोजिम आह्वान गरेको सूचनाबमोजिम हामी निवेदकहरूले दर्खास्त पेस गरेकोमा हाम्रो छोराहरूको नाम आ.व.०७२।०७३ का लागि मिति २०७३।०८।१६ का दिन अन्तिम नतिजा प्रकाशित गर्दा विज्ञान विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरूको लागि छुट्याएको खुल्लातर्फको सिट संख्या २६ को वैकल्पिक नं. १, २ र ३ नं.मा रहेको थियो । तर मूल सूचीमा नाम भएको विद्यार्थीहरूले छात्रवृत्तिको रकम लिन नआएकोमा वैकल्पिकमा परेका विद्यार्थीहरूले छात्रवृत्ति पाउने व्यवस्था निर्देशिकामा रहेको छ । विपक्षीले निर्देशिकाको दफा २० बमोजिम छात्रवृत्तिको लागि छनौट गरिसकेपछि निर्देशिकाको

दफा २२ बमोजिम अध्ययनरत शिक्षण संस्थालाई छात्रवृत्तिबापत प्राप्त हुने रकम सोझै शिक्षण संस्थालाई भुक्तानी गर्नका लागि दफा १९ बमोजिम हामीहरूले कबुलियतनामाको कागजसमेत गरिसकेका छौं ।

हामी निवेदकहरूको सन्ततिले कानूनबमोजिम प्राप्त गर्ने छात्रवृत्तिको रकम अध्ययनरत शिक्षण संस्थालाई भुक्तानी प्रक्रिया अगाडि बढाउन अनुरोध गर्दा विपक्षीहरूले निर्देशिकाको दफा ३ को उपदफा ३ को (ख) र (ग) मा भएको कानूनी प्रावधान र विगतमा भएको निर्णयअनुरूप निर्णय गर्नुपर्नेमा सो नगरी कबुलियतनामा गर्न नआएको विद्यार्थी अध्ययनरत रहेको शैक्षिक संस्थालाई तिर्नुपर्ने शुल्कको आधार लिई मुख्य उम्मेदवारले पाउने छात्रवृत्ति रकम रू. चौबीस हजार बराबरको रकम मात्र हामी निवेदकको छोराहरू (वैकल्पिक उम्मेदवार) लाई दिने मिति २०७३।९।२७ को निर्णय नं. २ मा निर्णय गरेकोले उक्त निर्णयले हामीलाई आघात पुगेको छ । मिति २०७३।९।२७ को निर्णय नं. २ को निर्णय निर्देशिकाको दफा ३ को उपदफा ३ को (ख) र (ग) मा भएको कानूनी प्रावधान र विगतमा भएको निर्णयविपरीत रहेको हुँदा उत्प्रेषणको आदेशद्वारा विपक्षीहरूले गरेको उक्त मिति २०७३।९।२७ को निर्णय नं. २ लाई बदर गरी सोही निर्देशिकामा भएको अनिवार्य कानूनी व्यवस्थाबमोजिम अध्ययनरत रहेको शैक्षिक संस्थालाई बुझाउनु पर्ने शुल्कको आधारमा असिम इटेनीको हकमा रू.दुई लाख, अभिषेक पराजुलीको हकमा रू. दुई लाख र किशोरकुमार खड्काको हकमा रू.एक लाख पचास हजार रकमहरू अध्ययनरत शिक्षण संस्थालाई सोझै भुक्तानी गर्नका लागि विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाऊँ ।

यसमा निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको जारी हुनु नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले १५(पन्ध्र) दिनभित्र लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट जारी भएको आदेश ।

निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ बमोजिम नै निजामती कर्मचारीका आ.व. २०७२।०७३ को स्नातक तह प्रथम वर्ष अध्ययनरत सन्ततिहरू मध्येबाट पनि विभिन्न १० वटा विषयमा ४०० कोटाका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराइएको हो । जसमध्ये रिट निवेदकहरूले दाबी गरेको विषय विज्ञान संकायमा ४०० कोटामध्ये ३५ कोटा छुट्याइएकोमा नतिजा प्रकाशनपश्चात् तोकिएको म्यादभित्र ७ जना निजामती कर्मचारीका सन्ततिहरूले निर्देशिकाबमोजिमको कबुलियतनामा गर्न नआएको हुँदा तीमध्येका वैकल्पिक उम्मेदवारहरूलाई निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिले मिति २०७३।९।२७ मा निर्देशिकाको दफा ३३ को अधिकार प्रयोग गरी मुख्य उम्मेदवारले पाउने छात्रवृत्ति रकम बराबरको रकम मात्र वैकल्पिक उम्मेदवारलाई दिने निर्णय गरेको हो । आवश्यकता र औचित्यताको आधारमा विषय थपघट गर्ने, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको संख्या यकिन गर्ने, निजहरूलाई प्रदान गर्ने छात्रवृत्ति रकम निर्धारण गर्नेलगायत आवश्यक परेमा दफा ३३ बमोजिमको अधिकार निर्देशिकाले निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिलाई स्पष्टरूपमा दिएको हुँदा सोअनुसार गर्न गराउने अधिकार एवम् जिम्मेवारी निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिमा रहनेसमेत स्पष्ट छ । अतः निजले जिकिर लिए जस्तो नभई प्रचलित कानूनबमोजिम नै यस समितिबाट छात्रवृत्ति रकम वितरण गरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको निजामती कर्मचारी

व्यवस्थापन समिति तथा ऐजनको अध्यक्षको तर्फबाट सामान्य प्रशासन मन्त्रालयको निमित सचिवको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पूर्ण कागज अध्ययन गरियो । निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नेवल चौधरीले निजामती कर्मचारीलाई दिइने छात्रवृत्तिको लागि आह्वान गरेको सूचनाबमोजिम आ.व. ०७२।७३ का लागि मिति २०७३।८।१६ मा अन्तिम नतिजा प्रकाशन गर्दा निवेदकहरूका छोराहरू असिम इटेनी र अभिषेक पराजुली र किशोरकुमार खड्काको नाम विज्ञान संकायको खुल्लातर्फ रहेको कुल २६ सिट संख्यामा वैकल्पिक सूचीको १, २, ३ नं. मा परेको थियो । सि.नं. २६ सम्म परेका विद्यार्थीहरू मध्ये केहीले छात्रवृत्ति लिन नचाहेकाले निर्देशिकामा भएको व्यवस्थाबमोजिम यी निवेदकहरूका छोराहरू छात्रवृत्ति पाउने भएकोले कबुलियतसमेत गरेका छन्। छात्रवृत्तिको रकम शैक्षिक संस्थालाई भुक्तानी प्रक्रिया अगाडि बढाउन अनुरोध गर्दा विपक्षीहरूले निर्देशिकाको दफा ३३ उपदफा (ख) र (ग) मा भएको व्यवस्था र विगतमा भएको निर्णयविपरीत कबुलियतनामा गर्न नआएका विद्यार्थी अध्ययनरत रहेका शैक्षिक संस्थालाई तिर्नुपर्ने शुल्कलाई आधार मानी मुख्य उम्मेदवारले पाउने छात्रवृत्ति रकम रू. २४,०००।- बराबरको रकम मात्र निवेदकहरूको छोराहरूले पाउने निर्णय गरेका रहेछन। उक्त निर्णय निर्देशिकाको दफा ३(ख) र (ग) विपरीत हुनुका साथै विगतका वर्षहरूमा भएको निर्णयसमेतको प्रतिकूल हुँदा मिति २०७२।९।२७ को निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय नं. २ उत्प्रेषणको आदेशले बदर गरी निर्देशिकाको दफा ३(ख) र (ग) मा भएको व्यवस्था एवं पूर्व अभ्यासअनुसारको निर्णय गरी निवेदकहरूका सन्ततिलाई छात्रवृत्ति रकम उपलब्ध गराउनु भनी परमादेश जारी हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले निर्देशिकाको दफा ३३ बमोजिम छात्रवृत्ति रकम निर्धारण गर्ने अधिकार समितिलाई भएको र निवेदकहरू वैकल्पिक उम्मेदवार भएकोले मुख्य उम्मेदवार पाउने रकमभन्दा बढी रकम निजलाई दिनसमेत नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज होस् भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ? निवेदन दाबी पुग्नसक्ने हो वा होइन? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, विपक्षीहरूले मिति २०७३।९।२७ मा गरेको निर्णयको निर्णय नं. २ निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ को दफा ३ को उपदफा ३(ख) र (ग) मा रहेको कानूनी प्रावधान र विगतको अभ्यासविपरीत रहेकोले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकका छोराहरूलाई निर्देशिकाको दफा ३ को उपदफा ३(ख) र (ग) अनुसार छात्रवृत्ति उपलब्ध गराउनु भनी परमादेश जारी हुनुपर्दछ भनी निवेदन माग दाबी रहेकोमा छात्रवृत्तिको रकम छात्रवृत्ति व्यवस्थापन समितिले निर्धारण गर्न सक्ने नै हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी विपक्षीहरूको मूल जिकिर रहेको देखियो।

३. निवेदकहरू राजकुमार इटेनी, दलबहादुर खड्का र केशव पराजुली निजामती कर्मचारी भएको र निजहरूका छोराहरू क्रमशः असिम इटेनी, किशोरकुमार खड्का र अभिषेक पराजुली निजामती कर्मचारी सन्तति छात्रवृत्ति २०७२।०७३ को लागि दरखास्त दिई मिति २०७३।८।१६ मा अन्तिम नतिजा प्रकाशन हुँदा विज्ञान विषयको सूचीको खुल्लातर्फको

वैकल्पिकको १, २ र ३ नं. मा परेको तथ्यमा विवाद रहेन । निजामती कर्मचारीका सन्तानलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ को दफा २० को उपदफा (१) मा "छात्रवृत्तिको लागि छनौट भएका विद्यार्थीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा दफा १९ को उपदफा (१) बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो विद्यार्थीले दफा ७ को अवस्था भई छात्रवृत्ति प्राप्त गर्न नसक्ने भएमा वैकल्पिक सूचीमा नाम समावेश भएका विद्यार्थीलाई योग्यताक्रमअनुसार सोही आर्थिक वर्षभित्र समावेश गरी छात्रवृत्ति प्रदान गरिने" भनी उल्लेख भएको रहेछ । यी निवेदकहरूका छोराहरू विज्ञान विषयको सूचीको खुल्लातर्फको वैकल्पिक सूचीको क्रमश: १, २ र ३ नं. मा परेको देखिएकोले उपर्युक्त व्यवस्थाबमोजिम खुल्लातर्फका उम्मेदवारहरूले छात्रवृत्ति रकम लिन नआएको अवस्थामा निजहरू छात्रवृत्ति पाउन योग्य नै देखिएका छन् भने सोहीबमोजिम निवेदकहरूले कबुलियतनामा पनि गरेको देखिन्छ ।

४. मिति २०७३।९।२७ मा निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिका अध्यक्ष तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको अध्यक्षतामा बसेको बैठकले गरेको निर्णयहरू मध्ये निर्णय नं. २ मा "...निर्देशिकाको दफा ३३ को अधिकार प्रयोग गरी मुख्य उम्मेदवारले पाउने छात्रवृत्ति रकम मात्र वैकल्पिक उम्मेदवारलाई दिने" भनी निर्णय गरेको देखिन्छ । छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा बनेको निर्देशिकाको दफा ३ को उपदफा ३ मा निम्न व्यवस्था रहेको पाइयो ।

उपदफा (२) बमोजिम निर्धारण गरिएको संख्यामा छात्रवृत्तिको लागि छनौट भएका प्रत्येक विद्यार्थीलाई स्नातक तहको पूरा अध्ययन अवधिभरमा देहायबमोजिमको रकममा नबढ्ने गरी प्रत्येक शैक्षिक वर्षका आधारमा दफा २२ बमोजिम छात्रवृत्तिको रकम भुक्तानी गरिनेछः

(क) एम.बी.बी.एस. बि.डि.एस. वा सोसरहको विषयमा अध्ययन गर्ने विद्यार्थीलाई पाँच लाख रूपैयाँभन्दा बढी शैक्षिक शुल्क लाग्ने रहेछ भने पाँच लाख रूपैयाँ ।

(ख) खण्ड (क) मा उल्लिखितबाहेक अन्य विषयमा अध्ययन गर्ने विद्यार्थीलाई पाँच लाख रूपैयाँभन्दा बढी शैक्षिक शुल्क लाग्ने रहेछ भने दुई लाख रूपैयाँ ।

(ग) खण्ड (क) र (ख) बमोजिमका विषयमा अध्ययन गर्दा अध्ययन अवधिभरमा पाँच लाख रूपैयाँभन्दा कम शैक्षिक शुल्क लाग्ने रहेछ भने लागतबमोजिम बढीमा एक लाख पचास हजार रूपैयाँसम्म ।

५. निवेदकहरू मध्ये राजकुमार इटेनीको छोरा असिम इटेनी र केशव पराजुलीका छोरा अभिषेक पराजुली अध्ययनरत रहेको Bsc.CSIT को लागि जम्मा लागत क्रमशः रू.५,२५,०००।- र ५,९०,०००।- रहेको र निवेदक दलबहादुर खड्काको छोरा किशोरकुमार खड्का अध्ययनरत रहेको Bsc. CSIT कोर्षको लागि जम्मा लागत रू.४,७२,५००।- रहेको भने मिसिल संलग्न निजहरूको कलेजको पत्रबाट देखिन्छ । यी निवेदकहरूका सन्ततिहरू अध्ययन गरिरहेको विषय निर्देशिकाको उपर्युक्त व्यवस्थाअनुसार दफा ३ को उपदफा (३) को खण्ड (ख) र (ग) मा उल्लिखित विषय हो । जसअनुसार राजकुमार इटेनीको छोरा असिम इटेनी र केशव पराजुलीका छोरा अभिषेक पराजुलीले रू. २,००,०००।- र दलबहादुर खड्काको छोरा किशोरकुमार खड्काले

रू.१,५०,०००।- छात्रवृत्तिबापत पाउन सक्ने देखियो। तर मिति २०७३।९।२७ मा भएको निर्णयलाई मान्ने हो भने मुख्य उम्मेदवारले पाउने छात्रवृत्ति रकम बराबरको रकम मात्र वैकल्पिक उम्मेदवारले पाउने हुन्छ । सो निर्णय गर्दा निर्देशिकाको दफा ३३ ले दिएको अधिकार प्रयोग गरी निर्णय गरेको भनी उल्लेख भएको तथा लिखित जवाफमा पनि सोही बेहोरा उल्लेख गरिएको देखिन्छ। अब निर्देशिकाको दफा ३३ को व्यस्था हेर्दा सोमा "निर्देशिकामा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा समितिले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्छ" भने व्यवस्था रहेको छ।

६. यसरी उक्त व्यवस्था निर्देशिका कार्यान्वयनको क्रममा आइपरेका बाधा अड्चन फुकाउनको लागि समितिलाई अख्तियार दिएको देखियो। तर दफा ३ को उपदफा ३(ख) र (ग) मा भएको व्यवस्था आफैँमा प्रस्ट रहेको देखिएको र यी निवेदकका सन्ततिहरूले पाउने छात्रवृत्तिको सम्बन्धमा कुनै बाधा वा अप्ठ्यारोपन नदेखिएको अवस्थामा उक्त दफा ३३ को प्रयोग गर्ने अवस्थाको विद्यमानता नै रहेको पाइएन। कुनै कानूनमा भएको बाधा अड्काउ फुकाउको व्यवस्था सो कानूनबमोजिम काम गर्दा आइपरेको कुनै बाधा अड्चन सो कानूनको समान्य व्यवस्थाले समाधान गर्न नसकेको अवस्थामा प्रयोग हुने विशेष व्यवस्था हो । सामान्य कानूनी व्यवस्थाले नै आइपरेको कुनै समस्या समाधानको बाटो देखाएको अवस्थामा बाधा अड्काउ फुकाउको विशेष व्यवस्थालाई जबरजस्तीरूपमा प्रयोग गर्न सम्बन्धित कानूनको मनसाय रहेको मान्न मिल्दैन । आफूखुसी ढङ्गबाट (Arbitrarily) बाधा अड्काउ फुकाउको व्यवस्थालाई प्रयोग गर्न थालियो भने त्यसबाट कानूनको वाञ्छित उद्देश्य हासिल हुन सक्दैन । कानूनको अन्य व्यवस्थाहरू आफैँमा स्पष्ट भइरहेका बेला जबरजस्ती बाधा अड्काउ फुकाउको बहानामा अनपेक्षित परिणाम निकाल्नुलाई उचित मान्न सकिँदैन।

७. निर्देशिकामा स्पष्टरूपमा के कति रकम छात्रवृत्ति स्वरूप उपलब्ध गराउने भनी दफा ३ मा उल्लेख भइरहेको माथि उल्लिखित निर्देशिकाको उक्त व्यवस्थाबाट देखिन्छ। यी निवेदकहरूका सन्ततिहरू वैकल्पिक उम्मेदवार भएको कुरामा समेत विवाद रहेको छैन । निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ को दफा २० को उपदफा (१) मा "छात्रवृत्तिको लागि छनौट भएको विद्यार्थीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा दफा १९ को उपदफा (१) बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो विद्यार्थीले दफा ७ को अवस्था भई छात्रवृत्ति प्राप्त गर्न नसक्ने भएमा वैकल्पिक सूचीमा नाम समावेश भएका विद्यार्थीलाई योग्यताक्रमअनुसार सोही आर्थिक वर्षभित्र समावेश गरी छात्रवृत्ति प्रदान गरिने छ" भनी उल्लेख भएको रहेछ । निर्देशिकाको उक्त व्यवस्थाले मूल सूचीमा समावेश भएका विद्यार्थीले छात्रवृत्ति लिन नआएमा वा लिनसक्ने अवस्था नभएमा वैकल्पिक सूचीमा रहेका विद्यार्थीमध्ये योग्यताक्रमानुसार छात्रवृत्ति दिने व्यवस्था गरको देखियो। तर वैकल्पिक उम्मेदवारलाई छात्रवृत्ति दिँदा मूल उम्मेदवारले पाउने रकम बराबरको रकम दिनुपर्दछ भनी कुनै प्रावधान निर्देशिकामा उल्लेख भएको देखिँदैन।

८. प्रस्तुत निर्देशिका निजामती कर्मचारीका सन्ततिहरूलाई उच्च शिक्षा हासिल गर्नका लागि उपलब्ध गराउने छात्रवृत्तिको सम्बन्धमा बनाइएको रहेछ। त्यसरी छात्रवृत्ति उपलब्ध गराउँदा खास रकम तोकिएको नभई निजहरूले अध्ययन गर्ने संस्थामा लाग्ने शुल्क आधारमा छात्रवृत्ति रकम दिने भन्ने कुरा दफा ३ को बनोटबाट देखिन्छ । यसभन्दा अगाडि पनि आ.व. २०७०।०७१ र २०७१।०७२ मा पनि

मुख्य उम्मेदवारले छात्रवृत्ति रकम लिन नआएको खण्डमा वैकल्पिक उम्मेदवारलाई छात्रवृत्ति दिँदा निजहरू अध्ययनरत रहेको शैक्षिक संस्थामा लाग्ने शुल्कको आधारमा रकम उपलब्ध गराएको देखिन्छ न कि मुख्य उम्मेदवारले प्राप्त गरेको रकम दिइएको छ। यस्तो अवस्थामा आकर्षित नै नहुने दफा ३३ को अधिकार प्रयोग गरी निवेदकहरूका सन्ततिलाई मुख्य उम्मेदवारले पाउने छात्रवृत्तिबापतको रकम निजहरूलाई उपलब्ध गराउने भनी भएको निर्णय प्रचलित कानूनबमोजिम भए गरेको मान्न मिलेन। यसरी निर्देशिकाको दफा ३ को उपदफा ३ (ख) र (ग) मा भएको व्यवस्था र आ.व.२०७०।०७१ र २०७१।०७२ मा उपलब्ध गराइएका छात्रवृत्तिको प्रकृति हेर्दा २०७२।०७३ मा यी निवेदकहरूका सन्ततिहरूलाई छात्रवृत्ति उपलब्ध गराउने भनी गरिएको मिति २०७३।९।२७ को निर्णय नं. २ उपर्युक्त निर्देशिकाको व्यवस्था एवं समितिको पूर्वनिर्णयविपरीत रहेको साथै विवेकसम्मत नरहेकोले सो निर्णय कायम रहन सक्ने देखिएन।

९. तसर्थ माथि विवेचित आधार, कारण एवं प्रमाणबाट निजामती कर्मचारी सन्तति छात्रवृत्ति व्यवस्थापन समितिले मिति २०७३।९।२७ मा गरेको निर्णयको निर्णय नं.२ निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ को दफा ३ को उपदफा (३) (ख) र (ग) तथा सो समितिले पूर्व आ.व. हरूमा उपलब्ध गराएको छात्रवृत्तिको निर्णयसमेतको विपरीत भएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निजामती कर्मचारीका सन्ततिलाई उपलब्ध गराउने निर्देशिका, २०७२ को दफा ३ को उपदफा ३(ख) र (ग) बमोजिम निवेदकका सन्ततिहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. डम्बरबहादुर शाही

इजलास अधिकृत (उपसचिव): रामु शर्मा
इति संवत् २०७४ साल फागुन २९ गते रोज ३ शुभम्।

निर्णय नं. ९९७१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७३।११।१५
०७०-CI-०८९७

मुद्दाः लिखत बदर दर्ता बदर दर्ता

पुनरावेदक / वादी : रौतहट जिल्ला जयनगर गा.वि.स. वडा नं.५ बस्ने लालबाबु राय यादवसमेत
विरूद्ध
प्रत्यर्थी / प्रतिवादी : रौतहट जिल्ला प्रेमपुर गोनाही गा.वि.स. वडा नं.१ बस्ने उपनेत्रीकुमारी राय यादव

- **छुट्टी भिन्न भइसकेपछि आमाले आफ्नो अंशको जग्गा छोरीलाई बकसपत्र दिन नपाउने भन्ने हुँदैन । बन्डापत्रमा कुनै**

सर्त लेख्दैमा सो सर्तले अंशियारलाई बाँध्दैन। अंशियारहरूबीच जियजियै बन्डा गर्नुपर्ने अंशको विषयमा बन्डापत्रद्वारा अंश हक प्राप्त गर्ने व्यक्तिले छुट्टिएका अन्य अंशियारहरूको मन्जुरी नलिई अंशको जग्गा बेचबिखन दान बकस गर्न पाउँदैन भन्नु भेदभावपूर्ण हुन जाने।

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री प्रशन्नकृष्ण दास

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- *ने.का.प.* २०४६, अंक ६, नि.नं.३८५०, पृ.६३१

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

मा. जिल्ला न्यायाधीश श्री गुणराज ढुङ्गेल रौतहट जिल्ला अदालत।

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
मा. न्यायाधीश श्री सत्यमोहन जोशी थारू
पुनरावेदन अदालत हेटौंडा।

फैसला

न्या.डा.आनन्दमोहन भट्टराई : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

हाम्रो मूल पुरूष बिगन राय यादव निजको श्रीमती मनवा देवी र हामी दुई छोरा जेठा लालबाबु राय यादव र कान्छो धिरेन्द्र राय यादव भएकोमा बाबुको मिति २०४८।१।१९ मा स्वर्गवास भइसकेपछि मालपोत कार्यालयबाट अंशबन्डापत्र गर्दा र.नं.२८४५ मिति २०६५।८।९ गतेको अंशबन्डापत्रको लिखतमा आमा मनवादेवीको भागमा परेको जग्गाको हकमा दुवै छोराको मन्जुरीले बेचबिखन दान बकसपत्र गर्न बन्देज राखी लिखत पास भएकोमा मानवादेवी वर्ष ६४ को बुढी रहेकोमा निजबाट र.नं.३५७० मिति २०६७।६।२० गते उपनेत्रीकुमारी देवीको नाउँमा दर्ता गराई लिएकोमा बुढी आमाको नाउँको जग्गा दर्ता गराउँदा हामीहरूको मन्जुरी लिनुपर्नेमा सो नलिएकोले र.नं.३५७० मिति २०६७।६।२० गतेको लिखत दर्ता बदर गरी पूर्ववत् आमा मनवादेवीको नाउँमा यथावत् कायम गरिपाउँ भन्नेसमेत बेहोराको फिरादपत्र।

मनवादेवीले आफ्नो अंशमा पाएको जग्गा कानूनको अधीनमा रही आफ्नो छोरी उपनेत्रीकुमारी देवीलाई लिखत गरिदिएकोले बदर नहुने गरी वादीको गैरकानूनी फिरादबाट फुर्सद गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी उपनेत्रीकुमारी देवीको प्रतिउत्तर पत्र।

यी वादीहरूबीच अंशबन्डापत्रको लिखत पारित हुँदा मेरो अंश भागमा परेको जग्गाहरू मेरो दुवै छोराको मन्जुरीले बेचबिखन दान गर्छु भनी सर्त राखिएकोमा मबाट छोरी प्रतिवादीले कि.नं.२५ को जग्गा हालैको बकसपत्रको लिखत पारित गर्दा गराउँदा यी वादी छोराहरूको कुनै मन्जुरी नलिई गुपचुप तरिकाबाट गराएको हुँदा त्यस्तो लिखत मुलुकी ऐन, स्त्री अंशधनको महलको ५ नं. को कानूनप्रतिकूल भएकोले वादी दाबीअनुसार बदर हुनुपर्ने हुँदा बदर गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मनवादेवीको प्रतिउत्तरपत्र।

प्रस्तुत मुद्दामा जग्गा अन्यत्र कसैलाई हा.व. गरिदिएको नभई आफ्नै छोरीलाई त्यो पनि पैसा लिएर बेचेको नभई सेवाबापतमा हालैको बकसपत्र गरिदिएको देखिन्छ। छोरीले सेवा गरेको रहिछन् भनेर मान्दा पनि निज प्रतिवादी मनवादेवी यी वादीहरू

सँगसाथ बसेकोसमेत देखिन्छ । सोको आधारमा हेर्दा सेवाबापतमा स्वेच्छाले दिएको भन्ने पुस्ट्याईं पनि देखिन्न । सम्पत्ति फिर्ता भई यी वादीहरूका नाउँमा जाने नभई निजै मनवादेवीका नाउँमा नै रहने हुँदा छोरीले फेरि रिझाई लिने अवस्था छँदैछ भने ज्यादै ठूलो मर्का वा नोक्सान के भो भनेर निज प्रतिवादी उपनेत्रीकुमारीले प्रस्ट जिकिर राख्न सकेको पनि पाइन्न । तथापि, मनवादेवीको साख्खै छोरी भएको नाताबाट निज मनवादेवीको २ छोरा र १ छोरी भएको आधारबाट निजको सम्पत्तिमा छोरीलाई समेत न्यायोचित तवरबाट समेट्नु उचित हुन जानेसमेत देखिन्छ । उल्लिखित विश्लेषणका आधारमा मिसिल संलग्न सबुद प्रमाणहरूबाट वादीको फिराद दाबी पुष्टि भएको देखिँदा लिखत कायम रहन सक्ने देखिएन । सो भएबाट ३ भागको १ भाग जग्गा प्रतिवादी उपनेत्रीकुमारीका नाउँमा कायमै राख्न न्यायोचित देखिँदा नरमगरम मिलाई ३ भागको २ भाग मात्र लिखत र दर्ता बदर भई दाता मनवादेवीको नाउँमा दर्ता हुनेसमेत ठहर्छ । अन्य दाबी पुग्न नसक्ने ठहर्छ भन्ने सुरू रौतहट जिल्ला अदालतको मिति २०६८।७।२७ गतेको फैसला ।

आमा मनवादेवीबाट म छोरीले हालैको बकसपत्र लिखत गरिलिएकोमा ३ भागको १ भागसम्म म पुनरावेदक प्रतिवादी उपनेत्रीकुमारीको भागमा राखी २ भाग मनवादेवीको नाउमा दर्ता हुने ठहऱ्याई भएको सुरू फैसलामा मेरो चित्त बुझेन । अंश हक नैसर्गिक हक हो । वादीहरू र आमाको बीचमा अंशबन्डा हुँदा आमाको अंश भागमा परेको जि.बि. ०-१६-२ जग्गा मैले लिखत गरिलिएको हुँ । अंशजस्तो नैसर्गिक अधिकारलाई बन्डापत्रमा उल्लिखित कुनै किसिमको सर्त वा बन्देजले कुनै असर पुऱ्याउन नसक्ने तथा अंश हकमा रोक वा बन्देज लगाउने सर्त स्वभावतः प्रारम्भदेखि नै शून्य अर्थात् कानूनी मान्यताविपरीत हुने भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको जिकिर लिएकोमा सो जिकिरतर्फ उचित विश्लेषण नै नगरी भएको फैसला मुलुकी ऐन, अ.बं.१८४क नं. र १८५ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३ एवं ५४ को गम्भीर त्रुटि हुँदा उल्टी गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी उपनेत्रीकुमारी देवीको पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदनपत्र ।

लिखत बदर गरी पूर्ववत् आमा मनवादेवीका नाउँमा यथावत् दर्ता कायम गरिपाउँ भन्ने वादी दाबी भएकोमा वादी दाबीभन्दा बाहिर गई तीन भागको दुई भाग लिखत बदर हुने ठहऱ्याई भएको सुरू फैसला हकदैया नैसर्गिक अंश हकसम्बन्धी कानूनी प्रश्न प्रमाण मूल्याङ्कन *ने.का.प.*२०४६ अङ्क ६, नि.नं.३८५० पृष्ठ ६३१ समतुलियादेवी कनुआइनसमेत विरूद्ध महेश्वर साह कानूसमेत भएको लिखत दर्ता बदर दर्ता कायम मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।६।१९ गतेको आदेश ।

सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तसमेतको आधारमा प्रत्यर्थी वादी छोराहरू लालबाबु राय यादव र धिरेन्द्र राय यादव तथा प्रतिवादी मनवादेवीसमेतबीच भएको मिति २०६५।८।९ को अंशबन्डापत्रको लिखतमा उल्लिखित मनवादेवीको नाउँको जग्गा बेचबिखत दान बकसपत्र गर्दा प्रत्यर्थी वादीहरूको मन्जुरी लिनुपर्ने भन्ने सर्तको कानूनी मान्यता शून्य रहेको देखिन आयो । यस्तो अवस्थामा प्रतिवादी मनवादेवीको मन्जुरीबाट यी पुनरावेदिका छोरी उपनेत्रीकुमारीले हालैको बकसपत्र लिखत गरिलिएको कार्यलाई अंशबन्डामा उल्लिखित कुनै सर्त वा बन्देजले कुनै असर पुऱ्याउन नसक्नेमा मनवादेवीबाट छोरी

उपनेत्रीकुमारीले हालैको बकसपत्र गरिलिएको सम्पत्तिको ३ भागको १ भागसम्म उपनेत्रीकुमारीको नाउँमा कायम राखी ३ भागको २ भाग लिखत र दर्ता बदर हुने भई मनवादेवीको नाउँमा दर्ता हुने ठहऱ्याएको सुरू फैसला कानूनप्रतिकूल भई मिलेको देखिन आएन।

तसर्थ, मनवादेवीले मिति २०६५।८।९ को पारित अंशबन्डाले अंश पाएको जग्गा हक हस्तान्तरण गर्न पाउने नै देखिँदा मनवादेवीले प्रतिवादी उपनेत्रीकुमारी देवीलाई मिति २०६७।६।२० मा पारित गरिदिएको हालैको बकसपत्र लिखत ३ भागको २ भाग लिखत र सो लिखतअनुसार भएको दर्ता बदर भई मनवादेवीको नाउँमा दर्ता हुने ठहर गरेको रौतहट जिल्ला अदालतको मिति २०६८।७।२७ को फैसला मिलेको नदेखिँदा उल्टी भई मिति २०६७।६।२० को हालैको बकसपत्र लिखत र सो लिखतअनुसार भएको प्रतिवादी उपनेत्रीकुमारी देवीको नाउँको दर्ता बदर गरी आमा मनवादेवीको नाउँमा पूर्ववत् दर्ता कायम गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।११।२० को फैसला।

सर्वप्रथमतः मुलुकी ऐन, अंशबन्डाको १ नं. अनुसार "अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अंश गर्नुपर्छ" तथा ऐ. महलको १०ख नं. अनुसार "...वृद्ध बाबु आमाको आफ्नो आयस्ताले नै खान लगाउन नपुगे वा हेरचाह गर्न सँग बसेका छोरा वा छोरी वा छोराको छोरा कोही नभए भिन्न बसेका छोरा वा छोरीले पनि आफ्नो इज्जत आमदअनुसार खान लाउन दिई हेरचाह गरी राख्नु पर्ने" भनी स्पष्ट तथा बाध्यात्मक कानूनी व्यवस्था रहेको पाइन्छ। मूल पुरूष बाबु बिगन राय यादव तथा प्रतिवादीमध्येकी आमा मनवादेवीको वैवाहिक दाम्पत्य जीवनबाट हामी वादीमध्येको जेठो लालबाबु राय यादव तथा कान्छो धिरेन्द्र राय यादव गरी २ छोराहरूको जन्म भएकोमा बाबु बिगन रायको मिति २०४८।१।१९ मा मृत्यु भएपश्चात् प्रतिवादी आमा र हामी वादीहरू गरी जम्मा ३ अंशियार रहेका छौं। प्रतिवादी आमा मनवादेवी ६३ वर्षकी असक्त वृद्ध रहेकीले उनीलाई कुनै छोराहरूबाट बुढेसकालमा तिरस्कार गर्ने, दुःख दिने कार्यको सामना गर्नु नपरोस् भन्ने सही नियतबाट हाम्रो मन्जुरीमा मात्र आमाको सम्पत्तिबाट जिउनीको रूपमा मिति २०५६।८।९ मा र.नं.२८४५ को अंशबन्डाको लिखतबाट अंश छुट्याई हामी वादीहरू आफैँसँग प्रतिवादी आमा मनवादेवीलाई राखी खान लाउन दिई हेरचाह गरी आएका थियौँ। यो कुरा निज प्रतिवादी आमाको प्रतिउत्तरपत्रसमेतबाट पुस्ट्याई भइरहेको छ। प्रतिवादी आमा मनवादेवीको बुढेसकालका लागि हामी वादी छोराहरूले पुर्खौली सम्पत्तिबाट अंश हक छुट्याई आमाको जिउनीको लागि राखिएको सम्पत्तिलाई प्रतिवादी उपनेत्रीदेवीको कपटपूर्ण, गलत नियतबाट धोखामा राखी मिति २०६७।६।३ मा र.नं.३५७० को बकसपत्रबाट जि. रौतहट, जयनगर गा.वि.स. वडा नं.५, कि.नं.२५ को ०-१६-२ (सोह्र कट्ठा दुई धुर) जग्गा बकसपत्र गराई लिएको दूषित मनसायपूर्ण धोकाको बकसपत्र लिखतलाई बन्डापत्रमा प्रतिवादी आमा मनवादेवीको सम्पत्ति संरक्षणकारी सही नियतले उल्लिखित बेहोरालाई सर्तपूर्ण तथ्यको संज्ञा दिई अपव्याख्या गर्दै दूषित मनसायबाट गराई लिएको बकसपत्र लिखतलाई संरक्षकत्व प्रदान गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला अंशबन्डा लिखतको वास्तविक तथ्यको अन्देखापूर्ण हुनुको साथै अंशबन्डा महलको १, १०ख नं. को व्यवस्थाको मर्मविपरीत रहेको हुँदा बदर भागी रहेको छ।

आमा मनवादेवीको प्रतिउत्तर पत्र बेहोराबाट निज प्रतिवादी आमालाई हामी वादीहरूले नै खान, लाउन, हेरविचार, सेवा सुसार तथा

औषधोपचारलगायतका सम्पूर्ण कार्य गरी आएको र निज आमा अंशबन्डा भइसकेपश्चात् पनि हामीसँगै एकै घरमा बसी आएकी थिइन् । प्रतिवादी उपनेत्रीदेवीको दूषित मनसायबाट असक्त बिरामी प्रतिवादी आमालाई आँखा देखाई दिने निहुँमा आफ्नो घरमा लगी त्यहाँबाट भोलिपल्ट एउटा पक्की घरको बरन्डामा बसाई सहिछापसम्म गराएको तथा आँखाको इलाजसमेत नगराई पुनः हामी वादीकै घरमा छोडेको कुरा स्पष्टरूपमा उल्लेख छ ।

मुलुकी ऐन, अ.बं.२४ नं. अनुसार नाबालक र उमेर पुगेका भए पनि कुनै किसिमको रोगले होस ठेगानामा नभएको वा बौलाएको मानिससमेतको कागज लिनु वा गराउनु पर्दा उसको संरक्षक वा हकवाला नराखी कुनै कागज लिनु गराउनु हुँदैन भनी स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ । प्रतिवादी उपनेत्रीदेवीले हामी वादीको संरक्षकत्वमा रहेकी ७३ वर्षीय बिरामी होस ठेगानामा नरहेको प्रतिवादी आमालाई ललाई फकाई आँखाको उपचार गराई दिने निहुँमा आफूकोमा लगी दूषित मनसायबाट मालपोत कार्यालयमा गई पास गराई लिएको बकसपत्र लिखत सम्बन्धमा मुद्दाको तथ्य, आधार, प्रमाणसमेतबाट पुष्टि भइरहेको तथा हाम्रो वादीहरूको संरक्षकबेगरको दूषित बकसपत्रको लिखतलाई वैध ठहर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला अ.बं.२४, १८४क, १८५, १८९ नं. तथा प्रमाण ऐन, २०३१ को दफा ५४ को प्रतिबन्धात्मक वाक्यांशसमेतको त्रुटियुक्त हुँदा बदर भागी छ ।

प्रतिवादी मनवादेवीको मिति २०७०।४।८ मा मृत्यु भइसकेको र निज प्रतिवादी आमाको अंशबन्डाको १०ख नं. बमोजिमको हेरचाह पालनपोषणसमेत गरी निजको स्वर्गारोहणपश्चात्को काजकिरियासमेत हामी वादीहरूले नै गरेको हुँदा पुनरावेदन अदालत हेटौंडाको फैसला बदर गरी हाम्रो दाबीबमोजिम न्याय गरिपाउँ भन्ने लालबाबु राय यादव र धिरेन्द्र राय यादवको यस अदालतमा दायर हुन आएको संयुक्त पुनरावेदनपत्र ।

<u>यस अदालतको ठहर</u>

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो । पुनरावेदक वादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रशन्नकृष्ण दासले पुनरावेदक वादीहरूको आमा मनवादेवी र यी पुनरावेदकहरूबीच मिति २०६५।८।९ मा अंशबन्डा हुँदा आमा मनवादेवीको भागमा परेको जग्गा दुवै छोराको मन्जुरीले मात्र बेचबिखन दान दातव्य गर्ने भन्ने उक्त अंशबन्डाको पारित लिखतमा उल्लेख छ । पारित बन्डापत्रको लिखतमा दुवै पक्षको मन्जुरीले लेखिएको सर्त पालन गर्नुपर्ने दुवै पक्षको दायित्व हुन्छ । प्रतिवादीमध्येको मनवादेवीको प्रतिउत्तर पत्रबाट पुनरावेदकहरूले आमा मनवादेवीलाई अंशबन्डापश्चात् पनि खान लाउन दिई हेरविचार, सेवा सुसार गरिरहेको र एकाघरमा बसी आएको कुरा उल्लेख छ । आँखाको उपचार गराउन लैजान्छु भनी झुक्यानमा पारी मनवादेवीलाई थाहा जानकारी नदिई विपक्षी उपनेत्रीदेवीले छलकपट गरी जिल्ला रौतहट जयनगर गा.वि.स. व८ नं.५ कि.नं.२५ को ज.बि. ०-१६-२ जग्गा आफ्नो नाउँमा हालैको बकसपत्र गराई लिएको वास्तविक तथ्यको अनदेखा गरी उक्त बकसपत्र सदर कायम रहने ठहर गरी हेटौंडा जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी दाबीबमोजिम गरिपाउँ भनी बहस गर्नुभयो ।

यसमा आमा र हामी पुनरावेदक वादी दुई छोराहरू तीन जना अंशियार भएको हुँदा मिति २०६५।८।९ मा मालपोत कार्यालय रौतहटबाट अंशबन्डाको लिखत पारित भएको र सो अंशबन्डाको लिखतमा आमा मनवादेवीले पाएको जग्गा हामी वादीहरूको मन्जुरीले मात्र बेचबिखन गर्न र दान दातव्य गर्नु मन्जुर भई अंशबन्डा पारित भएकोमा वृद्धा

मानसिक सन्तुलन ठीक नभएको आमा मनवादेवीलाई झुक्याई हामीहरूलाई थाहा जानकारी नदिई विपक्षी उपनेत्रीकुमारी देवीले मिति २०६७।६।२० र.नं.३५७० बाट हालैको बकसपत्र लिखत पारित गराई आफ्नो नाउँमा लिएको हुँदा उक्त बकसपत्र बदर गरी आमा मनवादेवीका नाउँमा नै यथावत् कायम गरिपाउँ भन्ने वादी दाबी र अंशबन्डा जस्तो नैसर्गिक अधिकारलाई बन्डापत्रमा उल्लिखित सर्त वा बन्देजले कुनै असर पुऱ्याउन सक्दैन। अंशहकमा रोक वा बन्देज लगाउने सर्त प्रारम्भदेखि नै कानूनी मान्यताविहीन हुन्छ। वादी दाबी खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिउत्तर जिकिर भएकोमा ३ भागको १ भाग जग्गा प्रतिवादी उपनेत्रीकुमारीका नाउँमा कायम राखी ३ भागको २ भाग लिखत दर्ता बदर गरी दाता मनवादेवीको नाउँमा दर्ता हुने ठहराएको सुरू रौतहट जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहराई भएको पुनरावेदन हेटौंडाको फैसलामा चित्त नबुझाई वादीहरूको यस अदालतमा पुनरावेदन दर्ता भई पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।११।२० मा भएको फैसला मिलेको छ, छैन? वादीहरूको पुनरावेदन जिकिर पुग्ने हो वा होइन सोही विषयमा निर्णय गर्नुपर्ने देखियो।

२. सो सन्दर्भमा हेर्दा, मूल पुरूष बिगन राय यादव र निजको श्रीमती मनवादेवीबाट हामी छोराहरू फिरादी जेठो म लालबाबु राय यादव र कान्छो म धिरेन्द्र राय यादव हौँ। बाबुको स्वर्गवास भइसकेको छ। बाबुको स्वर्गवासपश्चात् मिति २०६५।८।९ मा हामी दुई दाजुभाइ र आमासमेत तीन अंशियारबीच अंशबन्डा गरी बसेका छौं। आमा मनवादेवी वृद्ध र अशक्त बिरामी हुँदा निज आमाको रेखदेख औषधि उपचार र लालनपालनसमेत हामीहरूले गरिरहेका छौं। उल्लिखित अंशबन्डा हुँदा आमा मनवादेवीको अंश भागमा परेको जग्गाजमीन दानदातव्य बेचबिखन गर्नुपर्दा हामी संरक्षक छोराहरूको मन्जुरी लिनुपर्ने भनी आमाको मन्जुरीले बन्डापत्रको लिखतमा उल्लेख गरिएको थियो। हामीहरूले रेखदेख हेरविचार गरी हाम्रो घरमा बसिरहेको अवस्थामा विपक्षी उपनेत्रीकुमारी देवीले आमा मनवादेवीको आँखाको उपचार गराई दिने भनी आफूसँग लगी आमालाई थाहा जानकारी नदिई झुक्यानमा पारी हामीहरूलाई कुनै जानकारी नदिई हाम्रो मन्जुरीबिना मिति २०६७।६।२० र.नं.३५७० बाट जिल्ला रौतहट गा.वि.स. जयनगर वडा नं.५ कि.नं.२५ ज.बि. ०-१६-२ विपक्षी उपनेत्रीकुमारी देवीले हालैको बकसपत्र लिखत पारित गराई लिएकोले सो लिखत बदर गरी दाता आमा मनवादेवीका नाउँमा यथावत् कायम राखिपाउँ भन्ने मुख्य फिराद दाबी रहेको पाइन्छ। मनवादेवीले अंशबन्डाबाट पाएको जग्गा आफ्नो स्वेच्छाले छोरी म प्रतिवादी उपनेत्रीदेवीलाई मिति २०६७।६।२० मा हालैको बकसपत्र पारित गरिदिएको हो। लिखत दर्ता बदर हुनुपर्ने होइन। आमा मनवादेवीको मानसिक स्थिति ठीक छ। अंश जस्तो नैसर्गिक अधिकारलाई बन्डापत्रमा उल्लिखित सर्त बन्देजले कुनै असर पुऱ्याउँदैन। अंश हकमा बन्देज लगाउने सर्त स्वभावतः प्रारम्भदेखि नै शून्य भई कानूनी मान्यताविहीन हुने हुँदा झुट्ठा फिराद दाबी खारेज गरी हालैको बकसपत्र लिखित यथावत् कायम गरिपाउँ भन्ने प्रतिउत्तरपत्र बेहोरा रहेको पाइन्छ।

३. मालपोत कार्यालय रौतहटको च.नं.३८८७ मिति २०६७।९।८ को पत्रसाथ प्राप्त यी पुनरावेदक वादी र निजको आमा मनवादेवीबीच मिति २०६५।८।९ मा भएको अंशबन्डाको लिखत हेर्दा यी पुनरावेदक वादी र निजको आमाबीच सम्पूर्ण सम्पत्ति ३ जना अंशियारहरूको बीचमा अंशबन्डा भई कि.नं.२५ र १७ समेतका जग्गाहरू प्रतिवादी मनवादेवीको भागमा परेको देखिन्छ। मनवादेवीले अंश पाएको जग्गा अरू कसैलाई बेचबिखन दान दातव्य, बकसपत्र गर्दा यी पुनरावेदक वादीहरूको मन्जुरी लिनुपर्ने भन्ने उक्त मिति २०६५।८।९ को अंशबन्डाको लिखतमा सर्तको रूपमा

उल्लेख भएको पाइन्छ । आफूले अंश भागबापत प्राप्त गरेको अरू कसैको हक नलाग्ने एकलौटी हक स्वामित्व स्थापित भइरहेको जग्गा हक छाडी हक हस्तान्तरण गर्न नमिल्ने भनी कुनै कानूनले रोक बन्देजसमेत लगाएको देखिँदैन। कानूनले बन्देज नगरेको अवस्थामा बन्डा पत्रमा हक नलाग्ने व्यक्तिले रोक लगाउने बेहोरा लेखाए पनि सो बेहोरालाई कानूनअनुकूल भन्न मिल्ने देखिएन।

४. *ने.का.प.* २०४६, अङ्क ६, नि.नं.३८५०, पृष्ठ ६३१ समतुलियादेवी कनुआइनसमेत विरूद्ध महेश्वर साह कानूसमेत भएको लिखत दर्ता बदर दर्ता कायम मुद्दामा यस अदालतबाट **"अंशहक जस्तो नैसर्गिक अधिकारलाई कानूनले समानरूपबाट निरन्तर संरक्षण प्रदान गर्दै आइरहेको पाइँदा कानूनले रोक लगाएको अवस्थामा बाहेक निजको नैसर्गिक अधिकारलाई पारित बन्डापत्रमा उल्लिखित सर्तनामाले कुनै असर पुऱ्याउन नसक्ने", सर्तनामालाई नैसर्गिक अधिकारको अवरोधको रूपमा मानी दिँदा कानून प्रदत्त निजको साम्पत्तिक हकको कानूनी संरक्षण हुन जाँदैन, अंशहकको निर्वाध प्रयोग हुन नसक्ने गरी सर्तनामा राख्नु र सोही सर्तनामाको आधारमा नैसर्गिक अधिकारमा प्रश्न खडा गर्न खोज्नु कानूनतः नमिल्ने", "अंशहकमा रोक लगाउने सर्तनामा स्वभावतः प्रारम्भिकदेखि नै शून्य अर्थात् कानूनी मान्यताविहीन रहने"** भनी सिद्धान्त प्रतिपादन भएको देखियो। उक्त प्रतिपादित सिद्धान्तसमेतको आधारमा पुनरावेदक वादी लालबाबु राय यादव र धिरेन्द्र राय यादव तथा प्रतिवादी मनवादेवीसमेत बीच भएको मिति २०६५।८।९ को बन्डापत्रमा उल्लिखित मनवादेवीको जग्गा बेचबिखन दान बकस गर्दा पुनरावेदक वादीहरूको मन्जुरी लिनुपर्ने भन्ने सर्त राखिएको विषयले कानूनी मान्यता मान्यता पाउँछ भन्न मिल्ने देखिएन।

५. यी पुनरावेदक वादीहरू र निजको आमा मनवादेवी विधिवत् रूपमा अंशबन्डा लिनुदिनु गरी छुट्टी भिन्न भएको तथ्यमा विवाद रहेको देखिँदैन । छुट्टी भिन्न भइसकेपछि आमाले आफ्नो अंशको जग्गा छोरीलाई बकसपत्र दिन नपाउने भन्ने हुँदैन । बन्डापत्रमा कुनै सर्त लेख्दैमा सो सर्तले अंशियारलाई बाँध्दैन । अंशियारहरूबीच जीयजीयै बन्डा गर्नुपर्ने अंशको विषयमा बन्डापत्रद्वारा अंश हक प्राप्त गर्ने व्यक्तिले छुट्टिएका अन्य अंशियारहरूको मन्जुरी नलिई अंशको जग्गा बेचबिखन दान बकस गर्न पाउँदैन भन्नु भेदभावपूर्ण हुन जान्छ।

६. प्रतिवादी मनवादेवीले छोरी ज्वाइँले झुक्याई लिखत पारित गराई लिएको भन्ने जिकिर लिई प्रतिउत्तर दर्ता गराएको र पुनरावेदक वादीहरूले अशक्त आमालाई झुक्याई कि.नं.२५ को पूरै कित्ता जग्गा हालैको बकसपत्र लिखत पारित गराई लिएको हुँदा सो लिखत बदर हुनुपर्छ भनी पुनरावेदन जिकिर लिएको देखिए तापनि *ने.का.प.* २०४६, अङ्क ६, नि.नं.३८५०, पृष्ठ ६३१ मा उल्लिखित नजिरलाई पुनरावेदक वादीहरूले अन्यथा भन्न सकेको देखिएन। यदि प्रतिवादी उपनेत्रीकुमारीसमेतले झुक्याई बकसपत्र पारित गरेको भए सोको उपचारको लागि बकसपत्रको लिखत बदर गराउन स्वयम् मनवादेवीले कानूनी प्रक्रिया अवलम्बन गरी उजुरी दिएको देखिँदैन। तसर्थ, मनवादेवीले प्रतिवादी उपनेत्रीकुमारी देवीलाई र.नं.३५७० बाट मिति २०६७।६।२० मा गरिदिएको हालैको बकसपत्र लिखत बदर गरिपाउँ भन्ने पुनरावेदक वादीहरूको पुनरावेदन जिकिरसित सहमत हुन सकिएन।

७. अतः मनवादेवीले प्रतिवादी उपनेत्रीकुमारी देवीलाई मिति २०६७।६।२० मा र.नं.३५७० बाट पारित गरिदिएको हालैको बकसपत्र लिखत ३ भागको २ भाग बदर गरी मनवादेवीको नाउँमा दर्ता कायम गर्ने ठहर गरेको सुरू रौतहट जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी उपनेत्रीकुमारी देवीका

नाउँमा भएको हालैको बकसपत्र यथावत् कायम रहने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।११।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। नियमानुसार मिसिल बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृतः यमप्रसाद बास्कोटा
इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम्।

निर्णय नं. ९९७२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
फैसला मिति : २०७४।८।४
०७०-CI-११३४

मुद्दाः लिखत दर्ता बदर

पुनरावेदक / प्रतिवादी : भीमबहादुर घोले तामाङकी पत्नी ललितपुर जिल्ला भारदेव गाउँ विकास समिति वडा नं. ८ बस्ने मञ्जली घोले तामाङ
विरूद्ध
विपक्षी / वादी : ललितपुर जिल्ला चौघरे गाउँ विकास समिति वडा नं. १ बस्ने केदार स्याङ्तानको छोरा रविन स्याङ्तान

- **जुन जग्गाको स्रोत नै जालसाजीपूर्ण रहेको छ। त्यस्तो जग्गाको सम्बन्धमा भए गरेको लिखतलाई सद्दे भनी व्याख्या गर्नु न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने।**

(प्रकरण नं.६)

- **जालसाजीपूर्ण कार्य जहिलेसुकै पनि गैरकानूनी नै हुन्छ। हदम्याद नभएको भन्ने आधारमा जालसाजीपूर्ण कार्यले वैधानिकता पाउन नसक्ने।**
- **गैरकानूनी तवरबाट प्राप्त हुन आएको सम्पत्ति कानूनसम्मत तवरबाट लिखत पारित गरेको भन्ने मात्र आधारमा कानूनसम्मत मान्न नमिल्ने हुँदा प्रतिवादीसमेतको अंश हक लाग्ने जग्गामा लिनुदिनु गरी भएको लिखत वादीको हकसम्म बदर हुने।**

(प्रकरण नं.७)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री अमृता ओझा
विपक्षी / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री रमेश मैनाली
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः
मा.जिल्ला न्या.श्री बाबुराजा कार्की
ललितपुर जिल्ला अदालत।
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री शिवराज अधिकारी
माननीय न्यायाधीश श्री विमलप्रसाद ढुङ्गेल
पुनरावेदन अदालत पाटन।

फैसला

न्या.चोलेन्द्र शमशेर ज.ब.रा.: पुनरावेदन अदालत पाटनको मिति २०७०।५।२ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

विपक्षी केदार सिं स्याङ्तान मेरो पिता हुनुहुन्छ। विपक्षी पिता, भाइ राजेन्द्र र मेरा परिवारसमेत सगोलमा नै बसी आएका छौं । हामीबीच अंशबन्डा भएको छैन। म भारततिर रहने गर्दछु। भारतबाट घर फर्की आउँदा ममाथि समेत श्रीमतीले अंश मुद्दा हालेको थाहा पाएँ। विपक्षी पितासँग अंश छुट्याई दिनुस् भन्दा मसँग केही अंश छैन धितोमा राखेको जग्गा खाई दिइसक्यो भनेकोले मालपोत कार्यालय गई यथार्थ कुरा बुझ्दा दिने केदार सिं स्याङ्तान लिने रामकुमार राना क्षेत्री भई मिति २०६५।११।२२ मा र.नं. ५२२२(घ) बाट लिने दिने गरेको र सो जग्गा रामकुमार रानाले र.नं. ७३२०(घ) मिति २०६६।०२।०५ मा मञ्जली घोलेलाई बिक्री गरिदिने जालसाजी तरिका अपनाई सगोलका अंशियार हकवालालाई थाहा जानकारी नदिई मन्जुरीको लिखत नगराई साक्षीसम्म नबसाई लिखत पास गरी गराई लिए दिएको ललितपुर जिल्ला चौघरे गाउँ विकास समिति वडा नं. १ कि.नं. १४६ क्षेत्रफल ५–२–०–० जग्गामध्ये ३ खण्डको २ खण्ड मलगायतको अंश हक हुन आउने क्षेत्रफल ३–६–२–२ जग्गाको हकसम्मको लिखत बदर गरिपाउँ भन्नेसमेत बेहोराको **रविन स्याङ्तानको फिरापत्र।**

विपक्षीको फिराद दाबी झुठ्ठा हो। विपक्षीका पिताले घर खर्च गर्न भनी मसँग जग्गाको पूरा मूल्य लिई जग्गा बिक्री गर्नुभएको हो। मालपोत कार्यालयबाट कानूनबमोजिम पारित गरी लिएको लिखत बदर हुनसक्दैन । विपक्षीलाई मुद्दा गर्ने हकदैया नहुँदा फिराद खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **रामकुमार रानाक्षेत्रीको प्रतिउत्तरपत्र।**

विपक्षीको फिराद दाबी झुठ्ठा हो । विपक्षी वादीका पिताले आफ्नो एकलौटी हकभोगको जग्गा रू.१,००,०००।– लिने सहमति भई बाबु छोराको मन्जुरीबाट २०६५।११।२२ मा मालपोत कार्यालय ललितपुरबाट रामकुमार राना क्षेत्रीलाई राजीनामा पारित गरी दिएको, सोही जग्गा मिति २०६६।२।५ मा र.नं. ७३२० बाट रामकुमार रानाक्षेत्रीले म प्रतिवादी मञ्जली घोलेलाई बिक्री गरेको हो। जग्गा जालसाजी तवरबाट खरिद गरी लिएको होइन। सो जग्गाको लिखत जालसाजी ठहर हुनुपर्ने होइन । प्रतिवादीमध्येका रामकुमार राना क्षेत्रीले खरिद गरी लिएको जग्गा म प्रतिवादी मञ्जली घोलेले खरिद गरी भोगचलन गरी आएको छु। बाबु छोराको मिलोमतोबाट यो झुठ्ठा मुद्दा दायर गरेको हो। वादीका पिता केदार सिंउपर लिखत बदरमा मुद्दा नपरेको र कानूनसम्मत रूपमा जग्गा खरिद गरी भोग चलन गर्दै आएकोले लिखत बदर मुद्दा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **मञ्जली घोले तामाङको प्रतिउत्तरपत्र।**

र.नं. ७३२०(घ) मिति २०६६।२।५ मा पारित राजीनामाको लिखत र र.नं. ५२२२(घ) मिति २०६५।११।२२ मा पारित राजीनामाको लिखत सम्बन्धित मालपोत कार्यालयबाट झिकाई पेस गर्नु भन्ने ललितपुर जिल्ला अदालतको मिति २०६८।१।२२ को आदेशानुसार उक्त **लिखत प्राप्त भई मिसिल सामेल रहेको।**

यिनै वादी प्रतिवादी भएको लिखत बदर मुद्दामा उल्लिखित केदार सिंबाट रामकुमारले र.नं. ५२२२(घ) मिति २०६५।११।२२ को राजीनामाबाट प्राप्त गरेको कि.नं. १४६ को जग्गा नै प्रतिवादी रामकुमारले प्रतिवादी मञ्जली घोलेलाई राजीनामा पारित गरिदिएको र उक्त लिखत बदर नहुने गरी फैसला भएको देखिँदा उक्त लिखत बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहर्छ भन्नेसमेत बेहोराको **ललितपुर जिल्ला अदालतको मिति २०६८।७।२ को फैसला।**

पुनरावेदकका पिता केदारसिं स्याङ्तानले म र भाइ राजेन्द्रको मन्जुरी नलिई साक्षीसमेत नराखी विपक्षीमध्येका रामकुमार राना क्षेत्रीलाई हामीहरू समेतको हक लाग्ने ललितपुर जिल्ला चौघरे गाउँ विकास समिति वडा न. १ कि.नं. १४६ क्षे.फ. ५–२–०–० जग्गा मिति २०६५।११।२२ मा रू १,००,०००।– मा लिखत गरी दिएको र विपक्षी रामकुमार रानाक्षेत्रीले आफूले राजीनामा पारित गरी लिएको १ वर्ष पुग्न नपाउँदै मिति २०६६।२।५ मा रू ३५,०००।– मा आफूले खुलाएको मूल्यभन्दा पनि धेरै कम उल्लेख गरी विपक्षीमध्येकी मञ्जली घोलेलाई लिखत गरी दिएको कार्य मुलुकी ऐन अंशबन्डाको महलको १९ नं. को विपरीत छ। विपक्षी पिताले कुनै सम्पत्ति बाँकी नराखी घरबारीको घरसमेत नदेखाई घरबारीसमेत केही नराखी सम्पूर्ण श्रीसम्पत्ति विपक्षीलाई लिखत गरी दिन नपाउनेमा हामी उमेर पुगेका एकासगोलका अंशियार हुँदाहुँदै गुपचुप तरिकाले उनाउ व्यक्तिलाई लिखत गरी दिएको कार्य स्वत: बदर हुनुपर्नेमा सदर हुने गरी भएको सुरू अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी फिराद दाबीअनुसार ललितपुर जिल्ला चौघरे गाउँ विकास समिति वडा नं. १ कि.नं. १४६ क्षेत्रफल ५–२–०–० जग्गामध्ये ३ खण्डको २ खण्ड मलगायतको अंश हक हुन आउने क्षेत्रफल ३–६–२–२ जग्गाको हकसम्मको लिखत बदर गरिपाउँ भन्नेसमेत बेहोराको **वादी रविन स्याङ्तानको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र।**

यसमा यसै लगाउको ०५९–CP–०१९० को जालसाजी मुद्दामा विपक्षी झिकाउने आदेश भएको र प्रस्तुत मुद्दा उक्त मुद्दासँग अन्तरप्रभावी हुँदा यसमा पनि अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने **मिति २०६९।८।२४ को पुनरावेदन अदालत पाटनको आदेश।**

प्रचलित कानूनले लिखत बदर र जालसाजीमा दुई उपचारको व्यवस्था गरेकोमा जालसाजीमा दाबी गर्न पाउने नै हुँदा यसै लगाउको २०६९ सालको CP–०१९० को जालसाजी मुद्दा, ०६९ सालको CP-०१८९ को अर्को जालसाजी मुद्दा र ०६९ सालकै DP–०५८२ को लिखत बदर मुद्दामा पनि उक्त लिखतहरू जालसाजी ठहर हुनुको साथै र.नं. ५२२२(घ) मिति २०६५।११।२२ को लिखत पनि वादीको हक जति अर्थात् ३ भागको १ भाग बदर हुने ठहर भई आजै यसै इजलासबाट फैसला भएको र प्रस्तुत मुद्दामा पनि सोही आधारमा दिने रामकुमार रानाक्षेत्री र लिने मञ्जली घोले तामाङ भएको र.नं. ७३२० मिति २०६६।२।५ को लिखत वादीको हकजति मात्र ३ खण्डको १ खण्ड लिखत बदर गर्नुपर्नेमा सो नगरी लिखत बदरमा दाबी नपुग्ने ठहर गरी ललितपुर जिल्ला अदालतले गरेको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ भन्नेसमेत बेहोराको **पुनरावेदन अदालत पाटनको मिति २०७०।५।२ को फैसला।**

लगाउको ०६९-CP-०१९० को जालसाज मुद्दामा जालसाज ठहरेकाले यसमा पनि जालसाज ठहर्छ भनी मलाई प्रतिवादी नबनाइएको र मेरो उपस्थिति नै नरहेको मुद्दाको आधारमा जालसाज मुद्दामा जालसाजी ठहरेको उल्लेख गरी लिखत बदर हुने ठहराउन मिल्दैन। दाबीको कि.नं. १४६ को जग्गा मैले रामकुमार राना क्षेत्रीबाट मिति २०६६।२।५ मा खरिद गरी लिँदाका अवस्थामा थैली अङ्क उल्लेख गर्दा मेरो तत्कालीन व्यवहारअनुसार रू. ३५,०००।- उल्लेख गरेको हो। सोभन्दा पहिला २०६५।११।२२ को र.नं. ५२२२घ को लिखतमा कति अङ्क राखेको छ वा थियो मलाई थाहा थिएन र तत्काल मैले थाहा पाउनु पर्ने कुरा पनि होइन। थैली अङ्क उल्लेख गर्दा मेरो गलत नियत थियो भन्ने कतै उल्लेख गर्नसकेको छैन। संयोगवश पहिलोभन्दा पछिल्लो अङ्क घटी भयो भने पनि मनसायबिना कुनै फौजदारी अपराध हुन सक्दैन। मुलुकी ऐन रजिस्ट्रेसनको ४२ नं. विपरीत

ममाथि शंका गरी पुनरावेदन अदालतले गरेको फैसला न्यायिक मान्यताप्रतिकूल रहेको छ । कानूनबमोजिम स्रेस्ता पुर्जा खडा भइरहेको जग्गा मैले सामान्य तवरले खरिद गरी लिएकोमा हदम्यादसम्बन्धी विषय र तेस्रो पक्षको हक सिर्जना भइसकी तेस्रो पक्षको कुनै गल्ती नभएको अवस्थामा तेस्रो पक्षको हितलाई ध्यान दिनुपर्नेमा ललितपुर जिल्ला अदालतको फैसला उल्टी गरी पुनरावेदन अदालतबाट जालसाज मुद्दामा जालसाज ठहरेको भनी लेनदेन व्यवहारको १० नं. मा भएको व्यवस्थालाई उल्लेखसम्म नगरी लिखत बदर गर्ने गरी भएको फैसला बदर गरी सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर गरिपाउँ भन्नेसमेत बेहोरा **प्रतिवादी मञ्जली घोलेको यस अदालतमा परेको पुनरावेदनपत्र ।**

यसमा केदार सिंले रामकुमारलाई मिति २०६५।११।२२ मा छोरा राजेन्द्रको मन्जुरीबाट बिक्री गरेको जग्गा नै मिति २०६६।२।५ मा निज रामकुमारले मञ्जली घोलेलाई बिक्री गरेको देखिन्छ । मिति २०६५।११।२२ को राजीनामाउपर वादीको नालिस परेको देखिँदैन । निजले बिक्री गरेको लिखतमा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं.को म्यादभित्र नालिस गर्न नसकेकोमा जालसाजीको दाबीबाट लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।५।२ । को फैसलामा उक्त जालसाजीको कानूनी व्यवस्था र लेनदेन व्यवहारको कानूनी व्यवस्थासमेत मिलेको नदेखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु भन्ने **यस अदालतको मिति २०७३।९।३ को आदेश ।**

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट विद्वान् अधिवक्ता श्री अमृता ओझाले विवादित कि.नं.को जग्गाको मिति २०६६।२।५ मा खरिद बिक्री भएको अवस्थामा हदम्याद नघाई परेको फिराद खारेज गर्नुपर्नेमा पुनरावेदकलाई प्रतिवादीसम्म कायम नगरेको मुद्दा जालसाजी ठहर भएको भन्ने आधारमा प्रस्तुत मुद्दाको लिखत बदर हुने ठहर भएको पुनरावेदन अदालतको फैसला उल्टी गरी सुरू जिल्ला अदालतको फैसला सदर कायम हुनुपर्ने भन्ने बहस प्रस्तुत गर्नुभयो ।

प्रत्यर्थी वादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री रमेश मैनालीले विवादित कि.नं. को जग्गामा घरसमेत रहेकोमा सो घर नदेखाई पुनरावेदक प्रतिवादीका परदाता र दाताबीच लिनुदिनु गरी भएको लिखत नै जालसाजीपूर्ण रहेको हुँदा जालसाजीपूर्ण तवरबाट भएको लिखत बदर हुनुपर्ने हुँदा पुनरावेदन अदालत पाटनको फैसला सदर हुनुपर्ने भनी बहस प्रस्तुत गर्नुभयो ।

उल्लिखित दुवैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस सुनी मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा पुनरावेदन अदालत पाटनको फैसला मिलेको छ, छैन र पुनरावेदक प्रतिवादीको पुनरावेदन पुग्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा विपक्षीहरूले एक आपसमा मिलोमतो गरी मलगायत परिवारको अंश हक मार्ने जाल परिपञ्च रची मिति २०६५।११।२२ र.नं. ५२२२(घ) मार्फत रू.१,००,०००।- मूल्य राखी ललितपुर जिल्ला चौघरे गाउँ विकास समिति वडा नं. १ कि.नं. १४६ को क्षेत्रफल ५-२-०-० जग्गा विपक्षी पिताले विपक्षी प्रतिवादी रामकुमार रानालाई बिक्री गर्नु र विपक्षी रामकुमार रानाले विपक्षी मञ्जली घोलेलाई र.नं.७३२० मिति २०६६।२।५ मा राजीनामा पारित गरी लिनुदिनु गरेको हुँदा उक्त जग्गामध्ये ३ खण्डको २ खण्ड मलगायतको अंश हक हुन आउने क्षेत्रफल ३-६-२-२ जग्गाको हकसम्म लिखत बदर गरिपाउँ भन्ने फिराद दाबी भएकोमा वादी दाबी पुग्न नसक्ने

गरी भएको ललितपुर जिल्ला अदालतको फैसलाउपर वादीको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा पुनरावेदन अदालत पाटनबाट सुरूको फैसलालाई उल्टी गरी भएको फैसलाउपर प्रतिवादी मञ्जली घोले तामाङको प्रस्तुत पुनरावेदन परी इजलाससमक्ष पेस हुन आएको पाइयो।

३. पुनरावेदकलाई प्रतिवादी नबनाइएको र पुनरावेदकको उपस्थिति नै नरहेको लगाउको ०६९-CP-०१९० को जालसाज मुद्दामा जालसाज ठहरेको भन्ने आधारमा कानूनबमोजिम स्रेस्ता पुर्जा खडा भइरहेको जग्गा सामान्य तवरले खरिद गरी लिएको अवस्थामा वादी दाबी नपुग्ने ठहर गरी भएको सुरूको फैसला उल्टी गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदर गरी सुरू जिल्ला अदालतको फैसला सदर गरिपाउँ भन्ने प्रतिवादीको मुख्य पुनरावेदन जिकिर रहेको पाइन्छ।

४. पुनरावेदकलाई प्रतिवादी नै नबनाइएको लगाउको ०६९-CP-०१९० को मुद्दाको आधारमा पुनरावेदकलाई हराई भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा विवादित कि.नं. १४६ को ५-२-०-० जग्गा वादी रविन स्याङ्तानका पिता केदारसिं स्याङ्तानको नामबाट प्रतिवादीका दाता रामकुमार राना क्षेत्रीलाई मिति २०६५।११।२२ मा राजीनामाको लिखत पारित गरी लिनुदिनु गरेको जग्गा भन्नेमा विवाद देखिएन। वादी रविन स्याङ्तान र निजका पिता केदारसिं स्याङ्तान छुट्टी भिन्न नभई एकासगोलमा रहे भएको भन्ने मिसिल संलग्न प्रमाण मिसिलबाट खुल्न आई वादी रविन स्याङ्तान र प्रतिवादीका परदाता केदारसिं स्याङ्तान एकासगोलका अंशियार रहेकोमा समेत विवाद देखिएन। विवादित जग्गामा घरसमेत रहेको भन्ने मिसिल संलग्न कागजातबाट खुल्न आएको पाइन्छ। अंश नभई एकासगोलमा रहेका अंशियारबीच अंश लाग्ने अचल सम्पत्ति हक छाडी लिनुदिनु गर्दा कानूनबमोजिम अंशियारहरूलाई साक्षी राखेको वा निजहरूको मन्जुरी आवश्यक पर्ने देखिन्छ। विवादित जग्गा राजीनामा पारित गरी पुनरावेदक प्रतिवादीका दाता परदाताबीच मिति २०६५।११।२२ मा लिखत गर्दा प्रत्यर्थी वादी रविन स्याङ्तानसमेतका अंशियारहरूको मन्जुरी लिएको भनी उक्त लगाउको ०६९-CP-०१९० को मुद्दामा प्रतिवादी केदारसिं स्याङ्तानले जिकिर लिनसकेको समेत पाइएन।

५. मुलुकी ऐन, लेनदेनको १० नं. मा *"अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिन नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरी दिएको भए मात्र पक्का ठहर्छ ..."* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। पुनरावेदक प्रतिवादीका परदाता केदारसिं स्याङ्तानले विवादित घर जग्गा आफूखुसी गर्न पाउने घर जग्गा रहेको भनी दाबी जिकिर लिनसकेको समेत देखिँदैन। आफ्नो नाममा रहेको घर जग्गा पुनरावेदकका दाता रामकुमार राना क्षेत्रीलाई राजीनामा लिखत गरी दिँदा पुनरावेदक वादीको मन्जुरी लिएको वा साक्षी राखेकोसमेत नदेखिएको आधारमा मिति २०६५।११।२२ मा वादीका पिता केदारसिं स्याङ्तान दिने र रामकुमार राना क्षेत्री लिने भई र.नं. ५२२२(घ) बाट लिनुदिनु गरेको कार्यलाई जालसाजी ठहर गरी पुनरावेदन अदालतबाट मिति २०७०।५।२ मा भएको फैसलाउपर उक्त मुद्दाका प्रतिवादीहरूको पुनरावेदन नपरी उक्त फैसला अन्तिम भएर रहेको देखिन्छ।

६. जुन जग्गाको स्रोत नै जालसाजीपूर्ण रहेको छ त्यस्तो जग्गाको सम्बन्धमा भए गरेको लिखतलाई सद्धे भनी व्याख्या गर्नु न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने हुँदा पुनरावेदक प्रतिवादीका

परदाता र दाताबीच विवादित जग्गा लिनुदिनु गरी भएको लिखतलाई जालसाजी ठहर गरी भएको फैसला अन्तिम भएर रहेको अवस्थामा सोही जग्गा नै पुनरावेदक प्रतिवादीले निजका दाता रामकुमार राना क्षेत्रीबाट मिति २०६६।२।५ मा लिनु दिनु गरी पारित गरेको लिखतलाई बदर हुनुपर्ने होइन भनी व्याख्या गर्न मिल्ने देखिएन।

७. मिति २०६६।२।५ मा लिखत भएको हुँदा वादीलाई प्रस्तुत मुद्दा गर्ने हदम्याद नरहेको भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा जालसाजीपूर्ण कार्य जहिलेसुकै पनि गैरकानूनी नै हुन्छ । हदम्याद नभएको भन्ने आधारमा जासलासीपूर्ण कार्यले वैधानिकता पाउन सक्दैन । जहाँसम्म प्रतिवादी नै नबनाएको मुद्दामा भएको फैसलाको आधारमा प्रस्तुत मुद्दामा लिखत बदर हुने ठहर गर्न नमिल्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर रहेको छ सो सम्बन्धमा पुनरावेदक प्रतिवादीका दाता-परदाताबीच सोही जग्गा लिनुदिनु गरी भएको कार्यलाई जालसाजीपूर्ण कार्य ठहर भएको अवस्थामा सोही जग्गाको विषयमा लिनुदिनु गरी पुनरावेदक प्रतिवादी र निजका दाता रामकुमार राना क्षेत्रीबीच मिति २०६६।२।५ मा भएको लिखतलाई कानूनसम्मत लिखत भनी व्याख्या गर्न मिल्ने देखिएन। गैरकानूनी तवरबाट प्राप्त हुन आएको सम्पत्ति कानूनसम्मत तवरबाट लिखत पारित गरेको भन्ने मात्र आधारमा कानूनसम्मत मान्न नमिल्ने हुँदा प्रत्यर्थी प्रतिवादीसमेतको अंश हक लाग्ने जग्गामा लिनुदिनु गरी भएको लिखत प्रत्यर्थी वादीको हकसम्म बदर हुने नै देखियो।

८. फिराद दाबी हेर्दा प्रत्यर्थी प्रतिवादीहरू जम्मा ३ अंशियार रहेको भन्ने खुल्न आएको पाइयो । ३ जना अंशियारहरूमध्ये प्रत्यर्थी वादीको हकसम्म अर्थात् ३ भागको १ भाग उक्त मिति २०६५।११।२२ को र.नं. ५२२२(घ) को लिखत बदर हुने भनी मिति २०७०।५।२ मा पुनरावेदन अदालत पाटनबाट लगाउको ०६९-DP-०५८२ मुद्दामा भएको फैसला अन्तिम भएर रहेको हुँदा सोही आधारमा दिने रामकुमार राना क्षेत्री र लिने मञ्जली घोले तामाङ भएको र.नं. ७३२० मिति २०६६।२।५ को लिखत वादीको हकजति मात्र ३ खण्डको १ खण्ड बदर गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिलेन।

९. अतः विवेचित तथ्य एवं कानूनी व्यवस्था र प्रमाणको आधारमा वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६८।७।२ को फैसला उल्टी भई मिति २०६६।२।५ को र.नं. ७३२०(घ) को लिखत वादीको हकजति मात्र ३ खण्डको १ खण्ड बदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०।५।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. हरिकृष्ण कार्की

उपरजिष्ट्रार: इन्दिरा शर्मा
इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

निर्णय नं. ९९७३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
आदेश मिति : २०७४।२।९
०६९-WO-१२३१

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १ बस्ने श्यामप्रसाद श्रेष्ठ
विरूद्ध
विपक्षी : जिल्ला प्रशासन कार्यालय, स्याङ्जासमेत

- **कुनै पनि व्यक्तिको सम्पत्तिमाथि त्यस्तो व्यक्तिको मौलिक हक हुने र त्यस्तो सम्पत्तिलाई राज्यले प्राप्त गर्ने अवस्थामा राज्यले कानूनको प्रक्रिया अपनाई उचित मुआब्जा दिनुपर्ने विषयमा विवाद हुन नसक्ने ।**

(प्रकरण नं.७)

- **सरकारी कार्यालयको लागि जग्गा सरकारले आफ्नो प्रयोगमा लिई सट्टाभर्ना गर्ने कारवाहीको उठान भएको अवस्थामा जग्गा नै वा मुआब्जा प्राप्त हुन्छ भन्ने विश्वासमा कुनै नागरिक रहन्छ भने त्यो वैध अपेक्षा मान्नुपर्ने ।**

(प्रकरण नं.९)

- **जनताको जग्गा सरकारले लिई सरकारी कार्यालय बनाई प्रयोग गरिनु र सोबापत नागरिकलाई सट्टा जग्गा नै दिने विश्वास दिलाइएको एवं सरकारी संयन्त्रहरूले जग्गा दिलाउन पहलसमेत गरेपनि वन क्षेत्रसँग सम्बन्धित केही कानूनी अड्चन आएको कारण सट्टा जग्गा दिने कार्य अवरूद्ध भएपनि निरन्तर रूपमा त्यसको समाधान खोज्ने प्रयत्न भएबाट यी निवेदकले वैधानिक अपेक्षा (Legitimate expectation) राखी बसेको अवस्थालाई अन्यथा भन्न सकिँदैन । यस्तो असामान्य परिस्थितिमा निवेदकको हक प्रचलन गराइदिनु राज्य संयन्त्रको कर्तव्य हुन आउने ।**

(प्रकरण नं.१०)

निवेदकका तर्फबाट : वरिष्ठ अधिवक्ता श्री सर्वज्ञरत्न तुलाधर र अधिवक्ता श्री श्यामप्रसाद श्रेष्ठ
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली
अवलम्बित नजिर :

- *ने.का.प.* २०५८, अंक १२, नि.नं.६९७०
- *ने.का.प.* २०७२, अंक १२, नि.नं. ९५०८
- *ने.का.प.* २०७४, अंक १, नि.नं.९७५३
- *ने.का.प.* २०७४, अंक ४, नि.नं.९७९०

सम्बद्ध कानून :

- जग्गा प्राप्ति ऐन, २०१८
- जग्गा प्राप्ति ऐन, २०३४

आदेश

न्या.अनिलकुमार सिन्हा : नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको **तथ्य एवं आदेश** यसप्रकार रहेको छ:-

जिल्ला स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं. ९ हालको पुतलीबजार नगरपालिका वडा नं. १ को कि.नं. २७८० को क्षेत्रफल ५-१२-१-२

को जग्गा साबिकमा १९९५ सालको पाखो मोठमा मेरो बाजे शिवलाल श्रेष्ठको नाउँमा पाटे दर्ता भई २०२२ सालमा मेरा बाबु गुञ्जमान श्रेष्ठका नाउँमा भु.सु. ७ नं. फारामसमेत भरी आएको साल बसाली तालुकदार जि.मु. गजेन्द्रमार्फत तिरो भरो भोगचलन गरी आएको स्याङ्जाको पाखो बारी भन्ने मेरो पैतृक जग्गा स्याङ्जा जिल्ला साबिक सदरमुकाम पश्चिम नुवाकोटबाट २०२० सालमा सरी सरकारी भवन बनी सञ्चालन हुँदै आएको र तत्कालीन स्याङ्जा जिल्ला स्तरीय कार्यालय प्रमुख तथा राजनीतिक प्रतिनिधिको जिल्ला समितिले मिति २०२२।१२।२९ मा निर्णय गरी उक्त जग्गाको सट्टा साबिक स्याङ्जा पुतलीबजार गा.पं. वडा नं. २ को कि.नं. ३२६ को क्षे.फ. ५-७-२-१ को चितिकुना भन्ने वनजंगल क्षेत्रमा पर्ने जग्गा दिएकोमा सो जग्गा पनि सर्वे नापीको समयमा म निवेदकसमेतको नाउँमा नापी कित्ताकाट भई वनजंगल भएको कारण वन कार्यालयबाट रोक्का भई दर्ता हुन नसकी सरकारकै नाउँमा दर्ता भएको सो जग्गा फुकुवा होस् भनी बारम्बार निवेदन गर्दा पनि फुकुवा हुन नसकेकोले तत्कालीन राजामा बिन्तीपत्र चढाउँदा राय माग भई आएकोमा जिल्ला कार्यालय स्याङ्जाले नापी भएको जग्गा नै फुकुवा गरी निवेदकको नाउँमा दर्ता गराइदिए समस्याको समाधान हुने भनी र वन कार्यालयले घना वनजंगल भएकोले फुकुवा गरी दर्ता गरिदिन नमिल्ने भनी कार्यालयको राय बाझिन गई फुकुवा हुन नसकेको कारण नगद नै मुआब्जा पाउँ भनी निवेदन गरेकोमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाले निवेदकको पैतृक जग्गामा जिल्ला प्रशासन कार्यालय बनेको लामो समयसम्म मुआब्जा नपाएको हुँदा नगद नै मुआब्जा दिने व्यवस्था हुन अनुरोध छ भनी गृहमा लेखी पठाएको र गृहबाट भूमिसुधार तथा व्यवस्थापन विभाग र त्यहाँबाट मालपोत कार्यालय स्याङ्जा हुँदै सर्जमिनसमेत गरी निवेदकलाई सट्टा भर्ना वा मुआब्जा दिनुपर्ने सट्टा दिने जग्गा नभएको हुँदा नगद मुआब्जाका लागि जिल्ला प्रशासन कार्यालय स्याङ्जामा फाइल पेस भएकोमा त्यहाँबाट पनि सर्जमिनसमेत गरी सट्टा दिने जग्गा नहुँदा रजिस्ट्रेसन प्रयोजनका लागि तोकिएको न्यूनतम मूल्यअनुसार नगद मुआब्जा दिनुपर्ने भनी लेखी पठाएको र गृहबाट मुआब्जा समितिको रायसमेत लिई पठाउनु भनी पत्राचार भई जिल्ला प्रशासन कार्यालय स्याङ्जाको प्र.जि.अ.को अध्यक्षतामा मुआब्जा समिति गठन गरी मिति २०६९।७।२ मा मुआब्जा दिनु नपर्ने भनी निर्णय भएको हुँदा उक्त निर्णयबाट म निवेदकलाई नेपालको अन्तरिम संविधान २०६३, को धारा १२(१), १३(१)(२)(३), १४, १९ समेतद्वारा प्रदत्त मेरो मौलिक हक हनन भएको हुँदा जिल्ला प्रशासन कार्यालय स्याङ्जाको प्र.जि.अ.को अध्यक्षतामा गठित मुआब्जा समितिको मिति २०६९।७।२ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी जग्गा नै सट्टा भर्ना वा मुआब्जा दिनु दिलाउनु भनी परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको **श्यामप्रसाद श्रेष्ठको रिट निवेदन।**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई म्याद सूचना दिई महान्यायाधिवक्ताको कार्यालयलाई समेत जानकारी गराई विपक्षीहरूको लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू। साथै प्रस्तुत रिट निवेदनमा उठाइएको विषय २०२० सालदेखिको विषयसँग सम्बन्धित रहेको देखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(ञ) बमोजिम अग्राधिकार प्रदान गरिएको छ, नियमानुसार पेस गर्नु भनी यस अदालतको मिति २०७०।२।१३ को **आदेश।**

यस विभागबाट मिति २०६८।८।२३ मा

मालपोत कार्यालय स्याङ्जामा नेपाल सरकार (सचिवस्तर) बाट भएको मिति २०६७।३।१ को निर्णय एवं भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६८।८।२१ को पत्रमा लेखी आएबमोजिम स्पष्ट राय पेस गर्न पत्राचार भएको र सोबमोजिम राय हालसम्म प्राप्त भएको नदेखिएको, दाबीको जग्गा अधिग्रहण सम्बन्धमा यस विभागबाट कुनै निर्णय नभएको र रिट निवेदनमा उल्लिखित यस विभागबाट भएको पछिल्लो मिति २०६८।८।२३ को पत्राचार उल्लिखित नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६७।३।१ मा भएको निर्णय एवं भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६८।८।३ को पत्रबाट लेखी आएबमोजिम भएको हुँदा प्रस्तुत विषयमा यस विभागलाई विपक्षी बनाइरहनु पर्ने अवस्था नहुँदा विना आधार र कारण यस विभागलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी **भूमिसुधार तथा व्यवस्थापन विभागको लिखित जवाफ।**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा प्रचलित कानूनको परिपालना गरी गराई नागरिकको हक अधिकारको संरक्षण गर्ने गराउने कुरामा कटिबद्ध रहेको, संविधानतः सम्पत्तिसम्बन्धी हक मौलिक हक भए तापनि सार्वजनिक हितका लागि वैयक्तिक सम्पत्तिमा सिमा लगाउन सकिने विधिशास्त्रीय मान्यतालाई हाम्रो संविधानले पनि स्वीकार गरेको तर यसका लागि कानूनबमोजिम क्षतिपूर्ति दिनु पर्ने र सो क्षतिपूर्ति र सोको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारण गरिएबमोजिम हुने संवैधानिक व्यवस्था भएको, विपक्षी रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेको जग्गा अधिग्रहण भए नभएको वा सो जग्गा निजको हकभोगको भए नभएको भन्ने सम्बन्धमा सम्बन्धित निकायको लिखित जवाफमा उल्लेख हुने विषय भएको र निवेदकको जग्गा अधिग्रहण गर्ने वा सोबापत क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा यस कार्यालयबाट कुनै काम कारवाही वा निर्णय नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंको लिखित जवाफ।**

रिट निवेदकले नै सट्टा भर्ना माग गरेको कि.नं. ३२६ को जग्गा जंगल एरियामा परेको कुरा उल्लेख गर्नुभएको, राष्ट्रिय वनभित्रको जग्गा कुनै व्यक्तिको नाउँमा दर्ता गर्न गराउन नहुने वन ऐन, २०४९ को दफा १६ मा स्पष्ट कानूनी व्यवस्था रहेकोमा कि.नं. ३२६ को जग्गा अहिले पनि सरकारी घना वन नै रहेको र रिट निवेदकको नाउँमा हकभोग तथा जग्गाधनी प्रमाणपुर्जासमेत नभएको, समयमै उपचारको खोजी नगरी अहिले आएर उपचारको खोजी गरेको देखिँदा विलम्बको सिद्धान्तको आधारमा रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी **वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफ।**

निवेदकले दाबी गरेको कि.नं. ३२६ को जग्गा अहिले पनि घना वनजंगल रहेको, वन ऐन, २०४९ को दफा १६(१) मा राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन, दर्ता गराइएको भएपनि सो दर्ताको नाताले त्यस्तो जग्गा दाबी गर्न पाइने छैन भन्ने उल्लेख भएको हुँदा सो जग्गामा निवेदकको कुनै दाबी पुग्न नसक्ने र उक्त जग्गा सरकारी वन क्षेत्र नै भएको हुँदा निवेदकको माग दाबीबमोजिम उक्त कि.नं. ३२६ को जग्गामा हकदाबी पुग्न नसक्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको **विपक्षी जिल्ला वन कार्यालय स्याङ्जाको लिखित जवाफ।**

विपक्षी निवेदक श्यामप्रसाद श्रेष्ठले निवेदन दाबीमा उल्लिखित जग्गाको मुआब्जा पाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएको मागबमोजिम नगद नै मुआब्जा दिने व्यवस्थाका लागि यस कार्यालयबाट गृह मन्त्रालयमा पत्राचार गरिएकोमा पुन कारवाही प्रक्रिया चल्दै आएको, निज निवेदकले मुआब्जा पाउने स्थिति

नभए यस जिल्ला प्रशासन कार्यालय कम्पाउण्डको पश्चिमतर्फको पाँच आना जग्गा पाएमा अर्थात् बजार मूल्य कायम रकम पाएमा मन्जुर छु भनी निवेदन माग गरी गृह मन्त्रालयको मिति २०६८।१०।२४ को पत्रबमोजिम मिति २०६९।७।२ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मुआब्जा निर्धारण समिति बैठक बसी उक्त बैठकले निवेदन माग दाबीबमोजिम यस कार्यालयको नाउँमा दर्ता भई हकभोग कायम रहेको कि.नं. २७८० को क्षे.फ. ५-१२-१-२ को जग्गा आफ्नो हो भनी दाबी गर्दै आएको भए तापनि सो कित्ता आफ्नो भन्ने ठोस प्रमाण पेस गर्न नसकेको, निजलाई सट्टाभर्ना दिइएको भनिएको चितिकुनाको जग्गा दर्ता हुन नसक्ने भनी निवेदकलाई मिति २०४३।८।१८ मा नै जिल्ला वन कार्यालय स्याङ्जाले लिखित जानकारी गराइसकेकोमा सोउपर निवेदकले उजुरबाजुर नगरी बसेको देखिँदा ठोस सबुद प्रमाणका अभावमा मुआब्जा निर्धारण गर्न मनासिब देखिएन भनी निर्णय भएको हुँदा निवेदकको माग दाबीबमोजिम आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी **जिल्ला प्रशासन कार्यालय स्याङ्जाको लिखित जवाफ।**

विपक्षी निवेदक श्यामप्रसाद श्रेष्ठले निवेदन दाबीमा उल्लिखित जग्गाको मुआब्जा पाउँ भनी यस कार्यालयमा निवेदन दिनुभएको मागबमोजिम नगद नै मुआब्जा दिने व्यवस्थाका लागि भनी उक्त कार्यालयको च.नं. २९१३ मिति २०६६।९।२० को पत्रसाथ यी गृह मन्त्रालय आन्तरिक व्यवस्था "ख" शाखामा पत्राचार गरिएकोमा पुन: कारवाही प्रक्रिया चल्दै आएको, निज निवेदकले मुआब्जा पाउने स्थिति नभए यस जिल्ला प्रशासन कार्यालय कम्पाउण्डको पश्चिमतर्फको पाँच आना जग्गा पाएमा अर्थात् बजार मूल्य कायम रकम पाएमा मन्जुर छु भनी निवेदन माग गरी गृह मन्त्रालयको मिति २०६८।१०।२४ को पत्रबमोजिम मिति २०६९।७।२ गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मुआब्जा निर्धारण समिति बैठक बसी उक्त बैठकले निवेदकको माग दाबीबमोजिम यस कार्यालयको नाउँमा दर्ता भई हकभोग कायम रहेको कि.नं. २७८० को क्षे.फ. ५-१२-१-२ को जग्गा आफ्नो हो भनी दाबी गर्दै आएको भए तापनि सो कित्ता आफ्नो भन्ने ठोस प्रमाण पेस गर्न नसकेको, निजलाई सट्टाभर्ना दिइएको भनिएको चितिकुनाको जग्गा दर्ता हुन नसक्ने भनी निवेदकलाई मिति २०४३।८।१८ मा नै जिल्ला वन कार्यालय स्याङ्जाले लिखित जानकारी गराइसकेकोमा सोउपर निवेदकले उजुर बाजुर नगरी बसेको देखिँदा ठोस सबुद प्रमाणका अभावमा मुआब्जा निर्धारण गर्न मनासिब देखिएन भनी निर्णय भएको हुँदा निवेदकको माग दाबीबमोजिम आदेश जारी हुनुपर्ने होइन रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी **जिल्ला प्रशासन कार्यालय, मुआब्जा समिति स्याङ्जाको लिखित जवाफ।**

विपक्षी निवेदक श्यामप्रसाद श्रेष्ठले माग दाबी गरेको साबिक पुतलीबजार गा.वि.स. वडा नं. २ को चितिकुना नाउँको कि.नं. ३२६ को क्षे.फ. ५-७-२-१ को जग्गा वन बुटेन भई व्यक्ति विशेषका नाउँमा दर्ता गर्न नमिल्ने भनी वन कार्यालय स्याङ्जाको मिति २०३९।१०।१३ र २०४३।८।१८ को निर्णयउपर कानूनको हदम्यादभित्र अदालतमा प्रवेश गएको नदेखिएको हुँदा निवेदन माग दाबी गरिएको भनिएको स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं. २ को कि.नं. २२६ को क्षे.फ. ५-७-२-१ को जग्गा नेपाल सरकारको नाउँमा दर्ता भइसकेकोले मालपोत ऐन, २०३४ र नियमावली, २०३६ अनुसार सरकारी जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गर्ने अधिकार यस कार्यालयलाई नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी **मालपोत कार्यालय स्याङ्जाको लिखित जवाफ।**

यसमा निवेदकको कि.नं. २७८० को जग्गा अधिग्रहण भए नभएको र निवेदकको जग्गामा जिल्ला

प्रशासन कार्यालयको भवन र कार्यालय अवस्थित छ छैन र कानूनबमोजिम मुआब्जा वा सट्टा जग्गा पाउने हो होइन ? भन्ने सम्बन्धमा गृह मन्त्रालयबाट जवाफ लिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।१०।१८ को **आदेश**।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ता श्री सर्वज्ञरत्न तुलाधर र अधिवक्ता श्यामप्रसाद श्रेष्ठले निवेदकको हक लाग्ने स्याङ्जा पुतलीबजार वडा नं. ९ हाल पुतलीनगर नगरपालिका वडा नं.१ को कि.नं. २७८० को क्षेत्रफल ५-१२-१-२ को पैतृक जग्गामा २०२० सालमा सरकारी भवन (जिल्ला प्रशासन कार्यालय) बनेकोमा तत्कालीन जिल्ला स्तरीय कार्यालय प्रमुख तथा राजनीतिक प्रतिनिधिको जिल्ला समितिले मिति २०२२।१२।२९ मा निर्णय गरी सट्टा भर्नाको रूपमा वडा नं. २ को कि.नं. ३२६ क्षेत्रफल ५-७-२-१ जग्गा उपलब्ध गराई फिल्डबुकसमेत तयार भएपछि जिल्ला वन कार्यालयले वन क्षेत्र भनी रोक्का राखेको कारण हालसम्म निवेदकलाई सरकारी निकायले झुलाई राखेको छ। आफ्नो पैतृक जग्गा पनि सरकारले लिई भवन बनाउने र सट्टा भर्ना दिएको देखाए पनि निवेदकले त्यसको स्वामित्व नपाएबाट सरकारले निवेदकलाई अन्याय गरी आफूलाई अन्यायिक समृद्धि गरेको छ। निवेदकले अब जग्गाको सट्टा मुआब्जा वा सरकारी कार्यालय बनाइएको सोही ५-१२-१-२ जग्गामध्ये खाली रहेको जग्गामध्ये ५ आनामात्र दिए पनि चित्त बुझाउन मन्जुर गरेपनि एक निकायले अर्को निकायमा पठाई जिम्मेवारी पन्छ्याई अल्झाई राखेको र मिति २०६९।७।२ मा प्र.जि.अ.को अध्यक्षतामा मुआब्जा समिति बसे पनि अनधिकृत व्यक्तिहरू राखी जिम्मेवारी पन्छ्याउने निर्णय गरेकोबाट सरकारको सुशासनको प्रतिबद्धता नारामा मात्र सीमित हुन पुगेको छ । संविधानले जनताको सम्पत्तिको हक सुनिश्चित गरेको र सार्वजनिक प्रयोजनको लागि सम्पत्ति प्राप्त गरेमा Eminent Domain Right को सिद्धान्तअन्तर्गत मुआब्जा दिनुपर्नेमा त्यसको समेत उपहास भएको हुँदा वैधानिक अपेक्षाको सिद्धान्तको आधारमा समेत ३ महिनाभित्रै मुआब्जा दिने आदेश जारी हुनुपर्ने भनी **बहस** गर्नुभयो।

विपक्षी बनाइएका नेपाल सरकारका विभिन्न निकायहरूको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले निवेदकको निर्विवाद हक स्थापित नभएको जग्गाको मुआब्जा पाउन नसक्ने, निवेदकले लामो समयपछि रिट दर्ता गर्न आएबाट विलम्ब गरी परेको रिट जारी हुन नसक्ने, एकपटक अधिग्रहण भइसकेको जग्गा *ने.का.प.* २०६८, अङ्क १२, नि.नं. ८७३७ मा प्रतिपादित सिद्धान्तको आधारमा समेत फिर्ता हुन नसक्ने हुँदा रिट खारेज हुनुपर्छ भनी **बहस** प्रस्तुत गर्नुभयो।

अब विद्वान् कानून व्यवसायीहरूको बहस सुनी मिसिल संलग्न निवेदन एवं लिखित जवाफमा उल्लिखित जिकिरहरू तथा पेस भएका कागजातहरू समेत अध्ययन गरी हेर्दा प्रस्तुत निवेदनमा देहायका विषयहरूमा निर्णय गर्नुपर्ने देखियो।

१. निवेदकलाई प्रस्तुत रिट दायर गर्ने हकदैया छ, छैन ?
२. निवेदक विलम्ब गरी रिट दायर गर्न आएको हो, होइन ?
३. यदि निवेदकलाई हकदैया छ र विलम्ब गरेको मान्नुपर्ने अवस्था छैन भने;
   (क) स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं. ९ कि.नं. २७८० को ५-१२-१-२ जग्गाको सट्टा वडा नं. २ कि.नं. ३२६ को ५-७-२-१ जग्गा दिने सहमति भएको हो होइन ?
   (ख) मिति २०६९।७।२ को मुआब्जा समितिको बैठकको निर्णय के कुन

सन्दर्भमा भएको हो ?

(ग) प्रस्तुत जग्गाको सम्बन्धमा विपक्षीहरूले लिखित जवाफमा स्वीकार वा इन्कार गरेका तथ्यहरू के के हुन् ?

(घ) निवेदकको मागबमोजिम उपर्युक्त मिति २०६९।७।२ को निर्णय बदर हुनुपर्ने तथा मागबमोजिम आदेश हुनुपर्ने हो, होइन ?

प्रस्तुत विवादमा निवेदकले जिकिर लिएको जिल्ला स्याङ्जा साबिक पुतलीबजार गा.वि.स. वडा नं. ९ को कि.नं. २७८० को क्षेत्रफल ५-१२-१-२ साबिकमा १९९५ सालको पाखो मोठमा निवेदकका बाजे शिवलाल श्रेष्ठको नाममा परी दर्ता भई २०२२ सालमा निवेदकका बाबु गुञ्जमान श्रेष्ठको नाममा भू.सु. ७ नं. फाराम भरी जोताहा अस्थायी निस्सा पनि प्राप्त भई तिरो तिरी आएको पैतृक घरबारी जग्गा नै २०२० मा सरकारले प्राप्त गरेको सम्बन्धमा तत्कालीन अञ्चलाधीशको अध्यक्षतामा गठित जिल्ला समितिले मिति २०२२।१२।२९ को बैठकले मुआब्जा दिने रकम निकासा नभएको र जंगलबाहेक अन्य जग्गा नभएकोले जंगल नै हालैदेखि आवाद गर्न पाउने निर्णय गरी निकासाको लागि कारवाही चलाएको भन्ने निवेदकको निवेदन जिकिर सम्बन्धमा विपक्षीहरूको लिखित जवाफहरूमा खण्डन गरिएको देखिँदैन। सरकारको योजनाअनुसार २०३९ सालमा नापी हुँदा उक्त कि.नं. २७८० को ५-१२-१-२ को सट्टा स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं. २ को चितिकुना नाउँको कि.नं. ३२६ को ५-७-२-१ जग्गा यी निवेदकका दाजु नारायणप्रसाद, माहिला यी निवेदक श्यामप्रसाद र कान्छा भाइ सुशीलकुमार श्रेष्ठको नाममा नापीसम्म भएपनि निजहरूको नाममा जग्गादर्ता हुन नसकेको तथ्य खुलाइएको छ । उक्त तथ्य २०३९ सालको नापीमा हेरिएका प्रमाणबाट सम्बन्धित निकायले पुष्टि गर्न सक्ने हुन्छ । वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफबाट उक्त कि.नं.३२६ जग्गा हाल पनि सरकारी घना वन भएको तथ्य स्पष्ट छ । जिल्ला वन कार्यालयको लिखित जवाफमा स्याङ्जामा अड्डाखाना सर्दा तपाइँहरूको जग्गासमेत सरकारी कार्यालय कम्पाउण्डभित्र परी सोको सट्टा भर्नाबापत साबिक स्याङ्जा पुतली बजार, वडा नं.२ मा पर्ने चितिकुना भन्ने वनवुटान सट्टा भर्ना पाएकोमा सर्वे नापीको अवस्थामा कि.नं.३२६ कायम भई तपाइँको नाममा नापी नक्सासम्म भई तत्कालीन वन कार्यालयबाट वनजंगल भनी फुकुवा नभएको सो वनजंगल कायम हुन आएको र तपाइँले समय समयमा फुकुवाको लागि यस शाखामा निवेदन दिई ताकेता गरे तापनि हालसम्म उक्त जग्गा वन कायम रही तपाइँको नाममा उक्त जग्गा दर्ता हुन नसकेको बेहोराको प.सं. मु.फा. ०४३/४४ च.नं.८५० मिति २०४३।०८।१८ को पत्रबाट निवेदकलाई जानकारी गराइएकोबाट समेत उपर्युक्त जग्गाका सम्बन्धमा सरकारी निकायहरूले पटक पटकको पत्राचारमा यी निवेदकको हकदैयाको विषयमा प्रश्न उठाएको देखिँदैन । उक्त जग्गा नापीमा ३ जना दाजुभाइको नाम अंकित भएपनि माहिला श्यामप्रसाद श्रेष्ठको अंश भागको हुँदा जग्गाको मुआब्जा निजले पाउने र लिएमा हाम्रो मन्जुरी छ भनी दाजु नारायणप्रसाद र भाइ सुशीलकुमार श्रेष्ठले जिल्ला प्रशासन कार्यालयमा मिति २०६८।१२।१७ मा निवेदन दिनुभएको तथ्यमा निवेदकले रिट निवेदनमा उल्लेख गरेको विषयलाई विपक्षीमध्येका जिल्ला प्रशासन कार्यालय स्याङ्जाको लिखित जवाफमा खण्डन नगरी निज निवेदक श्यामप्रसाद श्रेष्ठले मुआब्जा पाएको नदेखिएकोले मागबमोजिम नगदै मुआब्जा दिने व्यवस्थाको लागि भनी उक्त कार्यालयको प.च.नं. २९१३ मिति २०६६।९।२० को पत्रसाथ गृह मन्त्रालयमा पत्राचार गरिएको तथ्य स्वीकार गरिएबाट तथा विपक्षी जिल्ला वन कार्यालय

स्याङ्जाको मिति २०६६।९।१६ को पत्र र मालपोत कार्यालय स्याङ्जाको मिति २०६७।१०।२७ को पत्रको बेहोराबाट समेत यी निवेदक श्यामप्रसाद श्रेष्ठको प्रस्तुत रिट निवेदन दिने हकदैया छैन भन्न मिल्ने आधार र अवस्था देखिँदैन।

अब निवेदक विलम्ब गरी रिट दायर गर्न आएको हो होइन भन्ने सम्बन्धमा विचार गर्नुपर्ने देखिन आयो। आफ्नो अधिकारको हनन् भयो भनी हक प्रचलन गराई माग्ने पक्ष उपयुक्त उपचारको लागि समयमै अदालत वा न्यायिक निकायसमक्ष प्रस्तुत हुनुपर्ने सम्बन्धमा पटकपटक यस अदालतबाट व्याख्या एवं सिद्धान्त प्रतिपादित भइसकेको अवस्थामा आफ्नो अधिकारप्रति सचेत एवं जागरूक नरहे त्यस्ता पक्षलाई अदालतले मद्दत गर्न सक्दैन भन्ने सम्बन्धमा विवाद हुन सक्दैन। तर रिट क्षेत्रमा विलम्बलाई अवस्था एवं परिस्थितिअनुसार सापेक्षिकरूपमा हेरिनुपर्ने हुन्छ। कुनै व्यक्तिको आफ्नो अधिकारको खोजीमा निरन्तरता देखिन्छ, त्यस्तो व्यक्तिबाट वैधानिक अपेक्षाको अवस्थामा विलम्ब हुन गएको छ, कुनै तेस्रो पक्षको हक सृजना भएको अवस्था छैन, विलम्ब भएको भनी प्रश्न उठाउने निकायबाटै कुनै निर्णय वा कारवाही हुनुपर्ने विषयमा अनुचित विलम्ब वा निर्णय गरी निकास दिनमा आनाकानी भएको छ भने यस्तो अवस्थामा आफ्नो अधिकार प्रचलन गर्न अनवरतरूपमा प्रयत्नरत व्यक्तिबाट कानूनले तोकेको हदम्यादजस्तो दिन गन्ती गरी विलम्बको सिद्धान्त प्रयोग गर्नु न्यायोचित हुँदैन। प्रस्तुत विवादमा निवेदकका पितासमेतलाई निजको कि.नं. २७८० को सट्टा अन्य जग्गा दिने भन्ने तत्कालीन अञ्चलाधीश अध्यक्ष रहेको जिल्ला समितिबाट मिति २०२२।१२।२९ को निर्णयबाट कारवाही चलाएको र २०३९ मा नापी हुँदा कि.नं. ३२६ को जग्गा उपलब्ध गराउने फिल्डबुक तयार भएपनि जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, वन कार्यालय आदिको समन्वयको अभावमा कारवाही टुङ्गो लाग्न नसकेको भन्ने देखिन्छ। जिल्ला वन कार्यालय स्याङ्जाले मिति २०४३।८।१८ को पत्रबाट उक्त जग्गा वन क्षेत्रमा परेकोले वन जंगल सट्टा भर्ना दिन नमिल्ने भनी पत्राचार गरेको भन्ने बेहोरा मालपोत कार्यालय, स्याङ्जाको मिति २०६८।३।१४ को पत्रबाट समेत खुल्न आएको र निज निवेदकले जग्गा सट्टा भर्ना र मुआब्जासमेत प्राप्त गर्न नसकेको बेहोराको जानकारी जिल्ला प्रशासन कार्यालय, स्याङ्जालाई दिएकोबाट समेत यो विषयमा कारवाही २०२२ सालदेखि चल्दै आएपनि तार्किक एवं न्यायोचित निष्कर्षमा पुग्न सकेको देखिएन। यस अवस्थामा अनवरत रूपमा अधिकारको खोजीमा हिँडेका यी निवेदक पहिलो पुस्ताको व्यक्ति भएको र पटकपटक तालुकदार कार्यालयहरूको सम्बन्धमा रहँदै आएको अवस्थामा यी निवेदकले समयमै आफ्नो अधिकार खोजी गर्न बेवास्ता गरेको वा आफ्नो अधिकारप्रति जागरूक नरहेको भनी दोष लगाउनु न्यायको दृष्टिकोणमा उचित देखिँदैन। प्रस्तुत विवादको प्रकृति, विपक्षीहरूको आचरण, तार्किक निष्कर्षको लागि निवेदकतर्फबाट भएका पहलहरू आदिसमेतलाई विचार गर्दा यी निवेदकलाई अनुचित विलम्बको आधारमा संवैधानिक हकको प्रचलनको लागि उपचार दिन इन्कार गरिएमा संविधान, कानून एवं न्यायपालिकाप्रति जनताको आस्था र विश्वासमा आँच आउने अवस्था सृजना हुन्छ। उपर्युक्त विवेचित आधारबाट यी निवेदक आफ्नो हकको खोजीमा अनुचित विलम्ब गरी यस अदालतमा प्रवेश गरेको भन्ने विपक्षीहरूको तर्कसँग सहमत हुन सकिएन।

माथि विवेचित आधारबाट यी निवेदकलाई प्रस्तुत रिट दायर गर्ने अधिकार भएको तथा यो निवेदनलाई अनुचित विलम्ब गरी आएको मान्न सकिने अवस्था नदेखिएबाट अब निम्न विषयहरूमा विवेचना गर्नुपर्ने देखिन आयो।

२. स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं. ९ कि.नं. २७८० को ५-१२-१-२ जग्गा यी

निवेदकका बाजे शिवलाल श्रेष्ठको नाउँको पाटे दर्ता भई २०२२ सालमा निवेदकका बाबु गुञ्जमान श्रेष्ठको नाउँमा भु.सु. ७ नं. फाराम भरी जो.अ. निस्सासमेत प्राप्त जग्गामा तत्कालीन सरकारबाट विभिन्न सरकारी कार्यालय बनाउन प्राप्त गरेको भन्ने निवेदकको भनाइलाई विपक्षीहरूबाट खण्डन नगरी मुख मिली स्वीकारेकै देखियो । यो तथ्यलाई जिल्ला वन कार्यालय स्याङ्जाको लिखित जवाफले प.सं. मु/फा ०४३/४४ च.नं.८५० मिति २०४३।०८।१८ को पत्रलाई उल्लेख गर्दै अझै प्रस्ट गरेको पाइन्छ । समय समयमा भएका विभिन्न पत्राचारहरू हेर्दा उक्त सरकारी कार्यालयहरू बनाउँदा त्यसमा परेको जनताको आवादी जग्गाको लागि मुआब्जा दिने रकम नभएकोले जंगल नै सोधभर्ना दिने गरी कारवाही चलिरहेको अवस्थामा २०३९ सालमा नापी हुँदा उक्त कि.नं. २७८० जग्गा जिल्ला कार्यालय, स्याङ्जाको नाममा नापी भएको र सट्टा भर्ना दिने भनिएको साबिक स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं. २ को कि.नं. ३२६ को ५-७-२-१ जग्गा यी निवेदक तथा निजको दाजु नारायणप्रसाद र भाइ सुशीलकुमार श्रेष्ठसमेत ३ जनाको नाममा नापी भएको भन्ने जिकिरलाई पनि अन्यथा भनिएको अवस्था देखिँदैन । समयको अन्तरालमा पटकपटक विभिन्न कार्यालयहरूमा कारवाहीको प्रक्रिया अगाडि बढाए पनि तार्किक निष्कर्षमा पुग्न नसकेको कारण लामो समयसम्म विवाद यथावत् रहँदा र एक कार्यालयले अर्को कार्यालयमा विवादको टुङ्गो लगाउन पत्राचार गर्दा भएका ढिलाइका कारण सम्बन्धित निकायका जिम्मेवार कर्मचारीहरूले तथ्य बुझ्न समय लगाउनुलाई यस प्रकृतिको विवादमा अन्यथा भन्नु पनि उचित हुँदैन । तथापि यस प्रकृतिको ढिलाई र अन्यौलतालाई दुर्लभ र अपवादको रूपमा हेरिनुपर्ने देखिन्छ । २०३९ सालको नापीको समयमा यी निवेदकसमेतको नाममा कि.नं. ३२६ क्षेत्रफल ५-७-२-१ कायम भई सर्वे नापी कित्ताकाट भएकोमा ६ नं. नापी गोश्वाराको मिति २०३९।१०।१७ को पत्रले रोक्का भएको भन्ने जिल्ला प्रशासन कार्यालय, स्याङ्जाले मिति २०६६।९।२० को पत्रमा उल्लिखित तथ्यबाटै पनि यी निवेदकसमेतलाई सट्टा जग्गा दिने विषयमा कारवाही अगाडि बढिसकेको तथ्य स्थापित हुन आउँछ । यसबाटै पनि निवेदकलाई सट्टा भर्नाको रूपमा कि.नं.३२६ दिने भन्ने कारवाही चले पनि वन क्षेत्र भएको कारण रोक्का रहेको जग्गा फुकुवा हुन नसकी प्रस्तुत विवाद अन्योलतामा रहेकोबाट जग्गा सट्टा भर्ना दिने विषयमा सैद्धान्तिकरूपमा विपक्षीहरूको सहमति थिएन भन्नसमेत मिलेन ।

३. पटकपटक भएका पत्राचार र कारवाहीहरू पश्चात् प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मिति २०६९।०७।०२ को मुआब्जा निर्धारण समितिको बैठकबाट भएको निर्णयको सम्बन्धमा अब विवेचना गर्नु आवश्यक देखिन्छ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको उक्त बैठकको निर्णय सम्बन्धमा लिखित जवाफमा निवेदकले आफ्नै कारणबाट मुआब्जा समयमै प्राप्त गर्न नसकेको र तत्काल विद्यमान जग्गा प्राप्ति ऐन, २०१८ को दफा १३(२), (६) ले निर्धारण गरेको व्यवस्था र हाल प्रचलित जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३७ बमोजिमको म्यादसमेत नाघिसकेको एवं कि.नं.२७८० को क्षेत्रफल ५-१२-१-२ को जग्गा आफ्नो भएको भनी दाबी गर्दै आएको भए तापनि सो कित्ता आफ्नो भन्ने कुनै ठोस प्रमाण पेस गर्न नसकेको भन्नेसमेत बेहोरा उल्लेख छ । निवेदकको निवेदन जिकिर हेर्दा २०२२ सालमा नुवाकोटबाट सदरमुकाम स्याङ्जामा सार्दा कार्यालय बनाउँदा त्यसमा परेको जनताको आवादी जग्गासमेतको मुआब्जा दिने रकम निकासा नभएको र जंगलबाहेक अरू जग्गा नभएकोले जंगल नै हालैदेखि आवाद गर्नपाउने गरिदिनको लागि अञ्चलाधीश अध्यक्ष, डि.एफ.ओ. प्रतिनिधि, स्याङ्जा मालपोत कार्यालय प्रमुखसमेत भएको जिल्ला समितिले मिति

२०२२।१२।२९ मा निर्णय गरी निकासाको लागि खाद्य कृषि मन्त्रालय, कृषि विभागमा पठाएको भन्ने उल्लेख भएको र तत्पश्चात कारवाही युक्त अवस्थामा रही २०३९ सालमा नापी हुँदा निवेदकको जग्गा कि.नं.२७८० को ५-१२-१-२ जिल्ला कार्यालय स्याङ्जाको नाममा नापी भई सट्टा भर्ना दिने भनिएको स्याङ्जा पुतलीबजार गा.वि.स. वडा नं.२ को चितिकुना नाउँको कि.नं.३२६ को ५-७-२-१ यी निवेदकसमेतको नाममा नापी भएपनि दर्ता गरी पुर्जा लिन नपाएको उल्लेख छ। साथै यसै प्रकृतिबाट सरकारी भवन बनाउने गरी जग्गा लिइएको काजिमान श्रेष्ठले कि.नं.३१८ केहरमान श्रेष्ठले कि.नं.३१९ र श्रीमती शेषकुमारी श्रेष्ठले ३२४ को जग्गा सट्टाभर्ना पाएको भन्ने जिकिरलाई विपक्षीहरूको लिखित जवाफमा खण्डन गर्नसकेको वा अन्यथा भनिएकोसमेत देखिएन।

४. मुआब्जा सम्बन्धमा भनी श्री गृह मन्त्रालयलाई लेखिएको जिल्ला प्रशासन कार्यालयको प.सं.२९१३ मिति २०६६।०९।२० को पत्रमा तत्कालीन कार्यालय प्रमुखहरूको मिति २०२२।१२।२९ को निर्णयबाट चितकुना भन्ने जंगल निवेदकले पाएको, सर्वे नापीको अवस्थामा कि.नं.३२६ क्षेत्रफल ५-७-२-१ कायम भई निजको नाममा कित्ताकाटसम्म भएको तर तत्कालीन ६ नं. नापी गोश्वाराको मिति २०३९।१०।१७ को पत्रानुसार सो कित्ता दर्ता रोक्का भई वन कायम भएको, निवेदकले समय समयमा निवेदन गरी फुकुवा गर्ने प्रयास गरे तापनि फुकुवा र दर्ता हुन नसकी निवेदकले राजदरबारमा बिन्तीपत्र चढाएकोमा त्यस कार्यालयबाट सोही जग्गा फुकुवा गरी दर्ता गरिदिएमा समस्या समाधान हुने भनी राय, गएको र जिल्ला वन कार्यालय स्याङ्जाबाट सो जग्गा फुकुवा गरी दर्ता गरिदिन नमिल्ने भनी राय पेस भई कार्यालयको राय बाझिन गएको कारण निजले सोधभर्ना पाउन नसकेको देखिन आएको भन्दै निवेदकले उठाएको तथ्यगत जिकिरहरूलाई अन्यथा भनेको देखिँदैन। त्यस कार्यालयले जिल्ला वन कार्यालयमा राय माग गर्दा सो जग्गा चारैतिर वनले घेरिएको र घना जंगल भएको हुँदा फुकुवा गरी दर्ता गर्न नमिल्ने भनी लेखिआएको एवं लामो समयको समस्या हुँदा निवेदकको मागबमोजिम नगद नै मुआब्जा दिने व्यवस्था हुन सिफारिस गरिएकोसमेत देखिन्छ। मिति २०४८।०५।२० मा नगर विकास समिति, स्याङ्जाको उपसमितिले यी निवेदकको निवेदनलाई समयोचित कारवाहीको लागि मूल समितिमा पेस गर्ने निर्णय गरेबमोजिम मिति २०४८।११।२० को नगर विकास समितिको बैठकमा समेत कारवाही चलेको र उक्त समितिले आफ्नो निर्णय कार्यान्वयनको लागि श्री वन तथा भू-संरक्षण मन्त्रालयलाई पत्राचार गरेको पनि देखिन्छ। जिल्ला वन कार्यालय स्याङ्जाबाट च.नं.४२० मिति २०६६।०९।१६ मा जिल्ला प्रशासन कार्यालयलाई लेखिएको पत्रमा पनि यी निवेदकले जग्गा सट्टा भर्ना पाउनुपर्ने देखिएको, तत्कालीन नापीका बखत उल्लिखित सट्टा भर्ना पाउन घनाजंगल नै देखिएको र सट्टा भर्ना दिने अधिकार त्यस शाखालाई नभएकोले तत्कालीन श्री ५ को सरकारका जुनाफमा बिन्ती जाहेर गर्ने भनिएका यी निवेदकलाई "कहाँको जग्गा सट्टा भर्ना दिन उपयुक्त हुन्छ सो व्यवस्था सम्बन्धित निकायमै हुकुम बक्सको लागि बिन्ती चढाउँछौ सरकार" भनी लेखिएको, मालपोत कार्यालय स्याङ्जाले भूमिसुधार तथा व्यवस्थापन शाखालाई लेखिएको च.नं.१२४० मिति २०६७।१०।२७ को पत्रमा हाल जग्गा प्रशासन कार्यालय र सरकारी वकिल कार्यालय भएको जग्गा तत्कालीन अवस्थामा यी निवेदकको हकभोगको जग्गा भएको भनी सक्कल मिसिलसमेत आवश्यक निर्णयको लागि पठाएको, जिल्ला प्रशासन कार्यालयबाट गृह मन्त्रालयलाई सम्बोधन गरी लेखिएको प.सं.४८० मिति २०६८।०४।२४ को पत्रमा समेत मुआब्जा सट्टा भर्ना जमिन प्राप्त गर्ने व्यक्तिले उक्त जिल्ला प्रशासन

कार्यालयले प्रयोग गरेको क्षेत्रफल ५-१२-१-२ रोपनी जग्गाको हाल सरकारी रजिस्ट्रेसनको लागि भएको मूल्याङ्कनबमोजिम मुआब्जा वा जग्गाको पश्चिम दक्षिण छेउबाट ५ आना जग्गा सट्टा दिलाई दिए मेरो मन्जुरी छ भनी निवेदन दिएको हुँदा हालको अवस्थामा छुट्टै जग्गा खोजी उपलब्ध गराउन सक्ने अवस्था नरहेको हुँदा मालपोत कार्यालयको रजिस्ट्रेसन प्रयोजनको लागि तोकिएको मूल्य कायम गरी मुआब्जा दिन मनासिब नै हुने हुँदा आवश्यक कारवाहीको लागि फाइल त्यहाँ पठाइएको भन्नेसमेत बेहोराको पत्राचारहरूबाट हाल प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मिति २०६९।०७।०२ को मुआब्जा निर्धारण समितिको बैठकको निर्णयमा उठाइएको प्रश्नहरू तथा निर्णयाधार खण्डित हुन आउँछ । जिल्ला प्रशासन कार्यालय स्याङ्जाको मिति २०६६।९।२० कै पत्रमा पनि जग्गा सट्टाभर्ना नपाएको तथ्य स्वीकार गरेको छ। तत्कालीन अवस्थामा उक्त जग्गामा सरकारी कार्यालयहरू निर्माण गर्दा जग्गा प्राप्ति ऐन, २०१८ को प्रक्रिया नअपनाई जग्गा सोधभर्ना दिने आधारमा कारवाहीको उठान भएको यो विषयमा उक्त मिति२०६९।०७।०२ को निर्णयमा उल्लेख भएको तत्काल विद्यमान जग्गा प्राप्ति ऐन, २०१८ को दफा १३ को उपदफा २ र ६ ले निर्धारित गरेको व्यवस्था र हाल प्रचलित जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३७ बमोजिम म्याद नाघिसकेको अवस्था रहेको एवं वन शाखा स्याङ्जाको २०४३।०८।१८ को निर्णयउपर कानूनको म्यादभित्र अदालतसमक्ष मागदाबी प्रस्तुत गर्न नगएको भन्ने जिकिरहरूसँग समेत उपर्युक्त पत्राचारहरू एवं कारवाहीका कारण यो इजलास सहमत हुन सकेन।

५. उपर्युक्त पत्राचारहरू हेर्दा साबिकमा सरकारी कामको लागि भनी जग्गा नै सोधभर्ना दिने गरी व्यक्तिको जग्गामा सरकारी कार्यालय खडा भएको होइन भन्नसकेको अवस्था छैन। जग्गा प्राप्तिसम्बन्धी कानूनी प्रक्रिया नअपनाए पनि सोधभर्ना दिने भनी सीमाङ्कन भएको तथा फिल्डबुकसमेत तयार भएकोमा उक्त जग्गा वन क्षेत्रमा परेका कारण तत्काल कार्यान्वयन नभई तत्कालीन सन्दर्भमा बिन्तीपत्र आदिका माध्यमबाट कारवाहीसमेत चलि लामो समयसम्म अनिर्णयको बन्दीको रूपमा रहेको प्रस्तुत विवाद तार्किक निष्कर्षमा पुगी न्यायोचित निकासका लागि यो विपक्षीहरूले आफैँले समाधान गर्न असहज महसुस गरेको अनुभूति हुन्छ। कर्मचारीहरूले समेत निर्णय गर्दाको जिम्मेवारी तथा उजुरबाजुर परेमा व्यक्तिगतरूपमा भोग्नुपर्ने असहज परिस्थिति एवं सम्भाव्य परिणामसमेतको त्रास हो कि भन्ने अनुमान गर्नुपर्ने पर्याप्त कारणहरू देखिन्छन् । यस्तो परिस्थितिका कारण विबन्धित तथ्यहरू समेतमा विवाद उठाई जिम्मेवारीबाट पन्छिने प्रयत्न स्वरूप उक्त मिति २०६९।०७।०२ को निर्णय भएको भन्न सकिन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ समेत विधायिकाले बनाई लागू गरिरहेको परिप्रेक्ष्यमा असल शासनको आधारभूत मान्यतालाई आत्मसात् गरी जनताले पाउनु पर्ने सेवा छिटोछरिटो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सृजना गर्नु, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउनु र प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र र सहजकर्ताको रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिनुपर्नेमा प्रस्तुत विवादको विषयमा मिति २०६९।७।२ मा जुन कारण देखाई निर्णय गरिएको छ, त्यसले उक्त ऐनको प्रभावकारी कार्यान्वयनमा समेत प्रश्न चिह्न लगाएको महसुश हुन यो अवस्थाले सुशासनको अवस्था प्रत्याभूत गर्दैन।

६. विपक्षीहरूको लिखित जवाफहरू हेर्दा कसैले पनि जिल्ला प्रशासन कार्यालयलगायतका सरकारी कार्यालयहरू निर्माण भएको जग्गा साबिकदेखि नेपाल सरकारको नै जग्गा भएको वा नेपाल सरकारले कानूनको रीत पुऱ्याई अधिग्रहण गरेको भन्नसकेको अवस्था छैन। निवेदकले निवेदनमा उल्लेख गरेको एवं

यस आदेशमा माथि विवेचना गरिएका विभिन्न सरकारी निकायहरू बीचको पत्राचारहरू एवं त्यसमा उल्लिखित तथ्यहरूलाई समेत लिखित जवाफहरूमा वस्तुनिष्ठ तवरबाट खण्डन गरिएको छैन। समष्टिगत रूपमा मिति २०४३।०८।१८ मा जिल्ला वन कार्यालयले सट्टा भर्ना दिने भनिएको चितिकुनाको जग्गा दर्ता हुन नसकेको भनी यी निवेदकलाई जानकारी गराएको अवस्था देखाई निवेदकले तत्काल कारवाही नचलाएको भनी विलम्ब एवं हदम्यादको अवस्था देखाए पनि निज निवेदकले कुनै जग्गा सट्टाभर्ना वा मुआब्जा पाउनै नपर्ने भनी पछिल्ला दिनहरूमा भएका पत्राचारहरूबाट नदेखिएकोबाट माथि उल्लिखित कारवाही एवं पत्राचारहरूलाई विचार एवं विश्लेषण गरी विपक्षीहरूबाट लिखित जवाफ पेस भएको नदेखिई अदालतसमक्ष पेस भएको यो विवादमा केवल औपचारिकतासम्म पूरा गर्न उक्त लिखित जवाफ पेस भएको देखियो। आफूहरूले पटक पटकका पत्राचारहरू गर्दा स्वीकार गरेका तथ्यहरू सम्बन्धमा लिखित जवाफ मौनसमेत रहेको पाइयो।

७. उपर्युक्त अवस्थामा निवेदकको मागबमोजिम मुआब्जा निर्धारण समितिको मिति २०६९।०७।०२ को निर्णय बदर हुनुपर्ने हो होइन र मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन? सो सम्बन्धमा विवेचना गर्नुपर्ने देखियो। कुनैपनि व्यक्तिको सम्पत्तिमाथि त्यस्तो व्यक्तिको मौलिक हक हुने र त्यस्तो सम्पत्तिलाई राज्यले प्राप्त गर्ने अवस्थामा राज्यले कानूनको प्रक्रिया अपनाई उचित मुआब्जा दिनुपर्ने विषयमा विवाद हुन सक्दैन। साबिक नेपालको संविधान, २०१९, नेपाल अधिराज्यको संविधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ तथा हाल प्रचलित नेपालको संविधानको धारा २५ मा समेत यो अवधारणालाई अनवरत रूपमा अंगीकार गरिएको छ। यस अदालतबाट अधिवक्ता राजुप्रसाद चापागाईंसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदनमा "मौलिक हकको रूपमा भएको संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्ने प्राथमिक जिम्मेवारी राज्यउपर नै रहने हुँदा संविधानमा उल्लिखित मौलिक हकको कार्यान्वयन नागरिकले महसुस गर्नसक्ने स्वरूपको बनाउन आवश्यक नियम कानूनको तर्जुमा र त्यसलाई कार्यरूपमा लैजाने जिम्मेवारी राज्यले नै लिनुपर्ने हुँदा सोको लागि आवश्यक प्रबन्ध हुनसकेमा मात्र नेपाली नागरिकले संविधानबाट प्राप्त गरेको मौलिक हकको संरक्षण भई व्यवहारमा अधिकार स्थापित हुनसक्छ। राज्यको आर्थिक क्षमताले सकेको खण्डमा सबै मौलिक अधिकारहरू नागरिकले प्राप्त गर्ने अवस्थाको सुनिश्चितता गरिदिनुपर्ने" (*ने.का.प.* २०७४ अङ्क ४ नि.नं. ९७९०) भन्ने सिद्धान्त प्रतिपादित भइरहेको छ।

८. बृहत् सार्वजनिक हितको लागि राज्यले व्यक्तिको सम्पत्तिमाथि नियन्त्रण गर्नसक्ने मान्यतालाई अपवादको रूपमा स्वीकारिएको पाइन्छ। खासगरी Eminent Domain को सिद्धान्तअनुसार राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि नियन्त्रण, नियमन र अंकुश लगाउन सक्ने मान्यता रहे तापनि यसको प्रयोगसमेत राज्यले असीमितरूपमा गर्न नसक्ने, यसका निश्चित सीमा, प्रक्रिया र कार्यविधि कानूनबाट निर्दिष्ट गरिएको हुन्छ। राज्यले व्यक्तिको निजी सम्पत्तिमाथि हस्तक्षेप गर्दा कानूनले निर्दिष्ट गरेका त्यस्ता आधार र सीमाहरूमा बाँधिनु पर्ने र व्यक्तिको सम्पत्ति राज्यले प्राप्त गर्दा प्रचलित कानूनी कार्यविधिको उचित पालना नगरिएको, व्यक्तिलाई अनुचित मर्का पर्ने गरी काम कारवाही वा निर्णय गरिएको वा स्वेच्छाचारी ढङ्गबाट नागरिकलाई निजको साम्पत्तिक हकबाट वञ्चित गराएको विषय आधार र अवस्थाहरू सदैव न्यायिक पुनरावलोकनको विषय बन्ने हुन्छ। राज्य नागरिकको संरक्षक भएको हुँदा राज्यले सबै नागरिकहरूको अभिभावकत्व लिन सक्नुपर्ने तथा राज्यका क्रियाकलापहरू न्यायोचित

मात्र नभई सबै नागरिकका लागि समन्यायिकसमेत हुनुपर्ने भन्ने जस्ता सिद्धान्तसमेत डा. भाइकाजी तिवारी विरूद्ध चतुर्भुज भट्टसमेतको मुद्दामा (*ने. का.प.* २०७२ अङ्क १२ नि.नं. ९५०८) प्रतिपादित छन् । यी सिद्धान्तहरूको पालना गर्नु राज्यको कर्तव्य हो । निवेदकले निवेदनमा उठाएका प्रकृतिका अप्ठ्यारा परिस्थिति सरकारसमक्ष यदाकदा एवं अपवाद स्वरूप आउने गर्दछ । काठमाडौं स्थित साबिक कोटेश्वर गा.प.मा पर्ने गौचार हवाई अड्डाबाट थापाथली र भक्तपुर जाने तीन दोबाटोभित्रको जग्गा प्राप्त गर्ने सम्बन्धमा इन्द्र कुमारी गौतमसमेतको तर्फबाट परेको रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट तत्काल प्रचलित जग्गा प्राप्ति ऐन, २०१८ को दफा १२ बमोजिम तोकिएको अधिकारीले गरेको ठहर सिफारिसबमोजिम सरकारको निर्णयपश्चात् सरोकारवाला व्यक्तिलाई क्षतिपूर्तिबापत रकम वा सट्टा जग्गा दिनुपर्ने तथा रूजु हाजिर नभएका व्यक्तिलाई सरकारको निर्णयको जानकारी दिनुपर्ने, क्षतिपूर्ति नदिई कसैको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्न सकिने अवस्था नदेखिएको भन्दै मुआब्जा नदिएकै अवस्थामा व्यक्तिको जग्गा सरकारको नाममा दाखिल खारेज स्रेस्तापुर्जा बनाई दिने भन्ने निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी कानूनबमोजिम निर्णय गर्न पठाइएको देखिन्छ (*ने. का.प.* २०५८ अंक १२, नि.नं.६९७०) । तत्पश्चात् पनि मुआब्जा नपाएपछि पीडितहरू यसै अदालतमा अदालतको अवहेलना मुद्दा लिई आएकोमा यस अदालतबाट जग्गा अधिग्रहण कार्य २०३१ सालबाट सुरू भएको र यस अदालतको पूर्ण इजलासबाट मिति २०५७।०१।२२ मा आदेश भए पनि धेरै समय बितिसकेको, तत्कालका जग्गाधनी कतिको त मुद्दा गर्दा गर्दै परलोक भइसकेको, जग्गावालाले सरकारबाट मनासिब र पर्याप्त क्षतिपूर्ति प्राप्त गर्ने संवैधानिक र कानूनी हकसमेत भएकोमा ३२/३३ वर्षसम्म मुद्दा लडिरहनु पर्ने राज्यले दिनुपर्ने मुआब्जाको रकम नदिई जिम्मेवारी र कर्तव्यबोधप्रति उदासिन रहने प्रवृत्तिले नागरिकलाई सरकारको काम कारवाहीप्रति वितृष्णा पैदा हुने भन्नेसमेत विस्तृत विवेचना गरी ३ महिनाको समयावधि तोकी मुआब्जा उपलब्ध गराउनु र सो उपलब्ध नगराए जग्गा नै साबिक जग्गावालालाई फिर्ता दिनु भनी आदेश भएको स्मरणीय छ (२०६१ सालको फौ. विविध नं. १२९, आदेश मिति २०६४।३।१९)। वस्तुतः राज्यका सार्वजनिक निकायबाट गरिएका कारवाही तथा कानूनसम्मतका निर्णय कार्यान्वयन हुन्छ भनी नागरिकले विश्वास गर्ने हुन्छ, अतः विधिवत् जग्गा प्राप्ति ऐनको प्रयोग नगरेकै कारण व्यक्तिको सम्पत्ति सट्टाभर्ना पाउने भन्ने सरकारको निर्णय वा त्यस्को विकल्प खोजी विवाद समाधान गर्नबाट पछि हट्नु न्यायको रोहमा मान्य हुँदैन ।

९. प्रस्तुत विवाद पनि एकाएक सृजना भएको नभई यसको इतिहास पश्चिम नुवाकोटबाट स्याङ्जामा सदरमुकाम सार्दा निवेदकको बाबुको नाममा साबिक दर्ताको जग्गा २०२२ सालमा स्थानीय तहको कार्यालय प्रमुख रही मिति २०२२।१२।१९ मा निर्णय गरी चितिकुना भन्ने वन जङ्गल सट्टा दिनेगरी अधिग्रहण गरिएकोमा सर्वे नापीको समयमा स्याङ्जा जिल्ला साबिक पुतलीबजार गा.प. वडा नं. २ को कि.नं. ३२६ क्षेत्रफल ५-७-२-१ कायम भई सर्वे नापी कित्ताकाट भएको र फिल्डबुकसमेत तयार भएकोमा ६ नं. नापी गोश्वाराको मिति २०३९।१०।१७ को पत्रले रोक्का हुन गई फुकुवातर्फ कारवाही चल्दा पनि फुकुवा हुन नसकी दर्ता हुन नसकेको, सोही जग्गा वनतर्फबाट फुकुवा गराई निवेदकको नाममा कित्ताकाट भएको जग्गा दर्ता गरिदिने व्यवस्था भएमा टुङ्गो लाग्ने भनी जिल्ला कार्यालय स्याङ्जाबाट मिति २०४३।२।७ मा विशेष जाहेरी विभागमा प्रतिवेदनसमेत जाहेर भएको तर वन ऐन, २०१८ को पहिलो संशोधन, २०३४ अनुसार चारैतिर वनले घेरिएको हुँदा दर्ता गर्न नमिली रोक्का रहेकोमा उक्त जग्गा व्यक्तिको नाममा दर्ता

गर्न नमिल्ने भई बिन्तीपत्रवाला यी निवेदकले सट्टा भर्ना नपाएको हुँदा कहाँको जग्गा दिन उपयुक्त हुन्छ हुकुम बक्स होस् भनी जिल्ला वन शाखा कार्यालय, स्याङ्जाबाट च.नं. ९९५ मिति २०४४।९।१६ बाट पत्राचार भएको भन्ने तथ्यहरू श्री गृह मन्त्रालयलाई लेखिएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाको प.सं. ०६६/६७ च.नं. २९१३ मिति २०६६।८।२० को पत्रबाट समेत देखिन्छ । यसरी सरकारी कार्यालयको लागि जग्गा सरकारले आफ्नो प्रयोगमा लिई सट्टाभर्ना गर्ने कारवाहीको उठान भएको अवस्थामा जग्गा नै वा मुआब्जा प्राप्त हुन्छ भन्ने विश्वासमा कुनै नागरिक रहन्छ भने त्यो वैध अपेक्षा मान्नुपर्ने हुन्छ ।

१०. वैध अपेक्षाको सिद्धान्तलाई सरकारको स्वेच्छाचारितालाई नियन्त्रण गर्ने र निवेदकको पक्षमा आदेश जारी गर्न सकिने एउटा आधारको रूपमा रिट क्षेत्रमा स्वीकार गरिँदै आएको छ । लोकतन्त्रमा जनताप्रति स्वच्छ व्यवहार (Fair Treatment) गर्नु सरकारको कर्तव्य हुन्छ भने त्यस्तो व्यवहारको अपेक्षा गर्नु जनताको हक बन्दछ । कानूनद्वारा स्थापित निकाय वा अधिकारीले जनताको वैध अपेक्षाको विरूद्ध सरकारी नीतिको कार्यान्वयन गर्ने सिलसिलामा निर्णय गरेको देखिएको अवस्थामा रिट क्षेत्राधिकारबाट त्यस्ता काम कारवाहीको परीक्षण गरी यस अदालतबाट उपयुक्त आदेश जारी गर्न सकिने नै हुन्छ । सिद्धान्ततः सरकार वा सोअन्तर्गतको कुनै निकायले विगतमा स्पष्टरूपमा कुनै आश्वासन दिएको वा विगतमा लामो समयसम्म निश्चित किसिमको व्यवहार गरेको कारणबाट वैद्य अपेक्षा उत्पन्न भएको स्थितिमा त्यस्तो अपेक्षाको सम्मान गरिनुपर्छ भन्ने सिद्धान्तकुमार पाण्डे वि. नेपाल सरकारसमेतको मुद्दामा प्रतिपादित भएको (*ने.का.प.* २०७४ अङ्क १ नि.नं. ९७५३) समेत छ । प्रस्तुत विवादमा जनताको जग्गा सरकारले लिई सरकारी कार्यालय बनाई प्रयोग गरिनु र सोबापत नागरिकलाई सट्टा जग्गा नै दिने विश्वास दिलाइएको एवं सरकारी संयन्त्रहरूले जग्गा दिलाउन पहलसमेत गरेपनि वन क्षेत्रसँग सम्बन्धित केही कानूनी अड्चन आएको कारण सट्टा जग्गा दिने कार्य अवरूद्ध भएपनि निरन्तर रूपमा त्यसको समाधान खोज्ने प्रयत्न भएबाट यी निवेदकले वैधानिक अपेक्षा (Legitimate expectation) राखी बसेको अवस्थालाई अन्यथा भन्न सकिँदैन । यस्तो असामान्य परिस्थितिमा निवेदकको हक प्रचलन गराइदिनु राज्य संयन्त्रको कर्तव्य हुन आउँछ । यस अवस्थामा अदालतले राज्य संयन्त्रलाई कर्तव्यबोध गराई देशमा कानूनी राजको मान्यता डगमगाएको छैन र सरकार जनताको हित एवं सुशासनसम्बन्धी मूल्य र मान्यता स्थापित गर्न कटिबद्ध छ भन्ने अनुभूति हुने गरी न्यायोचित निष्कर्षमा पुग्न उपयुक्त वातावरण तयार गरिदिएमा राज्य संयन्त्रले सुशासनको अनुभूति हुने गरी जनतालाई राहत दिने विश्वास यस अदालतले पनि राखेको छ ।

११. यसर्थ, निवेदनमा उल्लेख भएका सट्टाभर्ना दिने भनिएको जग्गा सबै नापीको अवस्थामा कि.नं.३२६ कायम भई फिल्डबुकसमेतमा नाम जनिएको तथ्यहरूलाई तथा पटकपटक विभिन्न निकायबाट भएका कारवाही एवं जनाइएको प्रतिबद्धतासमेतलाई गम्भीररूपमा विवेचना गरी प्रमाणमा लगाई निर्णय गर्नुपर्नेमा सो गरेको नदेखिएको हुँदा माथि विवेचित आधारहरू तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९(२) तथा प्रचलित नेपालको संविधानको धारा १८(१) २५(१),(२) समेतका आधारमा मिति २०६९।०७।०२ को मुआब्जा समिति, स्याङ्जाको निर्णय एवं तत्सम्बन्धी कामकारवाही पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ ।

१२. अब सम्बन्धित निकायहरूबाट रिट निवेदनमा उल्लिखित एवं ती निकायहरूका मिसिलबाट देखिने कारवाहीहरूको न्यायोचित विश्लेषण र विवेचना गरी यस्तै प्रकृतिबाट सरकारी प्रयोगमा ल्याइएका

जग्गा सम्बन्धमा गरिएका कारवाहीअनुरूप समान व्यवहारसमेत हुने गरी निवेदकले पटक-पटक प्रस्तुत गरेका विकल्प आदिसमेतलाई ध्यानमा राखी निवेदकले न्याय पाउने गरी लामो समय अनिर्णयको बन्दीको रूपमा रहेको प्रस्तुत विवादको सम्बन्धमा यो आदेशको जानकारी पाएको ६ महिनाभित्र जग्गा सोधभर्ना दिने वा सोबापतमा क्षतिपूर्ति दिने यकिन निर्णय गरी प्रस्तुत विवादको टुंगो लगाउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरिएको छ । सोको जानकारी विपक्षीलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टागरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. दीपककुमार कार्की

इजलास अधिकृत : गीता श्रेष्ठ
इति संवत् २०७४ साल जेठ ९ गते रोज ३ शुभम् ।

निर्णय नं. ९९७४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७३।१०।१२
०७२-WO-०४८४

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला कैलाली गा.वि.स. वडा नं.३ स्थायी घर भई हाल भजनी प्रा.स्वा.केन्द्र कैलालीको सहायक पाँचौं तह, सि.अ.न.मी. पदमा कार्यरत शान्ति बलमपाकी

विरूद्ध

विपक्षी : नेपाल सरकार, स्वास्थ्य मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत

- **प्रकृतिले प्रदान गरेको गर्भधारण र बच्चा पाउने काम महिलाले गर्ने वास्तविकतालाई कसैले नकार्न सक्दैन साथै बालकको लागि आमाको साथ अत्यन्त नै महत्त्वपूर्ण रहेको हुन्छ । स्तनपान महिलाले मात्रै गराउन सक्ने भएकोले सानो दुधे बालक रहेको आमालाई राज्यले विशेष व्यवस्था गर्न आवश्यक रहने ।**
- **राज्यस्तरबाट न त शिशु स्याहार केन्द्रकै व्यवस्थित व्यवस्था रहेको र आमाले बच्चा लिई खटिएको ठाउँमा जान र बच्चा स्याहार गर्न कठिन परिस्थिति आई रोजगारीको निरन्तरतामै असर पर्न जाने परिस्थितिमा महिला हतोत्साही हुने वा कामको निरन्तरता गर्न नसक्ने**

सर्वोच्च अदालत

वा सेवामा प्रभावकारिता नरहने अवस्था सिर्जना हुन सक्दछ । यस्तो अवस्थाले विभेदपूर्ण परिणाम आउने हुँदा राज्यले लिएको नीति तथा कानूनअनुरूप राज्यका संरचनाहरूले आमाको सम्मान गर्न तथा सन्तान जन्माउने महिलाको भूमिकालाई सामाजिक भूमिकाको रूपमा मान्यता दिन यस्तो सानो बालबालिका रहेको अवस्थाका महिला कर्मचारीलाई उनको सहमतिविना सरूवा गर्न मिल्ने नदेखिने ।

- **राष्ट्रसेवामा समर्पित महिलाले एकातिर राज्यको सेवकको भूमिका निर्वाह गर्नुका साथै सृष्टिको निरन्तरता गर्ने आमाको भूमिका पनि सक्रिय रहेकी हुन्छन् । यसरी दोहोरो भूमिकामा रहेकी महिलाका लागि राज्यको नीति कानून नियमले समेत स्पष्टरूपमा विशेष संरक्षण गरी महिलाको स्वीकृतिविना २ वर्षभन्दा सानो बच्चा भएको महिला कर्मचारीलाई सरूवा गर्न नमिल्ने स्पष्ट कानूनी व्यवस्थाको उल्लङ्घनले सन्तान जन्माउँदा महिलाको भूमिकालाई सम्मान गर्नुपर्ने प्राकृतिक सामाजिक मान्यता मात्र उल्लङ्घन भएको नभई संविधानको धारा ३८(२) प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी मौलिक हककै उल्लङ्घन भएको देखिने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री वैजुप्रसाद साह

विपक्षीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या. सपना प्रधान मल्ल : नेपालको संविधान को धारा ४६ र १३३(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको **तथ्य एवं आदेश** यसप्रकार छः-

म निवेदिका मिति २०६२।०४।३२ मा जिल्ला स्वास्थ्य कार्यालय बाजुरामा स्थायी नियुक्ति पाई २०६७।०६।१८ मा पाँचौं तहमा स्तरवृद्धि भई मिति २०७१।११।१३ को निर्णयानुसार भजनी प्रा. स्वा.केन्द्र कैलालीमा विशेष पदस्थापना भई हालसम्म कामकाज गर्दै आएको हो । म निवेदिकाको स्थायी घर कैलाली नै भएको र मबाट २०७०।१०।२९ मा एक छोरीको जन्म भएको छ । म निवेदिकाले सरूवाको माग नगरिएको अवस्थामा मलाई थाहा जानकारी केही नदिई विपक्षी नं.४ निर्देशनालयले मिति २०७२।०८।२९ को निर्णय र मिति २०७२।९।१ गतेको पत्रले भजनी प्रा.स्वा.के. कैलालीबाट जिल्ला स्वास्थ्य कार्यालय बाजुराअन्तर्गत सरूवा गरेको कार्य प्रचलित कानूनविपरीत छ । उक्त सरूवा बदरको लागि विपक्षी नं.२ विभागमा दर्ता नं.४०७९ मिति २०७२।९।१६ मा निवेदन दिएकोमा सो सम्बन्धमा कुनै वास्ता नगरी अदालत जान भनी ठाडो जवाफ दिएको हुँदा वैकल्पिक उपचारको अभावमा यस अदालतमा निवेदन दिन आएकी छु । म निवेदिकालाई विपक्षीहरूले गरेको सरूवाको कार्यले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ का साथै संविधान प्रदत्त मौलिक हकमा आघात पुग्न गएकोले मिति २०७२।०८।२९ को निर्णय र मिति २०७२।९।१ गतेको पत्रले भजनी प्रा.स्वा.के. कैलालीबाट जिल्ला स्वास्थ्य कार्यालय बाजुराअन्तर्गत गरिएको सरूवाको निर्णय र पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकलाई पूर्ववत्रूपमा हालको कार्यालयमा नै कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीको नाममा

परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरी पूर्ण न्याय पाऊँ । साथै प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त निर्णय कार्यन्वयन नगर्नु नगराउनु तथा म निवेदिकालाई पूर्ववत्रूपमा कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने **रिट निवेदन ।**

विपक्षीहरूबाट नियमानुसार लिखित जवाफ पेस गर्नु भन्ने आदेश हुनुको साथै निवेदक महिला देखिएकी, निजको २ वर्षमुनिको बच्चा रहेको र पदस्थापना भएको स्थानमा सरूवाको लागि अवधि पुगेको भन्ने पनि नदेखिएको तथा विवादित मिति २०७२।८।२९ को निर्णयउपर महानिर्देशकसमक्ष निवेदन दिएकोमा सोमा विचार भइसकेको अवस्था पनि नदेखिएको नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१ग को उपनियम (ख) को समेत प्रतिकूल सरूवा भएको देखिएकोले प्रस्तुत रिट निवेदनको किनारा नहुन्जेल निवेदिकालाई सरूवा गर्ने गरेको मिति २०७२।८।२९ को सुदूर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको निर्णय र मिति २०७२।९।१ को सरूवा पत्र तत्काल कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा मिति २०७२।१०।१० मा यस अदालतबाट **अन्तरिम आदेश जारी** ।

कर्मचारीको सरूवा नियमित प्रक्रिया हो । राष्ट्रसेवकको हैसियतमा सार्वजनिक पद धारण गरेको र स्वास्थ्य जस्तो अत्यन्त संवेदनशील सेवामा संलग्न रहेको कर्मचारी आफू र परिवारको निहित स्वार्थभन्दा माथि उठेर सर्वसाधारण नागरिकको सेवामा समर्पित रहनु राष्ट्रसेवक कर्मचारीको पहिलो कर्तव्य हो । सुरू नियुक्ति बाजुरामा लिन स्वीकार गर्नेले पछिको सरूवा तथा पदस्थापन भएकोमा अन्यथा लिनुपर्ने कारण छैन । नेपाल सरकारको पदमा रही सार्वजनिक जवाफदेहिता बहन गर्ने सपथ लिइसकेपछि आफ्ना निजी समस्या र अनेक बहानाबाजी गरी सबै कर्मचारी सुगम र आफूअनुकूलको वातावरण खोज्ने हो भने दूर दराजमा रहेका जनताको सेवा गर्ने कसले ? यसकारण यस्ता नितान्त प्रशासनिक निर्णयलाई मुद्दाको विषय बनाई सम्मानित अदालतमा प्रवेश गराइएको विषय आफैँमा सफा नियतले गरेको भन्नसक्ने अवस्था रहेन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने **स्वास्थ्य मन्त्रालयको लिखित जवाफ ।**

निवेदकले रिट निवेदनमा आफ्नो २ वर्षमुनिको बच्चा भएको भनी उल्लेख गरेकोमा उक्त कुराको यस निर्देशनालयलाई कुनै जानकारी नभएको, निवेदक २०६३।१०।२८ देखि हालसम्म (९ वर्ष) भजनी प्रा.स्वा. केन्द्र कैलालीमा नै कार्यरत रहेको, निज मिति २०६७।६।१८ देखि अ.न.मि. पाँचौ तहमा स्तरवृद्धि भई सोही स्थानमा नै कार्यरत रहेको हुँदा स्वास्थ्य मन्त्रालयको मिति २०७१।११।१३ को विशेष पदस्थापनाले सरूवा अवधिमा केही फरक नपर्ने देखिँदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१(क) अनुसार क्षेत्रीय निर्देशनालयले सरूवा गर्ने समय तालिका र अवधिबमोजिम नै यस निर्देशनालयबाट निजको सरूवा भएको हो । सरूवा अवधि पुगिसकेको कर्मचारीलाई सरूवा गर्दा सरूवा पत्रमा सरूवाका कारणहरू खोली सरूवा गर्नुपर्ने प्रावधान नरहेकोले उक्त सरूवाले निजको मौलिक हक अधिकारमा कुनै आघात परेको छैन । प्रत्येक कर्मचारीलाई भौगोलिक क्षेत्रको अनुभव दिलाउने हेतुले अवधि पुगेका कर्मचारीलाई निजले सरूवा मागको निवेदन नदिएको खण्डमा पनि भौगोलिक क्षेत्र मिल्ने गरी सुगममा बसेकालाई दुर्गम तथा दुर्गममा बसेकालाई सुगममा सरूवा गरी पदस्थापना गर्नुपर्ने हुँदा निजको सरूवा भएको हो । रिट निवेदकको जिकिर न्यायोचित नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने **सुदूर पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालयको लिखित जवाफ ।**

विपक्षीलाई सुदूर पश्चिमाञ्चल क्षेत्रीय

स्वास्थ्य निर्देशनालय राजपुर डोटीले सरूवा गर्ने समय तालिका र अवधिअनुसार भौगोलिक क्षेत्रको अनुभव दिलाउने हेतुले स्वास्थ्य सेवा ऐन नियमबमोजिम सरूवा गरेको हुँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, अतः रिट निवेदन खारेज गरिपाउँ भन्ने **जिल्ला जनस्वास्थ्य कार्यालय, कैलालीको लिखित जवाफ ।**

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री वैजुप्रसाद साहले गर्नुभएको बहस जिकिरसमेत सुनी मिसिल संलग्न सम्पूर्ण प्रमाण कागजातहरू अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, निवेदिकाको स्थायी घर कैलाली भई मिति २०७०।१०।२९ मा छोरीको जायजन्मसमेत भएको र निवेदिकाले सरूवाको माग नगरिएको अवस्थामा निजलाई थाहा जानकारी केही नदिई मिति २०७२।०८।२९ को निर्णय र मिति २०७२।९।१ गतेको पत्रले भजनी प्रा.स्वा.के. कैलालीबाट जिल्ला स्वास्थ्य कार्यालय बाजुराअन्तर्गत सरूवा गरेको कार्य प्रचलित कानूनविपरीत हुनुका साथै संविधान प्रदत्त मौलिक हकमा समेत आघात पुग्न गएकोले उक्त मितिको निर्णय र सोबमोजिमको पत्र उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई पूर्ववत्रूपमा हालको कार्यालयमा नै कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ । साथै प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त निर्णय कार्यान्वयन नगर्नु नगराउनु तथा म निवेदिकालाई पूर्ववत्रूपमा कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन जिकिर रहेकोमा निवेदकको हकमा यस अदालतबाट विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी भएको देखिन्छ । कर्मचारीको सरूवा नियमित प्रक्रिया हो । निवेदकको २ वर्षमुनिको बच्चा भएको यस निर्देशनालयलाई कुनै जानकारी नभएको, निवेदक २०६३।१०।२८ देखि हालसम्म (९ वर्ष) भजनी प्रा.स्वा. केन्द्र कैलालीमा नै कार्यरत रहेको हुँदा स्वास्थ्य मन्त्रालयको मिति २०७१।११।१३ को विशेष पदस्थापनाले सरूवा अवधिमा केही फरक नपर्ने देखिँदा क्षेत्रीय निर्देशनालयले सरूवा गर्ने समय तालिका र अवधिबमोजिम नै निजको सरूवा भएको हो । प्रत्येक कर्मचारीलाई भौगोलिक क्षेत्रको अनुभव दिलाउने हेतुले अवधि पुगेका कर्मचारीलाई सरूवा गर्दा सरूवाको कारणहरू खोली सरूवा गर्नुपर्ने प्रावधान नरहेकोले उक्त सरूवाले निजको मौलिक हक अधिकारमा कुनै आघात नपरेको हुँदा रिट निवेदकको जिकिर न्यायोचित छैन रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीहरूको लिखित जवाफ रहेको देखियो ।

३. निवेदिका शान्ति बलमपाकीले आफ्नो २ वर्षभन्दा सानो उमेरको नाबालक छोरा भएको र कुनै सरूवा मागसमेत नगरेको अवस्थामा निजलाई थाहा जानकारी नगराई भएको सरूवाले निजको कानूनी तथा संवैधानिक हकमा आघात पर्न गएको भन्ने जिकिरको सम्बन्धमा विचार गर्दा नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को दफा ३१ग. मा ऐन तथा यस नियमावलीमा उल्लिखित आधारका अतिरिक्त महिला कर्मचारीको सरूवा गर्दा लिइनु पर्ने महत्त्वपूर्ण आधारहरूको व्यवस्था गरेको देखिन्छ । जसअनुसार ऐ.ऐ. को दफा ३१ग. (ख) मा **"गर्भवती वा दुई वर्षमुनिको बच्चा भएका महिला कर्मचारीलाई निजले माग गरेको अवस्थामा बाहेक सरूवा गरिने छैन"** भनी महिला कर्मचारीको स्वास्थ्य तथा मातृत्वप्रतिको संवेदनशीलतालाई उच्च

प्राथमिकतामा राखेको देखिन्छ । निवेदिका शान्ति बलमपाकीको मिति २०७०।१०।२९ गते कैलालीमा छोराको जन्म भएको र निज नाबालक छोरा २ वर्षभन्दा कम उमेर भएको मिसिल संलग्न जन्म दर्ता प्रमाण पत्रबाट देखिरहेको अवस्था छ। निज निवेदिकाले उक्त सरूवा निर्णयउपर स्वास्थ्य सेवा विभागमा सरूवा बदर गरिपाउँ भनी निवेदनसमेत दिएकोमा सो सम्बन्धमा कुनै सुनुवाइ भएकोसमेत देखिएन । बालबालिका तथा मातृत्वको सम्बन्धमा नेपाल सरकारको विभिन्न नीति तथा कार्यक्रमहरू रहेका छन् जसमध्ये **"सुनौलो हजार दिन"** भनी महिला गर्भवती भएको दिनदेखि बच्चा दुई वर्ष पूरा नहुन्जेल विशेष पालनपोषणका लागि सुनौलो हजार दिन कार्यक्रम सुरू गरिएको अवस्था छ। यो कार्यक्रमले दुई वर्षभन्दा कम उमेरको बच्चा र आमा विशेष अवस्थामा रहने र निजहरूलाई विशेष सेवा सुविधा तथा पोषणको आवश्यकता पर्ने भन्ने प्रस्ट नै देखिन्छ। यसरी विशेष अवस्थामा रहेको निवेदिकालाई निजको सहमतिविना गरिएको सरूवा निर्णयले निवेदिका आमा र बच्चा दुवैको स्वास्थ्यमा असर पर्नुका साथै भावनात्मक तथा मानसिक अवस्थामा समेत प्रभाव पार्नसक्ने नै देखियो।

४. महिलाको सुत्केरीदेखि बच्चा दुई वर्ष पूरा नभएसम्मको मातृत्वको अवस्था आमा तथा बच्चाको लागि अत्यन्त महत्त्वपूर्ण हुन्छ । यस्तो महत्त्वपूर्ण र संवेदनशील मातृत्वलाई मध्यनजरमा राख्दै विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूले (जसको नेपाल पक्ष राष्ट्रसमेत रहेको छ) राज्य पक्षलाई थुप्रै दायित्वहरू दिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICESCR) १९६६ को धारा १० ले शिशु जन्मनुअघि र पछिको उचित अवधिभर आश्रित बच्चाको निमित्त परिवारलाई विशेष संरक्षण, सहयोग प्रदान गरिनु पर्दछ भनी बच्चा र आमाको पर्याप्त सामाजिक सुरक्षा र फाइदा बच्चाको हित र विकासलाई सम्बोधन गरेको छ। महिला विरूद्ध सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि, १९८९ को धारा १२ ले सबै उपयुक्त उपायभित्र गर्भधारणको समयको सेवा मात्र नभई स्तनपानको बेलासम्मको समय पर्दछ भनी उल्लेख गरेको छ। बाल अधिकार महासन्धि (CRC) १९८९ को धारा १८(१) **"बालबालिकाको पालनपोषण र विकासका लागि बाबुआमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तको मान्यता सुनिश्चित गर्न पक्ष राष्ट्रहरूले सर्वोत्तम प्रयत्न गर्नेछन् ।"** भनी उल्लेख गर्नुका साथै धारा १८ **(३) "पक्ष राष्ट्रहरूले काममा लागेका बाबुआमाका बालबालिकाले पाउने बालस्याहार सेवा र सुविधाहरूबाट फाइदा दिन पाउने निजहरूको अधिकार सुनिश्चित गर्न आवश्यक सबै समुचित उपायहरू अपनाउने छन् ।"** भनी पक्ष राष्ट्रहरूको दायित्वसमेत निर्धारण गरिरहेको छ । अर्कोतिर नेपालको संविधानको धारा १६ ले आत्मसम्मानसहित जीवनको हक धारा १८ ले गर्भधारण वा विवाहको आधारमा विभेद विरूद्धको हक, १८(३) को प्रतिबन्धात्मक वाक्यले महिला तथा बालबालिकाको संरक्षणको निमित्त राज्यले विशेष कानून बनाउन सक्ने व्यवस्था धारा ३३ ले रोजगारीको हक, धारा ३८ ले मातृत्वको हक र प्रजनन स्वास्थ्यको हक, धारा ३८(५) ले महिलाले रोजगारी, सामाजिक सुरक्षामा समेत विशेष अवसरको हक, धारा ३९ ले बालबालिकाको परिवार तथा राज्यबाट सर्वाङ्गीण व्यक्तित्व विकासको हकसमेतको व्यवस्था गरेको छ । नेपालको संवैधानिक हक तथा मानव अधिकार दस्तावेजले प्रदान गरेको हकलाई विश्लेषण गर्दा बच्चालाई गर्नुपर्ने स्याहार सुसार तथा उसको समग्र विकासको लागि परिवार तथा राज्यको महत्त्वपूर्ण भूमिका हुन्छ । यस्तो पारिवारिक वातावरण सृजना गर्न संविधानसमेतले राज्यलाई जिम्मेवारी दिएको

देखिन्छ । आवश्यकताअनुसार आमा र बच्चाको लागि राज्यले विशेष नीति, कानून र कार्यक्रम पनि बनाउन सक्दछ । यस्तो अवस्थामा महिलाको बालबालिकाप्रतिको विशेष आवश्यकता सम्बोधन गर्न गरिएको विशेष कानूनी व्यवस्था तथा नेपाल सरकारको "सुनौलो हजार दिन" को नीतिविपरीत विशेष अवस्थामा रहेको निवेदिकालाई निजको सहमति नलिई मिति २०७२।०८।२९ को निर्णय र २०७२।९।१ गतेको पत्रले भजनी प्राथमिक स्वास्थ्य केन्द्र, कैलालीबाट अनदेखा गरी जिल्ला स्वास्थ्य कार्यालय बाजुरामा सरूवा गर्ने गरेको निर्णयलाई न्यायोचित मान्न सकिएन।

५. प्रकृतिले प्रदान गरेको गर्भधारण र बच्चा पाउने काम महिलाले गर्ने वास्तविकतालाई कसैले नकार्न सक्दैन साथै बालकको लागि आमाको साथको अत्यन्त नै महत्त्वपूर्ण रहेको हुन्छ। स्तनपान महिलाले मात्रै गराउन सक्ने भएकोले सानो दुधे बालक रहेको आमालाई राज्यले विशेष व्यवस्था गर्न आवश्यक रहन्छ । तर यस्तो सानो सन्तान भएको आमालाई सरूवा गर्दा बच्चालाई कि त साथै लिएर जानुपर्ने वा आफू काममा जाँदा बच्चा हेर्न उचित व्यवस्था गर्नुपर्ने हुन्छ । नेपालको सन्दर्भमा राज्यस्तरबाट न त शिशु स्याहार केन्द्रकै व्यवस्थित व्यवस्था रहेको र आमाले बच्चा लिई खटिएको ठाउँमा जान र बच्चा स्याहार गर्न कठिन परिस्थिति आई रोजगारीको निरन्तरतामै असर पर्न जाने परिस्थितिमा महिला हतोत्साही हुने वा कामको निरन्तरता गर्न नसक्ने वा सेवामा प्रभावकारिता नरहने अवस्था सिर्जना हुन सक्दछ। यस्तो अवस्थाले विभेदपूर्ण परिणाम आउने हुँदा राज्यले लिएको नीति तथा कानूनअनुरूप राज्यका संरचनाहरूले आमाको सम्मान गर्न तथा सन्तान जन्माउने महिलाको भूमिकालाई सामाजिक भूमिकाको रूपमा मान्यता दिन यस्तो सानो बालबालिका रहेको अवस्थाका महिला कर्मचारीलाई उनको सहमतिविना सरूवा गर्न मिल्ने देखिएन । राष्ट्र सेवामा समर्पित महिलाले एकातिर राज्यको सेवकको भूमिका निर्वाह गर्नुका साथै सृष्टिको निरन्तरता गर्ने आमाको भूमिका पनि सक्रिय रहेकी हुन्छन् । यसरी दोहोरो भूमिकामा रहेकी महिलाका लागि राज्यको नीति कानून नियमले समेत स्पष्टरूपमा विशेष संरक्षण गरी महिलाको स्वीकृतिविना २ वर्षभन्दा सानो बच्चा भएको महिला कर्मचारीलाई सरूवा गर्न नमिल्ने स्पष्ट कानूनी व्यवस्थाको उल्लङ्घनले सन्तान जन्माउँदा महिलाको भूमिकालाई सम्मान गर्नुपर्ने प्राकृतिक सामाजिक मान्यता मात्र उल्लङ्घन भएको नभई संविधानको धारा ३८(२) प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी मौलिक हककै उल्लङ्घन भएको देखिन्छ।

६. अतः निज निवेदिका शान्ति बलमपाकीको सानो दुई वर्षभन्दा कम उमेरको नाबालक छोरीसहितको महिला कर्मचारीलाई निजको सहमति तथा जानकारीविना सुदूर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको मिति २०७२।०८।२९ को निर्णय र मिति २०७२।९।१ गतेको पत्रले भजनी प्राथमिक स्वास्थ्य केन्द्र कैलालीबाट जिल्ला स्वास्थ्य कार्यालय बाजुराअन्तर्गत सरूवा गरेकोले निवेदिकाको संविधान प्रदत्त परिवारिक हक, अविभेद तथा समानताको हक, बालबालिकाको हक, प्रजनन स्वास्थ्यको हक, रोजगारीको हकजस्ता महिला तथा बालबालिकाको संरक्षण र विकासको लागि राज्यले विशेष उपाय अवलम्बन गर्नुपर्ने मौलिक हकमा आघात पुग्नुको साथै नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को दफा ३१ग को उपनियम (ख) समेतको विपरीत हुँदा उक्त मिति २०७२।०८।२९ को निर्णय र सोबमोजिमको पत्र उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदिकालाई निज कार्यरत रहेकै कार्यालयमा यथास्थानमा कामकाज गर्न दिन परमादेशको आदेशसमेत जारी

हुने ठहर्छ । सोको जानकारी विपक्षीलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.दीपककुमार कार्की

इजलास अधिकृतः- गीता श्रेष्ठ
इति संवत् २०७३ साल माघ १२ गते रोज ४ शुभम् ।

निर्णय नं. ९९७५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
आदेश मिति : २०७४।९।२५
०७२-WO-०५३९

विषय: उत्प्रेषण

निवेदक : नेपाल आयल निगम कर्मचारी संघ बबरमहल काठमाडौंका अख्तियार प्राप्त ऐ.का उपाध्यक्ष चन्द्रप्रसाद निरौलासमेत

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **आयल निगमको घाटा तथा नाफाको अवस्था सिर्जना हुनुमा पेट्रोलियम पदार्थमा अन्तर्राष्ट्रिय मूल्यमा हुने परिवर्तन तथा सोअनुरूप राष्ट्रिय मूल्यमा हुने समायोजन नै कारक तत्त्वको रूपमा रहेको हुन्छ । यसका साथै यस्तो संस्थामा वित्तीय अनुशासन कायम हुन नसकेमा तथा व्यवस्थापकीय कमजोरीको कारण पनि समग्र आर्थिक स्थितिमा उतारचढाव आउन सक्दछ । पेट्रोलियम पदार्थमा हुने मूल्य समायोजनको प्रत्यक्ष प्रभाव आम उपभोक्तालाई नै हुन जान्छ । त्यसैले पनि निगमको हरेक आर्थिक गतिविधिमा आम सरोकारवालाको चासो हुनु स्वाभाविक नै हुने ।**
- **कुनै पनि संस्था मुनाफामा गएको तब मानिन्छ जब उक्त संस्थाले तिर्नु बुझाउनुपर्ने दायित्व बाँकी रहेको हुँदैन । सामान्य बुझाइमा पनि संस्थाले तिर्नु बुझाउनु पर्ने दायित्व बाँकी रहेको अवस्थामा कुनै आर्थिक वर्षमा नाफामा गएको भनी अर्थ गर्नु न्यायोचित हुँदैन । संस्था घाटामा गएको स्थितिलाई कुनै जवाफदेहिता बहन गर्नु नपर्ने र नाफामा गएको भनी सञ्चित नोक्सानीलाई नजरअन्दाज गरी बोनसको लागि लालायित हुनु नैतिक दृष्टिकोणबाट समेत शोभनीय नदेखिने ।**
- **जब संस्थाले सञ्चित नोक्सानी पूर्ति गरी तिर्नु बुझाउनु पर्ने दायित्वबाट मुक्त रही मुनाफा गर्छ भने त्यस्तो मुनाफामा बोनस ऐनबमोजिमको प्रावधान स्वाभाविकरूपमा स्वतः लागू हुने हो । ऐन कानूनको भावना र मर्मविपरीत बोनस वितरण गर्नु कानूनी शासनको मूल्य मान्यताविपरीत हुन**

जान्छ । बोनस वितरण सम्बन्धमा तत्सम्बन्धी कानूनी व्यवस्थाहरूको समग्र पक्षलाई विचार नगरी विधायिकी मनसायलाई असङ्गत तवरबाट गरिने व्याख्या कानूनसम्मत हुन नसक्ने ।

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताद्वय डा. श्री भिमार्जुन आचार्य र श्री शरदप्रसाद कोइराला

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली, विद्वान् अधिवक्ताद्वय श्री कृष्णप्रसाद पोखरेल र श्री नरेशकुमार डंगोल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- बोनस ऐन, २०३०

आदेश

न्या. दीपककुमार कार्की : नेपालको संविधानको धारा ४६ तथा धारा १३३ बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य यसप्रकार छ :

निवेदन पत्र

हामी निगमका कामदार कर्मचारीको निष्ठावान् श्रम र ट्रेड युनियनको पहल कदमी र सत्प्रयासको कारण २०५८/०५९ देखि घाटामा सञ्चालित निगमले आ.व. २०६५/०६६ मा रू.३,३१,४१,०२,२०१।८२ मुनाफा आर्जन गरेको थियो । उक्त मुनाफाबाट बोनस ऐन, २०३० को दफा ५(३) र बोनस नियमावली, २०३९ को नियम ६(१) बमोजिम ६% का दरले रू.१९,८८,४६,१३२।११ बोनसबापत छुट्ट्याई सो बोनसबापतको रकमबाट निगमको कर्मचारीलाई वितरण गर्दा आयकर ऐन, २०५८ को दफा ८(२) (क) बमोजिम कामदार कर्मचारीको आयमा समावेश हुने भएको र रोजगारीको पारिश्रमिक (आय) वितरण गर्दा ऐ.को दफा ८७(१) र आयकर नियमावली, २०५९ को नियम ३१ बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने भई बोनसबापत कर्मचारीले पाउने रकमबाट अग्रिम करकट्टी गरी श्री ठूला करदाता कार्यालय ललितपुरमा दाखिला भइसकेको थियो । बोनसबापत छुट्ट्याइएको उपर्युक्त रकमबाट रू.२,५३,२६,६४५।०३ (करसहित) निगमको कर्मचारीलाई छुट्ट्याई बाँकी रू.१७,३५,१९,४८७।०८ बोनस ऐन, २०३० को दफा १३ बोनस नियमावली, २०३९ को नियम १२क, श्रम निमयावली, २०५० को नियम १३ बमोजिम प्रतिष्ठानस्तर र केन्द्रीयस्तरको कल्याणकारी कोषको लागि छुट्ट्याई जम्मा गरिएको थियो । यसैगरी आ.व. २०७१/७२ मा समेत कानूनबमोजिम रू.९०,२५,२८,२७०।२० बोनसबापत छुट्ट्याइएको वित्तीय विवरणबाट देखिन्छ ।

निगम सञ्चित घाटामा रहेको र सञ्चित घाटामा भई कुनै आ.व.मा मुनाफा भएमा कर्मचारीलाई बोनस वितरण गर्न मिल्ने वा नमिल्ने विषयमा स्पष्ट हुन जरूरी रहेको भनी मिति २०६७।४।५ मा निगमको सञ्चालक समितिले बोनस वितरण रोक्का गर्ने र सरकारी स्वामित्वमा रहेको प्रतिष्ठानको बोनस वितरण सम्बन्धमा नीतिगत निर्णयको लागि नेपाल सरकारमा लेखी पठाउने निर्णय गरेको थियो । यस विषयमा निगमको सञ्चालक समितिको निर्णयानुसार नेपाल सरकारमा पत्राचार भएको र नेपाल सरकारबाट कुनै जवाफ प्राप्त नभएको भनी हामीलाई झुलाउँदै आउने कार्य निगमको उच्च व्यवस्थापनबाट भयो । तत्पश्चात् ट्रेड युनियनबाट मिति २०६७।४।१२ मा बोनस वितरण रोक्का गर्ने निर्णय फिर्ता लिन ज्ञापनपत्र बुझाइएको थियो । मिति २०६७।४।२० मा निगमको सञ्चालक समिति र ट्रेड युनियनका पादाधिकारीबीच भएको निगमका कर्मचारीको मनोबल उच्च राख्न उक्त निर्णयका सम्बन्धमा प्रचलित ऐन कानूनअनुसार हुने

सहमति भएको सहमतिपत्रको बुँदा नं. ६ ले प्रस्ट गर्दछ। उक्त सहमतिपत्रलाई मिति २०६७।४।२० मा सञ्चालक समितिको बैंठकबाट अनुमोदन गर्ने निर्णय भएको थियो।

उल्लिखित सहमति एवम् निर्णय भए तापनि निगमको व्यवस्थापनबाट नेपाल सरकारको जवाफको नाउँमा लामो समयसम्म बोनस वितरण गर्ने कार्य भएन। हामीले बोनस वितरणको निम्ति कानूनी आधार भएको जिकिर गर्दै आएकोमा व्यवस्थापनसमक्ष मिति २०७०।४।६ मा बोनस वितरण गरी बाँकी रहेको रकम कर्मचारी कल्याण कोषमा पठाउनुपर्ने लिखित निवेदन र कानूनसम्मत दबाब दिएपछि मात्रै २०७० साल श्रावण र भाद्र महिनामा व्यवस्थापनले अधिकांश कर्मचारीलाई बोनस वितरण गर्ने कार्य गरेको थियो।

उपर्युक्तबमोजिम बोनस वितरण गरेको विषयमा प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निगमका नि. कार्यकारी निर्देशक सुरेशकुमार अग्रवालसमेत २० जना कर्मचारी एवम् ट्रेड युनियनका पदाधिकारीलाई पक्राउ गरी अनुसन्धान आरम्भ गरेको थियो। निगमको आ.व. २०६५/०६६ को वित्तीय विवरणबाट बोनसबापत छुट्ट्याइएको रकमबाट कानूनबमोजिम करकट्टी गरी निगमका कर्मचारीलाई वितरण गरिएको बोनस सम्बन्धमा केही कर्मचारीउपर भ्रष्टाचार जस्तो कसुरमा पक्राउ गरिएकोले पछि कानूनबमोजिम हुने गरी निगमका कर्मचारीले बुझिलिएको बोनस रकम फिर्ता गर्ने कार्य भएपछि विशेष अदालत काठमाडौंबाट मिति २०७०।६।१५ मा हिरासतमा नराखी अनुसन्धान हुन नसक्ने अवस्था नभएकोले थुनामा राख्ने म्याद थप नभएकोले हिरासतमा रहेको कर्मचारी हिरासतमुक्त भएका थिए। उक्त बोनस वितरण गरेको रू.१,७२,५८,४०५।४१ मा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १८ को कसुरमा ऐ.को दफा ३(१), ३(१) (झ) बमोजिम सजाय गरिपाउँ भनी मिति २०७१।२।१६ मा दायर भएको अभियोगपत्रमा विशेष अदालत काठमाडौंबाट प्रतिवादीहरूले सफाइ पाउने गरी मिति २०७२।२।१९ मा फैसला भयो।

प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६७।४।१३ मा "सरकारी स्वामित्वमा रहेको संघ संस्थान, प्रतिष्ठानहरूमा बोनस वितरणका सम्बन्धमा संघ, संस्थान / प्रतिष्ठान कुल सञ्चित मुनाफाको अवस्थामा नपुगेसम्म बोनस नपाउने व्यवस्था गर्न लेखी पठाउने" निर्णय भएको आयोगको मिति २०६७।४।१६ च.नं. ८५ को पत्रद्वारा जानकारी गराइएको रहेछ। सोही आधारमा तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालय सचिवस्तरीय निर्णयबाट कुल सञ्चित नोक्सानी तिर्नुपर्ने र ऋण बाँकी रहँदासम्म बोनस वितरण गर्ने स्वीकृति दिने आधार नदेखिएकोले बोनस वितरण नगर्न निर्देशन दिने निर्णय मिति २०६७।४।१६ मा निर्णय भएको मिति २०६७।४।१८ को पत्रबाट निगमलाई जानकारी गराइएको रहेछ। त्यसैगरी अर्थ मन्त्रालयको मिति २०७०।८।२७ को परिपत्रको आधारमा निगमको सञ्चालक समितिबाट वित्तीय विवरणमा बोनसबापत छुट्ट्याइएको रकम वितरण नगर्ने निर्णय भएको रहेछ।

बोनस ऐन, २०३० को दफा ५(१) (३) ले प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बोनसबापत छुट्ट्याउनुपर्ने र सरकारी स्वामित्व भएको प्रतिष्ठानको हकमा बोनस नियमावली, २०३९ को नियम ६ बमोजिम ८% ले हुने बराबरको रकम छुट्ट्याउनुपर्ने अनिवार्य प्रावधान भएको र कुनै पनि निर्णय, आदेश वा परिपत्रद्वारा उक्त बोनस वितरण गर्न निषेध गर्न नमिल्नेमा प्रत्यर्थीबाट अनधिकृत र गैरकानूनी निर्णय गरी निगममा बोनस वितरण गर्न प्रतिबन्ध लगाउने गरी भएका निर्णय, पत्राचारलगायतका सम्पूर्ण कार्य गैरकानूनी, अनधिकृत हुनुका साथै प्रत्यर्थीहरूको उपर्युक्त निर्णय, पत्राचार एवम् काम कारवाहीबाट निवेदकहरूको बोनस ऐन, २०३० को

दफा ५१)(४), ६(१), ९, बोनस नियमावली, २०३९ को नियम ६(१), श्रम नियमावली, २०५० को नियम १३ र संविधानको धारा १८(१), २५(१), ३४(१)(२ द्वारा प्रत्याभूत कानूनी एवम् मौलिक हकमा आघात पुऱ्याएकोले अन्य वैकल्पिक र प्रभावकारी उपचारको अभावमा ऐ.को धारा ४६ र १३३(२)(३) बमोजिम यो निवेदनपत्र लिई सम्मानित अदालतसमक्ष उपस्थित भएका छौं।

प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६७।४।१३ मा निगमलाई बोनस वितरण नगर्नु भनी गरेको निर्णय र सोको आधारमा आपूर्ति (तत्कालीन वाणिज्य तथा आपूर्ति) मन्त्रालयबाट मिति २०६७।४।१६ र अर्थ मन्त्रालयबाट मिति २०७०।८।२७ मा बोनस वितरण नगर्न निर्देशन दिने र सोलाई आधार मानी बोनस वितरण रोक्का गर्ने सम्बन्धमा नेपाल आयल निगमलगायतका प्रत्यर्थीहरूबाट भए गरेका अन्य निर्णय, काम कारवाही, पत्राचार, निर्देशन, सम्पूर्ण कार्य अनधिकृत र गैरकानूनी भएकोले उक्त सम्पूर्ण निर्णय, पत्राचार, आदेश, निर्देशनलगायतका काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी निगम मुनाफामा रहेको आर्थिक वर्षको बोनस ऐन, २०३० को दाफा ५(१) (३) र बोनस नियमावली, २०३९ को नियम ६(१) बमोजिम बोनस वितरण गर्न कुनै अवरोध नगर्नु र उक्त कानूनबमोजिम बोनस वितरण गर्नु, गराउनु भनी नेपालको संविधानको धारा ४६ र १३३(२)(३) बमोजिम उत्प्रेषण मिश्रित परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरी उचित र पूर्ण न्याय पाउँ भन्ने यस अदालतमा परेको निवेदन पत्र।

<u>कारण देखाऊ आदेश</u>

यसमा निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीका नाम म्याद सूचना जारी गर्नू। साथै कर्मचारीको बोनससम्बन्धी विषय भएबाट चाँडो किनारा हुन आवश्यक भएको हुँदा अग्राधिकार प्रदान गरिदिएको छ भन्ने मिति २०७२।१०।१९ मा यस अदालतबाट भएको आदेश।

<u>अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ</u>

नेपाल आयल निगम लिमिटेड नेपालमा विभिन्न पेट्रोलियम पदार्थहरू आयात, ढुवानी, भण्डारण र वितरण गर्न स्थापना गरिएको नेपाल सरकारको स्वामित्व प्राप्त संस्था भएकोमा विवाद छैन। बोनस ऐन, २०३० को दफा ५ को उपदफा (३) ले सरकारी स्वामित्व भएको प्रतिष्ठानले वितरण गर्ने बोनसको प्रतिशत र बोनससम्बन्धी अन्य कुराहरू नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था गरेको छ। बोनस नियमावली, २०३९ को नियम ६(१) मा कारखानाबाहेक नेपाल सरकारको स्वामित्व भएको अन्य प्रतिष्ठानले आर्थिक वर्षमा गरेको खुद मुनाफाबाट बोनसबापत आठ प्रतिशत बराबरको रकम छुट्याउनु पर्नेछ तर नेपाल सरकारले तोकिदिएको क्षेत्रमा एकाधिकार पाई व्यापार व्यवस्थापन गर्न खडा भएका प्रतिष्ठानहरूका हकमा नेपाल सरकारले समय समयमा तोकी दिएको प्रतिशतले हुने रकम मात्र बोनसबापत छुट्याउनु पर्नेछ भन्नेसमेत कानूनी व्यवस्था रहेको छ। नेपाल आयल निगम लिमिटेडबाट मिति २०७२।११।१७ मा प्रकाशित प्रेस विज्ञप्तिअनुसार निगमको आ.व.२०७१/०७२ सम्मको सञ्चित नोक्सानी रकम रू.१७ अर्ब ७९ करोड ६३ लाख र नेपाल सरकारको ऋण भुक्तानी गर्न अझै रू.१२ अर्ब ६४ करोड १० लाख बाँकी देखिन्छ। विभिन्न पेट्रोलियम पदार्थहरूको आपूर्ति व्यवस्था गर्ने महत्त्वपूर्ण जिम्मेवारी भएको

सरकारी संस्थाले ऋण र कुल सञ्चित नोक्सानी भइरहेको अवस्थामा कुनै आ.व.मा भएको नाफालाई मात्र आधार बनाई पुरानो नोक्सानी र ऋण तिर्नुपर्ने कर्तव्यलाई प्राथमिकतामा नराखी बोनस वितरण गर्न नपाउने गरी व्यवस्था गर्न गराउन नेपाल सरकारका मुख्य सचिव, अर्थ सचिव, श्रम सचिव, उद्योग सचिव र वाणिज्य तथा आपूर्ति सचिवलाई लेखी पठाउने" भन्ने निर्णयानुसार च.नं. १८३४ मिति २०६८।३।२३ को पत्रबाट राज्य व्यवस्था समिति संविधानसभा / व्यवस्थापिका संसद् सिंहदरबार, काठमाडौंलाई लेखी पठाइएको हो । रिट निवेदनमा जिकिर लिएको वादी नेपाल सरकार प्रतिवादी सुरेशकुमार अग्रवालसमेत भएको भ्रष्टाचार मुद्दामा विशेष अदालत, काठमाडौंमा मिति २०७२।२।१९ मा नेपाल आयल निगम लिमिटेडबाट वितरण गरेको बोनस फिर्ता गरिसकेको भन्ने आधारमा प्रतिवादीहरूले सफाइ पाउने ठहरेको छ । उक्त मुद्दामा निरूपण गर्नुपर्ने विषय नेपाल आयल निगम लिमिटेडले बोनस वितरण गर्न पाउने वा नपाउने भन्ने नभई बोनस वितरण गर्दा प्रतिवादीहरूले भ्रष्टाचार गरे नगरेको मात्र रहेको र उक्त फैसलाले नेपाल आयल निगम लिमिटेडले बोनस वितरण गर्न पाउँछ वा पाउँदैन भनी केही नबोलेको स्थितिमा उक्त फैसला प्रस्तुत रिटमा आकर्षित हुने होइन । वैकल्पिक उपचार प्राप्त नहुने अवस्थामा मात्र रिट क्षेत्रबाट उपचार खोज्न पाउने रिटसम्बन्धी अवधारणाको मान्य सिद्धान्त हो । आयोगबाट कानूनबमोजिम भएको निर्णय / आदेशउपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिने कानूनी व्यवस्था अख्तियार दुरूपयोग आयोग ऐन, २०४८ को दफा ३५ग मा रहेको छ । तर विपक्षीले सो कानूनबमोजिमको पुनरावेदकीय उपचारको मार्ग अवलम्बन नगरी आयोगबाट निर्णय भएको ५ वर्ष ६ महिनापछि मात्र रिट क्षेत्रमा प्रवेश गरेको हुँदा निज सफा हात नलिई सम्मानित अदालतमा प्रवेश गरेको प्रस्ट देखिएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको लिखित जवाफ ।

<u>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ</u>

नेपाल सरकार संविधान तथा प्रचलित नेपाल कानूनको पालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्दै सोको प्रचलनको सुनिश्चितता प्रदान गर्ने कुरामा प्रतिबद्ध रहेको छ । जहाँसम्म रिट निवेदकले उठाउनु भएको नेपाल आयल निगमको बोनस वितरण रोकिएको विषय छ, तत्सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६७।४।१३ मा नेपाल आयल निगमलाई बोनस वितरण नगर्नु भनी गरेको निर्णय र सोको आधारमा आपूर्ति मन्त्रालयबाट मिति २०६७।४।१६ र अर्थ मन्त्रालयबाट मिति २०७०।८।२७ मा बोनस वितरण नगर्न निर्देशन दिएको भनी रिट निवेदनमा उल्लेख भएको हुँदा सो विषयमा यस कार्यालयको लिखित जवाफमा केही उल्लेख गरिरहनु परेन भन्नेसमेत बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ ।

<u>अर्थ मन्त्रालयको लिखित जवाफ</u>

बोनस ऐन, २०३० को दफा ५ को उपदफा (३) ले सरकारी स्वामित्व भएको प्रतिष्ठानले वितरण गर्ने बोनसको प्रतिशत र बोनससम्बन्धी अन्य कुराहरू नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ भन्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा नेपाल आयल निगमको हकमा सो निगमले सरकारलाई तिर्न, बुझाउन बाँकी रहेको ऋण र सञ्चित नोक्सानीको अवस्थामा बोनस वितरण नगर्न मिति २०७०।८।२७ मा पत्र लेखी निगमलाई जानकारी गराइएको हो । यसरी सरकारबाट लिएको

ऋण तिर्न बाँकी नै रहेको र घाटामा गएको सार्वजनिक संस्थाले बोनस वितरण गर्न उपयुक्त नहुने र यसबाट अरू घाटामा गएका सार्वजनिक संस्थाहरूलाई समेत नकारात्मक प्रभाव पर्न जाने भएकोले निवेदन दाबी तर्कसङ्गत र औचित्यपूर्ण नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जवाफ।

श्रम तथा रोजगार मन्त्रालयको लिखित जवाफ

यस मन्त्रालयबाट आफ्नो कार्यक्षेत्रभित्रको विषयमा कानूनले दिएको जिम्मेवारीबमोजिम कार्य सम्पादन हुँदै आएको र निवेदकले औंल्याउनु भएको उल्लिखित बोनसको विषयमा यस मन्त्रालयबाट कुनै निर्णय नभएको बेहोरा अनुरोध छ । साथै मन्त्रालयको कुन निर्णय, कार्यबाट विपक्षी निवेदकको हक अधिकार हनन भयो, निज निवेदकले आफ्नो निवेदनमा उल्लेख गर्नसमेत सक्नुभएको छैन । यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने होइन, विपक्षी निवेदकको निवेदन खारेजभागी छ, खारेज गरी पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्ने नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयको लिखित जवाफ।

आपूर्ति मन्त्रालयको लिखित जवाफ

नेपाल आयल निगमको कुल सञ्चित नोक्सानी तिर्नुपर्ने र ऋण बाँकी रहँदासम्म बोनस वितरण गर्ने स्वीकृति दिने आधार नदेखिएकोले बोनस वितरण नगर्न निर्देशन दिने गरी मिति २०६७।०४।१६ मा तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयले गरेको निर्णयले बोनस वितरण नै गर्न नपाइने भन्ने नभई प्रतिष्ठानको कुल सञ्चित नोक्सानी र दायित्व फरफारक नगर्दासम्म मात्र बोनस वितरण गर्न रोक लगाएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार आपूर्ति मन्त्रालयको लिखित जवाफ।

आयल निगमसमेतको लिखित जवाफ

नेपाल आयल निगम लिमिटेड सञ्चालक समितिको मिति २०६७।४।५ बैठकबाट निगमको आ.व. २०६५/०६६ को वासलात र नाफा नोक्सान हिसाबमा बोनस ऐन, २०३० तथा बोनस नियमावली २०३९ मा भएको प्रावधानबमोजिम उक्त आ.व.मा नाफा आर्जन गरेको रकमको ६% ले हुने रकमलाई बोनसबापत व्यवस्था गरी लेखा परीक्षकले लेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरेको भए तापनि सो आ.व.को अन्तमा निगमको कुल सञ्चित नोक्सानी रू.७ अर्ब ९२ करोड ९७ लाख रहेको तथा निगमले लिएको ऋण आ.व. ०६६/०६७ को अन्त्यमा करिब ११ अर्ब ४ करोड बाँकी रहेको साथै निगमको मूल्य समायोजनबाट र नेपाल सरकार तथा विभिन्न वित्तीय संस्थाबाट ऋण लिई एकाधिकारको रूपमा पेट्रोलियम पदार्थ आपूर्ति गरी रहेको सन्दर्भ विचार गर्दा वासलातमा देखाइएको नाफा नोक्सान वितरण गर्ने आधारको रूपमा लिनसक्ने देखिएन । अतः नेपाल आयल निगमको कुल सञ्चित नोक्सानीको पूर्ति गरी सञ्चित नाफाको अवस्था नआएसम्म बोनस वितरण कार्य रोक्का गर्ने निर्णय गरियो। साथै सरकारी स्वामित्वमा रहेका प्रतिष्ठानहरूमा बोनस वितरणका सन्दर्भमा बोनस ऐन र नियमावलीबमोजिम नीतिगत निर्देशनका लागि नेपाल सरकारमा लेखी पठाउनेसमेत निर्णय भएको थियो । यसै विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६७।।४।१३ को निर्णयअनुसार सरकारी स्वामित्वमा रहेको संघ संस्था प्रतिष्ठानहरूमा बोनस वितरणका सम्बन्धमा सो संस्थानमा प्रतिष्ठानको कुल सञ्चित मुनाफाको अवस्था नपुगेसम्म बोनस वितरण गर्न नपाउने गरी व्यवस्था गर्न गराउन भनी मिति २०६६।४।१६ मा वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्थ मन्त्रालयको

मिति २०७०।८।२७ को पत्रद्वारा सरकारी स्वामित्वमा रहेका संघ संस्थान प्रतिष्ठानहरूमा बोनस वितरण सम्बन्धमा सो संस्थान प्रतिष्ठान कुल सञ्चित मुनाफाको अवस्थामा नपुगेसम्म बोनस वितरण गर्न नपाउने गरी व्यवस्था गर्न लेखी आएको थियो। आ.व. ०७१/०७२ को लेखा परीक्षकको प्रतिवेदनको बुँदा नं. ५ मा निगमको यस वर्ष सञ्चालनमा नाफा देखिए पनि विगत वर्षमा निरन्तर नोक्सानी भएकाले खुद सम्पत्ति रू.१७ अर्ब ५० करोड ३९ लाख ८३ हजार ७ सय ७४ रूपैयाँ ७९ पैसाले ऋणात्मक रहेको र दीर्घकालीन ऋण भुक्तानी गर्न नसकी रू.१२ अर्ब ६४ करोड १० लाख नाघिसकेको उल्लेख रहेको छ । यसरी निगम घाटामा नै रहेको हुँदा निवेदकको मागबमोजिम बोनस वितरण गर्नसक्ने अवस्था देखिएन । सरकारी स्वामित्व भएको प्रतिष्ठानको बोनसको प्रतिशत र बोनस वितरणको अन्य कुरा नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने कानूनी व्यवस्था बोनस ऐन, २०३० को दफा ५(३) रहेको तथ्यलाई रिट निवेदकले रिट निवेदनमा उल्लेख गर्नुभएकै छ । सरकारी स्वामित्व रहेका प्रतिष्ठानको बोनस वितरणसम्बन्धी विषय नेपाल सरकारले निर्णय गरेबमोजिम हुने हुँदा आयल निगमले बोनस वितरण गरेन भनी यस नेपाल आयल निगमलाई विपक्षी बनाई रिट दायर गर्नुपर्ने कुनै आधार कारण छैन । यस निगमलाई विपक्षी बनाई रिट गर्नुपर्ने अवस्था नहुँदा नहुँदै पनि दुःख दिने नियतले प्रस्तुत रिट निवेदन दर्ता भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल आयल निगम तथा ऐ. को सञ्चालक समितिको लिखित जवाफ।

<u>आदेश खण्ड</u>

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय डा. श्री भिमार्जुन आचार्य र श्री शरदप्रसाद कोइरालाले बोनस कुनै किसिमको दया वा दान होइन, कानूनी अधिकार हो । कर्मचारीहरूले कानूनबमोजिम पाउनुपर्ने सुविधा कटौती गर्न मिल्ने होइन । कुनै आ.व.मा प्रतिष्ठान मुनाफामा छ भने बोनस ऐनबमोजिम बोनस वितरण गर्न पाइन्छ । नेपाल आयल निगम मुनाफामा भएको आ.व. २०६५/६६ को बोनस नपाउने गरी भएका निर्णयहरू कानूनसम्मत नहुँदा बदर हुनुपर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो । विपक्षी नेपाल आयल निगम तथा ऐ. को सञ्चालक समितिको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री कृष्णप्रसाद पोखरेल र श्री नरेशकुमार डंगोलले सरकारी स्वामित्व रहेका प्रतिष्ठानको बोनस वितरणसम्बन्धी विषय नेपाल सरकारले निर्णय गरेबमोजिम हुने हुँदा आयल निगमलाई विपक्षी बनाइरहनु पर्ने होइन भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो । विपक्षी आपूर्ति मन्त्रालयसमेतको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले सञ्चित नोक्सानी र ऋण बाँकी रहेको अवस्थामा बोनसको सन्दर्भ नआउने हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो। अब निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने हुन आयो।

२. निर्णयतर्फ विचार गर्दा बोनस ऐनबमोजिम पाउनुपर्ने बोनस रोक्का राख्ने गरी भएका अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६७।०४।१३ को निर्णय, तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६७।४।१६ को सचिवस्तरीय निर्णय, नेपाल आयल निगम सञ्चालक समितिको मिति २०६७।०४।०५ को निर्णय र अर्थ मन्त्रालयको मिति २०७०।८।२७ को निर्देशनसमेत बदर गरी बोनस वितरण गर्नु गराउनु भनी परमादेशसमेत जारी गरिपाउन मुख्य निवेदन जिकिर लिएको देखिन्छ।

३. मिसिल संलग्न निवेदन दाबीका निर्णयसँग सम्बन्धित कागजात हेर्दा नेपाल आयल निगमको कूल सञ्चित घाटा रू. ७ अर्ब ९२ करोड रेहेको अवस्थामा

आ.व. २०६५/६६ मा रू. ३ अर्ब ३१ करोड नाफा रहेको भनी बोनस वितरण गर्न लागेको सन्दर्भ उल्लेख गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६७।०४।१३ मा *"सरकारी स्वामित्वमा रहेको संघ, संस्थान, प्रतिष्ठानहरूमा बोनस वितरणका सम्बन्धमा सो संस्थान प्रतिष्ठान कुल सञ्चित मुनाफाको अवस्थामा नपुगेसम्म बोनस वितरण गर्न नपाउने गरी व्यवस्था गर्न गराउन नेपाल सरकारका मुख्य सचिव, अर्थ सचिव, श्रम सचिव, उद्योग सचिव र वाणिज्य तथा आपूर्ति सचिवलाई लेखी पठाउने"* भन्ने निर्णय भएको पाइन्छ । उक्त अवस्थामा तत्कालीन वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतका संस्थानहरूलाई बोनस वितरण नगर्न निर्देशन दिने भनी मिति २०६७।४।१६ मा सचिवस्तरीय निर्णय गरी उक्त मन्त्रालयले मातहतको नेपाल आयल निगमसमेतका संस्थानहरूलाई पत्राचारसमेत गरेको देखिन्छ । निगमको कुल सञ्चित नोक्सानी आ.व. २०६५/६६ को अन्तसम्ममा रू. ७ अर्ब ९२ करोड ९७ लाख रहेको र निगमले विभिन्न वित्तीय संस्थालाई आ.व. २०६६/६७ को अन्तसम्ममा करिब ११ अर्ब ४४ करोड रकम तिर्न बाँकी नै रहेको हुँदा निगम सञ्चालक समितिको बैठकले मिति २०६७।०४।०५ मा कुल सञ्चिती नोक्सानीको पूर्ति गरी नाफाको अवस्था नआएसम्म बोनस वितरण गर्ने कार्य रोक्का राख्ने निर्णय भएको देखिन्छ । उक्त निर्णयहरूबाट आ.व. २०६५/६६ मा नेपाल आयल निगमले केही नाफा गरेको भन्ने देखिए तापनि निगमको कुल सञ्चित नोक्सानी तथा विभिन्न वित्तीय संस्थाहरूलाई तिर्न बाँकी दायित्व उल्लेखनीय नै रहे भएको भन्ने तथ्यमा विवाद छैन । निगमको सञ्चित नोक्सानी तथा तिर्नुपर्ने दायित्वलाई पूर्ति नगरी उक्त आर्थिक वर्षमा नेपाल आयल निगमले गरेको मुनाफाको आधारमा बोनस पाउनुपर्ने भन्ने निवेदकहरूको मुख्य माग रहेको देखिँदा सोही विवादको विषय नै प्रस्तुत निवेदनमा विचारणीय प्रश्नको रूपमा रहेको छ ।

४. नेपाल आयल निगम लिमिटेड नेपालमा विभिन्न पेट्रोलियम पदार्थहरू आयात, ढुवानी, भण्डारण र वितरण गर्न स्थापना गरिएको नेपाल सरकारको स्वामित्व प्राप्त संस्था भएकोमा विवाद छैन । आयल निगम सरकारद्वारा स्थापित पेट्रोलियम पदार्थको आयात, ढुवानी तथा वितरण गर्ने एकाधिकार प्राप्त निकाय हो । प्रचलित कानूनको अधीनमा रही नेपाल सरकार तथा निगमसँग सम्बन्धित तालुक निकायको परिपत्र तथा निर्देशनको पालना गर्नुपर्ने दायित्व निगममा रहेको हुन्छ । निगमका हरेक क्रियाकलापहरूमा नेपाल सरकार तथा आम उपभोक्ताको प्रत्यक्ष सरोकार निहित रहेको हुन्छ । आम नागरिकको सुविधाको लागि स्थापित निगमको प्रतिष्ठा जनविश्वासमा अडेको हुन्छ । तसर्थ जनविश्वासमा विचलन आउने किसिमको कुनै काम निगमबाट हुनुहुँदैन ।

५. निवेदकहरूले बोनस ऐन, २०३० को दफा ५ को उपदफा (१) र (३) तथा बोनस नियमावली, २०३९ को नियम ६(१) को कानूनी व्यवस्थाको आधारमा बोनस पाउनुपर्ने भन्ने जिकिर लिएको हुँदा तत्सम्बन्धी कानूनी व्यवस्थालाई समेत दृष्टिगोचर गरी निवेदन दाबीको विषयमा विवेचना गर्नुपर्ने देखियो । हाल बोनस ऐन, २०३० को पाँचौं संशोधन (२०७४।०४।२९) द्वारा दफा ५ को उपदफा (३) मा संशोधन भएको देखिन्छ । उक्त ऐनको दफा ५ को उपदफा (१) मा *"मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरूलाई बोनसबापत छुट्याउनु पर्दछ"* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । सो ऐनमा भएको पाँचौ संशोधनपूर्वको दफा ५ को उपदफा (३) को कानूनी व्यवस्था हेर्दा *"सरकारी स्वामित्व भएको प्रतिष्ठानले वितरण गर्ने बोनसको प्रतिशत र बोनससम्बन्धी अन्य कुराहरू नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ"* भनी उल्लेख भएको देखिन्छ भने संशोधित दफा ५ को उपदफा (३) मा *"उपदफा (१) मा*

जुनसुकै कुरा लखिएको भए तापनि नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले प्रत्येक आ.व. मा गरेको खुद मुनाफाबाट छुट्याउनुपर्ने बोनसको प्रतिशत तोकिएबमोजिम हुनेछ" भन्ने व्यवस्था गरेको पाइन्छ। त्यसैगरी संशोधित व्यवस्थाअनुसार उपदफा (३) पछि थप भएका उपदफा ३(क), ३(ख) र ३(ग) मा निम्न व्यवस्थाहरू गरिएको पाइन्छः

"३(क) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नाफा कमाउने उद्देश्य नलिई कुनै क्षेत्रको संवर्द्धनको लागि स्थापना भएको नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले बोनस वितरण गर्न पाउने छैन।

३(ख) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले देहायको अवस्थामा मात्र बोनस वितरण गर्न पाउनेछः

(१) प्रोद्भावी आधार (एक्रुअल बेसिस) मा खर्च लेखिएको रकम अर्को आर्थिक वर्षभित्रमा तिरिसकेको हुनुपर्ने,

(२) हरेक आर्थिक वर्षको सम्भावित दायित्व (कन्टिन्जेन्ट लायविलिटिज) बापतको रकम यकिन गर्ने र त्यसरी यकिन हुन आएको रकम छुट्टै कोष खडा गरी जम्मा गरेको हुनुपर्ने,

(३) नेपाल सरकारसँग वा नेपाल सरकार जमानत बसी कुनै ऋण लिएको भए त्यस्तो ऋण रकम लिँदाको बखत गरेको तमसुकमा उल्लिखित भुक्तानी तालिकाबमोजिम चुक्ता गरिसकेको हुनुपर्ने।

३(ग) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावलीमा उल्लेख भएका कुराबाहेक बोनस वितरणसम्बन्धी अन्य कुरा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ।"

६. बोनस नियमावली, २०३९ को नियम ६(१) मा कारखानाबाहेक नेपाल सरकारको स्वामित्व भएको अन्य प्रतिष्ठानले आर्थिक वर्षमा गरेको खुद मुनाफाबाट बोनसबापत आठ प्रतिशत बराबरको रकम छुट्याउनु पर्नेछ तर नेपाल सरकारले तोकिदिएको क्षेत्रमा एकाधिकार पाई व्यापार व्यवस्थापन गर्न खडा भएको प्रतिष्ठानहरूका हकमा नेपाल सरकारले समय समयमा तोकी दिएको प्रतिशतले हुने रकम मात्र बोनसबापत छुट्याउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

७. बोनस ऐन तथा नियमावलीको उद्देश्य तोकिएको सर्तको अधीनमा रही प्रतिष्ठानमा काम गर्ने कर्मचारीहरूलाई प्रतिष्ठानले कुनै आर्थिक वर्षमा गरेको मुनाफाको निश्चित प्रतिशत रकम प्रोत्साहनबापत प्रदान गर्नु हो। नेपाल आयल निगम सरकारी स्वामित्वको प्रतिष्ठान अर्थात् संस्था भएकोमा विवाद छैन। तर यो कुनै निश्चित वर्षको लागि स्थापित अस्थायी संस्था नभई हरेक वर्ष अविछिन्नरूपमा सञ्चालित हुने स्थायी प्रकृतिको संस्था हो। आयल निगमको स्थापना कानूनबमोजिम सरकारद्वारा भएको हो भने यसको अन्त्य पनि कानूनबमोजिम नै हुने हो। आयल निगमको घाटा तथा नाफाको अवस्था सिर्जना हुनुमा पेट्रोलियम पदार्थमा अन्तर्राष्ट्रिय मूल्यमा हुने परिवर्तन तथा सोअनुरूप राष्ट्रिय मूल्यमा हुने समायोजन नै कारक तत्त्वको रूपमा रहेको हुन्छ। यसका साथै यस्तो संस्थामा वित्तीय अनुशासन कायम हुन नसकेमा तथा व्यवस्थापकीय कमजोरीको कारण पनि समग्र आर्थिक स्थितिमा उतारचढाव आउन सक्दछ। पेट्रोलियम पदार्थमा हुने मूल्य समायोजनको प्रत्यक्ष प्रभाव आम उपभोक्तालाई नै हुन जान्छ। त्यसैले पनि निगमको हरेक आर्थिक गतिविधिमा आम सरोकारवालाको चासो हुनु स्वाभाविक नै हुन्छ। कुनै पनि संस्था मुनाफामा गएको तब मानिन्छ

जब उक्त संस्थाले तिर्नु बुझाउनुपर्ने दायित्व बाँकी रहेको हुँदैन । सामान्य बुझाइमा पनि संस्थाले तिर्नु बुझाउनु पर्ने दायित्व बाँकी रहेको अवस्थामा कुनै आर्थिक वर्षमा नाफामा गएको भनी अर्थ गर्नु न्यायोचित हुँदैन । संस्था घाटामा गएको स्थितिलाई कुनै जवाफदेहिता बहन गर्नु नपर्ने र नाफामा गएको भनी सञ्चित नोक्सानीलाई नजरअन्दाज गरी बोनसको लागि लालायित हुनु नैतिक दृष्टिकोणबाट समेत शोभनीय देखिँदैन । जब संस्थाले सञ्चित नोक्सानी पूर्ति गरी तिर्नु बुझाउनु पर्ने दायित्वबाट मुक्त रही मुनाफा गर्छ भने त्यस्तो मुनाफामा बोनस ऐनबमोजिमको प्रावधान स्वाभाविकरूपमा स्वतः लागू हुने हो । ऐन कानूनको भावना र मर्मविपरीत बोनस वितरण गर्नु कानूनी शासनको मूल्य मान्यताविपरीत हुन जान्छ । बोनस वितरण सम्बन्धमा तत्सम्बन्धी कानूनी व्यवस्थाहरूको समग्र पक्षलाई विचार नगरी विधायिकी मनसायलाई असङ्गत तवरबाट गरिने व्याख्या कानूनसम्मत हुन सक्दैन । मिति २०७४।४।२९ देखि लागू भएको बोनस ऐनको संशोधित व्यवस्थाले नेपाल सरकारको स्वामित्व रहेको प्रतिष्ठानले बोनस वितरण गर्नको लागि तिर्नु बुझाउनुपर्ने दायित्व पूरा गर्नुपर्ने सर्तहरू उल्लेख गरेको पाइन्छ । उक्त व्यवस्थाले नेपाल सरकारको स्वामित्व रहेको प्रतिष्ठानहरूको बोनस वितरण सम्बन्धमा थप मार्गदर्शन गरेको देखिन्छ । उक्त संशोधनपूर्वको बोनस ऐन र कानूनी व्यवस्थाको सन्दर्भमा विधायिकी मनसायको गलत अर्थ गरी तथा कानूनी छिद्रहरू खोजी आफ्नो हितअनुकूल व्याख्या गरी अनुचित सुविधा र सहुलियत खोज्ने प्रवृत्तिले न त संस्थाको हित हुन जान्छ न त संस्थाप्रतिको आम नागरिकको विश्वास वृद्धि हुन जान्छ ।

८. नेपाल आयल निगमको लिखित जवाफको प्रकरण ३ मा आ.व. २०६५/६६ को अन्त्यमा निगमको कुल सञ्चित नोक्सानी रू.७ अर्ब ९२ करोड ९७ लाख रहेको तथा निगमले लिएको ऋण आ.व. ०६६/६७ को अन्त्यमा करिब ११ अर्ब ४ करोड बाँकी रहेको भन्ने देखिन्छ । त्यसै गरी निगमको लिखित जवाफको प्रकरण ५ मा आ.व. ०७१/७२ को लेखा परीक्षणको प्रतिवेदनअनुसार निगमको उक्त वर्ष सञ्चालनमा नाफा देखिए तापनि विगत वर्षमा निरन्तर नोक्सानी भएकोले खुद सम्पत्ति रू. १७ अर्ब ५० करोड ३९ लाख ८२ हजार ७ सय ७४ रूपैयाँ ७९ पैसा ऋणात्मक रहेको र दीर्घकालीन ऋण भुक्तानी गर्न नसकी रू. १२ अर्ब ६४ करोड १० लाख नाघिसकेको भन्ने देखिन्छ । उक्त तथ्याङ्कबाट नेपाल आयल निगमको सञ्चित नोक्सानी तथा दीर्घकालीन ऋण भुक्तानी गर्न नसकेको कारण निरन्तर घाटामा गएको भन्ने देखिन आउँछ । यसरी आ.व. २०६५/६६ भन्दा अघि र पछि पनि निगम निरन्तर घाटामा रहेको अवस्थामा सञ्चित नोक्सानी तथा ऋणलाई बेवास्ता गरी उक्त आर्थिक वर्षको बोनस वितरण हुनुपर्ने भन्ने निवेदन मागदाबीसँग सहमत हुन सकिएन ।

९. हाल नेपाल आयल निगमले भुक्तान गर्न बाँकी ऋण तथा दीर्घकालीन दायित्व बाँकी नरहेको भनी कानून व्यवसायीहरूले बहसको क्रममा निगमको २०७३ साल आषाढ मसान्तको वासलातको प्रतिलिपिसमेत पेस गर्नुभएको देखिन्छ । आयल निगमले सम्पूर्ण ऋण रकम चुक्ता गरी सञ्चित नोक्सानीबाट सञ्चित मुनाफामा आएपश्चात् "निगमको कुल सञ्चिती मुनाफाको अवस्थामा नपुगेसम्म बोनस वितरण नगर्ने" गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालयलगायत नेपाल आयल निगमको निर्णय, निर्देशन तथा पत्राचारसमेत स्वतः निष्क्रिय भई प्रचलित कानूनको अधीनमा रही बोनस वितरण गर्न कुनै बाधा हुने देखिँदैन । तर सञ्चित नोक्सानी तथा ऋणको दायित्व बाँकी नै रहेको अवस्थामा भने संस्था मुनाफामा गएको भन्ने अर्थ गरी बोनस वितरण गर्नु युक्तिसङ्गत मान्न सकिँदैन ।

१०. अतः माथि उल्लेख भएअनुसार

पेट्रोलियम पदार्थहरूको आपूर्ति व्यवस्था गर्ने महत्त्वपूर्ण जिम्मेवारी भएको सरकारी संस्था नेपाल आयल निगमको आ.व. २०६५/६६ मा सञ्चित नोक्सानी तथा तिर्नुपर्ने दायित्व बाँकी नै रहेको तथ्य निगम सञ्चालक समितिको निर्णय तथा लेखापरीक्षकको प्रतिवेदनसमेतबाट देखिइरहेको अवस्थामा उक्त नोक्सानी र ऋण तिर्नुपर्ने कर्तव्य पूरा नगरी बोनस वितरण गर्न उपयुक्त नहुने र निगमको कुल सञ्चिती मुनाफाको अवस्थामा पुगेपछि प्रचलित कानूनबमोजिम बोनस वितरण गर्न बाधा पर्ने देखिँदैन । यसबाट निवेदन दाबीका निर्णयहरूले यी निवेदकहरूको कुनै संवैधानिक तथा कानूनी हकमा आघात परेको भन्ने अवस्था देखिएन। निवेदन दाबीका निर्णयहरू संविधान तथा प्रचलित कानूनविपरीत नभई आम उपभोक्ताको हितअनुकूल नै रहे भएको देखिँदा उक्त निर्णयहरू तथा काम कारवाही बदर गरी रहन परेन। तसर्थ मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमति छ।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत : महेश खनाल
इति संवत् २०७४ साल पुस २५ गते रोज ३ शुभम्।

निर्णय नं. ९९७६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७४।७।१९
०६६-CI-१०३६

मुद्दा : लिखत दर्ता बदर

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३४ भिमसेनगोला बस्ने भीमकुमारीदेवी मलेकुको संरक्षक छोरा ऐ.ऐ. बस्ने मदनगोपाल मलेकु

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १९ यट्खा बस्ने गोविन्दमान श्रेष्ठ

- **कसैको सम्पत्तिमाथि अर्को व्यक्तिले कसैको हटक खिचोला बिना चोरी वा बदनियत नराखी शान्तिपूर्वक ढंगले लामो समयसम्म भोग कायम राख्दछ भने यस्तो लामो समयको भोगाधिकारबाट भोगकर्ताको स्वामित्वको उदय हुन पनि सक्ने।**
- **प्रतिकूल भोगाधिकारको लागि त्यस्तो भोग अविछिन्न र वास्तविक धनीलाई थाहा भएको हुनुपर्दछ। यस्तो भोग बलपूर्वक वा चोरी गरी वा बदनियतपूर्वक गरेको अवस्था हुनुहुँदैन । प्रतिकूल भोगाधिकारको समयावधि कानूनले तोकेको हुन सक्दछ। भोगाधिकार एउटा तथ्य हो, जुन अविच्छिन्नरूपमा लामो समय शान्तिपूर्वक**

कायम रही रहँदा स्वामित्व प्राप्त हुने एउटा आधार हुने सम्पत्तिसम्बन्धी विधिशास्त्रीय स्थापित मान्यता रहेको पाइने ।

(प्रकरण नं.७)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्तात्रय श्री श्यामप्रसाद खरेल, श्री रमन श्रेष्ठ र श्री शम्भु थापा तथा विद्वान् अधिवक्ताद्वय श्री पूर्णचन्द्र राजवंशी र श्री नरहरी आचार्य

प्रत्यर्थी / वादीका तर्फबाट : वरिष्ठ अधिवक्ताद्वय श्री श्रीहरि अर्याल र श्री रामप्रसाद भण्डारी तथा विद्वान् अधिवक्ता श्री बलराम सेढाई

अवलम्बित नजिर :

- *ने.का.प.* २०६९, अंक २, नि.नं.८७७४

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री कृष्णप्रसाद बास्तोला काठमाडौं जिल्ला अदालत ।

पुनरावेदन तहमा फैसला गर्नेः

मा. न्यायाधीश श्री अली अकवर मिकरानी
माननीय न्यायधीश श्री जगदीश शर्मा पौडेल
पुनरावेदन अदालत पाटन ।

फैसला

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउन प्रतिवादीको यस अदालतमा निवेदन परी यस अदालतबाट सोही ऐनको दफा १२(१) को खण्ड (क) बमोजिम मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार छ :

काठमाडौं जिल्ला साबिकमा भिमसेनगोला पञ्चायत वडा नं. ३ कि.नं. २९० को क्षेत्रफल १-१४-२-० जग्गा हामी फिरादीहरूको संयुक्त हक स्वामित्वको टुलीदत्त आँगन देवताको निजी गुठीको जग्गा भई सोको हामी गुठियार हौं । उक्त जग्गा रैकर परिणत दर्ता गरी गंगाराम श्रेष्ठसमेतलाई बिक्री गरेउपर निजहरूका विरूद्धमा लिखत बदर, गुठी बाहेक गरिपाउँ समेतका छुट्टाछुट्टै मुद्दा दिएकोमा हामीहरूको वादी दाबीबमोजिम लिखत बदर गुठी बाहेक हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति २०४६।९।९ र पुनरावेदन अदालत पाटनबाट मिति २०५३।३।१० मा फैसला भई उक्त फैसला अन्तिम भई बसेको छ । उक्त फैसलाबमोजिम हामीहरूले दाखिल खारिज रैकर परिणत दर्ता गरी जग्गाधनी पुर्जा पाउन मालपोत कार्यालय, काठमाडौंमा कारवाही चलाएकोमा विवादित जग्गा विपक्षीहरूले एकआपसमा मिलेमतो गरी तहतह हुँदै आफ्नो नाउँमा दर्ता गराएको कुरा २०५४।२।१० मा नक्कल लिँदा थाहा भयो । तसर्थ विपक्षीहरूका बीच लिने दिने सम्बन्धमा भूमि प्रशासन कार्यालय, काठमाडौंबाट खडा भएको र.नं. ६८७ मिति २०३४।५।१९ को लिखत र सो लिखतका आधारमा भिमकुमारीदेवी मलेकुको नाममा भएको दर्तासमेत बदर गरी सो जग्गा हामी फिरादीहरूको नाउँमा निजी गुठी जनाई जग्गाधनी प्रमाण पुर्जासमेत उपलब्ध गराई चलनसमेत चलाई पाउँ भन्नेसमेत बेहोराको फिरादपत्र ।

मुलुकी ऐन, लेनदेन व्यवहारको ४० नं. जग्गा पजनीको १७ नं. बमोजिम आकर्षित हुनेमा उक्त कानूनी व्यवस्थाको आधार लिइएको छैन । वादीले दाबी लिएका कानून प्रस्तुत विवादमा आकर्षित हुँदैनन् । मिति २०३४।५।१९ को राजीनामा लिखत बदर गराउन करिब २० वर्षपछि फिराद परेको छ । तसर्थ हदम्याद नाघी र प्रचलित कानूनबमोजिम दायर हुन नआएको फिराद पत्र खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी कृष्णचन्द्रदेवी राणा र लोकभक्त शमशेर ज.ब.रा. को एकै मिलानको छुट्टाछुट्टै प्रतिउत्तपत्र ।

विवादको जग्गा गुठी बिर्ता जग्गा भएको र विपक्षीहरूले अघि मुद्दा लडी जिते पनि हाल कानूनी व्यवस्था परिवर्तन भई अर्थात् बिर्ता उन्मुलन ऐन, २०१६ को तेस्रो संशोधनको दफा १२क ले बिर्ता जग्गा दर्ता गर्ने विशेष व्यवस्था गरी बिर्तावालाहरूले जग्गा रैकर परिणत गर्न पाउने अवस्था नभएकोले संशोधित कानूनले नै विपक्षीको हक समाप्त गरी सकेको हुँदा अ.बं. ८२ नं. आधारमा फिराद खारेज गरिपाऊँ। त्यसैगरी लेनदेन व्यवहारको महल वा दान बकसको महलले व्यवस्था गरेअनुरूप फिराद गर्नुपर्नेमा गुठीको ३, ४ र १६ नं. अन्तर्गत दिएको फिराद हदम्यादको आधारमा खारेजभागी छ। बिर्ता उन्मुलन ऐन, २०१६ को संशोधित कानूनी व्यवस्थाअनुसार विपक्षीहरूले आफ्नो हक कायम गराई राख्न नसकेको र मसमेतका व्यक्तिले आफ्नो दाताको निर्वाध भोगचलन गरी आएको कहींकतैबाट रोक्का नभएको र प्रचलित कानूनको व्यवस्थाले हक हस्तान्तरण गरी लिनदिन कुनै बाधा अवरोध नगरेको जग्गा पारित गरी लिई कानूनबमोजिम घर बनाई बसोबास गरी आएको छु। मैले भोग गरी आएको वर्षौंपछि दिएको फिराद दाबी नपुग्ने ठहऱ्याई पाउँ भन्नेसमेतको प्रतिवादी भिमकुमारीदेवी मलेकुको प्रतिउत्तरपत्र।

वादी दाबीबमोजिम र.नं. ६८७ मिति २०३४।५।१९ को प्रतिवादीहरूबीच भएको राजीनामा लिखत र सोको आधारमा भएको दर्तासमेत वादी दाबीबमोजिम बदर भई निजी गुठीमा दर्तासमेत हुने ठहर्छ भन्नेसमेतको काठमाडौं जिल्ला अदालतको मिति २०६१।१२।१८ को फैसला।

उक्त फैसलामा चित्त बुझेन। विवादित साबिक कि.नं. २९० को जग्गा बिर्ता जग्गा नभई रैकर जग्गा भई मेरा दाताहरूका नाउँमा दर्ता हक भोगमा रहेको जग्गा मिति २०३४।५।१९ मा राजीनामा लिखतबमोजिम मेरो हक भएको जग्गा हो। २०४५ सालमा सर्वे नाप जाँच हुँदाका अवस्थामा समेत निजी गुठी भनी जनिएको छैन। २०३७ र २०४२ सालमा नक्सा पास गर्दा र घर निर्माण गर्दासमेत वादीहरूको कुनै उजुरी परेको छैन। निषेधाज्ञा मुद्दाबाटै कि.नं. २८८, २८९ र २९० का जग्गाहरू हक हस्तान्तरण भएको र घर निर्माण भएको कुरा २०३७ सालमा नै थाहा भएको तथ्यलाई लुकाई २०५४ सालमा नक्कल लिई थाहा भएको भन्ने झुट्टा हो। फैसलाले २०२७।१०।४ को भूमि प्रशासन कार्यालयको पर्चालाई बदर गरेको छैन। अतः आजै पेस भएको निर्णय दर्ता बदर मुद्दाको पुनरावेदनपत्रमा लिएको जिकिरसमेतलाई प्रमाण लगाई वादी दाबी नपुग्ने ठहऱ्याई इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी भिमकुमारीदेवी मलेकुका हकमा मदनगोपाल मलेकुले पुनरावेदन अदालत पाटनमा दिएको पुनरावेदनपत्र।

यसमा दे.पु.नं. १६८०/३१५८ को लिखत दर्ता बदर मुद्दामा आजै प्रत्यर्थी झिकाउने आदेश भएकोले प्रस्तुत मुद्दामा समेत छलफलका लागि प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०६३।१०।२५ को आदेश।

काठमाडौं जिल्ला अदालतको मिति २०६१।१२।१८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भन्नेसमेतको पुनरावेदन अदालत पाटनको मिति २०६४।३।५ को फैसला।

उक्त फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड १२(क) र (ख) को त्रुटि भयो। वादीले फिराद गर्दाको अवस्थामा मेरो दाताले लिएको लिखतउपर लिखत बदरमा नालेस गरी दाताको लिखत बदर गराएको भन्ने उल्लेख गर्नसकेको अवस्था छैन्। दाताको लिखित नै बदर नभएको अवस्थामा मैले राजीनामा खरिद गरेको मिति २०३४।५।१९ को लिखत बदर हुन सक्दैन। गुठी बिर्ता जग्गा रैकरमा परिणत नगराएकोमा विपक्षी वादीका नाममा सो जग्गा दर्ता नै हुन नसक्ने अवस्था रहेकोले विपक्षीलाई

विवादित जग्गामा दाबी गर्ने हक नै रहेको छैन्। विधिवत् नापी दर्ता भएको र सो दर्ता स्रेस्ता खडा भएको मितिले हदम्यादभित्रै नालेस गरी बदर गराउन सक्नु पर्नेमा सो गराउन नसकेको कारणले पनि *ने.का.प.*२०४३ अंक १२ नि.नं. २९२३ मा प्रतिपादित सिद्धान्तको प्रतिकूल फैसला बदर भागी छ । मुलुकी ऐन जग्गा मिच्नेको १८ नं., जग्गा पजनीको १७ नं. र लेनदेन व्यवहारको ४० नं. बमोजिम २ वर्षभित्र नालेस नपरेकोबाट पनि हदम्यादको आधारमा फिराद खारेज भागी छ। विपक्षीले २०३७ सालमा दिएको निषेधाज्ञा मुद्दाबाट जग्गा खरिद गरी लिएको र घर बनाई सकेको कुरा थाहा पाएकोमा बीसौं वर्षपछि दिएको फिराद दाबी हदम्यादविहीन छ। लगाउको घर पर्खाल भत्काई पाउँ मुद्दामा हदम्यादको अभावमा फिराद खारेज हुने फैसला भएको छ। यस अर्थमा विवादको जग्गामा भएको घरउपर विपक्षीको हक नलाग्ने प्रस्ट छ । विवादित जग्गामा भोग तिरो निवेदक प्रतिवादीको भएको तथ्यमा विवाद छैन। २०३४ सालमा मैले जग्गा खरिद गरी लिँदा जग्गा रोक्का थिएन। दाता लोकभक्त राणासमेतले प्राप्त गरेको लिखत हालसम्म बदर भएको छैन। सो लिखत कायमै रहेको र मैले जग्गा खरिद गर्दाको अवस्थामा कुनै रोक्का पनि नरहेको तत्काल कानूनतः खरिद गरी लिन पाउने जग्गा खरिद गरी लिएको र हाल बिसौं वर्षपछि आएर परेको फिराद दाबीको आधारमा लिखत बदर हुन सक्दैन। अतः मुद्दा दोहोऱ्याई हेरी वादी दाबी नपुग्ने ठहर गरी इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी भीमकुमारीदेवी मलेकुको संरक्षक मदनगोपाल मलेकुको यस अदालतमा परेको निवेदनपत्र।

यसमा यसै लगाउको नि.नं. ५५५ को लिखत दर्ता बदर मुद्दामा निस्सा प्रदान हुने गरी आदेश भएको हुँदा प्रस्तुत मुद्दामा पनि सो मुद्दासँग अन्तरप्रभावी भएकोले सोही आधार कारणबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) अनुसार दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्नेसमेत बेहोराको मिति २०६७।०१।३१ को यस अदालतको आदेश।

विवादको साबिक कि.नं. २८८, २८९ र २९० का जग्गा टुलिदत्त आगन देवताका निजी गुठीका जग्गा भई अदालतको अन्तिम फैसलाबाट उक्त जग्गाको साबिक दर्ता सुरूको राजीनामा लिखतसमेत अन्तिम भएर बसेको अवस्थामा तत्सम्बन्धमा अन्यथा पुष्टि गर्न नसकी केबल काल्पनिक कथावस्तुको भरमा मात्र पर्न आएको विपक्षीहरूको निवेदनको आधारमा पुनरावेदन अदालतको फैसला बदर गर्नुपर्ने अवस्था नहुँदा उक्त फैसला यथावत कायम गरी न्याय पाउँ भन्नेसमेतको प्रत्यर्थी शान्तलाल श्रेष्ठसमेतको संयुक्त लिखित प्रतिवाद।

यस अदालतको मिति २०७२।३।७ को आदेशानुसार माग भएको पुनरावेदन अदालत पाटनबाट यिनै पक्ष विपक्षहरूबीच चलेको घर भत्काई पाउँ मुद्दामा मिति २०६४।३।५ मा भएको फैसलासहितको मिसिल फेला पार्न नसकेको भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको मिति २०७३।६।४ को पत्र।

यसै लगाउका ०६६-CI-१०३४, ०६६-CI-१०३५, ०६६-CI-१०३७, ०६६-CI-१०३८, ०६६-CI-१०३९, ०६६-CI-१०४०, ०६६-CI-१०४१ र ०६६-CI-१०४२ का लिखत बदर र निर्णय दर्ता बदर मुद्दाका मिसिलहरू साथै पेस भएका रहेछन्।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दा र प्रस्तुत मुद्दासँग अन्तरप्रभावी भई लगाउका रही एकसाथ पेस हुन आएका ०६६-CI-१०३४, ०६६-CI-१०३५, ०६६-CI-१०३७, ०६६-CI-२०३८, ०६६-CI-१०३९, ०६६-CI-१०४०, ०६६-CI-१०४१ र १०४२ मुद्दासमेत अध्ययन गरी पुनरावेदक मुनु श्रेष्ठ, हरिनारायण प्रसाद रौनियार र शोभा जोशीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री श्यामप्रसाद खरेल र श्री रमन श्रेष्ठले पुनरावेदक मदनगोपाल मलेकुको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा र

विद्वान् अधिवक्ता श्री पूर्णचन्द्र राजवंशीले र पुनरावेदक मिरा कार्कीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नरहरी आचार्यले विवादित जग्गा वादीहरूको निर्विवाद हकको जग्गा नभएकोले फिराद गर्ने हकदैया नै छैन्। कि.नं. २८८, २८९ र २९० का जग्गा मिति २०३४।५।१९ को राजीनामाबाट लिई घर बनाई निरन्तर भोगचलन गरी आएको अवस्था छ। घर भत्काई पाउँ मुद्दामा हदम्यादको अभावमा फिराद खारेज हुने ठहरी भएको फैसला पुनरावेदन अदालतबाट समेत सदर भई अन्तिम भइसकेको छ। प्रत्यर्थी गोविन्दमान श्रेष्ठले तत्कालीन बागमती अञ्चल अदालतमा दिएको निषेधाज्ञा मुद्दामा विपक्षीले घर बनाई सकेको देखिएको र निजले राजीनामा गराई लिएको प्रमाण कागजबाट देखिँदा निवेदकको निर्विवाद हकसमेत नरहेकोले निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने देखिएन भनी निवेदन खारेज हुने ठहऱ्याई मिति २०३७।४।२९ मा आदेश भई सो आदेश तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट मिति २०३७।१०।२१ मा सदर भई अन्तिम भई बसेको छ। यस अवस्थामा पुनरावेदकको हक भोग रहेको र निजहरूको घरसमेत निर्माण भइसकेको तथ्य प्रत्यर्थीहरूलाई उसै बखत थाहा जानकारी भएकोमा बिसौं वर्षपछि दायर भएको फिराद हदम्यादविहीन छ। २०३७ सालमा तत्कालीन काठमाडौं नगर पञ्चायतबाट नक्सा पास गरी घर बनाएको र २०४५ सालमा नयाँ नापी हुँदा विवादित जग्गामा पुनरावेदकको दर्ता स्रेस्ता खडातर्फ कुनै च्यालेन्ज छैन। तसर्थ पुनरावेदन अदालतको फैसला उल्टी गरी हकदैया र हदम्यादविहीन फिराद खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

प्रत्यर्थी वादीहरूको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ताद्वय श्रीहरि अर्याल र रामप्रसाद भण्डारीसमेतले तथा विद्वान् अधिवक्ता श्री बलराम सेढाईले गुठी बेहक मुद्दामा गंगारामका दाता सूर्यलाल श्रेष्ठलाई गुठी बेहक गरी दर्ता बदर मुद्दाबाट निज सूर्यलालले गराएको दर्तासमेत बदर हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति २०४६।९।९ मा फैसला भएको छ। सो फैसला सदर हुने ठहरी पुनरावेदन अदालतबाट मिति २०५३।३।१० मा फैसला भएको र यस अदालतबाट मिति २०५५।७।११ मा निस्सा नहुने आदेशसमेत भई अन्तिम भई बसेको छ। यसरी अन्तिम भई बसेका फैसलाका आधारमा वादी दाबीअनुसार लिखत र सो लिखतका आधारमा भएको दर्ता बदर भई निजी गुठीमा दर्ता हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब छ। एकपटक अन्तिम भएर रहेको फैसला बदर नभएसम्म कार्यान्वयनयोग्य हुन्छ। निषेधाज्ञा मुद्दा खारेज हुने ठहरेकै आधारमा लिखत बदर नहुने भन्ने हुँदैन। तसर्थ पुनरावेदन अदालतको फैसला सदर हुनुपर्दछ भनी बहस गर्नुभयो।

यसमा साबिकमा २९० को क्षेत्रफल १-१४-२-० जग्गा हामी फिरादीहरूको संयुक्त हक स्वामित्वको टुलीदत्त आँगन देवताको निजी गुठीको जग्गा भई सोको हामी गुठियार हौं। उक्त जग्गा रैकर परिणत दर्ता गरी गंगाराम श्रेष्ठसमेतलाई बिक्री गरेउपर निजहरूका विरूद्धमा लिखत बदर, गुठी बाहेक गरिपाउँ समेतका छुट्टाछुट्टै मुद्दा दिएकोमा हामीहरूको वादी दाबीबमोजिम लिखत बदर गुठीबाहेक हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट मिति २०४६।९।९ र पुनरावेदन अदालत पाटनबाट मिति २०५३।३।१० मा फैसला भई उक्त फैसला अन्तिम भई बसेको छ। उक्त फैसलाबमोजिम हामीहरूले दाखिल खारिज रैकर परिणत दर्ता गरी जग्गाधनी पुर्जा पाउन मालपोत कार्यालय, काठमाडौंमा कारवाही चलाएकोमा विवादित जग्गा विपक्षीहरूले एकआपसमा मिलेमतो गरी तहतह हुँदै आफ्नो नाउँमा दर्ता गराएको कुरा मिति २०५४।२।१० मा नक्कल लिँदा थाहा भएकोले विपक्षीहरूका बीच लिने दिने सम्बन्धमा भूमि प्रशासन कार्यालय काठमाडौंबाट खडा भएको र.नं. ६८७ मिति २०३४।५।१९ को लिखत

र सो लिखतका आधारमा भिमकुमारीदेवी मलेकुको नाममा भएको दर्तासमेत बदर गरी सो जग्गा हामी फिरादीहरूको नाउँमा निजी गुठी जनाई जग्गाधनी प्रमाण पुर्जासमेत उपलब्ध गराई चलनसमेत चलाई पाउँ भन्ने मुख्य फिराद दाबी देखियो। साबिक कि.नं. २९० को जग्गा मिति २०३४।५।१९ को राजीनामाबाट लिइ पाई घर बनाई निरन्तर भोगचलन गरी आएको हुँदा हाल आएर विपक्षीहरूलाई फिराद गर्ने हदम्याद र हकदैयासमेत छैन भन्नेसमेतको प्रतिउत्तर बेहोरा रहेछ।

उपर्युक्तानुसारको पक्ष विपक्ष भई चलेको प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतबाट वादी दाबीबमोजिम लिखत बदर भई निजी गुठीमा दर्ता हुने ठहऱ्याई फैसला भएको पाइयो। उक्त फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट फैसला भएको देखियो । हकदैया, हदम्यादसमेतको अभाव हुँदाहुँदै वादी दाबी पुग्ने ठहऱ्याई गरेको पुनरावेदन अदालतको फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम दोहोऱ्याई हेरिपाउँ भनी प्रतिवादीको यस अदालतमा निवेदन परेको रहेछ।

यस अदालतबाट प्रतिवादी भिमकुमारी मलेकुले मिति २०३४।५।१९ मा राजीनामा लिखतबाट विवादित जग्गा प्राप्त गरी सो जग्गामा घर बनाएउपर यिनै वादीले घर भत्काई पाउँ भनी दिएको दाबी हदम्यादको अभावमा खारेज हुने ठहरी पुनरावेदन अदालतबाट प्रस्तुत मुद्दासँगै मिति २०६४।३।५ मा भएको फैसला अन्तिम भई बसेको र यी प्रतिवादीसमेतले यो यसरी धर्मलोप गरेको भन्ने पनि वादीले स्पष्ट उल्लेख गर्न नसकेको अवस्थामा गुठीको १६ नं. ले निर्धारित गरेको दुई वर्षको हदम्यादभित्र प्रस्तुत फिराद नपरेको देखिँदा खारेज गर्नुपर्नेमा नगरी लिखत बदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलामा गुठीको १६ नं. समेतको कानूनी त्रुटि विद्यमान रहेको भन्ने आधारमा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) अनुसार दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको देखियो।

यसप्रकारको तथ्य रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालतबाट भएको फैसला, प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालतबाट निस्सा प्रदान हुँदा लिइएका आधारहरूलाई मध्यनजर राख्दा निम्न प्रश्नमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो।

१. प्रत्यर्थी वादीहरूको फिरादपत्र हदम्यादभित्र परेको छ, छैन ?
२. पुनरावेदन अदालतको फैसला मिलेको छ, छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्नसक्ने हो, होइन ?

२. प्रथम प्रश्नतर्फ विचार गर्दा, प्रत्यर्थी वादीले काठमाडौं जिल्ला अदालतको मिति २०४६।९।९ को फैसला र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०५३।३।१० को फैसलाबमोजिम विवादित जग्गाको गुठियार निवेदकहरू रहेकोले बिर्ता उन्मुलन ऐन, २०१६ को दफा १२(क) को प्रतिबन्धात्मक वाक्यांशमा भएको व्यवस्थाअनुसार साबिक लगतबाट हामी निवेदकहरूका नाउँमा रैकर परिणत दर्ता नामसारी दाखिल खारेजसमेत गरी निजी गुठी जनाई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराई पाउँ भनी मालपोत कार्यालय, काठमाडौं मिति २०५३।६।६ मा निवेदन दिएको देखिन्छ । सोही निवेदनको कारवाहीको क्रममा विवादित जग्गाहरू पुनरावेदकको नाउँमा तहतह हुँदै हक हस्तान्तरण भई गइसकेको कुरा मालपोत कार्यालयबाट थाहा जानकारी पाएको भनी मिति २०५४।२।२८ प्रत्यर्थी काठमाडौं जिल्ला अदालतमा फिराद लिई प्रवेश गरेको देखिन्छ।

३. यिनै प्रत्यर्थी गोविन्दमान श्रेष्ठले पुनरावेदकका दाता सरल गौचनका उपर निजी गुठीको जग्गामा घर बनाउने आशंकाको विद्यमानता भएकोले

रोकिपाउँ भनी तत्कालीन बागमती अञ्चल अदालतमा मिति २०३७।१।११ मा निषेधाज्ञाको निवेदन दिएको देखिन्छ । उक्त निवेदनमा विपक्षी सरल गौचनले पेस गरेको लिखित जवाफमा कि.नं. २८८ र २८९ को जग्गा रू.४५,०००।– मा लोकभक्त शमशेर ज.ब.रा. समेतसँगबाट राजीनामा पारित गरी लिई पक्की घर ढलान गरी बनाई सकेकी छु भनी लिखित जवाफ पेस गरेको देखिन्छ । यसरी पक्ष विपक्ष भई चलेको उक्त निषेधाज्ञाको मुद्दामा विवादित जग्गा विपक्षीले राजीनामा लिएको देखिएकोले निवेदकको जग्गाको स्वामित्वमा निर्विवाद हक नदेखिएको भनी तत्कालीन बागमती अञ्चल अदालतबाट निवेदन खारेज हुने ठहऱ्याई मिति २०३७।४।२९ मा भएको आदेश तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतबाट सदर हुने ठहरी मिति २०३७।१०।२८ मा फैसला भएको देखियो । यसप्रकार यिनै पक्ष विपक्ष भई चलेको उल्लिखित निषेधाज्ञा मुद्दाको तथ्य र फैसलासमेतबाट विवादित जग्गा पुनरावेदकले २०३४ सालमा राजीनामा गरी लिई २०३७ सालमा घरसमेत निर्माण गरेको तथ्य प्रत्यर्थीहरूलाई २०३७ सालमा नै थाहा जानकारी भएको देखिन आउँछ ।

४. विवादित जग्गाहरूमा पुनरावेदक सरल गौचनले मिति २०३६।१२।२० मा, भीमकुमारीदेवी मलेकुले मिति २०३७।२।१ मा र शोमा जोशीले मिति २०४५।३।२१ मा तत्कालीन काठमाडौं नगर पञ्चायतबाट नक्सा पासको प्रमाणपत्र प्राप्त गरी घर निर्माण गरेको काठमाडौं महानगरपालिकाबाट प्राप्त नक्सा पाससम्बन्धी फायलबाट देखिन आउँछ । यसरी प्रचलित कानूनको अधीनमा रही आफूहरूले राजीनामाबाट खरिद गरी हक हुन आएको जग्गामा पुनरावेदकहरूले विधिवत् घर निर्माण गरी निरन्तर भोगचलन गरी आएको तथ्य मिसिलको तथ्य प्रमाणबाट देखिन्छ ।

५. पुनरावेदकहरूले बनाएको घर पर्खाल भत्काई चलनसमेत चलाई पाउँ भनी यिनै प्रत्यर्थीहरूले काठमाडौं जिल्ला अदालतमा दायर गरेको २०६१ सालको दे.नं. ६५/६५०० समेतका मुद्दामा घर बनाउनेको ११ नं. को हदम्याद नघाई पर्न आएको फिराद खारेज हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।१२।१८ मा फैसला भएको देखिन्छ । सो फैसलालाई पुनरावेदन अदालत पाटनको मिति २०६४।३।५ को फैसलाले सदर भई उक्त घर भत्काई चलन चलाई पाउँ मुद्दाका फैसलाहरू अन्तिम भई बसेको अवस्था छ । यसरी विवादित जग्गामा पुनरावेदकहरूले बनाएका घर पर्खालहरू पुनरावेदककै कायम भएको तथ्य एकातर्फ छ भने प्रस्तुत मुद्दाहरूमा वादी दाबी पुग्ने ठहर गरी इन्साफ हुँदा पुनरावेदकहरूको उक्त जग्गामा स्वामित्व स्थापित हुन नसकी जग्गाको उपयोग गर्ने, धितो राख्ने, हक हस्तान्तरण गर्न पाउनेलगायतका सम्पत्तिसम्बन्धी अधिकारमा प्रतिकूल असर पर्न जाने देखिन्छ ।

६. प्रस्तुत मुद्दा लगाउका उल्लिखित मुद्दाहरूमा विवादित साबिकका कि.नं. २८८, २८९ र २९० का जग्गाको हकको स्रोत मिति २०३४।५।१९ को राजीनामाको लिखत भन्ने देखिन्छ । सो लिखतअनुसार पुनरावेदकहरूले विवादित जग्गामा निरन्तररूपमा भोगचलन गर्दै विभिन्न मितिमा नक्सा पास गरी घर पर्खाल बनाउने, अंशबन्डा गरी हक हस्तान्तरण गर्नेसमेतका कार्य गर्नेसमेतका सम्पत्तिसम्बन्धी हकको उपयोग र प्रचलन गरी आएको देखिन्छ । सामान्यतया सम्पत्तिमाथि वैध स्वामित्ववालाले भोग गरिरहेको हुन्छ भनी अनुमान गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादित जग्गाहरूमा पनि पुनरावेदकहरूले विधिवत् रूपमा राजीनामाबाट जग्गा खरिद गरी भोगचलन, घर निर्माण र हक हस्तान्तरणसमेतका कामकारवाही गरेको देखिन्छ । कथमकदाचित पुनरावेदकको स्वामित्व

प्राप्त गर्ने हकको स्रोत उल्लिखित राजीनामा वैधानिक नभएको वा प्रचलित कानूनले राजीनामा गरी लिन नपाउने जग्गा राजीनामा गरी लिएको अवस्थाको विद्यमानता भएमा प्रत्यर्थीहरूले सो राजीनामा बदर गराउन र पुनरावेदकलाई जग्गाको भोगबाट अलग गर्न प्रचलित कानूनले निर्दिष्ट गरेको हदम्यादभित्र उपचार खोज्नु पर्दछ। पुनरावेदकहरूले मिति २०३४।५।१९ को राजीनामाबाट विवादित जग्गामा हक प्राप्त गरी घरसमेत निर्माण गरी निरन्तर भोगचलन गरी आएको तथ्य प्रत्यर्थीहरूलाई २०३७ सालको निषेधाज्ञा मुद्दाबाट थाहा जानकारी हुँदाहुँदै २०५४ सालसम्म कुनै उपचार नखोजी चुप लागी बसेको देखिन्छ।

७. वस्तुतः सम्पत्तिमाथिको भोग तथ्य र स्वामित्व अधिकार हो । कसैको सम्पत्तिमाथि अर्को व्यक्तिले कसैको हटक खिचोला बिना चोरी वा बदनियत नराखी शान्तिपूर्वक ढंगले लामो समयसम्म भोग कायम राख्दछ भने यस्तो लामो समयको भोगाधिकारबाट भोगकर्ताको स्वामित्वको उदय हुन पनि सक्दछ । यसप्रकारको अवस्थालाई प्रतिकूल भोगाधिकार (Adverse Possession) भनिन्छ । प्रतिकूल भोगाधिकारको लागि त्यस्तो भोग अविछिन्न र वास्तविक धनीलाई थाहा भएको हुनुपर्दछ। यस्तो भोग बलपूर्वक वा चोरी गरी वा बदनियतपूर्वक गरेको अवस्था हुनुहुँदैन। प्रतिकूल भोगाधिकारको समयावधि कानूनले तोकेको हुन सक्दछ। भोगाधिकार एउटा तथ्य हो, जुन अविच्छिन्नरूपमा लामो समय शान्तिपूर्वक कायम रही रहँदा स्वामित्व प्राप्त हुने एउटा आधार हुने सम्पत्तिसम्बन्धी विधिशास्त्रीय स्थापित मान्यता रहेको पाइन्छ।

८. नेपालको प्रचलित कानूनले प्रतिकूल भोगाधिकारसम्बन्धी व्यवस्था गरेको नपाइए तापनि ने.का.प २०६९, अंक २, नि.नं. ८७७४ मा प्रतिकूल भोगाधिकार सम्बन्धमा सिद्धान्त प्रतिपादन भएको पाइन्छ । जसअनुसार "कसैले कुनै सम्पत्ति आफ्नो भन्ने हैसियतमा निरन्तररूपमा भोग गरिरहेको हुन्छ र त्यसउपर वैध स्वामित्ववालाले थाहा पाएर पनि त्यस्तो भोगलाई मौन सम्मति प्रदान गर्दछ भने त्यसबाट भोगकर्ताको भोगाधिकार सिर्जना हुनसक्ने। बलपूर्वक, चोरी क्रिया, अनुरोध वा विशेष आग्रहको अभावमा अर्काको जग्गामा दीर्घ भोग नै वास्तविक प्रतिकूल भोग (Adverse Possession) को स्थापित आधार हो भनी मान्न सकिन्छ। प्रतिकूल भोग स्थापित गर्न भोगको अटुट निरन्तरता परम आवश्यक तत्त्व मानिने" भनी बोलिएको पाइन्छ।

९. विवेचित तथ्य, विधिशास्त्रीय अवधारणा र प्रचलित कानूनले गरेको व्यवस्थाको रोहमा प्रस्तुत विवादलाई हेर्दा प्रत्यर्थी वादीले मुलुकी ऐन गुठीको १६ नं. ले गरेको हदम्यादका आधारमा फिराद गरेको देखिन्छ। उक्त नम्बरले निर्धारित गरेको हदम्यादभित्र फिराद नपरेको भन्ने आधारमा यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको पाइन्छ। उक्त १६ नं. मा **"यो महलमा अन्यत्र हद लेखिएको कुरामा र धर्म लोप गरेको वा राख्न नहुने गुठी राखेकोबाहेक अरू कुरामा भए गरेका मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्दैन ।"** भन्ने हदम्यादसम्बन्धी कानूनको व्यवस्था गरेको पाइन्छ । वादीले मिति २०५४।२।१० मा नक्कल लिई थाहा पाएको भनी मिति २०५४।२।२८ मा मात्र फिराद परेको छ। जबकि २०३७ सालमा नै दिएको निषेधाज्ञा मुद्दाको तथ्य र फैसलाबाट पुनरावेदकहरूले विवादित जग्गा राजीनामा गरी घरसमेत निर्माण देखिएको कुरा माथि विवेचना भइसकेको छ।

१०. यसरी प्रचलित कानूनले निर्धारण गरेको समयावधिभित्र उपचार खोज्न चासो र चिन्ता नलिई प्रत्यर्थी वादी लामो समयको अन्तरालमा उपचार खोज्न आएको देखिन्छ। अर्कोतर्फ पुनरावेदकहरूले

नक्सा पास गरी घरसमेत निर्माण गरी अविछिन्नरूपमा प्रत्यर्थीहरूको अवरोधविना भोगचलन गरी आएको देखिन्छ । उक्त जग्गामा बनेका घर पुनरावेदकका हुने ठहर भएका फैसलाहरू अन्तिम भई बसेको अवस्था छ । तर विवादित जग्गामा बनेका घरले चर्चेको जग्गाको लिखत बदर हुने ठहरी पुनरावेदन अदालतबाट फैसला भएको देखिन्छ । सम्पत्तिको प्रयोग र उपभोगमा सम्पत्तिसम्बन्धी हकको व्यवहारसम्मत ढंगबाट व्याख्या गरी न्यायोचित निकास निकाल्नु पर्ने हुन्छ । पुनरावेदकहरूले बनाएका घरतर्फ प्रत्यर्थीहरूले स्वीकार गरी बसेको देखिन्छ । सोही घरले चर्चेको जग्गाको लिखत बदर गरी दिँदा नेपालको संविधानको धारा २५ ले गरेको सम्पत्तिको आर्जन गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हकमा सदैव बाधा अड्चन पर्न जान्छ । यसप्रकारको अवस्था सिर्जना हुन दिनु र व्यक्तिका सम्पत्तिसम्बन्धी व्यवहारलाई अल्झाई जकडाई राख्नु न्याय, विवेक र औचित्यपूर्ण हुँदैन । न्यायको उद्देश्य प्राप्त हुन पनि सक्दैन ।

११. तसर्थ प्रत्यर्थीहरूले दायर गरेका यसै लगाउका घर भत्काई पाउँ मुद्दाहरूमा हदम्यादको आधारमा खारेज हुने ठहरी अन्तिम फैसला भएको देखिएकोले सोही जग्गाको लिखत बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६४।३।५ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादीको फिराद हदम्यादको अभावमा खारेज हुने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

फिराद खारेज हुने ठहरेकोले सुरू जिल्ला अदालतको मिति २०६१।१२।१८ को तपसिल खण्डको देहाए दफा १ मा सम्बन्धित कार्यालयलाई जनाउ दिनु भनी र देहाए दफा २ मा प्रतिवादीबाट वादीलाई कोर्ट फी भराई दिनु भनी राखेको लगत कायम नरहने हुँदा सो लगत कट्टा गरी दिनु भनी काठमाडौं जिल्ला अदालतमा लेखि पठाइ दिनु --------१

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु --------२

उक्त रायमा सहमत छु ।
न्या. केदारप्रसाद चालिसे

इजलास अधिकृत: आनन्दराज पन्त
इति संवत् २०७४ साल कार्तिक १९ गते रोज १ शुभम् ।

निर्णय नं. ९९७७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७४।८।१३
०७१-CR-०८७०

मुद्दा : कर्तव्य ज्यान

पुनरावेदक / वादी : राजदेव मण्डलको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सप्तरी, लौनिया गाउँ विकास समिति वडा नं. ८ बस्ने सकुर मन्सुरी मियाँसमेत

- **जाहेरी दरखास्तमा नै उल्लेख नभएको कुरा पछि बकपत्र गर्दा सच्याएकोलाई प्रमाणमा लिन मिल्ने नदेखिने ।**

(प्रकरण नं.४)

- **एक समूहका व्यक्तिले अर्को समूहका वारदातमा संलग्न नै नभएका व्यक्तिहरूलाई पनि झुट्टा पोल गर्ने सम्भावना रहने हुनाले केवल पोल गरेको भनाइकै आधारमा मात्र न्याय निरूपण गर्दा निर्दोष व्यक्ति पनि सजाय भागी हुनसक्ने सम्भावना रहने हुनाले वारदातको प्रकृति, पीडितको अवस्था, बकपत्र गर्ने व्यक्तिको पीडित र प्रतिवादीसँग भएको सम्बन्धसमेतलाई विश्लेषण गरी त्यस्तो अनुसन्धानमा बुझिएका व्यक्तिहरूले गरेको कागज तथा बकपत्रलाई ग्रहण गर्नुपर्ने ।**

(प्रकरण नं.७)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू फैसला गर्नेः-

माननीय न्यायाधीश श्री रामप्रसाद ओली
माननीय न्यायाधीश श्री प्रकाश खरेल
सप्तरी जिल्ला अदालत ।

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री शान्तिराज सुवेदी
माननीय न्यायाधीश श्री बलराम विष्ट
माननीय न्यायाधीश श्री तेजबहादुर राई
पुनरावेदन अदालत राजविराज ।

फैसला

न्या. केदारप्रसाद चालिसे : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र परी दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

जिल्ला सप्तरी, लौनिया गाउँ विकास समिति, वडा नं. ७ स्थित पूर्वमा बाँसघारी, पश्चिममा कोशी नहरको शाखा नहर, उत्तरमा बेचु मण्डलसमेतको खेत, दक्षिणमा रहमान मन्सुरीको यति चार किल्लाभित्रमा मिति २०५९।९।२० गते अपरान्ह ५ बजे लौनिया गाउँ विकास समिति, वडा नं. ९ बस्ने इद्रिस मन्सुरीसमेतले संजयकुमार मण्डलसमेतलाई कुटपिट गरी सो घटनामा सख्त घाइते भएका संजयकुमारको धरान घोपा अस्पतालमा उपचार हुँदाहुँदै निज संजयकुमार मण्डलको मृत्यु भएको वारदात स्थानमा बालुवा भएकोले जमिन माडिएको भन्ने छुट्टयाउन नसकिने तथा उक्त स्थानमा प्रमाण लाग्ने कुनै चिजवस्तु फेला नपरेको भन्ने देखिएअनुसारको घटनास्थल मुचुल्का ।

जिल्ला सप्तरी, लौनिया गाउँ विकास समिति, वडा नं. ७ स्थित जग्गामा लगाएको गहुँबालीमा मेरो कान्छा भाइ रामसेवक र छोरा संजय मण्डलले मिति २०५९।९।२० गते शनिबारका दिन पानी पटाई रहेको अवस्थामा निज इद्रिस मंसुरी मियाको छोरा ताज मंसुरीसमेत आई दुवै बाबु छोराले म रामसेवकलाई एक्लै पारी हात, मुड्की, लात र बाँसको पट्टासमेतले जत्रतत्र कुटपिट गरिरहेको अवस्थामा हल्ला सुनी गाउँलेहरू आई झगडा छुट्याई दिएपश्चात् म कुसुमले भाइ रामसेवकलाई लिई विपक्षीहरूले फुसको घर बनाई रहेको स्थानमा गई रामसेवकलाई किन कुटपिट गरेको भनी निजहरूलाई सोध्दा विपक्षीहरू एक हुल भई म कुसुम मण्डललाई समेत बाँसको फट्टाले प्रहार गर्दा मेरो टाउकोको अगाडि भाग फुट्न गयो । कुटपिट भएको हल्ला सुनी छोरा संजयकुमार मण्डल पनि

घटनास्थलमा आइपुग्दा विपक्षी फूलो मंसुरीसमेतको मानिसहरूले बाँसको फट्टा, दबिया, बञ्चरो र लाठीसमेत लिई चारैतिरबाट छोरा संजयकुमार मण्डललाई घेरा हाली विपक्षीमध्येका फुलो मंसुरीले दायाँ हात र सकुरले बायाँ हात समाती सहिद मियाँले मार सालेलाई भनी वचन दिनासाथ इद्रिस मियाँले बञ्चरोले छोरा संजयकुमारको टाउकोमा प्रहार गरेपश्चात् बचाउन गएका भाइ रामसेवक मण्डल र बुहारी लक्ष्मीदेवी मण्डललाई समेत विपक्षीहरूले कुटपिट गरेको हुँदा उक्त वारदातमा सख्त घाइते भएका छोरा संजयकुमार मण्डलको उपचार हुँदाहुँदै मिति २०५९।९।२० गते राति १२ बजेको समयमा धरानमा मृत्यु भएकोले काका राजदेव मण्डलले तत्सम्बन्धी जाहेरी दिएको हुँदा हाम्रा आङ जीउमा लागेको चोटको घा जाँच गराई विपक्षीहरूलाई कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको कुसुम मण्डल, रामसेवक मण्डल र लक्ष्मीदेवी मण्डलको संयुक्त निवेदन।

बायाँ कानको पछाडिमा २×१ से.मी. काटिएको घाउ, दाहिने कुहिनाको ३×१ से.मी. काटिएको घाउ १, दाहिने हात पूरै सुनिएको एवं दाहिने हातको दोस्रो र तेस्रो औंलाको हड्डीहरू भाँचिएको भन्ने रामसेवक मण्डलको घाउ जाँच केस फाराम।

निधारको बायाँतर्फका भागमा २ इन्च बराबरको चोट लागेको भन्ने कुसुम मण्डलको घाउ जाँच केस फाराम।

बायाँ पाखुरामा ४×१ से.मी. को छाला खुइलिएको घाउ लागेको भन्ने लक्ष्मीदेवी मण्डलको घा केस फाराम।

भतिजा कुसुमलाल मण्डलको खेतको उत्तरतर्फ विपक्षीमध्येका फुलो मंसुरीको खेत परेकोले खेतमा पानी लगाउने विषयमा विपक्षी फुलो मंसुरी र भतिजा कुसुमलाल मण्डलको बीचमा पटकपटक विवाद रहन्थ्यो । मिति २०५९।९।२० गते साँझ ५:०० बजेको समयमा भतिजा कुसुमलाल मण्डल निजका छोरा मेरो नाति संजयकुमार मण्डललाई लिई पानी पटाई रहेको अवस्थामा उक्त खेतको नजिकै घर भएका फुलो मंसुरी निजका छोराहरू इद्रिस मंसुरी, सहिद मंसुरी, इसरायल मंसुरी तथा अन्य सकुर मंसुरी, इब्राहिम मंसुरी रामदेव मण्डल र विष्णुदेव मण्डलसमेतका ८ जनाका हातमा नाङ्गो खुकुरी, बञ्चरो तथा विभिन्न प्रकारका लाठीहरू लिई आई विपक्षीमध्येका फुलो मंसुरी मियाले यी बाबु छोरा कुसुम लाल र संजयकुमारलाई नमारी छाड्न हुँदैन भनी वचन आदेश दिएपश्चात अन्य उल्लिखित व्यक्तिहरूले मेरो भतिजा र नातिलाई विभिन्न हतियारले प्रहार गरिरहेको अवस्थामा निज फुलोदेवी मंसुरीले बञ्चरोले नाति संजयकुमार मण्डलको टाउकोमा एक्कासी प्रहार गरेकोले निज रगताम्मे भई भुइँमा लडे । गाउँलेहरूले निज नाति संजयकुमार मण्डललाई पहिला सगरमाथा अञ्चल अस्पताल र त्यहाँ निको नभएपछि वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा धरानमा पुऱ्याई उपचार हुँदाहुँदै निजका सोही दिनको मध्यरात १२:०० बजेको समयमा मृत्यु भएकोले कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको राजदेव मण्डलको जाहेरी दरखास्त।

कपाल र अनुहारमा रगत लागेको टाउकोमा धारिलो हतियारले काटिएको ८ वटा टाँका लगाई सिलाएको घाउबाहेक शरीरको अन्य भागमा कुनै चोटपटक नीलडाम नदेखिएको भन्नेसमेत बेहोराको मृतक संजयकुमार मण्डलको वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको शवगृहमा गरिएको लास प्रकृति मुचुल्का।

टाउकोमा ६×०.५ से.मी. बराबर काटिएको घाउ र उक्त घाउ सिलाएको खोपडी भाँचिएको टाउकोमा लागेको चोटबाट संजयकुमार मण्डलको मृत्यु भएको भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदन।

मिति २०५९।९।२० बेलुका अन्दाजी ५:००

बजेको समयमा म, छोराहरू सहिद मंसुरी, इसरायल मंसुरी जिल्ला सप्तरी, लौनिया गाउँ विकास समिति स्थित खेतमा घर बनाउनका लागि घडेरी सम्याइरहेको अवस्थामा संजयकुमार मण्डललाई भाग्न उम्कन नदेउ भन्दै निज संजयकुमार मण्डललाई बञ्चरोको धारबाट मैले प्रहार गरेको र सोही चोटबाट निजको मृत्यु भएको हो मबाहेक अरू कसैले पनि संजयकुमार मण्डललाई कुटपिट गरेका छैनन् उल्लिखित व्यक्तिहरूले घेराउसम्म गरेका हुन् भन्नेसमेत बेहोराको फुलो मंसुरी मियाँले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

अन्दाजी ५:०० बजेको समयमा रामसेवक मण्डलसमेत ५ जना मानिसहरूले घर बनाई रहेको स्थानमा आई संजयकुमार र रामसेवकलाई किन पानी पटाउन नदिएको भनी भकाभक कुटपिट गर्न थालेकाले हामी बाबु फुलो मंसुरी, भाइ इसराइल मंसुरी, दाजु इद्रिस मंसुरी र गाउँको सकुर मंसुरी, इब्राहिम मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डल र म समेत भएर दोहोरो कुटपिट भइरहेको अवस्थामा राजदेव मण्डलले भाटाले मेरो टाउकोमा हिर्काएकोले भुइँमा लडेपछि लरखरिँदै उठेको अवस्थामा संजयकुमार मण्डलले बाबु फुलो मंसुरीलाई बाँसको फट्टाले हिर्काएपछि सकुर मंसुरी, इसरायल मंसुरी, इद्रिस मंसुरी, विष्णुदेव मण्डल, रामदेव मण्डल र मसमेत भई बाँसको फट्टा लाठी बोकी घेराउ गरी बाबु फुलो मंसुरीले संजयकुमार मण्डलको टाउकोमा बञ्चरोले प्रहार गरी सख्त घाइते भई सोही चोटबाट निज संजयकुमार मण्डलको मृत्यु भएको हो भन्नेसमेत बेहोराको सहिद मंसुरी मियाँले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

संजयकुमार मण्डलले मेरो बाबु फुलो मंसुरीलाई हिर्काएको देखी सहिद मंसुरी, इसरायल मंसुरी, सकुर मंसुरी, इब्राहिम मंसुरी, विष्णुदेव मण्डल, रामदेव मण्डलसमेत भएर लाठी फट्टा लिई संजयकुमार मण्डललाई घेरा हाली बाबु फुलो मंसुरीले संजयकुमार मण्डलको टाउकोमा बञ्चरोले प्रहार गर्दा निज रगताम्य भई लडेका र सोही चोटको कारणबाट उपचारको क्रममा संजय मण्डलको मृत्यु भएको हो भन्नेसमेत बेहोराको इद्रिस मंसुरी मियाँले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

फुलो मंसुरीले संजयकुमार मण्डललाई बञ्चरोले प्रहार गर्दा निज रगताम्य भई भुइँमा लडेपछि हामी भागी गएका हौं भन्नेसमेत बेहोराको इसरायल मंसुरीले गरेले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

इद्रिस मंसुरीको निधारमा छाला खुइलेको घाउ र टाउकोको पछाडि भागमा काटिएको घाउ भएको घा जाँच केस फाराम।

टाउकोको दायाँ भागमा ५×०५ र २×०.५० से.मी. काटिई सिलाई गरेको भन्ने सहिद मंसुरी मियाँको घाउ जाँच केस फाराम।

बायाँतर्फ बीचको औलामा छाला दरफरिएका ०.५×०.५ से.मी. को घाउ १, बायाँ गोलीगाठो जोड्नी पछाडि ०.५×०.५ से.मी.को छाला खुइलिएको घाउ -१, दायाँ कानमा ०.२५×०.२५ से.मी. बराबरको छाला खुइलिएको घाउ भएको फुलो मंसुरी मियाँको घाउ जाँच केस फाराम।

मिति २०५९।९।२० बेलुकी ५:०० बजेको समयमा संजयकुमार मण्डलसमेतलाई लौनिया गाउँ विकास समिति, वडा नं. ९ बस्ने फुलो मंसुरी, इब्राहिम मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलसमेतका मानिसहरूले लाठी फट्टा तथा बञ्चरोले हिर्काई उपचारको लागि धरान अस्पतालमा उपचार गर्दागर्दै संजयकुमार मण्डलको सोही चोटबाट राति १२:०० बजेको समयमा मृत्यु भएको कुरा भोलिपल्ट महादेवा गाउँ विकास समितिबाट घर लिनिया गाउँ विकास समिति, वडा नं. ५ मा आइपुगेपछि थाहा पाएको हुँ भन्नेसमेत बेहोराको महाविर मण्डलको कागज।

मिति २०५९।९।२ बेलुकी अन्दाजी ५:०० बजेको समयमा बाबु फुलो मंसुरी, दाजु इद्रिस मन्सुरी

र सहिद मंसुरी, भाइ इसरायल मंसुरी र लौनिया वडा नं. ५ बस्ने संजयकुमार मण्डल, कुसुमलाल मण्डलको बीचमा खेतमा पानी लगाउने विषयमा वादविवाद मारपीट कुटपिट हुँदा संजयकुमार मण्डलसमेत सख्त घाइते भएका र उपचार हुँदाहुँदै संजयकुमार मण्डलको मृत्यु भएको कुरा म बिरामी भएको कारणले घरमा सुतिरहेको अवस्थामा सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको महमत सदिक मंसुरी, सकलदेव मण्डलको कागज।

मिति २०५९।९।२० का दिन पानी पटाउने विषयमा मृतक र विपक्षीहरूको बीचमा विवाद भएको स्थान र सोही दिन बेलुका ५:०० बजेको समयमा घटना भएको घटनास्थलको चित्रण गरिएको रेखाचित्र।

मिति २०५९।९।२० का दिन दिउँसो घरायसी सामानहरू खरिद गर्न भारतको कुनौली गई सामानहरू खरिद गरी घरमा आउँदा खेतको गहुँमा पानी पटाइरहेको अवस्थामा इद्रिस मंसुरीसमेतले पानी पटाउन नदिई कुटपिटसमेत गरेकोले म घरमा आएँ। निज इद्रिस मंसुरीसमेतसँग भाइ रामसेवकलाई पानी पटाउन किन नदिएको हो भनी सोध्दा कुटाई खान मन लाग्यो भन्दै फुलो मंसुरी, इद्रिस मंसुरी, इसरायल मंसुरी, सहिद मंसुरी, इब्राहिम मंसुरी, सकुर मंसुरी, रामदेव मण्डल र विष्णुदेव मण्डलसमेतले हातहतियार लाठ्ठी, भाटा, बञ्चरोसमेत लिई मलाई घेराउ गरी इद्रिस मंसुरीले भाटाले एक्कासी मेरो टाउकोमा प्रहार गरेकोले टाउको फुटी रगताम्य भई माऱ्यो भनी कराएको आवाज सुनी छोरा संजयकुमार मण्डल दौडेर आई विपक्षीको कुटाईबाट बचाउन खोज्दा निज छोरा संजयकुमार मण्डलको हात सकुर मंसुरी र इद्रिस मंसुरीले समाई जे भएको व्यहोरौंला मार सालेलाई भनी सहिद मंसुरीले वचन दिई अरू सबै प्रतिवादीहरूले हातमा लाठी फट्टा लिएर भाग्न उम्कन नपाउने गरी घेराउ दिनासाथ फुलो मंसुरीले बोकेको फलामको बञ्चरोले छोरा संजयकुमार मण्डलको टाउकोमा प्रहार गरेपछि निज संजयकुमार मण्डल मरेँ भनी रगताम्य भई भुइँमा लडेपछि बचाउन गएका रामसेवक मण्डल र लक्ष्मीदेवी मण्डलसमेतलाई प्रतिवादीहरूले कुटपिट गरी घाइते पारेपछि प्रतिवादीहरू भागेका हुन्। घाइते भएका संजयकुमार मण्डललाई पहिला सगरमाथा अञ्चल अस्पताल र पछि धरानमा उपचार गराउँदा गराउँदै निजको मिति २०५९।९।२० को राति मृत्यु भएको हो। म शोकाकुल अवस्थामा रहे भएकोले काका राजदेव मण्डलले तत्सम्बन्धी जाहेरी दिएका हुन्। मसमेतले घा जाँच गराई पाउँ भनी दिएको निवेदनमा लेखनदासको कारणबाट अन्यथा हुन गएको हो, सही बेहोरा यही हो भन्नेसमेत बेहोराको कुसुम मण्डलको कागज।

मिति २०५९।९।२० गते अन्दाजी ४:०० बजेको समयमा खेतमा भएको गहुँ बालीमा पानी पटाई रहेको अवस्थामा लौनिया गाउँ विकास समिति, वडा नं. ८ बस्ने इद्रिस मंसुरीसमेतका मानिसहरू आई पानी पटाउन बाधा अवरोध खडा गरी झगडा हुँदा निजहरूले मलाई कुटपिटसमेत गरेकोमा गाउँलेहरूले झगडा छुटाई दिएकोले म घरमा आएर दाजु कुसुमलाल मण्डललाई भन्दा निज फुलो मंसुरीले घर बनाउँदै गरेको ठाउँमा गई मेरो भाइ रामसेवकलाई किन पानी पटाउन नदिई कुटपिट गरेको भनी सोध्दा फुलो मंसुरी, सहिद मंसुरी, इसरायल मंसुरी, सकुर मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलसमेतले घेराउ हाली इद्रिस मंसुरीले बाँसको भाटाले दाजु कुसमलाल मण्डलको टाउकोमा हिर्काई घाइते बनाउँदा निजले कराउँदा आवाज सुनी भतिजो संजयकुमार मण्डल उक्त स्थानमा आउँदा निजलाई इद्रिस मंसुरी, सकुर मंसुरीले हातमा समाती सहिद मंसुरीले मार भनी वचन दिनासाथ इब्राहिम मंसुरी, इसरायल मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलले घेराउ हाली फुलो मंसुरीले फलामको बञ्चरोले संजयकुमार मण्डलको टाउकोमा प्रहार गरी सख्त घाइते पारेका र भतिजा संजयकुमार मण्डल मरेँ भनी भुइँमा लडेको देखी निजलाई बचाउन

जाँदा मलाई र मेरो श्रीमती लक्ष्मीदेवी मण्डलसमेतलाई विपक्षीहरूले कुटपिट गरेका हुन् । घाइते संजयकुमार मण्डलको उपचारका क्रममा सोही राति १२:०० बजे धरानमा मृत्यु भएको हो । मसमेतले घाउ जाँचको लागि दिएको निवेदनमा उल्लिखित बेहोरा हुनुपर्नेमा लेखनदासको कारणले अन्यथा हुन गएकोले उपर्युक्त कायम गरिपाउँ भन्नेसमेत बेहोराको रामसेवक मण्डलको कागज ।

मिति २०५९।९।२० गते बेलुका अन्दाजी ४:०० बजेको समयमा मेरो पति रामसेवक मण्डल गहुँ बालीमा पानी पटाउन गएको अवस्थामा प्रतिवादी इद्रिस मंसुरीसमेतका व्यक्तिले कुटपिट गरी पानी पटाउन नदिएकोले घर आउनु भयो । घर आइपुगेपछि उक्त कुरा जेठाजु कुसुमलाल मण्डललाई सुनाउँदा निजले विपक्षीले घर बनाएको स्थानमा गई किन मेरो भाइलाई पानी पटाउन नदिई कुटपिट गरेको भन्नासाथ इद्रिस मंसुरीसमेतले घेराउ गरी निज इद्रिसले बाँसको भाटाले जेठाजुको टाउकोमा हिर्काई घाइते बनाउँदा जेठाजु मरेँ भनी कराएको आवाज सुनी भतिजा संजयकुमार मण्डल बचाउन जाँदा संजयकुमारको हात इद्रिस मंसुरी, सकुर मंसुरीले समाए । सहिद मंसुरीले मार भनी वचन दिनासाथ इसरायल मंसुरी, इब्राहिम मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलले घेराउ गरी फुलो मंसुरीले फलामको बञ्चरोले संजय मण्डलको टाउकोमा प्रहार गरेकोले भतिजा संजयकुमार भुईमा लडेको देखी म मेरो श्रीमान् निज भतिजालाई बचाउन जाँदा हामीलाई समेत कुटपिट गरी घाइते बनाएका हुन् । घाइते संजयकुमार मण्डलको उपचारको क्रममा सोही राति १२:०० बजे मृत्यु भयो । मसमेतले घाउ जाँच गराई पाउँ भनी दिएको निवेदनमा उपर्युक्त बेहोरा हुनुपर्नेमा लेखनदासको कारणले अन्यथा हुन गएको हुँदा उपर्युक्त बेहोरा कायम गरी कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको लक्ष्मीदेवी मण्डलको कागज ।

मिति २०५९।९।२० गते साँझ ५:०० बजेको समयमा घटनास्थलको बाटो हुँदै आउँदाको अवस्थामा लौनिया गाउँ विकास समिति, वडा नं. ९ बस्ने फुलो मंसुरी, इद्रिस मंसुरी, सहिद मंसुरी, सकुर मंसुरी, इब्राहिम मंसुरी र ऐ.वडा नं. ५ बस्ने संजयकुमार मण्डल रामसेवक मण्डल, कुसुमलाल मण्डल र लक्ष्मीदेवी मण्डलबीचमा कुटाकुट, हानाहान भई राखेको थियो । मारपिट गर्न हुँदैन भनी मैले रोक्दारोक्दै माथि उल्लिखित सबै प्रतिवादीहरूले संजयकुमार मण्डललाई घेराउ गरी कुटपिट गर्दा सख्त घाइते भई भुइँमा लडेपछि मान्छे माऱ्यो भनी मसमेतले संजयकुमार मण्डललाई लगेको र सोही चोटबाट निजको मृत्यु भएको भन्नेसमेत विमलकुमार मण्डलको कागज ।

मिति २०५९।९।२० गते बेलुकी ४:०० बजे इद्रिस मंसुरी, राम सेवक मण्डलको बीचमा खेतमा पानी पटाउने विषयमा साधारण विवाद हुँदा गाउँलेहरूले छुट्याई दिएका सोही विषयलाई लिएर फुलो मंसुरीसमेतले घर बनाउँदै गरेको ठाउँमा हल्ला सुनी उक्त स्थानमा पुग्दा कुसुमलाल मण्डल, रामसेवक मण्डल, लक्ष्मीदेवी मण्डल, संजयकुमार मण्डल सख्त घाइते भई भुइँमा लडेको देखी निजहरूलाई उठाएका हौं । उक्त घटना घटाउने फुलो मंसुरी, इद्रिस मंसुरी, सहिद मंसुरी, इसरायल मंसुरी, सकुर मंसुरी, इब्राहिम मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलसमेतले हात-हातमा लाठी, फट्टा, बञ्चरो लिई भाग्दै गरेको देखेको हुँ । उक्त घटनामा सख्त घाइते भएका संजयकुमार मण्डलको उपचार क्रममा मृत्यु भएको हो भन्नेसमेत बेहोराको देवानन्द मण्डलको कागज ।

मिति २०५९।९।२० गते बेलुकी अन्दाजी ५:०० बजे घटनास्थलमा होहल्ला भएको सुनी मसमेत घटनास्थलमा आइपुग्दा रामसेवक मण्डल, कुसुमलाल मण्डल, संजयकुमार मण्डल, लक्ष्मीदेवी मण्डल घाइते भई जमिनमा लडी रहेका, फुलो मंसुरी, इद्रिस मंसुरी, सहिद मंसुरी, इसरायल मंसुरी, सकुर मंसुरी, इब्राहिम

मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलसमेत हात-हातमा लाठी, फट्टा, बञ्चरोसमेत लिई भाग्दै गरेको देखेको हुँ। संजयकुमार मण्डलको उपचारक्रममा मृत्यु भएको हो भन्नेसमेत बेहोराको राजकुमार मण्डलको कागज।

मिति २०५९।९।२० गते सप्तरी लौनिया वडा नं. ७ स्थित फुलो मंसुरीको खेतमा होहल्ला सुनी के भएको रहेछ भनी उक्त स्थानमा पुग्दा फुलो मंसुरी, इद्रिस मंसुरी, सहिद मंसुरी, इसरायल मंसुरी, सकुर मंसुरी, इब्राहिम मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलसमेतले कुसुमलाल मण्डललाई घेराउ गरी कुटपिट गर्दा निजको टाउकोमा चोट लागी रगताम्य भई निजलाई छुट्याउन गएका निजका छोरा संजयकुमार मण्डलको हात सकुर मंसुरी, इद्रिस मंसुरीले समाती सहिद मंसुरीले मार भनी वचन दिई अन्य इब्राहिम मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलले घेराउ गरी फुलो मंसुरीले फलामको बञ्चरोले संजयकुमार मण्डलको टाउकोमा प्रहार गरी घाइते पारी रगताम्य भई लडेपछि मान्छे मऱ्यो भनी संजयकुमार मण्डललाई बचाउन आएका रामसेवक मण्डलसमेतलाई कुटपिट गरी गाउँका रमाकान्त मण्डल र मसमेतका मानिसहरू छुटाउन जाँदा प्रतिवादीहरू घटनास्थलबाट भागी गएका हुन्। सोही चोटको कारणबाट उपचार हुँदाहुँदै धरानमा संजयकुमार मण्डलको मृत्यु भएको हो भन्नेसमेत बेहोराको राधेश्याम मण्डल र रमानन्द मण्डलको एकै मिलानको कागज।

मिति २०५९।९।२० गते साँझ ५:०० बजे खेतमा पानी पटाउने विषयलाई लिएर प्रतिवादी फुलो मंसुरी, इद्रिस मंसुरी, इसरायल मंसुरी, इब्राहिम मंसुरी, सकुर मंसुरी, रामदेव, विष्णुदेव मण्डलसमेतका मानिसहरूले कुसुमलाल मण्डललाई घेराउ गरी कुटपिट गरी चोट पुऱ्याएको देखी बचाउन आएका संजयकुमार मण्डललाई इसरायल मंसुरी, इब्राहिम मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलले घेराउ गरी भाग्न उम्कन नदिई सकुर मंसुरी र इद्रिस मंसुरीसमेतले संजयकुमार मण्डलको हात समाती सहिद मंसुरीले मार भनी वचन दिनासाथ फुलो मंसुरीले फलामको बञ्चरोले संजयकुमार मण्डलको टाउकोमा प्रहार गर्दा निज सख्त घाइते भई लडेपछि बचाउन गएका रामसेवक मण्डल र लक्ष्मीदेवी मण्डलसमेतलाई प्रतिवादीहरूले कुटपिट गरी घाइते पारेको देखी बद्री मण्डल र मसमेतका मानिसहरू मान्छे मऱ्यो भन्दै घाइतेहरूले बचाउन जाँदा निज प्रतिवादीहरू घटनास्थलबाट भागे, सोही चोटबाट संजयकुमार मण्डलको धरानमा उपचार हुँदाहुँदै मृत्यु भएको हो भन्नेसमेत बेहोराको कपलेश्वर भन्ने कपल मण्डल र बद्री मण्डलको एकै मिलानको कागज।

हालसम्म संकलित सबुत प्रमाणहरूको आधारमा प्रतिवादीमध्येका फुलो मंसुरी मियाँले प्रहार गरेको फलामको बञ्चरोको चोटबाट संजयकुमार मण्डलको मृत्यु भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (१) अन्तर्गतको कसुरमा सोही महलको १३(१) र बमोजिम सजाय गरी पाउन, मृतक संजयकुमारलाई मार्नको निमित्त वचन आदेश दिने सहिद मंसुरी मियाँ र मृतक संजयकुमार मण्डलको हात समाती मार्न संयोग पारी दिने इद्रिस मंसुरी मियाँ र सकुर मंसुरी मियाँलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. अन्तर्गतको कसुरमा सोही महलको १३(४) नं. बमोजिमको सजाय गरी पाउन तथा संजयकुमार मण्डललाई भाग्न उम्कन नपाउने गरी घेरा दिई ज्यान मार्न संयोग पारिदिने इसरायल मंसुरी मियाँ, इब्राहिम मंसुरी मियाँ, रामदेव मण्डल र विष्णुदेव मण्डललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. को कसुरमा सोही १७(२) नं. बमोजिम सजाय गरी पाउन माग दाबी लिई फुलो मंसुरी, सहिद मंसुरी, इद्रिस मंसुरी र इसरायल मंसुरीलाई यसैसाथ प्रस्तुत गरिएको छ। अनुसन्धानका क्रममा पक्राउमा नपरी रहेका प्रतिवादीहरू इब्राहिम

मंसुरी मियाँ, सकुर मंसुरी मियाँ, विष्णुदेव मण्डल, रामदेव मण्डलको हकमा वारेन्टसहितको म्यादी पुर्जी जारी गरी कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकारका तर्फबाट दायर हुन आएको अभियोग पत्र।

संजयकुमार मण्डलको मृत्यु मेरो पिटाइबाट भएको होइन। गहुँ बारीमा भएको झगडामा म थिइँन। बेलुका हामी बाबु छोराले घर बनाउँदै गरेको जग्गामा उनीहरू नै आई झगडा गरे। राजदेव मण्डलले मलाई टाउकोमा हानेकाले म बेहोस भएँ। घटनाबारे थाहा भएन। अभियोग दाबीबाट फुर्सद पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सहिद मंसुरीले सुरू अदालतमा गरेको बयान।

वारदात मितिका दिउँसो पानीको विषयमा झगडा भएको कुरा थाहा भएन, बेलुका ५:३० बजेतिर हामी बाबु छोरा चारजना घर बनाउने ठाउँमा हुँदा कुसुमलालसमेतका मानिसहरूको हुल आई हामीलाई कुटपिट गर्दा हामी तुरून्तै भुइँमा पछारिएपछि उनीहरू कता गए थाहा भएन। संजयकुमारलाई कसले कुट्यो, कसको प्रहारले मृत्यु भयो त्यो मलाई थाहा भएन। हामीले कुटपिट नगरेकोले अभियोग दाबीअनुसार सजाय पाउनु पर्ने होइन भन्नेसमेत प्रतिवादी इसरायल मियाँले सुरू अदालतमा गरेको बयान।

मिति २०५९।९।२० गते १०/१२ बजे धकेलाधकेल भई घर फर्की आएपछि बेलुका ५:०० बजेको समयमा पुरानो घर जाँदा कुसुमलालसमेतका मानिसहरू आई कुसुमलालले मेरो कलर समाती मेरो भाइ रामसेवकलाई किन हिर्काएको भनी साँझको बेला कसले कुन तर्फबाट बाँसको लाठीले मेरो टाउकोमा हिर्काउँदा बेहोस भएँ। त्यहाँपछि के के भयो थाहा भएन। मृतक संजयलाई हात समाती मार्न संयोग गरेको होइन, अभियोग दाबीबाट फुर्सद पाउँ भन्नेसमेत प्रतिवादी इद्रिस मंसुरी मियाँले सुरू अदालतमा गरेको बयान।

मैले मृतक संजयकुमार मण्डललाई बञ्चरोले हिर्काएको होइन, वारदात मितिको साँझ ५:०० बजे छोराहरू र मसमेत घर फर्कंदै गर्दा सकलदेव मण्डलसमेत १५/२० जना आई सकलदेवले बाँसको फट्टाले मलाई हिर्काउँदा म हल्लिन जाँदा मृतकको कानपट्टिमा बाँसको फट्टाले लाग्यो, निजलाई निजका बाबुसमेतले उठाई लगे, मेरो छोरा सहिदलाई समेत टाउकोमा चोट लागेकोले उपचार गर्न राजविराज लगेँ। त्यसपछि कसले कसलाई मारपिट गरे छुट्याउन सकिन। म निर्दोष भएकोले अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत प्रतिवादी फुलो मंसुरीले सुरू अदालतमा गरेको बयान।

वारदात मितिमा म नेपालमा नै थिइनँ। पुरानो रिसइवीले मेरो नाम पोलिएको हुनसक्छ। घटनाबारे केही थाहा छैन। अभियोग दाबीअनुसारको कसुर नगरेकोले सफाइ पाउँ भन्नेसमेत प्रतिवादी रामदेव मण्डलले सुरू अदालतमा गरेको बयान।

वारदात मितिमा म घटनास्थलमा नभई भारत पञ्चवमा थिएँ। ममाथि मुद्दा परेको कुरा श्रीमतीले खबर गरेपछि थाहा पाएँ। घटनाबारे मलाई केही थाहा भएन। मृतकलाई मार्न मेरो संयोग र संलग्नता नभएकोले अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत प्रतिवादी विष्णुदेव मण्डलले सुरू अदालतमा गरेको बयान।

आदेशानुसार वादी तथा प्रतिवादीका साक्षीहरूले गरेको बकपत्र मिसिल सामेल रहेको रहेछ।

फरार रहेका प्रतिवादी सकुर मंसुरी मियाँ र इब्राहिम मंसुरीका हकमा मुद्दा अदालती बन्दोबस्त १९० नं. बमोजिम मुलतबीमा राखिदिने आदेश भई प्रतिवादीमध्ये फुलो मंसुरी मियाँलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धीको महलको १३ (१) ले सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादीहरू सहिद मंसुरी मियाँ, प्रतिवादी इद्रिस मंसुरी मियाँ र प्रतिवादी इसराइल मंसुरी मियाँलाई ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम जनही ५ (पाँच वर्ष) कैद सजाय

हुने र प्रतिवादीमध्येका रामदेव मण्डलले अभियोग दाबीबाट सफाइ पाउने ठहरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६२।३।१४ मा भएको फैसला।

प्रतिवादीहरू सहिद मंसुरी मियाँ, इद्रिस मियाँ, इसरायल मंसुरी मियाँ, फुलो मंसुरी मियाँले अभियोग दाबीबाट सफाइ पाउँ भनी र वादी नेपाल सरकारले अभियोग दाबीबमोजिम नै प्रतिवादीहरूलाई सजाय गरिपाउँ भनी पुनरावेदन गरेकोमा सप्तरी जिल्ला अदालतबाट मिति २०६२।३।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत पुनरावेदन अदालत राजविराजबाट मिति २०६३।१।१९ मा भएको फैसला।

हाजिर गराई पाउँ भनी फरार प्रतिवादीमध्येका सकुर मंसुरी मियाँले मिति २०६४।१।२७ मा निवेदन दिएको र सोही मिति २०६४।१।२७ का आदेशानुसार प्रस्तुत मुद्दा मुलतबीबाट जागेको र अर्का फरार प्रतिवादी इब्राहिम मंसुरी मियाँले २०६४।२।२ मा हाजिर हुने निवेदन दिई पुर्पक्षमा सामेल भएको देखियो।

जाहेरीमा उल्लिखित मिति र समयभन्दा अगाडि पहिल्यैदेखि नै म राजविराज स्थित पम्प क्यानल अफिसमा चौकिदार पदमा काम गर्दै आई क्वाटरमा नै बसिरहेको र पछि बिदा लिई १$^{१}/_{२}$ महिनापछि मात्र गाउँमा फुलो मंसुरीको परिवारसँग जाहेरवालाहरूको झगडा भई कुटपिटको कारण संजयकुमार मण्डलको मृत्यु भएको भन्ने सुनेको हुँ। तर निजहरूको के विषयमा झगडा भयो। के कसको प्रहारबाट निजको मृत्यु भयो। त्यो घटनाबारे केही थाहा छैन। उक्त घटनामा मेरो कहिल्यै पनि त्यस्तो संलग्नता नहुँदा मेरो नाम पोल गरी परेको जाहेरी साँचो होइन। मैले घटना घटेको १$^{१}/_{२}$ महिनापछि मात्र गाउँ जाँदा थाहा पाएको हुँ। घटनामा म आफू सहभागी नै नभई गाउँघरमा नभई राजविराजमा जागिर खाँदै आइरहेको र आफूले घटना नै भएको नदेखेको हुँदा त्यस्तो सजाय पाउनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादीमध्येका सकुरा मंसुरी मियाँले सुरू अदालतमा गरेको बयान।

फरार प्रतिवादी इब्राहिम मंसुरीले हाजिर गराई पाउँ भनी मिति २०६४।२।२ गते सुरू अदालतमा दिएको निवेदन।

म पहिल्यैदेखि नै काठमाडौंमा इट्टा बोक्ने लेवर काम गर्दै आएको र कहिलेकाहीँ मात्र घर आउने गर्दथँ। म मिति २०५९।९।२० मा आफ्नो गाउँ घरमा नभई काठमाडौंमा नै मजदुरी गर्दै आइरहेको र २०५९ साल फाल्गुनतिर घरमा खर्च लिएर आउँदा सोहीबखत मात्र थाहा भयो। गाउँमा फुलो मंसुरी र जाहेरवालाको भतिजा कुसुमलाल मण्डल र निजको छोरा संजय मण्डलबीच खेतमा पानी पटाउने विषयमा झगडा परी कुटपिटसमेत भई सोही चोटको कारण संजयकुमार मण्डलको मृत्यु भएको भन्ने सुनेको हुँ। घटना नदेखेको हुँदा को-को भई के-कुन परिबन्धबाट निजको मृत्यु भयो सो सम्बन्धमा मलाई केही थाहा छैन। घटनामा मेरो कुनै संलग्नता नभएको र कुटपिट नगरेको, घेरासमेत नहालेको र आफू सो मितिमा गाउँ घरमा नै नभएको हुँदा त्यस्तो सजाय पाउनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी इब्राहिम मंसुरीले सुरू अदालतमा गरेको बयान।

प्रतिवादीहरू सकुर मियाँ र इब्राहिम मंसुरीलाई अदालती बन्दोबस्त ४७ नं. बमोजिम तारेखमा राखी मुद्दा पुर्पक्ष गर्नु तथा प्रतिवादी इब्राहिम मंसुरी साक्षी मो. इब्राहिम र प्रतिवादी सकुर मंसुरी मायाँको साक्षी बौबालाल खंगले बकेको बकपत्र सामेल रहेको छ।

प्रतिवादी सकुर मंसुरीलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसम्मको अभियोग दाबी पुग्न सक्दैन। प्रतिवादी सकुर मंसुरी मियाँ र इब्राहिम मंसुरी मियाँ वारदातस्थलमा रही मृतकलाई भाग्न उम्कन नदिई

थुनछेक गरेको देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ (२) नं. बमोजिम जनही कैद वर्ष ५ हुने ठहर्छ भन्ने सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६६।१०।१३ मा भएको फैसला।

जाहेरवालाको जाहेरी दरखास्त एवं निजको अदालतको बकपत्रलगायतका मिसिल संलग्न कागज प्रमाणहरूबाट प्रतिवादी सकुर मंसुरी मियाँले वारदातमा मर्नेका जिउ शरीरमा हात हाली पक्री समाई मार्नलाई संयोग मारिदिएको तथ्य पुष्टि हुँदाहुँदै निजलाई अभियोग दाबीभन्दा कम सजाय गर्ने गरेको सुरू फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा उल्टी गरी निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेतको वादी नेपाल सरकारको पुनरावेदन अदालत राजविराजमा परेको पुनरावेदन पत्र।

शंकास्पद एवं विरोधाभाषयुक्त तथ्यलाई प्रमाण मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन। अभियोग माग दाबीबाट सफाइ पाएका अन्य प्रतिवादीहरूको तथ्यसमेत हेरी आरोपित कसुरबाट सफाइ पाउँ भन्नेसमेतको प्रतिवादी इब्राहिम मंसुरी मियाँको पुनरावेदन अदालत राजविराजमा पर्न आएको पुनरावेदनपत्र।

यसमा यिनै प्रतिवादी भएको कर्तव्य ज्यान मुद्दा CS-१८८ मा नेपाल सरकारको र CS-०२४६ को कर्तव्य ज्यान मुद्दामा सकुर मंसुरी मियाँको पुनरावेदन परी दोहोरो पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं. को प्रयोजनार्थ दुवै पक्षलाई जानकारी गराई नियमानुसार पेस गर्नु भनी मिति पुनरावेदन अदालत राजविराजबाट भएको आदेश।

प्रतिवादी इब्राहिम मंसुरी मियाँको तर्फबाट परेको पुनरावेदन मिसिलमा प्रस्तुत मुद्दा CS-१८८ र CS-२४६ को कर्तव्य ज्यान मुद्दासँग अन्तर प्रभावि रहेकोले प्रस्तुत मुद्दा पनि साथै राखी गर्नु भनी मिति २०७०।३।५ मा भएको आदेश।

प्रतिवादीहरू वारदातस्थलमा उपस्थित रहेको कुरा पुष्टि भइरहेको भनी सुरू फैसलामा उल्लेख भएको छ सोतर्फ हेर्दा मौकामा कागज गर्ने व्यक्तिहरूको मौकाको कागज र अदालतको बकपत्र परस्परमा बाझिएका छन् । यी प्रतिवादीहरू समेत वारदातस्थलमा रही आरोपित कसुर गरेको भनी स्पष्टरूपमा लेखाउन सकेको देखिँदैन। मिसिल संलग्न रहेका कुनै पनि कागज प्रमाणहरूले यी प्रतिवादीहरूले मृतकलाई मार्न घेरा दिने, बाटो गौंडा छेक्ने, भाग्न उम्कनसमेत नपाउने गरी संयोग पारी दिएको भन्ने कुरा पुष्टि हुनसकेको पाइएन । यसैगरी वादी नेपाल सरकारले सोही वारदातमा संलग्न रहेका रामदेव मण्डल र विष्णुदेव मण्डललाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम सजाय गरिपाउँ भनी अभियोग दाबी लिएकोमा सुरू सप्तरी जिल्ला अदालतबाट यी प्रतिवादीहरू रामदेव मण्डल र विष्णुदेव मण्डलले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी मिति २०६२।३।१४ मा गरेको फैसला यस अदालतबाट सदर हुने ठहरी मिति २०६३।१।१९ मा फैसला भई सो अन्तिम भई बसेको देखिन्छ। सफाइ पाउने यी प्रतिवादीहरू र प्रस्तुत पुनरावेदन गर्ने यी प्रतिवादीहरू इब्राहिम मियाँ र सकुर मंसुरी मियाँको अवस्थामा तात्विक भिन्नतासमेत देखिँदैन । यसरी जाहेरी दरखास्त दिने राजदेव मण्डलको मौकाको जाहेर बेहोरा र अदालतमा गरेको बकपत्र, मौकामा कागज गर्ने बद्री मण्डल, सकलदेव मण्डलको कागज बेहोरा र निजहरूको अदालतमा भएको बकपत्रसमेत एक आपसमा एकै मिलानको नभई फरक पर्न गएको देखिएको छ । यी प्रतिवादीहरूका उपरको आरोपित कसुर गढाउ हुनसकेको देखिन आउँदैन । फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग दाबी स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएको हुनुपर्दछ। प्रस्तुत मुद्दामा यी

पुनरावेदक प्रतिवादीहरू मृतक संजयकुमार मण्डललाई मार्नमा यस तरहले संलग्न थिए र यस्ता किसिमका कार्यहरू गरी यी प्रतिवादीहरूको समेत संलग्नताबाट मृतकको ज्यान मर्न गएको हो भन्ने कुरा पुष्टि हुनसकेको देखिन आएन। शंकाको भरमा मात्र कर्तव्य ज्यानजस्तो जघन्य अपराधमा दोषी करार गरी प्रतिवादीहरूलाई सजाय गर्न नमिल्ने र शंकाको सुविधा अभियुक्तले पाउने भन्ने सर्वमान्य सिद्धान्तसमेतको आधारमा यी पुनरावेदक प्रतिवादीहरू सकुर मंसुरी मियाँ र इब्राहिम मियाँलाई कसुरदार ठहर गरी सजाय गर्ने गरेको सुरू फैसला मिलेको देखिन आएन। अतः ज्यानसम्बन्धीको १७(२) मा घेरा दिने, बाटो गौंडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैर काम गरी मार्ने संयोग पारी दिनेलाई सजाय गर्ने व्यवस्था भएकोमा यी प्रतिवादीहरूले सोअनुसार घेरा हाली मृतक संजय कुमार मण्डललाई भाग्न उम्कन नदिएको भन्ने अभियोग प्रमाणद्वारा पुष्टि हुनसकेको नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादीहरूको पुनरावेदन जिकिरअनुसार अभियोगबाट सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।९।२९ मा भएको फैसला।

प्रतिवादीहरू फुलो मंसुरी, इसरायल मंसुरी, इद्रिस मंसुरी, सहिद मंसुरी, सकुर मंसुरी, इब्राहिम मंसुरी, रामदेव मण्डल, विष्णुदेव मण्डलसमेतका व्यक्तिले पानी पटाउने विषयमा वादविवाद भई निजहरूले संजयकुमार मण्डललाई घेरा दिई हात हातमा बाँसको फट्टा, दुबिया, बञ्चरो र लाठी लिई फुलो मंसुरीले दायाँ हात र सकुर मंसुरीले बायाँ हात समाती सहिद मियाँले मार सालेलाई परेको व्यहोरौंला भन्ने वचन दिनासाथ इद्रिस मंसुरीले टाउकोमा बञ्चरोले हानी सख्त घाइते बनाई उपचारको क्रममा मृत्यु भएको भनी घटनाबाट पीडितसमेत रहेका कुसुम मण्डल, रामसेवक मण्डलले घाउ खत, चोट जाँच गराई पाउँ भन्ने दरखास्त दिएको देखिन्छ। सोही बेहोरा मिलान हुने गरी राजदेव मण्डलले किटानी जाहेरी दिएको देखिन्छ। सोही बेहोरा समर्थन हुने गरी कुसुम मण्डल, कपलेश्वर भन्ने कपल मण्डल, बद्री मण्डलको मौकामा कागज गरिदिएका छन्। सोही बेहोरा मिलान हुने गरी अदालतमा आई किटानी बकपत्रसमेत गरिदिएको अवस्था देखिन्छ। उल्लिखित व्यक्तिहरू वारदातलाई प्रत्यक्षरूपमा देख्ने र वारदातबाट घाइतेसमेत भएका व्यक्तिहरू भएको तथ्य निजहरूको घाउ जाँच केस फारामले समेत पुष्टि गरिरहेको छ। यसरी वारदातलाई चश्मदिद रूपमा देख्ने प्रत्यक्षदर्शी व्यक्तिहरूले मौकामा व्यक्त गरेको कागजलाई समर्थन गर्दै अदालतमा उपस्थित भई गरेको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १० तथा दफा ३७ अनुसार प्रत्यक्ष प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । चश्मदिद व्यक्तिहरूले सम्पूर्ण प्रतिवादीहरूको संलग्नता खुलाई वचन दिने, हात समाउने, प्रहार गर्ने तथा घेरा दिनेसमेतको नाम स्पष्ट गरी बकपत्र गरी रहेकोमा सो बकपत्रहरूलाई प्रमाणमा नलिई केही प्रतिवादीहरूलाई सफाइ दिने, केही प्रतिवादीहरूलाई दाबीभन्दा घटी सजाय हुने ठहर गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा १० तथा ३७ को व्याख्या र प्रयोगमा त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदर भागी रहेको छ।

प्रतिवादीहरू इद्रिस मंसुरी मियाँ, रामदेव मण्डल, विष्णुदेव मण्डलसमेतका व्यक्तिहरू अदालतमा आई कसुर गरेकोमा इन्कार रही बयान गरेको देखिन्छ । आफू कसुरबाट उन्मुक्ति पाउनको लागि अदालतमा आई इन्कारी बयान गर्नु स्वाभाविक रहेको र उक्त इन्कारी मात्र निजहरूको निर्दोषिताको आधार हुन सक्दैन । उक्त इन्कारी बयानलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सक्नुपर्छ। प्रतिवादीहरूले आफ्नो इन्कारीलाई गफमेलका मानिसहरूलाई साक्षी राखी समर्थन गराउन खोजिए पनि अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्नसकेको छैन। यस्तो अवस्थामा पीडितसमेतले मौकामा गरिदिएको कागज तथा अदालतमा गरिएको

बकपत्रलाई अन्यथा हुने गरी फैसला गर्न मिल्ने होइन। जाहेरवाला तथा मौकामा बुझिएका कुसुमलाल मण्डलसमेतका प्रत्यक्षदर्शी मानिसहरूले अदालतमा उपस्थित भई प्रतिवादीहरूलाई किटानी पोल गरी गरेको बकपत्रसमेतको प्रमाणलाई प्रतिवादी फुलो मंसुरी तथा इसरायल मंसुरीको हकमा अभियोग दाबीअनुसारको कसुर ठहर गर्दा प्रमाणको रूपमा लिइएको छ। अदालतसमक्ष उपस्थित भई बकपत्र गर्ने साक्षीहरूले लेखाएको बेहोरालाई केही प्रतिवादीहरूको हकमा प्रमाणको रूपमा लिइसकेपछि प्रमाणमा लिन नमिल्ने स्पष्ट आधार कारण भएको अवस्थामा बाहेक अन्य प्रतिवादीहरूको हकमा पनि प्रमाणमा लिई फैसला गर्नुपर्ने हुन्छ। स्पष्ट आधार कारण नभई एउटै बकपत्र कसैको हकमा प्रमाणमा लाग्ने कसैको हकमा प्रमाणमा नलाग्ने हुँदैन। त्यसैगरी समान अभियोग दाबी र समान प्रमाणबाट दोषी भएका प्रतिवादीमध्ये फरार रहेका प्रतिवादीहरू सकुर मंसुरी र इब्राहिम मंसुरी तथा मौकामा पक्राउ परी कसुरमा इन्कारी बयान दिएका प्रतिवादीहरू रामदेव मण्डल र विष्णुदेव मण्डलले अभियोग दाबीबाट सफाइ पाएको तथा मौकामा पक्राउ परी कसुरमा साबित भएका प्रतिवादीहरू सहिद मंसुरी, इसरायल मंसुरी, इद्रिस मंसुरीका हकमा कसुर ठहर भएको अवस्था छ। यसरी फरार रहनु तथा पक्राउ परे पनि कसुरमा इन्कार रहनु नै सफाइ पाउने आधार बन्ने तथा पक्राउ परी कसुरमा साबित हुँदा कसुरदार ठहर हुने अवस्था हुँदैन। यसरी मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र कुनै प्रतिवादीका हकमा प्रमाणमा लिई कसुरदार ठहर गर्ने र कुनै प्रतिवादीका हकमा प्रमाणमा नलिकन समान प्रमाणबाट गुज्रिरहेका समान दाबी भएका प्रतिवादीहरूको बीचमा समेत स्पष्ट आधार कारणविना नै दोहोरो मापदण्ड (double standard) लिई फरकफरक किसिमका फैसला भई कसैको हकमा कसुर कायम भएको तथा कसैको हकमा सफाइ दिएकाले पुनरावेदन अदालत राजविराजबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा उक्त फैसला बदरभागी रहेकोले उल्टी गरी अभियोग दाबीबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदनपत्र।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीले मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र कुनै प्रतिवादीका हकमा प्रमाणमा लिई कसुरदार ठहर गर्ने र कुनै प्रतिवादीका हकमा प्रमाणमा नलिने गरी फरकफरक किसिमका फैसला भई कसैको हकमा कसुर कायम भएको तथा कसैको हकमा सफाइ दिएको फैसला मिलेको छैन। जाहेरवाला तथा घटना विवरण कागज गर्ने व्यक्तिहरूले सबै प्रतिवादीहरूलाई पोल गरी गरेको बकपत्रलाई यी प्रतिवादीहरूको हकमा प्रमाणमा नलिई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग दाबीबमोजिम हुनुपर्छ भन्ने बहस गर्नुभयो।

निर्णयतर्फ विचार गर्दा, उल्लिखित विद्वान् उपन्यायाधिवक्ताको बहस सुनी पुनरावेदनसहितको मिसिल अध्ययन गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको छ छैन? वादीको पुनरावेदन जिकिर पुग्नसक्ने हो होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. सो सन्दर्भमा हेर्दा, प्रतिवादीमध्येका फुलो मंसुरी मियाँले प्रहार गरेको फलामको बञ्चरोको चोटबाट संजयकुमार मण्डलको मृत्यु भएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (१) अन्तर्गतको कसुरमा सोही महलको १३(१) र बमोजिम सजाय गरी पाउन, मृतक संजयकुमारलाई मार्नको निमित्त वचन आदेश दिने सहिद मंसुरी मियाँ र मृतक संजयकुमार मण्डलको हात समाती मार्न संयोग पारी दिने इद्रिस मंसुरी मियाँ र सकुर मंसुरी मियाँलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४)

नं. अन्तर्गतको कसुरमा सोही महलको १३(४) नं. बमोजिमको सजाय गरी पाउन तथा संजयकुमार मण्डललाई भाग्न उम्कन नपाउने गरी घेरा दिई ज्यान मार्न संयोग पारिदिने इसरायल मंसुरी मियाँ, इब्राहिम मंसुरी मियाँ, रामदेव मण्डल र विष्णुदेव मण्डललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. को कसुरमा सोही १७(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोगपत्र भएकोमा फरार रहेका प्रतिवादी सकुर मंसुरी मियाँ र इब्राहिम मंसुरीका हकमा मुद्दा अदालती बन्दोबस्तको १९० नं. बमोजिम मुलतबीमा राखी दिने र प्रतिवादीमध्ये फुलो मंसुरी मियाँलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धीको महलको १३ (१) ले सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादीहरू सहिद मंसुरी मियाँ, इद्रिस मंसुरी मियाँ र इसराइल मंसुरी मियाँलाई ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम जनही ५ (पाँच वर्ष) कैद सजाय हुने र प्रतिवादीमध्येका रामदेव मण्डल र विष्णुदेव मण्डलले अभियोग दाबीबाट सफाइ पाउने ठहरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६२।३।१४ मा भएको फैसलाउपर प्रतिवादीहरू सहिद मंसुरी मियाँ, इद्रिस मियाँ, इसरायल मंसुरी मियाँ, फुलो मंसुरी मियाँले अभियोग दाबीबाट सफाइ पाउँ भनी र वादी नेपाल सरकारले अभियोग दाबीबमोजिम नै प्रतिवादीहरूलाई सजाय गरिपाउँ भनी पुनरावेदन परेकोमा सप्तरी जिल्ला अदालतबाट मिति २०६२।३।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत पुनरावेदन अदालत राजविराजबाट मिति २०६३।१।१९ मा फैसला भएको देखिन्छ । सुरूमा फरार रहेका प्रतिवादीहरू इब्राहिम मंसुरी मियाँ, सकुरा मंसुरी मियाँ सुरू जिल्ला अदालतमा निवेदनसहित हाजिर भई मुद्दा पुर्पक्ष गरी आएकोमा प्रतिवादी सकुर मंसुरी मियाँलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसम्मको अभियोग दाबी पुग्न सक्दैन । प्रतिवादी सकुर मंसुरी मियाँ र इब्राहिम मंसुरी मियाँ वारदातस्थलमा रही मृतकलाई भाग्न उम्कन नदिई थुनछेक गरेको देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ (२) नं. बमोजिम जनही कैद वर्ष ५ हुने ठहर्छ भन्ने सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६६।१०।१३ मा भएको फैसला भएकोमा सो फैसलाउपर वादी नेपाल सरकारको र प्रतिवादीहरू सकुर मंसुरी मियाँ र इब्राहिम मंसुरी मियाँको पुनरावेदन परेकोमा मिसिल संलग्न रहेका कुनै पनि कागज प्रमाणहरूले यी प्रतिवादीहरूले मृतकलाई मार्न घेरा दिने, बाटो गौंडा छेक्ने, भाग्न उम्कनसमेत नपाउने गरी संयोग पारी दिएको भन्ने कुरा पुष्टि हुनसकेको पाइएन । यसैगरी वादी नेपाल सरकारले सोही वारदातमा संलग्न रहेका रामदेव मण्डल र विष्णुदेव मण्डललाई समेत मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम सजाय गरिपाउँ भनी अभियोग दाबी लिएकोमा सुरू सप्तरी जिल्ला अदालतबाट यी प्रतिवादीहरू रामदेव मण्डल र विष्णुदेव मण्डलले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी मिति २०६२।३।१४ मा गरेको फैसला पुनरावेदन अदालतबाट सदर हुने ठहरी मिति २०६३।१।१९ मा फैसला भएकोमा सफाइ पाउने यी प्रतिवादीहरूले घेरा हाली मृतक संजयकुमार मण्डललाई भाग्न उम्कन नदिएको भन्ने अभियोग प्रमाणद्वारा पुष्टि हुनसकेको नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रतिवादीहरूको पुनरावेदन जिकिरअनुसार अभियोगबाट सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।९।२९ मा भएको फैसला र सुरू जिल्ला अदालतबाट मिति २०६२।३।१४ मा भएको फैसला सदर हुने ठहरी भएको फैसलासमेत उपर प्रतिवादीहरू सकुर मन्सुरी मियाँ, इब्राहिम मियाँ, सहिद मन्सुरी मियाँ, इद्रिस मन्सुरी मियाँ, रामदेव मण्डल र विष्णुदेव मण्डलउपर

वादी नेपाल सरकारको पुनरावेदन परी पेस भएको पाइयो।

३. प्रतिवादीमध्येका फुलो मंसुरी मियाँलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुन ठहरी भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत राजाविराजको फैसला यस अदालतबाट मिति २०६८।३।१७ मा साधक सदर हुने ठहरी फैसला भई अन्तिम भएकोले सो सम्बन्धमा बोली रहनु परेन।

४. अब अन्य प्रतिवादीहरू सकुर मंसुरी मियाँ, इब्राहिम मंसुरी मियाँ, सहिद मंसुरी मिया, इद्रिस मंसुरी मियाँ, रामदेव मण्डल र विष्णुदेव मण्डलको हकमा हेर्दा, सर्वप्रथम सकुर मंसुरी मियाँ र इब्राहिम मंसुरी मियाँको हकमा विचार गर्दा निज प्रतिवादीहरूले मृतक संजयकुमार मण्डललाई मार्नको लागि हात समाती मार्नलाई संयोग पारी दिएकोले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. को कसुरमा सोही १३(४) बमोजिम सजाय हुन माग दाबी लिएकोमा निज प्रतिवादीहरू सकुर मंसुरी मिया र इब्राहिम मंसुरी मिया आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरेको देखिन्छ। निजहरूले मृतक संजयकुमार मण्डललाई मार्न हात समाती दिएको भनी जाहेरी दरखास्तमा उल्लेख गरेको देखिँदैन। निज जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा हात समाउने कार्य इद्रिस मियाले गरेको र अरूले नै चोट छाडेको भनी बकपत्र लेखाएको देखिन्छ। आफूले जाहेरी दरखास्तमा नलेखाएको कुरालाई अदालतमा बेहोरा फरक पारी बकपत्र गरेबाट निजको बकपत्रले उक्त वारदातमा यी प्रतिवादीको के कस्तो भूमिका थियो भनी खुलाउन र प्रमाणित गर्न सकेको पनि देखिँदैन। जाहेरी दरखास्तमा उल्लिखित बेहोरालाई जाहेरवालाले पुष्टिसम्म गर्ने हो जाहेरी दरखास्तमा उल्लेख भएको बेहोरा फरक पारी गरेकोलाई यी प्रतिवादीहरूको हकमा स्वतन्त्र र विश्वसनीय मान्न मिल्ने देखिँदैन। जाहेरी दरखास्तमा नै उल्लेख नभएको कुरा पछि बकपत्र गर्दा सच्याएकोलाई प्रमाणमा लिन मिल्ने देखिँदैन। यी प्रतिवादी वारदातस्थलमा रही कसुर गरेको भनी मौकामा कागज गर्दा लेखाए पनि मौकामा कागज गर्ने व्यक्तिहरूले अदालतमा बकपत्र गर्दा खुलाउन सकेको पनि देखिँदैन। यस्तो स्थितिमा यी प्रतिवादीहरूले मृतकलाई मार्न घेरा हाली छेकी भाग्न उम्कन नपाउने गरी संयोग पारी दिएको भन्ने कुरा वस्तुनिष्ट प्रमाणबाट पुष्टि हुन नसकेकोले निजहरूको हकमा ज्यानसम्बन्धीको महलको १३(४) नं. को अभियोग दाबी पुग्न सक्दैन। यी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावदेन अदालतको फैसला निजहरूको हकमा मिलेकै देखिन आयो।

५. सहिद मंसुरी मियाँ र इद्रिस मंसुरी मियाँको हकमा विचार गर्दा वादी नेपाल सरकारले निजहरू विरूद्ध ज्यानसम्बन्धीको महलको १३(४) नं. को कसुरमा सोही नं. बमोजिम सजाय हुन मागदाबी लिएको देखिन्छ। उक्त मागदाबीमा सहिद मंसुरी मियाँले मृतक संजयकुमार मण्डललाई मार भनी वचन दिएको र इद्रिस मंसुर मियाँले मृतकको हात समाई मार्न संयोग पारीदिएको भन्ने अभियोग दाबी देखिन्छ। जाहेरवाला राजदेव मण्डलले मिति २०५९।९।२६ मा घाउ जाँच गराई पाउँ भनी दिएको दरखास्तमा इद्रिस मंसुर मियाँले चोट छाडेको भनी लेखाएको र निजले हात समाती मार्न संयोग पारिदिएको भनी कहीँकतै उल्लेख गरेको देखिँदैन। निज जाहेरवालाले अदालतमा इद्रिस मंसुरी मियाँले हात समाई मार्न संयोग पारिदिएको भनी बकपत्र गरेको देखिन्छ। निजले जाहेरी दरखास्त दिँदा उक्त कार्य गरेको भनी लेखाउन नसकेबाट अदालतमा आई बकपत्र गर्दा बेहोरा नै फरक पारी जाहेरी दरखास्तमा नै नपरेको बेहोरा लेखाई बकपत्र गरेको देखिन्छ। अदालतमा बकपत्र गर्दा तथ्य फरक पारी जाहेरी दरखास्तमा उल्लेख नगरेको कुरा थप गरी बकपत्र

गरेकै आधारमा दोषी ठहर गर्न मिल्ने देखिँदैन। राजदेव मण्डलले दिएको जाहेरी दरखास्तमा यी प्रतिवादीहरू हातमा लाठी लिई वारदातस्थलमा उपस्थित भएको भन्ने तथ्य देखिएबाट यी प्रतिवादीहरू सहिद मंसुरी मियाँ र इद्रिस मंसुरी मियाँ वारदातस्थलमा उपस्थित रहेको र मृतकलाई भाग्न उम्कन नदिई छेकथुन गरेकोले निजहरूलाई सुरू जिल्ला अदालतबाट ज्यानसम्बन्धीको महलको १७(२) नं. अनुसार ५ वर्ष कैद हुने ठहर गरी भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६३।१।१९ मा भएको फैसला निजहरूको हकमा मिलेकै देखिन आयो।

६. अर्का प्रतिवादीहरू रामदेव मण्डल र विष्णुदेव मण्डलको हकमा विचार गर्दा, निजहरू विरूद्ध ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी लिएको देखिन्छ । निजहरू आरोपित कसुरमा इन्कार रही बयान गरेको र उक्त बयानलाई निजहरूका साक्षी सत्रुघन राय र रतन रायले बकपत्र गर्दा समर्थन गरी निजहरू उक्त वारदातस्थलमा नभई अन्यत्र भएको भनी लेखाएको देखिन्छ । सहप्रतिवादी फुलो मंसुरी मियाँले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफू र आफ्नो परिवार मात्र वारदातस्थलमा उपस्थित भएको भनी बयान गरेको र यी जाहेरवालाले बकपत्र गर्दासमेत यी प्रतिवादीहरूले के कस्तो भूमिका निर्वाह गरे भनी खुलाउन सकेको देखिँदैन। यी जाहेरवाला र अन्य प्रतिवादीहरूका बीच खेत पटाउने विवादमा सो वारदात घट्न गएको भन्ने देखिन्छ । सो वारदातमा निजहरूको कुनै संलग्नता रहेको वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट गुजार्न सकेको देखिँदैन। सो अवस्थामा अनुमानको भरमा कसैलाई कर्तव्य ज्यान जस्तो मुद्दामा कसुरदार ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तअनुकूल देखिँदैन । तसर्थ निज प्रतिवादीहरू रामदेव मण्डल र विष्णुदेव मण्डललाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६३।१।१९ मा भएको फैसला मिलेकै देखिन आयो।

७. मौकामा कागज गर्ने व्यक्तिहरूले व्यक्त गरेको कुरा अदालतमा आई समर्थन गरी बकपत्र गरेकोमा केही प्रतिवादीका हकमा प्रमाणमा लिने र केही प्रतिवादीका हकमा प्रमाणमा नलिने गरी दोहोरो मापदण्ड अपनाएको भन्ने पुनरावेदन जिकिर रहेको देखिन्छ । मौकामा कागज गरी अदालतमा बकपत्र गर्ने व्यक्तिहरूको भनाइ निजहरूले पोल गरेको सबै व्यक्तिहरूका हकमा यान्त्रिक तबरले प्रमाणमा ग्रहण गर्न मिल्ने हुँदैन। कागज गर्ने व्यक्तिको वारदातस्थलमा रहेको उपस्थिति, वारदातको प्रकृति, वारदातमा प्रयोग भएको साधन, हातहतियार, पीडितलाई परेको घाउचोटको अवस्थासमेत विचारणीय हुन आउँछ। प्रस्तुत वारदातमा मृतक संजयकुमार मण्डलको टाउकोमा धारिलो हतियारले काटेको एउटा घाउबाहेक शरीरको अन्य भागमा कुनै चोटपटक निलडाम नदेखिएको भन्ने लास प्रकृति मुचुल्काबाट देखिएको छ । मृतकलाई एक जनाबाहेक अन्य व्यक्तिले चोट छाडेको देखिँदैन । प्रस्तुत वारदातमा मृतक र प्रतिवादीतर्फका समूहका बीच कुटपिट भएको तथ्य प्रतिवादीहरूको शरीरमा लागेको घा खतको केस फारामबाट पुष्टि भएको छ। एक समूहका व्यक्तिले अर्को समूहका वारदातमा संलग्न नै नभएका व्यक्तिहरूलाई पनि झुट्टा पोल गर्ने सम्भावना रहने हुनाले केवल पोल गरेको भनाइकै आधारमा मात्र न्याय निरूपण गर्दा निर्दोष व्यक्ति पनि सजाय भागी हुनसक्ने सम्भावना रहने हुनाले वारदातको प्रकृति, पीडितको अवस्था, बकपत्र गर्ने व्यक्तिको पीडित र प्रतिवादीसँग भएको सम्बन्धसमेतलाई विश्लेषण गरी त्यस्तो अनुसन्धानमा बुझिएका व्यक्तिहरूले गरेको कागज तथा बकपत्रलाई ग्रहण गर्नुपर्ने हुन्छ । सबै प्रतिवादीहरूका हकमा

समानरूपमा प्रमाण ग्रहण गर्नुपर्ने भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिन्न।

८. तसर्थ प्रतिवादीहरू सहिद मंसुरी मिया र इद्रिस मंसुरी मियाँलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(२) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू सकुर मंसुरी मियाँ, इब्राहिम मंसुरी मियाँ, रामदेव मण्डल र विष्णुदेव मण्डललाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६३।१।१९ र मिति २०७०।९।२९ मा भएका फैसलाहरू मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत : जगतबहादुर पौडेल
इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम्।

निर्णय नं. ९९७८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री मीरा खड्का
फैसला मिति : २०७४।२।३१
०६७-CR-०६०३

मुद्दाः कर्तव्य ज्यान र रहजनी चोरी

पुनरावेदक / प्रतिवादी : गगनसिंह भाटको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : बारा जिल्ला, रतनपुरी गा.वि.स.वडा नं.७ घर भई कारागार कार्यालय महोत्तरी जलेश्वरमा थुनामा रहेको प्रहार ढुङ्गाना

- **प्रतिवादीले अदालतमा बयान गर्दा आरोप स्वीकार गरेको अवस्थामा पनि निजको साबिती अन्य प्रमाणबाट पुष्टि हुनुपर्ने भन्ने सिद्धान्तलाई स्वीकार गरिसकेको हाम्रो फौजदारी न्याय प्रणालीले पुनरावेदकले जिकिर गरेजस्तो अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती बयानलाई अन्य स्वतन्त्र प्रमाणले समर्थन नगरेको अवस्थामा वा अन्य स्वतन्त्र प्रमाणले प्रतिवादीउपरको आरोप पुष्टि नगरेको अवस्थामा प्रतिवादीका विरूद्धमा निरपेक्ष रूपमा प्रमाणमा ग्राह्य मान्न मिल्ने नदेखिने।**

(प्रकरण नं.२)

- **अदालतले पक्षहरू आफ्नो दाबी वा जिकिरसाथ पेस गरेका प्रमाणहरूको**

परीक्षण गर्ने हुँदा यस्तो मौकामा कागज गर्ने व्यक्तिले अदालतमा बकपत्र गर्दा आफ्नो मौकाको भनाइलाई पुष्टि गर्न सक्दछ तर थप नयाँ भनाइ राख्न पाउँदैन र यदि नयाँ कुरा भनेमा सो हदसम्म प्रमाणमा ग्राह्य नहुने ।

(प्रकरण नं.४)

- **कानूनले निषेध गरेको आपराधिक कार्य, कार्य गरेको अवस्थामा कानूनले निर्धारित गरेको तहको मनसायको संयोजन र सो कार्य गर्दा प्रतिवादीलाई कुनै छुट वा प्रतिरक्षा उपलब्ध थिएन भनी प्रमाणित गर्ने भार विधायिकी कानूनले अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक निरपेक्ष रूपमा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षमा रहने ।**
- **वादी पक्षले आफ्नो अभियोग प्रमाणित गरेको अवस्थामा सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको हदसम्म मात्र प्रमाण पुऱ्याउने भार निजमाथि रहने हो, प्रतिवादीको फुर्सद वा छुटको दाबीले वादी पक्षको विधायिकाले तोकेको दायित्वमा कमी आउने होइन । यसबाट प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान निजले पुष्टि गर्न नसकेको भन्ने आधारमा मात्र वादीले अन्य प्रमाणबाट अभियोग प्रमाणित गर्न नसकेको अवस्थामा दाबी ठहर गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.५)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री कुलप्रसाद पाण्डे

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री रामकृष्ण काफ्ले

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

सुरू तहमा फैसला गर्ने:-

माननीय न्यायाधीश श्री विनोदमोहन आचार्य
बारा जिल्ला अदालत ।

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री मोहनरमण भट्टराई
माननीय न्यायाधीश श्री विदुरविक्रम थापा
पुनरावेदन अदालत हेटौंडा ।

फैसला

न्या.सारदाप्रसाद घिमिरे : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार छः-

मिति २०६३/०४/२१ गते पोखराबाट वीरगञ्जतर्फ गइरहेको ना.२ ख २६६४ नं. को ट्रकमा २ जना अपरिचित व्यक्ति अमलेखगञ्ज स्थित ३ नं. पुलबाट पथलैया जाने भनी चढेका र राति अं.२१:३० बजे ट्रक चालकसमेतलाई खुकुरी र कटुवा पेस्तोल देखाई ट्रक रोकी चालक तेजबहादुर विष्ट, ट्रकमा रहेका सुरेन्द्र ऐर र वीरसिंह भाटलाई जङ्गलतर्फ लगी नगदसमेत लुटेका र वीरसिंह भाट घटनापश्चात् सम्पर्कमा नआएको, खोजतलास जारी रहेको भन्ने मिति २०६३/०४/२२ को प्रहरी सञ्चार ।

अमलेखगञ्ज गा.वि.स. वडा नं.३ स्थित हेटौंडा-पथलैया राजमार्गदेखि डेढ किलोमिटर टाढा पर्सा वन्यजन्तु आरक्षको जङ्गलमा रहेको लासको नजिकै प्लाष्टिकको निलो चप्पल रहेको, लास भएको ठाउँमा रगत बगेको, खुट्टाको पीडौंला, घाँटी, गर्धन,

पछाडि टाउकोसमेतमा धारिलो हतियारबाट काटिएको सडे गलेको अवस्थामा लास रहेको भन्नेसमेतको घटनास्थल लास प्रकृति मुचुल्का।

मेरो ना.२ख २६६४ नं.को ट्रकमा चढी आएका २ जना व्यक्तिले अपहरण गरी लगेका बैतडी जिल्ला गुरूखोला वडा नं.७ बस्ने वीरसिंह भाटको लास हो भन्नेसमेत बेहोराको तेजबहादुर विष्टको सनाखत कागज।

मिति २०६३/०४/२१ का दिन हामी काठमाडौंबाट वीरगञ्जका लागि सामान लिन आउँदा मैले चलाई ल्याएको ना.२ख २६६४ नं.को ट्रकमा चढी आएका वीरसिंह भाट र सुरेन्द्र ऐरसमेत बारा जिल्ला, अमलेखगञ्ज वडा नं.८ स्थिति ३ नं. पुलमा चिया खाई अगाडि बढ्न लाग्दा २ जना केटा हाम्रो ट्रकमा चढी अमलेखगञ्ज वडा नं.४ स्थित राजमार्गमा पुगेपछि ती व्यक्तिले खुकुरी खुँडा देखाई हाम्रा साथमा रहेको नगद रू.१०,०००।- तथा कागजपत्रसमेत लुटी हामीसँग आएका वीरसिंह भाटलाई अपहरण गरी जङ्गलमा लगी कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेतको तेजबहादुर विष्टको जाहेरी।

मिति २०६३/०४/२१ का दिन बारा जिल्ला, अमलेखगञ्ज गा.वि.स.वडा नं.८ स्थित ३ नं. पुलबाट ना.२ख २६६४ नं.को ट्रकमा चढी आई सोही ट्रकमा बसी आएका वीरसिंह भाटलाई अपहरण गरी कर्तव्य गरी मार्नेमा प्रहार ढुङ्गाना र एक जना मङ्गोलियन जातिका केटा संलग्न रहेको भन्ने बेहोराको प्रहरीको प्रतिवेदन।

ना.२ख २६६४ नं.को ट्रकमा चढी आएका म तथा मेरो छोरा वीरसिंह भाट तथा ट्रकमा खलासी सुरेन्द्र ऐरलाई ३ नं. पुलबाट चढी आएका २ जना अपरिचित व्यक्तिले खुकुरी खुँडा देखाई ट्रक रोकी हामीलाई ओराली धडपकडसमेत गर्न लाग्दा म तथा सुरेन्द्र भाग्न सफल भएका र मेरो छोरालाई जङ्गलमा लगी कर्तव्य गरी मारी फालेको अवस्थामा ऐ. २८ गते लास फेला परेको भन्ने ट्रक चालक तेजबहादुर विष्टलाई थाहा हुन आएकाले जाहेरी दिएको छु। सो घटना सम्बन्धमा अनुसन्धान तहकिकात गरी अपराधी पत्ता लगाई लुटी लगेको रू.३७,८९०।- दिलाई कानूनबमोजिम सजाय गरिपाउँ भन्नेसमेतको गगनसिंह भाटको जाहेरी।

मिति २०६३/०४/२१ गते बेलुका अमलेखगञ्ज वडा नं.८ स्थित ३ नं. पुलको होटलमा नास्ता खाँदा मृतक वीरसिंह भाटसमेतसँग विवाद भएकाले निजसँग बदला लिने उद्देश्यले म र युद्ध राईसमेत निजहरू चढेकै ट्रकमा चढी आई आधाभार जङ्गलमा आइपुगेपछि निज वीरसिंह भाटलाई ट्रकबाट निकाली मसँग रहेको तरबारले घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेका हौं, सो तरबार मैले हेटौंडा लाम होटलमा लुकाई राखेको छु भन्नेसमेत बेहोराको प्रहार ढुङ्गानाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

बुद्धिबहादुर गोले लामाको होटलको माथिल्लो तल्लामा भन्याङ्गको कुनामा लुकाई राखेको अवस्थामा निज प्रहार ढुङ्गानाले देखाएबमोजिमको फलामको तरबार बरामद गरी दाखेला गरेको भन्नेसमेत बेहोराको बरामदी मुचुल्का।

मिति २०६३/०४/२१ गते बेलुका आधाभार जङ्गलमा तरबार देखाई पैसा लुटी वीरसिंह भाटलाई अपहरण गरी कर्तव्य गरी मार्नेमा संलग्न एकजना यिनै हुन् र देखाएको तरबार पनि यही हो भनी प्रहार ढुङ्गानालाई चिनी तेजबहादुर विष्टले गरेको सनाखत कागज।

मिति २०६३/०४/२१ गते बेलुका प्रहार ढुङ्गाना र ट्रकका स्टाफहरू बीच सामान्य विवाद भएको थियो। पछि सबै त्यही ट्रकमा चढी गएकामध्येका २ जना मानिसले वीरसिंह भाटलाई अपहरण गरी कर्तव्य गरी मारी लास २८ गते फेला परेको सुनी थाहा पाएँ। हाल निज प्रहार ढुङ्गानाले सोहीबमोजिम बयान दिएकाले निज प्रहार ढुङ्गानाले नै कर्तव्य गरी वीरसिंह

भाटलाई मारेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेतको रेशमबहादुरको कागज।

मिति २०६३/०४/२१ गते बेलुका ३ नं. पुल अमलेखगञ्जबाट ना.२ख २६६४ नं.को ट्रकमा चढी पथलैयातर्फ गएका प्रहार ढुङ्गाना तथा निजको साथीसमेतले वीरसिंह भाटलाई अपहरण गरी जङ्गलमा लगी कर्तव्य गरी वीरसिंह भाटलाई मारेको भनी पक्राउ परेका निज प्रहार ढुङ्गानाले बयान दिएको हुँदा निजसमेतले यस्तो घटना घटाएकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेतको वस्तुस्थिति मुचुल्का।

मृतक वीरसिंह भाटलाई आफूसमेत भई कर्तव्य गरी मारेको भन्नेमा स्वीकार गरी बयान दिएका, निजको बयानअनुसार तरबार फेला परेको, निज प्रहार ढुङ्गानाले नै सो वारदात घटाएको भन्ने बुझिएका मानिसहरूको भनाइ कागजातबाट पुष्टि भएकोले निज प्रतिवादीहरू मध्येका प्रहार ढुङ्गानाले ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. बमोजिमको कसुर अपराध गरेको हुँदा ऐ.महलको १३(१) नं. बमोजिम र अर्का प्रतिवादी उद्धव भन्ने युद्ध राईले मृतकलाई मार्न जीउमा समाती पक्रिई ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(४) नं. अनुसार कसुर अपराध गरेकाले निजलाई सोही १३(४) नं. बमोजिम तथा रू.३७,७६०।- बराबरको धनमाल लुटपिट गरेतर्फ चोरीको १४(३) नं. बमोजिम सजाय हुन र लुटिएको उक्त बिगोसमेत सोही चोरीको १० र २१ नं. बमोजिम जाहेरवाला गगन सिंह भाटलाई दिलाई भराई पाउँ भन्ने अभियोग पत्र।

मिति २०६३/०४/२१ गते म काठमाडौं गोंगबु बसपार्कस्थित सीतारामको कपडा पसलमा बसी सेल्समेनको काम गरिरहेको थिएँ। असोज महिनाको ६/७ दिनअघि मात्र म आफ्नो घर रतनपुरीमा आएको अवस्थामा गाउँमा लाग्ने गरेको गोरु बजारमा माओवादीले चन्दा उठाएको विरोध गरेको थिएँ। असोज ९ गते सोही चन्दाको विषयमा निजहरूले मलाई हातपात गरेपछि भोलिपल्टै म डरले डुमरवाना रजघट्टामा भएको घरमा आएपछि माओवादीकै रामशरण भट्टले मलाई चिया खान बोलाई गाउँ विकास समितिको कार्यालयमा ८ घण्टा थुनी राखेपछि प्रहरी आई मलाई ईलाका प्रहरी कार्यालय सिमरामा लगी ३ जना प्रहरीले रक्सी खाई आई प्लाष्टिकको पाइपले कुटपिट गरी नङमा किला गाडी धम्की दिएबाट मैले नगरेको कसुरसमेत गरेँ भन्नुपर्‍यो। मैले चालक खलासीलाई चिनेको छैन। युद्ध राई भन्ने पनि को हुन् चिनेको छैन। अभियोगअनुसारको कर्तव्य मैले गरेको होइन। घटनास्थलबारे मलाई थाहा नभएकोले के कसो हो भन्न सक्दिनँ। मेराउपरको प्रतिवेदन झुट्ठा हो। जाहेरीमा मैले अपराध गरेको भनी उल्लेख नगरेको हुँदा जाहेरीबारे मेरो केही भन्नु छैन। अधिकारप्राप्त अधिकारीसमक्ष मैले स्वेच्छाले बयान दिएको होइन। कुटपिट गरी बयानमा सही गराएका हुन्। बरामदी तथा खानतलासी मुचुल्काबमोजिम हतियार फेला परेको भन्नेसमेत झुट्ठा हो। देखाइएको तरबार मेरो होइन। बरामद भएको भनिएको ठाउँमा मलाई लगिएको पनि होइन। मसमेत भई घटना घटे घटाएको भन्नेसमेत बेहोराको प्रहरीमा कागज गर्ने तेजबहादुर विष्टसमेतका मानिसहरूको भनाइ झुट्ठा हो। मेरो रोहबरमा सो कागजहरू भएकोसमेत होइन। वस्तुस्थिति मुचुल्का बेहोरासमेतको बुद्धिबहादुर गोलेबाट निजको लजमा म बसेको भन्नेसमेतको सो कागज बेहोरा झुट्ठा हो। म निर्दोष हुँदा सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी प्रहार ढुङ्गानाको सुरू अदालतसमक्षको बयान।

प्रतिवादी युद्ध राईका नाममा सुरू अदालतबाट जारी भई मिति २०६३/११/२० मा तामेल भई फरार रहेबाट आदेशबमोजिम मिति २०६५/१०/२७ गते अंश रोक्का मुचुल्का भई मिसिल सामेल रहेको।

वारदात मितिका दिन प्रहार ढुङ्गाना काठमाडौंमा रहेको, दशैंभन्दा ५/७ दिन अगाडि स्थानीय माओवादी कार्यकर्ता र निजबीच भएको

विवादका कारण राजनीतिक प्रतिशोध राखी प्रस्तुत मुद्दामा निजलाई फसाएका हुन् । निजबाट अभियोग दाबीबमोजिमको कार्य नभएकोले अभियोगबमोजिम निजलाई सजाय हुने होइन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी नारायण अधिकारीले गरेको बकपत्र ।

प्रतिवादीमध्येका उद्धव भन्ने युद्ध राई फरार नै रहेको देखिँदा निजका हकमा मुलुकी ऐन, अ.बं.१९० नं. बमोजिम मुल्तबीमा राखिदिने ठहर्छ। मिसिल संलग्न प्रमाण कागजातहरूका आधारमा मृतक वीरसिंह भाटलाई मिति २०६३/०४/२१ गते राति यी प्रतिवादी प्रहार ढुङ्गानासमेतले धारिलो हतियार प्रयोग गरी कर्तव्य गरी मारेको तथ्य प्रमाणित हुन आएको, उक्त कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. अन्तर्गतको हुँदा यी प्रतिवादी प्रहार ढुङ्गानालाई अभियोग दाबीबमोजिम सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्छ । ज्यानबाहेकको चोरी गरी लगेको भनी चोरीको महलको १४(३) नं. बमोजिमको अभियोग दाबी भने ठोस प्रमाणको अभावमा नपुग्ने ठहर्छ भन्ने बेहोराको सुरू बारा जिल्ला अदालतको मिति २०६६/०३/०३ को फैसला ।

रहजनी चोरीतर्फको अभियोग दाबी नपुग्ने ठहर गरेतर्फ चित्त बुझी ज्यानतर्फ मलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद गरेतर्फ सुरू फैसलामा चित्त बुझेन । अभियोग दाबी पुष्टि गर्ने भनिएको कागजले केबल शंकाको भरमा मैले वीरसिंह भाटलाई कर्तव्य गरी मारेको भनिएको छ । घटनाको चश्मदिद गवाह र ठोस सबुत प्रमाण नै प्रस्तुत गरिएको छैन । केबल शंकाको भरमा अभियोग लगाई सोही आधारमा सजाय गरिएको छ । वादी पक्षले मेरो विरूद्धमा प्रस्तुत गरेका प्रतिवेदनका प्रतिवेदक जाहेरवाला मौकामा कागज गर्ने व्यक्ति, सनाखत गर्ने व्यक्ति हेटौंडाका लामा होटलका मालिकसमेतलाई वादी पक्षले उपस्थित गराई बकपत्र गराउन सकेको छैन । प्रहरीले कुटपिट गरी अपराध स्वीकार गरेको कागजमा सही गराएकै भरमा कसुरदार कायम गर्न मिल्दैन । सुरू फैसलामा न्यायिक मनको अभाव रहेको छ । तसर्थ, मलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको हदसम्म सुरू बारा जिल्ला अदालतको मिति २०६६/०३/०३ को फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी प्रहार ढुङ्गानाको पुनरावेदनपत्र ।

प्रतिवादी प्रहार ढुङ्गानालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय भएकै देखिँदा ज्यानसम्बन्धी कसुरका सम्बन्धमा केही उल्लेख गर्नु परेन । प्रस्तुत वारदात मिति २०६३/०४/२१ मा भएको र यी प्रतिवादी मिति २०६६/०६/२१ मा पक्राउ परेको देखिन्छ । यसरी लामो समयपश्चात् पक्राउ पर्ने प्रतिवादीबाट दशी बरामद नहुनु स्वाभाविक हो । मृतक वीरसिंह भाटबाट पैसा लुट्ने प्रयोजनको लागि जङ्गलमा लगेको र सवारी चालक र खलासीबाट रकम लुटी लिएको र निजहरू भागी गएको अवस्थामा प्रस्तुत वारदात रकम लुट्ने कार्य गर्दा मृतकलाई मारेकोमा प्रतिवादीलाई कसुर ठहर गर्ने तर प्रतिवादीहरूले रकम चोरी गरेतर्फ दाबी नपुग्ने भनी गरिएको फैसला विरोधाभाषपूर्ण देखिँदा प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम रहजनी चोरीतर्फ समेत सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र ।

प्रतिवादी कसुरमा इन्कार रही अदालतमा बयान गरेको, प्रतिवादीले अनुसन्धानको क्रममा गरेको बयानमा उल्लिखित बेहोरा र मौकामा उपस्थित रहेका चालक तेजबहादुर विष्टले गरेको कागजको बेहोरा फरक-फरक रहेको तथा वादी पक्षले आफ्नो साक्षीहरू अदालतमा उपस्थित गराउन नसकेको अवस्थामा प्रतिवादी प्रहार ढुङ्गानालाई वादी दाबीबमोजिम ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सजाय गर्ने

गरेको सुरूको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्नसक्ने देखिएको र ज्यानतर्फको कसुर कायम गरेर पनि चोरीतर्फ दाबी नपुग्ने ठहऱ्याएको सुरूको फैसला मिलेन भनी वादी पक्षको समेत पुनरावेदन परेकोले दुवै पक्षको पुनरावेदनपत्रको छायाँप्रति एकअर्कालाई दिई पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६६/११/१८ को आदेश।

प्रतिवादीलाई कसुरदार ठहऱ्याएको हदसम्म सुरू बारा जिल्ला अदालतको मिति २०६६/०३/०३ को फैसला मिलेको नदेखिएकाले सोही हदसम्म उक्त फैसला केही उल्टी भई प्रतिवादी प्रहार ढुङ्गानाले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने बेहोराको मिति २०६७/०३/१५ मा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला।

अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूबाट वारदातका सम्बन्धमा सिलसिलेवार रूपमा घटनाको यथार्थ विवरण उल्लेख भई आएको अवस्थासमेतबाट उक्त अनुसन्धानबाट निस्किएको स्वाभाविक यथार्थ परिणामलाई नजरअन्दाज गरी केवल अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरू विविध कारणले गर्दा अदालतमा उपस्थित गराउनसम्म नसकिएको अवस्थालाई प्रतिवादीलाई सफाइ दिने मूल आधार बनाई भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७/३/१५ को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भनी यस अदालतमा पर्न आएको नेपाल सरकारको पुनरावेदनपत्र।

यसमा प्रतिवादीले सिलसिलाबद्ध रूपमा सम्बन्धित सबै कुरा खुलाई अभियोगदाबी स्वीकार गरी मौकामा गरेको बयान तथा निजको बयानअनुसार तरबार बरामद भएकोसमेतको प्रमाणको रोहमा सुरू बारा जिल्ला अदालतको फैसला उल्टी गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला फरक पर्ने हुँदा अ.बं. २०२ नं. बमोजिम विपक्षी झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७२/०४/१८ को यस अदालतको आदेश।

नियमबमोजिम साप्ताहिक एवं दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी पुनरावेदक वादीको तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री कुलप्रसाद पाण्डेले प्रतिवादी वारदात भएकोमा साबित छन्। वारदातमा प्रयोग भएको तरबार सोही स्थानबाटै बरामद भएको छ जुनकुरा यी प्रतिवादीले भनेबमोजिम नै छ। यदि अन्य प्रमाणले पुष्टि हुन्छ भने वादी उपस्थित गराउन नसक्दैमा प्रमाण नपुगेको मान्न सकिँदैन। तसर्थ अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूबाट वारदातका सम्बन्धमा सिलसिलेवार रूपमा घटनाको यथार्थ विवरण उल्लेख भई आएको अवस्थासमेतबाट उक्त अनुसन्धानबाट निस्किएको स्वाभाविक यथार्थ परिणामलाई नजरअन्दाज गरी केवल अनुसन्धानका क्रममा बुझिएका व्यक्तिहरू विविध कारणले गर्दा अदालतमा उपस्थित गराउनसम्म नसकिएको अवस्थालाई मूल आधार बनाई भएको पुनरावेदन अदालत हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर हुनुपर्छ भनी र प्रत्यर्थी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामकृष्ण काफ्लेले मौकाको कागजबाट वारदात पुष्टि हुँदैन। जाहेरीमा दिएको हुलियाअनुसार यी प्रतिवादीसँग केही पनि मिल्दैन। परिस्थितिजन्य प्रमाण पनि पुष्टिजन्य हुनुपर्छ। यसमा भएको अनुसन्धान वस्तुगत, प्रमाणमुखी र स्वतन्त्र छैन, बयानमुखी र विषयगत छ। यस अवस्थामा मिसिल संलग्न कागज प्रमाण, फौजदारी न्यायका मान्य सिद्धान्त, सम्मानित सर्वोच्च अदालतबाट स्थापित नजिर र प्रचलित कानूनसमेतलाई मध्यनजर गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला सदर कायम होस् भनी गर्नुभएको बहससमेत सुनियो।

प्रस्तुत मुद्दामा यी प्रत्यर्थी / प्रतिवादी प्रहार ढुङ्गानाउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको

१ नं. र १३(१) नं. बमोजिमको कसुरमा सोही महलको १३(१) नं. बमोजिम र मुलुकी ऐन चोरीको महलको १ नं. र ५ नं. बमोजिमको कसुरमा सोही महलको १४ नं. को देहाय ३ बमोजिम सजाय हुन माग दाबी लिई अभियोगपत्र दायर भएको देखिन्छ । यी प्रत्यर्थी / प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. बमोजिमको कसुरमा सोही महलको १३(१) नं. बमोजिम जन्मकैद हुने र चोरीतर्फ दाबी नपुग्ने ठहऱ्याई सुरू बारा जिल्ला अदालतले फैसला गरेउपर चोरीमा समेत प्रतिवादीलाई सजाय हुनुपर्ने भन्नेसमेत वादी नेपाल सरकारको र सफाइ पाउनुपर्ने भन्नेसमेत प्रतिवादी प्रहार ढुङ्गानाको पुनरावेदन परेकोमा पुनरावेदन अदालत हेटौंडाबाट फैसला हुँदा प्रतिवादीलाई कसुरदार ठहऱ्याएको हदसम्म सुरू फैसला उल्टी गरी प्रतिवादीले सफाइ पाउने ठहऱ्याएउपर वादी नेपाल सरकारको पुनरावेदन परेको देखिन आयो ।

पुनरावेदक / वादी नेपाल सरकारले आफ्नो पुनरावेदनपत्रमा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदातको सम्बन्धमा सिलसिलेवाररूपमा उल्लेख गर्दै आफूसमेतले मृतकलाई तरबारले प्रहार गरी मारेको, नगद धनमालसमेत लुटेको तथ्यमा साबित भएको, मौकामा बुझिएका व्यक्तिहरूको कागज, बरामदी मुचुल्काबाट प्रतिवादीले कसुर गरेको पुष्टि भइरहेको, प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान निजले पुष्टि गर्न नसकेको र अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरू विविध कारणले अदालतमा उपस्थितसम्म गराउन नसकिएको अवस्थालाई सफाइको मूल आधार बनाइएको भन्ने आधारमा पुनरावेदन अदालत हेटौंडाको फैसला बदर गरी प्रतिवादीलाई अभियोग पत्रबमोजिम सजाय हुन जिकिर लिएको पाइयो ।

प्रस्तुत मुद्दामा मिसिल संलग्न कागज प्रमाण र पुनरावेदन जिकिरसमेत अध्ययन गरी पुनरावेदक / वादी तथा प्रत्यर्थी / प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिर सुनी विचार गर्दा निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

१. फौजदारी मुद्दामा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानको प्रमाणिक मूल्य के कस्तो हुने हो अथवा त्यस्तो साबिती प्रतिवादीका विरूद्धमा निरपेक्षरूपमा प्रमाणमा ग्राह्य हुने हो, होइन?
२. अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूलाई वादी पक्षले अदालतमा उपस्थित गराउन नसकेको अवस्थामा त्यस्ता अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको भनाइ प्रमाणमा ग्राह्य हुने हो, होइन?
३. प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान निजले पुष्टि गर्न नसकेको आधारमा अभियोग दाबी ठहर गर्न मिल्ने हो, होइन?
४. प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले गरेको फैसला मिलेको छ, छैन? र पुनरावेदन जिकिर पुग्नसक्ने हो, होइन?

२. प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारले प्रतिवादीले अधिकारसमक्ष बयान गर्दा वारदातको सम्बन्धमा सिलसिलेवार रूपमा उल्लेख गर्दै आफूसमेतले मृतकलाई तरबारले प्रहार गरी मारेको, नगद धनमालसमेत लुटेको तथ्यमा साबित भएको भनी जिकिर लिएको हुँदा फौजदारी मुद्दामा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानको प्रमाणिक मूल्य के कस्तो हुने हो अथवा त्यस्तो साबिती बयान प्रतिवादीका विरूद्धमा निरपेक्षरूपमा प्रमाणमा ग्राह्य हुने हो, होइन? भन्ने पहिलो प्रश्नमा विचार गर्नुपर्ने देखिन आयो । प्रस्तुत प्रश्नमा विचार गर्दा, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ९ को उपदफा (१) मा *अनुसूची १ मा उल्लिखित कुनै पनि अपराधको सम्बन्धमा तहकिकात*

गर्ने प्रहरी कर्मचारीले सरकारी वकिलसमक्ष सम्बन्धित अभियुक्तको बयान लिनेछ भन्ने कानूनी व्यवस्था गरिएको छ भने सो दफाको उपदफा (२) मा *अनुसूची १ मा उल्लिखित कुनै अपराधको सम्बन्धमा शंकास्पद देखिएको तथा तत्सम्बन्धमा कुनै महत्त्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब कारण भएको व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रूपमा लेखबद्ध गरी राख्नेछ* भन्ने कानूनी व्यवस्था गरिएको छ । उल्लिखित कानूनी व्यवस्थाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लिखित कुनै पनि अपराधको वारदात घटेको अवस्थामा सो वारदातमा संलग्न रहेको भनी विश्वास गरिएको सशङ्कित व्यक्तिको तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकिलसमक्ष बयान लिन सक्दछ । यसरी लिइएको बयानमा शङ्कित व्यक्तिले उल्लेख गरेको तथ्य वा यस्तो बयानमा शङ्कित व्यक्तिले आरोपित कसुरलाई स्वीकार गरी गरेको बयानलाई अदालतमा बयान गर्दा अस्वीकार गरेको अवस्थामा पनि प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादी उपरको अभियोग दाबी प्रमाणित गर्ने भार वादी पक्षमा नै रहेको हुन्छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ९ बमोजिम शङ्कित व्यक्तिसँग तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकिलसमक्ष लिएको बयान र अभियोग लगाई अदालतमा पेस गरिसकेपछि स्वतन्त्रतापूर्वक प्रतिवादीले गरेको प्रतिउत्तर जिकिरसरहको बयान दुवैलाई जनाउको लागि सम्बन्धित कानूनमा बयान शब्दको प्रयोग गरिएको भए पनि यी दुई बयानमा सारवान् रूपमा नै भिन्नता रहेको हुन्छ । अनुसन्धानको क्रममा भएको शङ्कित व्यक्तिको बयान मुद्दाको तहकिकातको प्रयोजनको लागि कानूनतः तहकिकात गरिने व्यक्तिलाई आफ्नो नियन्त्रणमा राखेर लिएको हुन्छ । अभियोग नै नलगाई लिइएको यस्तो बयानले अनुसन्धानको लागि महत्त्वपूर्ण सूचना तहकिकात गर्ने अधिकारीलाई उपलब्ध गराउन सक्ने भए पनि शङ्कित व्यक्तिलाई आफ्नो सफाइको जिकिर लिनसक्ने अवसर दिन सक्दैन । यसैगरी प्रतिवादीलाई सजाय गर्न माग दाबी लिई मुद्दा लगाउने वादी पक्षले नै आफ्नो नियन्त्रणमा राखेर लिएको प्रतिवादीको बयानमा उल्लिखित कुरालाई निजले अदालतमा बयान गर्दा अस्वीकार गरेको अवस्थामा वादी पक्षले अन्य ठोस र विश्वसनीय प्रमाणहरूबाट शंकारहित तवरले आफ्नो अभियोग दाबीलाई पुष्टि गर्नुपर्दछ । वादीले अन्य प्रमाण पेस गर्न नसकी केबल आफैँले अनुसन्धानको क्रममा नियन्त्रणमा राखी लिएको प्रतिवादीको बयानको आधारमा मात्र प्रतिवादीलाई सजाय गर्न जिकिर गर्नु प्रमाण ऐन, २०३१ को दफा २५ र १८ को कानूनी व्यवस्था तथा स्वतन्त्र प्रमाणबाट अभियोग पुष्टि हुनुपर्ने भन्ने फौजदारी न्यायको सामान्य सिद्धान्तसमेतको विपरीत हुन जान्छ । प्रतिवादीले अदालतमा बयान गर्दा आरोप स्वीकार गरेको अवस्थामा पनि निजको साबिती अन्य प्रमाणबाट पुष्टि हुनुपर्ने भन्ने सिद्धान्तलाई स्वीकार गरिसकेको हाम्रो फौजदारी न्याय प्रणालीले पुनरावेदकले जिकिर गरेजस्तो अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको साबिती बयानलाई अन्य स्वतन्त्र प्रमाणले समर्थन नगरेको अवस्थामा वा अन्य स्वतन्त्र प्रमाणले प्रतिवादीउपरको आरोप पुष्टि नगरेको अवस्थामा प्रतिवादीका विरूद्धमा निरपेक्षरूपमा प्रमाणमा ग्राह्य मान्न मिल्ने देखिएन ।

३. अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूलाई वादी पक्षले अदालतमा उपस्थित गराउन नसकेको अवस्थामा त्यस्ता अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको भनाइ प्रमाणमा ग्राह्य हुने हो, होइन? भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ७ मा प्रहरी कार्यालयलाई उक्त ऐनको अनुसूची १ मा उल्लिखित कुनै अपराध भएको वा भइरहेको वा हुन

लागेको जानकारी प्राप्त भएमा सो प्रहरी कार्यालयको कम्तीमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र त्यसको तहकिकात गरी सबुद प्रमाण सङ्कलन गर्नुपर्ने र यसरी तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासम्भव अपराध भएको ठाउँको विवरण, सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसँग त्यसको सम्बन्ध र अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुराहरू खुलाई मुचुल्का तयार गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ । यो कानूनी व्यवस्थाले उक्त ऐनको अनुसूची १ मा उल्लिखित कुनै पनि आपराधिक घटनाको अनुसन्धान तथा तहकिकात गर्ने क्रममा सम्बन्धित प्रहरी कर्मचारीले सो वारदात भएको देख्ने, जान्ने, थाहा पाउने वा सो घटनाबाट प्रभावित मानिस वा घटनासँग सम्बन्धित कुनै कुराको विशेषज्ञको कागज गराउन वा निजहरूबाट प्राप्त जानकारीलाई लेखबद्ध गर्न सक्दछ । यसरी अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरूको मौकाको भनाइको प्रमाणमा ग्राह्यताको बारेमा प्रमाण ऐन, २०३१ को दफा १८ मा उल्लेख गरेको पाइन्छ । उक्त दफामा *कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ* भन्ने कानूनी व्यवस्था गरी सो दफाको प्रतिबन्धात्मक व्यवस्थामा निम्न कानूनी व्यवस्था गरिएको छः-

(१) शव परीक्षणको प्रतिवेदन (पोस्टमार्टम रिपोर्ट) मा सम्बन्धित विशेषज्ञले उल्लेख गरेको कुनै कुराका सम्बन्धमा मुद्दाका पक्षहरूका बीचमा कुनै विवाद नभएमा वा सो कुरा मिसिलमा देखा परेको कुनै प्रमाण वा कुनै वस्तुस्थितिसँग असङ्गत नदेखिएमा सो विशेषज्ञ अदालतमा उपस्थित नभए पनि सो कुरा प्रमाणमा लिन हुन्छ ।

(२) मुद्दाको पुर्पक्ष गर्दा अभियुक्तलाई थुनछेक गर्ने प्रयोजनको लागि अधिकारप्राप्त अधिकारीले गराएको लासजाँच मुचुल्का र मौका तहकिकात सर्जमिन मुचुल्का सो मुचुल्कामा उल्लेख भएका कुराहरू व्यक्त गर्ने व्यक्तिहरू साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान नगरे पनि थुनछेकको लागि प्रमाणमा लिन हुन्छ ।

४. उल्लिखित कानूनी व्यवस्थाले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष कागज गर्ने मानिसहरूले आफूले मौकामा व्यक्त गरेको कुरा साक्षीको रूपमा अदालतमा उपस्थित भई आफ्नो मौकाको भनाइ प्रमाणित गरेमा मात्र प्रमाणमा लिन मिल्ने हुन्छ । प्रस्तुत दफाको प्रतिबन्धात्मक व्यवस्थाको खण्ड (ख) मा गरिएको मुद्दाको पुर्पक्ष गर्दा अभियुक्तलाई थुनछेक गर्ने प्रयोजनको लागि मौकामा कागज गर्ने व्यक्तिहरूले उल्लेख गरेका कुराहरू सो व्यक्त गर्न व्यक्तिहरू साक्षीको प्रयोजनको लागि मौकामा कागज गर्ने व्यक्तिहरूले उल्लेख गरेका कुराहरू सो व्यक्त गर्ने व्यक्तिहरू साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान नगरे पनि थुनछेकको लागि प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्थाले समेत मुद्दाको सुनुवाइ गरी फैसला गर्ने चरणमा अदालतमा उपस्थित भएर बकपत्र नगर्ने मानिसहरूको मौकाको भनाइ प्रमाणमा लिन मिल्ने देखिएन । यसका अतिरिक्त अदालतले पक्षहरू आफ्नो दाबी वा जिकिरसाथ पेस गरेका प्रमाणहरूको परीक्षण गर्ने हुँदा यस्तो मौकामा कागज गर्ने व्यक्तिले अदालतमा बकपत्र गर्दा आफ्नो मौकाको भनाइलाई पुष्टि गर्न सक्दछ तर थप नयाँ भनाइ राख्न पाउँदैन र यदि नयाँ कुरा भनेमा सो हदसम्म प्रमाणमा ग्राह्य हुँदैन ।

५. प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान निजले पुष्टि गर्न नसकेको आधारमा अभियोग

दाबी ठहर गर्न मिल्ने हो, होइन भन्ने तेस्रो प्रश्नतर्फ विचार गर्दा, प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार निरपेक्षरूपमा अभियोजन पक्षमा राखेको छ। यसैगरी सोही ऐनको दफा २७(१) ले *प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुनेछ* भन्ने कानूनी व्यवस्था गरेको छ। फौजदारी मुद्दामा सामान्यतया आफ्नो अभियुक्तको कसुर अपराध प्रमाणित गर्ने प्रमाणको भार वादी पक्षमा रहन्छ। जसले दाबी गर्छ, उसैले प्रमाणित गर्नुपर्छ भन्ने फौजदारी विधिशास्त्रको सामान्य सिद्धान्त रहेको छ। यो सिद्धान्तलाई प्रमाण ऐन, २०३१ को दफा २५ ले स्वीकार गरेको छ। सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान तहकिकात गरी सो आधारमा आफ्नो अभियुक्तको अभियोग निर्धारण र अदालतमा मुद्दा दायर गर्ने दायित्व सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले वादी पक्षलाई दिएको छ। वादी पक्षको यो दायित्व प्रतिवादीले आफू निर्दोष रहेको वा आफूलाई सजायमा छुट वा कमी हुनुपर्ने भनी जिकिर लिएको कारणले सीमित हुने वा समाप्त हुने होइन। यस अवस्थामा पनि वादी पक्षले आफ्नो अनुसन्धानको आधारमा आफूले तयार र दायर गरेको अभियोग पत्रमा प्रतिवादीको के कुन कार्य कुन कानूनले निषेध गरेको आपराधिक कार्य हो, विधायिकी कानूनले त्यस्तो कसुर स्थापित हुन चाहिने भनी निर्धारण गरेका अपराधका तत्त्वहरू (Constituent Elements of Crime) को विद्यमानता र आवश्यक छ भने तिनीहरूको संयोजनात्मकता (Concurrency) अनिवार्य रूपमा उल्लेख गरेको हुनुपर्दछ। अभियोग पत्रमा अपराधका तत्त्वहरूको उल्लेखन वास्तविक अर्थमा प्रतिवादीलाई प्रतिरक्षाको लागि सुनुवाइको मौका उपलब्ध गराउनुपर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तसँग पनि सम्बन्धित रहेको छ। कानूनले निषेध गरेको आपराधिक कार्य, कार्य गरेको अवस्थामा कानूनले निर्धारित गरेको तहको मनसायको संयोजन र सो कार्य गर्दा प्रतिवादीलाई कुनै छुट वा प्रतिरक्षा उपलब्ध थिएन भनी प्रमाणित गर्ने भार विधायिकी कानूनले अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक निरपेक्षरूपमा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षमा रहन्छ। प्रतिवादीको निर्दोषिताको जिकिरको आधारमा वादीले आफ्नो दायित्वबाट फुर्सद पाउने हुँदैन। यदि वादी पक्षले आफ्नो अभियोग प्रमाणित गरेको अवस्थामा सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको हदसम्म मात्र प्रमाण पुऱ्याउने भार निजमाथि रहने हो, प्रतिवादीको फुर्सद वा छुटको दाबीले वादी पक्षको विधायिकाले तोकेको दायित्वमा कमी आउने होइन। यसबाट प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान निजले पुष्टि गर्न नसकेको भन्ने आधारमा मात्र वादीले अन्य प्रमाणबाट अभियोग प्रमाणित गर्न नसकेको अवस्थामा दाबी ठहर गर्न मिल्ने देखिएन।

६. प्रस्तुत मुद्दामा पुनरावेदन अदालतले गरेको फैसला मिलेको छ, छैन? र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने चौथो प्रश्नमा विचार गर्दा, यी प्रत्यर्थी / प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा खाना खान बसेका ठाउँमा आफूले मगाएको खाना मृतकले खाएको कारणले मृतकसँग रिस उठेको र सोही विषयमा भनाभन भएको भन्ने आधारबाट मृतकलाई मार्ने मनसाय तत्त्व उत्पन्न भएको भन्ने देखिन्छ। प्रतिवादीले अदालतमा बयान गर्दा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई इन्कार गरेको अवस्था छ। यस अवस्थामा वादी पक्षले प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको मनसाय तत्त्व उत्पन्न हुने अन्य कारण रहेको भनी दाबी लिनसकेको अवस्था छैन। आफूले मगाएको खाना मृतकले खाएको कारणले रिस उठेको र सोही

विषयमा भनाभन भएको कारणले मात्र मृतकलाई मार्नेसम्मको मनसाय तत्त्व उत्पन्न भएको भन्ने वादी दाबी स्वाभाविक हो भन्न मिल्ने अवस्थासमेत देखिँदैन । यी प्रतिवादीले अदालतमा कसुरमा इन्कार रही बयान गरेको र आफ्ना साक्षीसमेत पेस गरी बयानको समर्थन भएको पाइएको छ । प्रस्तुत मुद्दामा अभियोग दाबी प्रमाणित गर्ने प्रमाणको भार निरपेक्षरूपमा अभियोजन पक्षमा रहेकोमा वादी पक्षले आफ्ना कुनै साक्षी सबुद अदालतमा पेस गरी अभियोग दाबीको पुष्टि गर्न सकेको देखिँदैन । सुरू अदालतबाट पटकपटक आदेश हुँदासमेत वादी पक्षका जाहेरवालासमेतका साक्षीहरूले अदालतमा आई बकपत्र गर्न सकेको पाइएन । यसबाट अभियोजन पक्षले अनुसन्धानको क्रममा बुझेका मानिसहरूको भनाइ माथि विवेचना गरिएबमोजिम प्रमाणमा ग्राह्य मान्न मिल्ने देखिएन । प्रस्तुत मुद्दामा वादी पक्षले आफ्नो साक्षी उपस्थित गराउन नसकेको अवस्थामा पनि प्रतिवादीले सफाइ पाउनुपर्ने भनी जिकिर निजले प्रमाणित गर्न नसकेको आधारमा दाबी ठहर हुनुपर्ने भन्ने जिकिर लिई प्रस्तुत पुनरावेदन परेको देखिँदा वादीको यस्तो जिकिर प्रमाण ऐन, २०३१ को दफा २५ विपरीत भएकोले पुनरावेदक वादीको पुनरावेदन जिकिर स्थापित हुनसक्ने अवस्था देखिएन । चोरीतर्फ समेत ठोस सबुद वादी पक्षबाट पेस हुन नआएकाले सोतर्फ समेत वादी दाबी पुग्नसक्ने आधार देखिएन । यसबाट यी प्रत्यर्थी / प्रतिवादीलाई कसुरदार ठहऱ्याएको हदसम्म मिति २०६६/०३/०३ को सुरू बारा जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी प्रहार ढुङ्गानाले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७/०३/१५ को फैसला मिलेकै देखिन आयो ।

७. तसर्थ, उल्लिखित विवेचित आधार र कारणले वादी नेपाल सरकारले यी प्रत्यर्थी / प्रतिवादीउपरको अभियोगपत्र तयार र दायर गर्दा आधार लिएका अनुसन्धानको क्रममा संकलित प्रमाणहरूलाई अदालतमा कानूनबमोजिम स्थापित गर्न नसकेको हुँदा यी प्रत्यर्थी / प्रतिवादीलाई कसुरदार ठहऱ्याएको हदसम्म मिति २०६६/०३/०३ को सुरू बारा जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादी प्रहार ढुङ्गानाले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७/०३/१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. मीरा खड्का

इजलास अधिकृत (शा.अ.): बिमला पौडेल
इति संवत् २०७४ साल जेठ ३१ गते रोज ४ शुभम् ।

निर्णय नं. ९९७९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खड्का
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
आदेश मिति : २०७५।१।३
०७४-WO-०५०८

विषय : परमादेश

निवेदक : काठमाडौं जिल्ला, चन्द्रगिरी न.पा. वडा नं. ९ बस्ने बबी थापासमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **कुनै कार्य गर्नका लागि कानूनी कर्तव्य एवं दायित्व तोकिएको पदाधिकारी वा निकायले प्रचलित कानूनअनुसार सो कार्य गर्नको लागि कानूनले तोकेको सर्तहरू पूरा भई रीत पुगेको अवस्थामा अन्य कुनै पनि बहाना बनाई सो कार्य गर्न इन्कार गर्नु वा ढिलासुस्ती गर्नु न्यायोचित एवं कानूनसङ्गत देखिन नआउने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री सुषमा गौतम

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपाल नागरिकता ऐन, २०६३

आदेश

न्या.मीरा खड्का : नेपालको संविधानको १३३(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको **संक्षिप्त तथ्य र आदेश** यसप्रकार छ:-

निवेदक म बबी थापाको दाङ जिल्ला निवासी घनश्याम रजौरियासँग प्रेम विवाह भई २०५६।१०।११ गते छोरी ईभा रजौरियाको जन्म भएको हो । कृषि चुन उद्योग चोभारमा महाप्रबन्धकको पदमा कार्यरत पति घनश्याम रजौरियाले कहिल्यै पनि हामी निवेदकहरूलाई आफ्नो स्थायी घर ठेगानामा लिएर जानु भएन । विवाहको केही वर्षपछि पतिसँग पारिवारिक कलहका कारण म निवेदक बबी थापा साथै बस्न सक्ने वातावरण नभएकोले २०५९ सालबाट नाबालक छोरी ईभालाई साथमा लिई अलग बस्न थालेँ । निवेदक ईभा काठमाडौंमा नै जन्मी, हुर्की हालसम्म पनि मेरो माइती तथा निजको मामाघरमा नै बस्दै आएकी छिन् । हाल उनी १०+२ पास गरी नर्सिङ्ग पढ्ने इच्छा गरेको हुँदा सोको लागि फाराम भर्न जाँदा नागरिकताको आवश्यकता परेकोले नागरिकतामा म निजकी आमाले सनाखत गर्ने गरी चन्द्रागिरी न.पा. वडा नं. ९ को कार्यालयबाट सिफारिस लिई मिति २०७४।१०।७ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा जाँदा त्यहाँबाट विवाह दर्ता संलग्न गराई पेस गर्ने तोक आदेश गरिदिनु भएको र आमा बाबुको विवाह दर्ता पेस नगरेसम्म नागरिकता प्रमाणपत्र जारी गर्न नसकिने भनी नागरिकता प्रमाणपत्र पाउँ भन्ने अनुसूची -१ को निवेदन फाराम फिर्ता दिनु भएको हुँदा छोरीलाई म निजकी आमाले सनाखत गर्ने गरी नागरिकता प्रमाणपत्र प्रदान गर्न तथा छोरीले म निजकी आमाले सनाखत गरी नागरिकता प्रमाणपत्र

प्राप्त गर्न नसकेको कारणले राज्यबाट प्राप्त हुने धेरै हक अधिकारहरू प्राप्त गर्नबाट वञ्चित भएका छौं। नेपालको संविधानको धारा १०(१), ११(२)(ख), १२ ले व्यक्तिको नागरिकताको अधिकार सुनिश्चित गर्नुका साथै आमा वा बाबुको नामबाट वंशजको नागरिकता प्राप्त गर्न सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको अनुसारको व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) मा समेत छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४, महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा ९(२) र धारा १६(घ), बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ७ लगायतका सन्धि महासन्धिहरूको प्रावधानहरूले महिला पुरूष दुवैलाई नागरिकता प्रदान गर्न सक्ने अधिकार प्रत्याभूत गरेको छ। यस्तो स्थितिमा नागरिकता प्रदान गर्ने निकायको अधिकारीको पितृसतात्मक सोच र व्यवहारका कारण म निवेदक ईभा रजौरियाले मेरो आमाले सनाखत गर्ने गरी नागरिकता नपाएको हुनाले संविधानद्वारा प्रदत्त समानतासम्बन्धी हक, नागरिकता प्राप्त गर्ने हक, रोजगारीको अधिकार, आफूले रोजेको व्यवसाय गर्न पाउने अधिकार, उच्च शिक्षा हासिल गर्न पाउने शिक्षाको अधिकार, स्वतन्त्रपूर्वक विचार गर्न पाउने हक, सम्पत्तिको हक, वासस्थान छनौट गर्न पाउने हक र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेजद्वारा प्रदत्त समानताको हक, राष्ट्रियताको हक र मैले मेरो पहिचानको प्राप्ति गर्ने हकबाट वञ्चित भइरहेको हुँदा विपक्षी जिल्ला प्रशासन कार्यालयका अधिकारीले विवाह दर्ता संलग्न गराई पेस गर्ने भनी गरिदिएको तोक आदेश उत्प्रेषणको आदेशबाट बदर गरी निवेदकमध्ये म बबी थापाले मेरो छोरीलाई मेरो ठेगानाबाट म निजकी आमाले सनाखत गरी वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आधार र कारण भए खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीका नाममा यो निवेदन र आदेशको प्रतिलिपि साथै राखी म्याद पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै प्रस्तुत निवेदनको विषयवस्तुको गाम्भीर्यसमेतलाई विचार गरी प्रस्तुत रिट निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७४।१०।२४ को आदेश।

निवेदिका ईभा रजौरियाले पिताको पहिचान खुलाउनु भए तापनि निजलाई आफ्नो सन्तानको रूपमा निजको पिताले सनाखत गरेको कागजात कहिँकतै पेस गर्नुभएको छैन। तसर्थ निज निवेदिकाको पिताको पहिचान खुलेको अवस्थामा पिताको नामको महलमा नाम उल्लेख गर्नुपर्ने भएकाले विश्वासयोग्य कागजात माग गरिएको हुँदा निज निवेदिकाको हकमा यस कार्यालयको काम कारवाही कानूनबमोजिम भएकोले प्रस्तुत रिट यस कार्यालयको हकमा प्रथमदृष्टिमै खारेजभागी भएकोले उक्त रिट निवेदन यस कार्यालयको हकमा खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफ।

संविधान एवं कानूनद्वारा प्रदत्त नागरिकका मौलिक हक एवं अधिकारको संरक्षण र संवर्द्धन गर्न गृह मन्त्रालय सदा प्रतिबद्ध छ। साथै निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा गृह मन्त्रालय संवेदनशील पनि छ। कुनै पनि नागरिकले संविधान तथा प्रचलित कानूनले तोकेबमोजिमको योग्यताका आधारमा

कानूनले तोकेको प्रक्रिया पूरा गरी नागरिकता प्राप्त गर्न सक्ने नै हुन्छ। संविधान र प्रचलित ऐन कानूनबमोजिम गृह मन्त्रालय र मातहतका निकायहरूबाट नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्ने गरिएको छ । कानूनद्वारा तोकिएको आधार योग्यता नपुगी कसैले पनि नेपाली नागरिकता प्राप्त गर्न सक्दैन। निवेदकको दाबीबमोजिम यस मन्त्रालयबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त संवैधानिक तथा कानूनी हकको उल्लङ्घन हुने गरी कुनै पनि कार्य भएको छैन । संविधान तथा प्रचलित कानूनद्वारा प्रत्याभूत गरेको नागरिकताको अधिकारबाट कुनै पनि नागरिक वञ्चित हुनुपर्ने अवस्था रहँदैन । गृह मन्त्रालयले संविधान एवं कानूनले तोकिदिएको अधिकार क्षेत्रभित्र रही कानूनबमोजिमको प्रक्रिया अपनाई आफ्ना काम कारवाही सञ्चालन गरिरहेको छ । यस मन्त्रालयले आफू एवं मातहतका निकायबाट नागरिकका संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकार उल्लङ्घन हुने गरी कुनै कार्य गरेको छैन। निवेदकले गृह मन्त्रालयको के कस्तो निर्देशन तथा निर्णयले विपक्षीलाई नागरिकता दिन इन्कार गरेको हो भन्ने सम्बन्धमा रिट निवेदनमा वस्तुनिष्ठ आधार र कारणसमेत खुलाउन सकेको देखिँदैन । गृह मन्त्रालयले नेपालको संविधान तथा प्रचलित कानूनविपरीत नागरिकताको प्रमाणपत्र नदिनु भनी मातहतका निकायलाई कुनै पनि आदेश, निर्देशन तथा परिपत्रसमेत गरेको छैन। तसर्थ प्रस्तुत सन्दर्भमा निराधार र अस्पष्ट माग दाबी लिई हचुवाको भरमा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदरभागी छ, यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको लिखित जवाफ।

विपक्षी रिट निवेदकहरूले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निवेदिकाको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो ? त्यसको स्पष्टरूपमा उल्लेखसम्म गर्नसकेको पाइँदैन। प्रचलित कानूनबमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकाय एवं पदाधिकारीबाट भए गरेका काम कारवाही र निर्णयउपर समेत यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्न मिल्ने पनि हुँदैन। जहाँसम्म रिट निवेदकहरूले दाबी लिएको नागरिकता प्राप्तिसम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपालको संविधानको भाग २ ले नागरिकतासम्बन्धी व्यवस्था गरी धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको छ । साथै धारा ११ को उपधारा (२) मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने व्यवस्था गरी सोही उपदफाको खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेको छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्थाको अधीनमा रही नागरिकताको सिफारिस गर्ने र नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कानूनी कर्तव्य भएका पदाधिकारीहरूले सम्पादन गर्ने काम कारवाहीको विषयमा सम्बन्धित निकायको लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा प्रस्तुत लिखित जवाफमा उल्लेख गरिरहनु परेन । अतः उल्लिखित आधारमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत

निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुषमा गौतमले निवेदिका बबी थापाको दाङ जिल्ला निवासी घनश्याम रजौरियासँग प्रेम विवाह भई निजहरूबाट मिति २०५६।१०।११ गते निवेदकमध्येकी छोरी ईभा रजौरियाको जन्म भएकोमा विवाह दर्ताको कागज नहुँदै विवाहको केही वर्षपछि यी निवेदिकाको पतिसँग पारिवारिक कलहका कारण साथै बस्न सक्ने वातावरण नभएकोले २०५९ सालबाट नाबालक छोरी ईभालाई साथमा लिई माइती तथा मामाघरमा बस्न थालेको अवस्था छ । निवेदक ईभा काठमाडौंमा नै जन्मी, हुर्की हाल उनी १०+२ पास गरी नर्सिङ्ग पढ्ने इच्छा गरेको हुँदा सोको लागि फाराम भर्न जाँदा नागरिकताको आवश्यकता परेकोले नागरिकतामा निजकी आमाले सनाखत गर्ने गरी चन्द्रागिरी न.पा. वडा नं. ९ को कार्यालयबाट सिफारिस लिई मिति २०७४।१०।७ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा जाँदा त्यहाँबाट विवाह दर्ता संलग्न गराई पेस गर्ने तोक आदेश गरिदिनु भएको र विवाद दर्ता पेस नगरेसम्म नागरिकता प्रमाणपत्र जारी गर्न नसकिने भनी नागरिकता प्रमाणपत्र पाउँ भन्ने अनुसूची १ को निवेदन फाराम फिर्ता दिनु भएको हुँदा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) समेतमा रहेको कानूनी व्यवस्थाविपरीत विपक्षी जिल्ला प्रशासन कार्यालयका अधिकारीले विवाद दर्ता संलग्न गराई पेस गर्ने भनी गरिदिएको तोक आदेश उत्प्रेषणको आदेशबाट बदर गरी निवेदक बबी थापाले निवेदक निजको छोरी ईभालाई सनाखत गरी दिएको निजको ठेगानाबाट वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो । त्यस्तैगरी विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले नेपालको संविधानको भाग २ ले नागरिकतासम्बन्धी व्यवस्था गरी धारा १० को उपधारा (१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था रहेको छ । साथै धारा ११ को उपधारा (२) मा यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ भन्ने व्यवस्था गरी सोही उपदफाको खण्ड (ख) मा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी नागरिकता ऐन, २०६३ को दफा ३ को उपदफा (१) मा कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ भन्ने व्यवस्था रहेकोले निवेदिका ईभा रजौरियालाई नागरिकता दिनकै लागि निजको पिताको पहिचान खुलेको अवस्थामा पिताको नामको महलमा नाम उल्लेख गर्नुपर्ने भएकाले विश्वासयोग्य कागजात माग गरिएको सम्म हो, नागरिकता दिन इन्कार गरिएको होइन तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा, विपक्षी जिल्ला प्रशासन कार्यालयका अधिकारीले विवाह दर्ता संलग्न गराई पेस गर्ने भनी गरिदिएको तोक आदेश उत्प्रेषणको आदेशबाट बदर गरी निवेदिकामध्ये म बबी थापाले मेरो छोरी ईभा रजौरियालाई मेरो ठेगानाबाट म निजकी आमाले सनाखत गरी वंशजको आधारमा नागरिकता प्रमाणपत्र दिनु भन्ने परमादेशको आदेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने बेहोराको मुख्य निवेदन मागदाबी रहेकोमा निवेदिका ईभा रजौरियालाई नागरिकता दिनकै लागि निजको पिताको पहिचान खुलेको अवस्थामा पिताको नामको महलमा नाम उल्लेख गर्नुपर्ने भएकाले विश्वासयोग्य कागजात माग गरिएको सम्म हो, नागरिकता दिन इन्कार गरिएको

होइन तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ।

प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, यसमा रिट निवेदिका ईभा रजौरियाले आमा बबी थापा र पिता घनश्याम रजौरियाका नाममा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले वंशजको आधारमा जारी गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, आमा बबी थापा पिता घनश्याम रजौरियाकी छोरी ईभा रजौरिया भन्ने उल्लेख भएको मिति २०७४।१०।५ को जन्मदर्ता प्रमाणपत्र, घनश्याम रजौरियाको छोरी ईभा रौनियार भनी Bright Future Secondary School बाट मिति २०७१।३।१७ मा जारी गरिएको ईभाको नामको चारित्रिक प्रमाणपत्र, निवेदक ईभा रजौरियाका बाबु घनश्याम रजौरिया र आमा बबी थापा भएको भन्नेसमेत बेहोराको स्थानीय निकायका प्रतिनिधि चन्द्रागिरी नगरपालिका वडा नं. ९ का वडा सचिवको रोहबरमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन मुचुल्काको प्रतिलिपिहरू साथै राखी नेपाल नागरिकता ऐन, २०६३ को अनुसूची १ को ढाँचामा वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएकोमा त्यहाँ कार्यालयबाट नागरिकता शाखालाई विवाह दर्ता संलग्न गराई पेस गर्ने भन्ने तोक आदेश लगाई निवेदकलाई नै नागरिकताको फाराम फिर्ता दिएको देखिन्छ। यस परिप्रेक्ष्यमा वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र प्राप्तिसम्बन्धी भएका भएका प्रचलित संवैधानिक र कानूनी व्यवस्था हेर्दा नेपालको संविधानको भाग २ धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने उल्लेख भएको पाइन्छ भने धारा ११(२), (३), (४) र (५) मा वंशजको आधारमा नेपालको नागरिक ठहर्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था भएको पाइन्छः

"११. नेपालको नागरिक ठहर्ने - (२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ –

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति,

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति।

(३) यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।

(४) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ।

(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानूनबमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ।"

३. नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ मा वंशजको नाताले नेपाली नागरिकता प्राप्तिसम्बन्धी व्यवस्था गर्दै ऐ. ऐनको दफा ८ मा नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनुपर्ने सम्बन्धमा

निम्नानुसारको व्यवस्था भएको पाइन्छः–

"३. वंशजको नाताले नेपाली नागरिकता प्राप्ति - (१) कुनै व्यक्तिको जन्म हुँदा निजका बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गर्ने नेपाली नागरिक महिलाबाट जन्मिएका सन्तानको हकमा दफा ५ को उपदफा (२) बमोजिम हुनेछ ।

(३) नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ ।

८. नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनुपर्ने - (१) दफा ३ बमोजिम वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको व्यक्तिले तोकिएको अधिकारीसमक्ष देहायका कागजातका प्रतिलिपि संलग्न राखी निवेदन दिनु पर्नेछ - (क) बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, तर विदेशी नागरिकसँग विवाह गरेकी नेपाली नागरिक महिलाको हकमा यो व्यवस्था लागू हुने छैन । (ख) जन्मस्थान र नाता खुल्ने गरी गाउँपालिका वा नगरपालिकाले गरिदिएको सिफारिस ।"

४. त्यस्तैगरी नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३(१),(२) र (५) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने सम्बन्धमा निम्नानुसारको कार्यविधिको व्यवस्था भएको पाइन्छः–

"३. वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधिः (१) वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष देहायका कागजात संलग्न राखी अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ-

(क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरिदिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र,

(ग) खण्ड (क) बमोजिम तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेस गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र,

(२) उपनियम (१) बमोजिमका प्रमाण निवेदनसाथ पेस गर्न नसक्ने नेपाली नागरिकलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिनेछ - (क) निवेदकका बाबु वा आमा नेपाली नागरिक भएकोले निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई निरन्तर रूपमा नेपाल सरहदभित्र स्थायी रूपमा बसोबास गरी आएको बेहोरा खुल्ने गरी स्थानीय निकायका प्रतिनिधिको रोहबरमा अनुसूची–३ बमोजिमको ढाँचामा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन,

(ख) सम्बन्धित वडामा बसोबास गर्ने तीन जना नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकले अनुसूची–४ बमोजिमको ढाँचामा सर्जमिनस्थलमै गरिदिएको सनाखत । तर नागरिकताको सिफारिस गर्ने वा नागरिकता प्रदान गर्ने अधिकारीलाई सनाखत गर्ने व्यक्तिले शंकास्पदरूपमा सनाखत गरेको लागेमा त्यस्तो अधिकारीले त्यसउपर थप छानबिन गर्न सक्नेछ ।

(५) उपनियम (१) वा (३) बमोजिम प्राप्त निवेदनउपर छानविन गर्दा निवेदक वंशजको नाताले नागरिकताको प्रमाणपत्र पाउन योग्य देखिएमा निजलाई वंशजको नाताले नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ।"

५. माथि उद्धृत संवैधानिक र कानूनी व्यवस्थालाई हेर्दा वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको लागि नेपाली आमा बुबाको विवाह दर्ताको प्रमाणपत्र पेस गर्नुपर्ने व्यवस्था गरिएको देखिएन । नेपाल नागरिकता ऐन, २०६३ ले वंशजको आधारमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको लागि चाहिने कागजपत्र संलग्न गरी रिट निवेदिका ईभा रजौरियाले ऐ. ऐनको अनुसूची १ मा तोकिएको ढाँचाबमोजिमको फाराम भरी नेपाली नागरिकताको प्रमाणपत्र पाउँ भनी जिल्ला प्रशासन कार्यालय काठमाडौंसमक्ष पेस गरेको देखिन्छ भने सो कुरालाई विपक्षीहरूले लिखित जवाफमा अन्यथा भन्न सकेको समेत देखिँदैन । आमा बबी थापा पिता घनश्याम रजौरियाकी छोरी यी निवेदिका ईभा रजौरिया भन्ने उल्लेख भएको मिति २०७४।१०।५ को जन्मदर्ता प्रमाणपत्र, स्थानीय निकायका प्रतिनिधि चन्द्रागिरी नगरपालिका वडा नं. ९ का वडा सचिवको रोहबरमा निवेदिकाको वतनसमेत खुल्ने गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सर्जमिन मुचुल्काको प्रतिलिपि तथा Bright Future Secondary School बाट मिति २०७१।३।१७ मा जारी गरिएको ईभाको नामको चारित्रिक प्रमाणपत्रबाट पनि यी निवेदिका घनश्याम रजौरियाको छोरी भएको देखिइरहेको अवस्थामा निवेदिका ईभा रजौरिया पिता घनश्याम रजौरिया भएको तथ्यलाई अन्यथा भन्न मिल्ने देखिँदैन । निवेदिका ईभा रजौरियाका आमा र बाबु दुवैको वंशजको नाताले नागरिकता प्राप्त गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिबाट देखिएको अवस्था छ । त्यस्तैगरी निवेदिका ईभाले नागरिकताको प्रमाणपत्र पाउँ भनी भरेको निवेदन फाराममा चन्द्रागिरी नगरपालिका वडा नं. ९ का वडाध्यक्षले निज निवेदिकालाई नागरिकताको प्रमाणपत्र दिन सिफारिस गरेकोसमेत मिसिलबाट देखियो । यसरी नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ र ८ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ ले वंशजको आधारमा नागरिकता प्राप्त गर्न चाहिने सम्पूर्ण कागजात निवेदिकाले नागरिकता पाउँ भन्ने निवेदन दरखास्तसाथ पेस गरेको देखिन्छ। निवेदिकाले वंशजको आधारमा नागरिकताको प्रमाणपत्र पाउँ भनी दिएको निवेदन साथ पेस गरेका यी प्रमाणहरूलाई अन्यथा भनी मान्नु कानून र विवेकसम्मत पनि देखिँदैन । यस सन्दर्भमा प्रचलित कानूनअनुसार वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिन र लिनका लागि आवश्यक सबै कागजातहरू रीतपूर्वकरूपमा पेस भएको अवस्थामा कानूनतः वंशजको आधारमा नागरिकताको प्रमाणपत्र दिने दायित्व भएको निकायले आफ्नो कानूनी दायित्व निर्वाह गरेको पाइएन । कुनै कार्य गर्नका लागि कानूनी कर्तव्य एवं दायित्व तोकिएको पदाधिकारी वा निकायले प्रचलित कानूनअनुसार सो कार्य गर्नको लागि कानूनले तोकेको सर्तहरू पूरा भई रीत पुगेको अवस्थामा अन्य कुनै पनि बहाना बनाई सो कार्य गर्न इन्कार गर्नु वा ढिलासुस्ती गर्नु न्यायोचित एवं कानूनसङ्गत देखिन आउँदैन ।

६. अतः माथि विवेचित आधार र कारणबाट उपर्युक्त लिखत कागज प्रमाणहरू संलग्न राखी वंशजको आधारमा निवेदिका ईभा रजौरिया नागरिकताको प्रमाणपत्र माग गर्न आएमा निजलाई नागरिकता प्रमाणपत्र दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जनाउ

विपक्षीहरूलाई दिई आदेशको प्रति विद्युतीय अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. हरिकृष्ण कार्की

इजलास अधिकृतः शिवप्रसाद पराजुली
इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम्।

निर्णय नं. ९९८०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
फैसला मिति : २०७४।६।१

मुद्दाः- अपहरण तथा शरीर बन्धक

०७२-CR-१८८७

पुनरावेदक / प्रतिवादी : रौतहट जिल्ला, देवाही गा.वि.स.वडा नं.९ स्थायी घर भई हाल जिल्ला कारागार कार्यालय रौतहट, गौरमा थुनामा रहेको भाग्यनारायण बैठा

विरूद्ध

प्रत्यर्थी / वादी : राकेश चौधरीको जाहेरीले नेपाल सरकार

०७२-CR-१८८८

पुनरावेदक / प्रतिवादी : रौतहट जिल्ला, सरमजुवा गा.वि.स.वडा नं.५ स्थायी घर भई हाल जिल्ला कारागार कार्यालय रौतहट, गौरमा थुनामा रहेको मनोजकुमार बैठा

विरूद्ध

प्रत्यर्थी / वादी : राकेश चौधरीको जाहेरीले नेपाल सरकार

०७३-CR-००८६

पुनरावेदक / प्रतिवादी : बारा जिल्ला, बेनौली गा.वि.स. वडा नं.२ घर भई ऐ. देवपुर गा.वि.स. वडा नं.६ मा बसोबास गरी हाल कारागार कार्यालय डिल्लीबजार, काठमाडौंमा थुनामा रहेको अमलदेव ठाकुर

विरूद्ध

प्रत्यर्थी / वादी : राकेश चौधरीको जाहेरीले नेपाल सरकार

- **पोलिग्राफ परीक्षण पद्धतिबाट परीक्षण गरी निस्केको निष्कर्ष (Finding) लाई अनुसन्धान, तहकिकातको क्रममा संकलित प्रमाणबाट समर्थित गरेको अवस्थामा त्यस्तो पोलिग्राफ परीक्षण पद्धतिबाट परीक्षण गरी निस्केको निष्कर्ष एवं रायलाई प्रमाणको रूपमा ग्राह्य गर्न सकिने।**

(प्रकरण नं.१३)

- **सह-अभियुक्तको पोललाई विभिन्न कोणबाट मूल्याङ्कन गर्दा, विश्वसनीय र वास्तविकता प्रकट गरेको देखिन आउँछ भने प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने।**

(प्रकरण नं.१५)

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद फुयाल, विद्वान् अधिवक्ताहरू श्री अम्बर राउत, श्री टिकाराम भट्टराई, श्री मिलन राई, श्री केदारप्रसाद दाहाल, श्री महेश्वर श्रेष्ठ, श्री राजेश्वर तिवारी, श्री नारायण झा र श्री प्रभाकर खनाल

वादीका तर्फबाट :

अवलम्बित नजिर :

- *ने.का.प.* २०७२, अंक २, नि.नं.९३५२

सम्बद्ध कानून :

सुरू तहबाट फैसला गर्नेः

माननीय न्यायाधीश श्री बालेन्द्र रूपाखेती भक्तपुर जिल्ला अदालत।

पुनरावेदन तहबाट फैसला गर्नेः

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ
पुनरावेदन अदालत पाटन।

फैसला

न्या. हरिकृष्ण कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ख) बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार रहेको छः-

भारत देश स्थायी घर भई हाल भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं.१६ सुर्यविनायक बाराही स्थान स्थित न्यु मुस्कान सप्लायर्सका सञ्चालक राकेश चौधरीको साढे दुई वर्षको छोरा बिटुकुमार चौधरीलाई उक्त सप्लायर्समै काम गर्दै आएको बारा जिल्ला कलैया घर बताउने वर्ष अं.२०/२२ को राजु यादवले मिति २०७१/०२/१४ गते दिनको ४:०० बजेदेखि आफ्नो साथमा लिई फरार रहेको हुँदा खोजतलास गरिपाउँ भन्नेसमेत बेहोराको महानगरीय प्रहरी अपराध महाशाखा, काठमाडौंको मिति २०७१/०२/१५ गतेको च.नं.२२६० को खोजतलास गर्नेसम्बन्धीको हुलिया पत्र।

बारा जिल्ला, कलैया न.पा. वडा नं.१० स्थितमा फेला परेका अमलदेव ठाकुरले लगाएको पेन्टको बायाँ साइडको खल्तीमा प्याक गरी लुकाई राखेको अवस्थामा ९८१८९४८०४६, ९८१८९४८०४९, ९८०३७०७८७६, ९८१३७०६५१३ नं. को NCELL को सिम कार्ड थान ४, ४ GB को मेमोरीकार्ड थान १, निजको दायाँ खल्तीबाट WING लेखेको मोबाइल र उक्त मोबाइलभित्र NTC को ९८४५४०१४०९ र NCELL को ९८१११०५४५० नं. को सिम र सोही मोबाइलभित्र बिटु चौधरी भन्ने बालकलाई राखेको कोठा एवं बालकको भिडियोसमेत भएको २ GB को मेमोरी कार्ड, मधेस तराई फोरमको परिचय पत्र थान १ समेत बरामद गरिएको भन्नेसमेत बेहोराको मिति २०७१/०२/२७ गते अनुसन्धानको क्रममा गरिएको खानतलासी तथा बरामदी मुचुल्का।

मेरो छोरा बिटुकुमार चौधरीलाई मिति २०७१/०२/१४ गते अपहरण भएकोमा महानगरीय प्रहरी अपराध महाशाखाबाट सकुसल उद्धार गरी ल्याई मलाई बुझाउँदा बुझी लिएँ भनी जाहेरवाला राकेश चौधरीले छोरा बिटु चौधरीलाई बुझिलिई गरिदिएको मिति २०७१/०२/२६ गते महानगरीय प्रहरी अपराध महाशाखा, हनुमानढोका काठमाडौंमा गरेको कागज।

प्रतिवादी राजु यादव बिगत ३५ दिनदेखि मेरो पसलमा सहयोगीको रूपमा काम गर्दै आएका थिए। मिति २०७१।२।१४ गते निजले कामबाट छुट्टी लिए तापनि दिउँसो अं २.०० बजे निज मेरो पसलमा आई मेरो बच्चा बिटुकुमार चौधरीलाई खेलाउँदै थिए। म आफ्नै पसलको काममा व्यस्त थिएँ। त्यसपछि बच्चा के कता गयो थाहा भएन। पछि ५.०० बजेसम्म पनि बच्चा खेली कोठामा नआएको हुँदा वरपर खोजी गर्दासमेत फेला नपरेको हुँदा मेरो पसलमा काम गर्ने राजु यादवको मो नं. ९८१८९४८०४९ मा सम्पर्क गर्दा स्वीच अफ रहेको हुँदा सो समयमा प्रहरीमा सूचना गरी प्रहरीद्वारा खोजतलास गर्दै जाँदा बच्चा भारत पुऱ्याएको छ भनी बुझिएको र मिति २०७१।०२।१७ गते बिहान हाल नामथर वतन खुल्न आएको विपक्षी अमलदेव

ठाकुरले मो.नं.९८१३७०६५१३ बाट मेरो मो.नं. ९८४९७६१८५४ र ९८०३२६९०४९ मा सम्पर्क गरी तिम्रो बच्चा मसँग छ । फिरौती डेढ करोड लिएर आउ नत्र तिम्रो बच्चा मारेर मिल्काई दिन्छौँ भनी कुरा गरेकोले यो जाहेरी दरखास्त लिई उपस्थित भएको छु । यसरी मनोजकुमार बैठा र भाग्यनारायण बैठा मेरै पसलमा टुक्रे कवाड डण्डी बिक्री गर्ने भएकोले सामान्य चिनजान रहेको र निजहरू समेतको मिलेमतोमा प्रतिवादी दिनेश सिंहसमेतका मानिसहरू भई मेरो बच्चालाई अपहरण गरी बन्धक बनाई डेढ करोड रकम फिरौती माग गरेको हुँदा निज व्यक्तिहरूलाई खोजतलास गरी पक्राउ गरी अपहरण तथा शरीर बन्धक मुद्दामा हदैसम्मको कानूनबमोजिम कारवाही गर्नुका साथै मेरो बच्चा सकुशल मुक्त गराई निजहरूबाट क्षतिपूर्तिसमेत भराई पाउँ भन्नेसमेत बेहोराको राकेश चौधरीको मिति २०७१।२।२७ गतेको जाहेरी दरखास्त ।

आजभन्दा २ वर्षअगाडि मधेस तराई फोरम नामको पार्टी खोली अमर यादव अध्यक्ष, भाग्यनारायण बैठा उपाध्यक्ष, मनोजकुमार बैठा सदस्यसमेत रही मलगायतका गाउँका मानिसहरूलाई बोलाई छलफल गरी मलाई समेत उक्त पार्टीको केन्द्रीय सदस्यमा नियुक्त गरेको हुँदा उक्त पदमा रही काम गर्दै आएको अवस्थामा यकिन मिति थाहा नभएको समयमा म आफ्नो पार्टीको उपाध्यक्ष भाग्यनारायण बैठालाई निजको काठमाडौं गुर्जुधारास्थित कोठामा भेट्न जाँदा सो समयमा निजको कोठामा भारतीय नागरिक दिनेश सिंह, राजु यादव, अध्या राय, मनोजकुमार बैठासमेत रहेका थिए । राजु यादव पसलमा काम गर्दै जाहेरवालाको छोरालाई दयामाया गर्ने लिएर हिँड्ने र अध्या रायलाई राजु यादवले फोन कन्ट्याक गरी जाहेरवालाको छोरा बिटुकुमार चौधरीलाई इन्डियासम्म पुऱ्याउने काम दिएको, जाहेरवालाको छोरा अपहरणपछि पैसाको बार्गेनिङ गर्ने काम दिनेश सिंह राजपुतले गर्ने र मनोजकुमार बैठाले जाहेरवालासँग पैसा लिने सम्बन्धित ठाउँमा पुऱ्याउने, भाग्यनारायण बैठाको योजना र निजको निर्देशनमा जाहेरवालाको छोरालाई अपहरण गरी फिरौती रकम लिने योजना भाग्यनारायण बैठाको कोठामा गरी मैले र अध्या रायले बेलाबेलामा राजु यादवसँग काम मिल्छ मिल्दैन भनी सोध्ने गरिरहेका थियौँ । यसै क्रममा मिति २०७१।०२।१२ गते मुख्य योजनाकार र निर्देशक भाग्यनारायण बैठा र मनोजकुमार बैठाले मलाई फोन गरी काम मिल्ने भयो, तुरून्त काठमाडौंमा आउनु भनी मेरो मोबाइलमा फोन गरी बोलाएपछि मिति २०७१।०२।१३ गते बिहान काठमाडौंमा आई मैले भाग्यनारायण बैठा, मनोजकुमार बैठा, अध्या रायसमेतलाई भेटेको थिएँ । भाग्यनारायण बैठा र मनोजकुमार बैठाले भोलि मिति २०७१।०२।१४ गते राजु यादवले जाहेरवालाको छोरालाई अपहरण गरी ल्याउँछ कोही कसैले थाहा नपाउने गरी काम सफल गर्नुपर्छ भन्दै आएका थिए । जाहेरवालाको छोरालाई अपहरण गर्न मनोजकुमार बैठाले इन्डियाबाट छक्कासमेत ल्याई निजलाई कलंकीमा राखेका थिए । मिति २०७१।०२।१४ गते साँझ १६.०० बजेको समयमा म, मनोजकुमार बैठा भक्तपुर सुर्यविनायक स्थितमा गई राजु यादवले जाहेरवालाको छोरालाई चक्लेट खुवाउँदै घरबाट बाहिर ल्याएपछि मेरो आफ्नै नाममा रहेको बा.३ प.७४८५ नं. को हिरो होण्डा मोटरसाइकलमा म आफैँले चलाई राजु यादवलाई मोटरसाइकल पछाडि र बच्चालाई बीचमा राखी जाहेरवालाको छोरालाई अपहरण गरी बन्धक बनाई फिरौती माग्ने उद्देश्यले अपहरण गरी हामी ३ जनाले कलंकी लगी सो स्थानबाट म, मनोजकुमार बैठा, राजु यादव र इन्डियन छक्का गरी ४ जना मिली जाहेरवालाको छोरालाई पूर्व धरान जाने गाडीमा चढाई पथलैया पुगी सो स्थानबाट ट्रकमा बसी वीरगञ्ज हुँदै टेम्पोमा रक्सौल लगी त्यहाँबाट रेल्वे स्टेसन हुँदै जीपबाट इन्डियाको घोडासन पुऱ्याई राजु यादवले जाहेरवालाको छोरालाई लिएर बसेका थिए । मनोजकुमार बैठा दुई तीन दिनपछि काठमाडौं आएको थियो । बिटु चौधरीलाई अपहरण गरी बन्धक बनाई निजको अभिभावकलाई फिरौती रकम माग्दा ९८१३७०६५१३ एनसेलको सिम प्रयोग गरी म र अध्या राय यादवसँगै बसी फिरौती रकम रू.१,५०,००,०००।– (एक करोड पचास लाख) मागेका हौं भन्नेसमेत बेहोराको प्रतिवादी अमलदेव

ठाकुरले मिति २०७१।३।१ गते अनुसन्धानको क्रममा गरेको बयान कागज ।

मैले मनोजकुमार बैठा, भाग्यनारायण बैठा, अमलदेव ठाकुर, राजु यादव र अध्या रायसमेतका व्यक्तिहरूलाई राम्ररी चिन्दछु । मानिस अपहरण गरी फिरौती माग्ने सो कार्यको लागि भाग्यनारायण बैठाले मानिस पहिचान गरी खबर गर्नेलगायतका विषयमा छलफल गरी सहमत भई हामी छुट्यौ । मिति २०७१ सालको वैशाख महिनातिर अमलदेव ठाकुर, भाग्यनारायण बैठासमेतले हाम्रो योजना सेट भयो काठमाडौं आउनु भनेको हुँदा म पुनः काठमाडौं गुर्जुधारास्थित भाग्यनारायण बैठाको कोठामा आउँदा जाहेरीमा उल्लेख भएको भाग्यनारायण बैठा, मनोजकुमार बैठा, अमलदेव ठाकुरसमेतका मानिस निजको कोठामा थिए । त्यसपछि भाग्यनारायण बैठाले मनोजकुमार बैठाको साथी राकेश चौधरीको भक्तपुरमा न्यू मुस्कान सप्लायर्स कवाडी पसल छ निजको बच्चा अपहरण गर्नुपर्छ, निजसँग टन्न पैसा छ, फिरौती माग्नु पर्छ भनी यसको लागि मनोजकुमार बैठा, राकेश चौधरीको चिनजानको साथी रहेकोले निजले राजु यादवलाई राकेश चौधरीको कवाड पसलमा काम लगाउने, राजु यादवले राकेश चौधरीको बच्चालाई ललाई फकाई आफूप्रति आकर्षित गराउने र कन्ट्रक्याट गरेको समयमा निजलाई लिई हिँड्ने, अमलदेव ठाकुर, अध्या रायले राजु यादवसँग फोन सम्पर्क गरी बच्चा अपहरण गरी बच्चालाई इन्डियासमेत पुऱ्याउने र मैले भारतमा निज बच्चालाई बन्धक बनाई राख्ने, फिरौती माग्ने, भाग्यनारायण बैठाले उक्त सबै कुराको मनिटर गरी निर्देशन दिने योजना भाग्यनारायण बैठाको गुर्जुधारास्थित कोठामा भाग्यनारायण बैठाकै प्रस्तावमा बनाएका हौं । मिति २०७१।२।१४ गते म भारतको कोडार भन्ने ठाउँमा थिए । साँझको समयमा अमलदेव ठाकुरले निजको मोबाइलबाट मलाई ९७०८१५६३६१ नं. मा फोन गरी बच्चा हामीले अपहरण गरी लिएर आइसकेका छौं । राजु यादव, मनोजकुमार बैठा, इन्डियन छक्का (लेडिज) समेत छौं । हामी लिएर आउँदै छौं । इन्डियामा व्यवस्था मिलाउँदै गर भनेका थिए । भोलिपल्ट बिहान अ.०८.०० बजेको समयमा पुनः अमलदेव ठाकुरले फोन गरी हामी वीरगञ्जमा आइपुग्यौं । यहाँ बच्चा राख्ने व्यवस्था भएन कतै व्यवस्था गर्नुपऱ्यो भनी भनेको हुँदा भारत घोडासन बस्ने सुरेन्द्र ठाकुरलाई मैले नेपाली बच्चा अपहरण गरी ल्याएको छ राखिदिनु पऱ्यो भन्दा निजले मसँग राख्ने स्थान छैन । धेरैदिन राख्न सक्दिन । एक दिनको लागि राख्न भन्यौं, त्यसपछि मैले अमलदेव ठाकुरलाई फोन गरी घोडासनदेखि छेउमा रहेको मवाही ग्राममा रहेको सुरेन्द्र ठाकुरकोमा पुऱ्याई दिनु भनेँ । राजु यादवले बच्चा बिटुकुमार चौधरीलाई छोडी आयो । त्यसको भोलिपल्ट सुरेन्द्र ठाकुरले बच्चा राख्न सक्दिन अन्तै व्यवस्था गर भनेको हुँदा उक्त स्थानमा रहेको राधेश्याम मुखियाको घरमा एक महिनाको रू.४ लाख नेपाली रूपैयाँ दिने गरी उक्त बच्चा राखेको हुँ । म भाग्यनारायण बैठा, मनोजकुमार बैठा, अमलदेव ठाकुरसमेतका जाहेरीमा उल्लिखित सम्पूर्ण प्रतिवादीहरू भई जाहेरवालाको छोरा बिटुकुमार चौधरीलाई अपहरण गरी भारतसम्म बन्धक बनाई फिरौती रकम माग्ने उद्देश्यले लगेका हौं । अमलदेव ठाकुर, मनोज बैठासमेतले जाहेरवालाको मोबाइल न.मा फोन गरी डेढ करोड रकम फिरौती मागेको थियो । उक्त रकम लिन नपाउँदै घटनामा संलग्न व्यक्तिहरू प्रहरीद्वारा पक्राउमा परेको हो भन्नेसमेत बेहोराको प्रतिवादी दिनेशसिंह राजपुतले मिति२०७१।३।१० गते अनुसन्धानको क्रममा गरेको बयान कागज ।

मैले काठमाडौंस्थित गुर्जुधारामा रहेको मेरो कोठामा अमलदेव ठाकुर, मनोजकुमार बैठालगायत भारतीय नागरिकहरू दिनेश सिंह राठौर, राजु यादव र अध्या रायलाई बोलाई कहिले पनि बसेको छैन । निजहरूसँग मेरो भेटघाट भएको छैन । मेरो योजनामा जाहेरवालाको छोरा अपहरण गरी बन्धक बनाइएको होइन । मबाट यस्तो काम भएको छैन । म मधेस तराई फोरम पार्टीमा उपाध्यक्ष भई पार्टी खोल्दा अमलदेव ठाकुर पनि सोही पार्टीमा केन्द्रीय सदस्यको पदमा काम गर्दै आएका थिए । सो अवधिमा हाम्रो पार्टीको गोप्य कुराहरू ए.ने.क.पा. माओवादीका व्यक्तिहरूलाई

सुनाउने भएकोले निजसँग बेलाबेलामा वादविवाद भई रहन्थ्यो । यसरी आफ्नो पार्टीमा काम गर्ने व्यक्तिहरू विश्वासिलो नभएकोले म तराई मधेस लोकतान्त्रिक पार्टीमा प्रवेश गरेपछि निज अमलदेव ठाकुर ए ने.क.पा. माओवादी पार्टीमा प्रवेश गरेका थिए । त्यसबेलादेखि मेरो र अमलदेव ठाकुरबीच रिसइवी राखी बोलचाल हुँदैन थियो । सोही कारणले गर्दा यो अपहरण घटनामा निजले मेरो नामसमेत घटनामा जोडी फसाउने नियतले गरेको हो । अमलदेव ठाकुर पक्राउ परेपछि रिसइवीको कारण मलाई उक्त घटनामा संलग्न छ र मेरै योजनामा उक्त अपहरण घटना भएको हो भनी लेखाइदिएपछि जाहेरवालाले मेरो नाममा समेत किटानी जाहेरी दरखास्त पेस गरेको हो । जाहेरवालाको छोरा अपहरण भई बन्धक बनाई उद्धारसमेत गरी जाहेरवालालाई बुझाइसकेको हुँदा घटना भएको हो । सो घटना कसरी भयो को को भई उक्त घटना घटाई बन्धक बनाई फिरौती रकम मागेका हुन् मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रतिवादी भाग्यनारायण बैठाले मिति २०७१।३।११ गते अनुसन्धानको क्रममा गरेको बयान कागज ।

जाहेरवालाको छोरा बिटुकुमार चौधरीलाई मसमेत संलग्न भई अपहरण गरी फिरौती रकम मागेको होइन । उक्त घटना कहिले भएको हो, को को भई घटना घटाएका हुन् ? मलाई थाहा भएन । प्रहरीले मलाई पक्राउ गरेपछि उक्त घटना सम्बन्धमा सुनी थाहा पाएको हुँ । उक्त घटनामा को कसले फिरौती रकम मागेका हुन्, सो मलाई थाहा भएन । मलगायत जाहेरी दरखास्तमा उल्लिखित व्यक्तिहरू भाग्यनारायण बैठाको कोठामा बसी जाहेरवालाको छोरालाई अपहरण गरी फिरौती रकम माग्नु पर्छ भन्ने सहमति भएको छैन । मिति २०७१।२।१४ गते अमलदेव ठाकुरसँग म जाहेरवालाको छोरा अपहरण गर्न गएको छैन । मलाई यो विषयमा केही थाहा छैन । भारतीय नागरिकहरू राजु यादव, दिनेश सिंह राजपुत र अध्या रायलाई म चिन्दिन । निजहरूसँग मेरो कुनै लेनदेन केही छैन । अमलदेव ठाकुर मेरो कवाडी पसलमा आई छोरालाई विदेश पठाउन लागेको रू.५० हजार अपुग भयो मलाई सापटी दिनु भनेपछि मैले उक्त रकम दिएको थिएँ । उक्त सापटी लगेको लामो समय बितिसक्दा पनि नदिएपछि मेरो मोबाइल नं. ९८५११५८४१९ बाट निजले चलाउँदै आएको ९८४५४०१४०९ नं. मा सोही लेनदेन सम्बन्धमा कुरा हुन्थ्यो । मेरो र अमलदेव ठाकुरको सोही लेनदेनको कारण विवादसमेत भएको थियो । सोही कारणले गर्दा उक्त घटनामा संलग्न छ भनी मलाई फसाउने नियतले मेरो नामसमेत घटनामा संलग्न छ भनी लेखाई दिएका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार बैठाले मिति २०७१।३।१ गते अनुसन्धानको क्रममा गरेको बयान कागज ।

प्रहरीले बरामद गरेको बरामदी मुचुल्कामा उल्लिखित मोबाइल, सिम, मेमोरी कार्ड, स.चा.अ.प., मधेस तराई फोरमको परिचय पत्र मेरै साथबाट बरामद भएको हो । देखाउँदा देखी, हेरी, चिनी सनाखत गरिदिएँ । मेरै साथबाट बरामद भएको ९८१८९४८०४६, ९८१८९४८०४९ र ९८१३७०६५१३ नं. को सिम मलाई मनोजकुमार बैठाले र ९८०३७०७८७६ नं. को सिम भाग्यनारायण बैठाले जाहेरवालाको छोरा बिटुकुमार चौधरीलाई अपहरण गरी बन्धक बनाई फिरौती रकम माग्नुपर्छ भन्ने सहमति भई अपहरण घटना घटाउने प्रयोजनको लागि र फिरौती रकम माग्नको लागि निजहरूले उक्त सिमहरू मलाई दिएका हुन् र मेरै साथबाट बरामद भएको ९८४५४०१४०९ र ९८१११०५४५० नं. को सिम मेरै आफ्नै नाममा कलैया बाराबाट निकालेको हुँ । मसमेत संलग्न भई जाहेरवालाको छोरालाई अपहरण गरी बन्धक बनाई भिडियो खिचिएको मेमोरी कार्डसमेत मेरै साथबाट बरामद भई भिडियो देखाउँदा देखी चिनी सो भिडियो जाहेरवालासँग फिरौती रकम माग्दा विश्वास दिलाउनको लागि दिनेश सिंह राजपुतले खिचेको भिडियो उक्त भिडियोसहितको मेमोरी दिनेशसिंह राजपुतले मैले नचिनेको महिलालाई दिई पठाएकोले मैले उसैसँग लिएको हुँ । उक्त घटना भाग्यनारायण बैठाकै योजनामा निजकै निर्देशनअनुसार कामको जिम्मेवारी लिई मनोजकुमार बैठाले जाहेरवालाको छोरालाई

देखाउने, चिनाउने, घटना भएपछि फिरौती रकमको कारोबार निजले नै गर्ने सहमति भई मसँग उक्त वारदात मितिमा भक्तपुर सुर्यविनायकमा आई जाहेरवालाको छोरालाई अपहरण गरी म, मनोजकुमार बैठा, राजु यादव र इन्डियन छक्कासमेत भई बालकलाई इन्डियाको घोडासनमा पुऱ्याई दिनेशसिंह राजपुतलाई छाडी आएका हौं । भाग्यनारायण बैठा र मनोजकुमार बैठासँग मेरो कुनै पूर्वरिसइवी, झैं–झगडा लेनदेन केही छैन । निजहरूलाई मैले फसाउने नियतले घटनामा संलग्न छ भनी आरोप लगाएको होइन । उक्त घटनामा निजहरू दुवै जना संलग्न छन् । आफूले गरेको अपराधबाट छुटकारा पाउनको लागि घटनाको बारेमा केही थाहा छैन भनी भनेका हुन् । निजहरू दुवै जना प्रत्यक्ष संलग्न छन् भन्नेसमेत बेहोराको अमलदेव ठाकुरले मिति २०७१।३।१ गते अनुसन्धानको क्रममा गरेको ततिम्बा बयान कागज ।

जाहेरवालाको कवाडी पसलमा घटना हुनुभन्दा एक महिना अगाडिदेखि भारत घर बताउने राजु यादव भन्ने व्यक्ति कवाडमा काम गर्न बसेका थिए । निज आएदेखि जाहेरवालाको छोरा बिटुकुमार चौधरीलाई माया गर्ने, सँगै लिएर हिँड्ने गर्दै आएको थियो । यसै क्रममा मिति२०७१।०२।१४ गते १६.०० बजेको समयमा निज राजु यादवले जाहेरवालाको छोरालाई हातमा समाई चकलेट खुवाउँदै कवाडी पसलबाट बाहिर बजारमा लगेका थिए । निजले सधैँ जाहेरवालाको छोरालाई लिएर हिँड्ने भएकोले हामीहरूले वास्ता गरेनौं । साँझसम्म निजले बिटुकुमार चौधरीलाई कवाडी पसलमा नल्याएपछि जाहेरवालालगायत हामीहरू समेत भई खोजतलास गर्दा कहींकँतै फेला परेन । निज राजु यादव भन्ने व्यक्तिको मोबाइलमा सम्पर्क गर्दासमेत मोबाइल स्वीच अफ थियो । जाहेरवालाको छोरालाई खोज्दा कहींकँतै भेटिएको थिएन । खोजी कार्य भइरहेको थियो । मिति २०७१।०२।१७ गते बिहान अमलदेव ठाकुर र अध्या राय भन्ने व्यक्तिले जाहेरवालाको मोबाइलमा फोन गरी तिम्रो बच्चा हाम्रो नियन्त्रणमा छ । १ करोड ५० लाख लिएर आउ नभए बच्चा मारी दिन्छौं भनेछन् । अब के गर्ने धेरै पैसा कहाँबाट ल्याउने भनी जाहेरवालाले हामीहरूलाई भनेपछि बिटुकुमार चौधरीलाई राजु यादव भन्ने व्यक्तिले अपहरण गरी लगेको हो भनी थाहा पाएका हौं । निज व्यक्तिले योजना बनाई जाहेरवालाको कवाडी पसलमा काम गरी बिटुकुमार चौधरीलाई अपहरण गरी लैजाने नियतले आएको रहेछ । केही दिनपछि जाहेरवालालाई फोन गर्ने अमलदेव ठाकुर भन्ने व्यक्ति पक्राउ परेपछि जाहेरवालाको छोरालाई अमलदेव ठाकुर, मनोजकुमार बैठा, भाग्यनारायण बैठा र भारतीय नागरिकहरू दिनेश सिंह राजपुत, राजु यादव, अध्या रायसमेतका व्यक्तिहरू संलग्न भई अपहरण गरी बन्धक बनाई भारतको घोडासनमा पुऱ्याई उक्त फिरौती रकम मागेका हुन् । निज प्रतिवादीहरूले पूर्वयोजना बनाई उक्त घटना घटाएका हुन् । निजहरूले मागेको फिरौती रकम लिन दिन नपाउँदै पक्राउ परेकोले बालकको उद्धार भएको हो । अपहरणकारीहरूले मागेको फिरौती रकम जाहेरवालाले दिन नसक्ने अवस्था थियो । उक्त फिरौती रकम नपाएपछि अपहरणकारीहरूले निज बालकलाई ज्यानसमेत लिने गर्दथ्यो होला । यसरी दु:ख सुख गरी जीविकोपार्जन गर्दै आएको सामान्य परिवारको व्यक्तिको बच्चा अपहरण गरी बन्धक बनाई फिरौती माग्ने गरेको हुँदा जाहेरीमा उल्लिखित प्रतिवादीहरूलाई कानूनबमोजिम कडा कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको विकाशकुमार यादव र दिपक रियालसमेतले गरिदिएको एकै मिलानको मिति२०७१।३।१३ गतेको अनुसन्धानको क्रममा गरेको छुट्टाछुट्टै घटना विवरण कागज ।

मिति २०७१।०२।१४ गते दिनको १६.०० बजेको समयमा मेरो छोरा बिटुकुमार चौधरी मेरो वरिपरि खेलिरहेको थियो । उक्त वारदात घटनाभन्दा अ.१ महिनाअगाडि कलैया घर बताउने राजु यादव भन्ने व्यक्ति मेरो श्रीमान्ले सञ्चालन गर्दै आएको कवाडी पसलमा काम गर्न बसेको थियो । निजले मेरो छोरालाई धेरै माया गर्दथ्यो । उक्त दिन पनि निजले मेरो छोरालाई नास्ता खुवाउँछु एकैछिन डुलाएर लिएर आउँछु भनी लिई गएको थियो । अघिपछि पनि निजले घुमाउन लाने गरेकोले त्यति वास्ता गरिनँ । अबेरसम्म लिई नआएको हुँदा

कवाडी पसलमा काम गर्ने अन्य व्यक्तिहरूलगायत म, मेरो श्रीमान् भई भक्तपुर एरियामा खोजतलास गर्दा फेला परेन, राजु भन्ने व्यक्तिको मोबाइलमा फोन सम्पर्क गर्दासमेत मोबाइल अफ रहेको हुँदा निज राजु यादवले मेरो छोरालाई अपहरण गरी लगेको भन्ने शंका लागेको थियो । मिति २०७१।०२।१७ गते बिहान एक्कासी मेरो श्रीमान्को मोबाइलमा फोन गरी तिम्रो छोरा हाम्रो कब्जामा छ रू १ करोड ५० लाख फिरौती दिएमा छोडिदिन्छौं नत्र जे पनि हुनसक्छ भनी फोनमा भनेपछि मेरो छोरालाई अपहरण गरी बन्धक बनाई राखेको रहेछ भन्ने पूर्ण विश्वास लागेको थियो। मेरो छोरा बिटुकुमार चौधरीलाई जाहेरी दरखास्तमा उल्लिखित राजु यादव, अमलदेव ठाकुरलगायतका व्यक्तिहरूले भक्तपुर कमलविनायकस्थित हाम्रो कवाडी पसल अगाडिबाट अपहरण गरी मोटरसाइकलमा कलंकीमा पुऱ्याई सो स्थानबाट गाडीमा राखी वीरगञ्ज हुँदै भारतको घोडासनमा पुऱ्याई मेरो छोरालाई बन्धक बनाई फिरौती रकम मागेका हुन् । अपहरणकारीले फिरौती रकम माग्दामाग्दै प्रहरी टोलीले घटनामा संलग्न अमलदेव ठाकुर, मनोजकुमार बैठा, भाग्यनारायण बैठा, दिनेश सिंह राजपुतसमेतका व्यक्तिहरूलाई प्रहरीले पक्राउ गरी प्रहरीद्वारा मेरो छोरालाई इन्डियास्थित घोडासनबाट सकुशल उद्धार गरेको हो। निज व्यक्तिहरूले मेरो छोरालाई अपहरण गरी शरीर बन्धक बनाई फिरौती रकमसमेत मागेको हुँदा निजहरूलाई कानूनबमोजिम कडा कारवाही गरिपाउँ भन्नेसमेत बेहोराको मेनुका जैसवाल चौधरीले मिति २०७१।३।१३ गते अनुसन्धानको क्रममा गरिदिएको घटना विवरण कागज।

मलाई राजु अंकलले चक्लेट खान दिएर हातमा समातेर घुमाउन घरबाहिर बाटोमा आएको, हिँड्दाहिँड्दै पिपिया बाइकमा राजु अंकल म बसी पिपिया बाइक अर्कोले चलाएर लगेको, त्यसपछि चार जनासमेतले गाडीमा राखी मलाई बिस्कुट, चाउचाउ, चक्लेट खुवाउँदै लगेको हो । चार जना मान्छेमध्ये राजु अंकललाई चिन्छु । अरूलाई चिन्दिन । मलाई इन्डिया लगेको हो । मैले ममीलाई नदेखेको हो, मलाई कसरी ममीलाई भेट्न ल्याए थाहा भएन भन्नेसमेत बेहोराको बिटुकुमार चौधरीले मिति २०७१।३।१३ गते अनुसन्धानको क्रममा गरेको कागज।

प्रतिवादी अमलदेव ठाकुरलाई २०६८ साल तिर बा.३ प.७४८५ नं. को मोटरसाइकल मैले रू.२० हजारमा बेचेको हो । किनेपश्चात् निज १।२ चोटी उक्त मोटरसाइकल बनाउन मेरो वर्कसपमा आएका थिए । मिति २०७१।०२।१४ गते साँझ अ.१८.३० बजेतिर पनि निजले मोटरसाइकल बिग्रियो यहीँ राखिदिनु म भोलि लिन आउँछु भनी मेरो वर्कसपमा राखी गएको थियो । भोलिपल्ट आई लिई गएको हो । निज उक्त मोटरसाइकल लिई आउँदा जाँदा एक्लै आएको थियो । निजले के कहाँबाट कस्तो घटना घटाए मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रेम महर्जनले मिति २०७१।३।१३ गते अनुसन्धानको क्रममा गरिदिएको कागज।

जाहेरीमा उल्लिखित फिरौती माग्न प्रयोग गरेको भनिएको ९८१३७०६५१३ नं. को मोबाइल नं. जिल्ला सर्लाही नोर्केलवा गा.वि.स. वडा नं.८ बस्ने वर्ष २० को दुर्गाप्रसाद यादवको नाममा रहेको छ भन्ने अपहरण घटना घटेपश्चात् प्रहरीले निजको खोजी गर्ने क्रममा मैले थाहा पाएको हुँ । निज दुर्गाप्रसाद यादव मेरो आफ्नै छोरीको छोरा नाति पर्ने मानिस हुन् । मिति २०७० साल मङ्सिर १४ गते दुर्गाप्रसाद यादव पढ्नको लागि अस्ट्रेलिया गएको हो । निज नेपालमा रहँदा बस्दा ९८१३८८९५७६ र ९८०३८८९७५० नं. को सिम कार्ड दुवै आफ्नो नाममा निकाली प्रयोगमा ल्याएका थिए । उक्त सिमकार्ड निजसँगै छ । निजको नागरिकता २०६८ सालअगावै हराएको हुँदा उक्त बेहोराको जानकारी तत्काल जिल्ला प्रशासन कार्यालय सर्लाहीमा दिई मिति २०६८।०६।२२ मा प्रथम नागरिकताको प्रतिलिपि लिएको हो। अपहरणमा प्रयोग गरेको ९८१३७०६८१३ नं. को सिम दुर्गाप्रसाद यादव स्वयम् उपस्थित भई निजले लिएको होइन । निजको हराएको नागरिकताको प्रयोग गरी अपहरणकारीले उक्त सिम लिएको हुन सक्छ। निजको नामबाट पटक–पटक सिम निकालिएको पाइएकोले उक्त सिम कार्डहरू रद्द गर्नसमेत मैले निवेदन

दिइसकेको छु। जसले गर्दा अपहरण घटनामा मेरो नाति दुर्गाप्रसाद यादवको कुनै संलग्नता छैन। निजको हराएको नागरिकताबाट प्रतिवादी भाग्यनारायण बैठासमेतका अपहरणकारीले निकाली मेरो नातिलाई फसाउन उक्त कार्य गरेको हो भन्नेसमेत बेहोराको राम प्रताप रायले मिति २०७१।३।१३ गते अनुसन्धानको क्रममा गरेको कागज।

जिल्ला काठमाडौं बलम्बु गा.वि.स. वडा नं. १ स्थितमा नारायण सुर्खेतीको घरको दोस्रो तल्लाको दक्षिणतर्फको कोठामा प्रतिवादी भाग्यनारायण बैठा डेरा लिई बस्ने गरेको भनिएको, उक्त कोठामा खानतलासी गर्दा अपहरण तथा शरीर बन्धक मुद्दामा प्रमाणमा लाग्ने चिजवस्तुहरू फेला नपरेको भन्नेसमेत बेहोराको मिति २०७१।३।१५ गते अनुसन्धानको क्रममा गरेको खानतलासी तथा बरामदी मुचुल्का।

Using the ESS, an evidence-based, normed, and standardized protocol for test data analysis, the grand total score of -4 equals the required cut-score of -4 for deceptive test. The level of statistical significance, is calculated at p=0.043, which is less than the required alpha boundary (α=.05), and indicates that only small proportion of truthful persons (4.3%) will produce an equal or greater test score. These results support the conclusion that there is DECEPTION INDICATED by the physiological responses to the test stimulus questions during this examination. The examinee's apparent lie regarding the target the issues under investigation during this examination does not preclude the possibility of additional information pertaining to issues outside the scope of this investigation, and any specific allegations or concerns should be investigated further until satisfactorily resolved. These test result are limited to the above reported target issues of concern and cannot be taken as a direct indicator of general or overall dishonesty and untrustworthiness. Instead, information in this report may be incorporated in a decision-support capacity in support of other assessment and investigative activities. भन्नेसमेत बेहोराको भाग्यनारायण बैठाको Polygraph Examination Report.

Using the ESS, an evidence-based, normed and standardized protocol for test data analysis, the grand total score of -17 exceeds the required cut-score of -4 for deceptive test. The level of statistical significance, is calculated at p=0.001, which is less than the required alpha boundary (α=.05), and indicates that only small proportion of truthful persons (0.1%) will produce an equal or greater test score. These results support the conclusion that there is DECEPTION INDICATED by the physiological responses to the test stimulus questions during this examination. The examinee's apparent deception regarding the target the issues under investigation during this examination does not preclude the possibility of additional information pertaining to issues outside the scope of this investigation, and any specific allegations or concerns should be investigated further until satisfactorily resolved. These test result are limited to the above reported target issues of concern and cannot be taken as a direct indicator of general or overall dishonesty and untrustworthiness. Instead, information in this report may be incorporated in a decision-support capacity in support of

other assessment and investigative activities. भन्नेसमेत बेहोराको मनोजकुमार बैठाको Polygraph Examination Report.

प्रतिवादी मनोजकुमार बैठालाई निज पनि काठमाडौंको बानेश्वरमा कवाडी पसल सञ्चालन गर्ने भएकोले निजले ढलान डण्डी ल्याई म कहाँ बेच्न ल्याउने क्रममा एक वर्ष अगाडिदेखि चिनेको हुँ। घटना हुनुभन्दा ४५।४६ दिन अगाडि निजले एक जना गरिब मान्छे छ। तिम्रो पसलमा काम लगाउनु पर्‍यो भनी २।३ पटक अनुरोध गरेकोले इमानदार छ भने ल्याई देऊ भनी मैले भनेको थिएँ। घटना हुनुभन्दा अ.३५ दिन अगाडि निजले बारा जिल्लाको कलैया घर बताउने राजु यादवलाई लिई आई मेरो कवाडी पसलमा काम लगाएको थियो। निज राजु यादव मेरो पसलमा काम गर्न थालेपछि पनि मनोजकुमार बैठाले निजलाई फोन सम्पर्क गरिरहन्थ्यो भन्नेसमेत बेहोराको जाहेरवाला राकेश चौधरीले गरिदिएको कागज।

मिसिल संलग्न तथ्य कागज प्रमाणबाट जाहेरवाला राकेश चौधरीको अढाई वर्षको नाबालक छोरा बिटुकुमार चौधरीलाई प्रतिवादीहरू भाग्यनारायण बैठासमेतको योजनाअनुसार निजकै चिनजानका भारतीय नागरिक राजु यादवलाई जाहेरवालाको सूर्यविनायक बाराहीस्थान स्थित न्यू मुस्कान सप्लायर्समा एक महिनाअगाडि काममा लगाई दिएको र निज प्रतिवादी राजु यादवले बच्चालाई मिति २०७१।२।१४ गते जाहेरवालाको घरबाट बाहिर निकाली अमलदेव ठाकुरको मोटरसाइकलमा राखी निज अमलदेव ठाकुर, मनोजकुमार बैठा, राजु यादवसमेतले भारत घोडासन भन्ने ठाउँमा लगेको र प्रतिवादी दिनेश सिंहले राधेश्याम मुखिया, सुरेन्द्र ठाकुरसमेतको सहयोगमा उक्त अपहरित बालकलाई त्यहाँ राखेको, प्रतिवादीहरूले जाहेरवालासँग एक करोड पचास लाख फिरौतीबापतको रकम माग गरेको, सो रकम माग गर्न प्रयोग भएको सिम कार्डहरू बरामद भएको, अपहरित बालकको फोटोसहितको मेमोरी कार्ड बरामद भएको, अपहरित बालकले गरेको कागज, अपहरण गर्न प्रयोग भएका विभिन्न मोबाइल नं. (९८०३७०७८७६ र ९७०८१५६३६१) तथा फिरौती माग गर्न प्रयोग भएको ९८१३७०६५१३ नं. को मोबाइल नं. हरूको Call details बाट समेत विरूद्ध खण्डका प्रतिवादीहरू भाग्यनारायण बैठा, मनोजकुमार बैठा, दिनेश सिंह राजपुत, अमलदेव ठाकुरसमेत हाल फरार रहेका राधेश्याम मुखिया, सुरेन्द्र ठाकुर, अध्या राय, राजु यादव, भारतीय छक्का र एक जना लेडिजसमेतको प्रत्यक्ष संलग्नतामा संगठितरूपमा भाग्यनारायण बैठाको योजनाबमोजिम जाहेरवालाको नाबालक छोरा बिटुकुमार चौधरीलाई अपहरण गरी भारतमा लगी बन्धक बनाई फिरौती मागेको र फिरौती रकम बुझाउन नपाउँदै बालकको सकुशल उद्धार गरिएको पुष्टि भएकोले निज विरूद्ध खण्डका प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीतको कसुर भएकोले निज प्रतिवादीहरूलाई सोही महलको ३ नं. बमोजिम सजाय गरी सोही महलको ७ र ९ नं. बमोजिम थप सजायसमेत हुन र जाहेरवाला तथा पीडित बालकलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सोही महलको १२ नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउन र वारदातमा प्रयोग भएका बरामदित सामानहरू र बा.३ प.७४८५ नं. को मोटसाइकलसमेत जफत हुनुका साथै प्रतिवादी दिनेशसिंह राजपुत हाल जिल्ला प्रहरी कार्यालय, बारामा हातहतियार खरखजना मुद्दामा पक्राउ परी बारामा रहेको हुँदा निजको हकमा त्यँहा सम्मानित अदालतबाटै झिकाई कानूनबमोजिम गरी पाउन र उक्त मुद्दामा वारदातपश्चात् फरार रहेका अध्या राय, राजु यादव, राधेश्याम मुखिया, सुरेन्द्र ठाकुर, इन्डियन छक्का, मेमोरी कार्ड लिई आउने महिलासमेतको हकमा यकिन नाम थर वतन खुली आएको बखत मुलुकी ऐन, अ.बं. को ८८ नं. बमोजिम पुरक अभियोग पत्र पेस गरिने, साथै प्रतिवादी अमलदेव ठाकुरका हकमा निज विरूद्ध जिल्ला प्रहरी कार्यालय बारामा शम्भुप्रसाद प्रजापतीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निजसमेत भएको कर्तव्य ज्यान र अपहरण तथा शरीर बन्धक मुद्दा अनुसन्धानमा रहेको भन्नेसमेत बेहोराको अभियोग पत्र।

जाहेरवालासँग चिनजान छैन, प्रतिवादीमध्येका

दिनेश सिंह इन्डियन मानिस हो, मनोज बैठा, भाग्यनारायण बैठा र मसमेत मधेस तराई फोरम पार्टीका नेता कार्यकर्ता हुँदा चिनजानबाहेक अरू केही छैन । म कलैयामा फर्निचर पसल गरी बसेकोमा भाग्यनारायण बैठाले काम छ भनी काठमाडौं बोलाई बानेश्वरमा रहेको मनोजको कवाडी पसलमा जम्मा भएपछि भाग्यनारायण बैठाले राकेश चौधरीसँग धेरै पैसा भएकोले उसको छोरालाई अपहरण गर्ने योजनाबमोजिम राकेश चौधरीको कवाडी पसलमा काम गर्ने राजु यादवमार्फत बच्चा अपहरण गरी मेरो बा. ३ प. ७४८५ नं.को मोटरसाइकलमा राखी कलंकी पुऱ्याई, त्यँहाबाट पूर्वको गाडीमा राखी पथलैयाबाट ट्रकमा राखी वीरगंज पुऱ्याई वीरगञ्जबाट ट्याम्पोमार्फत रक्सौल र रक्सौलबाट जिप चढी भारतको घोडासनसम्म पुऱ्याउन बच्चा लैजाने योजनाकार मनोज बैठा भएकोले मैले सजाय पाउने होइन । बच्चा दिन म, राजु यादव, मनोजकुमार बैठा र एउटा भारतीय छक्का गएका थियौं । मेरो मोबाइल नं.९८४५४०१४२९ र भाग्यनारायण बैठा मोबाइल नं.९८१३७०६५१३ हो साथै अरू ३ वटा सिम अपहरणमा प्रयोग गर्न भनी मनोज बैठाले दिएका हुन् । खानतलासी मुचुल्कामा उल्लेख भएका सिम, मोबाइल मेरो साथबाट बरामद भएकोमा उक्त सिम मोबाइल भाग्यनारायणले दिनेश सिंहलाई दिन भनी दिएका हुन् । मेरो मोबाइल नं. ९८१३७०६५१३ बाट अध्या रायले फिरौती माग गरी उक्त सिम कार्डहरू मलाई छाडेकोले मसँगबाट बरामद भएको हो । बच्चा अपहरणका योजनाकार भाग्यनारायण, मनोज बैठा, मेरो, राजु यादव र भारतीय छक्काको संलग्नता छ । मनोज बैठाले को सँग पैसा टन्न छ भनी पत्ता लगाउने, भाग्यनारायण बैठाले अपहरणको योजना बनाउने, दिनेश सिंहले आवश्यक हात–हतियारको व्यवस्था मिलाउने र अपहरण गरेको बच्चा घोडासनबाट जिम्मा लिने काम गर्दथे भनी गरेको बयान बेहोरा ठीक छ । भाग्यनारायण बैठाले अनुसन्धानको क्रममा गरेको बयान झुट्ठा हो, अपहरणको योजनाकार निज नै हुन्, उक्त योजनामा अरूले सहयोग पुऱ्याएका हुन् । मनोज बैठाले अनुसन्धानको क्रममा गरेको बयान भुट्टा हो, मेरो साथबाट बरामद भएका ९८१३७०६५१३, ९८१८९४८०४९ र ९८०३७०७८७६ नं. को सिमहरू अपहरणपछि फिरौती माग्न भनी निज मनोज बैठाले नै मलाई दिएका हुन् । मैले गरेको ततिम्बा बयानको बेहोरा ठीक हो । दाबीका सिमहरू मबाट नै बरामद भएका हुन्, बच्चाको फोटो खिची मलाई दिनेश सिंहले एक महिलामार्फत घोडासनसम्म पठाएकोमा मैले आफ्नो मोबाइलमा उक्त मेमोरी राखेको अवस्थामा पक्राउ गरिएको हो । भाग्यनारायण बैठा, मनोजकुमार बैठासँग मेरो कुनै रिसइवी, झै–झगडा नभई मैले रिसले निजहरूको नाम पोल गरी बयान गरेको होइन । विकासकुमार यादव, मेनुका जैसवाल, बिटु चौधरी, राम प्रताप रायसमेतले गरिदिएको घटना विवरण कागज ठीक हो । मैले प्रयोग गरेको बा.३ प ७४८५ नं.को मोटरसाइकल मैले २०६८ सालमा रू.२०,०००।- तिरी प्रभु महर्जनबाट किनेको हो । भाग्यनारायण बैठा र मनोजकुमार बैठाको Polygraph Examination Report को सम्बन्धमा मलाई केही थाहा छैन भन्नेसमेत प्रतिवादी अमलदेव ठाकुरले भक्तपुर जिल्ला अदालतसमक्ष गरेको बयान ।

जाहेरवाला, प्रतिवादीमध्येको भाग्यनारायण बैठा, अमलदेव ठाकुरसँग चिनजान छ, भाग्यनारायण बैठा गाउँका भिनाजु नाताका हुन् । जाहेरवाला राकेश चौधरीको नाबालक छोरा बिटु चौधरीलाई मिति २०७१/०२/१४ गते अपहरण गरी भारतको घोडासनमा पुऱ्याएको सम्बन्धमा मलाई केही थाहा छैन । अभियोगपत्रअनुसारको दाबीको कसुरमा म निर्दोष छु । मिति २०७१/०२/१४ गते म आफ्नो कवाड पसल बानेश्वरमा थिएँ । मिति २०७१/०२/२७ गतेको मउपर समेत किटानी जाहेरी दिएकोबारेमा मलाई केही थाहा छैन, पहिला मलाई हनुमानढोका प्रहरीले पक्राउ गरी सार्वजनिक अपराधमा कारवाही चलाएपछि मलाई यहाँ ल्याएका हुन् । प्रतिवादी अमलदेव ठाकुरलाई निजको छोरा विदेश पठाउन रू.५०,०००।- दिएको थिएँ, सोही पैसा फिर्ता गर्नुपर्ला भनी निजले मलाई समेत पोली अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गरेका हुन्, मैले दाबीको कसुर गरेको छैन । मेरो

मोबाइल नं.९८५११५८४१९, ९८१३७०६५१३, ९८१८९४८०४९ र ९८०३७०७८७६ नं. को सिमकार्डहरूको बारेमा मलाई थाहा छैन, साथै उक्त सिमहरू मैले अमलदेव ठाकुरलाई दिएको छैन । मेरो मोबाइल नं.९८५११५८४१९ र अमलदेव ठाकुरको मोबाइल नं. ९८४५४०१४०९ बीच भएको फोनको बेहोरा मसँग लिएको पैसा फिर्ता दिने सम्बन्धमा हामीबीच कुराकानी भइरहन्थ्यो । प्रतिवादी दिनेश सिंहले गरेको बयान झुट्ठा हो, बच्चा अपहरणमा किन मेरो संलग्नता छ भनी लेखाएको हो, जाहेरवालाको छोरालाई अपहरण गरी भारत पुऱ्याई जाहेरवालासँग डेढ करोड फिरौती मागेको छैन । म र प्रतिवादी भाग्यनारायण बैठाले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानको बेहोरा ठीक हो । अमलदेव ठाकुरको ततिम्बा बयानअनुसार भाग्यनारायण बैठाको योजनामा बच्चा अपहरणको योजनामा मैले बच्चा चिनाउने, घटना घटाउने, फिरौती रकम माग्ने योजना बनाएको होइन । मेनका जैसवालको बच्चा अपहरण भएको बारेमा मलाई थाहा छैन म र भाग्यनारायण बैठाको Polygraph Examination Report को सम्बन्धमा मलाई केही थाहा छैन, राजु यादवलाई म चिन्दिन भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार बैठाले भक्तपुर जिल्ला अदालतसमक्ष गरेको बयान ।

जाहेरवाला राकेश चौधरी र प्रतिवादीमध्येका दिनेश सिंहसँग चिनजान छैन, प्रतिवादीमध्येका अमलदेव ठाकुरसँग सामान्य चिनजान छ, प्रतिवादीमध्येका मनोजकुमार बैठा गाउँका साला नातामा पर्छ । मैले अभियोग दाबीको कसुर अपराध गरेको छैन । दाबीको कसुरमा मेरो कुनै संलग्नता नभएको हुँदा निर्दोष छु सफाइ पाउँ किटानी जाहेरीमा बच्चा अपहरण गर्ने अमलदेव ठाकुर र दिनेशसिंह पक्राउ परेपछि मेरो नाम पोल गरेका हुन् मलाई प्रहरी परिसर हनुमानढोकामा केही सार्वजनिक अपराधमा पक्राउ गरी त्यसपछि प्रस्तुत मुद्दामा ल्याएका हुन् । प्रतिवादी अमलदेव ठाकुरले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयान झुट्ठा हो, बच्चा अपहरणको मुख्य योजनाकार म होइन, मलाई फसाउन त्यस्तो बयान गरेका हुन् । प्रतिवादी दिनेश सिंहलाई म चिन्दिन, निजले मलाई फसाउन त्यस्तो बयान निजले नै जानुन् । म र मनोजकुमार बैठाले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ठीक हो, मेरो बयानमा भएको सहिछाप समेत मेरै हो । ९८५१०७४६८१, ९८५११७४६८१, ९८४१३१९३१३ मा मोबाइलहरू मेरो हो, मेरो मोबाइल नं.९८४१३१९३१३ बाट अमलदेव ठाकुरको मोबाइल नं.९८४५४०१४०९मा कुराकानी पहिला एउटै पार्टीमा हुँदा गरेको हुँ, अहिले गरेको छैन । मैले अमलदेवलाई कुनै सिम दिएको छैन । प्रतिवादी अमलदेव ठाकुरको ततिम्बा बयान झुट्ठा हो, मैले बच्चा अपहरणको योजना बनाउने, भारतबाट छक्कासमेत झिकाई भक्तपुर हुदै कलंकीबाट बच्चालाई अपहरण गरी घोडासनसम्म पुऱ्याउने काम गरेको छैन । मिति २०७१।३।१५ को खानतलासी मुचुल्काको बेहोरा ठीक हो भन्नेसमेत बेहोराको प्रतिवादी भाग्यनारायण बैठाले भक्तपुर जिल्ला अदालतसमक्ष गरेको बयान ।

मिति २०७१/०२/१४ गते म भारतको झारखण्ड कोडारमा थिएँ । त्यसदिन अमलदेव ठाकुरले मेरो मोबाइलमा फोन गरेको र मलाई अमलदेवले राजविराज आउनु भने, मैले किन आउनु भन्दा अमलदेव ठाकुरले काठमाडौंबाट एउटा बच्चा अपहरण गरी ल्याएको छ त्यो बच्चा वीरगञ्जमा एक रात राखी इन्डियामा निजको सालो सुरेन्द्र ठाकुरको घरमा राखेको छ भने त्यसपछि सुरेन्द्रले त्यो बच्चा म राख्दिन भनेछन् र अमलदेव ठाकुरले मसँग मनोज बैठा, राजु यादव र मलाई नाम थाहा नभएकी एकजना महिलासमेत भई काठमाडौंबाट बच्चा अपहरण गरेर ल्याएको छ कसैले त्यो बच्चा इन्डियामा राख्छ भने भने नेपाली रू.४,००,०००।- दिन्छु कोही मानिस खोज भनी मलाई फोनमा भनेपछि भारत मखिया गाउँको राधेश्याम, विक्रम नाम गरेको मानिस मैले अमलदेवसमेतसँग सम्पर्क गराई दिएको हो । निजहरूले बच्चा लगेर राखे । मलाई जबरजस्ती फोनबाट कसम ख्वाई राजविराज बोलाए, म राजविराज गएपछि त्यहीँ मलाई पक्राउ गरियो । मलाई त्यो बच्चा कहाँ छ निकाल तिमीलाई छाडी दिन्छु भनी

एस.पि.साहेबले भनेपछि मैले मदन रायसँग सम्पर्क गराएँ र मेरो इन्डियाको २ कट्ठा जग्गा नै रू.४,००,०००।- बापत पास गरिदिएपछि नेता मदन रायसमेतका मानिसले बच्चालाई नेपाल ल्याइदिएछन् मलाई कलैया थुनामा राखेको थियो । मैले राधेश्याम र विक्रम भन्ने मानिसलाई अमलदेवसँग सम्पर्क गराएकोसम्म हो राजु यादव र सुरेन्द्र ठाकुरको आफन्त एकजना महिलाले लगी बच्चालाई राधेश्याम र विक्रमलाई दिएछन्, सो कुरा राधेश्यामले मलाई फोनबाट भनेको हो अरू मेरो भूमिका छैन भन्नेसमेत बेहोराको प्रतिवादी दिनेशसिंह राजपुतले भक्तपुर जिल्ला अदालतसमक्ष गरेको बयान ।

पीडित बिटु चौधरीले बुबा राकेश चौधरीको संरक्षकत्वमा अनुसन्धानको क्रममा गरेको कागजलाई समर्थन गरी गरेको बकपत्र मिसिल संलग्न रहेको ।

अनुसन्धानको क्रममा प्रतिवेदन पेस गर्ने प्रतिवेदक प्र.ना.नि. प्रविण घिमिरेले मौकाको प्रतिवेदनलाई समर्थन गरी गरेको बकपत्र मिसिल संलग्न रहेको ।

अनुसन्धानमा कागज गर्ने विकासकुमार यादव, मौकामा कागज गर्ने मेनुका चौधरी र दिपक रियालसमेतले मौकामा गरेको कागजलाई समर्थन गरी गरेको छुट्टाछुट्टै गरेको बकपत्र मिसिल संलग्न रहेको ।

प्रतिवादी भाग्यनारायण बैठाको साक्षी देवनाथ बैठा र उपेन्द्र बैठा, प्रतिवादी अमलदेव ठाकुरको साक्षी दिनेशप्रसाद चौरसीया, प्रतिवादी मनोजकुमार बैठाको साक्षी सुवास बैठासमेतले गरेको छुट्टाछुट्टै बेहोराको बकपत्र मिसिल संलग्न रहेको ।

जाहेरवाला राकेश चौधरीले मौकामा प्रहरीसमक्ष दिएको जाहेरीलाई समर्थन जनाई गरेको बकपत्र मिसिल संलग्न रहेको ।

विशेषज्ञ प्र.ना.नि. रामप्रसाद पाण्डेले प्रतिवादी भाग्यनारायण बैठा र प्रतिवादी मनोजकुमार बैठासमेतको पोलीग्राफ प्रतिवेदनका सम्बन्धमा गरेको बकपत्र मिसिल संलग्न रहेको ।

प्रतिवादीमध्येका भाग्यनारायणले फिरौती रकम प्राप्त गर्न मानिस अपहरण गर्ने सोच राख्दै आएको, जाहेरवालाको छोरालाई अपहरण गर्ने र बन्धक बनाई फिरौती लिने कार्यको योजना बनाउने, समय र स्थानको बन्दोबस्त मिलाउने, कार्य विभाजन गर्ने, निर्देशन दिने गरेको देखिएको, मनोज बैठा निकट रूपबाट उपर्युक्त कार्यमा सरिक रही अपहरण गरी कलंकीदेखि भारतसम्म पुऱ्याउने कार्यमा प्रत्यक्षरूपमा संलग्न रहेको, फिरौती माग गर्ने कार्य गरेको देखिएकोले २ जनाभन्दा बढी व्यक्तिहरू मिली संगठितरूपमा फिरौती लिने उद्देश्यले नाबालकलाई अपहरण गरेको र बन्धक बनाएको देखिएबाट निज भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. को कसुरमा ३ नं. बमोजिम १० वर्ष, ऐ.महलको ७ र ९ नं. अनुसार २/२ वर्ष गरी जनही जम्मा १४(चौध) वर्ष कैद हुने र ऐ.महलको ३ नं.अनुसार जनही दुई लाख रूपैयाँ जरिवाना हुने ठहर्छ । प्रतिवादी दिनेशसिंह राजपुत, बिटु चौधरीको अपहरण गर्ने कार्यमा भौतिकरूपमा सरिक नरहे पनि प्रतिवादी भाग्यनारायण बैठाको योजनामा सहमत भएको देखिएको, अपहरण गरी भारतमा पुऱ्याएपछि बन्धक बनाई राख्ने कार्यको बन्दोबस्ती गरी बन्धक बनाई राख्ने व्यक्ति र स्थान मिलाई दिएको देखिएकोमा अनुसन्धानको सिलसिलामा वास्तविकता खुलाई दिएकाले अनुसन्धान कार्यमा सहयोग पुग्न गएको, अपहरित बालकलाई सकुशल फिर्ता गर्न पहल गरेकोसमेतको अवस्थालाई विचार गर्दा कसुरमा इन्कार रहने मुख्य प्रतिवादीहरू सरह नै सजाय गर्न मनासिब नहुने भएबाट अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ३ नं.अनुसार ८ वर्ष, ऐ.महलको ७ र ९ नं. अनुसार २।२ वर्ष गरी जम्मा १२(बाह्र) वर्ष कैद हुने र ऐ.को ३ नं. अनुसार एक लाख पचास हजार रूपैयाँ जरिवाना हुने ठहर्छ । अमलदेव ठाकुरको हकमा विचार गर्दा अपहरण गरी भारत सीमासम्म पुऱ्याउने, बन्धक राख्ने र फिरौती रकम माग गर्ने विषयमा प्रत्यक्षरूपमा संलग्न रहेको देखिएकोमा निजले कसुरसँग सम्बन्धित प्रारम्भदेखि अन्त्यसम्मको यथार्थ विवरण खुलाई अपराध अनुसन्धानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुऱ्याएको, दिनेश सिंहमार्फत नै

अपहरित बालकलाई सकुशल फिर्ता गर्नसमेत भूमिका निर्वाह गरेको, कसुर गरेमा पश्चातापको भावना व्यक्त गरेको समेतका पक्षलाई विचार गर्दा कसुरमा इन्कार रहने मुख्य कसुरदारहरू सरह नै सजाय गर्न उचित हुनसक्ने देखिएन । अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १० नं. अनुसारको सुविधा अमलदेवले पाउनु पर्ने भनी निजको कानून व्यवसायीले बहसको क्रममा जिकिर गर्नुभएतर्फ विचार गर्दा कसुर गर्दागर्दैको अवस्थामा सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गरेको अवस्था नदेखिँदा उक्त कानूनी व्यवस्था नै आकर्षित हुनसक्ने देखिएन । तथापि प्र.अमलदेवको हकमा उल्लिखित अवस्थालाई विचार गर्दा कानूनद्वारा निर्धारित न्यूनतम सजाय गर्नसम्म मनासिब हुने लागेको हुँदा प्र.अमलदेव ठाकुरलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७ वर्ष, ऐ. महलको ७ र ९ नं. बमोजिम २।२ वर्ष गरी जम्मा ११(एघार) वर्ष कैद र ऐ.को ३ नं. अनुसार एक लाख रूपैयाँ जरिवाना हुने ठहर्छ । फिरौती रकम तिर्न परेको नदेखिँदा फिरौतीको बिगोबापत प्रतिवादीहरूलाई थप जरिवाना गरिरहन पर्ने देखिएन । क्षतिपूर्तिको हकमा विचार गर्दा, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२ नं. को कानूनी व्यवस्थाको आधारमा क्षतिपूर्तिबापत दुई लाख रूपैयाँ प्रतिवादीहरू चारैजनाबाट दामासाहीले असुल गरी पीडित बिटु चौधरीकी आमा मेनुका जयसवाललाई झिकाई भराई दिनेसमेत ठहर्छ । अभियोगसाथ पेस भएको कसुर गर्ने कार्यमा प्रयोग भएको मोटरसाइकल जफत गर्न भनी दाबी लिएको देखिएको, त्यस्तो सामान जफत गर्नेसम्बन्धी कानूनी व्यवस्था अपहरण गर्ने तथा शरीर बन्धक लिने महलमा नपाइएकोले कानूनद्वारा नतोकिएको कार्य गर्न नमिल्ने हुँदा बरामद भएको मोटरसाइकल जफत गर्नुपर्ने भन्नेसम्मको अभियोग दाबी पुग्नसक्ने देखिएन भन्नेसमेत भक्तपुर जिल्ला अदालतको मिति २०७१।९।२० को फैसला ।

अपहरण भएको नाबालक बिटु चौधरीले अनुसन्धानको क्रममा र अदालतसमक्ष दिएको अभिव्यक्तिसमेतमा राजु अंकललाई चिन्दछु अरूलाई चिन्दिन भनी म भाग्यनारायण बैठाको नाम उल्लेख नगरेकोबाट म भाग्यनारायण बैठाको अपहरण गर्ने तथा फिरौती माग्ने कार्यमा संलग्नता नरहेको कुरा पुष्टि भएको छ । नाबालक बिटु चौधरीलाई अपहरण गर्नेदेखि उद्धार गर्ने कार्यसम्मको कारवाहीमा म पुनरावेदकको संलग्नता कहीँकतै नदेखिएको अवस्था छ । फिरौती माग्ने काम अमलदेव र निजको सहयोगी अध्या रायले गरेको देखिएको छ । पुनरावेदकको हकमा Call detail लाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्नेमा अमलदेव ठाकुर र जाहेरवालाबीचको Call details लाई म भाग्यनारायण बैठाको विरूद्ध प्रमाणको रूपमा ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण छ । सहअभियुक्त अमलदेव ठाकुर र दिनेश सिंहको झुठो बयानको आधारमा तयार गरिएको जाहेरी दरखास्तको आधारमा म पुनरावेदकलाई सजाय गरिएको फैसला प्रतिपादित नजिर तथा कानूनी सिद्धान्तविपरीत छ । अपहरण गर्ने तथा शरीर बन्धक लिने जस्तो गम्भीर फौजदारी कसुरमा प्रत्यक्ष प्रमाणविना नै शंकाको भरमा म पुनरावेदकलाई मुख्य अभियुक्तको रूपमा अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १ र २ को कानूनी प्रावधानको प्रयोगमा गम्भीर कानूनी त्रुटि गरी सजाय गरेको भक्तपुर जिल्ला अदालतको मिति २०७१।९।२० को फैसला म पुनरावेदकको हकमा उल्टी गरी अभियोग दाबीबाट फुर्सद गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी भाग्यनारायण बैठाको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र ।

अपहरण भएको नाबालक बिटु चौधरीले अनुसन्धानको क्रममा र अदालतसमक्ष दिएको अभिव्यक्तिसमेतमा राजु अंकललाई चिन्दछु अरूलाई चिन्दिन भनी म मनोजकुमार बैठाको नाम उल्लेख नगरेकोबाट हामी मनोजकुमार बैठाको अपहरण गर्ने तथा फिरौती माग्ने कार्यमा संलग्नता नरहेको कुरा पुष्टि भएको छ । नाबालक बिटु चौधरीलाई अपहरण गर्नेदेखि उद्धार गर्ने कार्यसम्मको कारवाहीमा म पुनरावेदकको संलग्नता कहीँकतै नदेखिएको अवस्था छ । फिरौती माग्ने काम अमलदेव र निजको मानिस

अध्या रायले गरेको देखिएको छ । पुनरावेदकको हकमा Call detail लाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्नेमा अमलदेव ठाकुर र जाहेरवालाबीचको Call details लाई म मनोजकुमार बैठाको विरूद्ध प्रमाणको रूपमा ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण छ। सहअभियुक्त अमलदेव ठाकुर र दिनेश सिंहको झुठो बयानको आधारमा तयार गरिएको जाहेरी दरखास्तको आधारमा म पुनरावेदकलाई सजाय गरिएको फैसला प्रतिपादित नजिर तथा कानूनी सिद्धान्तविपरीत छ । अपहरण गर्ने तथा शरीर बन्धक लिने जस्तो गम्भीर फौजदारी कसुरमा प्रत्यक्ष प्रमाण विना नै शंकाको भरमा म पुनरावेदकलाई मुख्य अभियुक्तको रूपमा अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १ र २ को कानूनी प्रावधानको प्रयोगमा गम्भीर कानूनी त्रुटि गरी सजाय गरेको भक्तपुर जिल्ला अदालतको मिति २०७१।८।२० को फैसला म पुनरावेदकको हकमा उल्टी गरी अभियोग दाबीबाट फुर्सद गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मनोजकुमार बैठाको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र।

मिति २०७१/०२/१४ गते अपहरण भएको बालक बिटु चौधरीलाई मिति २०७१/०२/१६ गते जाहेरवाला राकेश चौधरीले बुझिसकेपछि २०७१/०२/१७ गते परेको जाहेरी तथा मिति २०७१/०२/२७ गते भएको बरामदी मुचुल्का After Thought रहेको स्वतः छर्लङ्ग छ । लाग्नै नसक्ने प्रमाण लगाई भएको फैसला त्रुटिपूर्ण छ । कसुरसँग सम्बन्धित प्रारम्भदेखि अन्त्यसम्मको यथार्थ विवरण खुलाई अपराध अनुसन्धानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुऱ्याएको र दिनेश सिंहमार्फत नै अपहरित बालकलाई सकुशल फिर्ता गर्नसमेत भूमिका निर्वाह गरेको भन्ने ठहऱ्याउने भक्तपुर जिल्ला अदालतले वादीको साक्षीसरह मलाई निर्दोष घोषित गरी सफाइ दिनुपर्नेमा कसुरदार ठहऱ्याई गरेको फैसला मिलेको छैन। म निर्दोष रहेको प्रस्ट छ । उसमा पनि अपराध स्वीकार गर्ने व्यक्तिलाई सजाय नगर्नेसमेत कानूनी व्यवस्था रहेको विपरीत प्रस्तुत फैसला भएको छ। म पुनरावेदक अपराधी नरहेकोले कसुरदार ठहराई निर्णय गर्न मिल्दैन । कुनै पनि प्रमाणको रोहमा म कसुरदार रहेको पुष्टि भएको छैन। मलाई कसुरदार ठहऱ्याई गरेको सजाय सबुद प्रमाणविपरीत त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी म पुनरावेदकलाई निर्दोष घोषित गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी अमलदेव ठाकुरको पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र।

प्रतिवादी अमलदेव ठाकुरले मौकामा बयान गर्दा मिति २०७१/०२/१४ गते साँझ १६.०० बजेको समयमा म, मनोजकुमार बैठा भक्तपुर सूर्यविनायक स्थितमा गई राजु यादवले जाहेरवालाको छोरालाई चक्लेट खुवाउँदै घरबाट बाहिर ल्याएपछि मेरो आफ्नै नाममा रहेको बा.३ प. ७४८५ नं. को हिरो होण्डा मोटरसाइकलमा म आफैँले चलाई राजु यादवलाई मोटरसाइकल पछाडि र बच्चालाई बीचमा राखी जाहेरवालाको छोरालाई अपहरण गरी बन्धक बनाई फिरौती माग्ने उद्देश्यले अपहरण गरेका हौं भनी बयान गरेको देखिन्छ। अपहरित बालक बिटुकुमार चौधरीले अदालतमा आई बकपत्र गर्दा राजु अंकलले चक्लेट दिई पिपिया (मोटरसाइकल) मा चढाई लगेको भनी बकपत्रका क्रममा लेखाई दिएकोले बा.३ प. ७४८५ नं. को हिरो होण्डा मोटरसाइकल वारदातमा प्रयोग भएको पुष्टि भएको छ। कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरबाट प्राप्त सम्पत्ति वा कसुरसँग सम्बन्धित साधन कसुरदार वा अन्य जुनसुकै व्यक्तिसँग रहे भएको भए तापनि जफत हुनेछ भनी स्पष्ट व्यवस्था गरेको छ । वारदातमा प्रयोग भएको बा.३ प. ७४८५ नं. को हिरो होण्डा मोटरसाइकल जफत नगरी भएको भक्तपुर जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा अभियोग मागदाबीबमोजिम मोटरसाइकल जफत गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनपत्र।

यसमा प्रतिवादी भाग्यनारायण बैठा अदालतमा समेत आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिएको अवस्थामा केवल सहअभियुक्तहरूको

पोलको आधारमा मात्र निजलाई समेत सजाय गर्ने गरी सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा छलफलका लागि अ.बं. २०२ नं. एवं पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ वादी नेपाल सरकार पुनरावेदन सरकारी वकिल कार्यालय, पाटनलाई छलफल पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७२।४।२६ मा भएको आदेश।

यसमा यसै मुद्दाका प्रतिवादीहरूबाट पर्न आएको ०७१–CS-१५९५, ०७१–CS-१५९६ र ०७१–CS-१७२४ का पुनरावेदनपत्रहरूमा विपक्षी झिकाउने आदेश भइसकेको सन्दर्भमा नेपाल सरकारको तर्फबाट पर्न आएको प्रस्तुत पुनरावेदनपत्र पनि ती मुद्दाहरूसँग अन्तरप्रभावी हुँदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ थुनामा रहेका प्रतिवादीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०७२।७।१५ मा भएको आदेश।

प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई जनही जम्मा चौध वर्ष कैद र रू २,००,०००।– (दुई लाख) जरिवाना हुने तथा बरामद भएको मोटरसाइकल जफत नहुने गरी भएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७१।९।२० को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको ३ नं. बमोजिम आठ वर्ष कैद, सोही महलको ७ र ९ नं. बमोजिम क्रमशः दुईदुई वर्ष थप कैद गरी जम्मा जनही बाह्र वर्ष कैद र सोही महलको ३ नं. अनुसार जनही जरिवाना रू.१,५०,०००।–(एकलाख पचास हजार) हुने र बरामद भएको मोटरसाइकल जफत हुने तथा अरूमा सुरू जिल्ला अदालतको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीहरू भाग्यनारायण बैठा, मनोजकुमार बैठा र अमलदेव ठाकुरको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने बेहोराको मिति २०७२/०८/२० को पुनरावेदन अदालत पाटनको फैसला।

जाहेरवालाले जाहेरीमा मेरो नामसम्म उल्लेख गरेका रहेछन्। सो जाहेरीमा मेरो के, कस्तो संलग्नता थियो भन्ने खुलाउन सकेका छैनन् जसले गर्दा मेरो निर्दोषिता पुष्टि भएकै छ । जाहेरी आफैँमा प्रमाण होइन। जाहेरी सूचनासम्म हो। सो सूचनालाई पुष्ट्याइँ गर्ने स्वतन्त्र आधार र प्रमाण नभएमा सोलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन। त्यसमा पनि अपहरण भएको भनिएको नाबालक बिटु चौधरीसमेतले अनुसन्धानको क्रममा र अदालतसमक्ष गरेको बकपत्रमा राजु अंकललाई चिन्दछु अरूलाई चिन्दैन भनी म पुनरावेदकको नामसमेत उल्लेख गर्न सकेका छैनन्। तथ्य कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरसमेतको आधारमा म पुनरावेदकलाई हराउने गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३, ५४ मुलुकी ऐन, शरीर बन्धक तथा अपहरणको महलको ३, ७, ९ को व्याख्यात्मक त्रुटि रहेको र फौजदारी न्यायको मान्य सिद्धान्तको समेत विपरीत भएकोले सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७१/९/२० को फैसला केही उल्टी गरी र बाँकी सदर गरी मिति २०७२/०८/२० मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला उल्टी गरी म पुनरावेदकलाई अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक भाग्य नारायण बैठाको यस अदालतमा दर्ता हुन आएको पुनरावेदनपत्र।

म पुनरावेदकको अपहरण गर्ने तथा फिरौती माग्ने कार्यमा प्रत्यक्षरूपमा संलग्नता रहेको कुरा कुनै पनि स्वतन्त्र प्रमाणबाट पुष्टि भएको छैन। अपहरण गर्ने कार्यमा प्रयोग भएको मोटरसाइकल अमलदेव ठाकुरको भएको अनुसन्धानबाट देखिएको छ । नाबालकलाई अपहरण गर्ने तथा भारत पुऱ्याउने कार्यमा म पुनरावेदकको संलग्नता रहेको कुरा कुनै प्रमाणबाट पुष्टि भएको छैन। र नाबालकले पनि मेरो नाम उल्लेख गर्न सकेको पाइँदैन । दिनेश सिंहको झुट्ठा भनाइको आधारमा तयार गरिएको जाहेरी दरखास्तको आधारमा म

पुनरावेदकलाई सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७१/९/२०को फैसला केही उल्टी गरी र बाँकी सदर गरी मिति २०७२/०८/२० मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला उल्टी गरी म पुनरावेदकलाई अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक मनोजकुमार बैठाको यस अदालतमा दर्ता हुन आएको पुनरावेदनपत्र ।

प्रस्तुत मुद्दामा कुन प्रतिवादीको के कसुर गरेको हो भनी कसुरको मात्रा निर्धारण गरिएको अवस्था छैन । फौजदारी न्यायको सिद्धान्तअनुसार प्रतिवादीको कसुरको मात्रा हेरेर मात्र सोबमोजिम दण्ड सजाय गर्नुपर्ने हो । म पुनरावेदक अमलदेव ठाकुर कसुरमा साबिती भई बयान गरेपनि मेरो कसुरको मात्रालाई हेर्ने हो भने अपहरित भएको बालकलाई अपहरण गर्दाको समयदेखि अपहरण मुक्त भई ज्यान बचाएको र आफन्तको जिम्मा लगाएको अवस्थासम्म आइपुग्दा म पुनरावेदकको कसुर शून्यतामा परिणत हुन आउँदछ तसर्थ, म पुनरावेदकलाई सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७१/९/२० को फैसला सदर गरी मिति २०७२/०८/२० मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला उल्टी गरी म पुनरावेदकलाई अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक अमलदेव ठाकुरको यस अदालतमा दर्ता हुन आएको पुनरावेदनपत्र ।

नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको सुरू तथा रेकर्ड मिसिल अध्ययन गरी पुनरावेदक भाग्यनारायण र मनोजकुमार बैठाको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद फुयाल, विद्वान् अधिवक्ताहरू श्री अम्बर राउत, श्री टिकाराम भट्टराई, श्री मिलन राई, श्री केदारप्रसाद दाहल, श्री महेश्वर श्रेष्ठ, श्री राजेश्वर तिवारी, र श्री नारायण झासमेतले र पुनरावेदक अमलदेव ठाकुरको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री प्रभाकर खनालले पुनरावेदक प्रतिवादीहरूले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. अनुसारको कार्य नगरेको अवस्था छ । ऐ. महलको ४ नं. बमोजिमको कसुर गरेको अवस्थामा ऐ. महलको ७ र ९ नं. बमोजिम सजाय गरेको मिलेन तसर्थ, पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०८/२० मा भएको फैसला उल्टी गरी पुनरावेदक / प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिलाई न्याय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

उपर्युक्त बहस जिकिरसमेत सुनी मिसिलसमेत अध्ययन गरी विचार गर्दा, पुनरावेदन अदालत पाटनबाट मिति २०७२/८/२० मा भएको फैसला मिलेको छ, छैन? तथा पुरावेदक / प्रतिवादीहरूको अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? सो सम्बन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

२. यसमा निर्णयतर्फ विचार गर्दा, यसमा प्रतिवादीहरू भाग्यनारायण बैठा, मनोजकुमार बैठा, दिनेश सिंह राजपुत, अमलदेव ठाकुरसमेत हाल फरार रहेका राधेश्याम मुखिया, सुरेन्द्र ठाकुर, अध्या राय, राजु यादव, भारतीय छक्का र एक जना लेडिजसमेतको प्रत्यक्ष संलग्नतामा संगठितरूपमा भाग्यनारायण बैठाको योजनाबमोजिम जाहेरवालाको नाबालक छोरा बिटुकुमार चौधरीलाई अपहरण गरी भारतमा लगी बन्धक बनाई फिरौती मागेको र फिरौती रकम बुझाउन नपाउँदै बालकको सकुशल उद्धार गरिएको पुष्टि भएकोले विरूद्ध खण्डका प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीतको कसुर भएकोले निज प्रतिवादीहरूलाई सोही महलको ३ नं. बमोजिम सजाय गरी सोही महलको ७ र ९ नं. बमोजिम थप सजायसमेत हुन र जाहेरवाला तथा पीडित बालकलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सोही महलको १२ नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाई भराई पाउन र वारदातमा प्रयोग भएका बरामदित सामानहरू र बा.३ प. ७४८५ नं. को मोटसाइकलसमेत जफत गरिपाउँ भन्ने अभियोग दाबी रहेकोमा प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. को कसुरमा ३ नं. बमोजिम १० वर्ष कैद, ऐ. महलको ७ र ९ नं. अनुसार २।२ वर्ष गरी जनही

जम्मा १४(चौध) वर्ष कैद हुने र ऐ. महलको ३ नं.अनुसार जनही दुई लाख रूपैयाँ जरिवाना हुने ठहर्छ, प्रतिवादी दिनेशसिंह राजपुतलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. अनुसार ८ वर्ष कैद, ऐ. महलको ७ र ९ नं. अनुसार २।२ वर्ष गरी जम्मा १२(बाह्र) वर्ष कैद हुने र ऐ.को ३ नं.अनुसार एकलाख पचास हजार रूपैयाँ जरिवाना हुने ठहर्छ, अमलदेव ठाकुरलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७(सात) वर्ष कैद, ऐ. महलको ७ र ९ नं. बमोजिम २।२ वर्ष गरी जम्मा ११ (एघार) वर्ष कैद र ऐ. को ३ नं. अनुसार एक लाख रूपैयाँ जरिवाना हुने ठहर्छ। क्षतिपूर्तिको हकमा विचार गर्दा, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १२ नं. को कानूनी व्यवस्थाको आधारमा क्षतिपूर्तिबापत दुई लाख रूपैयाँ प्रतिवादीहरू चारैजनाबाट दामासाहीले असुल गरी पीडित बिटु चौधरीकी आमा मेनुका जयसवाललाई झिकाई भराई दिनेसमेत ठहर्छ, अभियोगसाथ पेस भएको कसुर गर्ने कार्यमा प्रयोग भएको मोटरसाइकल जफत गर्न भनी दाबी लिएको देखिएको, त्यस्तो सामान जफत गर्नेसम्बन्धी कानूनी व्यवस्था अपहरण गर्ने तथा शरीर बन्धक लिने महलमा नपाइएकोले कानूनद्वारा नतोकिएको कार्य गर्न नमिल्ने हुँदा बरामद भएको मोटरसाइकल जफत गर्नुपर्ने भन्नेसम्मको अभियोग दाबी पुग्नसक्ने देखिएन भनी भक्तपुर जिल्ला अदालतबाट मिति २०७१/९/२० मा भएको फैसलाउपर प्रतिवादीहरू भाग्यनारायण बैठा, मनोजकुमार बैठा र अमलदेव ठाकुर तथा वादी नेपाल सरकारको तत्कालीन पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई जनही जम्मा १४(चौध) वर्ष कैद र रू. दुई लाख जरिवाना हुने र बरामद भएको मोटरसाइकल जफत नहुने गरी भएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७१/०९/२० मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ८(आठ) वर्ष कैद र सोही महलको ७ र ९ नं. बमोजिम क्रमशः दुई-दुई वर्ष गरी जम्मा जनही १२(बाह्र) वर्ष कैद र सोही महलको ३ नं. अनुसार जनही जरिवाना रू. १,५०,००० (एक लाख पचास हजार) हुने र बरामद भएको मोटरसाइकल जफत हुने तथा अरूमा सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७१/०९/२० मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०८/२० मा भएको फैसलाउपर पुनरावेदक / प्रतिवादीहरू भाग्यनारायण बैठा, मनोजकुमार बैठा र अमलदेव ठाकुरको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेस हुन आएको देखियो।

३. त्यसैगरी कसुरसँग सम्बन्धित प्रारम्भदेखि अन्त्यसम्मको यथार्थ विवरण खुलाई अपराध अनुसन्धानमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी सहयोग पुऱ्याएको र दिनेश सिंहमार्फत नै अपहरित बालकलाई सकुशल फिर्ता गर्नसमेत भूमिका निर्वाह गरेको भन्ने ठहऱ्याउने भक्तपुर जिल्ला अदालतले वादीको साक्षीसरह मलाई निर्दोष घोषित गरी सफाइ दिनुपर्नेमा कसुरदार ठहऱ्याई गरेको फैसला मिलेको छैन, म पुनरावेदक अपराधी नरहेको, कुनै पनि प्रमाणको रोहमा म कसुरदार रहेको पुष्टि नभएकोमा मलाई कसुरदार ठहऱ्याई गरेको सजाय सबुद प्रमाणविपरीत त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी म पुनरावेदकलाई निर्दोष घोषित गरी अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने पुनरावेदक प्रतिवादी अमलदेव ठाकुरको मुख्य पुनरावेदन जिकिर रहेको देखियो।

४. पुनरावेदक / प्रतिवादीमध्ये अमलदेव ठाकुरको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, प्रतिवादी अमलदेव ठाकुरले सुरू अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा, कलैयामा फर्निचर पसल गरी बसेकोमा भाग्यनारायण बैठाले काम छ भनी काठमाडौं बोलाई बानेश्वरमा रहेको मनोजको कवाडी पसलमा जम्मा भएपछि भाग्यनारायण बैठाले राकेश चौधरीसँग धेरै पैसा भएकोले उसको छोरालाई अपहरण गर्ने योजनाबमोजिम राकेश चोधरीको कवाडी पसलमा काम गर्ने राजु यादवमार्फत बच्चा अपहरण गरी मेरो

बा. ३ प. ७४८५ नं.को मोटरसाइकलमा राखी कलंकी पुऱ्याई, त्यहाँबाट पूर्वको गाडीमा राखी पथलैया पुगी पथलैयाबाट ट्रकमा राखी वीरगञ्ज पुऱ्याई वीरगञ्जबाट ट्याम्पोमार्फत रक्सौल र रक्सौलबाट जीप चढी घोडासनसम्म पुऱ्याउन बच्चा लैजाने योजनाकार मनोज बैठा भएकोले मैले सजाय पाउने होइन, बच्चा दिन म, राजु यादव, मनोजकुमार बैठा र एउटा भारतीय छक्का गएका थियौं, मेरो मोबाइल नं.९८४५४०१४२९ र भाग्यनारायण बैठाको मोबाइल नं.९८१३७०६५१३ हो साथै अरू ३ वटा सिम अपहरणमा प्रयोग गर्न भनी मनोज बैठाले दिएका हुन्, खानतलासी मुचुल्कामा उल्लेख भएका सिम, मोबाइल मेरो साथबाट बरामद भएकोमा उक्त सिम मोबाइल भाग्यनारायणले दिनेश सिंहलाई दिन भनी दिएका हुन् मेरो मोबाइल नं. ९८१३७०६५१३ बाट अध्या रायले फिरौती माग गरी उक्त सिम कार्डहरू मलाई छाडेकोले मसँगबाट बरामद भएको हो, बच्चा अपहरणका योजनाकार भाग्यनारायण, मनोज बैठा, मेरो, राजु यादव र भारतीय छक्काको संलग्नता छ, मनोज बैठाले कोसँग पैसा टन्न छ भनी पत्ता लगाउने, भाग्यनारायण बैठाले अपहरणको योजना बनाउने, दिनेश सिंहले आवश्यक हातहतियारको व्यवस्था मिलाउने र अपहरण गरेको बच्चा घोडासनबाट जिम्मा लिने काम गर्दथे। मैले गरेको ततिम्बा बयानको बेहोरा ठीक हो, दाबीका सिमहरू मबाट नै बरामद भएका हुन्, बच्चाको फोटो खिची मलाई दिनेश सिंहले एक महिलामार्फत घोडासनसम्म पठाएकोमा मैले आफ्नो मोबाइलमा उक्त मेमोरी राखेको अवस्थामा पक्राउ गरिएको हो, भाग्यनारायण बैठा, मनोजकुमार बैठासँग मेरो कुनै रिसइवी, झैझगडा नभई मैले रिसले निजहरूको नाम पोल गरी बयान गरेको होइन भनी र मिति २०७१।०२।१४ गते साँझ १६.०० बजेको समयमा म, मनोजकुमार बैठा भक्तपुर सूर्यविनायक स्थित घरमा गई राजु यादवले जाहेरवालाको छोरालाई चक्लेट खुवाउँदै घरबाट बाहिर ल्याएपछि मेरो आफ्नै नाममा रहेको बा. ३ प. ७४८५ नं. को हिरो होण्डा मोटरसाइकलमा म आफैँले चलाई राजु यादवलाई मोटरसाइकल पछाडि र बच्चालाई बीचमा राखी जाहेरवालाको छोरालाई अपहरण गरी बन्धक बनाई फिरौती माग्ने उद्देश्यले अपहरण गरी हामी ३ जनाले कलंकी लगी सो स्थानबाट म, मनोजकुमार बैठा, राजु यादव र इन्डियन छक्का गरी ४ जना मिली जाहेरवालाको छोरालाई पूर्व धरान जाने गाडीमा चढाई पथलैया पुगी सो स्थानबाट ट्रकमा बसी वीरगञ्ज हुँदै टेम्पोमा रक्सौल लगी त्यहाँबाट रेल्वे स्टेसन हुँदै जीपबाट इन्डियाको घोडासन पुऱ्याई राजु यादवले जाहेरवालाको छोरालाई लिएर बसेका थिए, मनोजकुमार बैठा दुई तीन दिनपछि काठमाडौं आएको थियो, बिटु चौधरीलाई अपहरण गरी बन्धक बनाई निजको अभिभावकलाई फिरौती रकम माग्दा ९८१३७०६५१३ एनसेलको सिम प्रयोग गरी म र अध्या राय यादवसँगै बसी फिरौती रकम रू.१,५०,००,०००।– (एक करोड पचास लाख) मागेका हौं भनी आरोपित कसुरमा पूर्णरूपमा साबित भई अनुसन्धान अधकारीसमक्ष ततिम्बा बयानसमेत गरेको देखिन्छ।

५. यी प्रतिवादी अमलदेव ठाकुरले मौकामा अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष आरोपित कसुरमा पूर्णरूपमा साबित भई गरेको बयान, अर्का सहप्रतिवादी दिनेश सिंह राजपुतले अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष कसुरमा साबित भई गरेको बयानलाई जाहेरवाला राकेश चौधरीको जाहेरी दरखास्तको बेहोरा तथा मौकामा गरेको कागजलाई समर्थित हुने गरी निजले सुरू अदालतमा गरिदिएको बकपत्र, बुझिएका मानिसहरू दिपक रियालसमेतले मौकामा गरेको घटना विवरण कागजलाई समर्थित हुने गरी सुरू अदालतमा गरिदिएको बकपत्रसमेतबाट यी प्रतिवादी अमलदेव ठाकुरले संगठितरूपमा जाहेरवालाको नाबालक छोरा बिटु चौधरीलाई अपहरण गरी भारतसम्म पुऱ्याई नेपाल प्रहरीद्वारा सकुशल उद्धार गरेको पुष्टि हुन आएको देखिँदा यी प्रतिवादी अमलदेव ठाकुरले मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. विपरीत कसुर अपराध गरेको देखिन आयो।

६. निज प्रतिवादी अमलदेव ठाकुरले मलाई सजाय गरेको मिलेन भनी लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, मुलुकी ऐन, शरीर अपहरण गर्ने तथा शरीर बन्धक

लिनेको महलको ३ नं. मा, **कसैलाई ...छुटकारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिइएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने, व्यवसाय समर्पण गराउने वा प्रचलित कानूनबमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुन्छ....**भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्थाअनुसार निज प्रतिवादी अमलदेव ठाकुरले सोही महलको १ वा २ नं. बमोजिम नाबालक बिटु चौधरीलाई अपहरण गरी शरीर बन्धक बनाएको कुरामा साबित भई बयान गरेकोमा सो बयानलाई सहप्रतिवादी दिनेश सिंहको बयानसमेतले पुष्टि गरेको देखिएबाट निज प्रतिवादी अमलदेव ठाकुरलाई आरोपित कसुरबाट सफाइ दिनसक्ने अवस्था देखिएन साथै निजलाई कानूनले हुनसक्ने न्यूनतम सजाय मात्र सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट भएको पाइन्छ। तसर्थ आरोपित कसुरबाट सफाइ दिलाई वा कम सजाय गरिपाउँ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

७. अतः प्रतिवादी अमलदेव ठाकुरले गरेको साबिती बयान, जाहेवाला एवं पीडितको बकपत्र र बुझिएका माथि उल्लिखित व्यक्तिहरूको बकपत्रबाट प्रतिवादी अमलदेव ठाकुरले पीडितलाई अपहरण गरी शरीरबन्धक बनाउनमा संलग्न रहेको पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी अमलदेव ठाकुरलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७(सात) वर्ष कैद तथा ऐ. महलको ७ र ९ नं. बमोजिम २/२ वर्ष गरी जम्मा ११(एघार) वर्ष कैद र ऐ.को ३ नं. अनुसार रू. १,००,०००।– (एक लाख) जरिवाना हुने ठहऱ्याई सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७१/०९/२० मा भएको फैसला सदर हुने ठहऱ्याई र बरामद भएको बा.३ प. ७४८५ नं. को हिरो होन्डा मोटर साइकलको हकमा सुरू भक्तपुर जिल्ला अदालतबाट जफत नहुने भनी भएको फैसला केही उल्टी भई उक्त मोटरसाइकल जफत हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०८/२० मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था देखिएन।

८. अन्य प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठाको हकमा विचार गर्दा, सहअभियुक्तहरू अमलदेव ठाकुर र दिनेश सिंहको झुठो बयानको आधारमा अपहरण गर्ने तथा शरीर बन्धक लिने जस्तो गम्भीर फौजदारी कसुरमा प्रत्यक्ष प्रमाणविना शंकाको भरमा हामी पुनरावेदक / प्रतिवादीहरूलाई मुख्य अभियुक्तको रूपमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. को कानूनी प्रावधानको प्रयोगमा गम्भीर कानूनी त्रुटि गरी सजाय गरेको भक्तपुर जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला बदर गरी अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने पुनरावेदक / प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठाको मुख्य पुनरावेदन जिकिर रहेको देखियो।

९. निज प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठाले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा अभियोग दाबीको कसुर गरेकोमा इन्कार रही बयान गरेको पाइन्छ। सहप्रतिवादी दिनेश सिंह राजपुतले मौकामा अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष बयान गर्दा, मिति २०७१/०२/१४ गते म भारतको कोडार भन्ने ठाउँमा थिएँ। साँझको समयमा अमलदेव ठाकुरले निजको मोवाईलबाट मलाई फोन गरी हामीले बच्चा अपहरण गरी लिएर आइसकेका छौं, बच्चा राख्ने व्यवस्था गर्नुपऱ्यो भनी फोन गरेको हुँदा मैले अमलदेव ठाकुरलाई फोन गरी भारतको घोडासनदेखि छेउमा रहेको मवाही ग्राममा रहेको सुरेन्द्र ठाकुरकोमा पुऱ्याइदिनु भने। राजु यादवले अपहरित बच्चा बिटुकुमार चौधरीलाई छोडी आयो। त्यसको भोलिपल्ट सुरेन्द्र ठाकुरले बच्चा राख्न सक्दिन अन्तै व्यवस्था गर भनेको हुँदा उक्त स्थानमा रहेको राधेश्याम मुखियाको घरमा एक महिनाको ४ लाख नेपाली रूपयाँ दिने गरी उक्त बच्चा राखेको

हो । म, भाग्यनारायण बैठा, मनोजकुमार बैठा, अमलदेव ठाकुरसमेतका जाहेरीमा उल्लिखित प्रतिवादीहरू भई जाहेरवालाको छोरा बिटुकुमार चौधरीलाई अपहरण गरी भारतमा लगी बन्धक बनाई फिरौती रकम माग्ने उद्देश्यले अपहरण गरी लगेका हौं । अमलदेव ठाकुर र मनोजकुमार बैठासमेतले जाहेरवालाको मोबाइल नं. मा फोन गरी डेढ करोड रकम फिरौती मागेका थिए । उक्त रकम लिन नपाउँदै घटनामा संलग्न व्यक्तिहरू प्रहरीद्वारा पक्राउ परेको हो भनी बयान गरेको पाइन्छ भने निजले सुरू अदालतमा अमलदेव ठाकुरले मेरो मोबाइलमा फोन गरेको र मलाई अमलदेवले राजविराज आउनु भने, मैले किन आउनु भन्दा अमलदेव ठाकुरले काठमाडौंबाट एउटा बच्चा अपहरण गरी ल्याएको छ त्यो बच्चा वीरगञ्जमा एक रात राखी इन्डियामा निजको सालो सुरेन्द्र ठाकुरको घरमा राखेको छ भने, त्यसपछि सुरेन्द्रले त्यो बच्चा म राख्दिन भनेछन् र अमलदेव ठाकुरले मसँग मनोज बैठा, राजु यादव र मलाई नाम थाहा नभएकी एक जना महिलासमेत भई काठमाडौंबाट बच्चा अपहरण गरेर ल्याएको छ कसैले त्यो बच्चा इन्डियामा राख्छ भने नेपाली रू.४,००,०००।- दिन्छु कोही मानिस खोज भनी मलाई फोनमा भनेपछि भारत मखिया गाउँको राधेश्याम, विक्रम नाम गरेका मानिसहरूलाई मैले अमलदेवसमेतसँग सम्पर्क गराई दिएको हो, निजहरूले बच्चा लगेर राखे, मलाई जबरजस्ती फोनबाट कसम ख्वाई राजविराज बोलाए । म राजविराज गएपछि त्यहीँ मलाई पक्राउ गरियो, मलाई त्यो बच्चा कहाँ छ निकाल तिमीलाई छाडिदिन्छु भनी एस.पि. साहेबले भनेपछि मैले मदन रायसँग सम्पर्क गराएँ र मेरो इन्डियाको २ कठ्ठा जग्गा नै रू.४,००,०००।- बापत पास गरिदिएपछि नेता मदन रायसमेतका मानिसले बच्चालाई नेपाल ल्याई दिएछन्, मलाई कलैया थुनामा राखेको थियो, मैले राधेश्याम र विक्रम भन्ने मानिसलाई अमलदेवसँग सम्पर्क गराएको सम्म हो । राजु यादव र सुरेन्द्र ठाकुरको आफन्त एकजना महिलाले लगी बच्चालाई राधेश्याम र विक्रमलाई दिएछन्, सो कुरा राधेश्यामले मलाई फोनबाट भनेको हो । अरू मेरो भूमिका छैन भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ ।

१०. प्रतिवादी अमलदेव ठाकुरले सुरू अदालतसमक्ष कलैयामा फर्निचर पसल गरी बसेकोमा भाग्यनारायण बैठाले काम छ भनी काठमाडौं बोलाई बानेश्वरमा रहेको मनोजको कवाडी पसलमा जम्मा भएपछि भाग्यनारायण बैठाले राकेश चौधरीसँग धेरै पैसा भएकोले उसको छोरालाई अपहरण गर्ने योजनाबमोजिम राकेश चौधरीको कवाडी पसलमा काम गर्ने राजु यादवमार्फत बच्चा अपहरण गरी मेरो बा. ३ प. ७४८५ नं. को मोटरसाइकलमा राखी कलंकी पुऱ्याई, त्यहाँबाट पूर्वको गाडीमा राखी पथलैया पुगी पथलैयाबाट ट्रकमा राखी वीरगञ्ज पुऱ्याई वीरगञ्जबाट ट्याम्पोमार्फत रक्सौल र रक्सौलबाट जिप चढी घोडासनसम्म पुऱ्याउन बच्चा लैजाने योजनाकार मनोज बैठा भएकोले मैले सजाय पाउने होइन, बच्चा दिन म, राजु यादव, मनोजकुमार बैठा र एउटा भारतीय छक्का गएका थियौं, मेरो मोबाइल नं. ९८४५४०१४२९ र भाग्यनारायण बैठाको मोबाइल नं. ९८१३७०६५१३ हो साथै अरू ३ वटा सिम अपहरणमा प्रयोग गर्न भनी मनोज बैठाले दिएका हुन्, खानतलासी मुचुल्कामा उल्लेख भएका सिम, मोबाइल मेरो साथबाट बरामद भएकोमा उक्त सिम मोबाइल भाग्यनारायणले दिनेश सिंहलाई दिन भनी दिएका हुन् मेरो मोबाइल नं. ९८१३७०६५१३ बाट अध्या रायले फिरौती माग गरी उक्त सिम कार्डहरू मलाई छाडेकोले मसँगबाट बरामद भएको हो, बच्चा अपहरणका योजनाकार भाग्यनारायण, मनोज बैठा, मेरो, राजु यादव र भारतीय छक्काको संलग्नता छ, मनोज बैठाले कोसँग पैसा टन्न छ भनी पत्ता लगाउने, भाग्यनारायण बैठाले अपहरणको योजना बनाउने, दिनेश सिंहले आवश्यक हातहतियारको व्यवस्था मिलाउने र अपहरण गरेको बच्चा घोडासनबाट जिम्मा लिने काम गर्दथे । मैले गरेको ततिम्बा बयानको बेहोरा ठीक हो, दाबीका सिमहरू मबाट नै बरामद भएका हुन्, बच्चाको फोटो खिची मलाई दिनेश सिंहले एक महिलामार्फत घोडासनसम्म पठाएकोमा मैले आफ्नो मोबाइलमा उक्त मेमोरी राखेको अवस्थामा पक्राउ गरिएको हो, भाग्यनारायण बैठा,

मनोजकुमार बैठासँग मेरो कुनै रिसइवी, झैझगडा नभई मैले रिसले निजहरूको नाम पोल गरी बयान गरेको होइन भनी आरोपित कसुरमा साबित भई अनुसन्धान अधिकारीसमक्ष ततिम्बा बयानसमेत गरेको देखिन्छ।

११. जिल्ला सरकारी वकिल कार्यालय भक्तपुरको च.नं. ६२४, मिति २०७१।९।११ को पत्रसाथ संलग्न प्रतिवादी मनोजकुमार बैठाको पोलिग्राफ परीक्षण प्रतिवेदनमा उल्लिखित इएसएस रिपोर्टिङ (ESS Reporting) को नेपाली रूपान्तरणमा Emporical Scoring System बाट निजको डाटा विश्लेषण गरेर हेर्दा १७ नम्बर आउँछ, जुन व्यक्ति झुठ बोलेको पुष्टि हुने आवश्यक पर्ने अंक–४ हो, उक्त अंकलाई अल्फा भ्यालुसँग दाँजेर हेर्दा (a=0.5) निज व्यक्ति साँचो बोलेको हुनसक्ने सम्भावना ०.१ प्रतिशत (०.००१) मात्र देखिन्छ, त्यसकारण निज व्यक्तिको पोलिग्राफ गर्दा सोधिएको प्रश्नमा उत्तर दिँदा निज व्यक्ति झुट बोलेको कुरा पुष्टि हुन आउँछ" भन्ने र प्रतिवादी भाग्यनारायण बैठाको पोलिग्राफ परीक्षण प्रतिवेदनमा उल्लिखित इएसएस रिपोर्टिङ (ESS Reporting) को नेपाली रूपान्तरणमा Emporical Scoring System बाट निजको डाटा विश्लेषण गरेर हेर्दा–४ नम्बर आउँछ, जुन व्यक्ति झुट बोलेको पुष्टि हुन आवश्यक पर्ने अंक–४ हो। उक्त अंकलाई अल्फाको भ्यालुसँग दाँजेर हेर्दा (a=०.५) निज व्यक्ति साँचो बोलेको हुनसक्ने सम्भावना ४.३ प्रतिशत (०.०४३) मात्र देखिन्छ। त्यसकारण निज व्यक्तिको पोलिग्राफ गर्दा सोधिएको प्रश्नमा उत्तर दिँदा निज व्यक्ति झुट बोलेको कुरा पुष्टि हुन आउँछ" भन्ने पोलिग्राफ परीक्षण प्रतिवेदन रहेको देखिन्छ।

१२. पोलिग्राफ परीक्षण गरी राय दिने विशेषज्ञ प्र.ना.नि. रामप्रसाद पाण्डेले Polygraph testing मानिसको शरीरमा आउने मनोशारीरिक परिवर्तनहरूलाई विभिन्न उपकरणको माध्यमबाट रेकर्ड गरेर गणितीय हिसाबमा मापन गरी हेर्न सकिने प्रविधि हो, यसको विकास अमेरिकाबाट करिब २०० वर्ष अगाडिदेखि रिसर्च गर्दै आएर विगत १०० वर्षदेखि प्रयोगमा आइराखेको प्रविधि हो, सन् २०१४ जुन २५ मा प्रतिवादी भाग्यनारायण बैठाको परीक्षण गरी जुन २६ मा प्रतिवेदन भएको पोलिग्राफ रिपोर्ट तयार गरी मैले सहीछाप गरेको हो, घटनाको पोलिग्राफ परीक्षण गर्दा घटनाका सम्बन्धमा ३ वटा प्रश्नहरू सोधिएको थियो, तीनवटै प्रश्नमा निज प्रतिवादीले थिएन भन्ने जवाफ दिनुभएको थियो, बालक भन्नाले कसलाई भनिएको हो भन्ने कुरा प्रस्ट्याइएको समेत थियो, निज प्रतिवादीले थिएन भनी दिएको जवाफ पोलिग्राफ जाँच गरी हेर्दा झुट बोलेको देखिएको थियो, कसुरको विषयमा निजलाई जानकारी भएको कुरा केही न केही पोलिग्राफ जाँचकर्तालाई लुकाई राखेका छन् भन्ने पुष्टि हुन्छ भनी बकपत्र गरेको देखिन आउँछ।

१३. पोलिग्राफ परीक्षण पद्धतिबाट परीक्षण गरी निस्केको निष्कर्ष (Finding) लाई अनुसन्धान, तहकिकातको क्रममा संकलित प्रमाणबाट समर्थित गरेको अवस्थामा त्यस्तो पोलिग्राफ परीक्षण पद्धतिबाट परीक्षण गरी निस्केको निष्कर्ष एवं रायलाई प्रमाणको रूपमा ग्राह्य गर्न सकिने हुन्छ। यथार्थमा पोलिग्राफ परीक्षण पद्धतिअनुसार परीक्षण गरी प्रस्तुत भएको राय अन्य प्रमाणहरूबाट समर्थित भएमा वा त्यस्तो राय अन्य प्रमाणसँग तादाम्यतापूर्ण भएमा प्रमाणमा लिने कुरालाई अंगीकार गरिएको पाइन्छ।

१४. प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठाको हकमा सहप्रतिवादीहरू अमलदेव ठाकुर र दिनेश सिंह राजपुतको भनाइलाई नै मुख्य प्रमाणको रूपमा रहेको देखिएको छ। यसरी सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणले समर्थन गरेको छ, छैन? सो सम्बन्धमा विचार गर्दा, प्रतिवादी अमलदेव ठाकुरले अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष बयान गर्दा प्रतिवादी भाग्यनारायण बैठाको योजनाअनुसार मनोजकुमार बैठा र आफूसमेत भई बच्चा अपहरण गरी भारतसम्म पुऱ्याएको भनी निज प्रतिवादीहरूसँग कुनै रिसइवी, लेनदेन, झैझगडा नभएको, निजहरूलाई फसाउनु पर्ने कुनै कारण नभएको, भनी उल्लेख भएको देखिन्छ। अर्का प्रतिवादी दिनेश सिहंको भनाइलाई प्रतिवादीहरू भाग्यनारायण र मनोजकुमार

बैठाले अन्यथा हो भनी भन्न सकिरहेको अवस्था देखिँदैन । यस स्थितिमा प्रतिवादीहरू अमलदेव ठाकुर र दिनेश सिंहको भनाइहरू झुट्ठा हुन्, भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई फसाउने नियतले पोल गरेका हुन भनी भन्न सकिने कुनै ठोस आधार विद्यमानता रहेको देखिन आएको पाइँदैन । त्यस्तो आधार र कारण नदेखिएको अवस्थामा प्रतिवादीहरू अमलदेव ठाकुर र दिनेश सिहंको भनाइहरू वास्तविक आधारमा रहेको मान्नुपर्ने देखिन आउँछ । प्रतिवादीहरू भाग्यनारायण बैठाले र मनोजकुमार बैठाले दिएको सिमकार्डहरू प्रतिवादी अमलदेव ठाकुरको साथबाट बरामद हुनु, प्रतिवादी अमलदेव ठाकुर र प्रतिवादी मनोजकुमार बैठाबीच तत्कालीन वारदातपछिको समयमा फोन सम्पर्क हुने गरेको Call Details बाट देखिनु जस्ता आधार प्रमाणहरू समेतबाट प्रतिवादी अमलदेव ठाकुरको भनाइहरू विश्वसनीय देखिएको हुँदा बिटु चौधरीलाई अपहरण गरी शरीर बन्धक बनाउने योजना तथा कार्यमा बिटुकुमार चौधरीको अपहरण भएको र १२/१३ दिनसम्म बन्धक रहेको तथ्य निर्विवादरूपमा देखिइरहेको अवस्थामा प्रतिवादीहरू भाग्यनारायण बैठा तथा मनोजकुमार बैठाको संलग्नता नरहेको भनी भन्न मिल्ने अवस्था देखिएन ।

१५. सहअभियुक्तको पोललाई प्रमाणमा लिई हामीहरूलाई आरोपित कसुर ठहर गरेको मिलेन भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, सहअभियुक्तको पोललाई विभिन्न कोणबाट मूल्याङ्कन गर्दा, विश्वासनीय र वास्तविकता प्रकट गरेको देखिन आउँछ भने प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । फौजदारी न्याय प्रशासनको उद्देश्य सम्बद्ध विश्वसनीय प्रमाणको आधारमा कसुरदारलाई पहिचान गरी सजायभागी गराउनु हो । यसै सन्दर्भमा यस अदालतबाट जोखबहादुर वि.क. विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दा (*ने. का.प.* २०७२, भाग ५७, अंक २, नि.नं. ९३५२) मा **"सहअभियुक्तको पोललाई प्रमाणको रूपमा लिन मिल्ने नमिल्ने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ३८ मा साक्षी हुनसक्ने व्यक्तिमा मतियारलगायत जुनसुकै व्यक्ति साक्षी हुनसक्ने भनी उल्लेख गरिएको हुँदा सहअभियुक्तको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिने"** भन्दै **"वारदातसँग सार्थक सम्बन्ध रहेको सहअभियुक्त रिमा परियारको पोल यी प्रतिवादी विरूद्धको प्रत्यक्ष प्रमाणको रूपमा रहेको हुँदा प्रस्तुत मुद्दामा सहअभियुक्तको पोललाई प्रमाणमा लिन मिल्ने देखिने"** भनी सिद्धान्त प्रतिपादन भई साबित रहेका सहअभियुक्तको पोललाई प्रमाणमा लिन मिल्ने भनी व्याख्या भएको देखिन्छ ।

१६. उपर्युक्त प्रतिपादित सिद्धान्तअनुसार, प्रस्तुत मुद्दामा प्रतिवादीहरू अमलदेव ठाकुर र दिनेश सिंहले मौकामा अनुसन्धान अधिकारी तथा सुरू अदालतमा गरेको बयानबाट यी प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठा आरोपित कसुरमा संलग्न रहेको विश्वसनीय आधार रहेको देखिएको पाइन्छ । यसैगरी अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरू विकाशकुमार यादव, दिपक रियालसमेतले गरेको घटना विवरण कागजलाई समर्थन हुने गरी सुरू अदालतमा उपस्थित भई गरेको बकपत्र तथा जाहेरवालाले दिएको जाहेरी समर्थन हुने गरी अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठा अभियोग दाबीअनुसारको कसुरमा संलग्न रहेको भन्ने देखिएको पाइन्छ । निज प्रतिवादीहरू बिटुकुमार चौधरीको अपहरण गर्ने तथा शरीर बन्धक लिने कार्यमा कुनै किसिमबाट संलग्न नरहेको भन्ने निजहरूको भनाइ निज प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठाको भनाइ झुठो रहेको पोलिग्राफ परीक्षण प्रतिवेदनबाट देखिन्छ । निज प्रतिवादीहरूको साक्षीहरू देवनाथ बैठा र सुवास बैठाको बकपत्रले निर्दोषिता पुष्टि हुनसक्ने अवस्था देखिँदैन । तसर्थ, यी आधार र कारणहरू समेतबाट सहअभियुक्तहरू अमलदेव ठाकुर र दिनेश सिंहको पोल भनाइहरू समर्थित भई पुष्टि हुन आएकोले प्रतिवादी भाग्यनारायण बैठाले नाबालक बिटुकुमार चौधरीलाई अपहरण गर्ने तथा शरीर बन्धक बनाउने समेतको योजना बनाएको, त्यस योजनामा संलग्न व्यक्तिहरूको कार्य विभाजन गरी योजना सफल

बनाउने कार्यमा संलग्न रहेको र प्रतिवादी मनोजकुमार बैठासमेत उपर्युक्त कार्यमा सहमत भई नाबालक बिटुकुमार चौधरीलाई अपहरण गरी भारतसम्म पुऱ्याई शरीर बन्धक बनाई फिरौती माग गर्ने कार्यमा संलग्न रहे भएको पुष्टि हुन आएको देखिँदा यी पुनरावेदकहरू विरूद्ध वारदातसँग प्रत्यक्ष सम्बन्ध रहेको सहअभियुक्तहरू अमलदेव ठाकुर र दिनेश सिंहको पोललाई प्रमाणमा लिन मिल्ने नै देखियो।

१७. यसरी प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठाको पोलिग्राफ परीक्षण पद्धतिअनुसार परीक्षण गरी प्रस्तुत भएको राय एवं पोलिग्राफ परीक्षण गरी राय दिने व्यक्ति प्र.ना.नि. रामप्रसाद पाण्डेको बकपत्र, माथि उल्लिखित प्रतिवादीहरू अमलदेव ठाकुर र दिनेश सिंह राजपुतको बयान, जाहेरवाला एवं पीडितको बकपत्र र बुझिएका माथि उल्लिखित मेनुका चौधरीसमेतको बकपत्रबाट समर्थित भएको देखिँदा प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठा कसुर गरेको कुरामा इन्कार रहे पनि निज प्रतिवादीहरू पीडितलाई अपहरण गरी शरीर बन्धक बनाउन संलग्न रहेको कुरा प्रतिवादीहरू अमलदेव ठाकुर र दिनेश सिंह राजपुतको बयान, जाहेरवाला र पीडितको बकपत्र एवं बुझिएका माथि उल्लिखित मेनुका चौधरीसमेतको बकपत्रबाट पुष्टि भएको देखिएको हुँदा मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ४ नं. मा, **"यस महलमा लेखिएको कसुर गर्न दुरूत्साहन गर्ने, आदेश दिने, वा त्यस्तो कसुर हुनुभन्दा अगावै कसुर गर्न सहमति दिने व्यक्तिलाई सो कसुर निजले नै गरेसरह सजाय हुन्छ"** भन्ने कानूनी व्यवस्था भएको देखिएबाट प्रतिवादी भाग्यनारायण बैठाले बालक बिटुकुमार चौधरीलाई अपहरण गरी शरीर बन्धक बनाउने कार्य गर्नको लागि योजना बनाई अन्य प्रतिवादीहरूलाई दुरूत्साहन तथा आदेश दिएको र अर्का प्रतिवादी मनोजकुमार बैठा कसुर हुनुभन्दा अगावै त्यस्तो कसुर गर्नका लागि सहमति दिई नाबालक बिटुकुमार चौधरीलाई अपहरण गरी भारतसम्म पुऱ्याई शरीर बन्धक बनाउने कार्यमा संलग्न रहे भएको देखिँदा निज प्रतिवादीहरूले अभियोग दाबीको कसुर गरेको देखिन आयो।

१८. प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई के कति सजाय हुने हो? निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम सजाय हुनसक्छ वा सक्दैन भन्नेतर्फ हेर्दा, ऐ. अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा **कसैलाई...छुटकारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिइएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने, व्यवसाय समर्पण गराउने वा प्रचलित कानूनबमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुन्छ....** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।

१९. उपर्युक्त कानूनी व्यवस्थाअनुसार, कसैले कसैलाई अपहरण गरी शरीर बन्धक गराई निजको वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने उद्देश्यले यस महलको १ र २ नं. बमोजिम कसुर अपराध गरेमा सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना हुन्छ, प्रस्तुत मुद्दामा जाहेरवाला राकेश चौधरीको अढाई वर्षको नाबालक छोरा बिटुकुमार चौधरीलाई प्रतिवादी भाग्यनारायण बैठासमेतको योजनाअनुसार निजकै चिनजानका भारतीय नागरिक राजु यादवलाई जाहेरवालाको सूर्यविनायक बाराहिस्थान स्थित न्यू मुस्कान सप्लायर्समा एक महिनाअगाडि काममा लगाई दिएको र निज प्रतिवादी राजु यादवले बच्चालाई मिति २०७१/२/१४ गते जाहेरवालाको घरबाट बाहिर निकाली अमलदेव ठाकुरको मोटरसाइकलमा प्रतिवादीहरू अमलदेव ठाकुर, मनोजकुमार बैठा र राजु यादवसमेतले भारतको घोडासन भन्ने ठाउँमा पुऱ्याई राखी प्रतिवादी दिनेश सिंहले राधेश्याम मुखिया र सुरेन्द्र ठाकुरको सहयोगमा उक्त अपहरित बालकलाई सोही स्थानमा राखी प्रतिवादीहरूले जाहेरवालासँग

डेढ करोड रूपयाँ फिरौतीबापतको रकम माग गरेको तथ्य बरामद भएको सिमकार्डहरूको Call details बाट पुष्टि हुन आएको देखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०८/२० मा ऐ. महलको ३ नं. अनुसार प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमर बैठालाई जनही ८(आठ) वर्ष कैद सजाय हुने र सोही महलको ३ नं. बमोजिम जनही रू. १,५०,०००।– (एक लाख पचास हजार) जरिवाना हुने गरी भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था देखिएन।

२०. प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ७ नं. बमोजिम थप दुई वर्ष सजाय हुनसक्छ वा सक्दैन? भन्ने सम्बन्धमा विचार गर्दा, मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ७ नं. मा भएको कानूनी व्यवस्था हेर्दा, **"दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा सङ्गठितरूपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सो काममा संलग्न सबै व्यक्तिलाई यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्दछ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उपर्युक्त कानूनी व्यवस्थाअनुसार जाहेरवाला राकेश चौधरीको अढाई वर्षको नाबालक छोरा बिटुकुमार चौधरीलाई प्रतिवादी भाग्यनारायण बैठासमेतको योजनाअनुसार निजकै चिनजानका भारतीय नागरिक राजु यादवलाई जाहेरवालाको सुर्यविनायक बाराहिस्थान स्थित न्यू मुस्कान सप्लायर्समा एक महिनाअगाडि काममा लगाई दिएको र निज प्रतिवादी राजु यादवले बच्चालाई मिति २०७१/२/१४ गते जाहेरवालाको घरबाट बाहिर निकाली अमलदेव ठाकुरको मोटरसाइकलमा प्रतिवादीहरू अमलदेव ठाकुर, मनोजकुमार बैठा र राजु यादवसमेतले भारतको घोडासन भन्ने ठाउँमा पुऱ्याई राखी प्रतिवादी दिनेश सिंहले राधेश्याम मुखिया र सुरेन्द्र ठाकुरको सहयोगमा उक्त अपहरित बालकलाई सोही स्थानमा राखी प्रतिवादीहरूले जाहेरवालासँग डेढ करोड रूपयाँ फिरौतीबापतको रकम माग गरेको तथ्य बरामद भएको सिमकार्डहरूको Call details बाट पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरूको उपर्युक्त कार्य दुई वा दुईभन्दा बढी व्यक्तिहरू मिली सङ्गठितरूपमा नाबालक बिटुकुमार चौधरीलाई अपहरण गरी शरीर बन्धक बनाई सोही महलको ७ नं. विपरीतको कसुर गरी यी प्रतिवादीहरूको संख्या दुईभन्दा बढी देखिएको र संगठितरूपमा कसुर गरेको देखिन आएकोले सोही महलको ७ नं. बमोजिम थप दुई वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०८/२०मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था देखिएन।

२१. प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ९ नं. बमोजिम थप दुई वर्ष सजाय हुनसक्छ वा सक्दैन? भन्ने सम्बन्धमा विचार गर्दा, मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. मा भएको कानूनी व्यवस्था हर्दा, **"यस महलको १, २ वा ३ नं. बमोजिमको कसुर महिला वा नाबालक विरूद्ध गरिएको भए यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्दछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाअनुसार यस महलको १, २ वा ३ नं. बमोजिमको कसुर महिला वा नाबालक विरूद्ध गरिएको पुष्टि हुन आएमा यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ भनी बाध्यात्मक कानूनी व्यवस्था गरेको पाइन्छ। प्रस्तुत मुद्दामा जाहेरवाला राकेश चौधरीको अढाई वर्षको अवोध नाबालक बिटुकुमार चौधरीलाई निजकै घरबाट प्रतिवादीहरूले योजना बनाई सङ्गठितरूपमा अपहरण गरी भारतको घोडासन भन्ने ठाउँमा पुऱ्याई शरीर बन्धक बनाई फिरौती माग गरेकोमा फिरौती रकम बुझाउन नपाउँदै बालकको सकुशल उद्धार गरिएको पुष्टि हुन आएकोले प्रतिवादीहरूको उपर्युक्त कार्य अढाई वर्षको नाबालक बिटुकुमार चौधरीलाई अपहरण गरी शरीर बन्धक बनाई सोही महलको ९ नं. विपरीतको कसुर गरेको देखिन आएकोले सोही महलको ९ नं. बमोजिम यस महलको १, २, वा ३ नं. बमोजिमको कसुर गरी नाबालकलाई अपहरण गरी शरीर बन्धक गराई राखेको देखिँदा थप दुई वर्ष कैद सजाय हुने गरी

पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०८/२० मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था देखिएन।

२२. पुनरावेदक / प्रतिवादी भाग्यनारायण बैठाको योजना र आदेशबमोजिम पुनरावेदक / प्रतिवादी मनोजकुमार बैठा सहमत भई अपहरण गर्ने तथा शरीर बन्धक लिने कार्यमा संलग्न भई यी प्रतिवादीसमेत भई नाबालक बिटुकुमार चौधरीलाई अपहरण गरी भारतको घोडासन भन्ने ठाउँमा पुऱ्याई शरीर बन्धक बनाई छुटकारा (फिरौती) रकम माग गरेकोमा छुटकारा (फिरौती) रकम बुझाउन नपाउँदै प्रहरीले सकुशल उद्धार गरेको कुरा सप्रमाण पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई जनही जम्मा चौध वर्ष कैद र रू. २,००,०००।– (दुई लाख) हुने ठहऱ्याई सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७१/०९/२० मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ८(आठ) वर्ष कैद, सोही महलको ७ र ९ नं. बमोजिम क्रमशः दुई-दुई वर्ष थप कैद गरी जम्मा १२(बाह्र) वर्ष कैद र सोही महलको ३ नं. बमोजिम जनही जरिवाना रू. १,५०,०००।– (एक लाख पचास हजार) हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०८/२० मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने देखिएन।

२३. अतः माथि विवेचित आधार, कारण, र प्रमाणहरू समेतबाट पुनरावेदक / प्रतिवादीहरू भाग्यनारायण बैठा, मनोजकुमार बैठा र अमलदेव ठाकुरसमेतले अभियोग दाबीबमोजिम आरोपित कसुर गरेको पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरू भाग्यनारायण बैठा र मनोजकुमार बैठालाई जनही जम्मा चौध वर्ष कैद र रू. २,००,०००।– (दुई लाख) जरिवाना हुने तथा बरामद भएको मोटरसाइकल जफत नहुने गरी भएको सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०७१/०९/२० मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक / प्रतिवादीहरू भाग्नारायण बैठा र मनोजकुमार बैठालाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ८(आठ) वर्ष कैद र सोही महलको ७ र ९ नं. बमोजिम क्रमशः दुई-दुई वर्ष थप कैद गरी जम्मा १२(बाह्र) वर्ष कैद र सोही महलको ३ नं. बमोजिम जनही जरिवाना रू. १,५०,०००।– (एक लाख पचास हजार) हुने र बरामद भएको मोटरसाइकल जफत हुने तथा अरूमा सुरू भक्तपुर जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०८/२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक / प्रतिवादीहरू भाग्यनारायण बैठा, मनोजकुमार बैठा र अमलदेव ठाकुरको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत: लोकबहादुर हमाल
इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम्।

निर्णय नं. ९९८१

प्रस्तुत मुद्दामा गोपनीयताको लागि जाहेरवाला र पीडितको परिवारको नाममा ..... राखिएको छ ।

- सम्पादक

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७४।४।३२

मुद्दाः जबरजस्ती करणी

०६९-CR-०३६५

पुनरावेदक / वादी : .....को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : कैलाली बलीया गा.वि.स. वडा नं.९ बस्ने ध्वजबहादुर रावलको छोरा प्रकाश रावल

०६९-CR-०४३०

पुनरावेदक / प्रतिवादी : जोरासिंहको छोरा कैलाली जिल्ला बलिया गा.वि.स. वडा नं. ९ घर भई हाल कारागार कार्यालय कंचनपुरमा बन्दी रहेको प्रकाश रावल

विरूद्ध

प्रत्यर्थी / वादी : .....को जाहेरीले नेपाल सरकार

- **पीडित महिलाउपर प्रतिवादीहरूले गरेको षड्यन्त्र, आपराधिक नियत र कार्यहरू (Mens Rea and Actus Rea) बाट नै सामूहिक बलात्कार हो वा होइन भन्ने पत्ता लगाउनु पर्ने हुन्छ । सामूहिक बलात्कारको कसुर स्थापित हुनको लागि एउटै वारदातस्थल र समय हुनुपर्छ भन्ने नहुने ।**
- **छ जनाको समूहमा रहेका यी प्रतिवादीहरूले एक नाबालक महिलालाई नियन्त्रणमा लिई आफ्नो अनुकूलको समय र स्थानमा लगी जबरजस्ती करणी गर्छन् भने उक्त वारदातहरूलाई अलगअलग मानी सजायबाट छुट दिनु न्यायसङ्गत हुन नसक्ने ।**
- **पीडित प्रतिवादीहरूको नियन्त्रणबाट मुक्त भएपछि मात्र अर्को जबरजस्ती करणीको वारदात भएको भए सो वारदातलाई अलग रूपमा लिन मिल्थ्यो होला तर प्रतिवादीहरूको नियन्त्रणमा रहेकै अवस्था तथा प्रतिवादीहरूकै इच्छाअनुसार स्थान परिवर्तन गरेको अवस्थामा घटेका जबरजस्ती करणीको वारदातहरूलाई एकै शृङ्खला (Chain) अन्तर्गत घटेको वारदात मानी हेर्नुपर्छ । अलगअलग स्थान र समयमा भएको भन्ने आधारमा सजायबाट छुट हुन नसक्ने ।**

(प्रकरण नं.११)

- **गम्भीर अपराधमा कानूनले फरकफरक स्थान र समयमा भएको जबरजस्ती करणी सामूहिकरूपमा भएको जबरजस्ती करणी होइन भनी प्रस्टरूपमा उन्मुक्ति प्रदान नगरेको अवस्थामा कानूनको व्याख्या गर्दा कसुरदारलाई छुट र उन्मुक्ति नहुने किसिमबाट गर्नुपर्छ । समूहगत रूपमा मिली नाबालकलाई नियन्त्रणमा लिई आफ्नो इच्छाअनुसारको समय र स्थानमा शृङ्खलाबद्ध रूपमा जबरजस्ती करणी गरेको यसप्रकारको जघन्य कार्यमा अलगअलग स्थान र समयमा**

भएको भन्ने आधार लिई अपराधको दायित्वबाट उन्मुक्ति दिनु विधायिकाको मनसायविपरीत त हुन्छ नै पीडितको न्याय पाउने अधिकारको समेत विपरीत हुन जाने।

(प्रकरण नं.१३)

- **राज्यको निकायबाट कुनै अभियोग लागी अदालतमा मुद्दा दायर भएको अवस्थामा अदालतमा उपस्थित भई सो अभियोगको खण्डन गरी आफ्नो निर्दोषिता पुष्टि गर्नु वा दोषी ठहर भएको अवस्थामा कानूनबमोजिमको सजाय भोग्नु नागरिकको कर्तव्य हो। कानूनको रीतबमोजिम सूचना दिँदासमेत अदालतमा उपस्थित नभई कुनै अभियुक्त फरार रहन्छ भने पनि अदालतले प्राप्त प्रमाणको आधारमा न्यायिक निष्कर्षमा पुग्नु नै पर्ने।**
- **प्राप्त प्रमाणबाट सामूहिकरूपमा जबरजस्ती करणी गरेको तथ्य शंकारहित तवरबाट स्थापित भएको अवस्थामा सहअभियुक्तहरू फरार रहेको भन्ने आधारमा मात्र प्रतिवादीलाई सजायबाट छुट दिनु न्यायसङ्गत हुन नसक्ने।**

(प्रकरण नं.१४)

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा, श्री कृष्णप्रसाद सापकोटा, विद्वान् अधिवक्ता श्री कलमबहादुर खत्री

वादीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

मा. जिल्ला न्या. श्री नारायणप्रसाद धिताल
कैलाली जिल्ला अदालत।

पुनरावेदन तहमा फैसला गर्नेः

मा. मुख्य न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री थीरबहादुर कार्की
पुनरावेदन अदालत दिपायल।

फैसला

न्या.विश्वम्भरप्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

म जाहेरवाली जनसेवा माध्यमिक विद्यालय गणेशपुर बलियामा कक्षा ८ मा पढ्ने भएकी हुँदा मिति २०६६।७।११ का दिन म विद्यालय पढ्न भनी गई साँझतिर विद्यालयबाट आफ्नो घरतर्फ आउन लाग्दा जिल्ला कैलाली बलिया ८ बस्ने जोरा सिंह रावलको छोरा वर्ष २५ को प्रकाश रावलसमेतले मलाई आफ्नो मोटरसाइकलमा राखी घरसम्म पुऱ्याई दिन्छु भनी अण्डामा नसालु पदार्थ मिसाई खुवाई मलाई विभिन्न स्थानमा लगी मिति २०६६।७।२० गतेसम्म जबरजस्ती करणी गरेको हुँदा निज अन्यायीहरूलाई कानूनबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरी दरखास्त।

जिल्ला कैलाली बलिया ८ लम्की बजार स्थित पूर्वमा अं.१० मिटर टाढा लम्की देखी टिकापुर खक्रौला जाने कच्ची ग्राबिल सडक बाटो, पश्चिममा टेकबहादुर शाहीको पक्की घर, उत्तरमा रोहन ढकालको पक्की घर र दक्षिणमा जीतबहादुर चौधरीको पक्की घर यति चार किल्लाभित्र पर्ने दुई तल्ले पौडेल होटल एण्ड लजको होटल घरको कोठा नं.३ मा जिल्ला कैलाली बलिया ८ लम्की बस्ने अन्दाजी वर्ष २२ को प्रकाश रावल, अनुप बुच्चर, भरत जैशी, प्रकाश रावल, तिर्थ तारामी लगायतका ६ जनाले .....लाई मिति २०६६।७।२० गते राति जबरजस्ती करणी गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

मिति २०६६।७।२० गते म आफ्नै घरपसलमै थिएँ। जाहेरवाली .....लाई मैले जबरजस्ती करणी गरेको होइन। निजले ममाथि झुठ्ठा कुरा भनी आरोप

लगाएकी हुन् । सो राति म उक्त होटलमा पनि गएको थिइन । सो सम्बन्धमा साहुलाई बुझ्दा हुन्छ भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश रावलले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मिति २०६६।७।२० गते म आफ्नै घरमा थिएँ । जाहेरवाली ..... मेरो लम्की स्थित सि.डी.पसलमा आइरहने भएकीले एक महिनापूर्वदेखि निजलाई चिन्दछु । निज बजारमा मैले नचिनेका केटाहरूसँग घुमेको देखी निजलाई सम्झाउने गर्दथेँ । निजलाई मैले जबरजस्ती करणी गरेको होइन । निजले ममाथि झुट्टा आरोप लगाएकी हुन् । अन्य कसैले गरेको हुनुपर्छ भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश रावलले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

जिल्ला कैलाली बलिया ८ स्थित त्रिशक्त सामुदायिक वनजंगल स्थित पूर्वमा ऐ. वनमा जाने कच्ची बाटो, पश्चिममा अं.५०० मि. टाढा धुपेनी खोला, उत्तरमा अं.५० मि.टाढा ठूलो सालको रूख र दक्षिणमा अं.२०० सम्म टाढा पूर्व पश्चिम महेन्द्रराजमार्ग यति चार किल्लाभित्र पर्ने स्थानमा सालघारी तथा स-साना रूइनाका बोट-विरूवाहरूको जंगल रहेको सो ठाउँमा मिति २०६६।७।११ गते दिउँसो साँझतिर जिल्ला कैलाली बलिया ८ लम्की बस्ने प्रकाश रावल र तिर्थ तारामीले पीडित .....लाई जबरजस्ती करणी गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का ।

जिल्ला कैलाली बलिया ८ लम्की स्थित पूर्वमा रन सिंह बि.क.को पक्की घर, पश्चिममा दिप सिंह बिष्टको पक्की घर, उत्तरमा खुल्ला खाली रहेको जमिन र दक्षिणमा ३० मि. टाढा पूर्व पश्चिम महेन्द्रराजमार्ग यति चार किल्लाभित्र अवस्थित दक्षिण मोहडा भएको दुई तल्ला भएको प्रदिप बुढाले पञ्चकोशी होटल सञ्चालन गरेको घर, उत्तर घरको तल्लो तल्लाको उत्तरपट्टिको ग्यालरीभन्दा पूर्वपट्टिको कोठा नं. १०४ मा प्रतिवादी प्रकाश रावलले .....लाई मिति २०६६।७।११ गते राति जबरजस्ती करणी गरेको भनी देखाइएको घटनास्थलमा घटनासँग सम्बन्धित सबुद प्रमाण फेला नपरेको घटनास्थल प्रकृति मुचुल्का ।

जिल्ला कैलाली बलिया ८ लम्की बजार स्थित पूर्वमा बुटवल फर्मा मेडिकल रहेको एक तल्ले घर, पश्चिममा उमेश भिडियो रहेको पसल कोठा, उत्तरमा खुल्ला रहेको जमिन र दक्षिणमा पूर्व पश्चिम महेन्द्रराजमार्ग यति चार किल्लाभित्र पर्ने स्थानमा मेडिकल रहेको एक तल्ले पक्की घर उक्त घरको उत्तरपट्टिको प्रतिवादी भरत जैशीले डेरामा लिई बसेको कोठामा मिति २०६६।७।१२ गते राति अन्दाजी १ बजेको समयमा प्रतिवादी भरत जैशीले पीडित .....लाई जबरजस्ती करणी गरेको भनी देखाइएको घटनाथलमा घटनासँग सम्बन्धित सबुद प्रमाण फेला नपरेको घटनास्थल प्रकृति मुचुल्का ।

मिति २०६६।७।११ को दिन म आफ्नै होटलमा थिएँ । प्रतिवादी प्रकाश रावललाई म चिन्दछु, पीडितलाई म चिन्दिन । प्रतिवादी प्रकाश रावलले मेरो होटलमा पीडित .....लाई ल्याएको र करणी गरेको सम्बन्धमा मलाई केही थाहा छैन । पीडितले मेरो होटलमा करणी भएको भनी के कसरी जाहेरी दिएकी हुन् मलाई थाहा भएन भन्नेसमेत बेहोराको प्रदिप बुढाले मौकामा गरेको कागज ।

मिति २०६६।७।११ गते म आफ्नै होटलमा थिए । पञ्चकोशी होटलको पूर्वपट्टिको सी.डी चक्का पसल गरी बस्ने प्रकाश रावलले मेरो होटलमा आई मलाई कोठा चाहिएको छ, तपाइँको होटलमा कोठा खाली छ कि छैन भनी सोध्दा मैले कोठा त छ भनी माथिल्लो तल्लामा मिति २०६६।६।२० गते कोठा दिएको थिएँ । निज जाहेरवाली .....लाई प्रतिवादी प्रकाश रावलसमेतले जबरजस्ती करणी गरेको थियो भन्ने कुरा सुनी थाहा पाएको थिएँ । सो राति मैले हो हल्ला भएको सुनेको थिएन भन्नेसमेत बेहोराको शिव सुवेदीले मौकामा गरेको कागज ।

मिति २०६६।७।११ गते म आफ्नै घरमा थिएँ । ऐ. १७ गते जाहेरवाली ..... मेरो छोरीसँग आई दुई तीनदिन जति बसी गएकी थिइन् । निजलाई को कसले जबरजस्ती करणी गरेका हुन् केही थाहा छैन । पछि सुन्दा प्रतिवादी प्रकाश रावललाई सोही घटनाको

आरोपमा प्रहरीले पक्राउ गरी लगेका हुन् भन्ने कुरा सुनी थाहा पाएको थिएँ भन्नेसमेत बेहोराको टिकाराम धमलाले मौकामा गरेको कागज ।

मिति २०६६।७।११ गते दिउँसो म आफूले पढाउने गरेको दिपेन्द्र नि.मा.वि.थपालीपुर लम्कीमा थिएँ । ऐ.२० गते राति पनि आफ्नै घरमा थिएँ । जाहेरवाली ..... मेरो भान्जी नाता पर्छिन् । निजलाई प्रतिवादी प्रकाश रावलसमेतका व्यक्तिहरूले ऐ.बलिया ८ लम्की स्थित पौडेल होटलमा जबरजस्ती करणी गरेको भन्ने कुरा वारदात भएपश्चात् निज भान्जी .....ले भन्दा सुनी थाहा पाएकी थिए । निज प्रतिवादीहरू राम्रा चरित्रका होइनन् भन्नेसमेत बेहोराको कमला कुमारी मिश्रले मौकामा गरेको कागज ।

मिति २०६६।७।११ को दिन म आफ्नै पसलमा थिएँ । त्यस्तै ऐ.७।२० गतेका दिन तथा राति पनि म पसल तथा घरमा नै थिएँ । जाहेरवाली ..... लाई म चिन्दिन । त्यस्तै प्रतिवादीहरू ६ जनालाई नै चिन्दिन । उक्त घटना भए नभएको मलाई थाहा भएन । उक्त समयमा मलाई केही कुरा पनि थाहा भएन । तापनि मिति २०६६।७।२२ गते प्रहरीहरू पौडेल होटलमा आइसकेपछि हिजो एउटा मानिस बसेको थियो । त्यसै सम्बन्धमा बुझ्न आएका हुन् भनी होटल साहुले मलाई भनेका र प्रहरीले प्रतिवादीहरूलाई पक्राउ गरिसकेपछि सो घटना सम्बन्धमा मिति २०६६।७।२७ गते मात्र थाहा जानकारी पाएको थिएँ । घटना घटे नघटेको केही थाहा भएन भन्नेसमेत बेहोराको प्रकाश जैशीसमेतका व्यक्तिहरूले गरी दिएको वस्तुस्थिति मुचुल्का कागज ।

पीडित वर्ष १५ की .....लाई प्रतिवादी प्रकाश रावल, प्रेम योगी, अनुप कुरेशी बुच्चर, तिर्थ तारामीले जबरजस्ती करणी गरेको देखिएकोले निजहरूलाई मुलुकी ऐनजबरजस्ती करणी महलको १x३ (३) x ३ (क) नं. विपरीतको कसुर अपराधमा सोही महलको ३(३) नं. को कसुर सजाय गरी सोही महलको ३(क) नं.बमोजिम थप सजायको दाबी लिई र सोही महलको १० नं. बमोजिम पीडितलाई मनासिब क्षतिपूर्ति भराई पाउने दाबी लिइएको छ भन्नेसमेत बेहोराको अभियोग मागदाबी ।

जाहेरवाली ..... लाई चिनेको र मेरो सी.डी. पसलमा सी.डी. चक्का लिन आउने जाने गरेकी हुनाले त्यसदिन पनि म त्यो बाटो भएर आइरहेको बेलामा निज .....लाई बाटोमा हिँडी घर तिर आई रहेको देखी बहिनी तिम्रो घरसम्म पुऱ्याई दिन्छु मोटरसाइकलमा बस भनी भन्दा निज मेरो मोटरसाइकलमा नबसी सरासर हिँडी आफ्नो घरमा गएकी हुन् । मैले निजलाई जबरजस्ती करणी गरेको होइन अन्य को-कस्ले कहाँ के गरे मलाई केही थाहा छैन । ममाथि लगाइएको आरोप झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश रावलले अदालतमा गरेको बयान ।

मिति २०६६।७।११ गतेदेखि २० गतेसम्म मैलेसमेत जाहेरवालीलाई जबरजस्ती करणी गऱ्यो भन्ने कुरा झुट्टा हो । उक्त मिति र समयमा निजसँग मेरो भेटघाट पनि भएको छैन । निजलाई म पहिले चिन्दैनथेँ । लम्की बजारमा मेरो पसल भएकोले मेरो पसलमा आउने जाने क्रममा ४।५ महिना अगाडिदेखि मात्र चिन्दछु । मैले निज जाहेरवालीलाई कुनै पनि मिति र समयमा केही कुनै बेहोराले जबरजस्ती करणी गरेको छैन । अरू कसले गऱ्यो थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश रावलले अदालतमा गरेको बयान ।

उक्त मिति र समयमा म लम्की स्थित बजारमा नै थिएँ । उक्त समयमा कुनै किसिमको जबरजस्ती करणी कोही कसैलाई पनि भएको गरेको थिएन । यी दुवै राम्रो चरित्र भएका व्यक्ति हुन् । राजनीतिक पूर्वाग्रह र पैसाको लोभलालचमा मात्र यी दुईजनाको विरूद्धमा आरोप लगाइएको हो भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश रावलद्वयका साक्षी पहल शाहीले अदालतमा गरेको बकपत्र ।

रिसइवीको कारण यी प्रकाश रावलद्वयको नाममा जाहेरी दिइएको हो । यी जाहेरवालीको चरित्र राम्रो छैन भन्ने कुरा यी प्रकाश रावलद्वयलाई थाहा जानकारी भएकाले आफ्नो सम्पूर्ण पोल खुल्छ भन्ने डरले यी जाहेरवालीले यी प्रतिवादीद्वय प्रकाश रावलका नाउँमा झुट्टा जाहेरी दिएकी हुन् भन्नेसमेत बेहोराको

प्रतिवादी प्रकाश रावलद्वयका साक्षी दलबहादुर रावलले अदालतमा गरेको बकपत्र ।

म तरकारी व्यापार गरी फर्कंदा मेरो काम गर्ने केटाले रू.१०००।– दिएको थियो । सो सबै काम खानासमेत दिने र हिसाब गर्ने काम त्यही केटाले गर्ने गर्दथ्यो र यस मुद्दाका प्रतिवादीहरू प्रकाश रावल र प्रकाश रावललाई मैले मेरो होटलमा भोलिपल्ट बिहान देखिन रातमा देखेँ। भोलिपल्ट बिहान १ जना बहिनीलाई देखेको थिएँ । सोको हुन् मलाई थाहा भएन, ततपश्चात् म तरकारी बेच्न आफ्नो काममा गइहालेँ भन्नेसमेत बेहोराको मौकामा कागज गर्ने शिव सुवेदीले अदालतमा गरेको बकपत्र ।

मिति २०६६।७।११ गते छोरी घरबाट निस्की स्कुल गएकी र साँझ घर नफर्केपछि भोलिपल्टदेखि म छोरीको खोजीमा निरन्तर लागेकोमा शिवराज कोइराला र रनसिंह वि.क. भन्ने व्यक्तिले निज छोरीलाई बलियाकै भल्का भन्ने ठाउँमा छ भनी पत्ता लगाई त्यहाँबाट छोरी लम्की ल्याएका हुन् र पछि मैले यी यी व्यक्तिबाट यस्तो भयो भनी चौकीमा निवेदन हालेको थिएँ । यी २ जना प्रतिवादी प्रकाश रावल र प्रकाश रावललाई शिवराज कोइराला र रन सिंह वि.क. समेतको सहयोगमा प्रहरीले पक्राउ गरी ल्याएका हुन् । तत्पश्चात् टिकापुर अस्पतालमा स्वास्थ्य परीक्षण गर्न लगाएको हो । मैले फरार रहेका प्रतिवादीहरूको पनि खोजी गरिदिनु पर्‍यो भनी पटकपटक प्रहरीमा निवेदन दिएको छु । उनीहरूले देखाएका घटनास्थलसमेत मैले हेरेको थिएँ। यी प्रतिवादी प्रकाश रावलद्वयले नसालु अण्डा खुवाउने र सो कार्यमा भरत जैशी पनि थिए । बेहोस भएकै अवस्थामा धुपेनी खोलामा पीडितलाई लगेका र तत्पश्चात् पीडितलाई अनुप बुच्चरको जिम्मामा इन्डिया लगी बेची दिनु भनी लगाएका र इन्डिया लैजाने क्रममा भल्काबाट शिवराज कोइराला र रन सिंह वि.क.ले फिर्ता ल्याएका थिए । मैले छोरीलाई सोध्दा यी प्रतिवादीहरूले मलाई बेहोस गराएका हुन् भनी भनेकी थिइन् भन्नेसमेत बेहोराको जाहेरीमा रोहवरमा बस्ने पीडितका बुबा .....ले अदालतमा गरेको बकपत्र ।

स्कुल छुट्टी भएपछि स्कुलको गेटमा दुवै जना प्रकाश रावल र तिर्थ तरामी बसिराखेकोमा मलाई आउ हाम्रो मोटरसाइकलमा बस, हामी तिम्रो घर पुर्‍याई दिन्छौं भनी प्रकाश रावलले भन्दा म प्रकाश रावलको मोटरसाइकलमा चढी गएको र अलि पर पुगेपछि प्रकाश रावलले तिमीलाई भोक लागेको छ कि भनी सोधेको र मैले लागेको छ भनी भनेकीले मैले उसिनेको अण्डा ल्याएको छु खाऊ भनी भनेकाले मैले उक्त उसिनेको अण्डा खाएको थिएँ। तत्पश्चात् मलाई रिङ्गटा चलेकोमा मैले मलाई कहाँ लैजाँदै छौं भन्दा म तिम्रै घरतिर लैजाँदै छु भनेका र मेरो स्कुलबाट २।३ घण्टा लाग्ने ठाउँ धोबेनी खोला लगेर गए । त्यसपछि तिर्थ तरामीलाई सोही खोलामा छोडी मोटो प्रकाश रावलले मलाई भित्र झाडीमा लगेको र त्यही मोटरसाइकल खडा गरी मैले लगाएको स्कर्टमाथि गरी मलाई जबरजस्ती करणी गरेको हो र मैले चिच्याउँदा कराउँदा कसैले सुनेन र मलाई चुप लाग हल्ला नगर भनी धाक डर देखाए । म झारीबाट आउँदै गर्दा तिर्थ तरामीले मलाई जबरजस्ती भुइँमा पल्टाई मलाई जबरजस्ती गर्न खोज्यो । तत्पश्चात् म बाटोमा आएकोमा बाटोमा पातलो वाला प्रकाश उभी राखेको थियो । म अलि दगुर्दै माथि गएकोमा रात परिसकेकोले सुनसान थियो र मलाई डर लागिरहेको थियो । मलाई निजहरूले चुपचाप लागी बाइकमा बस भनी बाइकमा बसाए । उक्त बाइक चलाउने तिर्थ तरामी थिए भने मेरो पछाडि मोटो प्रकाश रावल पनि बसेको थियो । तत्पश्चात् खक्रौला रोडमा रहेको पञ्चकोशी होटलमा लगेर गएका र मलाई सो होटलको भान्सा नजिकैको कोठामा राखेका थिए । त्यसपछि मोटो प्रकाश रावल मलाई कोठामा छोडी गएकोमा मैले नचिनेको अपरिचित मानिस कोठाभित्र पस्यो । मैले प्रकाश भनी बोलाउँदा उक्त व्यक्ति मसँग केही नबोलेकोले मलाई शंका लागी सोही कोठाको बाथरूममा पसी चुकुल लगाएकी थिएँ । सो व्यक्तिले मलाई चुकुल खोल भनी भनेकोमा म कराएको र उक्त होटलको साउजी र प्रकाश रावल (मोटो) आएका थिए । उक्त स्थानमा पातलो प्रकाश रावल र तिर्थ तरामी पनि थिएनन् । मैले बाथरूमको चुकुल खोल्दा

उक्त अपरिचित व्यक्ति बाहिर निस्किसकेको थियो । तत्पश्चात् मोटो प्रकाश रावलले खाना मगाई म र प्रकाशले सँगै खाना खाएका थियौँ। धेरै राति भएको र लगभग राति ११.०० बजे मलाई बस काउण्टर नजिक रहेको पौडेल होटलमा लगी विभिन्न डर त्रास देखाई सिढी नजिकको कोठामा लगेका थिए। तत्पश्चात् प्रकाश रावल (मोटो) वालाले उसिनेको अण्डामा नसालु पदार्थ मिसाई मलाई जबरजस्ती खुवाएको र त्यसको केही बेरपछि मलाई रिङ्गटा लागी सो कोठाको खाटमा पल्टिएको थिएँ। म बेहोस भएकोले होसमा आउँदा अनुप बुच्चर मेरो शरीरमाथि चढेको र मेरो शरीरको सबै लुगा खोलिएको थियो। मलाई उनले जबरजस्ती करणी गरी राखेका थिए फेरि पुनः म बेहोस भई हाले त्यसको १, २ घण्टापछि म फेरि होसमा आउँदा रातिको १.०० बजिसकेको थियो । त्यहाँबाट मलाई भरत जैशीले आफ्नो डेरामा लगेको थियो । डेरामा लगी मलाई रातभर ३।४ पटक जबरजस्ती करणी गरेका थिए। तत्पश्चात् म फेरि बेहोस भई बिहान एकै चोटि बिउझिएकी थिएँ । त्यसपछि मलाई पुनः मोटो प्रकाश रावल र भरत जैशीले बेहोस गराई मलाई बलियातिर लग्दै गरेको अवस्थामा रन सिंह अंकलहरूले मलाई भेटाएका हुन् । रन सिंह अंकलका साथ शिवराज कोइराला पनि थिए भन्नेसमेत बेहोराको जाहेरवाली तथा पीडित .....ले अदालतमा गरेको बकपत्र।

मैले प्रत्यक्ष देखेको होइन। यी दुवै प्रतिवादीहरू र .....लाई मोतीपुर प्रहरी चौकीमा ल्याइसकेपछि मलाई केटीहरूले आईमाई कुरा भन्दछन् यी पीडितलाई सोध भनेकोले सोध्दा यी पीडित मेरी भान्जीले मलाई भनेअनुसार प्रतिवादीहरूले बाइकमा बस भनी बाइकमा भान्जी बसेकी र बजारमा पुगेपछि भोक लाग्यो भनी सोधेको र भान्जीले भोक लागेको छ भनी भन्दा नास्ता खाउ भनी यी प्रतिवादीहरूले उसिनेको अण्डा खान दिएको र खाएको एकछिनपछि निजलाई चक्कर लागेको र पुनः ठुलो प्रकाश रावलले बाइक चलाई पछाडिपट्टि सानोवाला प्रकाश रावल बसी लम्कीभन्दा पर पूर्वतिर धुपेनी खोलातिर लगेको र ठुलो वाला प्रकाश रावलले तिर्थ तरामीलाई बाइक कुर्न लगाई जंगलमा लगी ठुलो प्रकाश रावल, तिर्थ तरामी र सानो प्रकाश रावलले पालै पालो जबरजस्ती करणी गरेका हुन् भनेकी हुन्। तत्पश्चात् यी भान्जीले भाग्न खोज्दा तँलाई नाङ्गै रोडमा छोडिदिन्छु भनी जाहेरवालीलाई होटलमा ल्याएपछि फेरि कुन चाहिँ प्रकाश हो मलाई थाहा भएन, तत्पश्चात् तिर्थ तरमीले पुनः जबरजस्ती करणी गरेका हुन् र पछि पुनः अण्डा र अन्य नास्ता खुवाई तत्पश्चात् जाहेरवाली बेहोस भइन् । होसमा आउँदा यी जाहेरवालीको कुनै कपडा थिएन र अनुप कुरैसी यी जाहेरवालीको शरीरमाथि चढिराखेको र म कराएँ चिच्चाएँ र पल्लो कोठाको मान्छेले यो कोठामा के भयो भनी भनेका हुन्। सो दिन सोही होटलमा बसेको र पुनः यी केटाहरूले खोज्न थालेपछि यी केटाहरू र जाहेरवालीलाई माओवादीहरूले भेट्टाएपछि चौकीमा बुझाएको हो भनी जाहेरवाली भान्जीले मलाई भनेको हो। जाहेरवालीले सबै कुरा मलाई प्रहरी चौकीमा भनेकी हुन् भन्नेसमेत बेहोराको मौकामा कागज गर्ने कमला कुमारी मिश्राले अदालतमा गरेको बकपत्र।

एउटी अवला उमेर नपुगेकी नाबालिकाले किटान गरी नाम खुलाई आफूलाई करणी भएको कुरा प्रस्ट लेखाइदिएकोलाई जाहेरी, मौकामा बुझिएका मानिस र पीडितको बकपत्रमा सामान्य फरक भएको मात्र कारणले प्रतिवादीहरू निर्दोष रहेछन् भन्ने देखिँदैन। पीडितलाई करणी भएको भन्ने कुरा निजको शारीरिक जाँच एवं केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट जाँच भई आएका भौतिक प्रमाणसमेतले पुष्टि गरेको देखिँदा प्रतिवादी प्रकाश रावल र अर्कै प्रकाश रावलले जाहेरवालीलाई जबरजस्ती करणी गरेकोमा निजहरूलाई मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. विरूद्धको कसुरमा सोही ऐनको ३(२) बमोजिम १६ वर्षमुनिको बालिकालाई करणी गरेको देखिँदा निजहरूलाई जनही ७ वर्ष कैद र सोही ऐनको ३ क बमोजिम सामूहिकरूपमा जबरजस्ती करणी गरेको देखिँदा थप ५ वर्ष कैदको सजाय हुनका साथै प्रतिवादीहरूबाट पीडितले जनही रू.१,००,०००।– का दरले क्षतिपूर्तिसमेत भराई पाउने

ठहराएको सुरू कैलाली जिल्ला अदालतको मिति २०६८।३।१५ को फैसला।

प्रतिवादीमध्येको म पातलो प्रकाश रावलले अनुसन्धान अधिकारी र सम्मानित अदालतमा गरेको इन्कारी बयान, पीडित जाहेरवालीसमेतले अदालतमा बकपत्र गर्दा म पातलो प्रकाश रावलको कहीँकतै पनि कुनै किसिमको दोष भएको भनी नभनेको, मौकामा बुझिएका व्यक्ति र वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको भनाइमा एकरूपता नभएको, स्वयं जाहेरवालीका बकपत्र र जाहेरी बेहोरामा समेत एकरूपता नहुनु आदि आधार हुँदाहुँदै पनि मलाई हराउने गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी पातलो प्रकाश रावलले पुनरावेदन अदालत, दिपायलमा दायर गरेको पुनरावेदनपत्र।

म पुनरावेदक प्रकाश रावलले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष बयान गर्दा पूर्ण रूपमा इन्कार रहेको, पातलो प्रकाश रावलले समेत मलाई नपोलेको, पीडितले अदालतमा बकपत्र गर्दा कुनै पनि वारदातमा मेरो उपस्थितिसम्म नदेखाएको, मौकामा बुझिएका व्यक्ति र वस्तुस्थिति मुचुल्काका व्यक्तिको भनाइमा एकरूपता नभएको, स्वयं जाहेरवालीको बकपत्र र जाहेरी बेहोरामा एकरूपता नहुँदा नहुँदै पनि जाहेरीमा उल्लेख भएको नामलाई आधार लिई मलाई हराउने गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश रावलले पुनरावेदन अदालत, दिपायलमा दायर गरेको पुनरावेदनपत्र।

यसमा सुरूको फैसला विचारणीय देखिँदा मुलुकी ऐन अ.बं.२०२ नं. को प्रयोजनार्थ पुनरावेदनपत्रको प्रतिलिपिसहित पेसीको जानकारी पुनरावेदन सरकारी वकिल कार्यालय दिपायललाई दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत दिपालयबाट मिति २०६८।९।२५ मा भएको आदेश।

जोरा सिंह रावलको छोरा पुनरावेदक प्रकाश रावललाई अभियोग दाबीबमोजिम कसुरमा १२(बाह्र) वर्ष कैद एवं निजबाट पीडितले रू.१,००,०००।– (एकलाख) क्षतिपूर्ति भराई पाउने गरी गरेको फैसला मिलेकै देखिन्छ। धोजबहादुर रावलको छोरा पुनरावेदक प्रकाश रावलले पीडितलाई करणी गरेको नदेखिए पनि जोरा सिंह रावलको छोरा प्रकाश रावलसमेतले पीडितलाई करणी गर्ने भएको कुरा जानी थाह पाई हुल गरी सँग लागी जाने कार्य गरेको देखिँदा धोजबहादुर रावलको छोरा प्रकाश रावलको हकमा अभियोग दाबीबमोजिम सजाय र निजबाट रू. एकलाख पीडितले क्षतिपूर्ति भरी पाउने गरेको हदसम्म सुरू कैलाली जिल्ला अदालतको मिति २०६८।३।१५ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई धोजबहादुर रावलको छोरा प्रकाश रावललाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ४ नं.बमोजिम पीडित १६ वर्ष मुनीको देखिँदा १(एक) वर्षको दोब्बर २(दुई) वर्ष कैद हुने ठहर्छ भन्ने पुनरावेदन अदालत दिपालयबाट मिति २०६८।१२।१३ मा भएको फैसला।

म पुनरावेदकले पीडितलाई जबरजस्ती करणी गरेको छैन। पीडितको भनाइ आफैँमा विवादित र असङ्गत रहेको छ । त्यसैगरी पीडितको पिता ..... र कमला कुमारी मिश्रको बकपत्रले आपसमा मेल नखाई विरोधाभासपूर्ण अवस्था विद्यमान रहेको छ। विपक्षीको शारीरिक परीक्षण प्रतिवेदन पनि आफैँमा विवादित रहेको छ। शारीरिक परीक्षण गर्ने चिकित्सकलाई अदालतबाट बुझ्ने काम नगरी निजले प्रस्तुत गरेको हचुवा रिपोर्टलाई विशेषज्ञको रिपोर्ट भन्ने संज्ञा दिई मेरा विरूद्ध प्रमाण लगाई मलाई हराई गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा १८ को प्रतिकूल छ। अतः सुरू कैलाली जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, दिपायलको फैसला बदर गरी मलाई अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने बेहोराको जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावलले यस अदालतमा दायर गरेको पुनरावेदनपत्र।

पीडितको बकपत्रको स.ज.८ मा ध्वजबहादुरको छोरा प्रकाश रावलले समेत करणी गरेको उल्लेख छ । त्यसैगरी जाहेरी दरखास्तको विरूद्ध खण्डमा जोरा सिंहको छोरा प्रकाश रावलको साथै ध्वजबहादुर रावलको छोरा प्रकाश रावलसमेत उल्लेख छ। जाहेरी दरखास्तको प्रकरण नं. ३ मा ध्वजबहादुर रावलको छोरा

प्रकाश रावलको नाम उल्लेख भएको र प्रकरण नं. ३ मा उल्लिखित प्रतिवादीहरूले जबरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्तको पेटबोलीमा उल्लेख भएको अवस्थामा उमेर नपुगेकी बालिकाले प्रतिवादीहरूको नाम किटान गरी दिएको जाहेरी दरखास्त र बकपत्रको भनाइ र लेखाइको तरिका फरक पर्दैमा जाहेरी दरखास्तमा ध्वजबहादुर रावलको छोरा प्रकाश रावलले जबरजस्ती करणी गरेको भनी उल्लेख नभएको भनी अर्थ गरी पुनरावेदन अदालत दिपायलले करणीको ४ नं. बमोजिम २ वर्ष कैद हुने ठहऱ्याई गरेको फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय होस् भन्नेसमेत बेहोराको वादी नेपाल सरकारले यस अदालतमा दायर गरेको पुनरावेदनपत्र ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयको लागि यस इजलासमा पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावलको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूले गर्नुभएको बहस जिकिर देहायबमोजिम रहेको छ ।

वरिष्ठ अधिवक्ता श्री शम्भु थापा

प्रस्तुत मुद्दामा सामूहिक बलात्कार भएको अवस्था हैन । सामूहिक बलात्कार हुनको लागि प्रतिवादीहरूले पीडितलाई सामूहिकरूपमा एकैपटक करणी गरेको हुनुपर्छ । वारदातको प्रकृति हेर्दा सामूहिकरूपमा करणी गरेको अवस्था नभई प्रतिवादीहरूलाई फरकफरक समयमा करणी गरेको आरोप हुँदा सामूहिकरूपमा करणी भएको भनी मान्न मिल्दैन । प्रतिवादीहरूले एकैपटक पीडितलाई करणी गरेको अवस्था होइन । सामूहिक करणी नै नभएको अवस्थामा प्रतिवादी प्रकाश रावललाई सामूहिक बलात्कारबापत थप सजाय गर्ने पुनरावेदन अदालत दिपायलको फैसला नमिलेको हुँदा बदर गर्नुपर्छ ।

वरिष्ठ अधिवक्ता श्री कृष्णप्रसाद सापकोटा

सामूहिक बलात्कार प्रमाणित हुनको लागि करणीको कार्यमा सामूहिकरूपमा सबै जना संलग्न भएको देखिनुपर्छ । हाल दुईजना प्रकाश रावल मात्र रहेको र अन्य प्रतिवादीहरू फरार रहेको अवस्थामा सामूहिक बलात्कार भएको भनी प्रमाणित हुन सक्दैन । करणीको विवादमा पीडितको भनाइलाई प्रमाणमा लिनको लागि भनाइहरूमा एकरूपता रहेको हुनुपर्छ । त्यसमा शंका गर्न सकिने अवस्था हुन हुँदैन । पीडितको भनाइ फरकफरक भएमा अन्य स्वतन्त्र प्रमाणबाट समेत प्रमाणित हुनुपर्छ । प्रस्तुत मुद्दामा पीडितको भनाइ नै एक आपसमा बाझिएका छन् भने उक्त भनाइलाई अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको अवस्थासमेत छैन । यस अवस्थामा प्रतिवादी प्रकाश रावलउपरको आरोप प्रमाणित हुन सक्दैन । निजलाई अभियोग दाबीबाट सफाइ दिनुपर्छ ।

अधिवक्ता कलमबहादुर खत्री

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखास्त दर्ता गर्नुपर्नेमा सो भएको अवस्था छैन । पीडितको पिताले अदालतमा बकपत्र गर्दा १८ गते छोरी फेला परेको भनेका छन् भने २० गते छोरी खोज्नको लागि निवेदन दिएका छन् । मौकामा कागज गर्ने तथा अदालतमा आई बकपत्र गर्ने व्यक्तिहरूको भनाइ पनि एक आपसमा विरोधाभाषपूर्ण छ । फौजदारी मुद्दामा कसुरदार ठहर्नको लगि निर्विवाद प्रमाणको भूमिका र उपस्थिति अनिवार्य सर्त हो । प्रस्तुत मुद्दामा प्रतिवादीको प्रमाणहरूको न्यायोचित सुनुवाइ र मूल्याङ्कन नगरी विशेषज्ञलाई अदालतबाट बुझ्दै नबुझी जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावललाई १२ वर्ष कैद हुने ठहराएको कैलाली जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत दिपायलको फैसला बदर गरी जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावललाई सफाइ दिनुपर्छ ।

त्यसैगरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनीले निम्न अनुसार बहस गर्नुभयो ।

सहन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी

पीडितको बकपत्रको स.ज.८ मा ध्वजबहादुर रावलको छोरा प्रकाश रावलले समेत करणी गरेको उल्लेख छ । जाहेरी दरखास्तको प्रकरण नं. ३ मा ध्वजबहादुर रावलको छोरा प्रकाश रावलको नाम उल्लेख भएको र प्रकरण नं. ३ मा उल्लिखित प्रतिवादीहरूले जबरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्तको पेटबोलीमा उल्लेख भएको अवस्थामा उमेर नपुगेकी बालिकाले प्रतिवादीहरूको नाम किटान गरी दिएको जाहेरी दरखास्त र बकपत्रको भनाइ र लेखाइको तरिका नमिल्दैमा ध्वजबहादुर रावलको छोरा प्रतिवादी प्रकाश रावललाई घटी सजाय गर्ने गरी गरेको पुनरावेदन अदालत दिपायलको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला सो हदसम्म बदर गरी सुरू अभियोग मागदाबीबमोजिम सजाय हुनुपर्छ ।

उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा मुख्यतः निम्न प्रश्नहरूमा केन्द्रित रही विवादको निर्णय गर्नुपर्ने देखियो ।

१. जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावलउपर सामूहिकरूपमा जबरजस्ती करणीको कसुर स्थापित हुन्छ वा हुँदैन?
२. ध्वजबहादुर रावलको छोरा प्रतिवादी प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गरेको ठहर्छ वा ठहर्दैन?
३. प्रतिवादी प्रकाश रावल र वादी नेपाल सरकार दुवैको पुनरावेदन परेकोमा पुनरावेदन जिकिर पुग्छ वा पुग्दैन?

२. उपर्युक्त प्रश्नहरूको सम्बन्धमा विचार गर्नुपूर्व प्रस्तुत मुद्दाको तथ्यहरूको संक्षिप्त चर्चा गर्नु वाञ्छनीय हुने देखिन्छ । म जाहेरवाली मिति २०६६।७।११ गतेका दिन विद्यालयबाट घरतर्फ आउन लाग्दा जिल्ला कैलाली बलिया ८ बस्ने जोरा सिंह रावलको छोरा प्रकाश रावलसमेतले मोटरसाइकलमा घरसम्म पुऱ्याइदिन्छु भनी अण्डामा नसालु पदार्थ मिलाई खुवाई विभिन्न स्थानमा लगी मिति २०६६।७।२० गते सम्म जबरजस्ती करणी गरेको हुँदा निज अन्यायीहरूलाई कानूनबमोजिम गरिपाउँ भन्ने बेहोराको जाहेरी दरखास्तबाट अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू जोरा सिंह रावलको छोरा प्रकाश रावल, ध्वजबहादुर रावलको छोरा प्रकाश रावल, प्रेम योगी, भरत जैसी, तिर्थ तारामी र हनिप कुरेशी बुच्चरले जबरजस्ती करणी गरेको देखिएकोले निजहरूलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १×३(३) ×३(क) नं. विपरीतको कसुर अपराधमा सोही महलको ३(३) नं. को कसुर सजाय गरी सोही महलको ३(क) नं. बमोजिम थप सजाय र सोही महलको १० नं. बमोजिम पीडितलाई मनासिब क्षतिपूर्ति भराई पाउन दाबी लिई सुरू कैलाली जिल्ला अदालतमा अभियोगपत्र दायर भएको देखिन्छ ।

३. सुरू कैलाली जिल्ला अदालतबाट प्रतिवादीहरू प्रकाश रावलद्वयलाई मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं. विरूद्धको कसुरमा सोही ऐनको ३(२) बमोजिम १६ वर्ष मुनिको बालिकालाई करणी गरेको देखिँदा ७ वर्ष कैद र सोही ऐनको ३क बमोजिम सामूहिकरूपमा जबरजस्ती करणी गरेको देखिँदा थप ५ (पाँच) वर्ष कैद तथा प्रतिवादीहरूबाट पीडितले जनही रू. १,००,०००।- (एक लाख) को दरले क्षतिपूर्ति भराई पाउने तथा फरार अन्य प्रतिवादीहरूको हकमा १९० नं. बमोजिम मुलतबीमा राखी दिने ठहराई फैसला भएको रहेछ ।

४. सुरू कैलाली जिल्ला अदालतको उक्त फैसलाउपर चित्त नबुझाई दुवै प्रकाश रावलले पुनरावेदन अदालत, दिपायलमा पुनरावेदन दायर गरेकोमा पुनरावेदन अदालत, दिपायलबाट जोरा सिंह रावलको छोरा पुनरावेदक प्रकाश रावललाई अभियोग दाबीबमोजिम १२(बाह्र) वर्ष कैद एवं निजबाट पीडितले रू.१,००,०००।- (एक लाख) क्षतिपूर्ति भराई पाउने तथा अर्का प्रतिवादी ध्वजबहादुर रावलको छोरा प्रकाश रावलको हकमा मुलुकी ऐन जबरजस्ती करणीको महलको ४ नं. बमोजिम पीडित १६ वर्ष मुनिको देखिँदा १ (एक) वर्षको दोब्बर २(दुई) वर्ष कैद हुने ठहराएको रहेछ ।

पुनरावेदन अदालत, दिपायलको उक्त फैसलाउपर समेत चित्त नबुझाई जोरा सिंह रावलको छोरा प्रतिवादी प्रकाश रावल र वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दोहोरो पुनरावेदन परेको रहेछ।

५. अब जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावलउपर सामूहिक जबरजस्ती करणीको अभियोग स्थापित हुन्छ वा हुँदैन भन्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा सर्वप्रथम निज प्रतिवादीले पीडितउपर जबरजस्ती करणी गरेको थियो वा थिएन तथा उक्त जबरजस्ती करणी सामूहिकरूपमा गरेको हो वा होइन भन्ने सम्बन्धमा विवेचना गर्नुपर्ने हुन्छ । जबरजस्ती करणीको अपराध स्थापित हुनको लागि मूलतः दुईवटा तत्त्व आवश्यक पर्दछ। पहिलो यौन समागम (Sexual intercourse) र दोस्रो सहमतिको अभाव (Against will)। प्रतिवादी प्रकाश रावलले पीडितलाई करणी गरेको हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा जाहेरवालाले आफ्नो जाहेरीमा जोरा सिंह रावलको छोरा प्रकाश रावलले आफूलाई स्कुलबाट घरसम्म पुऱ्याइदिन्छु भनी आफ्नो मोटरसाइकलमा राखी अण्डामा नसालु पदार्थ मिलाई खुवाई विभिन्न स्थानमा लगी मिति २०६६।७।२० गतेसम्म जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको देखिन्छ । जाहेरवालाले अदालतमा गरेको बकपत्रमा पनि जोरा सिंह रावलको छोरा प्रकाश रावलले आफूलाई स्कुलबाट घरसम्म पुऱ्याइदिन्छु भनी आफ्नो मोटरसाइकलमा राखी पीडितको पछाडि तिर्थ तारामीलाई बसाई धुपेनी खोलापारीको जंगलमा लगी दुवैजनाले करणी गरेपश्चात् पञ्चकोशी होटलमा निज प्रकाश रावलले पुनः जबरजस्ती करणी गरेको त्यसपछि पञ्चकोशी होटलभन्दा अगाडि चौराहमा रहेको बस काउन्टर नजिकको पौडेल होटलको माथिल्लो तल्ला सिँढी नजिकको कोठामा लगी अनुप वुच्चरले करणी गरेको र त्यहाँबाट भरत जैशीले आफ्नो डेरामा लगी ३।४ पटकसम्म करणी गरेको भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ।

६. यसरी पीडितले आफ्नो जाहेरीमा जोरा सिंह रावलको छोरा प्रकाश रावलले आफूलाई करणी गरेको कुरालाई प्रस्टसँग उल्लेख गरेको देखिन्छ भने अदालतमा गरेको बकपत्रमा पनि सोही कुरालाई पुष्टि गरेको देखिन्छ। त्यसैगरी पीडितले माथि उल्लेख गरेको घटनाक्रम मौकैमा पीडितका पिता ..... र कमलाकुमारी मिश्रलाई बताएकोमा सोहीबमोजिम निज ..... र कमला कुमारी मिश्रले समेत सोही बेहोराको बकपत्र गरेको पाइन्छ । त्यसैगरी मौकामा बुझिएका मानिस पौडेल होटलका सञ्चालक शिव सुवेदीले पीडितलाई जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावलले आफ्नो होटलमा ल्याएको भन्ने कुरालाई पुष्टि गरेका छन् भने पञ्चकोशी होटलका सञ्चालक प्रदिप बुढाले पनि प्रतिवादी प्रकाश रावलले आफ्नो होटलमा पीडितलाई ल्याएको कुरालाई पुष्टि गरेका छन्। पौडेल होटलका सञ्चालक शिव सुवेदीले अदालतमा गरेको बकपत्रमा समेत प्रतिवादीहरू प्रकाश रावल र पीडित आफ्नो होटलमा बस्न आएको कुरालाई पुष्टि गरेका छन्। यसरी पीडितले जाहेरी तथा अदालतसमक्ष गरेको बकपत्रमा आफूलाई पौडेल होटल तथा पञ्चकोशी होटलमा लगी जबरजस्ती करणी गरेको भनी दाबी गरेकोमा उक्त होटलका सञ्चालकहरूले समेत आफ्नो होटलमा प्रतिवादीहरूले पीडितलाई लिएर आएको कुरालाई पुष्टि गरेको देखिन्छ । त्यसैगरी पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा Hymen च्यातिएको र पीडितलाई यौन सम्पर्क गरेको देखिएको भन्ने उल्लेख भएबाट पीडितलाई करणी गरेको भन्ने तथ्य सप्रमाण पुष्टि हुन आउँछ।

७. जबरजस्ती करणीको अपराध स्थापित हुनको लागि पीडितको सहमति थियो वा थिएन भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ । तर कानूनले तोकेको उमेर नपुगेको नाबालकको हकमा सहमति थियो वा थिएन भन्ने कुराको कुनै सरोकार रहँदैन। मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. मा *कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ* भन्ने स्पस्ट व्यवस्था गरिएको छ। यसरी

सोह्र वर्षभन्दा कम उमेरकी महिलासँग निजको सहमति वा असहमति जुनसुकै अवस्थामा करणी गरेको खण्डमा जबरजस्ती करणी हुने भनी कानूनले व्यवस्था गरेको छ । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा पीडितको उमेर १६ वर्षभन्दा कम रहेको देखिन्छ । पीडित जाहेरवालीले जाहेरी दरखास्तमा उमेर १४ वर्ष भनी लेखाएको देखिन्छ भने पीडितको स्वास्थ्य परीक्षणबाट निजको उमेर १४ वर्षदेखि १५ वर्षको देखिएको छ । त्यसैगरी व्यावहारिक दृष्टिकोणबाट हेर्दासमेत पीडित कक्षा ८ मा अध्ययनरत छात्रा भएको देखिन्छ । पीडितको उमेर १६ वर्षभन्दा बढी छ भनी प्रतिवादीहरूले कहिँकतै जिकिर लिएको अवस्थासमेत प्रस्तुत मुद्दामा देखिँदैन । अतः पीडित १६ वर्ष उमेर नपुगेको नाबालक नै भएको देखिन्छ । यसरी पीडित १६ वर्ष उमेर नपुगेको नाबालक भएको तथ्य स्थापित भएको सन्दर्भमा पीडितको सहमति थियो वा थिएन भन्ने विषय प्रस्तुत मुद्दामा अप्रसाङ्गिक रहेको छ । तसर्थ पीडितको सहमति थियो वा थिएन भन्ने सम्बन्धमा विवेचना गरिरहन आवश्यक भएन । प्रतिवादी प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गरेको नै देखिन्छ ।

८. जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित भएपछि निज प्रतिवादीउपर सामूहिकरूपमा गरेको जबरजस्ती करणीको कसुर स्थापित हुन्छ वा हुँदैन भन्ने सम्बन्धमा निर्णय गर्नुपूर्व सामूहिकरूपमा गरिने जबरजस्ती करणी कस्तो प्रकारको कसुर हो र यो स्थापित हुनको लागि के कस्तो तत्त्वहरूको आवश्यकता पर्दछ भन्ने सम्बन्धमा विवेचना हुन आवश्यक देखियो । मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा ३क मा सामूहिकरूपमा जबरजस्ती करणी गरेमा थप ५ वर्ष कैद हुने भनी उल्लेख गरेको भए तापनि सामूहिकरूपमा गरिने जबरजस्ती करणी भनेको के हो तथा यसप्रकारको कसुर स्थापित हुनको लागि के कस्तो तत्त्वहरूको आवश्यकता पर्छ भनी प्रस्टरूपमा परिभाषित गरेको देखिँदैन । यस सम्बन्धमा भारतको Indian Penal Code ले केही विस्तृत व्यवस्था गरेको देखिन्छ । उक्त Code को दफा ३७६(D) मा "Where a women is raped by one or more persons constituting a group or acting in furtherance of a common intention…" भनी उल्लेख गरेको छ । जसअनुसार समूहको निर्माण गरी वा साझा मनसायको कार्यान्वयनको लागि एक वा बढी व्यक्ति मिली एकजना महिलाउपर जबरजस्ती करणी गरेमा सो प्रकारको करणीलाई सामूहिकरूपमा गरिने जबरजस्ती करणी भनी मान्नु पर्ने भन्ने देखिन्छ । मुलुकी ऐनले यसप्रकारको विस्तृत व्यवस्था नगरेकोले हाम्रो सन्दर्भमा दुई वा दुईभन्दा बढी व्यक्तिले पीडितउपर जबरजस्ती करणी गर्छ भने त्यसप्रकारको करणीलाई सामूहिकरूपमा गरेको जबरजस्ती करणी मान्नुपर्छ । यसप्रकारको करणी स्थापित हुनको लागि आवश्यक तत्त्व भनेको करणी कार्यमा एकभन्दा बढी व्यक्तिहरूको सहभागिता रहेको हुनुपर्छ ।

९. जबरजस्ती करणी आफैँमा एक जघन्य अपराध हो । अझ एकजनाभन्दा बढी व्यक्तिहरू समूहमा मिली गरिने जबरजस्ती करणीको अपराध त सिङ्गो मानव सभ्यताकै कलंक हो । त्यसैकारण विश्वका प्रायजसो सभ्य कानूनी प्रणालीमा सामूहिकरूपमा जबरजस्ती करणी गर्ने व्यक्तिलाई थप सजाय गर्ने व्यवस्था गरेको देखिन्छ । उदाहरणको लागि नर्वेको Norwegian Penal Code को दफा १९२ मा जबरजस्ती करणीको कसुरमा १० वर्षसम्म कैद हुने व्यवस्था गरेको छ भने सोही दफाले केही अवस्थामा गरिने जबरजस्ती करणीलाई गम्भीर प्रकृतिको (Aggravated Rape) सूचीमा राखी २१ वर्षसम्म कैद हुने व्यवस्था गरेको छ । जसमध्ये सामूहिकरूपमा गरिने जबरजस्ती करणी पनि रहेको छ । त्यसैगरी रूसको Criminal Code of Russia को दफा १३१(१) मा जबरजस्ती करणीको कसुरमा ३ देखि ६ वर्षसम्म कैद हुने व्यवस्था गरेको छ भने सामूहिकरूपमा गरिने जबरजस्ती करणीलाई Aggravating Circumstances मा गरिने गम्भीर प्रकृतिको कसुरमानी ४ देखि १० वर्षसम्म कैद हुनसक्ने व्यवस्था गरेको छ । भारतको सन्दर्भमा हेर्दा पनि Indian Penal Code को दफा ३७६ मा जबरजस्ती करणीको

कसुरदारलाई ७ वर्षसम्मको कैदको व्यवस्था गरेकोमा ३७६घ मा सामूहिकरूपमा गरिने जबरजस्ती करणीको कसुरको हकमा २० वर्षदेखि आजीवन कारावाससम्मको सजाय हुनसक्ने व्यवस्था गरेको छ । यसरी विश्वका विभिन्न देशहरूले सामूहिकरूपमा गरिने जबरजस्ती करणीलाई गम्भीर प्रकृतिको अपराध मानी यसप्रकारको अपराधमा थप सजाय गरेको पाइन्छ ।

१०. प्रस्तुत मुद्दाको सन्दर्भमा पीडितलाई सामूहिकरूपमा जबरजस्ती करणी गरिएको हो वा होइन भन्ने सम्बन्धमा विचार गरी घटनाक्रम हेर्दा पीडितलाई विभिन्न स्थानमा लगी विभिन्न व्यक्तिहरूले करणी गरेको देखिन्छ । सबैभन्दा पहिला जोरा सिंह रावलको छोरा प्रकाश रावलले धुपेनी खोलापारीको जंगलमा लगी करणी गरेको, तत्पश्चात् पञ्चकोशी होटलमा निज प्रकाश रावलले पुनः जबरजस्ती करणी गरेको, त्यसपछि पौडेल होटलको माथिल्लो तल्ला सिँढी नजिकको कोठामा अनुप बुच्चरले करणी गरेको र त्यसपछि भरत जैशीले आफ्नो डेरामा लगी ३।४ पटकसम्म करणी गरेको भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ । पीडितले सो कुरा आफ्नो जाहेरी तथा अदालतसमक्ष गरेको बकपत्रमा समेत उल्लेख गरेको अवस्था छ । यसरी पीडितलाई एक जनाभन्दा बढी व्यक्तिले जबरजस्ती करणी गरेको देखिन आउँछ ।

११. प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले आफ्नो बहसमा एकैपटक करणी गरेको अवस्था नभई अलगअलग समय र स्थानमा करणी गरेको अवस्थामा सामूहिकरूपमा जबरजस्ती करणी गरेको स्थापित हुन सक्दैन भन्ने जिकिरलाई महत्त्वको साथ उठाएको पाइयो । मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क को कानूनी व्यवस्थाले सामूहिक जबरजस्ती करणीले के कस्तो अवस्था र परिस्थितिमा भएको करणीलाई जनाउँछ भन्ने सम्बन्धमा व्यवस्था गरेको छैन । उक्त कानूनी व्यवस्थामा सामूहिकरूपमा गरिने जबरजस्ती करणीलाई गम्भीर अपराध मानी थप सजायको समेत व्यवस्था गरेको भए तापनि फरकफरक स्थान र समयमा गरेको जबरजस्ती करणीबाट सामूहिकरूपमा गरिने जबरजस्ती करणी स्थापित हुनसक्छ वा सक्दैन भन्ने सम्बन्धमा स्पस्ट व्यवस्था गरेको देखिँदैन । सो हुनाले पीडित महिलाउपर प्रतिवादीहरूले गरेको षड्यन्त्र, आपराधिक नियत र कार्यहरू (Mens Rea and Actus Rea) बाट नै सामूहिक बलात्कार हो वा होइन भन्ने पत्ता लगाउनु पर्ने हुन्छ । तसर्थ सामूहिक बलात्कारको कसुर स्थापित हुनको लागि एउटै वारदातस्थल र समय हुनुपर्छ भन्ने हुँदैन । प्रस्तुत मुद्दामा पीडितलाई प्रतिवादीहरूले जबरजस्ती करणी गरेको स्थान र समय फरकफरक भएको भए तापनि उक्त अवधिको बीचमा पीडित प्रतिवादीहरूकै कब्जामा रहेको देखिन्छ । पीडित मिति २०६६।७।११ गतेदेखि घर नआएको र सो दिनदेखि मिति २०६६।७।२० गतेसम्म प्रतिवादीहरूले अलगअलग स्थानमा लगी जबरजस्ती करणी गरेको भन्ने पीडित नाबालिकाको बकपत्रबाट देखिन्छ । यसरी मिति २०६६।७।११ गते स्कुलबाट घर फर्कंदा मोटरसाइकलमा राखी लगेपश्चात् मिति २०६६।७।२० गतेसम्म यी पीडित प्रतिवादीहरूकै पूर्ण नियन्त्रणमा रहेको अवस्था छ । प्रस्तुत मुद्दामा पीडित १५ वर्षकी नाबालिक रहेकी छन् भने प्रतिवादीहरूले फरकफरक स्थानमा लगी जबरजस्ती करणी गरेको भन्ने खुल्न आएको छ । असन्तुलित शक्ति संरचनामा आधारित उक्त घटनामा एकातर्फ एकजना उमेर नपुगेको नाबालक केटी रहेकी छन् भने अर्कोतर्फ उमेर पुगेका ६ जना जवान व्यक्तिहरू रहेका छन् । ६ जनाको समूहमा रहेका यी प्रतिवादीहरूले एक नाबालक महिलालाई नियन्त्रणमा लिई आफ्नो अनुकूलको समय र स्थानमा लगी जबरजस्ती करणी गर्छन् भने उक्त वारदातहरूलाई अलगअलग मानी सजायबाट छुट दिनु न्यायसङ्गत हुन सक्दैन । पीडित प्रतिवादीहरूको नियन्त्रणबाट मुक्त भएपछि मात्र अर्को जबरजस्ती करणीको वारदात भएको भए सो वारदातलाई अलग रूपमा लिन मिल्थ्यो होला तर प्रतिवादीहरूको नियन्त्रणमा रहेकै अवस्था तथा प्रतिवादीहरूकै इच्छाअनुसार स्थान परिवर्तन गरेको अवस्थामा घटेका जबरजस्ती करणीको वारदातहरूलाई

एकै शृङ्खला (Chain) अन्तर्गत घटेको वारदात मानी हेर्नुपर्छ । अलगअलग स्थान र समयमा भएको भन्ने आधारमा सजायबाट छुट हुन सक्दैन ।

१२. कुनै प्रकारको डर, त्रास, धम्की, अनुचित प्रभावमा पारी महिलाको अस्मिता लुट्ने प्रपञ्च, योजना, तयारी अपराधीहरूले गरेका हुन्छन् । पीडित महिलालाई कब्जामा लिई विभिन्न स्थानमा लगी धेरै व्यक्तिहरूले जबरजस्ती करणी गर्नसक्ने अवस्था रहन्छ । जुलुमीले एक स्थानबाट अर्को स्थानमा लगी फरकफरक व्यक्तिलाई सम्पर्क गरी बोलाई जिम्मा दिई असहाय र मजबुर तुल्याइएको महिलालाई जबरजस्ती करणी गरिन्छ भने त्यस्तो वारदातमा अपराध गर्ने नियत वा कार्यहरूबाट नै सामूहिक बलात्कारको उद्देश्य रहेको देखिन्छ । पहिलो पटक पीडितउपर जबरजस्ती करणीको वारदात भएपश्चात् फरकफरक स्थानमा लगी अन्तिम पटक गरिएको आपराधिक कार्य (Actus Rea) सम्म पनि सुरूवातदेखिकै अपराधको निरन्तरता (Continuity of crime) रहिरहेको हुन्छ । यसरी फरकफरक स्थानमा लगी भएको जबरजस्ती करणी एउटै महिलाउपर हुने र अपराधीहरूको आपराधिक कार्यको निरन्तरता भइरहने हुँदा अलगअलग स्थान र समयमा गरिएको जबरजस्ती करणीलाई सामूहिकरूपमा जबरजस्ती करणी भएको मान्न नमिल्ने भनी प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस तर्कसँग सहमत हुन सकिएन ।

१३. मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क मा सामूहिकरूपमा जबरजस्ती करणी गरेमा थप ५ वर्ष कैद गर्नेसम्म उल्लेख छ । यसप्रकारको गम्भीर अपराधमा कानूनले फरकफरक स्थान र समयमा भएको जबरजस्ती करणी सामूहिकरूपमा भएको जबरजस्ती करणी होइन भनी प्रस्टरूपमा उन्मुक्ति प्रदान नगरेको अवस्थामा कानूनको व्याख्या गर्दा कसुरदारलाई छुट र उन्मुक्ति नहुने किसिमबाट गर्नुपर्छ । समूहगतरूपमा मिली नाबालकलाई नियन्त्रणमा लिई आफ्नो इच्छाअनुसारको समय र स्थानमा शृङ्खलाबद्धरूपमा जबरजस्ती करणी गरेको यसप्रकारको जघन्य कार्यमा अलगअलग स्थान र समयमा भएको भन्ने आधार लिई अपराधको दायित्वबाट उन्मुक्ति दिनु विधायिकाको मनसायविपरीत त हुन्छ नै पीडितको न्याय पाउने अधिकारको समेत विपरीत हुन जान्छ ।

१४. प्रस्तुत मुद्दामा प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा सामूहिकरूपमा गरिने जबरजस्ती करणीको कसुर स्थापित हुनको लागि सबैजना प्रतिवादीहरूले जबरजस्ती करणी गरेको प्रमाणित हुनुपर्ने तर अन्य प्रतिवादीहरू फरार रहेको अवस्थामा यी प्रतिवादी जोरा सिंहका छोरा प्रकाश रावललाई उपर मात्र सामूहिकरूपमा जबरजस्ती करणी गरेको कसुर स्थापित हुन सक्दैन भन्ने जिकिर लिनुभयो । सो सम्बन्धमा विचार गर्दा अन्य प्रतिवादीहरू फरार रही अ.बं. १९० नं. बमोजिम मुल्तबीमा रहेको भए तापनि माथिल्ला प्रकरणहरूमा विवेचना भएबमोजिम जबरजस्ती करणीको वारदातमा एक जनाभन्दा बढी व्यक्तिको सहभागिता भएको नै देखिन्छ । राज्यको निकायबाट कुनै अभियोग लागी अदालतमा मुद्दा दायर भएको अवस्थामा अदालतमा उपस्थित भई सो अभियोगको खण्डन गरी आफ्नो निर्दोषिता पुष्टि गर्नु वा दोषी ठहर भएको अवस्थामा कानूनबमोजिमको सजाय भोग्नु नागरिकको कर्तव्य हो । कानूनको रीतबमोजिम सूचना दिँदासमेत अदालतमा उपस्थित नभई कुनै अभियुक्त फरार रहन्छ भने पनि अदालतले प्राप्त प्रमाणको आधारमा न्यायिक निष्कर्षमा पुग्नु नै पर्ने हुन्छ । प्राप्त प्रमाणबाट सामूहिकरूपमा जबरजस्ती करणी गरेको तथ्य शंकारहित तवरबाट स्थापित भएको अवस्थामा सहअभियुक्तहरू फरार रहेको भन्ने आधारमा मात्र यी प्रतिवादीलाई सजायबाट छुट दिनु न्यायसङ्गत हुन सक्दैन । अतः जोरा सिंहका छोरा प्रतिवादी प्रकाश रावलले पीडितलाई अन्य व्यक्तिहरूसँग मिली सामूहिकरूपमा जबरजस्ती करणी गरेको नै देखिन्छ ।

१५. अब ध्वजबहादुर रावलको छोरा प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गरेको ठहर्छ वा ठहर्दैन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा

पीडितले आफ्नो जाहेरीमा धुपेनी खोला पारीको जंगलमा ध्वजबहादुर रावलको छोरा प्रकाश रावलले करणी गरेको भनी लेखाएको देखिँदैन । पीडितले बकपत्र गर्दा पौडेल होटलमा ध्वजबहादुरको छोरा प्रकाश रावलले जबरजस्ती करणी गरेको भनी लेखाएको तथ्य मौकाको जाहेरीभन्दा पृथक अवस्थामा रहेको देखिँदा निजको सो कथनलाई विश्वासलायक मान्न मिल्ने अवस्था देखिँदैन । जबरजस्ती करणीको मुद्दामा पीडितको भनाइलाई प्रमाणको रूपमा लिनको लागि उक्त भनाइहरूमा एकरूपता रहेको हुनुपर्छ र त्यसमा शंका गर्न सकिने अवस्था रहनु हुँदैन । प्रस्तुत मुद्दामा अन्य प्रतिवादीहरूको संलग्नताको सम्बन्धमा पीडितको भनाइमा एकरूपता रहेको भए तापनि यी प्रतिवादी प्रकाश रावलको हकमा पीडितको भनाइहरूमा एकरूपता देखिँदैन । पीडितले घटना घटेपश्चात् प्रहरीमा दिएको जाहेरी जसबाट नै सम्पूर्ण मुद्दाको अनुसन्धान प्रारम्भ भएको थियो सोही जाहेरीमा नै यी प्रतिवादी ध्वजबहादुरको छोरा प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गरेको भनी कहीँकतै उल्लेख भएको छैन । अदालतसमक्ष गरेको बकपत्रमा जबरजस्ती करणी गरेको भनी उल्लेख गरेको भए तापनि कुन स्थान र समयमा करणी गरेको हो सो कुरा खुलाउन सकेको देखिँदैन । निश्चय नै जबरजस्ती करणी जस्तो संवेदनशील मुद्दामा पीडितको भनाइलाई अदालतले गम्भीरताका साथ लिनुपर्छ । तर त्यस्तो गर्दा पीडितको भनाइलाई अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणले पनि पुष्टि गरेको हुनुपर्छ । शंकारहित तवरबाट पुष्टि भएर मात्र आरोपित कसुरदार ठहरिने (Guilty should be proved reasonable doubt) प्रतिवादीको अधिकार जुनसुकै मुद्दामा पनि सुरक्षित रहेको हुन्छ । यसरी पीडितको भनाइहरूमा एकरूपता नरहेको र अन्य स्वतन्त्र प्रमाणहरूबाट समेत पुष्टि नभएको अवस्थामा यी प्रतिवादी प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गरेको ठहर्ने देखिँदैन । यी प्रतिवादी प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गरेको नदेखिए तापनि धुपेनी खोलापारिको जंगलमा जोरा सिंह रावलको छोरा प्रकाश रावल र तिर्थ तारामीले करणी गर्दा यी प्रतिवादी बाटोमा कुरी बसेको र अर्को ठाउँमा लैजाउ भनेको भनी पीडितले मौकाको जाहेरीमा उल्लेख गरेको देखिन्छ । तसर्थ ध्वजबहादुरको छोरा यी प्रतिवादी प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गरेको नभए तापनि जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावलले पीडितलाई जबरजस्ती करणी गर्दै छ भन्ने थाहा पाए तापनि सँगै गई करणी कार्यमा सहयोगसम्म गरेको देखिन्छ ।

१६. अब, पुनरावेदक प्रतिवादी प्रकाश रावल र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन भन्ने तेस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा पुनरावेदन अदालत, दिपायलले जोरासिंहको छोरा प्रतिवादी प्रकाश रावललाई सामूहिकरूपमा जबरजस्ती करणी गरेको ठहर गरी १२ (बाह्र) वर्ष कैद र १,००,०००।- (रू. एक लाख) जरिवाना गरेकामा सोउपर चित्त नबुझाई प्रतिवादी प्रकाश रावलको यस अदालतमा पुनरावेदन परेको देखिन्छ भने अर्का प्रतिवादी प्रकाश रावललाई जबरजस्ती करणी गरेको अभियोगबाट सफाइ दिई मुलुकी ऐन, जबरजस्ती करणीको ४ नं. बमोजिमको कसुरमा २ वर्ष कैद हुने ठहराई गरेको पुनरावेदन अदालत, दिपायलको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको पुनरावेदन परेको देखिन्छ । माथिल्ला प्रकरणहरूमा विवेचना भएबमोजिम जोरा सिंहको छोरा प्रतिवादी प्रकाश रावलले पीडितलाई सामूहिकरूपमा जबरजस्ती करणी गरेको नै देखिँदा निजलाई १२ (बाह्र) वर्ष कैद र १,००,०००।- (रू. एक लाख) जरिवाना गर्ने तथा ध्वजबहादुरको छोरा अर्का प्रतिवादी प्रकाश रावलको हकमा पनि निजले पीडितलाई जबरजस्ती करणी गरेको प्रमाणित नभएको तर जबरजस्ती करणी गर्ने व्यक्तिहरूसँग साथ गई निजहरूलाई सहयोग गरेको देखिँदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. बमोजिम २ वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत, दिपायलबाट भएको फैसला मिलेकै देखिन्छ ।

१७. अतः कैलाली जिल्ला अदालतको मिति २०६८।३।१५ को फैसला केही उल्टी हुने गरी पुनरावेदन अदालत, दिपायलले गरेको मिति २०६८।१२।१३ को फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी

नेपाल सरकार र प्रतिवादी प्रकाश रावलको पुनरावेदन जिकिर पुग्न सक्दैन।

१८. प्रस्तुत मुद्दाको जाहेरवाली जबरजस्ती करणी अपराधको पीडित एक नाबालक रहेको देखिन्छ । विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनियता राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम यसप्रकारको पीडितको परिचयात्मक विवरण गोप्य राख्नुपर्नेमा प्रस्तुत मुद्दामा सुरू अनुसन्धानदेखि नै पीडितको नाम र अन्य विवरणहरू गोप्य राखेको नदेखिँदा आगामी दिनहरूमा निर्देशिकाले निर्दिष्ट गरेको पीडितहरूको नाम र अन्य परिचयात्मक विवरण गोप्य राखी मुद्दाको अनुसन्धान, अभियोजन र सुनुवाइ गर्नु भनी सम्बन्धित प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय र अदालतमा लेखी पठाई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृत: सन्देश श्रेष्ठ
इति संवत् २०७४ साउन ३२ गते रोज ४ शुभम्।

निर्णय नं. ९९८२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
आदेश मिति : २०७४।८।२७

०७३-WO-०१०५

मुद्दा : परमादेश

निवेदक : काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गाउँ विकास समिति, वडा नं. ४ खरेलथोक बस्ने अधिवक्ता अच्युतप्रसाद खरेल

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **संविधानले सार्वजनिक हक र सरोकारको विवादमा उपचार प्रदान गर्ने जुन क्षेत्राधिकार यस अदालतलाई प्रदान गरेको छ सोलाई सबैलै गम्भीरतापूर्वक लिनु र बुझ्नुपर्छ । सार्वजनिक हक र सरोकारको विषय भनी मनमा उठेको कुनै पनि विषयलाई बिना अध्ययन र विश्लेषण वा सो विषयवस्तु हेर्ने दायित्व सुम्पिएका कुनै पनि अधिकारी कहाँ जाँदै नगई र उनीहरूलाई कर्तव्य पालनतर्फ सचेतसम्म नगराई यस अदालतमा प्रवेश गर्ने होइन । यो क्षेत्राधिकारले निवेदकसँग सो विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्विक सरोकार मात्र नभई गहिरो अध्ययन मनन र विश्लेषण पनि खोज्दछ । निवेदन दर्ता गर्ने, सो कुरा मिडियामा प्रचार प्रसार गर्ने गराउने, त्यसपछि सो विषयलाई अदालतको जिम्मा लगाई आफू चाहिँ चुप लागी बस्ने, यो कुरा**

स्वीकारयोग्य हुन नसक्ने ।

(प्रकरण नं.३)

- **यदि कुनै कानून विद्यमान छ भने त्यसको पूर्ण पालना गरिनु पर्छ । कानून समय सापेक्ष छैन भने खारेज वा संशोधन गरिनु पर्छ । कुनै कानून विरूद्धको कार्य चाहे व्यक्तिगत अग्रसरतामा गरिएको होस् वा सामूहिकरूपमा गैरकानूनी नै हुन्छ । कुनै पनि बहानामा कानून विरूद्धको कार्य स्वीकार्य नहुने ।**

(प्रकरण नं.१३)

- **सांस्कृतिकरूपमा नेपाल विभिन्न जातजाति र वर्गमा चलेको प्रथा परम्पराहरूको समन्वयात्मक अन्तरघुलन हो भने चौँरी पालन व्यवसायको सन्दर्भमा त्यसको साँस्कृतिक, पर्यावरणीय एवं मानवीय पक्षसमेतको सापेक्षतामा कानून विरूद्ध नहुने गरी एउटा साझा बाटो पहिल्याउनु वाञ्छनीय देखिने ।**

(प्रकरण नं.१४)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री अच्युतप्रसाद खरेल

विपक्षीका तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, विद्वान् अधिवक्ता श्री श्रीप्रसाद बुढाथोकी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

आदेश

न्या.डा. आनन्दमोहन भट्टराई : नेपालको संविधानको धारा ३२ तथा १०७ बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छ :

म्याग्दी जिल्ला, सिख गाउँ विकास समितिमा रहेको पाउद्वार माध्यमिक विद्यालय र राम्चे गाउँ विकास समितिमा रहेको हिमाञ्चल उच्च माध्यमिक विद्यालयको सञ्चालनका लागि आर्थिक स्रोत जुटाउन २०५३ सालदेखि वर्षेनी चौँरीको रगत पिउने मेलाको आयोजना गर्ने गरिएको र चरनका लागि अन्नपूर्ण हिमालको फेदीसम्म पुग्ने चौँरीले यार्सागुम्बा, जटामसी, नीरमसी, पाँचऔँलेलगायतका जडिबुटी खाएका हुनाले यस्ता जीउँदो चौँरीको तातो–तातो रगत पिउनाले जीउ स्वस्थकर हुने, रोगसँग लड्नसक्ने रोग प्रतिरोधात्मक क्षमताको अभिवृद्धि हुने, यौन दुर्बलता हट्ने, शारीरिक एवं मानसिकरूपमा समेत स्फूर्ति बढ्ने जनविश्वासले वर्षेनी चौँरीको रगत पिउने मेलामा सहभागिता जनाई चौँरीको रगत पिउनेहरूको संख्या बढ्दै गइरहेको र एक गिलास जिउँदो चौँरीको शरीरबाट निकालिएको रगतको रू.१००।- पर्नेसम्बन्धी पछिल्लो पटक "गोरखापत्र" दैनिकमा राष्ट्रिय समाचार समितिलाई उद्धृत गर्दै मिति २०७३ साल श्रावण ९ गते आइतबार प्रकाशित अंकको पृष्ठ ४ मा समाचार छापिएको छ । उक्त मेलामा चौँरी गाईको चारै खुट्टा बाँधेर लडाई धारिलो चक्कुले घाँटीमा प्वाल पारी उसको जीउबाट पच्चीसदेखि तीस गिलाससम्म रगत निकाली उक्त चौँरी गाईलाई मृत्युवरण गर्नुपर्नेसम्मको अवस्थामा पुऱ्याई आयोजना गर्ने गरिएको चौँरीको रगत पिउने मेलाको कारूणिक दृष्य नेपाल टेलिभिजनलगायत निजीस्तरका कान्तिपुर टेलिभिजन, एभिन्यूज टेलिभिजन, सगरमाथा टेलिभिजन, माउन्टेन टेलिभिजनलगायतले समेत देखाउने गरेको र मानव सभ्यतालाई नै चुनौती दिने कार्य भएको छ ।

विद्यमान नेपाल कानूनले चौँरी गाईलाई मार्ने, अङ्गभङ्ग गर्ने एवं घाउ रगतपच्छे गर्ने कार्यलाई दण्डनीय माने तापनि वर्तमान अवस्थामा सोसम्बन्धी सजाय अत्यन्त न्यून रहेको प्रतित हुन्छ । मुलुकी ऐन, चौपायाको महलको ११ नम्बरले जानीजानी गाई गोरु मार्नेलाई बाह्र वर्ष र वचन दिनेलाई ६ वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था गर्नुका साथै उक्त चौपायाको महलको १४ नम्बरले गाई गोरुलाई कुटपिट गरी अङ्गभङ्ग

गर्नेलाई दुई वर्ष कैद र घाउ रगतपच्छे गर्नेलाई दुई सय रूपैयाँसम्म जरिवाना गर्नुपर्छ भन्ने व्यवस्था गरेको छ। चौँरी गाई पनि गाईकै प्रजातिको भए तापनि नेपालको हिमाली क्षेत्रमा चौँरी गाईको हिंसा गर्ने प्रचलन रहेकोले कानूनमा कडा सजायको व्यवस्था गर्नुभन्दा जनताको चेतनाको स्तरसँगै कानूनको कार्यान्वयन सहजरूपमा गर्न सजिलो हुन्छ भन्ने अभिप्राय लिई मुलुकी ऐन, चौपायाको महलको ११ नम्बरले चौँरी गाईलाई मार्नेलाई जिउ एकको चालीस रूपैयाँको दरले जरिवाना गर्नुपर्छ भन्ने व्यवस्था गर्नुका साथै उक्त नम्बरले चौँरी गाईलाई अङ्गभङ्ग वा घाउ रगत पच्छे गर्नेलाई बीस रूपैयाँसम्म जरिवाना गर्नुपर्छ भन्ने व्यवस्था गऱ्यो। ऐन जारी हुँदाको समयमा उक्त जरिवानाको अंक अत्यन्त उच्च भए तापनि वर्तमान समयमा उक्त यथावत्‌रूपमा रहेको जरिवानाको अङ्क नाम मात्रको जरिवानासम्बन्धी सजाय भएकोले चौँरीमाथि हुने हिंसामा बढोत्तरी आई जिउँदो चौँरीको जिउबाट निकालिएको रगत पिउने मेलाको आयोजनासमेत स्थानीय शैक्षिक संस्थाको रूपमा रहेका माध्यमिक विद्यालय तथा उच्च माध्यमिक विद्यालयको सञ्चालनका लागि आर्थिक सहयोग जुटाउने नाममा हुने गरेको छ। यसरी विद्यमान नेपाल कानूनको रूपमा प्रचलनमा रहेको मुलुकी ऐन, २०२० को चौपायाको महलको ११ नम्बरले चौँरी गाईलाई मार्ने तथा उक्त महलकै १४ नम्बरले अङ्गभङ्ग गर्ने तथा घाउ, रगतपच्छे गर्ने कार्यलाई दण्डनीय बनाई आपराधिक कार्य मानेकोले "नाङ्गी पाउद्वार संयुक्त चौँरी पालन समिति" द्वारा आयोजना गर्ने गरिएको चौँरीको रगत पिउने मेलाको आयोजना अब आइन्दा नगर्नु, गर्न नदिनु र विद्यमान नेपाल कानूनमा चौँरी गाईलाई मार्ने, चौँरी गाईलाई अङ्गभङ्ग गर्ने एवं घाउ रगतपच्छे गर्ने कार्यलाई दण्डनीय माने तापनि अत्यन्त न्यून जरिवानासम्बन्धी व्यवस्था रहेकोले उक्त सजायलाई समयानुकूल बनाउनु र अत्यन्त दयनीय आर्थिक अवस्थाको कारण जिउँदो चौँरीको रगत पिउने मेलाको समेत आयोजना गर्न बाध्य भएका म्याग्दी जिल्लास्थित राम्चे गाउँ विकास समितिमा अवस्थित हिमाञ्चल उच्च माध्यमिक विद्यालय र सिख गाउँ विकास समितिमा अवस्थित पाउद्वार माध्यमिक विद्यालयलाई आर्थिक सहयोग प्रदान गर्नु, गराउनु भनी नेपालको संविधानको धारा १३३(२) (३) बमोजिम परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ निवेदनपत्र।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र विपक्षीमध्येका ९, १० र ११ नं. का विपक्षीहरूले आफैँ वा कानूनबमोजिमको प्रतिनिधिमार्फत र अन्य विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन मागका सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा दुवै पक्षका बीच छलफल गराई आदेश गर्नु उपयुक्त हुने हुँदा अन्तरिम आदेशको छलफलका लागि मिति २०७३।५।२८ गतेको पेसी तोकी उक्त पेसीको सूचना विपक्षीलाई दिनु भन्ने मिति २०७३।३।३१ मा यस अदालतबाट भएको आदेश।

पशुउपर हुने क्रूर यातना विरूद्धको कार्यलाई व्यवस्थित गर्ने गरी पशु कल्याणसँग सम्बन्धित कानूनमा संशोधन तथा नयाँ कानून तर्जुमा सहमतिका लागि सम्बन्धित मन्त्रालयबाट मस्यौदा तयारी भई यस मन्त्रालयमा आएका बखत यस मन्त्रालयबाट आवश्यक प्रक्रिया अगाडि बढाइने नै छ तर कुनै पनि शैक्षिक संस्था सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक स्रोत प्रदान गर्ने कार्य यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने हुँदा असम्बन्धित पक्ष यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

व्यवस्थापिका संसद्लाई विपक्षी बनाउनु पर्ने प्रमाणजन्य वस्तुनिष्ठ आधार र कारण खुलाउन सकेको देखिँदैन । व्यवस्थापिका संसद्ले रिट विषयमा कुनै प्रकारको सरोकार र सम्बन्ध राख्दैन, जहाँसम्म कानूनमा यस्ताप्रकारका क्रियाकलापको हकमा सजायको बढोत्तरी गर्ने जिकिर छ, सो सम्बन्धमा कार्यपालिकाले आवश्यक ठानेको अवस्थामा संविधान र कानूनको कार्यविधि पूरा गरी नयाँ कानून निर्माण गर्ने वा वर्तमान कानून संशोधन गरी यी यस्ता विषय सम्बोधन गर्ने भन्ने विषयसमेत प्रत्यक्षरूपमा यस व्यवस्थापिका संसद्सँग सम्बन्धित छैन । नेपाल सरकारको उक्त कार्य रोक्न नयाँ कानून बनाउन वा मौजुदा कानूनलाई संशोधन गर्ने आवश्यक महसुस गरी तदनुकूलको विधेयक पेस गरेमा हुने नै हुँदा व्यवस्थापिका संसद्को हकमा प्रस्तुत रिट निवेदनको कुनै औचित्य नरहेको हुँदा निवेदन जिकिर खारेज गरी फुर्सद पाउँ भन्ने व्यवस्थापिका संसद् सचिवालयको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ ।

प्रस्तुत सन्दर्भमा प्रथा, परम्परा, मेला इत्यादिको नाममा प्रचलित कानूनविपरीत हुने गरी आयोजना गरिने कुनै पनि क्रियाकलापलाई गृह मन्त्रालयले प्रश्रय दिएको छैन । आफ्नो क्षेत्राधिकारभित्र रही संविधान तथा ऐन कानून प्रदत्त अधिकारको प्रयोग र परिपालना गर्न मन्त्रालय कटिबद्ध छ । प्रचलित मुलुकी ऐनको चौपायाको महलको दफा १९ मा गौ वध भएको कुरामा ६ महिनाभित्र र अरूमा भए गरेका मितिले ३५ दिनभित्र नालिस दिए कानूनअनुसार सम्बन्धित निकायबाट कारवाही हुने नै हुन्छ । प्रस्तुत सन्दर्भमा गृह मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन बदर भागी भएकोले बदर गरिपाउँ भन्ने नेपाल सरकारको गृह मन्त्रालयको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ ।

गाई, गोरु चौँरी गाई मार्ने र वचन दिने तथा कुटपिट गरी अङ्गभङ्ग गर्ने वा घाउ रगतपच्छे गर्नेलाई जरिवानासमेत हुनेछ भन्ने नेपाल कानूनमा भएको प्रस्ट व्यवस्थालाई कुण्ठित हुने गरी कानूनविपरीतको कार्य नेपाल प्रहरीबाट हुन नसक्ने र त्यस प्रकारको कार्यउपर भइरहेको जरिवानालाई समयानुकूल थपघट गर्ने निकाय यस कार्यालयको क्षेत्राधिकारभित्र पर्ने विषयवस्तु नभई नेपाल सरकारमा निहित रहने हुँदा क्षेत्राधिकारभन्दा बाहिर गई कानूनको मर्म र मान्यताविपरीत कुनै कार्य यस कार्यालयबाट भयो भनी कल्पनासमेत गर्न नसक्ने अवस्था भएकोले यस कार्यालय विरूद्धको उल्लिखित रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रहरी प्रधान कार्यालय नक्सालको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ ।

उल्लिखित कार्यमा यस कार्यालयको संलग्नता रहेको भनी तथा यस कार्यालयले के कार्य गरी उक्त कार्य गर्न सहयोग पुऱ्याएको भनी कुनै कार्य कारणसमेत देखाउन नसकी केवल यस कार्यालयलाई विपक्षी बनाएकोमा सो कार्यमा यस कार्यालयको कुनै पनि संलग्नता नहुनुको साथै सो विषयमा उक्त कार्य रोकिदिनका लागि यस कार्यालयमा लिखित तथा मौखिकरूपमा कुनै पनि किसिमको निवेदन पर्न नआएको र अन्य आधिकारिक जानकारी यस कार्यालयलाई नभएको हुँदा सो सम्बन्धमा यस कार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदन यस कार्यालयको हकमा खारेज भागी छ भन्ने क्षेत्रीय प्रशासन कार्यालय पोखरा कास्कीको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ ।

विपक्षीले जिकिर गरेको घटना सम्बन्धमा यस निर्देशनालयको कुनै संलग्नता नरहेको हुँदा निजले यस निर्देशनालयलाई विपक्षी बनाउनु कानूनत: आवश्यक होइन । तसर्थ निर्देशनालयको सम्बन्धमा निजको मागदाबी बदर गरिपाउँ भन्ने नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, पश्चिमाञ्चल पोखराको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ ।

रिट निवेदकको हक अधिकारबाट निजलाई वञ्चित गर्ने कुनै निर्णय शिक्षा मन्त्रालयबाट भएको भन्ने निवेदनमा जिकिर लिइएको देखिँदैन । रिट निवेदनको मागदाबी सम्बन्धमा गृह मन्त्रालयसमेतको अन्य प्रत्यर्थीहरूबाट पेस हुने लिखित जवाफबाट सम्मानित अदालतलाई स्पष्ट हुनेछ । निवेदकको संविधान प्रदत्त

हक अधिकारमा हनन् गर्ने यस मन्त्रालयको कुनै मनसाय नरहेको बेहोरा सम्मानित अदालतसमक्ष सादर अनुरोध गर्दछु भन्ने नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार काठमाडौंको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

म्यादी जिल्लाको केही ठाउँमा खास समयमा लाग्ने चौँरीको रगत पिउने मेलाको सम्बन्धमा प्रश्न उठाई त्यसका कारण चौँरी गाईमाथि हुने यातना र पीडाको बारेमा प्रकट गरेको चिन्ताप्रति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत संवेदनशील र गम्भीर छ। प्रस्तुत विषयमा पशुहरूको अधिकार संरक्षणसम्बन्धी प्रश्नसँग सम्बन्धित हुँदा पशुहरूको अधिकारको संरक्षणका लागि विद्यमान कानूनहरूको थप प्रभावकारी कार्यान्वयन हुनुपर्ने र आवश्यकतानुसार थप कानूनी सुधार तथा परिमार्जन हुनुपर्नेमा विवाद छैन र यसका लागि नेपाल सरकार क्रियाशील पनि छ। परम्परादेखि चली आएका प्रथा, परम्परा, रीतिरिवाजहरूको अवलम्बन र अभ्यास गर्नु र तीनलाई निरन्तरता दिनु साँस्कृतिक हक अधिकारको उपभोगभित्र पर्ने कुरालाई दृष्टिगत गरी त्यस्ता प्रथा वा परम्पराका नाममा भइरहेको कानूनको उल्लङ्घन गर्ने वा कसैको अधिकारमाथि आघात पर्नसक्ने कार्य हुन नदिने पनि उत्तिकै रूपमा सचेत रहँदै नेपाल सरकारको उल्लिखित विषयलाई सम्बोधन गर्दै जाने हुँदा रिट निवेदनको मागबमोजिमको सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने आधार र कारण नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

स्थानीय निकायहरूमा यस्ता प्रकृतिका संस्कारहरू विगतदेखि नै चलिआएको, परम्परासमेतलाई अँगाल्दै सँस्कृतिको रूपमा मान्दै आएकोले यस कार्यालयलाई त्यस्तो किसिमका मेला पर्वहरूको बारेमा कुनै पनि किसिमको थाहा जानकारी नगराई मेलाको आयोजना भएको हुनसक्ने भएकोले यस कार्यालयबाट कुनै पनि किसिमको कानूनी दायरी मिची काम कारवाही नगरेको हुँदा यस कार्यालयलाई विपक्षी बनाइनु सरासर कानूनतः गलत हुँदा र उक्त रिट निवेदन बेहोरा खारेज भागी गरिपाउँ भन्ने बेहोराको जिल्ला प्रहरी कार्यालय म्याग्दीको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

यस जिल्लाको शिख गाउँ विकास समितिमा रहेको पाउँद्वार माध्यमिक विद्यालय र राम्चे गाउँ विकास समितिमा रहेको हिमाञ्चल उच्च माध्यमिक विद्यालयसमेतलाई विपक्षीले जिकिर गरेको जस्तो मेला आयोजना गरी मेलाको आम्दानीबाट उक्त विद्यालयको आर्थिक स्रोत व्यवस्थापन गर्न कुनै किसिमको निर्देशन दिने काम यस कार्यालयबाट नभएको विपक्षीले यस कार्यालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार र कारण नभएको हुँदा यस कार्यालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको जिल्ला प्रशासन कार्यालय म्याग्दीको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

विपक्षीले उल्लेख गरेको जस्तो हिमाञ्चल माध्यमिक विद्यालयले मेला सञ्चालन गरेको हैन छैन। यो प्रचलन परापूर्वकालदेखि नै मध्य हिमाली भेगमा रहेका प्राचीन प्रचलन हो। यस भेगका समुदायहरू चौँरीको रगत पिउने प्रचलनलाई स्वास्थ्य उपचार गर्ने पद्धतिको रूपमा ग्रहण गरेको पुरानो विधि एवम् प्रचलन हो। यस भेगका मानिसहरू पहिले पहिले चौँरीको रगत पिई स्वास्थ्य उपचार गर्न मुस्ताङ जाने गर्दथे। हाल आएर म्याग्दीमा पनि चौँरी उपलब्ध भएकोले यहीँ पनि चौँरीको रगत पिउँदै आफ्नो स्वास्थ्य उपचार गर्नका लागि मानिसहरू आउने गर्दछन्। त्यसबापत उठेको अर्थ स्वइच्छाले स्कुललाई प्रदान गरिन्छ। यो पद्धति एवं विधिले चौँरी स्वयम्को स्वास्थ्य उपचार गर्ने पुरानो विधि एवम् प्रचलन हो। उनीहरूले जंगलमा उपलब्ध हुने जडिबुटीहरू खाएको अवस्थामा त्यस्तो जडिबुटीहरूको मात्रा चौँरीको रगतमा धेरै हुन गयो भने चौँरी बहुलाउने र मर्ने हुन्छ। त्यसैले चौँरीमा रगतको सन्तुलन गर्दै त्यस्तो अवस्था आउन नदिनको लागि चौँरीको रगत निकाली चौँरीलाई स्वास्थ्य प्रदान गरिन्छ र त्यसरी निकालिएको रगतलाई खेर नफाली जडिबुटीयुक्त रगतको सही

सदुपयोग गर्दै बिरामीहरूले पिएर स्वास्थ्य उपचार गर्ने गर्दछन् । आफ्नो लगानीमा सञ्चालित चौँरी फर्मको चौँरीहरूलाई हानि नोक्सानी पुऱ्याउने लक्ष्य र उद्देश्य कोही कसैले राख्न सक्दैन। त्यसैले विपक्षीद्वारा हचुवाको भरमा भावनामा बगेर दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको पाउद्वार माध्यमिक विद्यालय सिख गाउँ विकास समिति, म्याग्दी, हिमाञ्चल उच्च माध्यमिक विद्यालय, राम्चे गाउँ विकास समिति नाङ्गी र नाङ्गी पाउद्वार संयुक्त चौँरीपालन समिति सिख गाउँ विकास समिति म्याग्दीको तर्फबाट यस अदालतमा पर्न आएको संयुक्त लिखित जवाफ।

पाउद्वार माध्यमिक विद्यालय र हिमाञ्चल उच्च माध्यमिक विद्यालयलाई यस कार्यालयबाट नियम निर्देशनबमोजिम प्रदान गर्नुपर्ने शिक्षक दरबन्दी, प्रति विद्यार्थी अनुदान (PCF) एवम् अन्य अनुदानसमेत प्रदान गरिँदै आइरहेको यस कार्यालयबाट त्यस्ता प्रकृतिका कार्य गर्नका लागि कुनै उक्साहट र सहयोग नगरेको तथा यस कार्यालयबाट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकार हनन् हुने प्रकृतिका कार्य नगरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको जिल्ला शिक्षा कार्यालय म्याग्दीको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस भएको प्रस्तुत निवेदनमा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अच्युतप्रसाद खरेलले म्याग्दी जिल्लाको सिख गाउँ विकास समितिमा रहेको हिमाञ्चल माध्यमिक विद्यालय सञ्चालनको लागि २०५३ सालदेखि वर्षेनी चौँरी गाईको रगत पिउने मेला लगाउने कार्य गरी चौँरी गाईलाई मार्ने, अंगभंग गर्ने कार्य मुलुकी ऐन, चौपायाको महलले दण्डनीय बनाए पनि अति न्यून जरिवाना रहेकोले समयानुकूल बनाउन र उल्लिखित माध्यमिक विद्यालय सञ्चालनको वैकल्पिक व्यवस्था गर्नु भनी परमादेशको आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो।

सरकारी निकायहरूको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री किरण पौडेलले सरकारी निकायहरूले त्यस्तो कार्य सञ्चालनमा रोक लगाउने गरेका छन्। पशु कल्याणसँग सम्बन्धित कानूनमा संशोधन तथा नयाँ कानून तर्जुमा भएमा आवश्यक कारवाही अगाडि बढाइने नै हुन्छ। पशुउपर हुने क्रूर यातना अङ्गभङ्ग वा मर्नेसम्मको उजुरी परेमा सम्बन्धित निकायले त्यसको अनुसन्धान तहकिकात गरी मुद्दा अभियोजन गर्दै आएकोले रिट जारी हुनुपर्ने अवस्था नहुँदा खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

विपक्षीहरू पाउद्वार माध्यमिक विद्यालय, हिमाञ्चल उच्च माध्यमिक विद्यालय, नाङ्गी पाउद्वार संयुक्त चौँरी पालन समितिको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्रीप्रसाद बुढाथोकीले म्याग्दीको विभिन्न गाउँहरूमा परापूर्वकालदेखि चली आएको चलन हो माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयले आर्थिक स्रोत जुटाउन चौँरी गाईको पालन गरी चौँरी गाईलाई हानि नोक्सानी गर्ने कुनै प्रयोजन रहँदैन । चौँरीको रगत निकाली बेच्ने कुनै कार्य नगरेकोले रिट खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

रिट निवेदन लिखित जवाफसहित मिसिल संलग्न कागजहरूको अध्ययन र दुवैतर्फका विद्वान् अधिवक्ताहरूको उपर्युक्त बहस सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो।

(१) प्रस्तुत विवादलाई सार्वजनिक हक वा सरोकारको विवाद भनी स्वीकार गर्न सकिने अवस्था छ वा छैन?

(२) चौँरी पालन व्यवसाय र हिमाली जनताको जन विकाससँग जोडिएका पर्यावरणीय तथा स्वास्थ्यसम्बन्धी के कस्ता विषयहरू छन्? र ती विषयहरूमा के कस्तो दृष्टिकोण बन्नु न्यायको दृष्टिमा आवश्यक हुन्छ?

(३) चौँरीको रगत झिक्न र आलो तातो रगत पिउने मेलाको परम्परागत ज्ञान सीप र उपचारसम्बन्धी पक्ष के कस्तो छ?

(४) चौँरीको रगत झिक्ने रगतपच्छे पार्ने विषयसँग जोडिएका कानूनी पक्ष के हो?

(५) निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छ वा छैन।

२. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा, निवेदकले २०५३ सालदेखि म्याग्दी जिल्लाको नागी गाउँमा चौँरी गाईलाई चारखुट्टा बाँधी लडाई घाँटीमा प्वाल पारी शरीरबाट २०-२५ गिलास रगत निकाली सो रगत पिउने मेलाको सञ्चालन गरी त्यसबाट संकलन हुने आय स्थानीय विद्यालयको निम्ति प्रयोग गर्ने मेला बन्द गरिनुपर्ने विषयलाई रिट निवेदनमा उठाएको पाइन्छ। निवेदक लामो समयदेखि सर्वोच्च अदालतमा वकालत र सार्वजनिक हक र सरोकारका विवादहरूमा निवेदकको रूपमा संलग्न अधिवक्ता देखिनु हुन्छ। वि.सं.२०६२ साल र त्यसपछि वहाँले दर्ता गरेका कम्तीमा २० वटा रिट निवेदनमा भएका फैसलाहरू नेपाल कानून पत्रिकामा प्रकाशित भएको भेटिन्छ[2]। वहाँले सार्वजनिक सरोकारको विवाद भनी संविधान संसोधन, नागरिकता ऐन, निजामती सेवा ऐन र नियम, मुलुकी ऐन, कानून व्यवसायी ऐन र नियम, प्रहरी ऐन र नियम, सशस्त्र प्रहरी ऐन र नियम, श्रम नियमावली, सैनिक ऐन र सोअन्तर्गतको नियमावली, राहदानी ऐन, सरकारी मुद्दासम्बन्धी ऐन र नियमको कतिपय व्यवस्थाहरू संविधानसँग बाझेको भन्ने, त्यस्तैगरी कतिपय व्यवस्थाहरू स्वच्छ सुनुवाइको सिद्धान्त, स्वतन्त्र न्यायपालिकाको अवधारणासँग अमिल्दो रहेको भन्नेसमेत आधारमा आदेशहरू माग गर्नुभएको उक्त प्रकाशित निर्णयहरूको अध्ययनबाट देखिन्छ। वहाँको चाख, उर्जा, लगन प्रशंसनीय छ। सार्वजनिक हक र सरोकारको विवादमा यसरी लामो समयसम्म संलग्न कानून व्यवसायीलाई कुनै हिसाबबाट पनि निरास बनाउनु उपयुक्त हुँदैन। तथापि वहाँले दायर गरेका निवेदनहरू मध्ये अधिकांश निवेदनहरू खारेज भएका, कतिपयमा वहाँले उठाएका विषयस्तु के कसरी संविधानसँग बाझिएको छ भन्ने आदि स्पष्ट गर्न नसकेको, विषयवस्तुलाई हलुका पाराले लिएको भन्ने धारणा फैसलाहरूमा व्यक्त भएका छन्। एउटा रिट निवेदनमा वहाँलाई **"असम्भव र काल्पनिक विषयलाई आधार बनाई अनावश्यक तर्क वितर्क र जिज्ञासा गरी सस्तो लोकप्रियताका लागि यस अदालतको महत्त्वपूर्ण समय बर्बाद गर्न जिम्मेदार कानून व्यवसायीलाई शोभा दिने कुरा होइन"**[3] भनिएको पनि छ। यो कुरालाई निवेदकले के कति मनन् गर्नुभयो यकिन भएन। तर प्रस्तुत रिट निवेदनको अध्ययन गर्दा जे जसरी विषयवस्तुको उठान गर्नुभएको छ र जे जस्तो समाचारलाई आधार गरी यस अदालतमा प्रवेश गर्नुभएको छ, त्यसबाट वहाँले यस अदालतको उपर्युक्त अभिव्यक्तिलाई मनन गरेको र गम्भीरतापूर्वक लिएको महसुस हुन सकेन।

३. संविधानले **सार्वजनिक हक र सरोकारको विवादमा उपचार प्रदान गर्ने जुन क्षेत्राधिकार यस अदालतलाई प्रदान गरेको छ सोलाई सबैले गम्भीरतापूर्वक लिनु र बुझ्नु पर्छ। सार्वजनिक हक र सरोकारको विषय भनी मनमा उठेको कुनै पनि विषयलाई बिना अध्ययन र विश्लेषण वा सो विषयवस्तु हेर्ने दायित्व सुम्पिएका कुनै पनि अधिकारी कहाँ जाँदै नगई र उनीहरूलाई कर्तव्य पालनतर्फ सचेतसम्म नगराई यस अदालतमा प्रवेश गर्ने होइन। यो क्षेत्राधिकारले निवेदकसँग सो विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्विक सरोकार मात्र नभई गहिरो अध्ययन मनन र विश्लेषण पनि खोज्दछ। निवेदन दर्ता गर्ने, सो कुरा मिडियामा प्रचार प्रसार गर्ने गराउने, त्यसपछि सो विषयलाई अदालतको जिम्मा लगाई आफूचाहिँ**

2 *ने.का.प.* २०६२, नि. नं. ७५३३, पृ. ५१२, *ने.का.प.* २०६५, नि.नं. ८१३८, पृ. ७१०, *ने.का.प.* २०६४, नि.नं. ७९२६, पृ. १४४, *ने.का.प.* २०६४, नि.नं. ७८४२, पृ. ५३३, *ने.का.प.* २०६६, नि.नं. ८१६४, पृ. ९०२, *ने.का.प.* २०६६, नि.नं. ८१२३, पृ. १०६३, *ने.का.प.* २०६७, नि.नं. ८२७५, पृ. १९४०, *ने.का.प.* २०६७, नि.नं. ८३६४, पृ. ७०६, *ने.का.प.* २०६७, नि.नं. ८४३१, पृ. १३०३, *ने.का.प.* २०६६, नि.नं. ८६७७, पृ १४४२, *ने.का.प.* २०६६, नि.नं. ८१८६, पृ. १०८४, *ने.का.प.* २०६७, नि.नं. ८४९९, पृ. १८४०, *ने.का.प.* २०६७, नि.नं. ८५१७, पृ. १९८९, *ने.का.प.* २०६८, नि.नं. ८९२५ पृ. १७२५, *ने.का.प.* २०६९, नि.नं.८९७०, पृ. ३०३, *ने.का.प.* २०६९, नि.नं. ९००६, पृ. ६३१, *ने.का.प.* २०७१, नि.नं. ९३७८, पृ. ६०९, *ने.का.प.* २०७१, नि.नं. ९२५६, *ने.का.प.* २०७२, नि. नं. ९३७३, पृ. ६०९,

3 *ने.का.प.* २०६७, नि.नं. ८३६४, पृ. ७०६

चुप लागी बस्ने, यो कुरा स्वीकारयोग्य हुन सक्दैन । यस अदालतको अपेक्षा पनि यो होइन । यही कुरालाई दृष्टिगत गर्दै सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४२(२) मा सार्वजनिक हक वा सरोकारको विवादको विषयमा निरन्तर अध्ययन अनुसन्धान गरी विवाद निरूपण गर्न अदालतलाई हरसम्भव सहयोग पुऱ्याउनु पर्ने दायित्व निवेदकलाई सुम्पिएको छ । यो कुरा पनि निवेदक एवं सार्वजनिक हक र सरोकारको विषय भनी निवेदन दिने सबैले बुझ्न र मनन गर्न जरूरी देखिन्छ ।

४. निवेदनको समग्रमा अध्ययन गर्दा निवेदकले म्याग्दी जिल्लाको खोप्रालेक नाङ्गी पाउद्वार संयुक्त चौँरी पालन समितिको अगुवाईमा हुने गरेको जिउँदो चौँरीको घाँटीमा प्वाल पारी रगत झिकी सो रगत पिउने र सोबाट आर्जित रकम पाउद्वार माध्यमिक विद्यालय र हिमाञ्चल माध्यमिक विद्यालयलाई जुटाउनको लागि २०५३ सालदेखि सञ्चालित मेलाको विषयलाई उठाएको पाइन्छ । तर निवेदकको सूचनाको स्रोत आफ्नो वा अरू कसैको कुनै अध्ययन र अनुसन्धान नभई समाचारपत्र र टेलिभिजनमा प्रसारित सामग्री रहेको देखिन्छ । सोभन्दा पर गएर हिमाली जिल्लाका जनताका जीविकासम्बन्धी विषय, तिनका आधार, पशुपालन र विशेषतः चौँरी पालनको आर्थिक पक्ष, रगत झिक्ने र पिउने परम्परा, त्यसको वैज्ञानिक आधार, आलो रगत पिउँदा त्यसबाट मानव स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल असर र स्वास्थ्यसम्बन्धी समस्या वा चौँरी पालनसँग जोडिएका जैविक, वातावरणीय र संरक्षणसम्बन्धी कुनै पनि प्रश्नमा कुनै अध्ययन गरेको वा प्रकाश पारेको पाइँदैन । निवेदकले केवल चौँरी गाईउपर गरिने क्रूरतालाई लिएर संवेगात्मक अभिव्यक्तिसहित निवेदन दिएको देखिन्छ । रगत झिक्ने र पिउने मेला तथा परम्परालाई मानव सभ्यताकै चुनौती र कलंकको रूपमा चित्रण गर्दै यो प्रथा बन्द गरिनु पर्ने जिकिर निवेदनमा गरिएको छ । रगत झिक्ने र पिउने मेलालाई जसरी निवेदकले बन्द हुनुपर्छ भनेका छन् विपक्षीहरू यो प्रथा परम्परागत ज्ञानमा आधारित र स्वास्थ्यको दृष्टिबाट महत्त्वपूर्ण हुँदा सो रोकिनु हुँदैन भनिरहेका छन् । यसमा पनि कुनै वैज्ञानिक अध्ययनबाट पुष्टि भएको कुरा आएको छैन । यी परस्पर विरोधी विचारहरूको बीचमा चौँरीको रगत झिक्ने र पिउने मेलालाई जनजीवन, जनजीविका, जनावर उपर गरिने क्रूर र निर्दयी व्यवहार रोक्नु पर्ने कानूनी दायित्व, मानव र पशु स्वास्थ्यको संरक्षणको दृष्टिबाट समेत हेर्नु आवश्यक देखियो । यस अर्थमा प्रस्तुत विवादलाई सार्वजनिक हक वा सरोकारको विवादको रूपमा स्वीकार गर्नुपर्ने हुन आयो ।

५. अब चौँरी पालन व्यवसाय र हिमाली जनजीवन, जनजीविकासँग जोडिएका पर्यावरण र स्वास्थ्यसम्बन्धी के कस्ता विषयहरू छन् र तिनमा के कस्तो दृष्टिकोण बन्नु न्यायको दृष्टिमा आवश्यक छ भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा हिमालय क्षेत्रको समस्त परिवेशमा यो विषयलाई हेर्नुपर्ने हुन आउँछ । हिमालय क्षेत्र भन्नाले भौगोलिकरूपमा पश्चिममा उत्तरी पाकिस्तानमा इन्दस नदीले काटेको नङ्गा पहाडको खोँचदेखि पूर्वमा भारतको अरूणाञ्चल प्रदेशमा ब्रह्मपुत्रको खोँचसम्मको भूभाग र उत्तरमा तिब्बती पानी ढलोको भूभागदेखि दक्षिणमा गंगाको बाढीबाट प्रभावित हुने उत्तरी किनाराको समथरिलो भूभागसम्मलाई बृहत् अर्थमा हिमालय क्षेत्र भन्ने गरिन्छ । सोमध्ये नेपाल हिमालय क्षेत्रको मध्यभागमा पर्छ । अर्थात् नेपालभन्दा पश्चिममा पनि हिमालय क्षेत्र छ, पूर्व र उत्तरमा पनि छ । तिब्बती पानी ढलो र हिमालय पहाडको दक्षिणतर्फको उच्च पहाडी भूभागको भौगोलिक, मानवीय, सांस्कृतिक र वातावरणीय पक्ष मिल्दोजुल्दो र समानरूपमा संवेदनशील छ । यहाँ हिमाली क्षेत्र भनेर मूलरूपमा नेपालतर्फको चौँरी पालन गरिने उच्च पहाडी र हिमाली क्षेत्रलाई संकेत गरिएको छ ।

६. हिमालय क्षेत्रमा **मानव बस्ती जनसंख्याको दृष्टिबाट पातलो भए पनि यहाँ हजारौँ वर्षदेखि प्रतिकूल वातावरणसँग पौँठाजोरी खेल्दै, स्थानीय सरकार र राज्यबाट न्यूनतम सुविधा र सहयोगसम्म पनि दुर्लभ हुँदाहुँदै मानिसहरू बसेका छन् । यी मानव बस्ती, मानव जीवन र उनीहरूका जीविकाका आधारहरू के हुन्, आय आर्जनका स्रोत के हुन् भन्ने नबुझेसम्म**

उनीहरूको जनजीवनलाई थप प्रतिकूल बनाउने कुरा गरिनु हुँदैन । यति न्यूनतम् धैर्य नीति निर्माताहरूले राख्नैपर्छ । अन्यथा हामी ती जनताका समर्थक, सहयोगी र सहयात्री हुन सक्दैनौं ।

७. हिमाली क्षेत्रमा चौँरी पालन वा बृहत् अर्थमा पशुपालन व्यवसाय यहाँको जनजीवनको अभिन्न अङ्ग हो । हिउँदमा हिउँ पर्ने र अत्यन्त ठण्डा हुने, वर्षामा पनि कतिपय स्थानमा कम वर्षा हुने कारण उच्च पहाडी घाँसे मैदानमा पशुपालन, जडिबुटीको सङ्कलन र केही समथरखालको भूभागमा सामान्य खेतीपाती गर्दै र त्यहाँको उत्पादन अन्य क्षेत्रका जनतासँग साट्दै र बेच्दै हिमालय क्षेत्रका जनताले हजारौँ वर्षदेखि जीवन निर्वाह गर्दै आएका छन् । यो क्षेत्र यिनै मानिसहरूका कारण सुरक्षित छ । यदि यहाँको पर्यावरण जोगिएको छ भने यिनैको कारण जोगिएको छ । बरू आधुनिक बजार व्यवस्थाको आक्रमण, उद्योगिकीकरण र वातावरणीय विनास र मौसम परिवर्तन जस्ता बाह्य कारणहरूबाट हिमाली क्षेत्र प्रभावित बन्न गएको छ । मानव र वातावरणीय सन्तुलन बिग्रन गई जनताको जीवन अरू जोखिमपूर्ण बनेको छ । यो पक्षलाई बुझ्न र मनन् गर्न नसकेमा विषयस्तुलाई सहिरूपमा बुझेको ठहर्दैन ।

८. जहाँसम्म चौँरी पालनको प्रसङ्ग छ यसको जनसंख्या तथा सोसँग जोडिएको जैविक, आर्थिक र वातावरणीय पक्षमा पनि यहाँ केही प्रकाश पार्नु आवश्यक देखिन्छ । चौँरी हिमालय क्षेत्रको चौपाया हो । नेपाल, भारत, चीन र भुटानको समस्त हिमाली क्षेत्रमा दूध, मासु, ऊन, छाला तथा भारी बोक्न बोकाउनको लागि चौँरी पालन गरिन्छ । हजारौँ वर्षदेखि हिमाली क्षेत्रमा चौँरी पालन गरिँदै आएको छ । चौँरी घरपालुवा मिश्रित प्रजातिको जनावर हो भने यसको पुर्खा चाँही जंगली याक, नाक (Bos mutus) । याक भाले हो भने नाक चाहिँ पोथी चौँरी हो । त्यसको घरपालुवा प्रजाति याक (Bos grunniens) चाहिँ शुद्ध प्रजाति हो । नेपालको हिमाली जिल्लाहरूमा मिश्रित प्रजातिको चौँरीको संख्या ठूलो छ भने सानो संख्यामा त्यसको पुर्खा घरपालुवा याक नाक (Bos grunniens) पनि हाम्रो हिमाली क्षेत्रमा पाइन्छ । जंगली याक नाक (Bos mutus) भने मुलतः चीनको तिब्बत तथा क्वीङ्गगाई (Quinguai) प्रदेशमा पाइन्छ । यदाकदा चीनको जिनजियाङ (xinjiang), भारतको लद्दाखमा तथा नेपाल र भुटानमा पनि यो पाइन्छ भनिएको छ । याक र स्थानीय पहाडी गाई (Bos indicus) बीचको यौन सम्पर्कबाट एउटा मिश्रित वर्गको रूपमा चौँरीको जन्म हुन्छ । याकको तुलनामा चौँरीको कम तौल हुन्छ यसले बढी दूध दिन्छ र यो कम उचाईमा पनि बाँच्न सक्छ । जंगली याक संकटापन्न वन्यजन्तु हो भने मिश्रित प्रजातिको चौँरीको संख्या पनि क्रमशः घट्दै गएको भन्ने अध्ययनहरूबाट देखिएको छ । जनजीविकामा आएको परिवर्तन, चौँरीको चरन खुम्चिन गएको स्थिति, खर्चको तुलनामा आम्दानी कम भएको अवस्था, भालुको आतंक, रोग व्याधिको आक्रमण तथा मौसम परिवर्तनसमेतको कारण हिमाली क्षेत्रमा हाल चौँरी पालन व्यवसाय खुम्चिँदै गएको भन्ने पनि रिपोर्टहरू पाइन थालेको छ[4] । तर जहाँ व्यावसायिकरूपमा पनि चौँरीपालन सुरू गरिएको छ, त्यहाँ चौँरीको संख्या बढ्न र फस्टाउन थालेको भन्ने पनि समाचारमा आएको छ ।[5]

९. चौँरी वा यसको पुर्खा याक समूहमा अर्थात् बथानमा रहने जनावर हो । हिमाली क्षेत्रको कठिन भूगोल, मौसम र वातावरणमा रहने हुँदा यो निकै नै हट्टाकट्टा बलियो हुन्छ । मौसममा आउने बदलाबसँगै यसले आफ्नो बासस्थान पनि बदल्छ । हिउँ परेको बेला कम उचाईमा झर्छ भने वर्षा लाग्न थाल्दा नथाल्दा उच्च हिमाली घाँसेमैदानमा रमाउँछ । यस अर्थमा चौँरी हिमाली क्षेत्रका मौसम परिवर्तनसँगै सरिरहने डुलुवा वा फिरन्ते पशु हो । चौँरीको फिरन्ते स्वभावकै कारण चौँरी पालनमा संलग्न गोठालाहरूले पनि फिरन्ते जीवन बिताउँछन् । यस्तो

4 See Rameswar Singh Pande, Yak and Churi Farming in Nepal ntarc.nepal.blogspot. com/2007/07 Yak-and-churi-farming-in-Nepal-by.htoml.

5 विशेषज्ञ डि.डि. जोशीका अनुसार नेपालमा करिव २००० याक र ४००० चौरी पाइन्छ हेर्नुहोस Yak in Nepal Solution info. By D.D. Joshi, www.fao.org/docrep/006/ad347e/ad347e Os.htm

जीवनशैली हिमाली क्षेत्रमा नेपालमा भन्दा तिब्बततर्फ बढी छ।

१०. चौँरीको संरक्षणको कानूनी पक्ष हेर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ मा घरपालुवा याक, नाक (Bos grunniens) लाई संरक्षित वन्यजन्तुको सूचीमा राखिएको छ। जंगली याक, नाक (Bos mutus) लाई Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) को अनुसूची १ मा राखिएको छ। IUCN ले पनि यसलाई जोखिममा रहेको (Vulnerable) जनावर हो भनी उल्लेख गरेको छ । २०७४ सालमा निर्मित संकटापन्न वन्यजन्तु तथा वनस्पतिका अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐनमा संकटापन्न वन्यजन्तुभित्र (दफा २(ठ)) दुर्लभ, लोपोन्मुख र संरक्षित वन्यजन्तुलाई समेटिएको छ। सोही ऐनको दफा २(घ), (झ) र (ढ) मा गरेको व्यवस्थाअनुसार यी तिनै वर्गका वन्यजन्तुले साइटिस (CITES) को क्रमशः अनुसूची १, २ र ३ लाई संकेत गर्दछन्। तसर्थ कानूनीरूपमा एउटा शुद्ध प्रजातिको रूपमा घर पालुवा र जंगली याक नाक दुवै संकटापन्न वन्यजन्तु हुन् तर मिश्रित प्रजातिको चौँरी भने संरक्षित वर्गमा पर्दैन। दुर्लभ र लोपोन्मुख प्रजाति भएको कारण शुद्ध याक नाकका घरपालुवा वा जंगली दुवैरूपमा संरक्षण गरिनु पर्ने वन्यजन्तुको रूपमा पर्छन्।

११. अब माथि उल्लिखित तेस्रो प्रश्नतर्फ हेरौः प्रस्तुत रिट निवेदनमा चौँरीको रगत झिक्ने र पिउने परिपाटीलाई चुनौती दिँदा मूलतः सो व्यवहारलाई निर्दयी, संवेदनहीन मानवीय सभ्यता विरूद्ध भनी चित्रण गर्न खोजिएको छ। यसबारेमा पछि विश्लेषण गरौँला तर सोभन्दा पहिले स्वास्थ्यसम्बन्धी दृष्टिबाट यो विषयलाई हेरौँ। चौँरीको रगत झिक्ने कार्यले चौँरीको स्वास्थ्यमा के कस्तो असर पर्छ, सोबारे कुनै अध्ययन गरिएको भेटिँदैन। चौँरीलाई के रोग लाग्छ भन्नेबारे भने अध्ययनहरू भएका छन्। त्यसैले चौँरीको आलो तातो रगत पिउँदा सो रोग मानिसमा सर्छ वा सर्दैन सो कुरा हेर्नुपर्ने हुन आउँछ। सामान्यतः समान क्षेत्रका घरपालुवा पशुहरूलाई जे रोग लाग्छ चौँरीलाई पनि सो रोग लाग्छ। पहाडी र तराई क्षेत्रमा पालिएका चौपायाहरूमा लाग्ने भाइरस, ब्याक्टेरिया र फंगस (Fungus) बाट हुने रोगहरू क्रमागतरूपले चौँरीलाई पनि लाग्छ। त्यस्तैगरी जनावरमा लाग्ने कयौं रोगहरू मानिसमा पनि सर्छ । पशुपंक्षीबाट मानिसमा सर्ने चर्चित एन्थ्रेक्स, एभियन इन्फ्लुएन्जा, बी भाइरस, ब्रुसेलोसिस, इकोलि, जे-आरडिया, लेप्टोपिरोसिस, क्यू फिवर, रेविज, ट्युवरकोलोसिस, विभिन्न खाले जुका, साल्मोनेला संक्रमण, एच.आई.भि / एड्स आदिबारे अब ज्ञान सामान्य भइसकेको छ । पशुपंक्षीबाट मानिसमा सर्ने रोगहरू (Zoonotic diseases) को अध्ययन अब स्वास्थ्यक्षेत्रको प्राथमिकता प्राप्त विषय बनेको छ। पशुबाट मानिसमा सर्नेमध्ये यो यो रोग रगतको कारण मानिसमा सर्छ भन्ने यकिन तथ्याङ्क उपलब्ध नभए पनि परीक्षण गराई अमुक जनावर रोगी होइन भन्ने यकिन नगरी त्यस्ता जनावरको आलो रगत मानिसलाई खान दिनु रोगको खुल्ला आमन्त्रण हो भन्ने सजिलै बुझ्न सकिन्छ। एकातर्फ स्थिति यस्तो छ भने लिखित जवाफमा जिकिर गरिएजस्तो चौँरीले हिमाली क्षेत्रमा पाइने जडिबुटी खाने हुँदा त्यसको रगत रोग निरोधक वा प्रतिरोधक हुन्छ भन्ने कुरा वैज्ञानिक अध्ययनबाट पुष्टि हुनसकेको छैन। नत विपक्षी नाङ्गी पाउद्वार संयुक्त चौँरीपालन समिति र विद्यालयहरूको लिखित जवाफमा दाबी लिइएजस्तो यसलाई परम्परागत ज्ञान वा सीपको विषय भन्न सकिने अवस्था छ। नेपाल वा तिब्बत, चीनमा प्रचलित आयुर्वेदिक वा तिब्बती वा चिनियाँ चिकित्सा प्रणाली वा औषधि निर्माणको परम्परामा चौँरीको आलो रगतको फाइदाबारे यस्तो लेखिएको छ भनी कतैबाट खुल्न सकेको छैन । कतिपय परम्परागत ज्ञान सीप मौखिक परम्परामा आधारित हुनसक्छन् तर यस्ता अप्रमाणित कुराको आधारमा मानव स्वास्थ्यमा अवर्णित जोखिम निम्त्याउन कति उचित हुन्छ, विचारणीय छ।

१२. अब चौँरीको रगत झिक्ने, रगतपच्छे पार्ने विषयसँग जोडिएको कानूनी पक्ष के हो भन्ने चौथो प्रश्नबारे चर्चा गरौं। मुलुकी ऐन, चौपायाको महलमा गाई, गोरु र चौँरीगाईलाई भिन्न वर्गमा राखिएको पाइन्छ ।

चौपायाको ११ नं. मा भएको व्यवस्थाअनुसार जानीजानी गाई गोरु मार्नेलाई १२ वर्ष कैद हुन्छ, चौँरी गाई मार्नेलाई जीउ एकको चालीस रूपैयाँका दरले जरिवाना हुने कुरा उल्लेख छ । सोही महलको १४ नं. मा चौँरीगाई अङ्गभङ्ग वा घाउ रगतपच्छे गर्नेलाई बीस रूपैयाँसम्म जरिवाना हुनसक्ने व्यवस्था छ। यसरी हेर्दा गाईगोरु मार्ने वा अङ्गभङ्ग वा रगतपच्छे पार्नेलाई भन्दा अत्यन्तै कम सजाय चौँरी गाई मार्ने वा अङ्ग भङ्ग पार्नेलाई गरिएको छ । यसो गरिनुको कारण गाई गोरु र चौँरी अलगअलग वर्गका जनावर हुन् भन्ने कुरा त छँदै छ, हिन्दू परम्परामा गाई गोरुको जुन स्थान छ चौँरी गाईको सो स्थान नभएको कारण पनि पृथकपृथक व्यवस्था गरिएको हुनसक्छ । गाईगोरु मासुको लागि पालिँदैन, तर चौँरी मासुको लागि पालिन्छ । चौँरीको मासु खाने प्रचलन हिमाली क्षेत्रका जनतामा सदियौँदेखि चल्दै आएको छ। गाई र चौँरी बारे पृथकपृथक कानूनी व्यवस्था रहनुलाई व्यावहारिक र जनजीविकासँग जोडिएको यो पक्षको परोक्ष स्वीकारोक्ति हो भनी बुझ्न सकिन्छ।

१३. प्रस्तुत रिट निवेदनमा चौँरीको रगत झिक्ने, रगत पिउने प्रथा, मेला बन्द गरिनु पर्छ भन्ने माग लिइएको छ तर चौपायाको महलअन्तर्गतको यो मुद्दा होइन। यहाँ यस्तो कार्य गर्नेहरूलाई सजाय हुनुपर्छ भन्ने माग राखिएको छैन। तथापि चौँरीको रगत झिक्ने मेलाको कानूनी पक्ष छ । माथि चर्चा गरिएअनुसार चौँरीलाई रगतपच्छे पार्ने मेला वर्तमान कानूनको नजरमा गैरकानूनी देखिन्छ। यदि कुनै कानून विद्यमान छ भने त्यसको पूर्ण पालना गरिनु पर्छ । कानून समय सापेक्ष छैन भने खारेज वा संशोधन गरिनु पर्छ । कुनै कानून विरूद्धको कार्य चाहे व्यक्तिगत अग्रसरतामा गरिएको होस् वा सामूहिकरूपमा गैरकानूनी नै हुन्छ । कुनै पनि बहानामा कानून विरूद्धको कार्य स्वीकार्य हुँदैन। चौँरी गाईबाट रगत झिक्ने कार्यबाट चौँरी रगतपच्छे हुने हुँदा माथि वर्णित चौपायाको महलको १४ नं. विपरीत हुने नै देखिन्छ। वर्तमान कानूनको कसीमा चौँरीको रगत झिक्ने कार्य कानूनसम्मत नदेखिने त छँदैछ, मिति २०७५।५।१ बाट लागू हुन गइरहेको मुलुकी (अपराध संहिता) ऐन, २०७४ ले पनि यो विषयलाई गैरकानूनी नै करार गरेको छ । संहिताको परिच्छेद २७ मा चौँरीगाई मार्न नहुने व्यवस्था हटाइएको छ तर पशुपंक्षीप्रति निर्दयी व्यवहारलाई भने गैरकानूनी करार गर्दै उक्त परिच्छेदको दफा २९० मा पशुपंक्षीलाई कुट्ने, हिर्काउने वा बोक्नसक्ने क्षमताभन्दा बढी भारी बोकाउने वा अन्य कुनै प्रक्रियाले यातना दिने वा कुनै किसिमबाट निर्दयी वा क्रूर व्यवहार गर्ने कार्यलाई कसुर मानिएको छ । त्यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा ५,०००।– रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था पनि उक्त दफामा छ। त्यसो त आधुनिक विधिशास्त्रले पशुपंक्षीउपर गरिने सबैखाले क्रूर तथा निर्दयी व्यवहारलाई वर्जित गरेको छ। अपराध संहिताको उक्त व्यवस्थाले पनि सोही मान्यताको अनुशरण गरेको हुँदा संहिताको व्यवस्थालाई पनि सोही सन्दर्भमा हेरिनु पर्ने हुन्छ । सार्वजनिकस्थलमा मेलाको आयोजना गरी चौँरीगाईलाई चार खुट्टा बाँधी लडाउने, उनीहरूको घाँटीमा धारिलो हतियार रोपी रगत झिक्ने कार्यलाई उक्त कानूनी व्यवस्थाको सापेक्षतामा पशुप्रति गरिएको निर्दयी व्यवहार नै मान्नु पर्ने हुन्छ । यसरी हेर्दा मुलुकी ऐन र अपराध संहितामा गरिएको व्यवस्थाअनुसार पनि चौँरीलाई बाँधी लडाई रगत झिक्ने मेलाको आयोजना, सहभागिता र त्यसबाट फाइदा लिने दिने सबै कार्य गैरकानूनी नै देखिने अवस्था छ।

१४. विपक्षी संयुक्त चौँरी पालन समिति र विद्यालयको तर्फबाट परेको लिखित जवाफमा चौँरीको रगत झिक्ने मेलालाई **"परापूर्व कालदेखि नै हिमाली भेगमा रहेको प्रचलन हो, यो एउटा परम्परागत ज्ञान र उपचार पद्धति हो । देशले नयाँ दिशा र नयाँ बाटो ग्रहण गरेको छ । कानून भनेको समाजमै चलायमान हुनुपर्छ । चौपायाको ११ र १४ नं. को व्यवस्था समय सापेक्ष नहुँदा हटाइनु पर्छ"** भन्ने जिकिरसमेत गरिएको छ। जहाँसम्म चौँरीको रगत झिक्ने खाने प्रचलन के कति पुरानो हो भन्ने प्रश्न छ यो कुनै अभिलेखमा आधारित छैन भन्ने कुरा माथि उल्लेख भइसकेको छ। तथापि चौँरीको मासु खाने, सुकुटी बनाउने, छालाका

सामाग्रीहरू बनाउने कार्य हिमाली परम्पराको अभिन्न अङ्ग हो भन्ने चाहिँ देखिन्छ । त्यस्तैगरी मठ मन्दिरमा चमर हम्कने कार्य हिन्दू सभ्यताको अन्तरंग पाटो हो । चमर चौँरीको पुच्छरबाट बनाइन्छ । तसर्थ पुच्छर चाहिँ काटिने चौँरी भने नमारिने अवश्य भएन होला । यसबाट पनि चौँरीलाई काट्ने मार्ने पुरानो परम्परा हिमाली क्षेत्रमा रहेछ भनी सहजै अनुमान गर्न सकिन्छ । त्यसैले यदि साँस्कृतिकरूपमा नेपाल विभिन्न जातजाति र वर्गमा चलेको प्रथा परम्पराहरूको समन्वयात्मक अन्तरघुलन हो भने चौँरी पालन व्यवसायको सन्दर्भमा त्यसको सांस्कृतिक, पर्यावरणीय एवं मानवीय पक्षसमेतको सापेक्षतामा कानून विरूद्ध नहुने गरी एउटा साझा बाटो पहिल्याउनु वाञ्छनीय देखिन्छ ।

१५. नेपाल जैविक विविधता महासन्धि, १९९२ को पक्ष राष्ट्र भएको कारण हिमाली क्षेत्रको जैविक विविधताको संरक्षण र दिगो उपयोगको नीतिभित्र चौँरी तथा याक, प्रजातिको संरक्षण र दिगो उपयोग गर्ने कुरालाई पनि समेटिनु पर्छ । महासन्धिको धारा ६ देखि ९, धारा ११ र १४ मा उल्लिखित संरक्षण (Conservation) भन्ने शब्दले उपयोगलाई निषेध गर्दैन बरू उचित र दिगो उपयोगलाई संकेत गर्छ, प्रश्रय दिन्छ । उपयोगको अवसरले संरक्षणमा चाख र चासो थप्छ । कुनै प्रजातिको संरक्षण गर्ने दायित्व सुम्पिइन्छ तर उपयोगको कुनै बाटो दिइँदैन भने सो प्रजातिको संरक्षण गर्ने कुरामा गरिबी र अशिक्षामा पिल्सिएका जनता उत्साहित हुँदैनन्, यसबारेमा पनि हामीले ध्यान दिनुपर्छ । तसर्थ अब लागू हुन गइरहेको अपराध संहिताले चौँरी मार्न निषेध नगरेको, केवल उनीहरू उपर सार्वजनिकरूपमा गरिने निर्दयी व्यवहारलाई निषेध गरेको हुँदा चौँरी पालन व्यवसायलाई कानूनसँग मिल्ने गरी आय उपार्जन, जैविक विविधता एवं वातावरण संरक्षणसमेतका आयामसँग जोडी हेर्नु र सोहीअनुरूप व्यवहार गरिनु आवश्यक हुन्छ ।

१६. अब निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन, भन्ने अन्तिम प्रश्नतर्फ हेरौं: यहाँ चौँरीको रगत झिक्ने र खाने मेला आयोजना भइरहेको सन्दर्भमा कसैउपर कारवाही हुनुपर्ने माग गरिएको छैन । हिमाली जिल्लाका जनताको जनजीविकासँग जोडिएको विषयलाई निवेदनमा उठाइएको र चौँरी पालन व्यवसायको आर्थिक, सामाजिक, वातावरणीय र कानूनी पक्षको समग्रमा अध्ययन नगरी यस विषयमा अहिले नै यसो गर्नु भनी परमादेश जारी गर्नु न्यायको रोहमा उचित देखिँदैन । तसर्थ निवेदकको मागबमोजिम परमादेशको आदेश जारी गर्नु उचित र आवश्यक नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ ।

१७. तर माथि विभिन्न प्रकरणमा चर्चा गरिएबमोजिम सार्वजनिकरूपमा मेलाको आयोजना गरी चौँरीको रगत झिक्ने र पिउने मेला आयोजना गर्ने कुरा वर्तमान कानून (मुलुकी ऐन) र अब लागू हुने कानून अर्थात् मुलुकी (अपराध संहिता) ऐन, २०७४ को कसीमा खरो उत्रन सकेको र सक्ने देखिँदैन । त्यस्तैगरी आलो रगत पिउने प्रथाले प्रदान गर्ने स्वास्थ्यसम्बन्धी लाभ अनिश्चित र यकिन हुन बाँकी नै रहेको तर आलो रगत पिउँदा झेल्नु पर्ने स्वास्थ्यसम्बन्धी जोखिम भने प्रवल देखिन्छ । चौँरी पालन हिमाली जनजीवन र संस्कृतिसँग अभिन्नरूपमा जोडिएको र हिमाली जनताको आर्थिक उपार्जनको अभिवृद्धिमा प्रचुर सम्भावना बोकेको व्यवसाय हो भन्ने स्पष्ट छ । हाल केही क्षेत्रहरूमा व्यावसायिकरूपमा चौँरी फारामहरू विकास गरिएको र जनताको आर्थिक पुनरूद्धारमा सहायक हुनेदेखि अपराध संहिताले गाईगोरु (Bos taurus or Bos indicus) लाई याक नाक (Bos grunniens) र तिनको मिश्रित वर्ग चौँरीसँग अलग गरी चौँरीउपर गरिने निर्देयी व्यवहारहरूलाई सम्म रोकी मार्ने कार्यलाई कसुरजन्य नबनाएबाट मासुको लागि चौँरी पाल्न र काटी खान सकिने कुरालाई स्वीकार गरेकोसमेत पाइन्छ । याक नाक राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु ऐन, २०२९ तथा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७४ अन्तर्गत संरक्षित जनावर भए पनि त्यसको नियन्त्रित प्रजनन गर्नसक्ने कुरालाई पछिल्लो ऐनले खुला राखेको छ । चौँरी पालन व्यवसाय, त्यसको सांस्कृतिक, आर्थिक, वातावरणीय तथा परम्परागत ज्ञान सीपको जगेर्नाको विषय र पछिल्लो समयमा मौसम

परिवर्तनको कारण परेको प्रभावको सन्दर्भमा अनुकूलन (Adaption) को के उपाय अपनाउन सकिन्छ भन्नेबारेमा समेत माथि उल्लिखित कुराहरूलाई मध्यनजर गर्दै अध्ययन गर्नु आवश्यक देखिन्छ । चौँरीहरू उपर गरिने सबैखाले निर्दयी व्यवहार रोक्ने सम्बन्धमा जनचेतना बढाउनेसमेतका उपयुक्त कदमहरू चाल्ने सम्बन्धमा तत्काल र दीर्घकालमा के गर्न सकिन्छ र के गर्न जरूरी हुन्छ सो पनि हेर्नु वाञ्छनीय हुन्छ । यसको साथै चौँरी संरक्षणबारे के कस्तो राष्ट्रिय नीति बन्नु उपयुक्त हुन्छ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, संकटापन्न वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७४ र जैविक विविधता महासन्धि (Convention on Biological Diversity) एवं साइटिस Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) को संरक्षणसम्बन्धी व्यवस्थासँग कसरी तादम्यता कायम हुनसक्छ भन्ने विषयमा पनि अध्ययन गर्न जरूरी देखिन्छ । त्यसैले यी समस्त विषयमा सरोकारवालाहरूको सहभागितामा विशेषज्ञसहितको टोली गठन गरी एक वर्षभित्र आवश्यक अध्ययन गर्नु गराउनु र अध्ययन प्रतिवेदनको आधारमा आवश्यक नीतिगत र कानूनी सुधारसमेत गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको छ । आदेशको जानकारी निवेदक र विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. टंकबहादुर मोक्तान

इजलास अधिकृत / उपसचिवः जगतबहादुर पौडेल
इति संवत् २०७४ साल मङ्सिर २७ गते रोज ४ शुभम् ।

निर्णय नं. ९९८३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री डम्बरबहादुर शाही
फैसला मिति : २०७४।११।१३
०७२-CI-०४२२

मुद्दा : अबन्डा जग्गा बन्डा

पुनरावेदक / वादी : स्व.किशोरी यादवको छोरा महोत्तरी जिल्ला बगडा गा.वि.स. वडा नं.३ बस्ने वर्ष ४७ को रामबाबु यादव

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : स्व.किशोरी यादवको छोरा महोत्तरी जिल्ला बगडा गा.वि.स. वडा नं.३ बस्ने वर्ष ५१ को रामविनोद यादवसमेत

- **कुनै पनि सम्पत्ति अबन्डा रहेको भनी बन्डापत्रमा उल्लेख नभएपनि उक्त सम्पत्तिको स्रोत, प्रकृति, पृष्ठभूमि, अवस्था र उक्त सम्पत्तिमा यी मुद्दाको पक्षको संलग्नता, उपस्थिति र लगाव एवं वादीको जीवनप्रतिको अधिकारको अवस्था एवं मनस्थितिसमेतलाई न्यायिक आधारमा हेरी एवं मूल्याङ्कन गरेर नै उक्त सम्पत्ति अबन्डा हो वा होइन ? भनी निर्धारण गर्नुपर्ने ।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट :
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल एवम् विद्वान् अधिवक्ता श्री राजु कटुवाल

अवलम्बित नजिर :

- *ने.का.प.* २०६७, नि.नं. ८३७८, पृ.८१४

- *ने.का.प.* २०६९, अंक ६, नि.नं.८८४६, पृ.९५१

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्ने :

मा.जिल्ला न्या.श्री नारायणप्रसाद श्रेष्ठ
महोत्तरी जिल्ला अदालत ।

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री नीता गौतम दीक्षित
पुनरावेदन अदालत जनकपुर ।

फैसला

न्या.तेजबहादुर के.सी.: तत्कालीन पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।०८।०८ को फैसलाउपर मुद्दा दोहोऱ्याई पाउँ भनी वादीको तर्फबाट परेको निवेदनमा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) अनुसार मुद्दा दोहोऱ्याउने निस्सा प्रदान भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

स्व.पिता किशोरी यादव तथा स्व.आमा वनारसी देवीका म वादी र विपक्षी रामविनोद यादव दुई छोरा रहेको र विपक्षी कुमिन्द्र कुमारी यादव भाउजू हुनुहुन्छ । हामी दुई दाजुभाइबीच मिति २०६५।६।२।५ मा मालपोत कार्यालय, महोत्तरीमा गई र.नं.१०९८(ख) बाट अंशबन्डाको लिखत पारित गरी अंशबन्डा छुट्याई बेग्लाबेग्लै बस्दै आएको र हामी वादी प्रतिवादीबीच सगोलमा रहँदाकै अवस्थामा सगोलको आर्जनबाट विपक्षी भाउजूको नाममा महोत्तरी जिल्ला बगडा गा.वि.स. वडा नं.४ अन्तर्गत पर्ने सर्वे नापी नभएको बाटोदेखि पूर्व, वुधु यादवदेखि पश्चिम, बाटोदेखि उत्तर र बाटोदेखि दक्षिण यति चार किल्लाभित्रको पूर्व मुखको फुसको छाना भएको घरसमेत भोगचलन गर्दै आएकोमा अंशबन्डाको लिखत पारित हुँदा सो घर घडेरी उल्लेख हुन छुट भएको कारण अबन्डा गोश्वारा सम्पत्तिकै रूपमा रहन गएकोले उक्त घर घडेरी जग्गामध्ये म वादीले भोगचलन गर्दै आएको दक्षिणतर्फबाट आधीको घर जग्गाको बन्डा छुट्याई दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको फिरादपत्र ।

अंशबन्डा नलाग्ने सम्पत्ति भएकोले नै दाबीको घडेरी जग्गा बन्डापत्रमा उल्लेख नरहेकोले वादीको दाबीबाट फुर्सत दिलाई पाउँसमेत बेहोराको प्रतिवादीको प्रतिउत्तर जिकिर ।

प्रतिवादीको साक्षी राजकिशोर यादवले सुरू अदालतमा आई गरेको बकपत्र ।

सुरू अदालतको आदेशानुसार झिकाएको गा.वि.स. बगडा, महोत्तरीबाट प्राप्त भएको हक भोगका सिफारिस पत्र ।

दाबीको जग्गा अबन्डा रहेको बन्डा लाग्ने सम्पत्ति भएको भन्ने सम्बन्धमा वादीबाट प्रमाण प्रस्तुत हुनसकेको नदेखिएको हुँदा वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्ने महोत्तरी जिल्ला अदालतको मिति २०६९।११।१४ को सुरू फैसला ।

दाबीको जग्गा मसमेतको आधी अंश हक भई आधीको भोगचलन गर्दै आइरहेको भन्ने कुरा गा.वि.स.ले गरेको हकभोगको सिफारिससमेतबाट पुष्टि भइरहेकोमा दाबी नपुग्ने गरी भएको सुरू फैसला बदर गरी वादी दाबीबमोजिम गरिपाउँ भन्ने बेहोराको वादीको तर्फबाट पुनरावेदन अदालत, जनकपुरमा परेको पुनरावेदनपत्र ।

यसमा वादी प्रतिवादीका बीच मिति २०६५।०६।०२ मा अंशबन्डा पारित भएको देखिएको र सो बन्डापत्रमा आजसम्म हामी सगोलमा बसी आएको भन्ने बेहोरा उल्लेख भएको दाबीको अबन्डा जग्गा सगोलमा रहेको अवस्थामा खरिद गरेको अबन्डा सम्पत्तिको हकमा दाबी पुग्न नसक्ने ठहऱ्याई सुरूले गरेको फैसला फरक पर्नसक्ने देखिँदा अ.व.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।०३।२३ को आदेश ।

वादीले आफूहरूको सगोलको आर्जनबाट खरिद गरेको र भोग गर्दै आएको भनी जिकिर लिए पनि आफूले सगोलमा आर्जन गरेको सम्पत्तिबाट किनेको र भोग चलनसमेत गरी राखेको भए बन्डा मुचुल्का हुँदा उक्त जग्गालाई बाहेक गरी बन्डा गर्नुपर्ने कारणसमेत वादीले खुलाउन सकेको नदेखिँदा सगोलको पैतृक सम्पत्ति भन्ने नदेखिएको र आफूहरूबीच २०४१ सालमा मानो अलग गरी बसेको कुरालाई स्वीकार गरेको र सोपछि २०५७ सालमा खरिद भएको घर घडेरी सगोलकै अवस्थाको बन्डा हुने अवस्थाको नदेखिई बन्डा हुँदाको अवस्थामा समेत अबन्डा जनिएको समेत नदेखिएबाट वादी दाबी नपुग्ने ठहऱ्याएको महोत्तरी जिल्ला अदालतको मिति २०६९।११।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।०८।०८ को फैसला।

दाबीको जग्गा प्रतिवादी कुमिन्द्रकुमारी यादवको नाउँमा मिति २०५७।११।०८ मा राजीनामा लिखतबाट खरिद भई आएकोमा विवाद छैन। म निवेदक वादी र प्रतिवादीहरूबीच मिति २०६५।०६।२० मा र.नं.१०९८(ख) बाट मालपोत कार्यालय, महोत्तरीमार्फत अंशबन्डा भएको हो। सो बन्डापत्रमा भूलवश दाबी जग्गा छुट्न गई जग्गा अबन्डा रही बराबर भोगचलनमा रहेको छ। अंशबन्डा हुनुपूर्व सगोलमा रही सगोलमा नै खरिद गरेको उक्त अबन्डा जग्गा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम समेत स्वयम् अदालतले सगोलकै हो भनी अनुमान गर्नुपर्ने हुन्छ। बन्डापत्रको बेहोरामा नै यतिका दिनसम्म सगोलमा रहेको र परस्पर चित्त नमिली अलगअलग भई आ-आफ्नो जीविका चलाउने भनी उल्लेख भएबाट समेत २०४१ सालमा मानो छुट्टिएको भन्ने आधार विवादास्पद रहेको छ। दाबीको जग्गा विपक्षी प्रतिवादीहरूको एकलौटी हकभोगको जग्गा हो भन्ने तथ्य मिसिल संलग्न झिनो प्रमाणसमेतबाट पुष्टि हुन सकेको छैन। एकासगोलमा रही आर्जन गरेको सम्पत्ति सगोलकै हुने एवम् एकलौटी हक भोगको सम्पत्ति हुन निजी आर्जनको स्रोत पुष्टि गर्नुपर्ने सन्दर्भसँग सम्बन्धित प्रतिपादित कानूनी सिद्धान्तसमेतको विपरीत पुनरावेदन अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको सुरू फैसलालाई सदर हुने गरी भएको फैसला प्रमाण र कानूनको रोहमा त्रुटिपूर्ण रहेकाले दोहोऱ्याई हेरी इन्साफ पाउँ भन्ने बेहोराको वादीको तर्फबाट यस अदालतमा पर्न आएको निवेदन।

यसमा दाबीको घर जग्गा प्रतिवादीहरू सगोलमा रहेकै अवस्थामा कुमिन्द्रकुमारी यादवका नाउँमा मिति २०५७।११।०८ मा राजीनामा पत्रबाट प्राप्त भएको देखिन्छ। मिति २०६५।०६।०२ मा बन्डापत्र पारित हुँदा उक्त जग्गा उल्लेख नभएको अवस्थामा उक्त जग्गा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालतबाट मिति २०७१।०८।०८ मा भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३, ५४, अ.बं.१८४क नं.को त्रुटि हुनुका साथै *ने.का.प.* २०६९ अंक ६ नि.नं.८८४६ पृ. ९५१ मा प्रतिपादित सिद्धान्तसमेत विपरीत देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०७२।०४।३२ को निस्सा प्रदान गर्ने आदेश।

यस अदालतको मिति २०७४।०१।२२ को प्रमाण मिसिल वादी रामविनोद यादव र प्रतिवादी रामबाबु यादव भएको ०७०-DP-०२३५ को दाखिल खारेज अबन्डा जग्गा बन्डा भन्ने मुद्दाको पुनरावेदन अदालतको फैसलासमेत रहेको सुरू मिसिलसमेतको मिसिल झिकाउने आदेशानुसार मिसिल प्राप्त भई प्रमाणको रूपमा मिसिल सामेल रहेको।

<u>यस अदालतको ठहर खण्ड</u>

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ आज यस इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दाको मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदनपत्रसहितको मिसिल अध्ययन गरी प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल एवम् विद्वान् अधिवक्ता श्री राजु कटुवालले यी वादी प्रतिवादीहरू २०४१ सालबाटै व्यवहारमा अलग भई आएको तथ्य वादी रामबाबुले ०३७-०६७-०१०४३

को दाखिल खारेज अबन्डा जग्गा बन्डा मुद्दामा प्रतिउत्तर गर्दा सो तथ्यको खण्डन नगरी स्वीकारेका छन्। २०४१ सालमै मानो छुट्टिएको भए पनि वादी प्रतिवादीबीच अंशबन्डा भने मिति २०६५।०६।०२ मा मालपोत कार्यालय, महोत्तरीमा लिखत पारित गरी भएको हो। दाबीको जग्गा बन्डापत्रमा उल्लेख हुन छुटेको भए वादीहरूले अंश दपोटतर्फ मुद्दा दिनु पर्ने हो, सोसमेत दिएका छैनन्। सगोलको आर्जनबाट राजीनामामार्फत खरिद गरी लिएको जग्गा बन्डापत्रमा छुट्न गएको मनासिब कारणसमेत वादीले पुष्टि गर्न नसकेको अवस्थामा वादी दाबी पुग्न नसक्ने गरी भएको सुरू तथा पुनरावेदन अदालतको फैसला न्यायसङ्गत नै रहेको हुँदा सो इन्साफ सदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त बहस जिकिर सुनी मिसिल संलग्न प्रमाण कागजात एवम् तथ्यहरूको अध्ययन गरी हेर्दा, पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्नसक्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, स्व.पिता किशोरी यादव तथा स्व.आमा वनारसी देवीका हामी दुई दाजुभाइ रामबाबु यादव र रामविनोद यादवबीच मिति २०६५।६।२।५ मा मालपोत कार्यालय, महोत्तरीमा गई र.नं.१०९८(ख) बाट अंशबन्डाको लिखत पारित हुँदा विपक्षी भाउजूको नाममा महोत्तरी जिल्ला बगडा गा.वि.स. वडा नं.४ अन्तर्गत पर्ने सर्वे नापी नभएको पूर्व मुखको फुसको छाना भएको घर घडेरी उल्लेख हुन छुट भएको कारण अबन्डा गोश्वारा सम्पत्तिकै रूपमा रहन गएकोले उक्त घर घडेरी जग्गामध्ये म वादीले भोगचलन गर्दै आएको दक्षिणतर्फबाट आधीको घर जग्गाको बन्डा छुट्याई दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको फिराद दाबी रहेकोमा अंशबन्डा नलाग्ने सम्पत्ति भएकोले नै दाबीको घडेरी जग्गा बन्डापत्रमा उल्लेख नरहेकोले वादीको दाबीबाट फुर्सत दिलाई पाउँसमेत बेहोराको प्रतिवादीको प्रतिउत्तर जिकिर रहेको पाइन्छ। सुरू महोत्तरी जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने ठहरी भएको फैसलाउपर वादीको तर्फबाट पुनरावेदन अदालत जनकपुरमा पुनरावेदन परेकोमा पुनरावेदन अदालत, जनकपुरबाट सुरू फैसला सदर हुने ठहऱ्याई फैसला भएको रहेछ। उक्त फैसलाउपर वादीको तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई पाउनको लागि परेको निवेदनमा निस्सा प्रदान भई प्रस्तुत मुद्दा पेस हुन आएको पाइयो।

३. वादी प्रतिवादी मूलतः दुई अंशियार रहेको, दाबीको जग्गा प्रतिवादी कुमिन्द्रकुमारी यादवको नाउँमा मिति २०५७।११।०८ मा राजीनामाबाट खरिद गरिलिएको एवम् निज वादी प्रतिवादीहरू बीच मिति २०६५।०६।०२ मा मालपोत कार्यालय, महोत्तरीमा अंशबन्डाको लिखत रजिस्ट्रेसन पारित भई विधिवत्रूपमा नै अंशबन्डा भएको कुरामा विवाद रहेको पाइँदैन। वादीले प्रस्तुत मुद्दा दोहोऱ्याई पाउँ भनी दिएको निवेदनमा प्रतिवादी कुमिन्द्रकुमारी यादवको नाममा दर्ता रहेको दाबीको घरघडेरी जग्गा सगोलको रही अंशबन्डापत्रमा छुट्न गएकोले अबन्डा जग्गा बन्डा गर्नुपर्ने भन्ने नै वादीको मुख्य जिकिर रहेको पाइन्छ। दाबीको जग्गा प्रतिवादी कुमिन्द्रकुमारी यादवले झालो यादवबाट राजीनामा पारित गरिलिएको देखिन्छ। सो राजीनामाबाट खरिद गरिलिएको जग्गा यो यस कारणले सगोलको सम्पत्तिबाट खरिद गरिएको भनी पुष्टि हुने कुनै प्रमाण वादीबाट पेस हुनसकेको छैन। प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुने व्यवस्था रहेबाट समेत वादीले दाबीलाई पुष्टि गर्नुपर्ने देखिन्छ।

४. यस अदालतबाट निस्सा प्रदान गर्दा पुनरावेदन अदालतबाट मिति २०७१।०८।०८ मा भएको फैसला प्रमाण ऐन, २०३१ को दफा ३, ५४, र अ.बं.१८४(क) नं. को त्रुटि भएको भनी पहिलो आधार लिएको देखिन्छ। उक्त दफा ३ मा *अदालतले मुद्दामा ठहर गर्नुपर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ। स्पष्टीकरणः "सम्बद्ध कुरा" भन्नाले मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा खण्डन गर्न सहायता हुने कुरालाई सम्झनु पर्छ"* र दफा ५४ मा

प्रमाणको रूपमा अदालतले मुद्दामा विवादको निरूपणको क्रममा बुझ्नु हुने वा नहुने प्रमाणको बारेमा व्यवस्था गरेको पाइन्छ । प्रमाणको सम्बद्धतासम्बन्धी चार्ल्स गुरूमुख शोभराज विरूद्ध नेपाल सरकार, *ने.का.प.* २०६७, नि.नं.८३७८, पृ.८१४ मा **"कानूनअनुरूप प्रमाणको रूपमा पेस गरिएका कुराहरूको मुद्दामा सम्बद्धता छ वा छैन भन्ने विषय अदालतले निर्धारण गर्न सक्ने"** भनी कानूनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । पुनरावेदन अदालत, जनकपुरबाट फैसला गर्दा, यिनै वादी प्रतिवादीबीच चलेको **०३७-०६७-०१०४३ को दाखिल खारेज अबन्डा जग्गा बन्डा** मुद्दामा पुनरावेदक वादी रामबाबु यादवले प्रतिउत्तर गर्दा फिराद दाबीकै रूपमा रहेको २०४१ सालमै मानो छुट्टिएको तथ्यलाई खण्डन नगरी मौन रहेबाट सो कुरा स्वीकार गरेको भनी सो तथ्यलाई आधार प्रमाणमा लिएको देखिन्छ। उपर्युक्त कानूनी व्यवस्था एवम् प्रतिपादित कानूनी सिद्धान्तको रोहमा उक्त दाखिल खारेज अबन्डा जग्गा बन्डा मुद्दा र सो मुद्दामा स्थापित भएको तथ्यलाई प्रस्तुत मुद्दामा सम्बद्ध प्रमाण नहुने भन्न मिल्ने देखिँदैन।

५. साथै यस अदालतबाट निस्सा प्रदानको दोस्रो आधार, पुनरावेदन अदालत, जनकपुरको फैसला *ने.का.प.* २०६९ अंक ६ नि.नं.८८४६ पृ. ९५१ मा प्रतिपादित सिद्धान्तको विपरीत रहेको भन्ने सम्बन्धमा विचार गर्दा, **"सामूहिक भोगमा रहेको कुनै सम्पत्तिका हकमा बन्डापत्रमा सामूहिक वा साझा भोगमा रहने जनिएन भन्दैमा त्यो सम्पत्ति जसको नाममा छ उसैको एकलौटी हुने होइन । सम्पत्तिको प्रकृतिले यो पैतृक देखिई त्यो बन्डा हुने प्रकृतिको देखिन्छ र अन्य अंशियारको भोगमा समेत छ भने यस्तो सम्पत्तिलाई अंशबन्डाको ३५ नं. अनुसार बन्डाको माग गर्दै नालेस लाग्ने"** भन्ने कानूनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । प्रस्तुत मुद्दामा दाबीको जग्गा पैतृक सम्पत्ति हो भनी पुष्टि गर्न वादीले कुनै प्रमाण पेस गर्न सकेको छैन । कुनै पनि सम्पत्ति अबन्डा रहेको भनी बन्डापत्रमा उल्लेख नभएपनि उक्त सम्पत्तिको स्रोत, प्रकृति, पृष्ठभूमि, अवस्था र उक्त सम्पत्तिमा यी मुद्दाको पक्षको संलग्नता, उपस्थिति र लगाव एवं वादीको जीवनप्रतिको अधिकारको अवस्था एवं मनस्थितिसमेतलाई न्यायिक आधारमा हेरी एवं मुल्याङ्कन गरेर नै उक्त सम्पत्ति अबन्डा हो वा होइन ? भनी निर्धारण गर्नुपर्ने हुन्छ । दाबीको जग्गा प्रतिवादी कुमिन्द्रकुमारी यादवले झालो यादवबाट राजीनामा लिखत गरी प्राप्त गरेको देखिन्छ । सो राजीनामाबाट प्राप्त सम्पत्ति यो यस कारणले पैतृक सम्पत्ति तथा सगोलकै सम्पत्तिबाट खरिद गरिलिएको हो भनी वादीले पुष्टी हुने कुनै प्रमाण पेस गर्न सकेकोसमेत नदेखिँदा यस अदालतबाट प्रस्तुत मुद्दामा निस्सा प्रदान गर्दा लिइएका दोस्रो आधार कारणसमेत तथा वादीको मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदनको जिकिरसँग सहमत हुन सकिएन।

६. अतः दाबीको जग्गा सगोलको पैतृक सम्पत्ति भन्ने नदेखिएको, आफूहरूबीच २०४१ सालमा मानो अलग गरी बसेको कुरालाई स्वीकार गरेको र सोपछि २०५७ सालमा खरिद भएको घरघडेरी सगोलकै बन्डा हुने प्रकृति र अवस्थाको सम्पत्तिको रूपमा नदेखिई बन्डा हुँदाको अवस्थामा समेत अबन्डा जनिएको समेत नदेखिएबाट वादी दाबी नपुग्ने ठहऱ्याएको महोत्तरी जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. डम्बरबहादुर शाही

इजलास अधिकृत:- कालिबहादुर साम्यु लिम्बु
इति संवत् २०७४ साल फागुन १३ गते रोज १ शुभम्।

निर्णय नं. ९९८४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
आदेश मिति : २०७४।१०।१५

०७२-WO-०२८७

मुद्दाः उत्प्रेषण

रिट निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१० बस्ने अधिवक्ता पारसमणि भट्टराईसमेत

विरूद्ध

विपक्षी / प्रत्यर्थी : प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

- **स्वतन्त्रता कहिल्यै निरपेक्ष हुँदैन, मौलिक हकको रूपमा प्रदत्त उक्त स्वतन्त्रताहरू निरपेक्ष होइनन् भन्ने कुरा तिनै स्वतन्त्रतासम्बन्धी मौलिक हकको प्रावधानका प्रतिबन्धात्मक वाक्यांशहरूले समेत पुष्टि गरेको देखिने।**

(प्रकरण नं.५)

- **बन्दका अवाञ्छित क्रियाकलाप रोक्नका लागि हाल कानूनी व्यवस्था भइरहेको देखिएकोले भइरहेका कानूनी प्रावधानहरूको सशक्त कार्यान्वयन गर्नु, बन्दका क्रममा सर्वसाधारणको सामान्य व्यवहारमाथि हुने अवाञ्छित हस्तक्षेप गर्ने व्यक्तिहरूलाई पक्राउ गरी कडाईका साथ कानूनको दायरामा ल्याउन मातहतका निकायहरूलाई निर्देशन दिनु, साथै निवेदकले उठाएको विषयवस्तु नेपाल र भारतसँगको पारवहनसँग समेत सम्बन्धित भएकाले सो विषयको संवेदनशीलतालाई अदालतले नजर अन्दाज गर्न नमिल्ने।**
- **सन्धिको पक्ष भई सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट सिर्जित दायित्व सभ्य मुलुकहरूले पालना र कार्यान्वयन गर्दछन् भन्ने अपेक्षा हुनु स्वाभाविक छ । आफूले समेत सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई मुलुकको आवश्यकता, उपलब्ध स्रोत, साधन र क्षमताअनुसार क्रमशः कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा विवाद हुन नसक्ने।**

(प्रकरण नं.८)

रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री पारसमणि भट्टराई

विपक्षी / प्रत्यर्थीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री रामबहादुर थापा तथा विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद पोखरेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या. पुरूषोत्तम भण्डारी : नेपालको संविधानको धारा १३३(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छ :

नेपालका भारतीय नाकाहरू नेपालको तराईमा भएकोमा आन्दोलनको नाउँमा भन्सार नाकाजस्तो संवेदनशील ठाउँमा पार्टीका झण्डा लिएका झुण्डहरूले आफ्नै राष्ट्रका नागरिकहरूलाई शत्रु राष्ट्रका नागरिकजस्तो गरी अवरोध सिर्जना गर्दा करोडौं नागरिकका गास, बास, कपासजस्ता अत्यावश्यकीय आधारभूत सामान आयातमा प्रत्यक्ष असर पर्न गएको छ। नेपालीजनहरूको महान् चाडपर्वहरू समेत संघारमा आइरहेकोमा आफ्ना चाडवाडलाई उल्लासमय रूपमा

मनाउन तयार एवं आफ्नो थातथलोमा दशैं तिहार मनाउन राजमार्ग प्रयोग गर्ने लाखौं यात्रुलाई राजमार्गमा भएको अवरोधले सबैलाई मर्माहत तुल्याएको छ। संविधानमा नै मौलिक हक भनी व्यवस्था भएकोमा त्यस्ता मौलिक हक अधिकारलाई नै कुण्ठित पार्ने कार्य विपक्षीहरूलाई गर्ने छुट नभएकोमा भन्सार नाकामा आन्दोलनको नाउँमा मालसामान ढुवानीमा अवरोध सिर्जना भई देशका विभिन्न भागमा इन्धन, खाद्य सामाग्री, औषधी, लत्ताकपडाको अभाव हुन गएको छ । विपक्षीहरू ७,८,९,१०, ११, १२, १३,१४ ले आफ्ना हक अधिकार स्थापना गर्ने नाममा अरूका हक र अधिकारसमेत ख्याल गर्नुपर्ने हुन्छ । विगत केही दिनदेखि आन्दोलनको नाउँमा खासगरी भारतीय नाकाहरूमा देशभरीका नागरिकलाई चाहिने दैनिक सामाग्रीहरूको आवागमन हुने भन्सार नाकाहरू ठप्प भई आफ्नै देशका दाजुभाइले प्रयोग गर्ने सामाग्रीहरू भारतबाट नेपालका भन्सारका नाका हुँदै ल्याउन रोक्ने गरी अवरोध उत्पन्न गरी भन्सार ठप्प पार्ने र राजमार्गमा विभिन्न प्रकारका अवरोध सिर्जना गर्ने विपक्षीहरूको सो कार्य सार्वजनिक हक वा सरोकारको विवादसमेत समावेश भएको संवैधानिक हक प्रचलनको लागि विपक्षी नं. १ लाई नेपालको संविधानमा नै भन्सार नाकाहरूमा कसैले पनि कुनै पनि प्रकारका अवरोध सिर्जना गर्न नमिल्ने गरी कानून बनाउनु एवं विपक्षी २, ३, ४, ५, ६ लाई अवरोध हटाउन उचित प्रवन्ध गर्नु गराउनु र अन्य विपक्षी ७, ८, ९, १०, ११, १२, १३, १४ लाई तत्काल भन्सार नाका र राजमार्गहरूमा आन्दोलनको नाउँमा अवरोध सिर्जना नगर्नु नगराउनु भनी परमादेशलगायत विपक्षीहरू जो जसलाई जस्तो आदेश जारी गर्नुपर्ने हो उपर्युक्त आदेश जारी गरिपाऊँ।

आन्दोलनको नाउँमा विपक्षीहरूले भन्सार नाकाजस्तो संवेदनशील स्थानमा अवरोध सिर्जना गर्न नेपाली कानून अथवा भूपरिवेष्ठित राष्ट्रहरूको समुद्रसम्म निर्वाध आवागमनको अधिकार व्यवस्था गरिएको जमैका सन्धिले समेत रोकेको छ। अन्तर्राष्ट्रिय सन्धि, सम्झौता अनुबन्ध र घोषणामा नेपाल पक्ष भएको वास्तविकरूपमा नेपालले स्वाभाविकरूपमा स्वीकार गरेको मापदण्ड, भूपरिवेष्ठित मुलुकको हकमा अन्तर्राष्ट्रिय मापदण्डबमोजिम प्राप्त अधिकार हो। नेपाल भारतबीच सम्पन्न परिवहन सन्धिले निर्वाधरूपमा आपूर्ति सुचारू गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ । त्यसैगरी पारवहन सन्धिलगायत अन्य अन्तर्राष्ट्रिय कानूनले समेत भन्सार नाका, राजमार्ग अवरोध गर्न नपाउने साथै सबै नागरिकले साँस्कृतिक अधिकार प्रयोग गर्न पाउने भनी नेपालसमेतले हस्ताक्षर गरेका कैयन् सन्धि सम्झौताहरूको उल्लङ्घन गरी अरूको हक अधिकारमा अवरोध हुने गरी कुनै पनि क्रियाकलाप गर्न कहीँकतैबाट नमिल्नेमा हामीले निर्वाधरूपमा प्रयोग गरी आफ्ना दैनिकी गुजारा गर्ने सामाग्रीहरू आयात गर्न पाउने मौलिक हकलाई पटकपटक मन्त्री भइसकेका विपक्षीहरूले भन्सार नाकामा अवरोध सिर्जना गर्नु, महान् चाडवाडको मुखैमा राजमार्गहरूमा अवरोध सिर्जना गर्नु भनेको सामान्य नभई गम्भीर भए रहेकोले विपक्षीहरूको कार्य नेपालको संविधान प्रदत्त मौलिक हकउपरको अनुचित बन्देज भएकोले भन्सार नाका र राजमार्गजस्तो संवेदनशील ठाउँमा विपक्षीहरू र तिनले नेतृत्व गरेको पार्टीका केही कार्यकर्ताले बाधा अवरोध सिर्जना गरिरहँदा निवेदकलगायत आम नेपाली नागरिकहरूलाई अपूरणीय क्षति (Irreparable Loss) हुन जाने भएकोले उक्त कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेशसमेत जारी गरी प्रस्तुत मुद्दालाई अग्राधिकार प्रदान गरिपाउँ भन्नेसमेत बेहोराको निवेदनपत्र।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ४, ५ र ६ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा अन्य विपक्षीको हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

साथै निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सन्दर्भमा निवेदनमा उल्लिखित विषय भए गरेको कार्य एवं प्रयासहरूसहितको यथार्थ विवरण लिई मागबमोजिम आदेश जारी हुनुपर्ने वा नपर्ने सम्बन्धमा छलफलको निमित्त उपस्थित हुन विपक्षीहरूलाई १० दिनको समय दिई झिकाई नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७२।६।१३ मा भएको आदेश।

नेपाल सरकार संविधान तथा कानूनको परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरूको सम्मान, संरक्षण एवं संवर्द्धन गर्ने कुरामा प्रतिवद्ध रहेको छ। नेपाल तथा मित्र राष्ट्र भारतबीचको सीमा नाकाहरूमा जारी अवरोध तथा इन्धनलगायतका अत्यावश्यक वस्तुहरूको आपूर्ति प्रभावित भई उत्पन्न मानवीय संकटको स्थितिप्रति नेपाल सरकार अत्यन्त संवेदनशील छ। नेपाल सरकारले आफ्नो संयन्त्रहरू परिचालन गरी नाकामा कायम रहेको अवरोध हटाई माल सामानहरूको निर्वाध आपूर्तिलाई सहज बनाउन नेपाल सरकार निरन्तर लागि रहेको छ। यस सन्दर्भमा नेपाल सरकारबाट भएका प्रयासको सम्बन्धमा रिट निवेदक अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीसमेत विरूद्ध नेपाल सरकार, मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदनको (संवत् २०७२ सालको रिट नं. WO-०२९०) लिखित जवाफमा स्पष्ट पारिसकिएकोले प्रस्तुत विषयमा थप पुनरावृत्ति गरिएको छैन। साथै निवेदकले रिट निवेदनमा नै नेपाल भारतको बीचमा भएको सीमा नाका अवरोध गर्ने कार्य यस कार्यालयबाट नभएको कुरा स्वीकार गर्नुसमेत भएको हुँदा यस कार्यालयको नाउँमा आदेश जारी हुनुपर्ने अवस्थासमेत रहँदैन। अतः नेपाल र भारतबीचको सीमा नाकामा उत्पन्न अवरोधका कारण नेपालको व्यापार तथा पारवहन अधिकारमा पर्न गएको असर तथा त्यसबाट सिर्जित संकट समाधानका लागि नेपाल सरकारले कुटनीतिकलगायत आवश्यक सबै उपायहरू अवलम्बन गरिरहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानबीच स्वच्छ प्रतिस्पर्धा कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई अझ बढी खुला, उदार, बजारमुखी तथा प्रतिस्पर्धी बनाउन, स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट उत्पादक वा वितरकको व्यावसायिक क्षमता विकास गरी राष्ट्रिय उत्पादकत्व वृद्धि गर्न, बजारलाई अवाञ्छितरूपमा हस्तक्षेप हुनबाट संरक्षण प्रदान गर्न, एकाधिकार तथा नियन्त्रित व्यापारिक अभ्यासलाई नियन्त्रण गरी उत्पादित वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि गराई प्रतिस्पर्धी मूल्यमा उपभोक्तासमक्ष पुऱ्याउने काममा प्रोत्साहन गर्नेलगायतका कार्य गर्ने गराउने जिम्मेवारी यस मन्त्रालयको रहेको छ। साथै द्विपक्षीय तथा बहुपक्षीय व्यापारसम्बन्धी सन्धि सम्झौता, वाणिज्य, व्यापार र पारवहनसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्कलगायत विश्व व्यापार संगठन, बहुपक्षीय व्यापारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय वार्ता, सम्झौता तथा प्रतिबद्धताको कार्यान्वयन र अनुगमन गर्ने र साफ्टा, विमस्टेकलगायतका क्षेत्रीय व्यापार सम्झौतासँग सम्बन्धित संस्थासँगको सम्पर्क, समन्वय, वार्ता सम्झौता तथा प्रतिबद्धताको कार्यान्वयन र अनुगमन गर्ने जस्ता कार्यसमेत यस मन्त्रालयबाट हुँदै आएको अवस्था छ। प्रचलित नेपाल कानूनबमोजिम यस मन्त्रालयबाट सम्पादन गर्नुपर्ने कार्यहरूलाई मन्त्रालयले नियमितरूपमा तदारूकताका साथ सम्पादन गर्दै आएको। साथै, नेपाल पक्ष भएका द्विपक्षीय तथा बहुपक्षीय व्यापारसम्बन्धी सन्धि सम्झौताहरूको मर्म र भावनाअनुरूप नै यथाअवस्थामा ती सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने गराउनेतर्फ यस मन्त्रालय सचेत तथा प्रतिबद्धता रहँदै आएको छ।

नेपाल आयल निगम लिमिटेडले इण्डियन आयल कर्पोरेसनबाट पेट्रोलियम पदार्थको पैठारी गर्दै आएकोमा विगत लामो समयदेखि तराई केन्द्रित भई केही राजनीतिक दलहरूबाट आन्दोलन एवं बन्द हड्तालका कारण उत्पन्न असहज परिस्थितिले मुलुकमा आपूर्ति व्यवस्था अनियमित भएकोले दक्षिणी सीमा नाकामा

भइरहेको गतिविधि तथा अवरोधको कारण ढुवानी र मालवाहक सवारी साधानहरूको आवागमन सहज हुन नसकेको हो। विशेषगरी प्रमुख नाकाहरू जस्तै वीरगञ्ज नाका पूर्णत: ठप्प भई निकासी पैठारी ठप्प भएको छ। जसले गर्दा मुलुकको आपूर्ति व्यवस्था र अन्तर्राष्ट्रिय व्यापारमा समेत गम्भीर असर परिरहेको छ। पेट्रोलियम तथा ग्याँस कारोबार (नियमन) आदेश, २०६९ बमोजिम निजी क्षेत्रले समेत विदेशबाट पेट्रोलियम पदार्थ आयात गरी ल्याउन सक्ने अवस्था रहे पनि यस आदेशको प्रक्रिया लामो रहेको र उक्त प्रक्रिया पूरा गर्न धेरै समय लाग्ने भएकोले हालको असहज अवस्थामा निगमले मात्र विदेशबाट पेट्रोलियम पदार्थ (हवाई इन्धन, पेट्रोल, डिजेल, मट्टितेल) ल्याई बिक्री वितरण गर्न नसक्ने अवस्था भएको हुँदा विदेशबाट पेट्रोलियम पदार्थ खरिद तथा पैठारी गरी नेपालभर आपूर्ति व्यवस्था सहज बनाउन निजी क्षेत्रलाई तत्काल खुल्ला गर्न आवश्यक भएकोले नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी अर्को व्यवस्था नभएसम्मको लागि निजी क्षेत्रसमेतले विदेशबाट पेट्रोलियम पदार्थ (हवाई इन्धन, पेट्रोल, डिजेल, मट्टितेल र खाना पकाउने एल.पी. ग्यास) खरिद तथा पैठारी गरी ल्याउन पाउने गरी खुल्ला गरेको सम्बन्धित सूचना खण्ड ६५, अतिरिक्ताङ्क १७, नेपाल राजपत्र भाग ५ मिति २०७२।०७।०२ मा प्रकाशित भई निजी क्षेत्रबाट समेत पेट्रोलियम पदार्थ खरिद तथा पैठारी गरी नेपालभर बिक्री वितरण गर्न सक्ने व्यवस्था गरी हालको असहज परिस्थितिलाई सहज तुल्याउन मन्त्रालय क्रियाशील रहेको अवस्थामा विपक्षी रिट निवेदकहरूले यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन जिकिर तर्कसङ्गत नदेखिएकोले रिट निवेदन खारेज पाउँ भन्ने वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारको लिखित जवाफ।

मिति २०७२ असोज २७ गते उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री कमल थापाले भारतका महामहिम राजदूतलाई परराष्ट्र मन्त्रालयमा बोलाई नेपाल भारत सीमा नाकामा भइरहेको अवरोध हटाउन भारतीय सहयोगको लागि आग्रह गर्नुभयो । मिति २०७२ असोज ८ मा तत्कालीन परराष्ट्र मन्त्री श्री महेन्द्रबहादुर पाण्डेले मिति २०७२ असोज २२ गते भारतका राजदूतलाई परराष्ट्र मन्त्रालयमा बोलाई सीमा नाकाबाट मालवाहक सवारी साधनको नेपाल प्रवेशमा लगाइएको अवरोध हटाई निर्वाध आवागमनको व्यवस्था गर्न आग्रह गर्नुभएको थियो । भारतीय राजदूतलाई मिति २०७२ असोज ८ मा निर्वाध आवागमनको लागि सहयोग गर्न आग्रह गरिएको बारेमा तथा मिति २०७२ असोज १० मा नेपाल भारत सीमा नाकामा भएको अनावश्यक ढिलासुस्ती र एकतर्फी अवरोध अविलम्ब खुलाउन भारत सरकारको ध्यानाकर्षण गराउँदै प्रेस वक्तव्यहरू जारी गरिएको थियो।

समस्या समाधानका लागि तत्काल कदम चाल्न अनुरोध गर्दै भारत सरकारलाई मिति २०७२ असोज १३ मा औपचारिक पत्र पठाइएको । मिति २०७२ असोज २१ मा भारतीय राजदूतावासलाई एक पत्र लेखी अघिल्लो दिन वीरगञ्ज नाकामा भारतीय भूमिबाट नेपाली सुरक्षाकर्मीहरूलाई ढुंगा, गुलेली र रड प्रहार गरी घाइते बनाइएको समेत बारेमा ध्यानाकर्षण गराउँदै भारतीय भूमिको प्रयोग नेपाली सुरक्षाकर्मी र नागरिकहरूका विरूद्ध हुन नदिने सुनिश्चितता गर्न अनुरोध गरिएको । मिति २०७२ असोज ३० देखि कार्तिक २ सम्म उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री कमल थापाले भारतको औपचारिक भ्रमण गर्नु भई भारतका प्रधानमन्त्री, विदेश मन्त्री, गृह मन्त्री, राष्ट्रिय सुरक्षा सल्लाहकार तथा परराष्ट्र सचिवसँग भेटघाट गरी नेपाल भारत नाकामा आपूर्ति अवरोध हटाई सामान्यीकरण गर्न भारत सरकारको सहयोगका लागि अनुरोध गर्नुभयो । भारतीय विदेश मन्त्रीले आन्दोलन नभएका सीमा नाकाहरूबाट मालवाहक सवारीको अत्यधिक आवागमनमा सहयोग गर्ने बताउनुभयो । भारतीय पक्षले सीमा क्षेत्रको सुरक्षा अवस्थाका कारण भारतीय यातायात व्यवसायीहरूले स्वस्फूर्तरूपमा आवागमन नगरेको, भारतीय पक्षले मालवाहक सवारी

नरोकेको बताएको । भारतका लागि नेपालका राजदूत तथा भारतका उच्च अधिकारीहरूबीचमा पनि यस विषयमा छलफल भएको थियो ।

नेपालले आपूर्ति व्यवस्था सहज पार्नका लागि वैकल्पिक व्यवस्था स्वरूप मित्रराष्ट्र चीन सरकारसँग समेत कूटनीतिक पहल गरिरहेको छ । मिति २०७२।६।२७ गते बिहान १० बजेदेखि रसुवागढी-केरूङ नाका पुनः सञ्चालनमा आएको छ । नेपाली पदाधिकारी र चिनिया राजदूत एवं अन्य पदाधिकारीहरूसँग विभिन्न चरणमा छलफल भई तातोपानी-खासा नाका सञ्चालन गर्न पहल गरिएको छ । China National United Oil Corporation का प्रतिनिधिसँग वार्ता गरी चीनबाट पेट्रोलियम पदार्थ आयात गर्नेसम्बन्धी एक समझदारीपत्रमा २८ अक्टोबर २०१५ मा हस्ताक्षर भएको छ । सोही समझदारी पत्रमा चीनले अनुदान स्वरूप नेपाललाई प्रदान गरेको १०,००० मे.ट. समेत समावेश गरी ल्हासाबाट सिगात्से हुँदै केरूङसम्म आई पहिलो खेप तेल आएको । १०,००० वटा Induction Heater प्रदान गर्न चिनियाँ सरकारलाई अनुरोध गरिएको छ ।

नेपाल भारत सीमा नाकाहरूमा हाल विद्यमान अवरोधको अन्त्य गरी निर्वाध आवागमनको व्यवस्था गर्ने तथा वैकल्पिक उपायहरूको समेत अवलम्बनबाट आपूर्ति सहज गरी सर्वसाधारणलाई राहत उपलब्ध गराउने सम्बन्धमा यो मन्त्रालय सदैव क्रियाशील रही सक्रियरूपमा कुटनीतिक पहल भइरहेको अवस्थामा रिट निवेदकहरूले यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन जिकिर तर्कसङ्गत नदेखिएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने परराष्ट्र मन्त्रालयको लिखित जवाफ ।

नेपाल भारत सीमामा आवागमन तथा वस्तुको आयातमा उत्पन्न भएको समस्या नेपाल सरकारको कारणबाट भएको होइन । नेपाल सरकारले सम्बन्धित पक्षसँग वार्ता गरी समस्या समाधान गर्न पूर्ण प्रयत्नशील छ र वार्ता प्रारम्भ पनि भइसकेको छ । यो राजनीतिक प्रकृतिको विषयमा रिट क्षेत्राधिकार आकर्षित हुँदैन । पेट्रोलियम पदार्थ, खाद्य सामाग्री, औषधीलगायतका अत्यावश्यक सामाग्रीहरूको आयात गर्ने गराउने कार्यमा नेपाली भूमिभित्र शान्ति सुरक्षा प्रदान गर्न गृह मन्त्रालय प्रतिबद्ध छ । साथै नेपाली सीमाभित्र विभिन्न वस्तुहरूको आयात निर्यात गर्न गराउन कुनै पनि प्रकारको शान्ति सुरक्षासँग सम्बन्धित समस्या रहेको छैन । रिट निवेदकले रिट निवेदनमा यस मन्त्रालयको के-कस्तो काम कार्वाहीबाट के-कस्तो संवैधानिक तथा कानूनी हक अधिकार उल्लङ्घन भएको हो भन्नेसमेत केही उल्लेखसमेत गर्न नसकेको हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन बदर गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

रिट निवेदकले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्नसक्नु भएको छैन । कसैका विरूद्ध कुनै कुराको दाबी लिँदा कसको के, कुन काम, कारवाही वा निर्णयका कारण निवेदकहरूको के, कुन कानूनद्वारा प्रदत्त कुन हक अधिकारमा के, कसरी हनन् हुन गएको हो भन्ने सम्बन्धमा स्पष्टरूपमा उल्लेख गरी सो कुरामा अदालतसमेत सन्तुष्ट हुने प्रमाण पेस गर्नुपर्दछ । यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै कारण र आधार खुलाउन सकेको नपाइएकोले मन्त्रालयको हकमा विपक्षीको रिट निवेदन प्रथमदृष्टिमै खारेजभागी छ । जहाँसम्म यस मन्त्रालयबाट स्थानीय निकायमा कुनैपनि सामाग्री अभाव हुन नदिई आवश्यकताअनुसार परिपूर्ति गर्नुपर्ने भन्ने निवेदकको दाबी छ, यसमा यस मन्त्रालयले आफ्नो स्रोत साधनले भ्याएसम्म गरी आएकोले सो विषय राजनीतिक प्रकृतिको भएकोले अदालतले हेर्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका तर्फबाट यस अदालतमा परेको लिखित जवाफ ।

बिगत लामो समयदेखि भारतबाट इन्धनलगायतका अत्यावश्यक वस्तुको सहज आपूर्ति

नहुँदा तथा तराई मधेसमा जारी अवरोधका कारण आपूर्ति व्यवस्था असहज हुन पुग्दा आम नेपालीको जीवनयापन पीडादायी कष्टकर हुँदै गएको तथ्य निर्विवाद छ। आपूर्ति व्यवस्था सहजरूपमा सुचारू गर्नका लागि आवश्यक पर्ने उपायहरूको अवलम्बन गर्न यो मन्त्रालय पूर्ण प्रतिबद्ध छ। इन्धनलगायतका अत्यावश्यकीय वस्तुको वैकल्पिक माध्यमबाट आपूर्ति गर्ने गराउने सम्बन्धमा मन्त्रालयको आफ्नो तर्फबाट सम्पादन गर्नुपर्ने सबै कार्यहरू जिम्मेवारीपूर्ण ढंगले सम्पादन गर्न प्रयत्नशील रहेकोले यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

रिट निवेदकले रिटको प्रारम्भमा गास, बास, कपासको ग्यारेन्टी गर्ने कानूनबमोजिम स्थापित निकाय प्रत्यर्थी २, ३, ४, ५, ६ रहेको भनी दाबी लिए तापनि कुन कानूनको कुन दफा, नियम अनुसार गाँस, बाँस, कपासको ग्यारेन्टी गर्ने निकाय रहेको भनी कानूनको स्रोत स्पष्ट पार्न सकेको छैन। विपक्षीले नाका तथा मालसामान ढुवानीमा कुन पार्टी सरकारको कुन निकायको कारणले के कसरी असर पर्न गएको स्पष्ट पार्न नसकेको हुँदा रिट निवेदन आधारहीन हचुवा रहेको पुष्टि हुन्छ। साथै नेपालभरिका अधिकांश नागरिकले संविधानप्रति असन्तुष्टि जाहेर गरी लाखौंलाख नागरिक सडकमा सविंधान र सरकारको गैरकानूनी हत्या हिंसाप्रति विरोध गरी रहेकोमा विरोध गर्ने अन्य संघ संस्था र आम जनतालाई विपक्षी नबनाई म लगायतका सीमित व्यक्तिलाई मात्र विपक्षी कायम गरेको र नेपालको संविधानको धारा ४७ बमोजिम पनि विपक्षीको मौलिक हकसम्बन्धी माग दाबी सम्बन्धमा सम्मानित अदालतबाट आदेश जारी हुन नसक्ने हुनाले रिट निवेदन स्वतः आफैँमा अर्थहीन रहेको छ।

राष्ट्रका हरेक भाग तथा समुदाय एक अर्काको परिपूरक रहेकोले राष्ट्रहितमा सर्वस्वीकार कानूनले मात्र मान्यता पाउने अवस्था रहन्छ। शक्ति पृथकीकरणको सिद्धान्तअनुसार पनि कानून बनाउने दायित्व तथा संवैधानिक काम कर्तव्य अधिकार व्यवस्थापिकाको रहेकोले शक्ति पृथकीकरणको सिद्धान्तअनुसार पनि रिट निवेदक माग दाबीअनुसार प्रत्यर्थी १ र व्यक्तिगतरूपमा मैले नेपालको संविधानमै भन्सार नाकाहरूमा कसैले अवरोध सिर्जना गर्न नमिल्ने गरी कानून बनाउन नसक्ने हुनाले विपक्षीको मागदाबी नै शक्ति पृथकीकरणको सिद्धान्तविपरीत रहेको स्वतः स्पष्ट छ। संविधानको विरूद्ध बहुसंख्यक नेपाली जनता रहेको अवस्थामा विपक्षीले रिट निवेदन के कसरी सार्वजनिक हक सरोकारको विषय रहेको भनी आधार कारणसहित पुष्टि गर्नसकेको छैन। विपक्षीले रिटको प्रकरण २ मा नेपाल भूपरिवेष्ठित राष्ट्र रहेको अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुबन्धको दाबी लिनुभएको छ। अन्तर्राष्ट्रिय सन्धि सम्झौता अर्को राष्ट्रसँग मात्र हुनसक्ने, हाम्रो पार्टीसँग नेपाल सरकारले कुनै पनि अन्तर्राष्ट्रिय सन्धि नगरेको र अन्य राष्ट्रलाई विपक्षी पनि कायम नगरेको हुँदा विपक्षीको अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुबन्धसमेतको दाबी लिई मसमेतलाई विपक्षी बनाउनु आफैँमा हास्यास्पद रहेको स्पष्ट छ भन्नेसमेत बेहोराको तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुरको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

हाम्रो शान्तिपूर्ण आन्दोलनमा जनताको जीउधन, शान्ति सुरक्षासमेत खतरामा पार्ने एवं स्वतन्त्रपूर्वक बाँच्न पाउने मौलिक हकको समेत उल्लङ्घन हुने गरी आफ्नै राष्ट्रका नागरिकलाई शत्रु राष्ट्रको नागरिकजस्तो गरी व्यवहार गर्ने कार्य हामीबाट भएको छैन । इतिहासदेखि वर्तमानसम्म हरेक आन्दोलनमा प्रत्येक राजनीतिक दलले आफ्नो कार्यक्रमहरू तय गरेको हुन्छ। जो लोकतन्त्रको अभ्यास नै हो। जसलाई निकृष्टरूपमा व्याख्या गरी जनविरोधी आन्दोलन, नेपाली जनताको गास, बास, कपास खोस्ने आन्दोलन भनी व्याख्या गर्न खोजी दर्ता भएको निवेदन केवल राजनीतिक धारणा र आन्दोलनको मर्म थाहै नभएको वौद्धिक गरिबीको पराकाष्टा शिवाय केही हुन सक्दैन। जो आन्दोलनमा छन् तिनीहरू पनि नेपाली नागरिक हुन्, उनीहरूले आफ्नो अधिकार मागेका हुन्। उनीहरूले पनि नेपाली भई बाँच्न पाउनु पर्छ। एउटा बाँच्नको लागि अर्कोलाई मार्न पाइन्न भनिएको

हो। तर शान्तिपूर्णरूपमा र स्वस्फूर्तरूपमा आन्दोलनको क्रममा धर्ना बसेका नागरिकहरू माथि सरकार पक्षबाट दोस्रो दर्जाको नागरिक मात्र होइन अनागरिक जस्तो व्यवहार गरी अमानवीयरूपमा हस्तक्षेप हुन थालेपछि उत्पन्न परिस्थितिलाई हामीहरूका टाउकोमा थोपरी जो कोही पनि भाग्न मिल्दैन र सक्दैन । हाम्रो राजनीतिक दलद्वारा सञ्चालित आन्दोलनका कार्यक्रम जनताहरूको हक अधिकार स्थापित गर्नको लागि हो न कि अधिकार हनन गर्न समाधानको कुनै वैकल्पिक उपाय उल्लेख नगरिएको, अदालतको कुनै पनि आदेशबाट समाधान निस्कनै नसक्ने समस्याहरू मात्र उल्लेख गरी विनाआधार कारण हचुवाको भरमा हाम्रो पार्टीसमेतलाई विपक्षी बनाई दायर गरिएको झुट्टा रिट निवेदन खारेजभागी भएकोले खारेज गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदक पारशमणि भट्टराईले आफ्नो हक सुरक्षित गरी पाउने नाउँमा आम जनताको व्यापार, व्यवसाय रोजगारी, शिक्षा, स्वास्थ्यलगायतलाई प्रभावित बनाई गरिने बन्दको आह्वानले जनताको प्राय: सबै संवैधानिक हक खोसिएको छ। अर्कोतर्फ भूपरिवेष्ठित राष्ट्रको समुद्रसम्म जान आउन पाउने अधिकार हुन्छ । भारत सरकारले अघोषितरूपमा सीमा नाकामा नाकाबन्दी लगाई अत्यावश्यकीय सामाग्रीहरूको प्रवेशमा रोक लगाई नाकाबन्दी गर्न मिल्दैन । निर्वाधरूपमा आवतजावत हुन दिनुपर्‍यो। नेपाल सरकारले भारतसँग कुटनीतिक माध्यमबाट समस्या समाधान गर्न पहल गरेको देखिँदैन । कुटनीतिक माध्यमबाट समस्या समाधान हुन नसकेमा संयुक्त राष्ट्र संघमा आवाज उठाउनु पर्ने हुन्छ । भारत सरकार र नेपाल सरकारबीच भएका सन्धिहरू कार्यान्वयन गर्नुपर्‍यो। त्यस्तो हुन नसकेकोले देशमा नाकाबन्दीको विकराल समस्या खडा भई राष्ट्रिय अर्थतन्त्रमा ठूलो नोक्सानी हुन पुगेकोले पछिका दिनहरूमा यस्तो समस्या दोहोरिन नदिन जे जस्तो कुटनीतिक पहल गर्नुपर्ने हो गरी नाकाबन्दी जस्तो समस्या दोहोरिन नदिनु भनी नेपाल सरकारका नाउँमा परमादेशलगायतको आज्ञा आदेश जारी हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो। आयल निगमको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद पोखरेलले सीमा नाकामा भएको नाकाबन्दीले अत्यावश्यक सामाग्री डिजेल, प्रेट्रोल, हवाई इन्धन, खाना पकाउने एल.पी.जी. ग्याँस जस्ता सामाग्रीहरू तेस्रो मुलुकबाट मगाउनु पर्ने हुँदा सोहीअनुसारको प्रक्रिया प्रारम्भ गरिसकेको थियो। चीन सरकारबाट अनुदानमा प्राप्त पेट्रोलियम पदार्थ नेपालमा ल्याई वितरण गरिएको हो । नेपाल आयल निगमको तर्फबाट त्यस्तो कुनै कार्य भए गरेको नहुँदा र हाल नाकाबन्दी खुल्ला भई जनजीवन सामान्य भइसकेकोले रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो । सरकारी निकायहरूको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री रामबहादुर थापाले नाकाबन्दीको उक्त विषम परिस्थितिमा सरकारले सुझबुझका साथ कुटनीतिक पहल गरी नाकाबन्दी खुल्ला गरिसकेको छ। उक्त समयमा जनजीवनमा परेको समस्या समाधानका लागि तेस्रो मुलुकबाट पेट्रोलियम पदार्थ आयात गर्न पहल भइसकेको थियो । चीन सरकारसँग भएको समझदारीअनुसार चीन सरकारबाट अनुदान स्वरूप प्राप्त पेट्रोलियम पदार्थ ल्याई वितरण गरी जनजीवन सामान्य बनाउन प्रयास गरेको थियो । पछिका दिनहरूमा यस्तो समस्या नदोहोरियोस् भनी हरसम्भव प्रयत्नरत रहेको छ । हाल आएर नाकाबन्दी खुली जनजीवन सामान्य भइसकेकोले रिट निवेदनको औचित्य समाप्त भइसकेकोले रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

विद्वान् कानून व्यवसायीहरूको बहस सुनी निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम आदेश जारी हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा, आफ्नो हक सुरक्षित गरी पाउने नाउँमा आम जनताको व्यापार, व्यवसाय रोजगारी, शिक्षा, स्वास्थ्यलगायतलाई

प्रभावित बनाई गरिने बन्द, बन्दको आह्वानले जनताको प्राय: सबै संवैधानिक हक खोसिएको छ । भूपरिवेष्ठित राष्ट्रको समुद्रसम्म जान आउन पाउने अधिकार हुन्छ । भारत सरकारले अघोषितरूपमा सीमा नाकामा नाकाबन्दी लगाई अत्यावश्यकीय सामाग्रीहरूको प्रवेशमा रोक लगाई नाकाबन्दी गरेकोले देशमा नाकाबन्दीको विकराल समस्या खडा भई राष्ट्रिय अर्थतन्त्रमा ठूलो नोक्सानी हुन पुगेकोले पछिका दिनहरूमा यस्तो समस्या दोहोरिन नदिन जे जस्तो कुटनीतिक पहल गर्नुपर्ने हो गरी नाकाबन्दी जस्तो समस्या दोहोरिन नदिनु भनी नेपाल सरकारका नाउँमा परमादेशलगायतको आज्ञा आदेश गरिपाउँ भन्ने निवेदन बेहोरा रहेकोमा सो सम्बन्धमा सरकार प्रतिबद्ध छ भन्नेसमेत बेहोराको लिखित रहेको देखियो ।

३. विभिन्न राजनीतिक दल वा समूहहरूले आफ्नो माग पूरा गराउने वा हक सुरक्षित गराउने नाउँमा बन्दको आह्वान गर्ने गरेको नेपाली राजनीतिको एउटा सार्वजनिकरूपमा पहिचान भएको विषय बनेको वास्तविकतालाई नकार्न सकिने अवस्था छैन । कुन दलले वा गुटले कति पटक बन्द गरे भन्ने भन्दा बन्द गर्ने, बन्दको आह्वान गर्ने कार्य कतिको कानून र न्यायसङ्गत छ, भन्ने विषय प्रस्तुत सन्दर्भमा महत्त्वपूर्ण प्रश्नको रूपमा रहेको देखिन आयो । विभिन्न दल संगठनहरूले बन्दको आह्वान गर्न वा बन्द गर्न मिल्ने हो होइन भन्नेतर्फ यो इजलासले निर्णय गर्नुभन्दा त्यस्ता बन्दहरूले अन्य सर्वसाधारणको हक अधिकारमा हस्तक्षेप गर्न सक्ने अवस्था रहन्छ रहँदैन, बन्दको औचित्य, त्यसको कानूनी आधार र त्यस्तो कार्यलाई न्यायोचित मान्न सकिन्छ सकिँदैन भनेर हेर्नु आवश्यक देखिन्छ ।

४. प्रस्तुत सन्दर्भमा विभिन्न राजनीतिक दल वा संगठन, समूहहरूले बन्दको आह्वान गर्नुपर्ने कारणको रूपमा आ-आफ्ना हक अधिकारहरूको माग गर्ने, संरक्षण गर्ने जस्ता तर्क राखेको हुनु स्वाभाविक छ तर त्यसरी आफ्नो माग पूरा गर्न कुन हदसम्मको विरोध गर्ने हो सोबारेमा सम्बन्धित बन्दकर्ता आफैँमा जानकार र संयमित हुनु पनि जरूरी हुन्छ । नेपालको संविधानले मौलिक हक प्रदान गरेको देखिन्छ । सोबाहेक पनि नेपालको संविधानको धारा ४८ ले नागरिकको कर्तव्यसमेत तोकेको छ । मौलिक हकको रूपमा नेपालको संविधानको धारा १७ ले प्रदान गरेको स्वतन्त्रताको हकले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ भन्ने व्यवस्था गरी कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन भन्ने व्यवस्था गर्दै विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, संघ संस्था खोल्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, नेपालको कुनैपनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता जस्ता स्वतन्त्रता प्रत्येक नेपाली नागरिकको लागि प्रत्याभूत गरेको पाइन्छ । सोबाहेक अन्य कतिपय मौलिक हक र स्वतन्त्रताहरू संविधानले प्रदान गरको छ । ती सम्पूर्ण हक तथा कर्तव्यहरू कुनै एक पक्ष वा व्यक्तिहरूका लागि नभई सम्बन्धित सबै सरोकारवालाहरूका लागि प्रदान गरिएको हो । यसरी आफ्नो अधिकारको उपभोग गर्दा अर्काको हक अधिकारको समेत ख्याल राख्नु पर्छ भन्ने प्रचलित विधिशास्त्रीय मान्यतालाई नेपालको संविधानसमेतले आत्मसात् गरेको देखिन्छ । उदाहरणको लागि विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्ने व्यक्तिले, अर्को व्यक्तिको पनि विचार र अभिव्यक्तिको स्वतन्त्रता, पेसा रोजगार गर्ने र उद्योग व्यापार व्यवसाय सञ्चालन गर्ने तथा नेपालको कुनै पनि भागमा आवत जावत गर्ने स्वतन्त्रतालाई उपेक्षा गर्नु न्यायसङ्गत हुन आउँदैन ।

५. स्वतन्त्रता कहिल्यै निरपेक्ष हुँदैन, मौलिक हकको रूपमा प्रदत्त उक्त स्वतन्त्रताहरू निरपेक्ष होइनन् भन्ने कुरा तिनै स्वतन्त्रतासम्बन्धी मौलिक हकको प्रावधानका प्रतिबन्धात्मक वाक्यांशहरूले समेत पुष्टि गरेको देखिन्छ । संविधानमा उल्लिखित ती प्रतिबन्धात्मक वाक्यांशहरूले आफ्नो हकको उपभोग गर्दा अर्काको हक, सार्वजनिक नैतिकता, शिष्टाचार, राष्ट्रिय अखण्डता,

सामुदायिक सद्भाव जस्ता कुराहरूलाई समेत पालना र ख्याल गर्नुपर्ने र सोअनुसार संयमित रहनु पर्ने दायित्व निर्धारण गरेको देखिन्छ । यसबाट संविधानले निर्देशित गरेको प्रतिबन्धात्मक वाक्यांशको दायरामा रही अर्काको हकमा आघात पुग्ने गरी बन्द हड्ताल जस्ता कार्य गर्न तथा बन्द हड्तालको नाउँमा गरिने ज्यादती जोरजबरजस्ती जस्ता कार्यहरूलाई रोक्ने गरी कानून बनाउन सक्ने अख्तियारी संविधानले दिएकै देखियो । यसप्रकार संविधानको दायराभित्र रही निर्माण गरिएको कानूनको आधारमा मौलिक हक वा कानूनको दायरा मिच्ने व्यक्ति, दल वा संगठनलाई कारवाही गर्न वा त्यस्तो कार्य गर्नलाई रोक्न सक्ने गरी विभिन्न कानूनहरू निर्माण गर्न बाधा पुगेको देखिँदैन ।

६. निवेदकले बन्दको कारण सीमा नाका बन्द हुँदा तथा भारत सरकारले अघोषित नाकाबन्दीपश्चात् उत्पन्न परिस्थितिको उचित व्यवस्थापन नहुँदा सम्मानपूर्वक बाँच्न पाउने हकमा आघात पुगेको भन्ने प्रश्न छ त्यस सम्बन्धमा नेपाल सरकारले चालेको कदम, राज्यले न्यूनतमरूपमा वहन गर्नुपर्ने दायित्वअनुरूप भए नभएको सम्बन्धमा विचार गर्नुपर्ने देखियो । नेपालको संविधानको धारा १६(१) ले मानिसले सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी राष्ट्र संघीय अनुबन्ध (ICCPR), १९६६ को धारा ६ ले मानिसको बाँच्न पाउने अधिकारलाई कानूनले संरक्षित गर्नुपर्ने र राज्यको दायित्व निर्धारण गरेको छ । कतिपय अवस्थामा राज्यको व्यवस्थापकीय शैली र क्षमता पनि मौलिक हकको प्रत्याभूतिका लागि निर्णायक हुनसक्छन् । नेपालको संविधान जारी भइसकेपछि नेपाल सरकारले भारत सरकारसँग वार्ता गर्न नेपाल सरकारले मिति २०७२।६।२२ मा परराष्ट्र मन्त्रीको संयोजकत्वमा वार्ता टोली गठन गरी भारत पठाएको देखिन्छ । भारत स्थित नेपाली राजदुतावासले पनि उक्त समस्या समाधान गर्ने कुटनीतिक प्रयास गरेको भन्ने देखिन्छ । नोभेम्बर ४ मा स्वीजरल्याण्डको जेनेभामा संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक सम्मेलनमा परराष्ट्र मन्त्रीले नेपाल र भारतका नाकामा उत्पन्न परिस्थितिका कारण उत्पन्न भएको संकट र त्यसबाट मानव अधिकारको उपभोगमा परेको असरका बारेमा अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराएको भन्ने लिखित जवाफबाट देखिन्छ । यसका साथै नेपाल सरकारबाट मिति २०७२।७।२ मा भएको निर्णयमा निजी क्षेत्रसमेतले विदेशबाट पेट्रोलियम पदार्थ खरिद तथा पैठारी गरी ल्याउन पाउने गरी खुल्ला गरेकोसमेत देखिन्छ । सोही निर्णयमा निजी क्षेत्रले पेट्रोलियम पदार्थ पैठारी गरी बिक्री वितरण गर्दा नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको गुणस्तर कायम गर्नुपर्ने तथा वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागले अन्य निकायसँग समन्वय गरी उक्त पेट्रोलियम पदार्थको मूल्यको अनुगमन गर्ने कार्य गरिएको भन्ने लिखित जवाफबाट देखिएको अवस्था हुँदा निवेदकले उठाएजस्तो राज्यले कुनै जिम्मेवारी पूरा नै नगरी सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा आघात पुऱ्याएको अवस्था भने देखिँदैन । राज्यले आफ्नो स्रोत र साधनले भ्याएसम्म जनताको मौलिक हकको संरक्षण गर्न प्रयासरत रहेको देखियो । हाल आएर दुवै देशका सम्बद्ध निकायहरूको पहलबाट समस्याको समाधान भई हाल सबैजसो नाका खुल्ला भई नियमितरूपमा सामान निकासी र पैठारी भई जनजीवन सामान्य बन्दै गइरहेको छ ।

७. तसर्थ नेपालको संविधान जारी भएपछि सीमा नाकामा भएको बन्दका कारण जनजीवनमा परेको असरले सम्मानपूर्वक बाँच्न पाउने हकमा आघात परेकोले सो नाका खुलाई जनजीवन सामान्य बनाउन पहल गरी भारत सरकारसँग भएका विभिन्न सन्धिहरू पुनर्मूल्याङ्कन गर्नु भनी परमादेश जारी गरिपाउँ भन्ने उल्लेख गरेकोमा सो नाकाबन्दी फुकुवा भई जनजीवन सामान्य भइरहेकोले यतिका लामो समयपछि आएर स्पष्ट कानूनको उल्लङ्घन भएको भन्ने अवस्थाको अभावमा उत्प्रेषणको आदेश जारी गर्नुपर्ने औचित्य नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

८. रिट निवेदन खारेज भए तापनि निवेदकले उठाएको विषय तर्कसङ्गत तथा नेपाली

जनजीवनमा देखिएको समस्या र व्यवस्थित गर्नुपर्ने आवश्यक देखिएको विषय हो । अधिकार (Right) कहिल्यै निरपेक्ष (Absolute) हुँदैन यो सधैँ कर्तव्य (Duty) सँग सापेक्षिक हुन्छ । Right and duty are coincide of a coin भन्ने विधिशास्त्रीय मान्यतालाई नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपालको संविधानले समेत आत्मसात् गरिरहेकै देखिएको छ । नेपालको संविधानको धारा ४८ ले गरेको नागरिक कर्तव्यको व्यवस्थासमेतले यस कुरालाई व्यवस्थित गरेको देखिन्छ । निरंकुश प्रकृतिको अथवा अर्काको हकाधिकारमा खलल पुऱ्याउने, बाधा अवरोध गर्ने किसिमले उपभोग गर्न खोजिने अधिकारहरूलाई कानूनद्वारा नियमित र नियन्त्रित गर्न संविधानले रोक लगाएको छैन भन्ने कुरा माथि गरिएको विवेचनाबाट पनि देखिएको छ । संविधानसम्मत रूपमा बन्द विरूद्धको कानूनी दायरा बढाउने गरी थप कानूनी व्यवस्था गर्न तथा भइरहेको कानूनी व्यवस्थाहरूको कडाईका साथ पालना गर्न लगाउनु पनि हालको अवस्थामा वाञ्छित र आवश्यक देखिन्छ । बन्दका अवाञ्छित क्रियाकलाप रोक्नका लागि हाल कानूनी व्यवस्था भइरहेको देखिएकोले भइरहेका कानूनी प्रावधानहरूको सशक्त कार्यान्वयन गर्नु, बन्दका क्रममा सर्वसाधारणको सामान्य व्यवहारमाथि हुने अवाञ्छित हस्तक्षेप गर्ने व्यक्तिहरूलाई पक्राउ गरी कडाईका साथ कानूनको दायरामा ल्याउन मातहतका निकायहरूलाई निर्देशन दिनु, साथै निवदेकले उठाएको विषयवस्तु नेपाल र भारतसँगको पारवहनसँग समेत सम्बन्धित भएकाले सो विषयको संवेदनशीलतालाई अदालतले नजरअन्दाज गर्न मिल्दैन । नेपालीको जनजीवन नै अयन्तै प्रभावित बनाउने खालको सन्दर्भमा सोको आवश्यक बन्दोबस्तको लागि राज्यका सरोकारवाला प्रत्येक अंग संवेदनशील हुनै पर्छ । त्यस्तै आफूसमेत पक्ष बनेको अन्तर्राष्ट्रिय महासन्धिहरूले सिर्जना गरेको राष्ट्रिय दायित्वबाट पनि राज्य पछाडि हट्न मिल्दैन । सन्धिको पक्ष भई सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट श्रृजित दायित्व सभ्य मुलुकहरूले पालना र कार्यान्वयन गर्दछन् भन्ने अपेक्षा हुनु स्वाभाविक छ । आफूले समेत सहमति जनाएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई मुलुकको आवश्यकता, उपलब्ध स्रोत, साधन र क्षमताअनुसार क्रमशः कार्यान्वयन हुनुपर्छ भन्ने कुरामा विवाद हुन सक्दैन । अन्तर्राष्ट्रिय कानूनको प्रावधानलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था, सम्बन्धित कानूनका व्यवस्थाहरू तथा अन्य अन्तर्राष्ट्रिय कानूनका व्यवस्थाहरू र त्यसबाट पर्ने असरहरूलाई अध्ययन नगरी एकाङ्गीरूपमा कार्यान्वयन हुन गएमा त्यस्तो कार्यान्वयन पूर्ण नहुने सम्भावनासमेत रहनसक्छ । त्यसैले निवेदकहरूले उल्लेख गर्नुभएको अन्तर्राष्ट्रिय कानूनको प्रावधानलगायत तथा त्यसलाई कार्यान्वयन गर्दा मुलुकको संवैधानिक व्यवस्था तथा सम्बन्धित कानूनका व्यवस्थाहरूमा पर्ने असरसमेतको व्यापक अध्ययन हुनका साथै यससँग सम्बन्धित विभिन्न पक्षहरूसँग छलफल तथा विचार विमर्श हुनपर्ने आवश्यक देखियो । यस्तो अध्ययन, छलफल एवं विचार विमर्शबाट आवश्यक र उपयुक्त कानून बनाउने जिम्मेवारी विधायिकाको भएकोले नाकाबन्दीबाट नेपालको संविधानको धारा ४, ५, १६, ४४ प्रदत्त मौलिक हकको उल्लङ्घन हुने हुँदा दुवै पक्ष राष्ट्रहरूले पालना गर्नुपर्ने अन्तर्राष्ट्रिय मान्यताबमोजिम व्यापारसँग सम्बन्धित बहुपक्षीय तथा द्विपक्षीय सम्झौताहरूको परिपालना र पुनरावलोकन सम्बन्धमा आवश्यक व्यवस्था गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । यो आदेशको कार्यान्वयनका लागि आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. बमकुमार श्रेष्ठ

इजलास अधिकृत : जगतबहादुर पौडेल
इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम् ।